उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा ११ को अनिवार्य नेपाली विषयको निर्धारित

पाठ्य पुस्तक

सबैको नेपाली

साझा प्रकाशन

उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत कक्षा ११ को अनिवार्य नेपाली विषयको निर्धारित पाठ्य पुस्तक

सबैको नेपाली

संयोजन

ठाकुर पराजुली

लेखन/सम्पादन

केशव सुवेदी, जीवेन्द्र देव गिरी,
ताराकान्त पाण्डेय, देविका राई
बद्री विशाल भट्टराई, महादेव अवस्थी
महेश्वर न्यौपाने, रमेश भट्टराई
लेखनाथ गुरागाईं, हेमनाथ पौडेल

माध्यम प्रकाशन

TU Central Library of Nepal Cataloguing-in-Publication Data

सबैको नेपाली /ठाकुर पराजुली [र अरूहरू] तेस्रो
संस्क.-ललितपुर : साझा प्रकाशन, २०६९ वि.
२७२ पृ.
ISBN 978-9937-32-043-6
१. नेपाली साहित्य I. आख्या.

N891.495
Sa113 dc - 22 201006159

© सुरक्षित

द्रष्टव्य :

उच्च माध्यमिक शिक्षा परिषद् र साझा प्रकाशनको लिखित पूर्व स्वीकृतिविना अन्य कसैले प्रस्तुत पाठ्य सामग्री यसै प्रयोजनका लागि प्रकाशन गर्न पाइने छैन ।

प्रकाशक : साझा प्रकाशन
संस्करण : पहिलो, २०६७
दोस्रो, २०६८
तेस्रो, २०६९
मूल्य : रु. २४५।–
मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर
फोन : ५५२१०२३, फ्याक्स : ५५४४२३६
Email: sajhap@wlink.com.np

प्रकाशकीय

उच्च माध्यमिक शिक्षा परिषद् अन्तर्गत नेपाली विषय समितिद्वारा लिखित र सम्पादित **सबैको नेपाली** उच्च माध्यमिक शिक्षा परिषद् र साझा प्रकाशनको सहकार्यमा प्रकाशित भएको छ । परिमार्जित पाठ्यक्रम अनुसार तयार भएको यो पुस्तक उच्च माध्यमिक शिक्षा परिषद्द्वारा सञ्चालित कक्षा ११ को अनिवार्य नेपाली विषयको पाठ्य पुस्तक हो । प्रस्तुत पुस्तकमा पाठ्यक्रमका सबै एकाइ समावेश गरिएको भए पनि **एक चिहान** उपन्यासको सङ्क्षिप्त संस्करण छुट्टै प्रकाशित गरिएको छ । त्यसैले कक्षा ११ को अनिवार्य नेपाली विषयका पाठ्य पुस्तकका रूपमा दुई पुस्तक कायम भएका छन् ।

स्रष्टाको सम्पत्ति भन्नु नै उसको सिर्जना हो । तसर्थ यसको संरक्षण गर्नु सबैको कर्तव्य हो । सामाजिक नैतिक दायित्व, नागरिक कर्तव्य, कानुनी हैसियत तथा औपचारिकता र व्यावसायिक नैतिकताको समेत बेवास्ता गरी विगतमा विविध क्षेत्रबाट सिर्जनाको अनधिकृत प्रयोगले स्रष्टाको प्रतिलिपि अधिकार र लेखकीय नैतिकता तथा प्रकाशकीय व्यावसायिकतामा प्रश्न उठ्नु स्वाभाविकै हो । यसबाट एकातिर स्रष्टाको नैतिक र आर्थिक अधिकारमा शोषण हुने र अर्कातिर आम जन मानसमा गलत सन्देश जाने सम्भावनाप्रति सचेत रहँदै नियमानुसार पाठ्य पुस्तक तयार गर्न उच्च माध्यमिक शिक्षा परिषद्बाट प्राप्त अनुरोध मुताबिक प्रकाशित **सबैको नेपाली** सम्पूर्ण विद्यार्थीका हातमा पुऱ्याउने जिम्मेवारी साझा प्रकाशनले वहन गरेको छ ।

प्रस्तुत पुस्तकमा समाहित रचनाका मूल लेखक र पाठ्य पुस्तकका लेखक तथा सम्पादकहरूको अधिकार सुनिश्चित गर्ने व्यवस्था साझा प्रकाशनले गर्दै आएको छ भने यस पुस्तकको आधिकारिक कार्यान्वयनको व्यवस्था उच्च माध्यमिक शिक्षा परिषद्ले मिलाएको छ ।

पाठ्यक्रम अनुसार प्रस्तुत पुस्तकको पठन पाठन र प्रयोग सम्बन्धमा उच्च माध्यमिक शिक्षा परिषद्बाट निर्देशिका समेत तयार भएको छ । शैक्षिक प्रयोजन, प्रासङ्गिकता र परिवेश अनुसार यस पुस्तकमा समाहित सिर्जनालाई अद्यावधिक बनाउने प्रयास भएको छ । यसमा अभ्यासका दृष्टिले प्रयोजनपरक आवश्यकतालाई समेत अँगालिएको छ ।

भाषाको विकास जटिलताबाट सरलतातिर उन्मुख हुन्छ । अनिवार्य नेपाली विषयमा भाषिक सहजताका लागि पाठ्यक्रममा नियमितता कायम गर्ने प्रयास भएको छ । नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रले विद्यालय स्तरका पाठ्य पुस्तकमा प्रयोगमा ल्याएको वर्ण विन्यासगत नियम तथा त्रिभुवन विश्व विद्यालयले स्नातक तहको अनिवार्य नेपालीमा निर्दिष्ट गरेको भाषिक प्रयोगलाई समेत ध्यानमा राखी यस पुस्तकले पनि वर्ण विन्यासगत समन्वय गर्ने प्रयास गरेको छ । सबै पाठ्यक्रमका अनिवार्य नेपाली विषयलाई एकरूपता कायम गर्न नियमन गर्ने काम पाठ्यक्रम अनुसार तयार भएका निर्देशिकाहरूले निर्दिष्ट गरेका छन् ।

पाठ्य पुस्तक लेखन जटिल विषय वस्तु छँदाछँदै पनि समयको सीमाले थप प्रभाव पर्नु अस्वाभाविक होइन । पाठ्यक्रमको उद्देश्य, विषय वस्तु, अभ्यास तथा थप प्रयोग सामग्री समेत यथेष्ट समावेश गरिएको प्रस्तुत पुस्तकमा सकेसम्म भाषिक एकरूपता र विषयगत विविधता कायम गर्ने प्रयास गरिएको छ । सीमित समय र प्रारम्भिक प्रयास भएकाले यसमा रहन सक्ने कमी कमजोरीहरू हटाउँदै आगामी दिनमा परिष्कार गर्न सम्बद्ध क्षेत्रका विज्ञ तथा विशेषज्ञबाट सल्लाह र सुझाबको अपेक्षा गर्दछौं ।

पाठ्यक्रममा निर्दिष्ट विषय वस्तुमा एकरूपता कायम गर्दै व्यावहारिक पाठ्य पुस्तक निर्माण गर्ने उच्च माध्यमिक शिक्षा परिषद्को प्रयासप्रति हामी कृतज्ञ छौं । यस पाठ्य पुस्तकलाई यस रूपमा ल्याउन लेखन/सम्पादन कार्यमा संयोजन गर्नु भएकोमा ठाकुर पराजुलीप्रति कृतज्ञ छौं । प्रस्तुत पाठ्य पुस्तकका लेखकहरू केशव सुवेदी, जीवेन्द्र देव गिरी, ताराकान्त पाण्डेय, देविका राई, बद्री विशाल भट्टराई, महादेव अवस्थी, महेश्वर न्यौपाने, रमेश भट्टराई, लेखनाथ गुरागाईं, तथा हेमनाथ पौडेलको अथक परिश्रमप्रति धन्यवाद व्यक्त गर्दछौं । त्यसै गरी पाठ्य वस्तु सम्पादन, परिमार्जन तथा एकरूपीकरणका लागि जीवेन्द्र देव गिरी, बद्री विशाल भट्टराई, महादेव अवस्थी तथा रमेश भट्टराईप्रति हामी ऋणी छौं ।

प्रकाशनको माध्यमबाट देशमा शिक्षाको विकास र विस्तार गर्ने साझा प्रकाशनको उद्देश्य अनुरूप पाठ्य पुस्तक तयार गरी प्रकाशनको अवसर उपलब्ध गराएकोमा उच्च माध्यमिक शिक्षा परिषद् तथा साहित्यिक रचना र बोध सामग्री उपलब्ध गराउने सम्पूर्ण ज्ञात अज्ञात स्रष्टाप्रति आभार व्यक्त गर्दै आवश्यक पठन, सल्लाह र सुझाबका लागि सम्बद्ध विद्यार्थी तथा शिक्षक/प्रशिक्षकहरूमा आह्वान गर्दछौं ।

जेठ, २०६७

साझा प्रकाशन

उच्च माध्यमिक शिक्षा परिषद्

उच्च माध्यमिक शिक्षा ऐन, २०४६ द्वारा स्थापित

☎ ६६३०८४८ (प्रशासन)
६६३९३९४ (सम्बन्धन)
६६३१५८७ (पाठ्यक्रम)
६६३१५८६ (योजना)
६६३०७४७ (परीक्षा)
५६३९०७३ (आर्थिक शाखा)

फ्याक्स: ६६३०५९८, ६६३०८४८
E-mail: hseboard@mos.np
Website: www.hseb.edu.np

सानो ठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-
च. नं. :

मिति :-

सम्मति

उच्च माध्यमिक शिक्षा परिषद् स्थापना कालदेखि नै युग सुहाउँदो पाठ्यक्रम तयार गर्न र चालु पाठ्यक्रमलाई पनि युग सापेक्ष ज्ञान र सिपद्वारा अद्यावधिक गराउँदै अगाडि बढि रहेको कुरा विदितै छ । यो नियमित प्रक्रिया पनि हो । अन्यथा युवा पुस्ताका हाम्रा सन्ततिहरू युग सापेक्ष शिक्षाबाट वञ्चित रहनु पर्ने अवस्था आउन सक्दछ । त्यसैले वर्तमानमा देखा परेका ज्ञान र सिपका पछिल्ला उपलब्धिहरू समेट्दै चालु पाठ्यक्रमलाई समय सुहाउँदो परिमार्जन गर्नमा हामी क्रियाशील छौं ।

पाठ्यक्रम अद्यावधिक गर्ने क्रममा यस पटक उच्च माध्यमिक शिक्षा परिषद्ले पाठ्यक्रम परिमार्जन र संशोधनमा मात्र सीमित नरही आधुनिक शिक्षण पद्धतिका न्यूनतम प्रक्रिया समेट्दै परिमार्जित पाठ्यक्रम अनुरूपका केही पाठ्य पुस्तकका नमुना पनि आफ्नै रेखदेखमा तयार गरी प्रस्तुत गर्ने सोच राखेको छ । यसै क्रममा यस परिषद् अन्तर्गतको नेपाली विषय समितिले दश जोड दुई (१०+२) मा निर्धारित अनिवार्य नेपाली विषयक पाठ्यक्रमको आवश्यक परिमार्जन गरेको छ र सोही अनुरूप सबै विषयका विद्यार्थीले पढ्ने **सबैको नेपाली** शीर्षकको अनिवार्य विषयको पाठ्य पुस्तक पनि तयार गरेको छ ।

नेपाली पाठ्य पुस्तक लेखनको परम्परामा यस पुस्तकले पहिलो चोटि एउटा कोल्टो फेर्ने काम गरेको छ भन्ने हामीलाई लागेको छ । प्रस्तुत पुस्तकले एकातिर शिक्षकहरूलाई पाठकेन्द्री शिक्षणतिर उन्मुख गराउने जमर्को गरेको छ भने अर्कातिर सिद्धान्तमुखी व्याकरण शिक्षणको परम्परालाई विश्राम दिँदै मूल पाठका प्रयोगमा आधारित अभ्यासतिर विद्यार्थीलाई डोऱ्याउने प्रयास पनि थालेको छ । त्यसका साथै वर्ण विन्यासका विविधतालाई यथा सम्भव हटाई सबैलाई सुगम हुन सक्ने वर्ण विन्यासको सरल पद्धतितिर पनि यो पाठ्य पुस्तक अगाडि बढेको छ । यसका अतिरिक्त बोध, बुँदा टिपोट, सङ्क्षेपीकरण, पारिभाषिक शब्दावलीको प्रयोग जस्ता शिक्षण अभ्यासका माध्यमद्वारा ज्ञान विज्ञानका विविध विषय र क्षेत्रतिर झाँगिँदै गरेको नेपाली भाषाको चिरफार गर्दै त्यतातिर विद्यार्थीहरूको बोध र पहुँच सुगम बनाउनका लागि विविध विषय र क्षेत्रका पुस्तक, पत्रिका र प्रतिवेदनहरूबाट केही अंश र अनुच्छेदहरू साभार गरी तिनलाई पनि पाठ्य पुस्तककै अभिन्न अङ्गका रूपमा यहाँ समावेश गरिएको छ । यसबाट विद्यार्थीहरूले बढी गृहकार्य गर्ने अवसर पाई लाभान्वित हुन सक्ने छन् भन्ने विश्वास परिषद्ले लिएको छ ।

यो पाठ्य पुस्तक नेपाली विषय समितिका सदस्यहरूको सामूहिक प्रयास हो । त्यसैले मूल लेखकहरूका साथै उनीहरूका रचनामा आधारित यस पुस्तकको लेखनमा संलग्न हुने **प्रा. ठाकुर पराजुली, प्रा. केशव सुवेदी, प्रा. डा. महादेव अवस्थी, प्रा. महेश्वर न्यौपाने, प्रा. डा. बद्री विशाल भट्टराई, सह प्रा. डा. जीवेन्द्र देव गिरी, सह प्रा. लेखनाथ गुरागाई, सह प्रा. डा. ताराकान्त पाण्डेय, सह प्रा. हेमनाथ पौडेल, सह प्रा. रमेश भट्टराई** तथा **शिक्षक देविका राई**

र नेपाली विषय समितिका सदस्य सचिवका हैसियतले सहयोग जुटाउने पाठ्यक्रम प्रमुख **श्री रामचन्द्र पाण्डे**लाई परिषद्का तर्फबाट म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । छोटो समयभित्र यसको प्रकाशन र वितरणको जिम्मेवारी लिने साझा प्रकाशन परिवारप्रति हाम्रो हार्दिक धन्यवाद !

अन्तमा, नेपाली विषयको पठन पाठनमा **सबैको नेपाली**ले नयाँ मोड दिन सक्ने विश्वास परिषद्ले लिएको छ । सीमित समयभित्र यो पुस्तक निर्माण भएको हुँदा यसमा केही कमी कमजोरीहरू रहनु स्वाभाविक छ । त्यसमा हाम्रा शिक्षाविद् र विज्ञ शिक्षकहरूले सकारात्मक सुझाव र सल्लाह दिनु भएमा यो परिषद् अनुगृहीत रहने छ र आगामी संस्करणमा गरिने परिमार्जनमा हामीलाई अरू बढी सहायता मिल्ने छ । धन्यवाद !

जेठ, २०६७

(प्रा.डा. उपेन्द्र कोइराला)
उपाध्यक्ष

उच्च माध्यमिक शिक्षा परिषद्

उच्च माध्यमिक शिक्षा ऐन, २०४६ द्वारा स्थापित

फोन: ६६३०८४८ (प्रशासन)
६६३१३९४ (सम्बन्धन)
६६३१५८७ (पाठ्यक्रम)
६६३१५८६ (योजना)
६६३०७४७ (परीक्षा)
५६३९०७३ (आर्थिक शाखा)
फ्याक्स: ६६३०५९८, ६६३०८४८
E-mail: hseboard@mos.np
Website: www.hseb.edu.np

सानो ठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-
च.नं. :

मिति :-

मन्तव्य

उच्च माध्यमिक शिक्षा परिषद्को पाठ्यक्रममा नेपाली विषयको पठन पाठन अनिवार्य छ, जस अनुसार पाठ्यक्रम एकल पथ उन्मुख भए पनि व्यवस्थापन, मानविकी र शिक्षा विषयका विद्यार्थीका लागि कक्षा ११ मा र विज्ञान विषयका विद्यार्थीहरूका लागि कक्षा १२ मा यो विषय पढाउने व्यवस्था भइ आएको छ। व्याकरण, रचना र विधागत सामग्री रहेको यस पाठ्य पुस्तकले एस.एल.सी. र सोसरह परीक्षा उत्तीर्ण विद्यार्थीहरूको भाषागत र विषयगत पृष्ठभूमिलाई सबलीकरण गर्दै मध्यम स्तरीय जनशक्तिलाई आवश्यक हुने भाषिक सिप प्राप्ति तथा व्यावहारिक प्रयोजन समेतका अपेक्षाहरू पुरा गर्ने उद्देश्य राखेको छ। यसभित्र साहित्यिक रचनाको पठन र आस्वादनलाई पनि दृष्टिगत गरिएको छ। समष्टिमा आधुनिक समाजमा प्रचलनमा रहेका व्यावहारिक क्षेत्रका तहगत भाषिक प्रयोगजन्य बोध र अभिव्यक्ति कला सबल बनाउने दृष्टिले परिमार्जन गरिएको पाठ्यक्रमका अपेक्षाहरू पुरा गर्न प्रस्तुत समग्र पाठ्य सामग्री आवश्यक हुने कुरामा दुई मत छैन।

कुनै पनि पाठ्य पुस्तकले सरोकारवालाहरूको आवश्यकता पुरा गर्न सक्नु पर्छ। पाठ्य पुस्तकमा पाठ्यक्रमले निर्देश गरेका विषय वस्तु, तिनीहरूको क्षेत्र र क्रमको उचित समायोजन र समसामयिक समाज प्रतिबिम्बत हुन सकेन भने पठन पाठन स्तरीय हुन सक्दैन। समयको गतिसँगै यसमा आवश्यक हेरफेर र संशोधन गरिनु पर्छ। यस्तो परिवर्तनमा राष्ट्रिय आवश्यकताका साथै विश्वव्यापी प्रभावहरू समेत समायोजन हुनु पर्छ। यस परिमार्जित पाठ्यक्रममा आधारित पाठ्य पुस्तकले यिनै मान्यताहरूलाई आत्मसात् गरेको छ।

पाठ्य पुस्तक लेखन आफैमा चुनौतीपूर्ण कार्य हो। यसमा सम्बद्ध क्षेत्रका विज्ञहरूको सक्रिय संलग्नता आवश्यक हुन्छ। यो पाठ्य पुस्तक लेखनमा विषय समिति नै संलग्न रहेको सन्दर्भमा निश्चय पनि पाठ्यक्रमको मर्म बढी उजागर भएको छ भन्ने मलाई लागेको छ। राम्रो पाठ्यांश भए पनि सफल पठन पाठन हुन सकेन भने त्यसको सार्थकता रहन्न। विषय समितिकै संलग्नताबाट तयार भएको यस पुस्तकबाट पाठ्यक्रमले निर्देश गरेका निराकरणात्मक, समावेशात्मक र स्तरीकरणात्मक पाठ्यवस्तुहरूको सफल शिक्षण गर्न यथोचित सहायता पुग्ने छ भन्ने म आशा गर्दछु। देशभरिका उच्च माध्यमिक विद्यालयहरूको अनिवार्य नेपाली विषयको पठन पाठनमा एकरूपता कायम गर्न प्रस्तुत **सबैको नेपाली**ले स्तरीयता र वैज्ञानिकताको आधार प्रदान गर्ने छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।

(रामचन्द्र पाण्डे)
पाठ्यक्रम प्रमुख

केन्द्रीय माध्यमिक शिक्षा परिषद

(मानव संसाधन विकास मंत्रालय, भारत सरकार का एक स्वायत्त संगठन)

शिक्षा सदन, 17 सैक्टर, राजीव गांधी एजुकेशन सिटी, पंचकूला (हरियाणा)-134109
फोन : 0172-2566252, 2566253, 2566254, 2566255
फैक्स : 0172-2566213
ई-मेल : cbsehq@nic.in
वेबसाइट : www.cbse.nic.in

क्र. सं. :

दिनांक :-

सेवा में,

प्रधानाचार्य/प्रधानाचार्या,

विषय :-

महोदय/महोदया,

कृपया उपरोक्त विषय के संबंध में अवगत कराना है कि केन्द्रीय विद्यालय संगठन द्वारा आयोजित अखिल भारतीय अन्तर-विद्यालय प्रतियोगिता के लिए आपके विद्यालय की टीम का चयन किया गया है। इस प्रतियोगिता में आपके विद्यालय की टीम को भाग लेने के लिए निम्नलिखित स्थान पर निम्नलिखित तिथि को रिपोर्ट करना है।

स्थान :-

तिथि :-

समय :-

आपसे अनुरोध है कि आप अपने विद्यालय की टीम को समय से पूर्व भेजने की व्यवस्था करें।

धन्यवाद।

भवदीय,

(सुनील कुमार)

सहायक सचिव

विषय सूची

पाठ : एक **नेपालै नरहे (कविता)** : माधव घिमिरे १
वर्ण/३, अनुच्छेद लेखन/७

पाठ : दुई **छिमेकी (कथा)** : गुरु प्रसाद मैनाली ८
नेपाली अक्षरको पहिचान/१३

पाठ : तिन **आइमाई साथी (निबन्ध)** : श्याम प्रसाद शर्मा १६
शब्दकोशको प्रयोग/२४, नाम/२५, सर्वनाम/२६, विशेषण/२७, क्रियापद/२७,
वर्ण विन्यास/२८, अनुच्छेद लेखन/२९

पाठ : चार **मधु मालतीको कथा (कथा)** : रमेश विकल ३०
पात्र परिचय लेखन/४१, क्रियायोगी/४२, नामयोगी/४२, संयोजक/४३,
विस्मयादि बोधक/४३, निपात/४३, पदवर्ग विचलन/४४, लेख्य चिह्न/४४
बुँदा टिपोट/४४

पाठ : पाँच **भलादमी (निबन्ध)** : लक्ष्मी प्रसाद देवकोटा ४६
शब्दको पहिचान/५०, शब्दका प्रकार/५१, रूपायन/५२, निबन्ध लेखन/५३

पाठ : छ **हर्क बहादुर (कविता)** : दिनेश अधिकारी ५४
शब्दको बनोट/५९, सङ्क्षेपीकरण/६०

पाठ : सात **एक चिहान : एक-सोन्ह परिच्छेद (उपन्यास)** : हृदय चन्द्र सिंह प्रधान ६१
पात्र परिचय लेखन/६३, प्रत्ययद्वारा शब्द निर्माण/६४, समास/६५

पाठ : आठ **म फुल लिएर आउने छु (निबन्ध)** : सुधा त्रिपाठी ७०
समास प्रक्रियाद्वारा शब्द निर्माण/७४, सन्धि र सन्धि भएका शब्दको पहिचान/७७
वाक्यको पहिचान र प्रयोग/७८, क्रियाका काल/७९, क्रियाका पक्ष/७९,
सङ्क्षेपीकरण र बुँदा टिपोट/८०

पाठ : नौ **मानुषी (कविता)** : पारिजात ८२
सामान्य र विशिष्ट (आलङ्कारिक) पदक्रम/८७, पाठक प्रतिक्रिया/८९

पाठ : दश **रातभरि हुरी चल्यो (कथा)** : इन्द्र बहादुर राई ९०
कारक र विभक्ति/९८, अनुच्छेद लेखन/१००, व्यक्तिगत विवरण/१०१

पाठ : एघार **मेरो देश (कविता)** : भूपी शेरचन १०२
वर्ण विन्यास/१०६, विज्ञापन लेखन/१११

पाठ : बाह्र **आलु (निबन्ध)** : भैरव अर्याल ११२
पद सङ्गति/११६, शब्द भण्डार/११८, सूचना लेखन/१२०

पाठ : तेह्र **शत्रु (कथा)** : विश्वेश्वर प्रसाद कोइराला १२२
सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग/१२६, शब्द भण्डार/१२७,
टिप्पणी लेखन/१२८, सम्पादकलाई चिठी/१२९

पाठ : चौध **एक चिहान : सत्र-एकतिस परिच्छेद (उपन्यास)** : हृदय चन्द्र सिंह प्रधान १३१
संरचनात्मक वाक्यान्तरण/१३३, वाच्यगत वाक्यान्तरण/१३४,
कथन परिवर्तन/१३५, करण अकरण/१३६, वाक्य संश्लेषण/१३७,
निबन्ध रचना/१३९

पाठ : पन्ध्र **हारजित (कथा)** : भवानी भिक्षु १४१
वाक्य संश्लेषण/१५२, प्रतिवेदन लेखन/१५४

पाठ : सोह्र **खाद्य सङ्कट र जैविक विविधता (लेख)** : डा. तीर्थ बहादुर श्रेष्ठ १५६
शब्द भण्डार/१६०, अनुच्छेद लेखन/१६२

पाठ : सत्र **नालापानीमा (एकाङ्की)** : बालकृष्ण सम १६३
क्रियाका भाव/१७२, उक्ति परिवर्तन/१७३, वर्ण र अक्षरको पुनरावृत्ति/१७३,
व्यावहारिक लेखन/१७५

पाठ : अठार **कान्छी, भट्टी र देश (कविता)** : कृष्ण सेन 'इच्छुक' १७९
क्रियाका काल र पक्ष/१८३, पत्र रचना/१८५

पाठ : उन्नाइस **बौलाहा काजीको सपना (नाटक)** : विजय मल्ल १९१
वाक्यान्तरण/२१२, टिप्पणी लेखन/२१५

बोधका लागि दृष्टांश सामग्री २१७
पाठ्यक्रम २५३
विशिष्टीकरण तालिका २५६
नमुना प्रश्न २५९

पाठ : एक

नेपालै नरहे

✍ माधव घिमिरे

नेपाल नरहे नेपालीहरूको अस्तित्व रहला त ? नेपालीहरूको राष्ट्रिय पहिचान र जातीय अस्तित्व नेपाल राष्ट्रसँग गाँसिएको छ । नेपाल भनेको हिमाल, पहाड र तराई मिली बनेको भौगोलिक एवम् जैविक विविधता पनि हो । भाषिक र सांस्कृतिक विविधता भएको मुलुक पनि नेपाल नै हो । नेपाल भनेको कोसी, कर्नाली र गण्डकी जस्ता मुख्य नदी प्रणालीले सिँचेको र मेची तथा महाकाली नदीले पूर्वी तथा पश्चिमी सिमाना बाँधेको सार्वभौम सत्ता सम्पन्न स्वाधीन मुलुक हो । यो मुलुक नेपालीहरूको जातीय, भाषिक र सांस्कृतिक पहिचान तथा राष्ट्रिय स्वाभिमानसँग अभिन्न रूपले गाँसिएको छ । यस सन्दर्भमा नेपाल नरहे हामी नेपाली पनि रहँदैनौं भन्ने कुरालाई कवि घिमिरेले आफ्नो गीतमा कसरी प्रस्तुत गरेका छन् ? त्यो कुरा थाहा पाउन तलको गीत भाका हालेर पढौं ।

नेपाली हामी रहौंला कहाँ नेपालै नरहे
उचाइ हाम्रो चुलिन्छ कहाँ हिमालै नरहे (१)

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्ध्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (२)

दसैं र तिहार रमाइला हाम्रा चुड्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको ज्यालीले
बैंसको तालमा नाचौंला कहाँ मादलै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे (३)

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिर्म्झौंला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे । (४)

(किन्नर किन्नरीबाट)

कवि परिचय

माधव घिमिरे (वि. सं. १९७६) नेपाली स्वच्छन्दतावादी भावधाराका कवि हुन् । उनले **गौरी, राजेश्वरी, राष्ट्र निर्माता, धर्तीमाता, पापिनी आमा** जस्ता काव्यहरू र **किन्नर किन्नरी** (गीत सङ्ग्रह) लगायंत प्रशस्त फुटकर कविताहरूको रचना गरेका छन् । **मालती मङ्गले, शकुन्तला, हिमालपारि हिमालवारि, अश्वत्थामा** उनका गीति नाटक हुन् । घिमिरे देशभक्ति, प्रकृति र मानवीय प्रेम तथा जीवनका विविध पक्षको सुन्दर चित्रण गर्ने सशक्त कवि हुन् । उनका कवितामा छन्दको मिठास, गीतिलयको माधुर्य, माझिएको शैलीगत सौन्दर्य जस्ता विशेषता पाइन्छन् । उनी नेपाली कविताको छन्द परम्पराका सिद्धहस्त कवि मानिन्छन् ।

शब्दार्थ

१. **ठिक शब्दसँग जोडा खोजी मिलाउनु होस् :**

आकाश	सुर
उज्यालो	मधेस
जित	जबानी
टाकुरा	आँखीझ्याल
तराई	गगन
ताल	प्रकाश
पुर्खा	विजय
बैंस	बाबुबाजे
सन्ध्याल	चुचुरो

२. **गीतमा प्रयोग भएका केही शब्द कथ्य रूपमा छन् । गीतमा लय मिलाउन यस्ता शब्दहरूको प्रयोग गरिन्छ । ती शब्दको स्तरीय रूप दायाँतर्फ दिइएको छ, हेक्का राख्नु होस् :**

हिर्दय = हृदय

बिम्झौंला = बिउँझौंला/ब्युँझौंला

पैलो = पहिलो

पठन बोध

१. **तलका गीति अंश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

(क) तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्ध्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

प्रश्नहरू

(अ) तराईलाई 'सुनको टुक्रा' भन्नुको तात्पर्य के हो ?

(आ) 'धर्तीका छोरा' भनेर कसलाई भनिएको हो ?

(इ) 'माटो' र 'पानी' पहिलो धन कसरी हुन सक्छ ?

(ई) 'ए कहाँबाट हेर्दौंला संसार सन्ध्यालै नरहे' भन्नुको आशय के हो ?

(उ) नेपाल नरहे नेपाली किन रहँदैनौं ?

(ख) आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौंला कहाँ पूर्वको पैलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

प्रश्नहरू

(अ) 'आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न' भन्नुको तात्पर्य के हो ?

(आ) पुर्खाको पौरखी पाइला किन मेटिन्न ?

(इ) पूर्वको पहिलो उज्यालोले कुन कुराको बोध गराउँछ ?

(ई) गीतको यस अंशमा नेपालका के कस्ता विशेषताको सङ्केत पाइन्छ ?

(उ) यस गीति अंशको मुख्य भाव के हो ?

२. **तलका बुँदाहरूलाई समेत आधार बनाई 'नेपालै नरहे' गीतका बारेमा समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् :**



व्याकरण

वर्ण

- **तल नेपाली भाषाका कथ्य र लेख्य वर्णहरूको सूची हेर्नु होस् र त्यसपछि लेखिएका कुरा पढ्नु होस् :**

कथ्य वर्ण : अ आ इ उ ए ओ
क ख ग घ ङ
च छ ज झ

ट ठ ड ढ
त थ द ध न
प फ ब भ म
य र ल व
स ह

लेख्य वर्ण : अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ अं अः
क ख ग घ ङ
च छ ज झ ञ
ट ठ ड ढ ण
त थ द ध न
प फ ब भ म
य र ल व
श ष स ह
क्ष त्र ज्ञ

मौखिक भाषाको प्रयोग गर्दा आउने वर्ण कथ्य वा उच्चार्य वर्ण हुन् । लेखाइमा प्रयोग हुने वर्ण लेख्य वर्ण हुन् । लेख्य वर्णहरूको समूहलाई वर्णमाला भनिन्छ । माथिको वर्णमालाका ई, ऊ, ऋ, ऐ, औ, अं, अः ; ञ, ण, श, ष, क्ष, त्र, ज्ञ वर्ण नेपालीका लेख्य वर्ण मात्र हुन् ।

- **वर्णहरू दुई प्रकारका हुन्छन्** : स्वर वर्ण र व्यञ्जन वर्ण । अ, आ आदि स्वर वर्ण हुन् भने क, ख, ग, घ आदि व्यञ्जन वर्ण हुन् । नेपाली भाषामा कथ्य वा उच्चार्य स्वर वर्ण ६ वटा र उच्चार्य व्यञ्जन वर्ण २९ वटा छन् भने लेख्य स्वर वर्ण १३ वटा र लेख्य व्यञ्जन वर्ण ३६ वटा छन् ।
- **तल व्यञ्जन वर्णको वर्गीकरण गरिएको छ; पढ्नु होस् र तिनका उच्चारणगत विशेषताको पहिचान गर्नु होस्** :

(क) उच्चारण स्थान– वर्ण कुन स्थानबाट उच्चारण हुन्छ भन्ने आधार
कण्ठ्य– कण्ठ वा घाँटीबाट उच्चारण हुने : क ख ग घ ङ
वर्त्स्य/दन्तमूलीय– वर्त्स वा दाँतको फेदमा रहेको गरा गरा परेको भागबाट उच्चारण हुने : च छ ज झ ट ठ ड ढ न र ल स
दन्त्य– माथिल्लो दाँत र जिब्रोको संलग्नताबाट उच्चारण हुने : त थ द ध
ओष्ठ्य– दुबै ओठको सक्रियताबाट उच्चारण हुने : प फ ब भ म व
अतिकण्ठ्य– कण्ठ वा घाँटीको भित्री भागबाट उच्चारण हुने : ह
तालव्य– तालुबाट उच्चारण हुने : य

(ख) उच्चारण प्रयत्न– वर्णको उच्चारणमा सासको परिचालन कसरी हुन्छ भन्ने आधार
स्पर्शी– उच्चारण अवयवहरू कहीं न कहीं छोइएर सास बाहिर निस्कँदा उच्चारण हुने : क ख ग घ ट ठ ड ढ त थ द ध प फ ब भ
स्पर्श सङ्घर्षी– उच्चारण अवयव कहीं न कहीं छोइने र सासमा जोड पर्ने: च छ ज झ
सङ्घर्षी– सासमा मात्र जोड पर्ने : स ह
नासिक्य– नाके ओडारतर्फ सास परिचालित हुने : ङ न म

अर्ध स्वर– हलन्त उच्चारण नहुने : य व

कम्पित– जिब्रो थर्थराउँदै सास बाहिरिने : र

पार्श्विक– जिब्राका दुबै छेउबाट सास बाहिर निस्कने : ल

(ग) **घोषत्व**– स्वर चिम्टीमा आउने कम्पनको मात्राको आधार

अघोष– कम्पन कम भई कम आबाज आउने : क ख च छ ट ठ त थ प फ स

सघोष– कम्पन बढी भई बढी आबाज आउने : ग घ ङ ज झ ड ढ द ध न ब भ म य र ल व ह

(घ) **प्राणत्व**– उच्चारण गर्दा सासको मात्रा धेरै वा थोरै बाहिरिने आधार

अल्पप्राण– कम सास बाहिरिने : क ग ङ च ज ट ड त द न प ब म य र ल व

महाप्राण– बढी सास बाहिरिने : ख घ छ झ ठ ढ थ ध फ भ स ह

अभ्यास

१. **माथिका कथ्य र लेख्य वर्णहरूको सूची हेर्नु होस् र कथ्य वर्णमा नपरेका लेख्य वर्णहरू कुन कुन हुन्; खोज्नु होस् ।**

२. **तलका पङ्क्तिबाट गाढा वर्ण टिपी तिनको उच्चारण स्थान छुट्टचाउनु होस् :**

तराई हाम्रो सुनको टुक्रा हिमाल हिराको
माटो र पानी पहिलो धन धर्तीका छोराको
ए कहाँबाट हेरौंला संसार सन्ध्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

३. **तलका पङ्क्तिबाट गाढा वर्णहरू टिपी तिनको उच्चारण प्रयत्न छुट्टचाउनु होस् :**

दसैं र तिहार रमाइला हाम्रा चुङ्का र ख्यालीले
हिर्दय हाम्रो जुर्मुराउँछ जितको ऋ्यालीले
बैंसको तालमा नाचौंला कहाँ मादलै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

४. **तलको अंशबाट पाँच वटा अघोष र पाँच वटा सघोष वर्णहरू खोज्नु होस् :**

आजभोलि रोप्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सहि नसक्नु भयो । पाखुरा सुक्दै भन्यो– "तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस्, अझ अर्मलको धाक लगाउँछस् गुमाने चोर ।"

५. **तलका पङ्क्तिबाट पाँच वटा महाप्राण र पाँच वटा अल्पप्राण वर्ण खोजी आफ्नो कापीमा सार्नु होस् :**

आकाश छुने टाकुरा हाम्रो भेटेर भेटिन्न
पौरखी हाम्रा पुर्खाको पाइला मेटेर मेटिन्न
बिम्झौंला कहाँ पूर्वको पहिलो उज्यालै नरहे
नेपाली हामी रहौंला कहाँ नेपालै नरहे ।

६. **तलको अनुच्छेदका गाढा वर्णको उच्चारण स्थान र रेखाङ्कित वर्णको उच्चारण प्रयत्न छुट्टचाउनु होस् :**

के रुपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेक मजुरीले छाक टार्नु पर्छ तापनि पैसाका निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई जिउँदाको जन्ती र मर्दाको मलामी भन्छन् । यस्ता वेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ । धनजिते झैं चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।

७. **तलको अनुच्छेदका गाढा वर्णलाई अघोष र सघोषमा तथा रेखाङ्कित वर्णलाई अल्पप्राण र महाप्राणमा छुट्टचाउनु होस् :**

इस् छिमेकी ! अस्टि चौटारामा ऋन्डै मारेठ्यो, ठा पाउलास् । यस्तै हो मैले पनि सहेर बसि दिएको भए किन ऋगडा हुन्थ्यो । एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ । ऋगडा भयो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटोको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ ।

बोध

तलका अनुच्छेदहरू राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नहरूको छोटो र स्पष्ट उत्तर दिनु होस् :

नेपालका धेरैजसो भाषाहरू अहिलेसम्म पनि कथ्य (मौखिक) परम्परामा मात्र सीमित छन् । लेख्य परम्परा भएका भाषाहरूमा नेपाली, नेवारी, मैथिली, लिम्बू, भोजपुरी, अवधी आदिलाई लिन सकिन्छ । अन्य केही भाषाहरू भरखरै लेख्य परम्पराको खुट्किलामा उक्लँदै छन् । यस्ता भाषाहरूमा थारू, तामाङ, मगर, गुरुङ र राई समूहका भाषाहरूमध्ये थुलुङ, बान्तवा, चाम्लिङ, खालिङ, कुलुङ आदि हुन् ।

लेख्य परम्परा वा लिपि भएका भाषाहरूमध्ये नेपाली भाषा साहित्यका दृष्टिले विकसित र सम्पन्न मानिन्छ । यस भाषामा शैक्षिक प्रयोगका लागि आवश्यक पूर्वाधारहरू तयार भइ सकेको हुनाले उक्त दृष्टिले यसमा विशेष प्रयासको खाँचो नहुन सक्छ तर नेपाली राष्ट्रभाषाका साथै सरकारी कामकाजको समेत भाषा भएकाले त्यसको भूमिका निर्वाह गर्नका लागि आवश्यक हुने विकासको यसमा पनि जरुरत पर्छ । नेवारी र मैथिली भाषाहरू पनि लेख्य परम्परा र साहित्यका दृष्टिले विकसित भाषा मानिन्छन् । ऐच्छिक विषयका रूपमा माध्यमिक तहदेखि स्नातकोत्तर तहसम्म पठन पाठन हुने व्यवस्था भइ सकेका यी भाषाहरूलाई शैक्षिक प्रयोगका दृष्टिले सामान्य पूर्वाधार रहेका भाषाका रूपमा लिन सकिन्छ ।

सिक्किममा उच्च माध्यमिक तहसम्म पठन पाठनको व्यवस्था भएको लिम्बू भाषा हाल स्वदेशमा भएका भाषिक तथा साहित्यिक गतिविधिबाट पनि शैक्षिक प्रयोगका लागि सामान्य पूर्वाधार बनाउन सक्षम रहेको देखा पर्छ । यस्तै भोजपुरी र अवधी भाषामा पनि विभिन्न साहित्यिक रचनाको उपलब्धतालाई हेर्दा यिनलाई शैक्षिक दृष्टिले पूर्वाधार भएका भाषाका रूपमा लिन सकिन्छ ।

थारू, तामाङ, मगर र गुरुङ भाषामा आधुनिक लेख्य परम्परा सुरु भएको धेरै नभए तापनि यी भाषाको विकासमा सम्बन्धित भाषाभाषीहरूको अभिरुचि तथा जागरूकता केही वर्षयता निकै बढेको पाइन्छ । साथै साहित्य लेखन तथा प्रकाशनका गतिविधिमा पनि निकै अग्रसरता देखिएकाले यिनको शैक्षिक प्रयोगको सम्भावना स्पष्ट हुन थालेको छ । यस्तै राई समूहका भाषाहरूमध्ये बान्तवा, थुलुङ, चाम्लिङ, खालिङ, कुलुङ आदिमा पनि केही भाषिक तथा साहित्यिक गतिविधि बढ्न थालेको छ । साथै सेर्पा र थकाली भाषामा पनि उक्त गतिविधिमा अग्रसरता देखिएको छ ।

२०४८ को जन गणनामा हिन्दी, उर्दू, भोटे (लामा/तिब्बती), अङ्ग्रेजी आदि भाषाहरूको समेत उल्लेख पाइन्छ । यी भाषाहरू साहित्य सम्पन्न मानिन्छन् ।

उल्लिखित भाषाहरूका साथै नेपालका अन्य भाषाहरूमा पनि क्रमशः आफ्नो मातृभाषाप्रतिको सचेतता बढ्दै जाने देखिएको छ । यस कुरालाई ध्यानमा राखेर नेपालका सबै मातृभाषीहरूको चाहना अनुरूप आआफ्ना मातृभाषाका माध्यममा प्राथमिक शिक्षाको व्यवस्था गर्दै जानु पर्ने हुन्छ ।

सबै भाषाको विकासको गति र स्तर समान किसिमको हुँदैन । भाषाको विकासको गतिलाई तीव्र बनाउन सम्बन्धित भाषाभाषीहरूमा शैक्षिक स्तरको विकास र भाषिक प्रतिबद्धताको ठुलो महत्त्व रहन्छ । भाषाभाषीहरूमा जति शिक्षित तथा साक्षरहरूको सङ्ख्या बढ्दै गयो उति सम्बन्धित भाषाको उन्नति र प्रगतिमा योगदान पुग्न सक्छ । आफ्नो भाषामा शिक्षितहरू बढे भने त्यसमा उनीहरूले सम्बन्धित साहित्यिक गतिविधिमा भाग लिई भाषाको अभिवृद्धिमा सघाउन सक्छन् भने साक्षरहरूको सङ्ख्या बढेमा सो भाषामा लेखिएका पाठ्य सामग्रीहरूका लागि पाठकहरू पनि बढ्दै जाने हुन्छन् तर नेपालमा कतिपय भाषाभाषीहरू यस्ता पनि छन् जो गरिबी र निरक्षरताको जीवन गुजारि रहेका छन् । जबसम्म तिनीहरूलाई उक्त निम्नतम जीवन स्तरबाट उकास्न सकिँदैन तबसम्म तिनीहरूमा आफ्नो भाषा संस्कृतिको जगेर्ना गर्न सक्ने क्षमता र जागरूकता कमै विकसित हुन सक्छ । यसरी शिक्षित तथा साक्षरहरूको प्रतिशत बढी भएका भाषाभाषीहरूमा आफ्नो भाषा संस्कृतिको विकासप्रतिको जागरूकतामा विशेष वृद्धि हुनु र साक्षरताको प्रतिशत कम भएका भाषाभाषीहरूमा चाहिँ उक्त जागरूकताको असर कम देखिनुबाट पनि यस कुराको पुष्टि हुन्छ ।

प्रश्नहरू

(क) लेख्य परम्परा भएका नेपालका भाषाहरू कुन कुन हुन् ?

(ख) नेपालमा नेपाली भाषाको भूमिका कस्तो छ ?

(ग) भाषा विकासको गति र स्तर अभिवृद्धिलाई के के कुराले कसरी सहयोग पुऱ्याउँछन् ?

(घ) अशिक्षित र निरक्षर समुदायका भाषाभाषीहरूको भाषा संरक्षण कसरी गर्न सकिन्छ ?

(ङ) 'माध्यम', 'साक्षर', 'निरक्षर' र 'भाषाभाषी' शब्दको अर्थ लेख्नु होस् ।

अभिव्यक्ति

अनुच्छेद लेखन

दिइएका बुँदामा आधारित भई १५० शब्दसम्मको एउटा अनुच्छेद लेख्नु होस् र त्यसका लागि उपयुक्त शीर्षक पनि दिनु होस् :

* नेपालमा धेरै जातजातिका मानिसहरूको बसोवास
* पूर्वी नेपालका पहाडी जिल्लामा लिम्बू तथा राईहरू
* हिमाली प्रदेशमा सेर्पाहरू
* पश्चिम तथा मध्य पश्चिम क्षेत्रमा गुरुङ, थकाली तथा मगरहरू
* मध्यमाञ्चलका पहाडी जिल्लाहरूमा तामाङ र काठमाडौँ उपत्यकामा नेवारहरू
* पूर्वी तराईमा राजवंशी, सतार र झाँगडहरू
* जनकपुर क्षेत्रमा मैथिल समुदाय
* लुम्बिनीदेखि नेपाल गन्जसम्म अवध समुदाय
* मैथिल र अवध समुदायमा पनि विभिन्न जातजातिहरू
* जति जाति त्यति नै भाषा र संस्कृति
* अन्य थुप्रै जातजाति पनि नेपालमा रहेका
* नेपाल जातीय विविधताको फुलबारी ।

•

पाठ : दुई

छिमेकी

✍ गुरु प्रसाद मैनाली

तपाईंलाई समस्या पर्दा सर्व प्रथम कसलाई गुहार्नु हुन्छ ? तपाईको आपत र खुसीको साथी को हुन सक्छ ? तपाईसँगै जोडिएको घरमा बस्ने मानिस तपाईका छिमेकी हुन् । ती छिमेकीसँग तपाईको सहयोगी सम्बन्ध रहन्छ तर छिमेकीसँगको तपाईको सम्बन्ध कहिले काहीँ चिसिन पनि सक्छ तैपनि मर्दापर्दाका सहयोगी छिमेकीहरू नै हुन्छन् । छिमेकीसँगको सम्बन्धमा जातजाति, वर्ग, लिङ्ग आदिको विभेद रहँदैन । निकटमा बसोवास गर्ने हुनाले मिलेर बस्नु छिमेकीको कर्तव्य र संस्कार हो । त्यसै कारण छिमेकीलाई 'जिउँदाको जन्ती र मर्दाको मलामी' पनि भनिन्छ । छिमेकीसँगको यही आत्मीय सम्बन्धलाई बोध गर्न 'छिमेकी' कथा पढ्नु होस् ।

१

असारको महिना थियो । दिउसोको टन्टलापुर घामका मारे किसानहरू मेलो छाडेर चौतारामा बसेका थिए । कुलामाथि चौतारो, कुलामुनि आशामरु साहुको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बेँसीको फाँट । निकै रमाइलो ठाउँ थियो । किसानहरू सोही पसलमा तमाखु किनेर कक्कड भर्न लागेका थिए । धर्मानन्द पाध्ये चौतारामा बसेर गफ चुट्दै थिए । गुमाने घर्ती हत्केलामा मुन्टो अड्याएर ढुङ्गामा पल्टेको थियो । धनजिते भोटे पसलका डिलमा बसेर घुम बुन्न लागेको थियो । यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन । केवल बखत बखतमा पानी परि दिए खेती कमाइबाट सरकारको तिरो, साहुको ऋणको ब्याज, वर्ष दिनलाई अन्न, वस्त्र, नुन, तेल पुऱ्याउन सके पुगेको थियो ।

धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, वीरसिक्का पढ्थे । गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे । मानिसलाई लडाएर तमासा हेर्ने उनको स्वभाव थियो । एक छिनपछि गुमानेका गोरु धनजितेका बिउमा पसे । आजभोलि रोप्नु पर्ने बिउ, धनजिते आगो भयो । घुम भुइँमा मिल्काएर गोरुलाई लगारी लगारीकन चुट्न लाग्यो ।

किसानहरू सबै कुरा सहन सक्छन् परन्तु वस्तुलाई अर्काले दया छोडेर कुटेको सहन सक्दैनन् । बिउबाट धपाइन्जेल त गुमाने केही बोलेको थिएन, परन्तु जब कुट्न लाग्यो अनि गुमानेको रिसको सीमा रहेन । असार महिनाका दिनभर जोत्नु पर्ने गोरु, उसमाथि पसेका मात्र थिए, उति नोक्सान गरेका थिएनन् । जुरुक्क उठेर भन्यो– "बिउ नोक्सानी गरेको छ भने अर्मल ले, असारका गोरु किन कुट्छस् ए धनजिते !"

आजभोलि रोप्ने बिउको अर्मल तिर्ने कुरा सुनेर धनजितेलाई सहि नसक्नु भयो । पाखुरा सुक्दै भन्यो– "तेरा डाम्ना छाडा गरेर असारको बिउ चराउँछस्, अरु अर्मलको धाक लगाउँछस्, गुमाने चोर ।"

धर्मानन्दलाई लडाउने मौका पऱ्यो । सुर्तीको लुँडो निमोठ्दै भने– "कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफै कुट्छ, अरु उही चोर र सोर उड्कन्छ ।" गुमानेको कनसिरी अगि नै तातिसकेको थियो, धर्मानन्दका कुराले झन् भुतुक्क भो । निर्धाको हात छिटो चल्छ भन्छन्– "किन मुख छोड्छस् ए धनजिते डाकु" भनेर हात मिसिहाल्यो ।

धनजिते पनि चढ्दो उमेरको मानिस, बलको तुजुक, किन हट्थ्यो ? दुबै जना लठारिँदै चौतारामुनि पुगे । तमासा हेर्नेको ठट लाग्यो । धनजितेले गुमानेलाई लगेर कुलामा पछाऱ्यो । गुमाने ढाक्रेहरूले चम्का लगाएको ढुङ्गो दुई हातले उचालेर आइ लागेको थियो, धर्मानन्दले छेके ।

गुमाने दौराको फेर निचोर्दै पसलका डिलमा बसेर धनजितेसित अघोरसँग बाझन लाग्यो– "बाबुले धुलिखेलेको भारी चोऱ्यो र तिन दिनसम्म छिँडीमा जाक्याथ्यो, ठुलो हुन्छस् !"

"काउले भन्ज्याङमा आरुघाटे नेवारको सुर्तीको ढाकर चोर्दा मानबिरे द्वारेले गोर्खे लौरी कसेर चउरमा लडाएको कसको बाबुलाई नि ? गम्कन्छस् !"

बाबुआमा, दिदीबैनी कसैको इज्जत हुर्मत बाँकी रहेन । साँझ परेपछि पनि बाझ्दै उकालो लागे ।

चौतारामा झगडा भएदेखि धनजिते र गुमानेको बोलचाल बन्द भयो । बाटामा धनजितेलाई देख्यो भने गुमाने तर्केर हिँड्थ्यो ।

२

भदौको आधाआधीतिर गाउँमा आँठे पऱ्यो । पहिले एक दुई दिन रुघा लागे जस्तो हुन्थ्यो, त्यसपछि चौपट्टसँग भुङ्ग्रे ज्वरो आउँथ्यो । चार पाँच दिनपछि सन्निपातको लच्छिन देखिन्थ्यो । आठ दिनका दिन खत्तम ।

गुमानेका विचारमा यो सबै देउदेउताको दोष थियो । भन्थ्यो– "देउदेउताको मानभाउ नगरेपछि यस्तै हुन्छ । परार रगत मासीले गाबैं सोतर भो । गाउँका थानीको पूजा गरूँ भन्दा 'सिमेभुमे पुजेर पनि रोग हराउँछ ?' भनेर धर्मानन्दले मेरो कुरा हाँसोमा उडाए । आखिर घाटकी देवी र गाउँका भुमेको पूजा गरेका पर्सिपल्ट रोग साम्य भो ।"

गुमानेले जान्ने बसायो । गाउँका सारा मानिस जम्मा भए तर करेसो जोडिएको धनजिते आएन । जान्नेले पनि देवीको दोष देखायो । सबै जम्मा भएर धुमधामसँग पूजा गरे ।

पूजा गरेको पर्सिपल्ट गुमानेकी स्वास्नी लडी । बिचरी झन्नै खुस्की थी, बाँची । त्यसपछि धनजितेलाई समात्यो । तिन दिनपछि स्वास्नी चाहिँ लडी । एकातिर इन्तु न चिन्तु भएर स्वास्नी लडेकी थिई, अर्कातिर ज्वराको तोडले धनजिते बरबराउन लागेको थियो । पानीसम्म खान दिने मानिस पनि कोही थिएन । सारा गाउँ सोतर छ, कसले हेरचाह गरोस् ? गाईबाखा किलाका किलै टट्टिएर मर्न लागे । फोएर पाखातिर लाइ दिने मानिस कोही भएन ।

पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन परन्तु स्वास्नी समेत थला परेपछि गुमानेको चित्त रहन सकेन । उसले विचार गऱ्यो– "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको नत्र ओडारमा गएर बसे पनि त भो नि ! जहाँ पनि बस्ने न हो । दिनदशा, आपत् विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैं यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै गाउँमा बढेर यो उमेर भो, दौंतरी हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?"

गुमाने धनजितेकहाँ पुग्यो, गाईबाखा फोएर पाखातिर लाइ दियो । धनजिते मुढो लडे झैं उत्तानो परेर लडि रहेको थियो । दिसा पिसाबको होस थिएन । ओढ्ने ओछ्याउने फेरि दियो, गुमानेले एक छिन छोडेन ।

३

मिमिरे उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आशामरु साहु आइ पुग्यो । एकाबिहानै आशामरुलाई देखेर गुमानेले भन्यो– "कति कामलाई उकालो लाग्यौ साहु ?"

"पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई सहर जाइ डिन्ठिस् कि ?"

"छिमेकमा यो बिजोक भइ रहेछ, क्यै काम नपाएर जान्छु अब भारी खेप्न !"

"रोज रुपियाँ डिन्छ लाटा !"

"के रुपियाँको लोभ देखाउँछौ साहु, गरिब छु, निमेक मजुरीले छाक टार्नु पर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो नीच भएको छैन । छिमेकीलाई 'जिउँदाको जन्ती, मर्दाको मलामी' भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ । धनजितेका झैं चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।"

"इस्, छिमेकी ! अस्टि चौटारामा ऋन्नैले मारेठ्यो, ठा पाउलास् ।"

"यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ । यो भरको ताँदो छिन्ने बित्तिकै सबै भताभुङ्ग हुन्छ ।"

आशामरु र गुमानेको खलबल सुनेर धनजितेले आँखा उघाऱ्यो । धनजितेले हेरेको देखेर गुमानेले भन्यो– "कस्तो छ माहिला दाइ ?"

"मो मार्छ कि कान्जा, तौं कोइले आइस् ?"

"पाँच दिन भो दाइ, तिमीहरू दुबै लोग्नेस्वास्नी लडि हाल्यौ, गाईबाखा भोकभोकै कराउन थाले; बिजोक हेर्न सकिनँ, दौडेर आएँ । तिम्रो जस्तो ढुङ्गाको मन म कहाँ पाऊँ !"

"पोलेको घाउमा नुन नाछार् कान्जा, मो आधाम हो, छेमा गर् ।"

धनजिते हिँडडुल गर्न लाग्यो । गुमानेलाई एक छिन छोड्दैन । वन, मेलापात जहाँ गए पनि दुई जना सँगै जान्छन् । आजकाल कसैले गुमानेको बदख्वाइँ गरेको सुन्यो भने धनजिते झगडा गर्न अगि सर्छ ।

(**नासो** कथा सङ्ग्रहबाट)

कथाकार परिचय

गुरु प्रसाद मैनाली (१९५७–२०२८) आधुनिक नेपाली कथाकार हुन् । उनको **नासो** कथा सङ्ग्रह प्रकाशित छ र यसमा एघार वटा कथाहरू सङ्कलित छन् । उनी समाजमा घट्न सक्ने घटनाहरूलाई टिपी कथाको सिर्जना गर्दछन् र समाजलाई आदर्शको बाटो पनि देखाउँछन् । उनका कथामा उनकै समयको नेपाली समाजको यथार्थलाई प्रस्तुत गरिएको छ र उनी समाजको यथार्थ चित्रणमा मात्र सन्तुष्ट नरही त्यसलाई नैतिक आदर्शतर्फ पनि डोऱ्याउँछन् । 'छिमेकी' कथामा त्यस्तै खालका नेपाली गाउँले छिमेकीका खटपटको यथार्थ र मेलजोलको आदर्शलाई घतलाग्दो रूपमा प्रस्तुत गरिएको छ ।

शब्दार्थ

१. **पाठ हेरी दिइएका शब्दको अर्थ लेख्नु होस् :**

कक्कड, टन्टलापुर, बुज्रुग, ठट, छाडा, ठट्टेउलो, लुँडो, तिरो, ब्याज, चम्को, ताँदो

२. **मिल्दो अर्थमा जोडा मिलाउनु होस् :**

घुम	गाईवस्तुलाई गाली गर्दा भनिने शब्द
अर्मल	काँधमा र घुँडामुनि लौरो हाली बाँधेर उठ्न बस्न नमिल्ने गरी दिइने दण्ड
तुजुक	बिरामी भएको आठ दिनमा मर्ने महामारी, म्यादी ज्वरो, टाइफाइड, विषमज्वर
निर्धो	जात्रा जस्तै मान्छेको भिडभाड
डाम्ना	थिचोमिचो गर्ने
मिचाहा	धन, बल आदिले कमजोर, निमुखो
तमासा	अनावश्यक फुर्ती, घमन्ड
आँठे	बाँसका चोया र रुख वा लहराका पातले बनाएको पानी पर्दा ओढ्ने साधन
गोर्खे लौरी	गाईवस्तुले खाएर नोक्सान पुऱ्याएको बालीको जरिमाना
ठट	जात्रा, मेला आदिमा देखाइने मनोरञ्जनात्मक कार्यक्रम

३. **पाठका वाक्य हेरी तलका शब्द तथा पदावलीको अर्थ बुझ्नु होस् र वाक्यमा प्रयोग गर्नु होस् :**

कन्सिरी तात्नु, इन्तु न चिन्तु हुनु, हात मिस्नु, उड्कनु, बरबराउनु, टट्टिनु, बदख्वाइँ गर्नु, छाक टार्नु, आत्मा बेच्नु

४. **'छिमेक' शब्दबाट 'छिमेकी' भए जस्तै तलका शब्दबाट बन्ने शब्द लेख्नु होस् र अर्थ पनि बुझ्नु होस् :**

बैगुन, मलाम, नोक्सान, सिरान, चौतारो

पठन बोध

तल दिइएका कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :

(क) पहिले त शत्रुको मुख के हेर्नु भनेर गुमानेले वास्ता राखेन परन्तु स्वास्नी समेत थला परेपछि गुमानेको चित्त रहन सकेन । उसले विचार गऱ्यो– "यस्तै दैव लाग्छ र पो छरछिमेकी खोज्नु परेको नत्र ओडारमा गएर बसे पनि त भो नि ! जहाँ पनि त बस्ने न हो । दिनदशा आपत् विपत् कसलाई पर्दैन ? बलको तुजुक थियो, मलाई सधैं यत्तिकै पुग्छ भनेर घमन्ड गर्थ्यो, परमेश्वरले घमन्ड तोडे । बैगुनीलाई गुनले मार्नु भन्छन्, एउटै गाउँमा बढेर यो उमेर भो, दाँतरी हो, यस्तो आपत्मा पनि देखेको नदेख्यै गरे पाप लाग्दैन ?"

प्रश्नहरू

(अ) यस प्रसङ्गभन्दा अगाडि गाउँमा के कस्तो समस्या आइ परेको थियो ?

(आ) गुमानेको चित्त किन फेरियो ?

(इ) छरछिमेकीको आवश्यकता किन पर्छ ?

(ई) धनजितेलाई के कुरामा घमन्ड थियो ?

(उ) 'बैगुनीलाई गुनले मार्नु' भनेको के हो ?

(ख) यस्तै हो, मैले पनि सहेर बसि दिएको भए किन झगडा हुन्थ्यो ? एउटै सिरान गरेर सुतेपछि कहिले काहीं गोडा लाग्छ नाइँ, झगडा भो भन्दैमा धर्म छोड्नु हुन्छ ? आफूले साँचो मनले उपकार गरेपछि उसको आत्माले पनि गर्न कर लाउँछ । अमृत रोपेको ठाउँमा विष फलेको कतै सुनेका छौ ? माटाको भर ढुङ्गो, ढुङ्गाको भर माटो, संसार भरैभरमा अडेको छ ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?
(आ) झगडाको कारण के देखिन्छ ?
(इ) झगडा भो भन्दैमा किन धर्म छाड्नु हुन्न ?
(ई) 'संसार भरैभरमा अडेको छ' भन्नुको तात्पर्य के हो ?
(उ) यस कथांशको मुख्य सार लेख्नु होस् ।

अभ्यास

१. **तलका प्रश्नको सङ्क्षिप्त उत्तर दिनु होस् :**
(क) धनजिते र गुमानेका बिचको झगडा बढ्नुको कारण के हो ?
(ख) धर्मानन्द कस्तो स्वभावको व्यक्ति हो र कथामा उसले कस्तो भूमिका खेलेको छ ?
(ग) गुमाने र धनजितेका बिचको झगडा कसरी टुङ्गियो ?

२. **'छिमेकी' कथा पढी तलका घटनाहरूलाई क्रम मिलाएर लेख्नु होस् :**
* धर्मानन्दले झगडा बढाउन गुमानेलाई उकास्नु,
* धनजितेको हेरचाहमा लागेको गुमानेलाई आशामरु साहुले बढी पैसाको लोभ देखाएर सहर पठाउन खोज्दा गुमानेले अस्वीकार गर्नु,
* सन्चो भएपछि धनजिते र गुमाने पहिले झैं घनिष्ठ छिमेकीका रूपमा रहनु,
* झगडापछि दुबैबिच बोलचाल बन्द हुनु,
* गुमाने र आशामरुबिचको कुराकानीले धनजितेको होस खुल्नु,
* धनजितेलाई गुमानेसँग गरेको व्यवहारप्रति पछुतो हुनु,
* गुमानेका गोरुले धनजितेको ब्याडमा पसेर बिउ खाइ दिएको निहुँमा गुमाने र धनजितेबिच झगडा पर्नु,
* धनजितेलाई व्यथाले सिकिस्त पारेपछि मात्र गुमाने धनजितेको हेरचाहमा खट्नु,
* गाउँमा आँठेको महामारी फैलिनु

३. **(क) 'छिमेकी' कथाका पात्रहरूका एक दुई विशेषता यहाँ दिइएको छ । कथा पढी यही आधारमा हरेक पात्रका अन्य विशेषताहरू लेख्नु होस् :**
(अ) धनजिते– बलियो, झगडालु
(आ) गुमाने– अर्काको उक्साहटमा लाग्ने, दयालु
(इ) धर्मानन्द– ठट्टेउलो स्वभाव, आफूलाई बुज्रुग ठान्ने
(ई) आशामरु– व्यापारी, पैसामुखी सोचाइ भएको

(ख) 'छिमेकी' कथा पढेर कथाको परिवेश सम्बन्धी तलका प्रश्नको उत्तर दिनु होस् :
(अ) 'छिमेकी' कथाका पात्रहरू रहेको स्थानगत र समयगत परिवेशको वर्णन गर्नु होस् ।
(आ) 'छिमेकी' कथाका पात्रहरूको सामाजिक, आर्थिक तथा जातीय परिवेशको सङ्क्षिप्त समीक्षा गर्नु होस् ।

(ग) 'छिमेकी' कथाले दिएको सन्देशसँग सम्बद्ध भएर तलका प्रश्नको उत्तर दिनु होस् :

(अ) छिमेकीको आवश्यकता र महत्त्वबारे 'छिमेकी' कथाले कस्तो सन्देश दिएको छ ?

(आ) 'छिमेकी भनेको जिउँदाको जन्ती र मर्दाको मलामी हो' यस भनाइलाई कथाका आधारमा पुष्टि गर्नु होस् ।

४. 'छिमेकी' कथामा गाउँले जीवनको कस्तो चित्रण गरिएको छ ? पाठक प्रतिक्रिया लेख्नु होस् ।

व्याकरण

नेपाली अक्षरको पहिचान

१. शब्दमा वर्णहरू हुन्छन् । शब्दमा भएका वर्णहरूबाट अक्षर बन्छ र अक्षरले शब्द बनेको हुन्छ । एउटा शब्दमा एक वा त्यसभन्दा बढी अक्षर पनि हुन्छन् । शब्द उच्चारण गरेर अक्षर पत्ता लगाउन सकिन्छ । अक्षरलाई सासको झोक्काका आधारमा चिन्न सकिन्छ । यसलाई उच्चारणको पटकका रूपमा पनि लिन सकिन्छ । 'चोर' शब्द एक पटकमा उच्चारण हुन्छ, 'सरकार' शब्द दुई पटकमा उच्चारण हुन्छ अनि 'टन्टलापुर' चार पटकमा उच्चारण हुन्छ । 'छिमेकी' कथामा प्रयोग भएका केही शब्द तल दिइएका छन् । ती शब्द उच्चारण गर्नु होस् । ती कति पटकमा उच्चारण हुन्छन्, ठम्याउनु होस् र उच्चारणको पटकका आधारमा अक्षर सङ्ख्या पत्ता लगाई तिनको बेग्लाबेग्लै सूची बनाउनु होस् :

ए, र, यी, या, यो, इस्, आठ, दोष, चोर, हात, ऋण, रुघा, नत्र, क्षमा, गोरु, कुरो, कुलो, नेवार, ढाकर, अमृत, खत्तम, धुमधाम, सरकार, सन्निपात, धनजिते, गुमाने, झगडा, अज्ञानी, घमन्ड, धर्मानन्द, आशामरु, टन्टलापुर, लोग्नेस्वास्नी, घचेटाघचेट ।

२. उपर्युक्त शब्दहरूलाई तल उदाहरणमा दिइए झैं उच्चार्य वर्णका सहयोगले लेख्नु होस् :

उदाहरण :

शब्द	उच्चारण	शब्द	उच्चारण
यी	यि	घर	घर्
एघार	एघार	ऋण	रिण्/न्
अमृत	अम्रित्	दह	दह
विशेष	बिसेस्	विद्या	बिद्द्या

३. तल दिइएका शब्दहरूलाई पहिले उच्चारण गर्नु होस् र उच्चारण अनुसार लेख्नु होस् :

ईशान, ऊर्जा, कीर्ति, पीयूष, ऐना, वैशाख, औपचारिक, कृपा, चौतारो, अंश, संसार, संज्ञा, अञ्चल, व्यञ्जन, दण्ड, ब्रह्माण्ड, विशेषज्ञ, पवित्रता, अक्षर, क्षयरोग, दक्ष, पक्षाघात ।

४. कतिपय शब्दमा संयुक्त (जोडिएका) व्यञ्जन हुन्छन् । तिनको द्वित्व उच्चारण हुन्छ । उदाहरणका लागि तलका शब्द र तिनको उच्चारण हेर्नु होस् :

शब्द	उच्चारण
कन्या	कन्न्या
सल्यान	सल्ल्यान्
चक्र	चक्क्र
बाक्लो	बाक्क्लो
सत्य	सत्त्य
राम्रो	राम्म्रो

५. **तलका शब्दको उच्चारण कस्तो हुन्छ ? लेख्नु होस् :**

अत्याचार, भव्यता, नित्यकर्म, औचित्य, अन्याय, अविश्वास, विश्वकोश, वाणिज्य, आग्लो, सप्रेको, चक्रव्यूह ।

६. **कतिपय शब्दमा संयुक्त व्यञ्जन उच्चारण गर्दा द्वित्व उच्चारण हुने पहिलो वर्ण परिवर्तन हुन्छ । तलका शब्दको उच्चारण हेर्नु होस् :**

शब्द	उच्चारण
व्याख्या	व्याक्ख्या
बाखो	बाक्खो
पछ्याउनु	पच्छ्याउनु
उपाख्यान	उपाक्ख्यान
मुठ्याायो	मुट्ठ्यायो
सिध्याउनु	सिद्ध्याउनु
माध्यमिक	माद्ध्यमिक्
तथ्याङ्क	तत्थ्याङ्क
बफ्याउनु	बप्फ्याउनु
लफ्याकलफ्याक	लप्फ्याकलप्फ्याक्
पाठ्य	पाट्ठ्य

७. **'य, व' सँग जोडिँदा केही शब्दका वर्णको द्वित्व उच्चारण भए पनि कतिपय त्यस्तै शब्दको द्वित्व उच्चारण हुँदैन । तलका शब्द र तिनको उच्चारण हेर्नु होस् :**

पल्याकपुलुक, भ्यातभ्यात, म्याउम्याउ, ल्याडफ्याड, कन्यायो, खन्याउनु, कच्याडकुरुड, भच्याड

यसरी कुनै शब्दको सहज उच्चारण गरेर मात्र त्यसको सही उच्चारण पत्ता लगाउनु पर्छ । शब्दको उच्चारण ठिकसँग गर्न जानेपछि मात्र अक्षरहरूको विभाजन गर्न सकिन्छ ।

८. **तलका शब्द उच्चारण गरेर अक्षर सङ्ख्या पत्ता लगाउनु होस् :**

ए, अँ, ऊ, इस्, आठ, म, को, घर, भात, स्याँ, स्याल, स्त्री, फ्ल्याट, कलकल, कमला, वातावरण, सामाजिकता, विकेन्द्रीकरण, पञ्चामृत, अविस्मरणीय

९. **उदाहरणमा दिइए झैं तलका शब्द उच्चारण गर्नु होस् र तिनको अक्षर संरचना तथा सङ्ख्या पनि देखाउनु होस् :**

उदाहरण

शब्द	उच्चारण	अक्षर संरचना	अक्षर सङ्ख्या
आँप	आँप्	/आँप्/	एक
संसार	सन्सार्	/सन्. सार्/	दुई
विशेषण	बिसेसण्	/बि. से. सण्/	तिन
आञ्चलिकता	आन्चलिक्ता	/आन्.च.लिक्.ता/	चार
ऊ	उ	/उ/	एक

आँत, कचौरा, डोको, छिमेक, छिमेकी, गणतन्त्र, वीरगन्ज, विश्वेश्वर, टोखा, झोला, विशेषण, बहिष्कार, आज्ञाकारी, खेलौना, माध्यमिक, ऊर्जा, न्यायपालिका, नगरपालिका, परमाधिपति, उत्तराधिकारी महान्यायाधिवक्ता ।

बोध

तलका अनुच्छेदहरू पढी अन्त्यमा सोधिएका प्रश्नको उत्तर दिनु होस् :

पानीमा फोहोर कसिङ्गर मिसियो भने प्रदूषित हुन्छ र हाम्रा लागि उपभोग गर्न उपयुक्त हुँदैन । पानी प्रदूषित हुनुमा धेरै कारणहरू हुन सक्छन् ।

हुन त सबभन्दा शुद्ध पानी वर्षाको मान्न सकिन्छ । जुन वेला बादल चिसिएर पानी बन्छ त्यस वेला पानी शुद्ध हुन्छ तर जब पानी आकाशबाट खस्न थाल्छ तब हावामा रहेका धुलाका कणहरू र ग्याँसहरूसँग सम्पर्कमा आएर पानी दूषित हुन थाल्छ । खास गरेर उद्योगहरूबाट धुवाँ धेरै फालिने ठाउँमा पानी धुवाँका कणहरूसँग मिसिएर तेजाब बन्छ र अम्लीय वर्षा हुन्छ । अम्लीय वर्षाको पानी निर्मल देखिन्छ तर यसमा माछा लगायत अन्य जीवहरू भने बाँच्न सक्दैनन् ।

अव्यवस्थित ढङ्गद्वारा ढल फाल्नाले पनि पानी प्रदूषित हुन्छ भन्ने कुराको उदाहरणका रूपमा काठमाडौँ वरपर बग्ने टुकुचा, विष्णुमती र बागमती खोलाहरूमा बगेको पानीमा नै देख्न सकिन्छ । ढल निकासले गर्दा प्रदूषित भएको पानीमा रोगका कीटाणुहरू व्यापक रूपमा फस्टाउने गर्दछन् । साथै त्यस्तो पानीमा क्षारहरू उम्रिए पनि पानीमा रहने माछा र अन्य जीवहरू नष्ट हुन्छन् ।

खेतबारीबाट बग्ने रासायनिक मल, कल कारखानाबाट बग्ने रासायनिक फोल एवम् सडक र बस बिसौनीहरूबाट बग्ने रासायनिक पदार्थहरू मिसिएको भलले पनि पानी प्रदूषित हुन्छ । रासायनिक पदार्थहरू मिसिएको पानी स्वास्थ्यका लागि हानिकारक हुन्छ । कल कारखानाबाट रासायनिक फोलहरू उपचार गरेर फाल्नु पर्दा खर्च लाग्न सक्छ तर त्यस्ता फोलहरूका कारणले पानी दूषित हुँदा त्यसबाट हुने सङ्कट आखिरमा मानिस आफैले भोग्नु पर्ने हुन्छ ।

कतिपय मिलहरूमा यन्त्रहरूलाई चिसो पार्न पानीको प्रयोग गरिन्छ । त्यसबाट निकासमा पठाइने पानी बाहिरको प्राकृतिक स्रोतबाट आएको पानीभन्दा अलि तातो हुन्छ । त्यसैले सामान्य तातो पानी खान र त्यस्तो पानीमा बस्न नसक्ने जीवाणु एवम् माछाहरू मर्न सक्छन् ।

पानीसँग सम्बन्धित अरू पनि समस्याहरू हुन सक्छन् । तीमध्ये खानेपानीको अभाव एउटा हो । पानीको परिमाण कम हुनु, भएको पानी दूषित हुनु र खेर जानु वास्तवमा समस्या नै हो ।

त्यसै गरी अर्को समस्या हो– बाढी । नदीमा पानीको बहाब धेरै हुन गई वरपरको घरखेतसम्म पानी बग्न सक्छ । यसको खास कारण हो– वर्षाको पानी जमिनभित्र रसाएर जानुभन्दा भलको रूपमा बग्नु । त्यसो हुनुको कारण जमिनमा हरियाली कम भई माटो सुक्खा र कडा हुनु हो ।

प्रश्नहरू

(क) अम्लीय वर्षा कसरी हुन्छ ?

(ख) रसायन मिसिएको फोलले मानिस कसरी सङ्कटमा पर्छन् ?

(ग) जमिन सुक्खा हुनुको कारण के हो ?

(घ) पानीसँग सम्बन्धित समस्याहरू के के हुन् ?

(ङ) 'अम्लीय', 'कीटाणु', 'रासायनिक' र 'जीव' शब्दको अर्थ लेख्नु होस् ।

•

पाठ : तिन

आइमाई साथी

✍ श्याम प्रसाद शर्मा

जोसँग हित्तचित्त मिल्छ त्यो साथी हो । जो हाम्रा सुख र दुखमा सधैँ साथ दिन्छ, त्यो पनि साथी हो । हाम्रो जीवनको यात्रामा वेला वेलामा खास खास किसिमका साथीहरू भेटिन्छन् र तिनीहरूसँग हामी घुलमिल हुन्छौँ, सुखदुख बाँड्छौँ र सपनाहरू आदान प्रदान गर्छौँ । हाम्रो सामाजिक बनोट र सांस्कृतिक सोचाइमा साथी चाहिन्छ भन्ने कुरामा कुनै सङ्कोच पाइन्न तर पुरुषको साथी नारी र नारीको साथी पुरुष हुने कुरालाई अनौठा आँखाले हेरिन्छ । पुरुषले महिलालाई साथी बनाउने कुरामा श्याम प्रसाद शर्माको दृष्टिकोण कस्तो छ र महिलालाई साथी बनाउँदा उनले के कस्तो अनुभव गर्नु पऱ्यो भन्ने कुरा थाहा पाउन 'आइमाई साथी' निबन्ध पढ्नु होस् ।

कहिल्यै निष्क्रिय भएर नबस्ने मानिसले मनले कस्ता कस्ता असम्भव कुराको त कल्पना गर्छ भने आफ्ना साथीहरू को को छन् भन्ने विचार उठ्नुमा कुनै अस्वाभाविकता थिएन । यही साधारण कुरा एक दिन मेरो मनमा पनि उब्जियो । मैले आफ्ना सबैजसो साथीहरूलाई सम्झि हेरेँ । सकेसम्म बल गरी सम्झँदा पनि आफ्ना आइमाई साथीहरूको सङ्ख्या सयकडा पाँचसम्म पनि पुग्न सकेन अर्थात् सय जना साथीमध्ये पन्चानब्बेभन्दा पनि बढी साथीहरू लोग्ने मानिस रहेछन् । म खुद लोग्ने मानिस भएकाले मेरा साथीहरूमध्ये धेरै लोग्ने मानिस नै हुनु अस्वाभाविक थिएन तर स्वास्नी मानिस साथीहरूको सङ्ख्या त्यस्तो बिघ्न कम देख्ता भने मलाई साऱ्है बेमज्जा लाग्यो । हुन त स्वास्नी मानिसलाई हेला गर्ने र पुरुषलाई प्रधानता दिने हाम्रो समाजमा जोसुकै लोग्ने मानिसको पनि स्वास्नीमान्छे साथीहरूको सङ्ख्या सारै कम हुन्छ तैपनि आफ्ना आइमाई साथीहरूको सङ्ख्या हुनसम्म थोरै देख्ता हाम्रो समाजभरिमा सबभन्दा थोरै जना आइमाई साथीहरू भएको लोग्ने मानिस म नै हुँ कि जस्तो मलाई लाग्यो ।

साहित्य र राजनीतितर्फ लागी सामाजिक क्षेत्रमा चलेको अलि वर्ष बिति सकेकाले आइमाई साथी यति बिघ्न थोरै देख्ता मेरो मनमा ऋन् ज्यास्ती बिऊयो किनभने नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनको सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनु पर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको ऋयालखानाभित्र थुनि रहन नदिई सामाजिक क्षेत्रमा समेत लम्कन हौस्याउनेहरू साहित्य, राजनीति आदितर्फ लागेका आधुनिक युवकहरू नै हुन् । यस किसिमको कामका निम्ति महिलाहरूको सम्पर्कमा रहने गर्नु र उनीहरूमध्ये सकेसम्म बढी जनालाई आफ्नो मित्र बनाउनु जरुरी छ । सारा स्वास्नी मानिसहरूका बिचमा साहित्य र राजनीति जस्ता विषयहरू घुसाउन धेरै उन्नति भइ सकेका मुलुकमा समेत स्वास्नी मानिस विशेषज्ञबाट जस्तो सजिलो लोग्ने मानिसहरूबाट हुँदैन भने महिला कार्यकर्ताहरूको ठुलो जमात खडा नपारेसम्म पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका मधेस, पर्वत र

उपत्यकामा फिँजिएका नेपालका साधारण नारीहरूमा जागृतिको लहर ल्याउन कसरी सकिएला ? अहिले पनि र भरे पनि समाजमा परिवर्तन तथा उन्नति ल्याउन खोज्ने साहित्य, शिक्षा, राजनीति आदि विभिन्न क्षेत्रका हामी लोग्ने मानिसहरूलाई देशको व्यापक नारी समूहमा पुग्न आफ्ना आइमाई साथीहरूको सहयोग नै विशेष महत्त्वपूर्ण देखिन्छ ।

आइमाई साथीको महत्त्व र तिनको आवश्यकताबारे मैले जे, जस्तो र जतिसुकै विश्लेषण गरे पनि मेरा आइमाई साथीहरू भने अल्पतम सङ्ख्यामा हुनु मेरो निम्ति कठोर यथार्थता थियो । त्यसैले मैले वार्ता विश्लेषण मात्र नगरि रहेर अथवा फिक्री लिनपट्टि नलागेर आइमाई साथी बढाउन थाल्ने निधो गरेँ । साथीको मेरो अभिप्राय हो– सकभर धेरै अंशमा अथवा धेरै अंशमा नभए पनि दुई थरीका कुरा र उमेर समेत मिल्दो हुनु तथा हिमचिम हुनु ।

मानिस वेला वेलामा अनेक किसिमका अठोटहरू गर्छ । तीमध्ये धेरैजसो अठोट परिस्थितिको प्रतिकूलता र साधनको अभावले गर्दा क्रियान्वित हुन पाउँदैनन् । व्यक्तिका कति चाहिँ नीच मार्ने बानी जस्ता आफ्नै दुर्बलताले गर्दा पनि त्यसै सेलाएर जान्छन् । आइमाई साथी बढाउने मेरो सङ्कल्पलाई परिस्थितिजन्य बाधाले छेके पनि यी बाधाको प्रभाव, उत्साह जस्ता भित्री प्रवृत्ति उपर समेत पर्ने भए पनि यस प्रयत्नमा भने उति शिथिलता आउन सकेन किनभने एक त यहाँ नारी पुरुषमा एक दोस्राप्रति हुने स्वाभाविक आकर्षण त्यसै पनि सहायक हुँ थियो; उसमाथि आफू उमेरदार पनि ।

तिनताक मेरो डेरा सहर नजिकैको गाउँमा थियो । आफ्नो कामका निम्ति मैले नित्य सहर जानु पर्थ्यो । मेरा छिमेकमा एक जना आइमाई मेरै उमेरकी थिइन् । उनी पनि किनमेल र आफ्ना इष्टमित्रसँग भेटघाट गर्न दिनहुँ भने जस्तो सहर जाने गर्थिन् । म भरखर त्यस गाउँमा बस्न गएकाले त्यहाँका सबैजसो मानिस मेरा निम्ति नौला थिए । यी आइमाई भने छिमेकी भएकी हुनाले कहिले काहीँ बोलचालसम्म हुन्थ्यो । एक दिन उनी सहर जाने वेला पारेर म पनि हिँडेँ । सधैँ एक्लै भनेजसो हिँड्नु पर्ने हामी दुबै थरीलाई त्यस दिन कुरा गर्दै सहर जान पाउँदा बाटो काटेको पत्तै भएन, मानौँ आँखा एकचोटि झिम्म होउन्जेलमै हामी गाउँबाट सहर पुगि हाल्यौँ । सहरबाट फर्कंदा प्रायः घाम डुब्ने वेला हुन्थ्यो र कहिले काहीँ त झमक्कै साँझ पनि परि हाल्थ्यो । घर आइ पुग्ने वेलामा अलिकता बाटो डरलाग्दो खालको थियो । सहर पुगेपछि केही असजिलो माने झैँ गरी भरे पनि सँगै फर्कन पाए हुन्थ्यो भन्ने कुरा उनले चुहाइन् । साँझमा हामी सँगै फर्क्यौँ पनि । फर्कंदा मैले अबदेखि सहर जाँदा आउँदा सकभर सँगै जाने आउने कुरा चलाएँ अनि त्यस्तै हुन थाल्यो । मैले एक जना आइमाई साथी छिटै बनाइ हालेँ ।

अलि दिनसम्म बाटो हिँड्दाका साथी अब हामी घरका पनि साथी भयौँ । उनी मकहाँ आउने गर्थिन् । म पनि उनीकहाँ जाने गर्थेँ । कहिले उनी मलाई डाकेर खाजा खुवाउँथिन् कहिले म उनीलाई बोलाएर खुवाउँथेँ । दुई घरमध्ये एउटामा कुनै नौलो तरकारी पाक्यो भने दुबै थरीका मुखमा पर्थ्यो । उनी घरको कामधन्दा सिद्धचाएपछि बुन्ने वा बुट्टा भर्ने काम लिएर हामीकहाँ आई बस्थिन् । म आफ्ना कथा, निबन्ध आदि रचना तयार भएमा उनलाई सुनाउँथेँ । यसरी हाम्रो हिमचिम बढि रहेको थियो ।

हाम्रो मित्रता समाजलाई रुचेन । मानिसहरूले प्रशस्त कुरा काट्न थाले । अरूले कुरा काटे भन्दैमा परस्परको मित्रता तोड्नु रूढिवादी विचारको अगिल्तिर घुँडा टेक्नु हुन जान्थ्यो । यहाँ समाजसँग टेक लिनु मात्र थिएन, असल कुरामा टेक लिनु पनि थियो तर यस मित्रताको रूप यसै गरी खुला राख्छौँ भनी अड्डी लिन पनि बुद्धिले मानेन किनभने हाम्रो विचार असल भईकन पनि हामी निर्धा थियौँ । संसारमा राम्रो विचार लिएर मात्रै पुग्दैन । राम्रो विचारको साथसाथै बलको पनि आवश्यकता पर्छ । रुख हुनुभन्दा अगिको बिरुवालाई जोगाएर राख्नु जरुरी भए जस्तै असल विचारमा लाग्नेहरूले पनि बल नपुगुन्जेल दबेर नबसी सुखै छैन । हामीले घरमा उस्तो नभेट्ने र बाहिर सँगै निस्कन पनि छाड्ने निधो गर्‍यौँ ।

बाहिर देख्ता हाम्रो मित्रता अगिको भन्दा निकै घटि सकेको थियो । त्यसैले कुरा काट्नेहरू पनि अलि मत्थर भएर गए तर हाम्रो मित्रता भने झन् झन् दृढ हुँदै गइ रहेको थियो । हामी दिनहुँ भने जस्तो अगिपछि पारेर गाउँबाट निकै पर पर पुग्थ्यौं र घण्टौंसम्म बात मारेर बस्थ्यौं । यसरी समाजको आँखा छली कुनै नारीसँग मितेरी बढाउँदै जानुमा मैले अनैतिकता देखिनँ । आफूले खुला रूपबाट मैत्री सम्बन्ध राख्न चाहँदाचाहँदै पनि समाज असहिष्णु भई त्यसलाई लुकाउन बाध्य पार्छ भने यसका निम्ति मितेरी बढाउन खोज्ने स्त्री पुरुष दोषी नभई मैत्री र सद्भावना जस्ता राम्रा कुरालाई हुर्कन नदिने समाज नै अपराधी हो भन्ने विचारमा म आज पनि दृढ छु तर परिस्थितिले पारेको त्यस्तो गोप्य किसिमको मैत्री अनैतिक नभए पनि जोखिमको कुरा त अवश्य नै हो । यसमा मुख्य दुई किसिमका जोखिम देखिन्छन्– एउटा त समय खेर जाला भन्ने अर्को चाहिँ एक दोस्रालाई राम्ररी चिन्न नपाउँदै उनीहरूका बिचमा जोईपोइको नाता जोरिन जाला भन्ने । अलि दिन समय खेर गइ सकेपछि हामीलाई यस कुराको चेत आयो । हुन त हाम्रा कुराको विषय कहिल्यै नराम्रो रहेन । अझ ज्यादाजसो कुरा वर्तमान समाजका दुर्गुणहरूका बारेमा नै हुन्थ्यो तर ती कुरा असल भए पनि र असल कुरालाई बर्सौंसम्म दोहोऱ्याइ रहे पनि कुराबाट मात्र त समाजका भनि नसक्नु दुर्गुणहरूमध्ये एउटासम्म पनि हराएर जाने होइन । त्यसैले हामीले कामलाई समेत मित्रताको आधार बनाउने अठोट गऱ्यौं ।

मैले त्यस गाउँका निकै जना ठिटाहरूलाई पनि पढाउन थालेको थिएँ तर ठिटीहरूलाई पढाउने काम भने बाँकी नै थियो । मैले आफ्नी साथीछेउ गाउँका ठिटीहरूलाई पनि पढाउन थाल्ने प्रस्ताव राखें । उनीहरूलाई चाहिँ आफूले पढाउने र उनीहरूबाट आफूले नेवारी भाषा सिक्ने कुरा पनि गरैं । यसरी काम लिएपछि हाम्रो समय खेर जान कम हुँदै आयो । अर्को जोखिमबाट जोगिन हामीले एक दुई जना अरू साथी पनि छिटै जोर्ने निधो गऱ्यौं । त्यसो भएको खण्डमा हामी दुई जनाले सधैं एकान्तमा भेट गर्नु पर्ने अवस्था रहँदैनथ्यो । यस निर्णयको अलि दिनपछि नै सहरतिरको काम बढेकाले भ्याउन नसक्ता मैले गाउँको डेरा छाड्नु पऱ्यो । त्यसको अलि दिनपछि मेरी साथीको बिहे भयो र उनी पनि टाढाको अर्कै गाउँमा घरजम गर्न पुगिन् । हाम्रो भेट नभएको अहिले धेरै समय बिति सक्यो तर उनीसितको मित्रता सम्झँदा मलाई निकै आनन्द लागेर आउँछ र त्यसले आइमाई साथी बनाउने कुरामा मलाई प्रेरणा दिने गर्छ ।

बाटो हिँड्दा, रेल मोटर चढ्दा र होटेल रेस्टुराँहरूमा खाँदा, बस्ता वा अरू अवसरमा कति यस्ता मानिसहरूसँग हाम्रो भेट तथा कुराकानी हुने गर्छ जोसँगको केही छिनको मित्रता पनि चिरस्मरणीय विषय भएर हाम्रो स्मृति पटलमा अङ्कित हुन पुग्छ । कति जनासँगको त्यस बेलाको मैत्रीपूर्ण कुराकानी पछिसम्म त सम्झि रहिन्न तर त्यस दिन वा छिनका निम्ति मात्र भने पनि त्यो सारै आनन्द दिने हुन्छ । त्यस किसिमको थोरै समयको मैत्री र सद्भावनापूर्ण कुराकानीले आनन्द लाग्ने मात्र होइन स्वदेश विदेशका घटनाहरू, राजनीति, विज्ञान, साहित्य, शिक्षा, धर्म आदि सांस्कृतिक विषय, दैनिक जीवनका अनेक समस्या तथा अनेक विषयमा हामीहरूका विभिन्न दृष्टिकोण समेत थाहा हुन्छ । यसबाट देशवासीहरूको बौद्धिक तहका साथै देशले कुन किसिमको कोल्टे फेर्न आँटि रहेछ भन्ने बुझ्न पनि धेरै मद्दत गरेको छ तर हाम्रा नागरिक स्त्री पुरुषमध्ये दुबै थरीलाई एक दोस्राको सम्पर्कमा आउन असजिलो वातावरण भएकाले माथि लेखे जस्तो आनन्द र ज्ञानबाट हामी पचास प्रतिशतभन्दा कम मात्रामा वञ्चित छैनौं ।

समुद्रपारिका नारीहरूलाई साथी बनाउन बरु सजिलो होला तर आफ्नो देश, आफ्नो सहर र गाउँका, आफ्नो टोल र छिमेकका आइमाईलाई साथी बनाउन हामीलाई धेरै गाह्रो पर्छ तर गाह्रो भन्दैमा राम्रो कामबाट पन्छिनु उचित कुरा होइन । त्यसैले आइमाई साथी बनाउन सकिने किसिमको अवसर पर्दा म प्रायः पछि सर्ने गर्दिनँ ।

एक दिन मध्याह्नमा टुँडिखेलमा हिँडि रहेको बेलामा संयोगवश एक जना युवतीसँग भेट भयो । उनी पनि म जान लागेतिरै गइ रहेकी थिइन् । उनीलाई मैले चिनेको थिइनँ । केही मिनेटसम्म सँगसँगै हिँडि सकेपछि र उनले

मलाई अनेक पल्ट हेरि सकेपछि पनि हामीमा बोलचाल हुन सकेन । कहिले त मेरो मनमा लाग्यो सँगसँगै हिँड्न आइ पुगेकाले यिनले नराम्रो मानिन् कि ? यिनलाई उछिनेर अगि अगि जानु पऱ्यो । कि अलि पछि नै हिँड्न छाडेर किन त्यस्तो कृत्रिम गति छिकि रहूँ ? बाटो हिँड्दा सँगै परियो भन्दैमा उनी नराम्रो मान्छिन् भने मेरो के बिराम ? फेरि उनीले त्यस्तो नराम्रो मानेकी नै छैनन् कि ?

उनलाई अगि अगि पार्ने विचार अस्वाभाविक लागेर आफ्नो मतापमा उनी सँगसँगै हिँडि रहेपछि परस्परमा बोलचाल नगर्नु पनि मलाई अस्वाभाविक नै लाग्यो । मानिस भएर पनि र मनमा बोल्ने इच्छा भएर पनि रबरका पुतलीहरू झैं त्यसरी चुप लागेर हिँडि रहँदा मलाई साऱ्है उकुसमुकुस भएर आयो । त्यसरी बाटामा सँगसँगै हुन आइ पुगेको मानिस पुरुष भएको भए एक छिनमै उनीसँग मेरा कति कुराकानी भइ सक्ने थिए । तर बाटाकी ती साथी नारी हुँदा एक वचन बोल्न पनि धकाउनु पर्ने अवस्थाका निम्ति मलाई आफ्नो समाजसँग औंधी रिस उठ्यो । तर समाजका चित्त नबुझ्दा कुराहरूसँग कुपित भएर मात्र त स्वस्थ संस्कृतिको सिर्जना र विकास हुन सक्ने होइन । समाजको नव निर्माण गर्न चाहने युवक युवतीहरूले त मैत्री र सद्भावनायुक्त हुनाका साथै आँटी हुनु पनि साऱ्है जरुरी छ । त्यस कारण मैले जे परी परी भन्ने इदमित्थम्मा पुगेर सोधें– "होइन, तपाईं कहाँसम्म जानु हुने ?" उनीले सहजै जबाफ दिइन्– "रेडियो स्टेसन ।" "तपाईं नि ?" "म पुतली सडकतिर जान लागेको ।" त्यसपछि सिंह दरबारको ढोकासम्म हामी बात मार्दै गयौं । मेरा तर्क वितर्क सबै हराएर गए; मन नै हलौं भयो ।

बाटाका यस्ता एकछिने साथी सम्बन्धी मेरो अनुभवका अरू पक्ष पनि छन् । एकपल्ट बर्खा याममा म कुनै फाँटमा हिँडि रहेको थिएँ । साँझ पर्ने वेला भएको थियो र गाउँमा पुग्न पन्ध्र बिस मिनेट अझै लम्कनु पर्थ्यो । एक्कासि बादल चुहिन थाल्यो र रुझाउने खालकै पानी पऱ्यो । मैले छाता उघारें तर मभन्दा आठ दश पाइला अगि हिँडि रहेकी तरुनीसँग भने छाता वा घुम ओढ्ने केही थिएनन् । गाउँ नपुगी त्यस फाँटमा ओत लाग्ने ठाउँ पनि कहीं थिएन । यहाँनिर आइमाई साथी बनाउने रहरको मात्र कुरा नभएर मानवताकै प्रश्न थियो । सँगसँगै हिँडि रहेका दुई जना बटुवामध्ये एउटाको छातामुनि ओत लाग्ने ठाउँ बाँकी हुँदाहुँदै पनि अर्को चाहिँ बटुवा रुझि रहेको थियो । आगलागी, बाढी वा भुइँचालो जस्ता आपत्तिमा परेका मानिसको रक्षा गर्न सोधि रहनु नपरे झैं रुझि रहेकी ती आइमाईलाई छाता ओढाउन म अलि लम्कें तर उनीनिर पुगेपछि मैले झट्ट छाता ओढाइ नहालेर शिष्टतापूर्वक निम्तो गरें– "छाता हुँदाहुँदै किन रुझ्नु हुन्छ ? आउनु होस् !" तर यसपल्ट मलाई रेडियो गायिकाले दिए झैं सोझो जबाफ मिलेन । "चाहिँदैन हामीलाई कसैको छातासाता !" भन्दै ती तरुनीले रिस, शङ्का, डर इत्यादि भावहरू मिसिएको जस्तो अनुहार लाइन् तैपनि मैले दोहोऱ्याएर आग्रह गर्न बाँकी राखिनँ– "गाऱ्हो वा नराम्रो मान्नु पर्दैन । बरु गाउँ पस्ने वेलामा छुट्टिनु होला । अहिले यसरी नभिज्नोस्; आउनोस् !" कुनै जबाफ नदिई युवती झन् तर्किन थालिन् अनि मैले पनि आफूलाई पछि पार्नु नै उचित ठानें ।

त्यही फाँटमा केही दिनअगि त्यस्तै झरीको साँझ एक जना तन्नेरीलाई पनि छाता ओढाएको थिएँ । उनी मेरै गाउँ नजिकको अर्को गाउँमा बस्ने सिपाही रहेछन् र त्यस साँझ एक जना मन्त्रीज्यूको ढोकामा आफ्नो ड्युटी सिद्धाएर फर्केका रहेछन् । मैले उनलाई उनको दैलोसम्म पुऱ्याइ दिएको थिएँ र यस चिनारीले हामीलाई पछि पनि एक दोस्राको साथी तुल्याएको थियो ।

यी दुई तुलनात्मक घटनाको सम्झना हुनासाथ मेरो मनमा स्त्री पुरुषको सम्बन्धबारे अनेक किसिमका प्रश्नहरू उठ्छन् । जस्तै– छाता ओढाउन खोज्नु मेरै दोष हो अथवा त्यस वेला छाता ओढ्नुबाट दप्कनु ती ठिटीकै दुर्बलता हो ? म दोषी भए कति, कुन कारणले दोषी हुँ र ठिटीकै कमजोरी हो भने उनमा किन त्यस्तो कमजोरी

आयो ? पुरुषको त्यस्तो निम्तोलाई स्वच्छ हृदयले स्वीकार गर्ने कैय्यन् नारीहरूले धोका खाएका छैनन् र ? के त्यसरी धोका दिनेहरू पनि समाजमा छैनन् ? यसरी स्त्री पुरुष दुबै थरीमा धोका दिनेहरू छन् भने किन त ? यीमध्ये एक थरीले बढी धोका दिने गरेका छन् भने त्यसो पनि किन ? के सधैं यस्तै रहि रहनु उचित छ ? यस्तो रहि रहनु राम्रो होइन भने यो स्थितिलाई कसरी सपार्ने ? के आइमाई र लोग्ने मानिस एक दोस्राबाट सकेसम्म टाढा राख्ने गर्नु नै सुधारको राम्रो उपाय हो ? त्यसै हो भने समाज किन सच्चरित्र र निष्ठावान् बन्न सकेन ? किन यहाँ पारस्परिक अविश्वास र दुर्भावना ? किन आत्मबलको अभाव ? यस्ता प्रश्न अनगन्ती छन् ।

स्वास्नीमान्छेलाई लोग्नेमान्छे र लोग्नेमान्छेलाई स्वास्नीमान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठुलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौं । हामी न्यायको माहात्म्य गाउँछौं तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौं । हामी विश्व बन्धुत्व र देशभक्तिको बयान गर्छौं तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरेर हिँड्छौं । हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौं तर आफै साम्प्रदायिक भावना अनुसार चल्छौं; आफै स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौं । हाम्रा सबैजसो सिद्धान्त र व्यवहारमा यस्तै ठुला ठुला विरोधाभासहरू देखिन्छन् । म अरु एक दुई उदाहरण तेर्स्याउन चाहन्छु ।

अचेल म काठमाडौं सहरका सडक, गल्लीहरूमा हिँड्दा कहिले काहीं केही त्यस्ता स्वास्नीमान्छेलाई पनि देख्छु जसले मलाई लेखकका रूपमा चिनेका छन् र मप्रति तिनीहरूको कुनै किसिमको नराम्रो भावना छैन । तीमध्ये कति जनाको मलाई नाउँ पनि थाहा छ र कति जनालाई म अनुहारबाट मात्रै चिन्दछु । ती सबैप्रति हृदयमा पनि सद्भावना छ तथा म तिनीहरूसँग मैत्री सम्बन्ध राख्न चाहन्छु । कुनै समय तिनीहरूसँग मेरो दोहोरो कुराकानी पनि भएथ्यो । तर अहिले बाटामा भेटिँदा हामी एक दोस्रा थरीसँग बोल्दैनौं, दुबै थरीका अनुहारबाट एक दोस्रालाई चिनेको भाव झल्कि रहन्छ तापनि हामी नचिनेको मानिस अथवा चिनजान बिर्सि सकेका मानिस झैं गरी हिँड्छौं । यिनीहरूमध्ये धेरै जनालाई मैले काठमाडौंका हाई स्कुलहरूमा साहित्य सम्बन्धी प्रवचन दिन गएका वेलामा चिनेको हुँ । यीमध्ये एक जना छात्राले म त्यस वेला मधेसबाट आएको हुनाले मधेसका आइमाईहरूको अवस्था सोधेकी थिइन्, अर्कीले तराईमा स्त्री शिक्षाको कत्तिको प्रचार छ भन्ने प्रश्न गरेकी थिइन्, अर्की चाहिंले साहित्य सम्बन्धी एक दुई प्रश्न सोधेकी थिइन् र अर्कीले मेरो भ्रमणका सम्बन्धमा चाख देखाएकी थिइन् ।

हाई स्कुलका यी छात्राहरू अहिले कलेजमा पुगेकाले मेरो मनमा यिनीहरूप्रति स्याबासी जनाउने विचार छ र दुई अढाई वर्षअगि नै देशका विभिन्न भागमा आइमाईहरूको शैक्षिक अवस्था जान्न खोज्ने यी छात्राहरू अचेल के कस्तो विचार गर्दा हुन् ? उनीहरूसँग कुरा गरेर बुझ्न मलाई मन लाग्छ तर लोग्ने मानिस र आइमाईका बिचमा रहेको कालो पर्खालले हामीलाई परस्परमा बोलचाल गर्न र पुरानो सम्झना दोहोऱ्याउन ठुलो बाधा ठड्याइ दिएको छ । यस्तो देख्दा मलाई स्कुल र कलेजभित्र पसी सारा पुस्तकहरू च्यातचुत पारी मिल्काउन मन लाग्छ । समानता र सद्भावनाका कुरा भएका हामी सबै दाजुभाइ दिदी बहिनी हौं, परस्परमा एक दोस्राप्रति सहृदयता तथा सद्भावना हुनु पर्छ भन्ने आशयका राम्रा राम्रा शिक्षा भएका ती सारा पुस्तक पुस्तिकाहरूलाई टुँडिखेलको माझमा थुपारी दुई चार टङ्की मट्टीतेल वा प्याट्रोल खन्याई तिनमा आगो सल्काइ दिन मन लाग्छ र तिनको सट्टा त्यस्ता नयाँ पाठ्य पुस्तकहरू तयार पार्ने भावना उम्लेर आउँछ जुन पाठ्य पुस्तकमा प्रचलित व्यवहार र धारणा अनुसारकै कुरा रहुन्, जसबाट प्रचलित जीवनमा काम नलाग्ने शिक्षा प्राप्त गर्नामा हाम्रा विद्यार्थीहरूले समय खेर फाल्न नपरोस् अर्थात् तिनमा 'प्रत्येक स्त्री वेश्या र प्रत्येक पुरुष फुँडो हो, कसैले कसैप्रति सद्भावना राख्ने गर्नु हुन्न, चिनेका नरनारी

भेटिँदा दुई शब्द बोल्नु, नमस्ते वा यस्तै अन्य सङ्केतबाट परस्परमा स्वागत गर्नु अथवा मुस्कुराएर हामीले एक दोस्रालाई बिर्सेका छैनौँ भन्ने सद्भावना देखाउनु जस्ता काम व्यभिचार हुन्; प्रत्येक स्त्रीले पुरुषलाई देख्ता र पुरुषले स्त्रीलाई देख्ता अपराधीले झैँ भुइँमा आँखा जोत्ने वा मुन्टो बटारेर हिँड्ने गर्नु पर्छ; मनुष्यत्व भनेकै यही हो, यस्तै सभ्यता र संस्कृतिबाट नै नेपालको विकास हुन सक्ने छ' भन्ने खालका कुराहरू रहुन् ।

यो त चिनेका दुई चार जना छात्राहरूले नचिने झैँ गरी हिँड्दा वा हिँडिनु पर्दा ममा आउने भावना भयो । तर मेरो यस्तो भावना त्यस वेला पराकाष्ठामा पुग्छ जब म साहित्यिक, राजनीतिक र सामाजिक विभिन्न क्षेत्रमा काम गरि रहेका आफ्ना केही प्रगतिशील साथीहरूको एक दुई व्यवहार सम्झन्छु । ती आइमाई र लोग्ने मानिसका निम्ति समानताको मात्र कुरा नगरेर नेपाल जस्तो मुलुकमा विकासका निम्ति पुरुषले भन्दा कम मौका पाइ आएका नारीहरूलाई अगि बढाउन विशेष प्रोत्साहन दिने गर्नु पर्छ पनि भन्छन् । उन्नत देशहरूमा आइमाईको कति राम्रो अवस्था छ भन्ने विषयमा ती कुरैपिच्छे भने झैँ अरूलाई व्याख्यान दिन सक्छन्, यस विषयमा घण्टौँसम्म भाषण गर्न सक्छन् तथा लेख र पुस्तक पुस्तिका लेख्न सक्छन् । तर उनीहरूका घरमा धेरै पल्ट पुगियो; उनीहरूले कहिल्यै यी मेरी श्रीमती, यहाँ मेरी दिदी वा यी मेरी बहिनी हुन् भनेर चिनारी गराएनन् । आफूलाई भेट्न आउने साथीलाई घरका अरू जहानसँग पनि चिनारी गराउन बिर्सनु हुन्न भन्ने खालको कुनै नियम भएको भए यी साथीहरूलाई सो कुराको सम्झना गराउँदो हुँ तर यहाँ नियम कानुनको कुरा नभएर विचार र भावनाको कुरा थियो । त्यसैले यसबारे केही नबोलेरै म फर्केको छु ।

हुन त ती साथीहरूले स्वास्नीले आफ्ना साथीहरूसँग लोग्नेलाई चिनजान गराउन नथालुन्जेल लोग्नेले मात्र आफ्ना साथीहरूसँग स्वास्नीको किन परिचय गराउने भन्ने समान दृष्टिकोण लिएको पनि हुन सक्छ । यस्ता घरायसी कुरालाई छाडि दिऊँ भने उनीहरूमध्ये धेरैजसोले आफ्नी श्रीमतीलाई पुस्तकालय, मैत्री सङ्घ र अरू सामाजिक वा राजनीतिक संस्थाहरूको सदस्य बनाउने गरेको पनि देखिन्न । अनि स्वास्नी मानिसले लोग्ने मानिस र लोग्ने मानिसले स्वास्नी मानिस साथी बनाउने अवसर कसरी परि रहने गर्नु ? आफ्ना त्यस्ता साथीहरूकहाँ गएपिच्छे मलाई एउटा पण्डितको कथा सम्झना नभई छाड्दैन जो आफ्नी दुलहीलाई कोठामा थुनी, ताल्चा मारी, साँचो जनैमा झुन्ड्याएर सभामा नारी स्वतन्त्रताको महत्त्व एवम् आवश्यकताबारे व्याख्यान दिन जाने गर्थे ।

काठमाडौँमा पत्र मैत्री सङ्घ पनि छन् तर तिनका नियम मलाई थाहा छैन । म के भन्न सक्तिनँ भने यी सङ्घद्वारा विदेशमा मात्र साथी बनाउन पाइने हो अथवा स्वदेशमा पनि र आइमाईले आइमाई नै र लोग्ने मान्छेले लोग्ने मान्छे नै साथी बनाउन सक्ने हुन् अथवा जसले जोसुकैलाई साथी बनाऊँ भने पनि पाइने हो । यसका केही नियम त्रुटिपूर्ण होउन् तापनि संसारका सबैजसो सभ्य मुलुकमा प्रशस्त सङ्ख्यामा भएको पत्र मैत्री सङ्घ जस्तो राम्रो माध्यम हाम्रो देशमा पनि हुनु हर्षकै कुरा हो ।

पत्र मैत्री सङ्घको कुरा आउँदा आफूले चिठीबाट मितेरी गर्न खोजेका कुराहरू पनि सम्झन्छु ।

एकपल्ट मधेसतिर एक जना सज्जनकहाँ साता दश दिन बस्ने काम परेको थियो । त्यस वेला उनको घरका बुढाबुढीदेखि लिएर केटाकेटीसम्म सबैजसो स्त्री पुरुषसँग मेरो राम्रो सम्पर्क हुन पायो । ती सज्जनका एउटा छोरा र एउटी छोरी उमेरदार थिए । दुबैले हुलाक टिकटहरू सङ्ग्रह गर्न थालेका रहेछन् । तिनताका मैले पनि टिकट सङ्ग्रहमा चाख दिएको थिएँ । दुबै थरीले एक दोस्रालाई टिकट सङ्ग्रह बढाउनमा सघाउने र चिठी लेख्ने टुङ्गो हामीले लायौँ । घर फर्केपछि मैले उनीहरूलाई महिनाको एक दुई चिठी र चिठीका साथै केही टिकटहरू पनि पठाउन थालेँ । मलाई पनि दुबै साथी चिठी लेख्थे तर आइमाई साथीको चिठीमा चाहिँ प्रायः मेरो चिठी पाइनँ भन्ने

गुनासो हुन्थ्यो । पछि थाहा भयो, उनको चिठी पिताजीका हातमा मात्र दिइँदो रहेछ तर प्रगतिशील भनी कहलिएकाले छोरीलाई चिठी लेख्नबाट रोक्न पनि सक्ता रहेनछन् ।

यसरी मैले आइमाई साथी बनाउने प्रयत्नमा अरू पनि निकै जनासँग चिठीचपेटा गर्न खोजें । त्यसै वेला थाहा भयो, हाम्रा पत्रिकाहरूमा रचना प्रकाशित गर्ने कतिपय लेखिका र कवयित्री वास्तवमा पुरुष नै हुँदा रहेछन् । यस्ता तितामिठा सबै अनुभवहरूलाई यहाँ कोरि रहेर साध्य छैन तर एउटासम्म त अर्को कुरा पनि लेखि हालूँ । त्यो के भने यसै गरी आइमाई साथी बनाउने क्रममा नै एक जनासँग मेरो प्रेम र बिहे पनि भयो । मैले घडी, दिन, महिना र वर्षका निम्ति मात्र होइन जीवन साथीका रूपमा नै आइमाई पाएँ तर बिहे हुनासाथ हामीमा जोईपोइको साइनो पनि लागि हाल्यो । त्यसैले आइमाई साथी मात्र नभएर पत्नी, बहिनी, दिदी, भाउजू, बुहारी, काकी, भान्जी, फुपू, सानीमा, भतिजी इत्यादि समेत हुन् । मेरो विचार छ– यस्तो कुनै नाता नपर्ने केही आइमाई साथी पनि प्रत्येक पुरुषको हुनु पर्दछ जसरी कुनै साइनो नलागेका प्रशस्त पुरुषहरू हाम्रा साथी छन् ।

(**तँ, तिमी, तपाईं, हजुर**बाट)

निबन्धकार परिचय

श्याम प्रसाद शर्मा (वि. सं. १९८६) नेपालका प्रगतिवादी साहित्यकार हुन् । उनले **तँ, तिमी, तपाईं, हजुर; लेखक कसरी बन्ने ?; थुनुवाको डायरी; बहिनीलाई चिठी** लगायत प्रशस्त कृतिको रचना गरेका छन् । उनको लेखनमा समाजका विसङ्गति र विकृतिमाथि प्रहार गरिएको पाइन्छ । उनी मुख्यत: निबन्धकार हुन् भने उनले केही कविता पनि लेखेका छन् । समाजलाई नयाँ र गतिशील बाटोमा डोऱ्याउन लेखिएका उनका निबन्धमा प्रगति, न्याय र समताको अभिव्यक्ति पाइन्छ । उनले नेपाली प्रगतिवादी निबन्धको खास बान्की निर्माण गर्दै यस विधामा महत्त्वपूर्ण योगदान दिएका छन् ।

शब्दार्थ

१. **बायाँतर्फका शब्दलाई दायाँतर्फका विपरीतार्थक शब्दसँग जोडा मिलाउनु होस् :**

शब्द	अर्थ
निष्क्रिय	मरण
प्रतिकूलता	सहिष्णु
स्वाभाविक	महिला
असम्भव	असामाजिक
आँटी	पुरातन
प्रधान	सक्रिय
आधुनिक	कायर
सामाजिक	सम्भव
पुरुष	अस्वाभाविक
असहिष्णु	अनुकूलता
जीवन	सहायक

२. **पढ्नु होस् र अर्थ बोध गर्नु होस् :**

विशेषज्ञ– भाषा विशेषज्ञ, आँखा विशेषज्ञ, हृदय रोग विशेषज्ञ
विश्लेषण– घटनाको विश्लेषण, कथाको विश्लेषण, परिस्थितिको विश्लेषण
अभिप्राय– कविताको अभिप्राय, उखानको अभिप्राय, मेरो भनाइको अभिप्राय
रूढिवादी– रूढिवादी सोचाइ, रूढिवादी समाज, रूढिवादी व्यवहार, रूढिवादी विचार
साम्प्रदायिक– साम्प्रदायिक भावना, साम्प्रदायिक व्यवहार, साम्प्रदायिक सोचाइ
चिरस्मरणीय– चिरस्मरणीय घटना, चिरस्मरणीय यात्रा, चिरस्मरणीय भेटघाट
आकर्षण– सङ्गीतको आकर्षण, चुम्बकको आकर्षण, रूपको आकर्षण
सांस्कृतिक– सांस्कृतिक कार्यक्रम, सांस्कृतिक महत्त्व, सांस्कृतिक पहिरन
सामुदायिक– सामुदायिक विद्यालय, सामुदायिक वन, सामुदायिक भवन

३. **तलका शब्दको अर्थ बोध गर्नु होस् :**

तर्क वितर्क = तर्क गर्ने काम, छलफल
आत्मबल = आफूमा रहेको भित्री बल, मनोबल
विरोधाभास = बेमेलको अनुभूति, अमिल्दोपनको छनक
सदाशयता = राम्रो होस् भन्ने सोचाइ
स्मृति पटल = सम्झनाको तह
मताप = एकनासको गति
कुपित = रिसाएको
इदमित्थम् = यसै गर्ने भन्ने निश्चय, अठोट
व्यभिचार = अनुचित काम भएतिर लाग्ने प्रवृत्ति, अनाचार, दुराचार
पराकाष्ठा = अन्तिम सीमा, आखिरी हद
प्रवृत्ति = चाल चलन, आनीबानी
क्रियान्वित = कार्यान्वयन गरिएको
परिस्थितिजन्य = परिस्थितिले सिर्जना गरेको
सङ्कल्प = अठोट

४. **निम्न लिखित टुक्काको अर्थ बुझी वाक्यमा प्रयोग गर्नु होस् :**

जागृतिको लहर ल्याउनु
असजिलो मान्नु
कुरा काट्नु
आँखा छल्नु
सिद्धान्तलाई पूजा गर्नु
स्वच्छ हृदयले स्विकार्नु
हिमचिम हुनु
घुँडा टेक्नु
मितेरी बढाउनु
घरजम गर्नु
धोका दिनु
न्यायको माहात्म्य गाउनु

पठन बोध

१. **तलका निबन्धांशहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :**

क) स्वास्नीमान्छेलाई लोग्नेमान्छे र लोग्नेमान्छेलाई स्वास्नीमान्छे साथी बनाउन अप्ठ्यारो पार्ने एउटा ठुलो कारण सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानी पनि हो अर्थात् हामी सिद्धान्तलाई व्यावहारिक रूप दिने प्रयत्न गर्नुको सट्टा त्यसको खालि गुन गाएर हिँड्छौं । हामी न्यायको माहात्म्य गाउँछौं तर स्वयम् अन्याय गर्नबाट पछि सर्दैनौं । हामी विश्व बन्धुत्व र देशभक्तिको बयान गर्छौं तर खुद मानवताको विपरीत र देश भाँड्ने काम गरेर हिँड्छौं । हामी साम्प्रदायिकताको निन्दा गर्छौं, आर्थिक समानता र स्त्री पुरुषको समानताको ओड लिन्छौं तर आफै साम्प्रदायिक भावना अनुसार चल्छौं, आफै स्त्री पुरुषको समानता र आर्थिक समानताको उल्टो हिँड्छौं । हाम्रा सबैजसो सिद्धान्त र व्यवहारमा यस्तै ठुला ठुला विरोधाभासहरू देखिन्छन् ।

प्रश्नहरू

(अ) सिद्धान्तलाई पूजा गर्ने हाम्रो बानीले के कुरामा अप्ठ्यारो पर्छ ?

(आ) न्याय सम्बन्धी हाम्रो दृष्टिकोण र व्यवहार कस्तो छ ?

(इ) हामीले दिने देशभक्तिको नारा र देशप्रतिको हाम्रो काममा के कस्तो भिन्नता छ ?

(ई) स्त्री र पुरुषबिचको समानताका सम्बन्धमा हाम्रा भनाइ र गराइमा के कस्तो बेमेल देखिन्छ ?

(उ) यस निबन्धांशले स्त्री र पुरुषबिच कस्तो सम्बन्धको अपेक्षा गरेको छ ?

ख) नारीलाई नरकको मूल ढोका नठान्ने र जीवनका सबैजसो क्षेत्रमा स्त्री पुरुषको बराबर हक हुनु पर्छ भन्ने एवम् पछौटे देशका आइमाईलाई घर नाउँको ज्यालखानाभित्र डुबि रहन नदिई सामाजिक क्षेत्रमा समेत हौस्याउनेहरू साहित्य तथा राजनीति आदितर्फ लागेका आधुनिक युवाहरू नै हुन् ।

प्रश्नहरू

(अ) 'नारीलाई नरकको मूल ढोका नठान्ने' भन्नुको तात्पर्य के हो ?

(आ) आधुनिक युवाहरूमा स्त्री पुरुषका विषयमा कस्तो दृष्टिकोण रहेको छ ?

(इ) माथिको सन्दर्भबाट नेपाली समाजको कस्तो तस्बिर प्रस्तुत भएको छ ?

(ई) लेखकको नारी सम्बन्धी मान्यता कस्तो रहेको छ ?

(उ) यो निबन्धांश कुन सन्दर्भमा आएको हो ?

२. **समीक्षात्मक उत्तर लेख्नु होस् :**

(क) आइमाई साथी वा पुरुष साथीका विषयमा तपाईंको के धारणा छ ? प्रतिक्रिया लेख्नु होस् ।

(ख) 'आइमाई साथी' निबन्धमा निबन्धकारको कस्तो दृष्टिकोण प्रस्तुत भएको छ ?

(ग) 'आइमाई साथी' निबन्ध लेखिएको पाँच दशकभन्दा बढी भइ सकेको छ । त्यस बेला र यस बेलाको नेपाली समाजमा परिवर्तन आएको छ । त्यस समयको तुलनामा अहिले आएका परिवर्तनहरू के के हुन्, प्रतिक्रिया लेख्नु होस् ।

शब्दकोशको प्रयोग

१. **शब्दकोशको प्रयोग किन गर्ने ?**

(क) शब्दको अर्थ हेर्न तथा अर्थको विविधता पत्ता लगाउन

(ख) नाम, सर्वनाम आदि पदवर्ग पत्ता लगाउन

(ग) शब्दस्रोत (तत्सम, तद्भव र आगन्तुक) पहिल्याउन
(घ) वर्ण विन्यास सम्बन्धी जानकारी लिन
(ङ) शब्दलाई वाक्यमा प्रयोग गर्न
(च) शब्दको सही उच्चारण गर्न
(छ) शब्दको निर्माण प्रक्रिया पहिचान गर्न ।

२. **शब्दकोशको प्रयोग कसरी गर्ने ?**

शब्दकोशमा वर्णानुक्रम अनुसार शब्द राखिने हुनाले सोही अनुसार शब्द खोज्ने । शब्दकोशको वर्णानुक्रम यस्तो हुन्छ :

(क) अँ अं अः अ आ इ ई उ ऊ ऋ ए ऐ ओ औ
(ख) क (क्ष) ख ग घ ङ च छ ज (ज्ञ) झ ञ ट ठ ड ढ ण त (त्र) थ द ध न प फ ब भ म य र ल व श ष स ह ।
(ग) का कि आदि (ा ि ी ु ू े ै ो ौ) मात्रा लागेका वर्ण ।

३. **विशेष ध्यान दिनु पर्ने केही कुराहरू**

(क) **ऋ कृ खृ** जस्ता मात्राक्रमलाई स्वरवर्णकै क्रममा ('ऊ' र 'ए' का बिचमा) मा खोज्ने,
(ख) **अँ कँ** जस्ता अनुनासिक लागेका शब्द अनुनासिक मात्रा नलागेका यस्ता वर्णभन्दा अगि खोज्ने,
(ग) **अं कं** जस्ता शिरविन्दुबाट सुरु हुने शब्दलाई शिरविन्दु नलागेका यस्ता वर्ण (अ-क) भन्दा अगि खोज्ने,
(घ) **क्ष त्र ज्ञ** लाई क्रमशः **क त ज** कै संयुक्ताक्षरका क्रममा खोज्ने,
(ङ) **ब र व** जस्ता लेखाइ र बोलाइ अलग अलग हुने तत्सम शब्दलाई लेख्य नियम अनुसार सोही क्रममा खोज्ने । 'ब' मा नभेटिएमा 'व' मा खोज्ने, 'व' मा नभेटिए 'ब' मा खोज्ने, 'श, ष, स' का शब्द खोज्दा पनि एउटामा नपाइए अर्कोमा खोज्ने ।

अभ्यास

१. **तलका शब्दलाई शब्दकोश हेरेर वर्णानुक्रम मिलाउनु होस् :**

(क) प्रेरणा (ख) प्रिय (ग) पृष्ठ (घ) पोषण

२. **शब्दकोश हेरेर तलका शब्दहरूको वर्ण विन्यास सच्याउनु होस् :**

किर्ती, पुर्ब, आयुस्मान, अतिवृस्टी, अभिश्ट

३. **तलका शब्दहरूमा कुन तत्सम, कुन तद्भव र कुन आगन्तुक हुन् ? शब्दकोशको सहायता लिएर छुट्टचाउनु होस् :**

बहिनी, भाषण, सेतो, बाजा, इमान, कमिज, विमान, खैनी, कुशल, नियम, पावर, सन्तुष्ट, रुपियाँ, मूर्ख, तारिख, जबाफ, पसल, कानुन ।

व्याकरण

नाम

१. **तलको अनुच्छेद पढ्नु होस् :**

चुक्साम्मे, पेम्बा, रतिया, सोनवा, राजन, मोहम्मद मेरा बाल्यकालका साथी हुन् । उनीहरू मुन्धुम, त्रिपिटक, बाइबल, रामायण र कुरान पढ्न रुचि राख्थे । ती साथीहरू सोलुखुम्बु, राजविराज, कपिलवस्तु, जुम्ला,

पाँचथर र नेपाल गन्जबाट आएका थिए । मेचीदेखि महाकाली र हिमालदेखि मधेससम्मका मानिस भेला हुँदा र तिनको ताँती देख्दा काठमाडौँवासीले मित्रताको नमुना मान्थे । बाल्यकालमा हामी सँगै बस्थ्यौं र धाराबाट पानी ल्याउँथ्यौं । दाउरा नभेटिए हामी मट्टीतेलको स्टोभमा भात पकाउँथ्यौं । हामी सुख र दुख साटासाट गर्थ्यौं । परस्परमा हामी माया र ममतामा बाँधिएका थियौं । हामीमा ईर्ष्या र डाहा पनि थिएन । हामीमा कुनै क्रोध र रिसराग पनि थिएन । हाम्रो बसाइ एउटै थियो र हामी पढाइमा पनि दत्तचित्त थियौं ।

माथि रेखाङ्कित शब्दहरूलाई नामको प्रकारका आधारमा यसरी विभाजन गरिन्छ :

व्यक्ति वाचक नाम– चुक्साम्मे, पेम्बा, रतिया, सोनवा, राजन, मोहम्मद, मुन्धुम, त्रिपिटक, बाइबल, कुरान, रामायण, सोलुखुम्बु, राजविराज, कपिलवस्तु, जुम्ला, पाँचथर, नेपाल गन्ज, मेची, महाकाली

जाति वाचक नाम– साथी, मानिस, धारो, हिमाल, स्टोभ

समूह वाचक नाम– भेला, ताँती

द्रव्य वाचक नाम– पानी, मट्टीतेल

भाव वाचक नाम– सुख, दुख, माया, ममता, ईर्ष्या, डाहा, रिसराग, बसाइ, पढाइ

अभ्यास

१. तलको अनुच्छेदबाट नाम शब्द टिपी तिनको प्रकारगत सूची बनाई प्रस्तुत गर्नु होस् :

पन्नाकाजी र चन्द्रलाल काठमाडौँमा बस्छन् । मोतीमाया तिनीहरूकी केटी साथी हुन् । काठमाडौंको टुकुचामा शुद्ध पानी बग्दा उनीहरू बागमतीमा नुहाउँथे र घरमा पालेको गाईको दुध खान्थे । नजिकै जङ्गल थियो । बाघ र भालु तिनका आँगनमा आइ पुग्थे । वीर सहिदहरू शुक्रराज र गङ्गालाल तिनका साथी थिए । लक्ष्मी प्रसाद देवकोटाको **मुना मदन** र भानुभक्तको **रामायण** पुस्तक पढ्दै उनीहरू साँझु पुग्थे । उनीहरू फुल फुलेको बगैंचा र फल लागेको बोट हेर्दै आमा, बुबा र बाजेसँग बिदा मागी नदी, पोखरी चहार्थे । उनीहरू सुन्दरी जलको जङ्गलका रुख हेरेर रमाउँथे र मृग, सुगा, जुरेली हेरेर मन आनन्दित पार्थे । उनीहरू मृगका हुल, उडेका चराको ताँती, गाउँलेको जमात र भेडाको बथान हेर्थे । उनीहरू गहुँ र तोरी छरेको बारीमा डुलेर सुखदुख बाँड्दै र जाडो, गर्मी सहँदै दौडन्थे । हिजोआज बुढ्याइँमा पनि उनीहरूको बसाइ सँगै छ र मित्रता पनि गाढा छ ।

२. 'आइमाई साथी' निबन्धबाट व्यक्ति, जाति, समूह, द्रव्य र भाव जनाउने पाँच पाँच वटा नाम शब्द छानी सूची बनाउनु होस् ।

३. पाँचै प्रकारका नाम शब्द पर्ने गरी एउटा अनुच्छेद लेख्नु होस् :

सर्वनाम

तलको अनुच्छेद पढ्नु होस् र सर्वनाम पहिचान गर्नु होस् :

म महिला हुँ । मलाई तिनीहरूले साथी बनाउने प्रयास गरे । म र तँ तथा तिमी र तपाईंले सिर्जना गरेको विभेदले यी र ती, यिनी र तिनीका नाममा महिला आफू नै शोषित भए । एक अर्काबिच भिडाएर यो र यी वा त्यो र ती बनाएर उनीहरूले जो जो र जुन जुनमाथि विभेद गरे त्यसमा म पनि पर्छु । जेसुकै होस्, हामीले यस्तो विभेद हटाउनु पर्छ । यस्तो विभेद गर्ने को को र कुन कुन हुन् चिन्नु पर्छ । कोही कोहीमा मात्र यस्तो विचार हुन्छ, सबैमा हुँदैन । सबैमा एक आपसमा मिल्ने विचार हुनु पर्छ । आफू आफूले झगडा अन्त्य गरी पुरुष र महिला मिलेपछि मात्र जुनसुकै समाजको पनि प्रगति सम्भव छ ।

माथिको अनुच्छेदमा म, तँ, तिमी, तपाईं, यी, ती, यिनी, तिनी, आफू, एक अर्का, यो, त्यो, जो जो, जुन जुन, जेसुकै, जुनसुकै, हामी, को को, कुन कुन, कोही कोही, आफू जस्ता शब्दले नामको सट्टामा आएर कार्य गरेका छन् । यी सर्वनाम शब्द हुन् ।

अभ्यास

'आइमाई साथी' निबन्धको अठारौँ अनुच्छेदबाट सर्वनाम शब्द पहिचान गरी लेख्नु होस् ।

विशेषण

१. तलको अनुच्छेद पढ्नु होस् :

सेतो हिमालको सुन्दर दृश्यले नेपाली जनताको मन लोभ्याउँछ । जापानी, युरोपेली तथा अमेरिकाली पर्यटक पनि यस्तो दृश्य देख्दा लोभिन्छन् । नेपालका पाल्पाली, पुर्बेली र मनाङी जनताले अलग अलग हिमाल हेर्छन् । धेरै मानिसलाई अग्लो हिमाल हेरेर पुरा आनन्द लिने मन हुन्छ । नेपालमा एक दुई मात्र होइन, सयौँ हिमाल छन् । कुनै हिमाल होचा छन् । कुनै हिमालको आकार चुच्चे, कुनैको बाटुलो र कुनैको तेर्सो छ । हिमाललाई उदाउँदो सूर्यले पहेँलो बनाउँछ । प्रशस्त हिउँ थुप्रिने हिमालमा हिजोआज हिउँ नदेख्दा नेपालका जनता र विदेशी पर्यटकमा चिन्ता बढेको छ । यसले परिश्रमी मानिसको जीवन कठिन बन्न सक्छ । भेडाका उनको बाक्लो राडीपाखी, स्वादिलो मासु र रसिलो स्याउ उत्पादन गर्ने हिमाली क्षेत्रका मानिस गरिब भएमा अधिकांशको जीवन कष्टकर बन्छ । हाम्रो देश हामी आफैले बनाउनु पर्छ । आफ्नो घर आफैले बनाउने मान्छे सुखी हुन्छ ।

२. माथिको अनुच्छेदमा आएका तलका शब्दहरूले नामको विशेषता जनाएका छन् :

सेतो, सुन्दर, नेपाली, जनताको, जापानी, युरोपेली, अमेरिकाली, पाल्पाली, नेपालका, पुर्बेली, मनाङी, धेरै, अग्लो, पुरा, एक, दुई, सयौँ, कुनै होचा, चुच्चे, बाटुलो, तेर्सो, चम्किलो, पहेँलो, प्रशस्त, थुप्रिने, विदेशी, परिश्रमी, कठिन, बाक्लो, भेडाका, उनको, स्वादिलो, रसिलो, अधिकांश ।

यस्ता शब्दहरू विशेषण हुन् । यिनले नामको गुण, सङ्ख्या, परिमाण तथा सार्वनामिक विशेषता जनाएका छन् ।

अभ्यास

'आइमाई साथी' निबन्धका अन्तिम दुई अनुच्छेदमा प्रयोग भएका विशेषण शब्दहरूको सूची बनाउनु होस् र ती शब्दहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नु होस् ।

क्रियापद

तलको अनुच्छेद पढ्नु होस् :

सर्वेश्वर चौधरी बर्दियामा बस्छन् । उनी एक दिन आफ्नी साथी सरितालाई भेट्न नेपाल गन्ज पुगे र साथीकहाँ तिन दिन बसे । उनीहरू दुबै सँगै बस्थे, पढ्थे र खेल्थे । केटी साथीसँग हिँड्दा समाजले नराम्रा आँखाले हेर्न थाल्यो । सँगै पढ्छु, सँगै खेल्छु भन्न पनि नपाइने समाज देख्दा उनीहरू निराश भए । समाज सचेत नहुँदासम्म यस्तो समस्या रहन्थ्यो नै । सरिताले कुरा बुझिन् । 'पवित्र भावना लिएर हिँड्दा पनि समाजले दुख दिन्छ' उनले मनमनै विचार गरिन् । एक दिन गाउँको सभा बस्यो । गाउँलेलाई उनीहरू दुबैले सम्झाए । गाउँलेले कुरा बुझे र कुरा काट्न छाडे ।

माथि रेखाङ्कन गरिएका शब्द क्रियापद हुन् । हामीले बोलीचालीमा सधैँ प्रयोग गर्ने खान्छु, बस्छु, उठेछ, सुत्थ्यो, रुन्छ, पस्कन्छ, बनाउँछ, सोध्छ, थाक्यो, पढ्थ्यो आदि सबै क्रियापद हुन् ।

अभ्यास

१. 'आइमाई साथी' निबन्धको पहिलो अनुच्छेदबाट क्रियापद छानी आफ्नो कापीमा लेख्नु होस् ।

२. खान्छु, बस्छु, सुत्छु, उठ्छु, पढ्छु, थाक्छु जस्ता क्रियापदको प्रयोग गरी एउटा अनुच्छेद लेख्नु होस् ।

३. 'आइमाई साथी' निबन्धको आठौँ अनुच्छेदका क्रियापदमा रेखाङ्कन गर्नु होस् ।

वर्ण विन्यास

१. तलको अनुच्छेदमा रेखाङ्कित शब्दको वर्ण विन्यासगत प्रयोग हेर्नु होस् :

विद्युत्को विकास अधिक हुन सके देशले नयाँ दिशा लिने थियो । शिशिरको मौसममा लोड सेडिङको मार खप्नु पर्दा प्राकृतिक स्रोतले विशिष्ट स्वरूप पाएको भूखण्डका देशवासी हामी नेपाली विद्युत् सुविधाबाट वञ्चित छौँ । ग्रीष्म ऋतुको प्रचण्ड गर्मीपछि वर्षा ऋतुमा भीषण पानी पर्दा जन जीवनमा सुखको सञ्चार भए पनि नेपालीको यथार्थ भनेको बिजुली बत्तीविनाको पीडा नै हो । त्यसैले सुरुबुरु पुऱ्याएर दीर्घकालीन योजना बनाए मात्र सहज रूपमा विद्युत् आपूर्ति हुने देखिन्छ ।

माथिका रेखाङ्कित शब्दहरू तत्सम हुन् । तत्सम शब्दको वर्ण विन्यास मूलमा जस्तो छ त्यस्तै लेखिन्छ ।

२. तलका शब्दको वर्ण विन्यास पनि हेर्नु होस् :

आश्चर्य, शौचालय, आशय, अतिशय, शैली, संश्लेषण, विशाल, रश्मि, वैशाख, ऐश्वर्य, अवाञ्छित, सञ्चय, यशस्वी, आश्वासन, शैशव, शीघ्र, शान्ति, सर्वाङ्गीण, प्राचीन, नवीन, स्वर्गीय, आत्मीय, लक्ष्मी, कृषि, अग्नि, वर्ष, शीर्षक, सङ्घर्ष, भ्रष्ट, जिजीविषा, औषधी, दुर्बलता, बुद्धि, बहिर्मुखी, बहुमुखी, गण्डकी, पिण्ड, पण्डित, शङ्कर, असङ्ख्य ।

अभ्यास

१. तलको अनुच्छेदका रेखाङ्कित शब्द शुद्ध पारेर लेख्नु होस् :

मस्तीस्कको निमार्णबारे बिद्धानहरूमा विस्लेषणगत भिन्नता पाइन्छ । यसको कति प्रतिसत भागले आफ्नो सक्ति खर्च गर्छ, कतिले बुद्दिको काम गर्छ, वाल्यकालीन बुद्दि कति हुन्छ र प्रतिस्ठाका लागि के गरिन्छ तथा कतिपय अबस्थामा यो निस्क्रिय पनि रहन्छ भन्ने बारेमा कम अध्ययन भएको छ । बर्गिय समाजमा युगिन प्रभाब कसरी पर्छ, ग्रामिण जिबन र क्रिसिकर्म कति नजिक छन्, अधीकारप्रतिको आशक्ती कसरी पैदा हुन्छ जस्ता कुरामा पनि मानब मस्तीस्कको बनोटको अनुशन्धान आवश्यक छ ।

२. तलका अशुद्ध शब्दहरू शुद्ध गरी लेख्नु होस् :

पस्चिम, निस्चल, दृस्य, शिल, सीला, स्रावण, रासि, आस्वीन, शबै, बंस, साशन, प्रसंशा, यसस्बि, सिखर, सुस्क, इर्स्या, प्रेसक, बार्सिक, आयुस्मान, उसा, भाशण, मन्जुसा, निसेध, सोसक, बालीका, बहिरङ्ग, अबमुल्यन, प्रविण, मनस्वि, मूर्तीबत, पासविक ।

३. 'आइमाई साथी' निबन्धको पहिलो अनुच्छेदबाट तत्सम शब्द छानी सूची बनाएर कक्षामा प्रस्तुत गर्नु होस् ।

४. तलका वाक्यहरूमा प्रयुक्त गाढा शब्दको वर्ण विन्यास पहिचान गर्नु होस् :

(क) **बोर्डिङ स्कुल**मा **रेडियो** बोकेर आउने विद्यार्थीलाई **हाजिर** गराउनु हुन्न ।

(ख) **सिपाहीहरू किताब** बोकेर आफ्नो **नोकरी**मा जाने गर्छन् ।

(ग) **अङ्ग्रेजी** पढेका **सरकारी स्कुल**का विद्यार्थी **जागिर**मा **अब्बल** हुन्छन् । आफै **मिहिनेत** गर्ने हुँदा यस्ता विद्यार्थी **वकिल, तहबिलदार, खरिदार**तिर नगई **मास्टरी**मा बढी रमाउँछन् । **नकर्मी, सिकर्मी, ज्यामी** जस्ता **मिहिनेती** मान्छे **युनिभर्सिटी** नगए पनि अनुभवबाट सिक्दछन् ।

माथि (क), (ख) र (ग) का गाढा शब्द विभिन्न भाषाबाट नेपालीमा आएका शब्द हुन् । यस्ता शब्दलाई आगन्तुक शब्द भनिन्छ ।

५. कक्षामा साथीहरूसँग छलफल गरी दश वटा आगन्तुक शब्दको सूची बनाउनु होस् ।

६. 'आइमाई साथी' निबन्धका पाँचौं र दसौं अनुच्छेदबाट आगन्तुक शब्द खोजेर लेख्नु होस् ।

७. तलका शब्दहरू शुद्ध पारेर लेख्नु होस् :

मिटीङ, लालटीन, गरीब, मूलूकि, जुलूमि, हजूर, सिँदूर, शहीद, एशिया, यूरोप, डायरि ।

८. तपाईंले दैनिक पत्रिका, साइन बोर्ड, टेलिभिजन आदिमा प्रसारित तथा विज्ञापन गरिएका सामग्रीहरू पढ्नु भएको छ । त्यस्ता सामग्रीमा प्रयुक्त अशुद्ध भाषा पनि पहिचान गर्नु भएको छ । यस्तो किन भएको हो ? यसमा सुधार ल्याउन के गर्नु पर्ला कक्षामा छलफल गर्नु होस् ।

अभिव्यक्ति

अनुच्छेद लेखन

तल 'राज्य सञ्चालनमा महिला सहभागिता' शीर्षकमा लेखिएको एक अनुच्छेद दिइएको छ; पढ्नु होस् :

राज्य सञ्चालनमा महिला सहभागिता

राज्य सञ्चालन प्रक्रियालाई लैङ्गिक समतामूलक बनाउन महिला सहभागिता अनिवार्य हुन्छ । आधाभन्दा बढी जनसङ्ख्या हुँदा पनि राज्य सञ्चालनमा महिलाको सहभागिता अत्यन्त न्यून छ । मुलुकले यति वेला आशा गरे अनुसार विकास गर्न नसक्नुमा यो मुख्य कारण रहँदै आएको छ । राज्य सञ्चालनका सबै तहमा हुने राजनीतिक निर्णय प्रक्रियामा महिलालाई अनिवार्य रूपमा सहभागी नगराएसम्म राज्यले चाहिने मात्रामा गति लिन सक्तैन । सुशासन कायम हुने कुरा त असम्भव नै हुन्छ । राजनीतिक प्रक्रियामा सहभागी हुनु नागरिकको अधिकार मात्र होइन, कर्तव्य पनि हो । लोकतन्त्रको मुटु नै नागरिकको सक्रिय सहभागिता हो । राजनीतिक क्रियाकलापमा महिला सहभागिता अझ बढी आवश्यक छ । यसका लागि पर्याप्त ज्ञान र सिप सहितको सूचना आवश्यक हुन्छ ।

अभ्यास

निम्न बुँदा पढेर 'राज्य सञ्चालनमा महिलाको भूमिका बढाउने उपाय' विषयमा एउटा अनुच्छेद तयार पार्नु होस् :

- सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्ने र यसमा महिला तथा पुरुषको समान सहभागिता गराउनु पर्ने
- सशक्तीकरण सम्बन्धी गतिविधि जिल्लादेखि गाउँ स्तरसम्म सञ्चालन गर्नु पर्ने
- राज्यले यस सम्बन्धी नीति नियम बनाउनु पर्ने
- निश्चित समयका लागि राज्य सञ्चालनका क्षेत्रमा महिला आरक्षणको व्यवस्था गर्ने
- स्रोत साधनमा महिलाको पहुँच बनाउन नीति नियम बनाउनु पर्ने
- सामुदायिक भूमिकामा महिला सहभागितालाई प्रेरित गर्नु पर्ने
- आय आर्जनमा महिलाका लागि विशेष अवसर दिइनु पर्ने ।

पाठ : चार

मधु मालतीको कथा

✍ रमेश विकल

बालकहरू जन्मँदा निष्कलङ्क र पवित्र हुन्छन् । तिनको आफ्नै रमाइलो संसार हुन्छ । तिनीहरू जब हुर्कन र बढ्न थाल्छन् अनि समाजमा विद्यमान वर्गीय र सांस्कृतिक विभेदका कारणले तिनको मानसिकतामा भेदभावको बीजारोपण हुन्छ । यस्तो भेदभाव जन्मजात नभई समाज र परिवेशले सिर्जना गरेको हो । यसबाट नै समाजमा धनी गरिब, ठुलो सानो जस्ता भावनाको विकास हुने गर्दछ । यस्तो भेदभावले साथी बनाउने कुरामा समेत बाधा उत्पन्न गराउँछ । कतै हामीले पनि बाल मस्तिष्कमा विद्वेष रोपेर सामाजिक विभेद बढाउने कार्य त गर्दै छैनौं ? कथाकार रमेश विकलले यस्तो सामाजिक समस्यालाई कथाका रूपमा कसरी प्रस्तुत गरेका छन् ? पढौं 'मधु मालतीको कथा' ।

"...राजा मधुकरले रानी मालती समेतलाई उही फटिकको खम्बाबाट निस्केको वायुपङ्खी घोडामा चढाई त्यहाँबाट उडे ।" –आमा एउटा किताब लिएर पढ्न थाल्नु हुन्थ्यो । त्यस वेला म ज्ञानी बालक जस्तै आमाको छेउमा चुपचाप बसि रहन्थें । यद्यपि म बाहिर बिलकुलै शान्त र गम्भीर देखिन्थें तर आमाको प्रत्येक शब्दको तालमा मेरो मुटुको प्रत्येक धड्कन छिटो छिटो हुँदै जान्थ्यो । भय, आशङ्का र खुसी मिसिएको विचित्र अनुभूति ! "साँच्चै मधुकर अथवा मालती दुइटामा एउटा घोडाबाट खसे भने !... अथवा घोडाले जिउ हल्लाइ दिएर दुबै खसे भने... त्यो मधुकरको आफ्नै घोडा होइन, खसालि दियो भने ?..." मेरो आङ सिरिङ्ङ गर्दथ्यो, रौं ठाडा भए झैं लाग्दथ्यो । उफ् ! त्यति माथि आकाशबाट खसेर डाँडामा अथवा पहरामा बज्रे भने ?..." मलाई हाम्रै मावली गाउँको माने बुढाको सम्झना आउँथ्यो । बिचरो बुढो, जहान बच्चा कोही नभएको एक्लो थियो । दाउरा बेचेर खान्थ्यो । एक्लो भए पनि खानै पर्ने । बुढो एक दिन फट्केको भिर माथिदेखि खसेर तल चोसे ढुङ्गामा बज्रेछ । उफ् ! त्यो वेलाको त्यसको अनुहार सम्झँदा पनि अहिले डर लाग्छ । नाकमुख एकै ठाउँमा थेप्चिएर घट्टे रोटी जस्तो भएको, खप्पर पटक्क फुटेर गिदी छ्यालब्याल भएको, एउटा आँखा खोपिल्टाबाट प्याक्ल्याक्क बाहिर उछिट्टिएको, रगत र मथिङ्गलको सराबरीले एउटा भयानकता पैदा गरेको ।

यो सम्झनाले नै मेरो जिउ एक्कासि काँपेर आउँदथ्यो र म एक्कासि आमाको छातीमा लिप्सिक्क टाँसिन जान्थें । आमा किताबबाट आँखा उठाएर अनौठो दृष्टिले मतिर हेर्नु हुन्थ्यो ।

"आमा, मधुकर त्यो घोडाबाट खसे भने ?"... मालती खसी भने ?... दुबै जना खसे भने ?" –मेरो काँपेको आबाजमा प्रश्न सुनेर आमा हाँसि दिनु हुन्थ्यो । –"धत् लाटा, मधुकर किन खस्थे ?... मालती पनि खस्दिन ।... त्यो घोडा चानचुने घोडा हो र ?"

साँच्चिकै त्यो घोडा चानचुने होइन, खम्बाबाट निस्केको । मधुकर र मालती पक्कै खस्दैनन् भन्ने मनमा ढुक्क भएपछि म पनि मधुकरकै जस्तो गौरीलाई पछाडि राखेर उनीहरूकै पछाडि उड्दथेँ । म र गौरी स्वच्छसँग चारैतिरका नदीनाला, समुद्र, पहाड, झर्ना, जङ्गल, बादल, हिउँ इत्यादिका मनोहर दृश्य हेर्दै हावामा उड्न थाल्दथ्यौँ ।

"मधुकर समुद्रको आधाआधी पुगे ।" आमा भन्दै जानु हुन्थ्यो । म पनि गौरीका साथै समुद्रको आधाआधी पुग्दथेँ । हामी अनन्त आकाशको मुक्त वायु मण्डलमा स्वच्छन्दसँग चिलका जोडी झैँ कावा खान्थ्यौँ । कहिले बादलमा पस्थ्यौँ, कहिले बाहिर खुलामा । चारैतिर अन्तहीन, निलो शून्य वायु मण्डल, तल विशाल निलो र गम्भीर समुद्र मनको स्थिति अनौठो उल्लासले भरिएको हुन्थ्यो ।

किन्तु, अकस्मात् आफ्नो पछाडि आँधी बेहरी सुसाए झैँ सुसाउँदै प्रचण्ड वेगले लखेटेर आउन लागेका महाविकराल अनुहारका छ वटी राक्षसनीहरूलाई देखेर मेरो सातोपुत्लो उड्दथ्यो । म आमाको काखमा लेप्सिन आइ पुग्दथेँ । गौरीसम्म पनि कता गई, खोज खबर गर्न पनि मलाई होसहवास भएन ।

"मालतीका ती छ वटी राक्षसनी दिदीहरू क्रोधले चुर भएर मधुकरको घोडाको पुच्छरमा झुन्डिए ।" आमा आफ्नै सुरमा भन्दै जानु हुन्थ्यो । म डर, आशङ्का र असफलताको क्रोधले छटपटिन थाल्थेँ । मलाई यति रिस उठ्थ्यो कि मेरा दाँत बज्न थाल्दथे तर म एउटा सानो, सात आठ वर्षको केटो उद्विग्न भएर समुद्रमाथि उडि रहेको मधुकर, मालती र घोडाको पुच्छर समातेर झुन्डिएका छ वटी भयङ्कर राक्षसनीहरूलाई हेरि रहनु बाहेक के गर्न सक्दथेँ र !

मेरो मुटुको ढुकढुक प्रत्येक सेकेन्ड तीव्र हुँदै जान्थ्यो । मेरो मनले पुरा अठोट गरि सकेको हुन्थ्यो, अब मधुकर एक दुई तिन बाँच्न सक्तैन । त्यो एक्लो, अनि ती छ छ जना !

"आमा, मधुकर मर्छ हगि ?... राक्षसनीले खान्छन् हगि ?" मेरो स्वर काँपेकै हुन्थ्यो ।

"समुद्रपारि पुग्न सक्यो भने उनीहरूको जोर चल्दैन ।" आमा भन्नु हुन्थ्यो । म आफ्नो सम्पूर्ण इच्छाशक्तिले मधुकरको घोडालाई छिटो छिटो, अझ छिटो धकेल्न थाल्दथेँ ।

"पुग्यो, पुग्यो... अलिकति छ ।" मेरो उत्सुकता क्लाइमेक्सको चरमतिर बढ्दथ्यो । अब के हुन्छ ? अब अब ! मेरा अङ्ग प्रत्यङ्ग बेहोसमै बटारिन थाल्दथे– "स्याबास !" मधुकरको हातको सुदर्शन चक्र घामको तेजमा बिजुली झैँ चम्कन्थ्यो । तत्कालै ती छ जना राक्षसनीहरू एकै गुजुल्टो भएर समुद्रको विकराल पेटमा समाधिस्थ हुन्थे । मेरा हात अनजानमै थप्पडी पिटेर नाच्न थाल्दथे । "आमा ! मधुकर, मालती बाँचे हगि ?"

आमा मुग्ध आँखाले मेरो विचित्र खुसी निहार्न थाल्नु हुन्थ्यो । मधुकरले सफलतापूर्वक मालतीलाई समुद्र पार गराएको खुसी निहाल्न थाल्नु हुन्थ्यो । यो खुसी मेरो हृदयमा यति अटाइ नअटाइ हुन्थ्यो कि आफ्नी गौरीलाई त्यो नबाँडुन्जेल मेरो अजीर्ण शमन हुँदैनथ्यो । "गौरी ! मधुकरले त छ जनै राक्षसनी माऱ्यो मालतीलाई समुद्रपारि तान्यो !" खुसीको आवेगमा झन्डै निसास्सिएर म गौरीको हात समातेर हल्लाउँदथेँ ।

'साँच्चै !' गौरी आधी खुसी र आधी अविश्वासको स्वरमा चिच्याउँथी र आफ्ना बडा बडा रिट्ठाका गेडा जस्ता आँखामा कौतूहल भरेर मेरो खुसीले प्रदीप्त अनुहार हेर्दथी । त्यो वेला मलाई गौरी अत्यन्त राम्री लाग्दथी । म एक एक गर्दै उसका गाला, चिउँडो, नाक, आँखा, ओठ, निधार अनि कपाल छुन्थेँ । मलाई उसलाई पनि मधुकरको जस्तै वायुपङ्खी घोडामा चढाएर देश विदेश, नदीनाला, जङ्गल, पहाड, आकाश, पाताल घुमाउने इच्छा उठ्दथ्यो । तर खोइ मेरो घोडा ? मेरो मन अलि अमिलो भएर आउँथ्यो । अनि म बिस्तारै उसको हात समातेर भन्थेँ– "गौरी ! मसँग घोडा छैन, म पनि तिमीलाई मधु मालतीलाई जस्तै घोडामा चढाएर समुद्रमाथि बादलमा उडाउँथेँ । म पनि राक्षसनीलाई मार्थेँ ।"

मेरो ओइलाएको अनुहार देखेर गौरी सायद द्रवित हुन्थ्यो । उसको पनि मुख मलिन हुन्थ्यो । अनि मेरो छातीमा टाँसिएर बडो फुल्याउने स्वरमा भन्दथी– "शङ्कर, तिमी क्या अहिले केटाकेटी नै छौ । पछि ठुलो भएपछि तिमी र म घोडामा चढेर बादलमाथि जाउँला ।"

"मलाई घोडा कल्ले किनि दिन्छ र ?" –मलाई शङ्कै लाग्दथ्यो किनकि मलाई घोडा किनि दिने काँटको मानिस जति खोज्दा पनि आफ्नो विचारमा चढाउन म समर्थ भइनँ । मेरी आमासँग एक पैसा पनि छैन भन्ने कुरा मलाई केटाकेटी नै भए पनि थाहा थियो । अनि मेरा बाबाले पनि मलाई घोडा किनि दिनु हुन्छ भनेर म पत्यार गर्न सक्तिनथेँ किनकि मलाई बाबाले कुनै दिन पनि ख्याल ख्यालको घोडासम्म पनि किनि दिनु भा' छैन ।

"म ल्याइ हाल्छु नि ! मेरा बाबासँग धेरै पैसा छ । तिम्रो बाबा पो गरिब त । म मेरो बाबालाई भनेर घोडा किन्न लाउँछु अनि भैगो नि ।"

वास्तवमा गौरीको यो अभिमान कुनै फोस्रो अभिमानको आधारमा थिएन । उसको र मेरो आर्थिक स्थितिमा पूर्व र पश्चिमको अन्तर थियो । सहर बाहिरै भए पनि उसको घर धेरै ठुलो, झिलिमिली; उसको घरमा मोटर पनि थियो । मेरो सानो कुचुक्क परेको, खुम्री बुढी जस्तो । गौरी राम्रा राम्रा फ्रक, गरगहना लाएर, कपाल पनि बास्ना आउने तेल र रिबनले सजाएर, फन्याकफुरुक गर्दै यता र उति हिँड्थी । उसको अगाडि म ? के भनूँ खोइ ! नयाँ सडकको झिलिमिलीको अगाडि मखन टोलको रछाने गल्ली ।... यस्ता बिचमा पनि असाधारण स्नेह, आश्चर्य !

तैपनि गौरीको यो आश्वासन मेरो पुरुष आत्मालाई अति सह्य हुँदैनथ्यो । मधुकरलाई पनि त घोडा मालतीले किनि दिएकी होइन, आफ्नै पुरुषार्थले उसले सय मन फलामको चिउरा खाएर, सय मन दुध पिएर, सय फेरा डन्डा पेलेर अनि एकै चोटिमा फटिकको खम्बा फोडेर निकालेको त हो नि ! मेरो पुरुष अभिमान गर्जन्थ्यो । –"म इँ, म तिमीले किनेको घोडा लिन्नँ ।"

मेरो त्यो अप्रत्याशित इन्कारमा गौरी जिल्ल पर्थी, सायद दुखी पनि हुन्थी । "किन ?"

"मधुकरलाई मालतीले दिएकी हो र ?... उसले आफै ल्याएको । म पनि ठुलो भएपछि आफै खोजेर ल्याउँछु ।"

"कहाँबाट नि ?"

"उः त्यो बादलमाथिको सहरबाट ।"

"साँच्चै ?" –मेरो त्यो अनौठो जबाफले गौरी साँच्चै जिल्ल पर्थी । ऊ भन्थी– "कसरी जान्छौ नि त्यति माथि ?"

किन ?... उः त्यो डाँडामा जान्छु, अनि त आकाश हातैले भेट्टिइ हाल्छ नि !" म शिवपुरीको डाँडालाई देखाएर यसरी जबाफ दिन्थेँ कि मेरा निमित्त त्यति काम त हात्तीले जिरा खानु जत्तिकै हो ।

अनि हामी मुग्ध भएर त्यो नौलो अनन्तमा छिन छिनमा रूप बदल्दै हावाको गतिसँग यता र उति खेल्ने, कपासका फुलहरू छरिए झैं फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौं । गौरीलाई पुरा पत्यार परि सकेको हुन्थ्यो कि त्यो बादलमाथि एउटा सहर छ, त्यो सहरमा एउटा घोडा छ जसलाई म ठुलो भएपछि गएर ल्याउने छु अनि दुबै जना मधुकर र मालती जस्तै त्यसमा चढेर समुद्रमाथि बादलपारि आकाशको छातीमा उड्ने छौं ।

"रातमा कति चङ्ख भएर बस्दा पनि मधुकर निदाइ हाले ।" आमा भन्नु हुन्थ्यो– "र विष्णु भगवान्का दूतहरूले मालतीलाई स्वर्गको विमानमा हालेर उडाए । जाने वेलामा मालतीले मधुकरलाई बिउँझाउन भरमग्दुर गरिन् तर मधुकर बिउँझेनन् । मालतीलाई अर्काले चोरेर लग्यो ।" मैले देखेँ– मधुकर उठेर मालतीलाई नपाउँदा क्रोध, क्षोभ र ग्लानिले बौलाउन थाल्यो । उसको भन्दा बढी क्रोध मलाई उठ्यो । किनकि म त्यो वेला बिउँझेको थिएँ औ अहिले पनि ती बेइमान विष्णुका दूतहरूलाई पनि देख्दथेँ । उडि रहेको विमानभित्रकी मालतीका विवश आँसु पनि देख्दथेँ अनि मधुकरको शोक पनि । मलाई चिच्याएर मधुकरलाई त्यो विमान देखाइ दिने मन हुन्थ्यो तर मेरो

आबाज ज्यादै सानो हुन्थ्यो । निराश भएर मधुकरको हातबाट चक्र खसेर त्यो विमान बोक्ने चोरहरूलाई एक एक गर्दै गिँडि दिने उत्तेजनाले छटपटाउथेँ; हातमा चक्र लिएर ऋम्टि पनि हाल्थेँ । तर तिनीहरूलाई मारेपछि त मालती समेतको विमान उनीहरूको काँधबाट खसेर पहाडमा बजारि हाल्छ नि त्यसैले म हात रोक्दथेँ ।

मलाई अकस्मात् अर्कैतिर सम्झना जान्थ्यो । मालतीलाई जस्तै कुनै विष्णुका दूत आएर गौरीलाई पनि लगे भने ? मेरो मुटु आशङ्काले काँप्दथ्यो । म एक्कासि किताब सुन्न छोडेर आमालाई आश्चर्यमा डुबाउँदै गौरीकहाँ दौडन्थेँ । गौरी आफ्नो ठुलो चोकमा खिलखिल हाँस्दै सानो बाइस्कलमा चढेर घुमि रहेकी हुन्थी । मेरो मन केही ढुक्क भए तापनि मुटु अझै छिटो छिटो चलि रहेको हुन्थ्यो ।

"गौरी !" म डर र खुसी मिसाएर हतारिएको स्वरमा भन्थेँ र बाइस्कलको डन्डी समात्दथेँ ।

मलाई देख्नासाथ गौरीको अनुहार प्रदीप्त हुन्थ्यो, स्वरमा सनाई बज्दथ्यो, "शङ्कर तिमी बाइस्कल चढ्दैनौ ?" ऊ मलाई बाइस्कल दिन्थी । म चढ्न खुट्टा मात्र के उचाल्दथेँ, माथि बरन्डाबाट एउटा बाँस चिरिए झैँ चिरिएको आबाजले मेरो रगत जमाइ दिन्थ्यो । "ए ! त्यो बाइस्कलको सत्यानाश पारि सकी राक्षसनीले... टोलभरिका माग्ने मोराहरूलाई ल्यायो, सुम्प्यो... ए काले ! ए माइला ! को छ हँ तल ? ए सत्य नारायण ! त्यो बाइस्कल छिँडीमा हुलेर ताल्चा मारि दे ।... भएभरका अभागी मोराहरूलाई घरमा ल्याई । यो सत्यानाशिनी !" वास्तवमा त्यहाँ म एउटा बाहेक कुनै 'टोलभरिका मोरा' हुँदैनथे तर गौरीकी फुपूको आँखामा म सायद 'एकबाट अनेक' रूप हुन्थेँ !

उनको आबाजसँगै तिन जना नोकरले तिनतिरबाट ऋम्टेर जबरजस्ती बाइस्कल मबाट खोसेर लग्दथे । त्यति वेला मेरो बादलको सहरमा गएर घोडा ल्याउने, त्यसमा गौरीलाई चढाएर समुद्रमाथि उड्ने बहादुरी, जोस सबै बाफ जस्तै उडेर जान्थ्यो । म असहाय र दीन झैँ नोकरको त्यो रुखो व्यवहार सहन्थेँ । मेरो भित्र असह्य चोटको अनुभव भएर आँखा टलबलाइ हाल्दथे । मेरा आँखामा टलबलाएको आँसु देखेर गौरी पनि दुखी हुन्थी । सायद ऊ मलिन अनुहार लिएर मेरो नजिक आउँथी र मेरो हात समातेर भन्थी– "शङ्कर ! त्यो हाम्रो दिदीआमा नि, असाध्य नजाती । मलाई सधैँ तिमीसँग खेल्यो भनेर गाली मात्रै गर्छे बुढी ! 'तिमी गरिबको छोरो रे !' हो, तिमी गरिब ?"

म के जबाफ दिऊँ । म गरिब र गौरी धनी किन ? औ मैले गौरीसँग खेल्न किन हुन्न ? यो मेरो सोच्ने विषय नै थिएन । मलाई त यही थाहा थियो कि गौरी गौरी हो र उसलाई मैले भोलिपर्सि बादलमाथिको सहरमा उडाउनु पर्छ अनि घोडामा राखेर समुद्रमाथि हाँक्नु पर्छ !

"त्यसले भनेर म मान्दिनँ के ! बुबामुमाले भने पनि मान्दिनँ ।" आखिर गौरी आफै निश्चय गर्थी । हामी दुबै हातेमालो गर्दै बगैँचाको सानो पोखरीको डिलमा आएर उभिन्थ्यौँ र पानीमा परेको उल्टो छायामा परस्पर मुख हेरेर हाँस्दथ्यौँ । अनि अगाडिको आलुबखडाको हाँगामा तल माथि गर्ने धोबिनी अथवा पोखरीमा सल्याङबल्याङ गर्ने राता, पहेँला माछालाई मुग्ध भएर हेर्थ्यौँ ।

"शङ्कर ! तिमी घोडा लिन कैले जाने ?" सायद पानीमा परेको सेतो बादलको एक टुक्रा छायाले गौरीको स्मृतिमा कैलेदेखि पुरिएको कुरा कोट्टचाइ दिन्थ्यो । ऊ एक्कासि प्रश्न गरेर मनको स्थिति खलबल्याइ दिन्थी । मलाई त्यो विस्मृत घटनाले फेरि खिन्न पार्थ्यो । "गौरी, मालतीलाई त विष्णुले चोरेर लग्यो ।" म बोझिलो स्वरमा भन्थेँ ।

"किन ? मधुकरले विष्णुलाई पिटेन ?"

"ऊ त निदायो, नसुत्न खोज्यो र पनि सुत्यो ।"

"फसाद पऱ्यो ! अब उनीहरूको भेट हुन्न हगि ?" एक्कासि गौरी पुर्खिनी बुढी झैँ बनेर भन्थी, "फसाद पऱ्यो !"

\+ \+ \+

त्यस दिन म गौरीकहाँबाट घरतिर फर्कंदा मनमा एउटा टर्रो बोझ बोकेर फर्कें । छातीभित्र कता कता दुखे झैं लाग्दथ्यो अनि आँखा कता कता भरिए झैं । मलाई गौरीकी बुढी दिदीआमादेखि भित्रभित्रै रिस उठि रहेको थियो । मलाई उसले किन लडाइ दिई ? मैले उसको बाइस्कल चढेको हो र ? त्यो त गौरीको बाइस्कल पो त !

"तिमी चढ्दैनौ शङ्कर ! चढ न ।" गौरीले नै जिद्दी गरी अनि उसले मेरो हात समातेर बाइस्कलमा चढाई र पो अनि आफू पछाडि धकेल्न थाली । म अविस्मरणीय आनन्दले बाइस्कलमाथि चढेर आफूलाई घोडामा चढेको मधुकरभन्दा कम ठुलो अनुभव गर्न थालेको थिइनँ । आखिर मेरा पछाडि पनि त गौरी मालती थिई ।

किन्तु एक्कासि मेरो सम्पूर्ण सुख स्वप्न त्यै राक्षसनी दिदीआमाले भत्काइ दिई । मलाई बाइस्कलबाट लडाइ दिई अनि गौरीलाई पनि गालामा चड्कन दिई । "यो राक्षसनी । यो सत्यानाशिनी !"

त्यसपछि भुइँबाट भरखरै उठेर लुगाको धुलो झार्न लागेकोमा मलाई आँखा तरेर भनी– "यी माग्ने मोराहरूको सङ्गतमा लागेर... अबदेखि सानु मैयाँसँग खेल्न नआउनू । जा घर, अबदेखि पनि आइस् भने..."

म बिस्तारै सडकको ठुलो ढोकाबाट निस्कें अनि भरिएका आँखाले ढोकाको डन्डीबाट भित्र हेरें । गौरी मतिर हेरि रहेकी थिई । "तिमी हाम्री दिदीआमाको घर नआऊ है, शङ्कर ! त्यो त बोक्सी बुढी ।" गौरी हात हल्लाई हल्लाई भन्दै थिई । दिदीआमा र गौरीको बुबा माथि बरन्डामा उभि रहेका थिए । "हेर मलाई गाली गरेकी ? यो मोरो माग्ने छिमेकमा, छोरी भाँड्न आँटचौ तिमीले । छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ? यो छोटाहरूको टोल नछोडेसम्म यिनले छोड्ने होइनन् ।" दिदीआमा बुबासँग भन्दै थिई ।

मेरो सानो मगजमा पनि त्यति वेला दुख, क्रोध र क्षोभले एकै पटक भुमरी उठ्यो । के गरूँ ! म ठुलो भइ दिएको भए मधुकरको सुदर्शन चक्र ल्याएर...

"मधुकरको हातको सुदर्शन चक्र बिजुली चम्के झैं चम्क्यो । तत्कालै ती मालतीका राक्षसनी दिदीहरू समुद्रको पेटमा..." आमा भन्नु हुन्थ्यो अनि म मालतीका दिदीहरूको ठाउँमा गौरीकी दिदीआमालाई हेर्न इच्छा गर्थें । बोक्सी बुढी !

"गौरी, तिमी मकहाँ आउँछ्यौ ?... आऊ है त ?" म कराएँ ।

"ल ल, म भोलिपर्सि आउँला ।"

म त्यहाँबाट आफ्नो घरतिर आएँ, मन त त्यसै भरिएको छैदै थियो, आमाका अगाडि पुग्नासाथ मुटुको भक्कानो त्यसै फुटचो । म आमाको काखमा घोप्टो परेर रुन थालें ।

"किन बाबु, के भयो ?" आमाले अनौठो मान्नु भयो ।

"त्यै गौरीकी दिदीआमा बुढीले त हो नि अर्कालाई लडाइ दिई अनि गौरीसँग खेल्न नआउनू भनेर गाली गरी ।" म कोक्किई कोक्किई बेलीबिस्तार लाउन थालें ।

"तँ अर्काकहाँ खेल्न किन गएको त ? आफ्नो घरमा खेल्नू नि !" आमाले त्यति मात्र भन्नु भयो तर एकै क्षणका लागि उहाँको अनुहार विकृत भयो । "उनीहरू ठुलाबडा मान्छे, उनीहरूकहाँ नजानू ।"

तर उनीहरू किन ठुला बडा, हामी किन छोटा ? यो प्रश्न त्यति वेला मेरो गिदीमै चढ्न सक्तैनथ्यो । गौरी त ठुलाबडा होइन नि ! ऊ त गौरी नै हो ।... ऊ त मै जस्ती हो, ठुलाबडा कसरी हो ?...

त्यसै दिन बेलुकी मलाई किन किन जाडो जाडो लागेर आयो । मैले आमालाई बताएँ । आमाले मेरो निधार, गाला एक एक गरी छामेर मलाई ओछ्यानमा सुताएर सिरकले गुटुमुटु पारि दिनु भयो । मैले उठ्न खोज्दा मलाई त्यसो गर्न दिनु भएन । बेलुकी बाबा आउनु भएपछि आमाले बासँग भनेको मैले सुनें– "छोरालाई त बेफुडको जरो छ ।"

म रातभर इन्तु न चिन्तु रहें । भोलिपल्ट बिहान मलाई मेरो शरीर कस्तो कस्तो लाग्यो । गौरीकहाँ पुग्न मेरो प्राण छटपटाउन थाल्यो तर उठ्न खोज्दा मलाई तिघ्रा कामे झैं लाग्यो अनि मैले हिजो आमाले बासँग भनेको सम्झें । मलाई बेफुडको जरो छ रे ! मलाई जरो छ तर गौरीसँग खेल्ने इच्छा पनि सानो छैन ! गौरी त्यति वेला के गरि रहेकी होली ?... ऊ बर्गैंचाको चौतारामा बसेर पोखरीको माछालाई स्याबजी दिइ रहेकी होली ।... म जबरजस्ती उठ्न खोजें । त्यसै बखत आमा टुप्लुक्क आइ पुग्नु भयो र मलाई फेरि ओढ्नेले गुटुमुटु पारेर सुताउनु भयो तर मेरो मन भने गौरीको वरिपरि मडारि रहेको थियो । गौरी साँच्चै त्यति वेला के गरि रहेकी होली ? साँच्चै ऊ कैंवराको पातमा जाईको फुल टिपेर मलाई पर्खि रहेकी भए ?...

"आमा, म गौरीकहाँ नगए गौरी यहाँ आउँछे ? हो आमा !" मैले आमासँग सोधें ।

"हो आउँछे, लौ ज्ञानी भएर सुत ।" आमा जानु भयो । अब मलाई अलि ढुक्क भयो । म ज्ञानी भएर सुति राखे गौरी आउँछे । अनि म आमाले भन्नु भए जस्तै ज्ञानी भएर सुति रहें तर तिन चार दिन ज्ञानी भएर सुत्दा पनि गौरी आइन ।

"आमा, गौरी किन आइन ?"

"आउँछे, आउँछे, लौ चुप लागेर सुत, ज्ञानी भएर ।"

म चुप लागेर पनि सुतें तर गौरी आइन । बिहान उज्यालो बोकेर आउँथ्यो तर गौरी आइन । किन आइन गौरी ?

"रानी मालतीले राजा मधुकरलाई एउटा मुरली दिएर स्वर्ग गइन् । राति मधुकर जब मालतीलाई डाक्न मन लाग्दथ्यो अनि मुरली बजाउँथे । त्यो मुरलीको स्वर सुनेर मालती आउँथिन् ।" आमा किताब पढेर भन्नु हुन्थ्यो तर मसँग त बाँसुरी छैन । त्यसैले गौरी आइन ! मुरली बजाएपछि गौरी पक्कै आउँछे तर खोइ मसँग मुरली ?...

"आमा ! हामीलाई मधुकरको मुरली ल्याइ दिनोस् न ! म पनि बजाएर गौरीलाई डाक्छु ।...मुरली बजाएपछि गौरी आउँछे हगि आमा ?"

मेरो कुरा सुनेर आमा मलाई अनौठोसँग हेर्नु हुन्थ्यो । मानौं म उहाँको छोरो नभएर कुनै जन्ममा पनि नदेखेको नौलो र अनौठो जन्तु हुँ तर मुखले भने केही पनि बोल्नु हुन्नथ्यो ।

दुई चार दिन त आमाले यसै गरी नबोली टार्न खोज्नु भयो तर अन्तमा मेरो ढिपी यतिसम्म बढ्यो कि उहाँले हाम्रै छिमेकका पराजुली पण्डितको गाई चराउने गोपेलाई भनेर एउटा मुरली बनाएर नदिई सुखै पाउनु भएन । म पनि अब मुरली पाएर आफूलाई मधुकर राजा नै सम्झन थालें । अब के छ र ? भरे साँझ हुन्छ अनि मैले मुरली बजाएँ कि त गौरी दौडेर आई ! बस त्यो सन्ध्याको प्रतीक्षामा मेरो मुटु उफ्रन थाल्यो । सन्ध्या आई कि त गौरी पनि आई ।

बिस्तार बिस्तार त्यो प्रतीक्षाको घडीको अन्त भयो । बिस्तारै सन्ध्याले मेरो ग्यालभित्र खुट्टा हाली अनि बिस्तारै ऊ त्यहाँबाट भागी पनि । मेरो हृदयले धैर्य छोड्यो । अब मैले मुरली बजाएँ कि त गौरीले कोठाभित्र पाइला टेकी ।

साँच्चै नै त्यो सन्ध्याको धमिलोमा मेरो एकान्त कोठामा मुरलीको स्वर फुटचो । मेरो सास मुरलीमा प्राण फुक्दै आँखा ढोकाबाट पस्ने गौरीको प्रतीक्षामा थियो । अब आई गौरी, अब पसी गौरी ! म मुरली जोर जोरसँग फुक्न थालें । मेरो घाँटी सुकेर सास भित्रै रुमल्लिन थाल्यो तर गौरी आइन । मेरा आँखा ढोकैमा टाँसिन पुगे तर गौरी आइन । मैले अरू जोरले मुरली फुकें । मुरलीबाट घाँटी सुकेको मानिसले चिच्याए जस्तो स्वर निस्क्यो; तर गौरी आइन ।

तिन दिन मुरलीले चिच्याएर डाक्दा पनि गौरी आइन । बिस्तार बिस्तार मन मुरलीबाट मरेर गयो । मुरली त्यसै छेउमा मिल्कि रहन्थ्यो तर उठाएर त्यसमा प्राण भर्ने इच्छा हुँदैनथ्यो । गौरी आइन । मुरलीको स्वरले पनि ऊ आइन ! मलाई ज्यादै नरमाइलो लाग्यो ।

"आमा ! गौरी आइन, किन आइन आमा ?" म आमासँग बराबर सोध्न थालें तर आमाले के जवाफ दिने ? उहाँ भरिलो आँखाले मलाई हेरि रहनु हुन्थ्यो ।

एक दिन बिहान जब म उठ्न खोजें त्यस वेला मैले आफ्ना तिघ्रा पहिले कैं कामेको अनुभव गरिनँ । आँखा पनि तिरमिराए कैं लागेन । मनमा अपार आनन्द भयो । अब गौरी मकहाँ नआए पनि के म उसकहाँ जान सक्तिनँ र ? मलाई अब निको भइ हाल्यो । म प्रबल उत्साह र अधीर भएर आमालाई पर्खन थालें । आमा आएपछि सोधेर गौरीकहाँ जान ।

"आमा, अब त गौरीकहाँ जाने है ! मलाई अब निको भयो हगि ?" आमा आउनासाथ मैले सोधें ।

लौ, लौ, अब दुई दिनपछि जाउला । अहिले चुपचाप लागेर सुत ।" आमाले भन्नु भयो । तर मलाई लाग्यो, त्यो दुई दिन यति टाढा छ कि ? त्यसलाई हात पसारेर पनि भेट्टाउन सकिंदैन ।

"हो आमा, पर्सि, है त ?"

"लौ लौ, पर्सि ।" आमा आफ्नै काममा जानु भयो ।

आधी खुसी र आधी अधैर्यले म गौरीकहाँ जाने पर्सिको प्रतीक्षा गर्न थालें । पर्सि अब सूर्यको सुनौला किरणको घोडा चढेर बिहान हाम्रो आँगनमा ओर्लन्छ अनि म गौरीकहाँ दौडन्छु । तर यतिका दिनपछि उसकहाँ जाँदा एउटा घोडा लिएर जान पाए ऊ कति दङ पर्थी । उसले "यतिका दिन किन नआएको ?" भनेर सोध्न पनि सक्तिन । सोधे पनि के त म भनि हाल्छु नि यही घोडा लिन गएको भनेर । अनि ऊ छक्क पर्छे, कति मज्जा हुन्छ । कति मज्जा, बस घोडाको धुन चढ्यो ।

"आमा ! बालाई हाम्लाई मधुकरको घोडा किन्न भनि दिनोस् न ।" त्यसै दिन मैले आमासँग आफ्नो अनौठो माग पेस गरें । मेरो अनौठो मागले आमा एक पटक त लाटी जस्तै हुनु भयो तर उहाँ केही पनि बोल्नु भएन ।

"आमा ! है भन्या हाम्लाई मधुकरको घोडा क्या !" मेरो जिद्दी भने रात जति जति छिप्पिन्थ्यो उति उति त्यसैको साथमा छिप्पिन्थ्यो । आखिर मेरो हृदयमा मधुकरको घोडाको, गौरीलाई घोडामा चढाएर बादलमाथि उड्ने कुराको यति गहिरो छाप बसि सकेको थियो कि त्यसलाई मेट्न ब्रह्मा पनि समर्थ हुने थिएनन् भन्ने लाग्छ आज । त्यसमाथि मलाई पर्सि गौरीकहाँ जानु थियो । यदि पर्सि जाँदा घोडा लगेर उसलाई दिन नपाए त के रमाइलो ? त्यसैले मेरो जिद्दी ज्यादै बढ्यो । यतिसम्म कि आमा पनि ज्यादै दिक्क हुनु भएछ । त्यसै राति मैले सुनें, आमा बासँग भनि रहनु भएको थियो– "यो बिरामी भएदेखि त कस्तो जिद्दीवाल भइ रहेको छ भने हैरान गराइ सक्यो । आज बिहानदेखि घोडा, घोडा रटेर टिक्नु खानु छैन ।"

"के घोडा ?" यो बाको स्वर थियो ।

"कुन्नि के हो, घोडा रे ! अस्ति मधुकरको मुरली भनेर तमास गऱ्यो र एउटा बनाउन लाएर दिएँ । दुई दिन बजायो र कता फ्याँक्यो । अब आजदेखि घोडा..."

"यो सबै सङ्गत गुनाको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले कैं पो फैलिन्छ त ! यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी । यसै गरी आज घोडा र भोलि मोटरको फर्माइस हुन थाल्यो भने ?" बाको स्वर बिलकुलै ओइलाएको थियो ।

"के गर्नु ? केटाकेटी, त्यहाँमाथि बिरामी । फेरि आजसम्म दिन पनि त केही सकिया' छैन..."

आमा र बाको कुरा के हो मैले जम्मै बुझिनँ र बुझ्ने चासो पनि थिएन । मैले उहाँहरूको कुराबाट यति नै बुझें कि आमाले बासँग भनेर मलाई घोडा किनि दिन लगाइ छोड्नु हुन्छ । आफूलाई त्यतिभन्दा बेसी अरू बुझ्नु पर्ने पनि त के थियो र ? बस अब घोडा आयो । म पर्सि गौरीकहाँ पुगें । बस, कति आनन्द !

नभन्दै त्यसको भोलिपल्ट बेलुकी आमाले मेरो हातमा घोडा ल्याएर दिनु भयो । सानो सानो निरपानी रङ्गको सुन्दर वायुपङ्खी घोडा तर प्लास्टिक (आलु) को ! मेरो मन केही खिस्रिक्क भयो । ख्याल ख्यालको त गौरीसँग बाइस्कल नै छ नि ! तर तत्कालै मेरो मनमा अभिमान आयो कहाँको घोडा कहाँ त्यस्तो जाबो बाइस्कल ! अब रह्यो साँच्चिको र ख्याल ख्यालको । साँच्चिको घोडा त उ: त्यो बादलमाथिको सहरमा पो छ, जसलाई म भोलिपर्सि ठुलो भएपछि गएर ल्याउँछु । अहिले त म केटाकेटी नै छु । यसले भइ हाल्छ नि !

"तिमी अहिले क्या, केटाकेटी नै छौ ।" गौरी पनि त मलाई त्यसै भन्थी ।

आखिर त्यो लामो पर्खाइपछिको पनि एक दिन अन्त भयो । सूर्यले बिहान ल्याउनुभन्दा अगाडि गएर मैले आमालाई झिँझोर्ले– "आमा ! आज पर्सि होइन ? हामी गौरीकहाँ जाने है आमा ?... है ?"

"अहिले अलि होइन, अब दुई दिन पख । अनि..."

तर आमाको यो 'पख' लाई मान्यता दिइ रहने अब मलाई के जरुरत थियो र ? अब उठ्दा मेरा खुट्टा काँप्दैनथे, आँखा पनि तिरमिराउँदैनथ्यो । सबभन्दा ठुलो कुरा त के भने गौरीलाई पनि जिल्ल पार्न मसँग घोडा थियो । सानो सानो निरपानी रङ्गको सुन्दर प्लास्टिकको वायुपङ्खी घोडा । बस म बेलुकीपख त्यसैलाई काखी च्यापेर उसको घरतिर दौडें ।

वैशाख महिनाको सिरसिरे बतासले मेरो मन र शरीर दुबै खुब फुर्तिलो थियो । मेरो घरबाट गौरीको घर त्यै पाँच सय हात पनि पुग नपुग होला । मलाई त्यति जाबो पार गर्न कति बेर लाग्दथ्यो र ? एकै सासमा म उसको सडकको ठुलो ढोकामा पुगें ।

आज मलाई त्यहाँको रमझम देखेर आश्चर्य लाग्यो । ढोकाको दुईतिर अबिर, फुलले पूजा गरेर त्यसरी सिँगारेको, पानी भरी भरी भएको चाँदीको गाग्री त्यसरी राखेको मैले पहिले कहिल्यै पनि देखेको थिइनँ । के हो त ? आश्चर्यले पहिलो वेग रोकिएको तर कौतूहलले डबल वेगले तानेको मैले जिज्ञासा रोक्न नसकेर ढोकाको छेउमा उभि रहेको बर्गेंचे शिवको छोरो गोरेलाई सोधें– "किन गोरे दाइ ! के गर्ने त्यसले ?... किन राखेको त्यो ?..."

"किन किन, तिमीलाई के... सानु मैयाँहरू जाने के ।" गोरेले जर्कीटिएको स्वरमा भन्यो । उनीहरूको व्यवहार पनि मप्रति रुखो, दिदीआमाकै ढङ्गको हुन्थ्यो । भैगो यो व्यवहारसँग आफूलाई कुनै मतलब थिएन । मेरो कानमा त गोरेको त्यै जबाफ घुमि रहेको थियो । सानुमैयाँ जाने, कहाँ जाने ? मनमा खुलदुली लिएर म भित्र जान बढें तर सिङ्गै ढोकेले मलाई छेक्यो– "भित्र जानु हुन्न, मैयाँ अहिले यहीं आउँछ ।"

म विमूढ भएर त्यहीं उभि रहें । त्यस वेला एउटा नयाँ मोटर भित्रतिरबाट ढोकातिर बग्दै आयो । ढोकामा आएर थामियो । मैले देखें– गौरीको बुबा गाग्रीमा पैसा हाल्न लागे, गौरी मोटरभित्र थिई ।

"गौरी !" म मोटरतिर हुत्तिएँ अनि झ्यालमा झुन्डिदै कराएँ । "हाम्ले घोडा ल्या' छ बाबै ! मधुकरको घोडा !"

"खोइ ?" गौरी खुसी र उत्सुक भएर मतिर झम्टी । मैले काखीमुनिबाट घोडा झिकेर ऊतिर लम्काएँ तर एक्कासि मेरो जिउमा धक्का लागे झैं लाग्यो । म पर पछारिन पुगें । मेरो घोडा हातबाट उछिट्टिएर दश हात पर सडकमा पछारियो ।

मैले झटपट भुइँबाट उठी धुलो टकटक्याउँदै उता हेर्ें । मोटर बिस्तारै बग्दै थियो । झ्यालमा उभिएर मतिर हेरि रहेकी गौरीलाई एउटा जरुरिएको आइमाई हातले मोटरभित्र घिच्च्यायो । देख्दादेख्दै सडकको माझमा असहाय लोटि रहेको मेरो निरपानी रङ्गको सुन्दर आलु घोडालाई आफ्नो भयानक पाङ्ग्राले किंचिमिची पार्दै मोटर अगाडि बढ्यो । त्यसै वेला मेरो कानमा आबाज आयो–

"...शङ्कर ! यो क्या, छोटाहरूको छिमेक रे ! हाम्री दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या ! त्यसैले हामी घर सरेको ।... हो, साँच्चि, अब म आउन्नँ । तिमी पनि नआउने हाम्रो घरमा ?... उः पर मधेसमा ।" गौरी दिदीआमाको हातबाट छुट्न बल गर्दै मोटर भित्रबाट हात हल्लाएर भन्दै थिई । उसको स्वर बिस्तारै मलिनिँदै गयो ।

किन किन त्यति वेला मलाई भित्रैदेखि रोऊँ रोऊँ लागेर आयो । अब गौरी यहाँ कहिल्यै आउन्न । मेरो आँखा आँसुले धमिलो भयो । त्यै धमिलोमा मैले हेरें । पर आफूभित्र गौरीलाई, मेरी मालतीलाई पचाएको कालो भयङ्कर दानव, मोटर सडकको छातीमा चिप्लिँदै थियो अनि त्यहाँ सडकको बिचमा, मेरो सानो निरपानी रङ्गको सुन्दर आलु घोडा मधुकरको वायुपङ्खी घोडा त्यो कालो दानवको भयङ्कर पाङ्ग्राले किचिमिची भएर असहाय लोटि रहेको थियो ।

(बिरानो देशबाट)

कथाकार परिचय

रमेश विकल (वि. सं. १९८५–२०६५) प्रसिद्ध आख्यानकार हुन् । उनले **नयाँ सडकको गीत, आज फेरि अर्को तन्ना फेरिन्छ, एउटा बुढो भ्वाइलिन आशावरीको धुनमा, उर्मिला भाउज्, शव सालिक र सहस्र बुद्ध** जस्ता कथा सङ्ग्रह र **अविरल बग्दछ इन्द्रावती, सागर उर्लन्छ सगरमाथा छुन** जस्ता उपन्यासको सिर्जना गरेका छन् । सामाजिक यथार्थलाई टिप्दै त्यसप्रति आलोचनात्मक दृष्टि राख्ने विकलका कथामा प्रगतिशील चेतना पाइन्छ । उनी सामाजिक जीवनको यथार्थ चित्र उतार्न सक्ने सशक्त कथाकार हुन् । उनले बाल मनोविज्ञान तथा निम्न वर्गका बाल बालिकाको जीवनका विविध अवस्थाको चित्रण गरेर प्रशस्त कथा लेखेका छन् । उनको 'मधु मालतीको कथा' मा पनि यही विशेषता पाइन्छ ।

शब्दार्थ

तलका पद पदावलीको अर्थ पढ्नु होस् :

वायुपङ्खी घोडा	=	वायुवेगमा कुद्ने घोडा, पखेटा भएको आकाशमा उड्ने काल्पनिक घोडा
विचित्र	=	अनौठो
अनुभूति	=	सोचाइ, भावना
आङ	=	शरीर
बज्रनु	=	पछारिनु, ठोक्किनु
घट्टे रोटी	=	बाक्लो रोटी
मुक्त	=	स्वतन्त्र
कावा खानु	=	आनन्दले डुल्नु, आकाशमा बिस्तारै तल र माथि गर्दै उड्नु
अन्तहीन	=	सीमा नभएको, अन्त नहुने
अकस्मात्	=	एक्कासि, अपर्फट
प्रचण्ड वेग	=	तीव्र गति
महाविकराल	=	ज्यादै डरलाग्दो
सातोपुत्लो	=	होसहवास

लेप्सिनु = टाँसिनु
उद्विग्न = आकुल व्याकुल, चिन्तित दुखित
हात्तीले जिरा खानु = सजिलै पार लाउनु
डन्डा पेल्नु = असाध्यै मिहिनेत गर्नु
अजीर्ण शमन हुनु = पच्नु, रोग निको पार्नु

पठन बोध

१. लोक जीवनमा प्रचलित तल दिइएको 'मधु मालतीको कथा' पनि पढ्नु होस् :

एकादेशमा राजारानी थिए । आफ्ना सात राज कुमारहरू सहित राजा आनन्दपूर्वक राज्य गरि रहेका थिए । एक दिन अचानक रानीको निधन भयो । केही समयपछि राजाले कान्छी रानी भित्र्याए । उनी ज्यादै दुष्ट स्वभावकी थिइन् । सौताका छोराहरू तिनका निम्ति आँखी भएका थिए । तिनले अनेक उपाय रचेर राज कुमारहरूलाई मारी उनीहरूको मुटु कलेजो ल्याई आफूलाई दिन राजालाई बाध्य पारिन् । राज कुमारहरूलाई मार्ने जिम्मेवारी पाएका सिपाहीहरूले चाहिँ राज कुमारहरूलाई जङ्गलमै छाडी मृगहरूको मुटु कलेजो ल्याई रानीलाई दिए र राजकुमारहरू मारिएको कुरामा ढुक्क तुल्याए ।

एक दिन कान्छा राज कुमार सिकार खेल्दै जाँदा जङ्गलमा एउटा सेतो मृगलाई पछ्याउँदै निकै टाढा पुगे । उनी अचानक राक्षसहरू बस्ने गरेको ओडारमा पुगे । त्यस ओडारमा सात जना राक्षसनीहरू बसोवास गर्थे । ती सात राक्षसनीहरूमध्ये कान्छी चाहिँ श्राप पाएर केही समयका निम्ति स्वर्गबाट पृथ्वीमा आएकी मालती नामकी अप्सरा थिइन् । उनीसित राज कुमार मधुकरको प्रेम भयो । राक्षसनीहरूले सेतो मृगका माध्यमबाट सिकारीहरूलाई झुक्क्याई त्यस ओडारमा ल्याउने र एक महिना पुगेपछि खाने गरेको कुरा मालतीबाट मधुकरले थाहा पाए । अब यस्तो अप्ठ्यारो अवस्थाबाट फुत्कने उपाय मधुकर र मालती दुबैले खोज्न थाले । सय मन फलामको चिउरा खाएर, सय मन दुध पिएर, तलाउको बिचमा रहेको फटिकको खम्बा एकै पटकमा तोडेर त्यहाँबाट निस्केको वायुपङ्खी घोडामा चढेर त्यो क्षेत्र पार गर्न सके राक्षसको राज्यबाट मुक्त हुने उपाय पत्ता लाग्यो । यसै अनुसार प्राप्त भएको वायुपङ्खी घोडामा मालतीलाई चढाएर मधुकरले समुद्रको आधाआधीसम्म मात्र के पुऱ्याएका थिए, ठिक त्यही वेला राक्षसनीहरू आफ्नो मायावी शक्तिको प्रयोग गरेर उड्दै आई वायुपङ्खी घोडाको पुच्छरमा झुन्डिए । राज कुमार मधुकरले आफ्नो सुदर्शन चक्रद्वारा घोडाको पुच्छर काटी छ जना राक्षसनीहरूलाई समुद्रमा खसालि दिए ।

समुद्रपारि पुगेकै दिन मालती श्रापमुक्त हुने दिन थियो । त्यसै दिनको मध्य रातमा श्रापमुक्त मालतीलाई लिन विष्णुका दूतहरू वायुयानमा आए । मालतीले रातभरि नसुत्नु भनेको भए पनि मधुकर मालतीलाई रुँगेर बस्दा बस्दै मध्य रात हुनु अगावै भुसुक्कै निदाए । त्यसै वेला विष्णुका दूतहरूले मालतीलाई विमानमा राखी विष्णुलोक पुऱ्याए । यता बिहान उठ्दा मधुकरले मालतीलाई देखेनन् । त्यसपछि मधुकर जुन, घाम, तारा, हावा, पन्छी सबैसँग मालतीका बारेमा सोध्दै खोज्दै भौंतारिन थाले । सबैका भनाइबाट मालती स्वर्गमा छिन् भन्ने थाहा पाएपछि अनेक जुक्ति गरी मधुकर मालतीलाई भेट्न स्वर्ग पुगे । उनी त्यहाँ पुग्दा मालती नाचेर स्वर्गका देवताहरूलाई मनोरञ्जन गराइ रहेकी थिइन् । त्यहाँ अचानक राज कुमार मधुकरलाई देख्दा उनी नाचको तालमा चुक्न पुगिन् । त्यो देखेर रिसाएका इन्द्रले मालतीलाई एक वर्षसम्म पृथ्वीमा ढुङ्गो भएर बस्ने श्राप दिए । श्राप पाउनासाथ उनी पृथ्वीमा खसेर ढुङ्गोमा परिणत भइन् । मधुकरले पनि मैना चरीका बुढाबुढी र

छोराछोरीका कुराकानीबाट ढुङ्गो भएकी मालतीलाई श्रापमुक्त गराउने उपाय पत्ता लगाए । त्यही उपायद्वारा मालतीलाई ढुङ्गोबाट मान्छे बनाएर मधुकरले एक वर्षसम्म मालतीसँग पृथ्वीमा आनन्दपूर्वक विचरण गरे ।

एक वर्षपछि फेरि स्वर्ग जान लाग्दा मालतीले मधुकरलाई एउटा मुरली दिइन् । मुरली बजाएपछि मालती मधुकरकहाँ आउँथिन् । एक दिन त्यो मुरली चोरियो र दुबै जनाको भेटघाट हुन छोड्यो । अनेक जुक्ति लगाई मधुकर फेरि स्वर्ग पुगे । उनले वासुकी नागको भेष लिई स्वर्गमा बाजा बजाउन थाले । मालती नागकन्याको रूपमा नाच्न थालिन् । दुबैले वाद्य वादक र नर्तकीका रूपमा स्वर्गका देवी देवतालाई आफ्नो कलाले प्रभावित तुल्याए । यसबाट खुसी भई देवताहरूले वरदान माग्न आग्रह गर्दा उनीहरू दुबैले सँगै बस्न पाऔं भन्ने वरदान मागे । देवताहरूबाट सो वरदान पाएपछि उनीहरू दुबै जना जीवनभर आनन्दपूर्वक सँगै बसे ।

२. **तलको कथांश पढ्नु होस् र सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

क) यो सबै सङ्गत गुनाको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैं पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) "ठुलाबडाको सङ्गतको विष त महामारी फैले झैं फैलन्छ" भन्नुको तात्पर्य के हो ?

(इ) यो कथन कुन सन्दर्भमा भनिएको हो ?

(ई) यस कथांशपछि लगत्तै कस्तो कथा सन्दर्भ आउँछ ?

(उ) यस कथांशको सार के हो ?

(ख) म बिस्तारै सडकको ठुलो ढोकाबाट निस्कें अनि भरिएका आँखाले ढोकाको डन्डीबाट भित्र हेरें, गौरी मतिर हेरि रहेकी थिई– "तिमी हाम्री दिदीआमाको घर नजाऊ है, शङ्कर ! त्यो त बोक्सी बुढी ।" गौरी हात हल्लाई हल्लाई भन्दै थिई । दिदीआमा र गौरीका बुबा माथि बरन्डामा उभि रहेका थिए । "हेर मलाई गाली गरेकी ? यो मोरो माग्ने छिमेकमा, छोरी भाँड्न आँटचौ तिमीले । छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ? यो छोटाहरूको टोल नछोडेसम्म यिनले छोड्ने होइनन् ।" दिदीआमा बुबासँग भन्दै थिई ।

प्रश्नहरू

(अ) गौरीले शङ्करलाई किन "दिदीआमाको घर नजाऊ" भनेकी हो ?

(आ) गौरीले आफ्नी फुपूदिदीलाई 'बोक्सी बुढी' भन्नु उपयुक्त हो त ?

(इ) "छोटाको हावा लागेपछि बडाको स्वभाव कताबाट होस् ?" भन्नुको तात्पर्य के हो ?

(ई) यस अनुच्छेदमा छिमेकीहरूबिच कस्तो विषमता रहेको देखाइएको छ ?

(उ) गौरी र शङ्करका बिच कस्तो सम्बन्ध देखा पर्छ ?

अभ्यास

१. **लोककथामा मधुकर र मालतीको त मिलन भयो तर 'मधु मालतीको कथा' मा शङ्कर र गौरीको चाहिँ किन बिछोड भएको होला ? प्रतिक्रिया लेख्नु होस् ।**

२. **'मधु मालतीको कथा' ले बाल बालिकाका के कस्ता सामाजिक र मनोवैज्ञानिक समस्या उठाएको छ ?**

३. **बाल बालिकाका बिचमा विभेद सिर्जना गर्ने मूल कारण समाज नै हो त, आफ्नो विचार लेख्नु होस् ।**

४. **'मधु मालतीको कथा' मा व्यक्त विचारप्रति तपाईंको सहमति वा असहमति के छ, लेख्नु होस् ।**

पात्र परिचय लेखन

तलका विशेषण शब्द पढ्नु होस् :

रिसाहा, झगडिया, निर्दयी, अपरिवर्तनशील, मूर्ख, शङ्कालु,
भलादमी, बौद्धिक, परिवर्तनशील, संवेदनशील, आत्मविश्वासी, यथार्थवादी
धनी, गरिब, एकाकी, कालो, गोरो, खुला, सङ्कीर्ण ।

अब तलका शब्द पनि हेर्नु होस् :

बालक, वृद्ध, पुरुष, महिला, वयस्क

मान्छेको चरित्र वा बानी बेहोरा बुझ्न र त्यसबारे वर्णन गर्न यस्ता विशेषण शब्द प्रयोग गरिन्छन् ।

१. **तपाईंले यसभन्दा अगि नै 'छिमेकी' कथामा आएका पात्रहरूका विषयमा पढ्नु र लेख्नु भएको छ । तपाईंले कथाको विकासमा पात्रहरूले निर्वाह गर्ने भूमिकाको पहिचान पनि गरि सक्नु भएको छ । अब तलका कुरा पढ्नु होस् :**

- पात्रहरू समाजको यथार्थका सूचक हुन् । समाजमा प्रत्येक मानिसका भिन्न विचार, स्वभाव र रुचि हुन्छन् । समाजमा बालक, वृद्ध, पुरुष, महिला, धनी, गरिब तथा विभिन्न जातजाति र संस्कृतिका मानिस बस्छन् । यी सबै वा कुनै पक्षको प्रतिनिधित्व गराएर साहित्यकारले कथा, उपन्यास, नाटक आदिमा पात्रलाई प्रस्तुत गरेका हुन्छन् ।
- पात्र परिचय लेखनमा पात्रका यिनै विशेषताको वर्णन गरिन्छ । कुन पात्रको स्वभाव कस्तो छ; उसको रुचि वा प्रवृत्ति कस्तो छ; वर्ग, लिङ्ग, जाति, संस्कृति र उमेरका आधारमा पात्र कस्तो हो र पात्रको बाह्य रूपाकृति तथा मानसिकता कस्तो छ भन्ने कुराको बयान गर्नु नै पात्रको परिचय लेख्नु हो ।
- पात्रको परिचय लेखनका लागि कथा, उपन्यास वा नाटक पढ्दा निम्न प्रश्नहरूमा पनि विचार पुऱ्याउनु पर्दछ :

(क) मुख्य र सहायक पात्रहरू कुन कुन हुन् ?
(ख) कुन पात्रको स्वभाव र रुचि कस्तो छ, कुन कुन पात्रको चरित्रले पाठकको ध्यान तान्न सक्छ र किन ?
(ग) पात्रहरूमा समानता र भिन्नता के के छन् ? एक पात्रले अर्को पात्रका विशेषताको पनि सूचना दिएको छ ? छ भने कसरी ? पात्रहरूको पहिरन, परिवेश आदिका आधारमा तिनको पहिचान कसरी गर्न सकिन्छ ?
(घ) पात्रहरूको परिचय संवाद, वर्णन र कार्यबाट वा अरू पात्रहरूका माध्यमबाट कसरी गराइएको छ ?
(ङ) पात्रहरूलाई कत्तिको आकर्षक रूपमा प्रस्तुत गरिएको छ ? के तिनले पाठकको ध्यान तान्न सक्छन् ?
(च) के पात्रहरू परिवर्तनशील छन् ? छन् भने तिनीहरूमा कसरी र कुन कारणले परिवर्तन भएको छ ?
(छ) पात्रहरूमा आपसी द्वन्द्व छ ? छ भने कसरी प्रकट भएको छ ?
(ज) समग्रमा पाठकको सहानुभूति प्राप्त गर्ने मुख्य पात्र कुन हो ? के पात्रप्रति लेखकले न्याय गरेका छन् ?

२. **माथिका प्रश्नहरूका आधारमा 'मधु मालतीको कथा' कथाका निम्न लिखित पात्रको परिचय लेख्नु होस् :**
(क) गौरी (ख) शङ्कर (ग) दिदीआमा

व्याकरण

क्रियायोगी

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कित क्रियायोगी शब्दहरू चिन्नु होस् :

आज गौरी कता गई ? शङ्करका मनमा खुलदुली जाग्यो । शङ्कर जुरुक्क उठ्यो र ऊ फटाफट हिँड्न थाल्यो । उसले गौरीलाई भेट्टाइ छाड्यो । गौरी मुसुक्क हाँसी । शङ्करले सुस्तरी सास फेऱ्यो । उसले गौरीतर्फ पुलुक्क हेऱ्यो र भन्यो– "गौरी ! तिमी कहाँ गयौ भनी मैले कति खोजें कति ? तिमी भने यहाँ रहिछौ । तिमी मलाई एक्लै छाडेर किन यता आएकी नि ! तिमीलाई यहाँ देखेपछि म अहिले छक्क परें । तिमीलाई पहिले नभेट्दा म निकै आत्तिएको थिएँ; अब चाहिँ ढुक्क भएँ ।

अभ्यास

(क) माथिको अनुच्छेदमा कता, कहाँ, यता, यहाँ जस्ता क्रियाको (काम हुँदा वा गर्दाको) स्थान बुझाउने क्रियायोगी परेका छन् । 'मधु मालतीको कथा' बाट यस्ता स्थान वाचक क्रियायोगी खोज्नु होस् ।

(ख) माथिको अनुच्छेदमा जुरुक्क, फटाफट, मुसुक्क, सुस्तरी, पुलुक्क, छक्क, ढुक्क जस्ता क्रियाको रीति वा तरिका बुझाउने क्रियायोगी शब्द परेका छन् । 'मधु मालतीको कथा' बाट यस्ता रीति वाचक क्रियायोगी शब्दहरू खोज्नु होस् ।

(ग) माथिको अनुच्छेदमा अहिले, पहिले, अब जस्ता क्रियाको समय बुझाउने क्रियायोगी शब्दहरू परेका छन् । 'मधु मालतीको कथा' बाट यस्ता थप शब्दहरू टिप्नु होस् ।

(घ) माथिको अनुच्छेदमा कति, निकै जस्ता क्रियाको मात्रा बुझाउने क्रियायोगी शब्द परेका छन् । 'ऋन्', 'ज्यादै' पनि यस्तै शब्द हुन् । 'मधु मालतीको कथा' पढी त्यहाँभित्र प्रयोग भएका यस्ता मात्रा बोधक क्रियायोगी टिप्नु होस् ।

(ङ) माथिको अनुच्छेदमा 'किन', 'देखेपछि', 'नभेट्दा' जस्ता क्रियाको कारण बुझाउने क्रियायोगी शब्दहरूको प्रयोग भएको छ । 'मधु मालतीको कथा' बाट यस्ता कारण वाचक क्रियायोगी टिप्नु होस् ।

(च) स्थान, समय, रीति, मात्रा तथा कारण जनाउने दुई दुई क्रियायोगीको प्रयोग गरी दश वाक्यमा आफ्नो साथीको वर्णन गर्नु होस् ।

(क्रियायोगीले कार्य व्यापारको स्थान, समय, रीति, मात्रा तथा कारणको बोध गराउँछ ।)

नामयोगी

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कन गरिएका नामयोगी शब्दहरू चिन्नु होस् :

"मसँग ५०० रुपियाँ छ । तिमीसित पनि केही पैसा छ होला । दुबै जना मिली सिनेमा हेर्न पाटनतिर जाऔं न !" शिव नारानले हर्क नारानलाई भन्यो । हर्क नारान परीक्षा नजिकै आएकाले आफ्नो योजना अनुसार पढ्ने सुरमा थियो तर शिव नारानले जोड गरेकाले दुबै जना पाटनतर्फ लागे । उनीहरूले एक जना परिचित व्यक्ति मार्फत टिकट लिए । समय हुनासाथ उनीहरू हलभित्र पसे । त्यहाँ विनोद लगायत साथीहरू पनि रहेछन् । तिनीहरूलाई समेत भेट्दा हर्क नारान दङ्दास भयो ।

माथिको अनुच्छेदमा रेखाङ्कित सँग, सित, तिर, तर्फ, अनुसार, मार्फत, साथ, भित्र, लगायत, समेत शब्द नामयोगी हुन् ।

(नामयोगीले वाक्यमा नामिक शब्दसँग अन्य शब्दको अर्थगत सम्बन्धलाई जोड्दछ ।)

अभ्यास

सँग, तर्फ, सित, मार्फत, अनुसार, समेत, भित्र, मुनि जस्ता नामयोगी शब्दको प्रयोग गरी दश वाक्यमा एउटा अनुच्छेद तयार पार्नु होस् ।

संयोजक

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कन गरिएका संयोजक शब्दहरू चिन्नु होस् :

गौरी र शङ्कर अति मिल्ने साथी थिए । गौरीका बाबुआमा धनी थिए तर शङ्कर गरिबको छोरो थियो । गौरी बाइस्कल चलाउँथी भने शङ्कर पछि पछि दगुर्थ्यो । गौरी शङ्करलाई माया गर्थी; त्यसैले ऊ शङ्करलाई पनि बाइस्कलमा चढाउँथी यद्यपि गौरीकी दिदीआमा गौरीलाई हप्काउँथिन् र शङ्करलाई चङ्काउँथिन् अनि शङ्कर पक्क पर्थ्यो र गौरी वाल्ल पर्थी । जब दिदीआमा रिसाउँथिन् तब गौरी झर्कन्थी । जुन कुराले गौरीको चित्त दुख्थ्यो त्यो शङ्करका मनमा पनि बिज्दथ्यो ।

माथिको अनुच्छेदमा र, तर, भने, त्यसैले, यद्यपि, अनि, जब, तब, जुन, त्यो जस्ता संयोजकको प्रयोग भएको छ ।

(संयोजकले शब्द, वाक्य वा पदावलीलाई जोड्दछ ।)

अभ्यास

१. **'मधु मालतीको कथा' पढी पहिलो अनुच्छेदमा प्रयोग भएका संयोजक शब्दहरू टिप्नु होस् ।**

२. **विभिन्न संयोजकहरूको प्रयोग गरी दश वाक्यमा आफ्नो दैनिकीको वर्णन गर्नु होस् ।**

विस्मयादि बोधक

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कन गरिएका विस्मयादि बोधक शब्दहरू पहिचान गर्नु होस् :

"आबुइ नि ! मधुकर त्यो घोडाबाट खसे भने ? मालती खसी भने ?" मेरो यस्तो प्रश्न सुनेर आमा हाँस्नु भयो र भन्नु भयो– "धत् ! लाटा, मधुकर किन खस्थे ? मधु मालती पनि खस्दिन बाबै ! त्यो घोडा चानचुने घोडा हो र ?" आमाले कथा भन्दै जाँदा मेरो मुटु ढुकढुक हुँदै गयो र मैले फेरि एक्कासि सोधें– " आमा ! मधुकर मर्छ हगि ? राक्षसनीले खान्छन् हगि ?

(विस्मयादि बोधक शब्दले आश्चर्य, हर्ष, प्रशंसा, शोक, निन्दा, घृणा, विस्मृति जस्ता विस्मयादि भाव जनाउँछ ।)

अभ्यास

१. **माथिको अनुच्छेदमा आबुइ, धत्, बाबै जस्ता विस्मय बुझाउने शब्दहरू परेका छन् । 'मधु मालतीको कथा' मा पनि यस्ता अरू शब्दहरू छन् । यस्ता पाँच वटा शब्दहरू टिप्नु होस् ।**

२. **विस्मयादि बोधक शब्दहरूको प्रयोग गरेर आफूले देखेको सपनाको वर्णन गर्नु होस् ।**

निपात

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कन गरिएका निपात शब्दहरू चिन्नु होस् :

मेरो त्यो अप्रत्याशित इन्कारमा गौरी जिल्ल पर्थी, सायद दुखी पनि हुन्थी । किन ? म भन्थें– "मधुकरलाई त्यो घोडा मालतीले दिएको हो र ? उसले आफै खोजेर ल्याएको त हो नि ! म पनि ठुलो भएपछि यस्तो घोडा आफै खोजेर ल्याउन सक्छु है ! गौरी भन्थी– "कहाँबाट नि ?" म भन्थें– "उः ! त्यो बादलमाथिको सहरबाट ।"

माथिको अनुच्छेदमा 'र', 'त', 'नि', 'है', 'उः' जस्ता निपात शब्दहरूको प्रयोग भएको छ ।

(निपात शब्दको खास अर्थ नहुने भए पनि यसले वाक्यमा प्रयोग भई भाषालाई मिठो र लचिलो बनाउन सहयोग पुऱ्याउँछ ।)

अभ्यास

१. **'मधु मालतीको कथा' बाट निपात शब्दहरू खोजेर टिप्नु होस् ।**

२. **र, त, नि, है, पो, रे, नि, हगि जस्ता निपातको प्रयोग गरी दश वाक्यमा बालकहरूका क्रियाकलापको वर्णन गर्नु होस् ।**

पदवर्ग विचलन

तलका अनुच्छेद पढ्नु होस् र पदवर्ग विचलनबारे स्पष्ट हुनु होस् :

क) गाउँका बुढा मान्छेहरू गरिब मानिसलाई धेरै माया गर्छन् । गरिबहरू पनि बुढाहरूलाई आदर गर्छन् । मिठो खान र राम्रो लाउन सबैलाई रहर लाग्छ । मिठो खाना र राम्रो नाना सबैलाई पुऱ्याउन सके बेस हुन्थ्यो ।

ख) त्यो केटो मेरो भाइ हो भने यो केटी मेरी बहिनी हो । यिनले मलाई धेरै माया गर्छन् । यिनको शिक्षादीक्षाको जिम्मेवारी मैले लिनु पर्छ । हिजोआज यी मसँगै बसेका छन् । यी भाइ बहिनी जुन पुस्तक चाहन्छन् ती पुस्तक म किनि दिन्छु ।

ग) म घर बनाउँदै छु, मेरो भाइ भने पहाडको घर गयो । तिमीलाई यो कुरा थाहा छ के । तिमीले थाहा नपाएको कुरा के हो ? मैले र तिमीले यसबारे बसेर पहिल्यै कुरा गरेका होइनौं र ?

माथि अनुच्छेद 'क' मा रेखाङ्कन गरिएका गरिब, बुढा, मिठो र राम्रो शब्दहरू विशेषणबाट पदवर्ग विचलन भई नामका रूपमा आएका छन् । त्यस्तै अनुच्छेद 'ख' मा रेखाङ्कित त्यो, यो, यी, जुन, ती सर्वनाम हुन् तर यहाँ विशेषणका रूपमा आएका छन् । यसरी नै अनुच्छेद 'ग' मा घर, के, र पदहरू क्रमशः नाम, सर्वनाम र संयोजकबाट पदवर्ग विचलन भई क्रियायोगी र निपातका रूपमा आएका छन् ।

(शब्दले कोशीय अर्थ छोडी अर्को पदवर्गीय अर्थ दिने स्थितिलाई पदवर्ग विचलन भनिन्छ ।)

लेख्य चिह्न

तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कन गरिएका चिह्नहरूको प्रयोग बुझ्नु होस् :

"रातमा कति चङ्ख भएर बस्दा पनि मधुकर निदाइ हाले ।" आमा भन्नु हुन्थ्यो– "विष्णु भगवान्का दूतहरूले मधु मालतीलाई स्वर्गको विमानमा हालेर उडाए । जाने वेलामा मालतीले मधुकरलाई बिउँझाउन भरमग्दुर प्रयास गरिन् तर.... मधुकर बिउँझेनन् । मालतीलाई अर्कालै चोरेर लग्यो । मैले देखें– "मधुकर उठेर मालतीलाई नपाउँदा क्रोध, क्षोभ र ग्लानिले बौलाउन थाले ।"

माथिको अनुच्छेदमा " " (उद्धरण चिह्न), – (निर्देशन चिह्न), । (पूर्ण विराम चिह्न), ... (रिक्तता बोधक चिह्न) र , (अल्प विराम) जस्ता लेख्य चिह्नहरूको प्रयोग भएको छ । यस्ता अरू चिह्न पनि हुन्छन्, जस्तै : ( ) (कोष्ठक), ? (प्रश्न सूचक), ! (विस्मय सूचक), / (विकल्प बोधक), : (सापेक्ष विराम), ; (मध्य विराम/अर्ध विराम आदि ।

(लेखाइलाई स्पष्ट पार्न र प्रभावकारी बनाउन लेख्य भाषामा यस्ता चिह्नहरूको प्रयोग गरिन्छ ।)

अभ्यास

'मधु मालतीको कथा' पढी पहिलो अनुच्छेदमा प्रयोग भएका लेख्य चिह्नहरूको सूची बनाउनु होस् ।

बुँदा टिपोट

१. तलको अनुच्छेद पढ्नु होस् र मुख्य मुख्य पाँच बुँदा टिप्नु होस् :

"विश्वको सर्वोच्च शिखर सगरमाथा र नेपालको पहिचान तथा विशेषता" हामीले सुन्दै आएका छौं । यहाँ रारा, फोक्सुन्डो, च्छो रोल्पा, दुध पोखरी जस्ता सयौं रमणीय र महत्त्वपूर्ण हिमतालहरू रहेका छन् । यी हिमतालहरूले धेरै मात्रामा पानी सञ्चय गर्ने तथा तल्लो तटीय क्षेत्रमा जलमा आश्रित पारिस्थितिकीय प्रणालीको बचाउ गर्ने भएकाले वातावरणीय प्रणालीमा यिनीहरूको भूमिका महत्त्वपूर्ण छ । विगत केही वर्षदेखि विश्वमा 'जलवायु परिवर्तन' नामक समस्याले गम्भीर प्रभाव पारेको छ । यो किन भयो ? मानवले निर्माण गरेका

स्रोत साधन (कार्बन उत्सर्जन आदि) द्वारा प्रकृतिमा गम्भीर प्रभाव परेकाले नै यो चुनौती देखिएको हो । जलवायु परिवर्तनले अत्यधिक प्रभावित हिमतालहरूको अस्तित्वका बारेमा गम्भीर बहसहरू भएका छन् साथै अनेकौं अध्ययन र निष्कर्ष निकालिएका छन् । ओहो ! नेपालमा मात्रै करिब २०० भन्दा बढी हिमतालहरू ध्वस्त हुने स्थिति रहेको छ भने केहीको अस्तित्व धेरै अगिदेखि समाप्त भइ सकेको छ । यी तालहरू नष्ट भए भने त्यसले भयानक वातावरणीय समस्याहरू निम्त्याउँछ । यसबाट जैविक विविधता तथा मानवीय संरचनामा पर्ने असरको सीमा बढ्दै गइ रहेको छ ।

२. **माथिको अनुच्छेद पढी तपाईंले टिपेका पाँच वटा मुख्य कुरा नै मुख्य पाँच बुँदा हुन् । यस्ता मुख्य कुरा टिप्नु नै बुँदा टिपोट हो ।**

बोध

तलको अनुच्छेद पढ्नु होस् र अन्त्यमा सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

नेपालको भूधरातल तराई, पहाड र हिमालको विविधताले बनेको छ । तराईको भूभाग समतल छ र यो क्रमशः उत्तरतर्फ पहाड हुँदै उच्च हिमालसम्म पुग्दछ । तराईको समतल भूक्षेत्रको उचाइ समुद्रदेखि ६० मि. छ भने उत्तरको सगरमाथा हिमालसम्म पुग्दा यस धरातलको उचाइ ८,८४८ मि. सम्म पुग्दछ । सगरमाथा हिमालको यो उचाइलाई संसारको सबैभन्दा अग्लो उचाइ भएको क्षेत्र मानिन्छ । तराईदेखि हिमालसम्मको भूविविधता आजभन्दा १२ करोड वर्ष अगाडि भौगर्भिक उथलपुथल हुँदा सिर्जना भएको हो । उत्तरतर्फको युरेसियन प्लेट र दक्षिणमा रहेको भारतीय उपमहाद्वीपको प्लेट एक आपसमा ठक्कर खाँदा हिमाल बन्न गएको कुरा भूगर्भविद्हरू बताउँछन् । यिनै भूधरातलीय विविधतामा नेपालको जलवायु विविधता, जैविक विविधता, सांस्कृतिक विविधता एवम् ताल तथा सिमसारको विविधताको संरचना भइ आएको छ । नेपालका विभिन्न भूभागमा विद्यमान तालतलैया, दह, कुण्ड, पोखरी एवम् सिमसार हाम्रा प्राकृतिक, आध्यात्मिक तथा सांस्कृतिक विकासका धरोहर हुन् । यस्ता स्रोतहरू पनि विकासका लागि आधार बन्दै आएका छन् । उदाहरणका लागि कास्की जिल्लाका फेवा तथा बेगनास तालहरूलाई लिन सकिन्छ जसले पोखराको मनोरमतालाई प्रसिद्धिको शिखरमा पुऱ्याइ दिएका छन् भने यी तालहरू नै आन्तरिक तथा बाह्य पर्यटकहरूका लागि आकर्षण गर्ने माध्यम पनि भएका छन् । यसले गर्दा एकातिर स्थानीय बासिन्दाहरूको जीविकोपार्जनमा सहयोग पुगेको छ भने अर्कातर्फ पर्यटन प्रवर्धनमा सहयोग पुग्न गई देशको राष्ट्रिय आयमा पनि योगदान पुगेको छ ।

प्रश्नहरू :

(क) हिमालको उत्पत्ति कसरी भएको हो ?

(ख) नेपालको भूधरातलीय बनोटमा उचाइका दृष्टिले कस्तो भिन्नता पाइन्छ ?

(ग) विकासका धरोहरहरू के के हुन् ?

(घ) तालतलैया, कुण्ड र सिमसारले कस्तो सहयोग पुऱ्याएका छन् ?

(ङ)'समतल' र 'भूगर्भविद्' शब्दको अर्थ लेख्नु होस् ।

पाठ : पाँच

भलादमी

✍ लक्ष्मी प्रसाद देवकोटा

भलादमी हुनु भनेको असल मानिस हुनु हो । असल मानिस सहृदयी, विनयी र दयालु हुन्छन् । यस्ता मानिसलाई समाजमा मान सम्मान गरिन्छ, तर हिजोआज समाजमा भलादमी हुनुको अर्थ बदलिएको छ । भलादमी आडम्बर, तुजुक र देखावटी चाल चलनको पर्याय बनेको छ । अहम् र घमन्डको प्रदर्शन गर्नेहरू आफैलाई भलादमी ठान्दै समाजलाई दूषित तुल्याइ रहेछन् । यस्तो विकृतिले समाजको सबै क्षेत्र विषाक्त हुन सक्ने हुँदा सच्चा भलादमीको पहिचान गर्नु सबैको दायित्व भएको छ । यस सम्बन्धमा भलादमी निबन्धमा लक्ष्मी प्रसाद देवकोटाले आफ्ना के कस्ता दृष्टिकोण र भावना प्रस्तुत गरेका छन् त ? त्यो कुरा थाहा पाउन 'भलादमी' निबन्ध पढ्नु होस् ।

विकासको सिद्धान्त अनुसार कुनै जाति ओरालो लागि रहेछन्, कोही उकालो लागि रहेछन् । कसैलाई खिइनु छ, कसैलाई फुल्नु र फैलनु छ । व्यासजीको सिंह आजकलको भारत वर्षमा गर्जन गर्दैन । बाघको हुकुम चलि रहेछ । त्यस्तै भाषाको देशमा लबजको दशा हुन्छ । कोही कोही शब्दहरू दुब्ला पातला भएका छन्, तिनीहरूको प्राचीन महत्त्व उडेको छ । ज्यादा पुरानो टकमा खिया लाग्दछ । 'पण्डित' र 'गुरु' भन्ने लबजमा केही फिक्कापन चढ्न लागेको छ । त्यस्तै 'भलादमी' भन्ने शब्दमा पनि अर्थको यति अपभ्रंश भएको छ कि भलादमीपनले भडक र पोसाकसँग नाता जोडि सक्यो । भलादमीपन हृदयबाट बाहिर निस्केर शरीर उपर विज्ञापन छाप्न लाग्यो । खाँडी र कोराले अब भलादमी बन्न सक्तैनन्; घरबुने भलादमीलाई पनि यस युगले बागमतीमा सेलाइ सक्यो । चरित्रका भलादमी अतीतका अँध्यारा कोठरीमा छन्, रङ्ग र रेसमका भलादमी काठमाडौंका गल्लीमा खुसबु उडाइ रहेछन् । जमाना रङ्ग बदलन्छ ।

नोटको भाउ बढेको भए तापनि आजकल भलादमीपन सस्तो मोलमा पाइन्छ । भलादमीपनलाई सूचीकार र मारबाडीले बिक्री गरि रहेछन् । तिमी भलादमी बन्न चाहन्छौ भने सिधासाधा मानिसको कोरापनलाई दर्जीकहाँ गएर काटछाँट गरि माग । दुई चार रुपियाँ बढाइ देऊ तब तिमी कुँदिएको पानीदार हिरा बन्दछौ । छाँट मिलेको कोट पहिरेर, एक छरितो छडी घुमाएर, सडकमा टल्कने जुत्ताको चुरुम चुरुम आबाजमा फुर्तिलो कदम बढाऊ तब गल्लीको कुकुरले पनि तिमीलाई चिन्दछ । तिम्रो भलादमीपन स्वीकार गरेर तिमी उपर भुक्न आउँदैन । चोरीको शङ्काले सम्बोधन गर्नु भलादमीको अपमान हो भन्ने उसले पनि जानेको छ । सफलता जस्तो हौसला दिने केही छैन । तिमी झन् फुर्तिलो कदम बढाउँछौ । समाजमा तिम्रो भलादमीपनलाई 'हजुर' ले गजुर लगाउँछ । जति

काटछाँट गरिएको हुन्छ, उति फुर्ती लम्बिएको हुन्छ । त्यसमा चस्मा चढायौ भने त बिचरो दुनियाँ तिम्रा नजरको के सामना गरोस् ।

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैं उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौंको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर, एउटा सौन्दर्यवर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनु पर्दछ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

उच्च दर्जामा पुगेपछि विशेष गुणहरू सबैसँग हुन्छन् । त्यस्तै कोही भलादमीहरू नआएको भकभकेपन झिक्तछन् । गुलाबको जस्तो भलादमीको पनि ढङ्गको रङ्ग रहनु पर्दछ । साधारण जनताबाट भेद जनाउनलाई भलादमीको हाड नभएको जिब्रो बोलचालमा वैज्ञानिक तबरले लटपटिन्छ । यस्तो भकभकाउनु पनि एउटा शोभा बढाउने अलङ्कार हो । कोही भलादमीहरू चेहराको अनौठो ढङ्ग निकाल्दछन् । कसैको रेसमी रुमाल झिकेर रुघा नलागेको नाक पुछि रहने बानी हुन्छ, यो पनि रबाफको एक काइदा हो, दुनियाँको नजरलाई लोभ्याउने रेसमी झलक हो । कोही भलादमीले ग्रामोफोनबाट हाँसो उतारेका हुन्छन् र सभ्य पाश्चात्य हाँसोको अप्राकृतिक रूप धारण गरेका हुन्छन् । कसैको हाँसो कलकत्ताको सडकबाट ल्याएको हुन्छ । ओठ लम्याएर सुनले बाँधिएको एउटा दाँतले निकालेको मिठो मुस्कान सडकको शिष्टाचार बन्दछ । कोही भलादमीहरूले असाधारण नम्रता लिएका हुन्छन्, विनयको बोझले भोटेनीको कानमा चक्कीले जस्तै यिनीहरूलाई शोभा दिन्छ । कोही बोलक्कड हुन्छन् । बकबकोपाध्यायको सर्टिफिकेट विश्व विद्यालयले कुनै दिन निकाल्ने छ । कोही बडा गफी हुन्छन् । कलकत्ता र बम्बई उनीहरूका हावाखोरी थिए । कसैलाई आफ्ना कुरा माथि पार्ने प्रभुत्व रुच्दछ तर कोही हुन्छन् बडा बुझक्कड, सुकरातको गम्भीर भाव, रवीन्द्र बाबुको चेहराको उडान, उनकै आकृतिमा बसेको हुन्छ । बहुत कम बोल्दछन्, दुनियाँले उनीहरूलाई तौलन सक्तैन ।

आकर्षण शक्तिको सिद्धान्त भलादमी उपर घट्तछ । भलादमीको नजिकमा एउटा नदेखिने चुम्बकले तान्दछ । जबसम्म तिमी भलादमीहरूको छायामा रहन्छौ तबसम्म तिमी आफूलाई मानिस भन्न दोधारमा रहन्छौ । तिम्रो आदर या प्रशंसा उनीतर्फ खिचिएको हुन्छ । उनका गफलाई तिमी सफेद सत्य भनी ठान्दछौ । फेरि उनीहरूको मोहनीबाट पचास गज दूर नभईकन तिमीलाई साँचो कुरा झल्किँदैन । अझ यस्तो शक्तिले स्त्री जातिका उपर ज्यादा काम गर्दछ । आकर्षण शक्तिको नियम अनुसार भिन्न वस्तुहरू परस्पर खिचिन्छन् ।

प्रशंसा प्रेमको जिउँदो आकार भलादमी हो । हामी अरूलाई आफ्ना पुजारी बनाउन चाहन्छौं । यो भाव भलादमीमा सबभन्दा चर्को तबरले देखिन्छ । दुनियाँको नजर नभए भलादमीपनको दरकार थिएन । पूजा गर्दा हामी देवतालाई सिँगार्दछौं, भलादमी आफैलाई सिँगार्दछ, आफै आसन जमाउँछ, लोकप्रियता र प्रभुत्वको कला भलादमीले स्वभावैले लिएर आएको हुन्छ । मानिसको देखावटी चातुर्य भलादमीको प्रतिभा हो । भलादमीपन चरित्रको एउटा विचित्र प्रदर्शनी हो ।

भलादमीको दुनियाँ बाहिरी देखावटमा हुन्छ । भलादमी र फुस्रा सिद्ध मनोवैज्ञानिकका दुई छेउमा रहेका हुन्छन् । पहिलाको दृष्टि गोचर दुनियाँसँग सम्बन्ध रहन्छ, पछिल्लाको जगत् आँखाको पहुँच पार हुन्छ । एउटाले

चर्मचक्षुको हद देखाउँछ । अर्कालै मनका आँखाको सीमा देखाउँछ । एउटालाई अर्को पागल जस्तो हुन्छ । यसलाई वस्त्र जस्तो ठुलो चमत्कार केही छैन; उसलाई परिधानको बेपर्वाही हुन्छ । एउटा भन्छ, "हेर, रमाइलो दुनियाँ जीवनको आनन्द कहाँ छ ? खानु, पिउनु, हाँस्नु, मोज उडाउनु मानिसकै जुनीको अधिकार हो ।" अर्को भन्छ, "दुनियाँ रङमगाइ रहेछ । म दुइटै चमत्कार देख्तछु– ताराङ्कित आकाशको महिमा र भित्रका नैतिक नियमको विभूति !" यी दुईको सधैंको झगडा छ, भलादमी भौतिकवादको प्रतिनिधि हो, महात्मा अध्यात्मवादको वाङ्मुख हो । सत्य बिचैमा रहन्छ भन्दछन् ।

भलादमीका अरू किसिमका सूक्ष्म रूपहरू छन् । जसको नजर आफू बाहिर छ, भलादमी भनेको त्यही हो । बोक्रेपन सबै भलादमीको चिह्न हो । साहित्यका क्षेत्रमा पनि यस्ता भलादमी हुन्छन् । जब तिमी लोकप्रियता र देखावटमा लाग्दछौ, तिमी बोक्रे कवि या बोक्रे लेखक बन्दछौ । विचार आत्मा हो, शब्द शरीर हो, अलङ्कारादि वस्त्रभूषाहरू हुन् । जब तिमी शब्द र अलङ्कारका पछि दगुर्दछौ तब तिमी साहित्यिक भलादमी बन्दछौ । जनताको आधुनिक रुचिले तिमीलाई शिर चढाउँछ तर फुस्रा बाबाका छातीमुनि पनि विचित्र शृङ्गार रहेको हुन्छ । यो भित्रको वैचित्र्य, त्यो बाहिरको । तर भलादमी जति रङ्गीचङ्गी भए पनि नङ्गा सिद्धको चेहरामा भित्रबाट निस्किएको ज्योति नै प्रभावपूर्ण हुन्छ । भलादमी ! तिमी प्रसिद्ध हुन हतपताउँछौ पैसा जस्तै नाम पनि सच्चा तवरले कमाउनु पर्दछ तर तिमीलाई प्रशंसा प्रेमले मात्र कर्म क्षेत्रमा ल्याउँछ । रङ्गीचङ्गी भडकले आउँछौ, तिमी हृदयमा आसन जमाउँदैनौ, आँखा मात्र तिरिमिच्याउँछौ । भित्र हेर्न छाडेर बाहिरको विचार गर्नासाथ तिमी साहित्य देशमा गल्लीको बोक्रे भलादमी बनि हाल्दछौ । काँचको चस्माको ठाउँमा तिमी किताबका चस्मा चढाऔला, पाउडरको सट्टा तिमी कालो चरित्रको चेहरामा सफेद लगाऔला । लालीको बदला तिमी नक्कली रङ्ग रचाऔला ।

त्यस्तै अरू क्षेत्रहरूमा पनि भलादमीहरू छन् । चित्तशुद्धिभन्दा शरीर शुद्धिको विचार राख्ने पुजारी, भावभन्दा शब्द याद गर्ने पाठक, मानिसको हितभन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक, मासु खाएर सहभावको कविता लेख्ने कवि, बुझाउनभन्दा हात लगाउन जान्ने शिक्षक, गर्नभन्दा बोल्न जान्ने नोकर, अर्काको लेखमा हँस्सी उडाएर कलम सुताउने पाठक– यी एक एक किसिमका एक से एक भलादमी हुन् ।

(लक्ष्मी निबन्ध सङ्ग्रहबाट)

निबन्धकार परिचय

लक्ष्मी प्रसाद देवकोटा (वि.सं. १९६६–२०१६) नेपाली साहित्यका बहुमुखी प्रतिभा हुन् । उनले कविता काव्य, निबन्ध, नाटक र कथा, उपन्यासको सिर्जना गरेका छन् । उनी स्वच्छन्दतावादी साहित्यकार हुन् । उनका सिर्जनामा मानवतावाद, देशभक्ति, प्रकृति चित्रण र क्रान्तिकारी प्रगतिशील चेतनाका साथै मानव जीवनका विकृति र विसङ्गतिप्रतिको व्यङ्ग्य पनि पाइन्छ । **लक्ष्मी निबन्ध सङ्ग्रह** र **दाडिमको रुखनेर** उनका निबन्ध सङ्ग्रहहरू हुन् । उनले **मुना मदन, कुञ्जिनी, राज कुमार प्रभाकर, मायाविनी सर्सी** जस्ता खण्डकाव्य र **शाकुन्तल, सुलोचना, प्रमिथस** जस्ता महाकाव्य पनि लेखेका छन् । निबन्धकारका रूपमा आत्मपरकता उनको मुख्य पहिचान हो । जीवन जगत्का विभिन्न विषयलाई आधार बनाएर उनले आफ्ना मनोभाव तथा विचारहरूको सुन्दर संयोजन गरी अत्यन्त उत्कृष्ट निबन्धहरू रचेका छन् ।

शब्दार्थ

१. **ठिक शब्दसँग जोडा मिलाउनु होस् :**

लबज	पहिरन
टक	वारेस
कोरा	गहना
वाङ्मुख	अन्योल
खुसबु	प्रचार
पानीदार	खद्दर
निर्भर	अनौठो
विनय	पैसा
दोधार	चमक भएको
चातुर्य	चलाखी
परिधान	बास्ना
प्रतिनिधि	प्रवक्ता
विज्ञापन	नम्रता
आभूषण	आश्रित
विचित्र	बोली

२. **विपरीतार्थक शब्द लेख्नु होस् :**

सूक्ष्म, आधुनिक, आकर्षण, फुर्तिलो, साधारण, हाँसो, सत्य, प्रशंसा, प्रेम, आध्यात्मिक, नक्कली ।

३. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नु होस् :**

भडक, घरबुने, गजुर, रेसमी, चुम्बक, दृष्टि गोचर, चित्तशुद्धि, सहभाव

पठन बोध

तलका निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस्:

(क) विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैँ उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौँको मसिनो डोराले, ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर, एउटा सौन्दर्य वर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनु पर्दछ । यसमा पनि विशिष्टता हिँडाइको कला, लच्काइ, हाउभाउ, हास्य र बोलीमा निर्भर रहन्छ ।

प्रश्नहरू

(अ) 'विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ' भन्नुको तात्पर्य के हो ?

(आ) उपर्युक्त निबन्धांशमा कस्तो प्रकारको भलादमीलाई चिनाइएको छ ?

(इ) निबन्धकारले कसलाई उत्तम श्रेणीको भलादमी मानेका छन् ?

(ई) भलादमीको विशिष्टता के कुराबाट थाहा पाइन्छ ?

(उ) यस निबन्धांशको मूल आशय के हो ?

(ख) भलादमीको दुनियाँ बाहिरी देखावटमा हुन्छ । भलादमी र फुस्रा सिद्ध मनोवैज्ञानिकका दुई छेउमा रहेका हुन्छन् । पहिलाको दृष्टि गोचर दुनियाँसँग सम्बन्ध रहन्छ, पछिल्लाको जगत् आँखाको पहुँच पार हुन्छ । एउटाले चर्मचक्षुको हद देखाउँछ । अर्काले मनको आँखाको सीमा देखाउँछ । एउटालाई अर्को पागल जस्तो हुन्छ । यसलाई वस्त्र जस्तो ठुलो चमत्कार केही छैन; उसलाई परिधानको बेपर्वाही हुन्छ । एउटा भन्छ, "हेर, रमाइलो दुनियाँ जीवनको आनन्द कहाँ छ ? खानु, पिउनु, हाँस्नु, मोज उडाउनु मानिसकै जुनीको अधिकार हो ।" अर्को भन्छ, "दुनियाँ रङमगाइ रहेछ ।" म दुइटै चमत्कार देख्तछु– ताराङ्कित आकाशको महिमा र भित्रका नैतिक नियमको विभूति ! यी दुईको सधैंको झगडा छ, भलादमी भौतिकवादको प्रतिनिधि हो, महात्मा अध्यात्मवादको वाङ्मुख हो । सत्य बिचैमा रहन्छ भन्दछन् ।

प्रश्नहरू

(अ) भलादमीले समाजमा आफ्नो परिचय कसरी बनाउँछ ?

(आ) भलादमी र फुस्रा सिद्धको जीवन सम्बन्धी दृष्टिमा के भिन्नता छ ?

(इ) भलादमीले फुस्रा सिद्धका बारेमा कस्तो मान्यता राख्दछ ?

(ई) निबन्धकारले भलादमी र सिद्ध बाबाका बिचमा के भिन्नता देखाएका छन् ?

(उ) यस निबन्धांशमा व्यक्त भएको भलादमी सम्बन्धी दर्शनको निष्कर्ष के हो ?

अभ्यास

१. साहित्यिक भलादमीका बारेमा निबन्धकारको कस्तो दृष्टिकोण रहेको छ ?

२. भलादमी निबन्धले मानिसका कस्ता कमजोरीमाथि व्यङ्ग्य गरेको छ ?

३. "चरित्रका भलादमी अतीतका अँध्यारा कोठरीमा छन्, रङ्ग र रेसमका भलादमी काठमाडौंका गल्लीमा खुसबु उडाइ रहेछन् ।" यस भनाइबारे आफ्नो प्रतिक्रिया लेख्नु होस् ।

व्याकरण

शब्दको पहिचान

१. तल 'क' र 'ख' समूहका भाषिक एकाइमा ध्यान दिनु होस् :

'क' समूह	'ख' समूह
ड, ऋ, लासिता	म, तँ,
सलप	कपाल, पानी
डिया, बन्धिसी	दुधेरो, चक्लेट
सिछ, कओ	किताब, खेल, बग्छ

नेपाली भाषामा उपर्युक्त 'क' समूहका भाषिक एकाइको अर्थ छैन तर 'ख' समूहका भाषिक एकाइ सार्थक छन् । त्यसैले 'क' समूहका एकाइबाट सार्थक वाक्य बन्दैनन् तर 'ख' समूहका एकाइबाट सार्थक वाक्य बनाउन सकिन्छ ।

२. **तलको अनुच्छेदमा हरेक डिकोमा एक एक शब्द रहेका छन् । वाक्यमा हरेक शब्द अलग अलग लेखिन्छन् । तलका वाक्य हेर्नु होस् :**

पूजा गर्दा हामी देवतालाई सिँगार्दछौँ, भलादमी आफैलाई सिँगार्दछ, आफै आसन जमाउँछ, लोकप्रियता र प्रभुत्वको कला भलादमीले स्वभावैले लिएर आएको हुन्छ । मानिसको देखावटी चातुर्य भलादमीको प्रतिभा हो ।

३. **माथिको उदाहरणका आधारमा शब्दहरूलाई डिको मिलाएर लेख्नु होस् :**

हिमालीक्षेत्रमा बस्नेसेर्पा जातिको रहनसहनर जीवनपद्धतिमा हिमालीप्रकृतिको प्रभावपाइन्छ । उनीहरूचौँ रीको दुधखा एर याकको गीतगाउँछन् । प्रकृ तिसँग रमा उनपाउनुको मजानै अर्कै हुँदोरहेछ ।

शब्दका प्रकार

१. **तलका शब्दहरू विभिन्न स्रोतबाट आएका छन्, पढ्नु होस् :**

तत्सम	तद्भव	आगन्तुक
प्रीति, कृष्ण, अधिवेशन	आँसु, दही, दुध, पात, पाँच	पसल, टिकट, कोट, सोल्टी
मृत्यु, त्रिमूर्ति, पञ्चशील	आगो, ओखती, रातो	बिजुवा, याल, पैनी, घ्यावा
स्वर्गीय, शिखर, शान्ति	हरियो, पहेँलो, हात, चौध	सिकर्मी, रोदी, हाकिम, रिक्सा
ऊर्वर, चैतन्य, दीनता	काठ, छाता, सास, ओठ	एक्सरे, किताब, जुलुस
पार्थिव, निमेष, अविदित	मुठी, कोठा, काम, माछो	पुलिस, बोनस, कार्टुन

संस्कृत भाषाबाट जस्ताको तस्तै आएका शब्द तत्सम हुन् । संस्कृत भाषाबाट परिवर्तन हुँदै नेपालीमा आएका शब्द तद्भव हुन् । यी दुबैलाई मौलिक शब्द भनिन्छ । संस्कृत बाहेक अन्य भाषाहरू (अङ्ग्रेजी, फारसी, हिन्दी, नेवारी, तामाङ, गुरुङ, मैथिली, थारू आदि) बाट आएका शब्द आगन्तुक हुन् ।

२. **स्रोतका दृष्टिले तलका रेखाङ्कित शब्द तत्सम, तद्भव वा आगन्तुक कुन हुन्, छुट्टयाउनु होस् :**

विद्याको सर्टिफिकेट कोठाको बाकसमा हुन्छ । भलादमीको प्रमाण पत्र सधैँ उसका शरीर उपर विज्ञापन जाहेरी गर्दछ । पोसाक मात्र पहिला पास हो । त्यसमा पनि रेसमी रुमालको फुलदार फर्काइ र टोपीको कर्काइले पहिलो श्रेणीमा उत्तीर्ण भएको जनाउँछ । कपालको छाँट र जुँगाको कटाइले दोस्रो परीक्षाको परिचय दिन्छ । फेरि आँखीभौँको मसिनो डोराले ओठ र गालाको फिक्का हलुका लालीको सुस्त चढाइले उत्तम श्रेणी जनाउँछ । सबको शिखर एउटा सौन्दर्य वर्धक कोठी र अत्तरको हरहराउँदो खुसबुले सडकमा हिँड्नेहरूको नाक र नजरमा आक्रमण गरेको हुनु पर्दछ ।

३. **ऱ्याम्म, सुटुक्क, लहलह आदि ध्वनि र दृश्यको अनुकरणबाट निर्मित शब्द अनुकरणात्मक हुन् । तलको अनुच्छेदका कुन कुन शब्द अनुकरणात्मक हुन्, पहिचान गर्नु होस् :**

बस सुलुलु बाटामा गुड्यो । त्यो बिसौनीमा टक्क अडियो । राम त्यहाँ उत्रिँदा झमझम पानी पऱ्यो । त्यतिखेरै सिर्र हावा चल्यो । झमक्क रात पर्न लागेकाले उसको मन चिसिक्क भयो । कतैतिर ढ्वाङ्ङ आबाज पनि आयो । कुकुरले ह्वाङह्वाङ गरेको पनि सुनियो । ऊ लुसुक्क घरतिर लाग्यो । आकाशमा टहटह जुन लागेको थियो ।

४. **शब्दलाई मूल र व्युत्पन्न गरी दुई प्रकारमा विभाजन गरिन्छ :**

मूल शब्द उपसर्ग र प्रत्यय नलागेका तथा द्वित्व र समास पनि नभएका शब्द हुन्; जस्तै : बाटो, गाउँ, दाल, घर आदि । मूल शब्दमा उपसर्ग वा प्रत्यय लागेर, द्वित्व वा समास भएर व्युत्पन्न शब्द बन्दछन्; जस्तै : कुबाटो, गाउँले, दालभात, घरेलु आदि ।

क) तलका शब्द मूल शब्द हुन् :

गाउँ, घर, वन, बाटो, दाम, के, कुरा, मन, ऊ, म, त्यो, असल, ठुलो, रातो, सानो, एक, सय आदि ।

ख) तलका शब्द व्युत्पन्न शब्द हुन् :

(अ) **शब्द वा आधार पदमा उपसर्ग लागेका–** अधिकृत, अनाचार, उपकार, सुकर्म, कुबाटो, स्वागत, सम्बन्ध आदि ।

(आ) **शब्द वा धातुमा प्रत्यय लागेका–** कविता, घनत्व, आर्थिक, रमणीय, पूज्य, श्रीमान्, बसाइ, बुढोपन, घमाइलो आदि ।

(इ) **एउटै शब्द दोहोरिएर बनेका–** घर घर, भातसात, ऐँचोपैँचो, ससानो आदि ।

(ई) **दुई वा दुईभन्दा बढी शब्दको मेल भएका–** दाइभाइ, दालभात, मातापिता, आगोपानी, भाग्योदय, वार्षिकोत्सव, वनभोज, पत्र मित्रता, हिजोआज, डाँडाघरे, दोबाटो, राँकेभूत, गहुँगोरो, समाज सेवा आदि ।

५. तलको अनुच्छेदबाट मूल र व्युत्पन्न शब्दको सूची बनाउनु होस् :

आज घामपानीले गर्दा बाहिर रमाइलो छ । आआफ्नो काम सकेर हामी घुमफिर गर्न निस्कन्छौँ । अनावश्यक कुरा गरेर कैफ्मेलामा समय खेर फाल्नुभन्दा त प्राकृतिक वातावरणमा विचरण गर्नु धेरै राम्रो ! खेतबारीको हरियालीमा आँखा घुमाउँदै र खोलानाला पार गर्दै हामी गाउँबस्ती घुम्न जान्छौँ ।

रूपायन

१. तलका वाक्य पढ्नु होस् र शब्द रूपायनका आधार थाहा पाउनु होस् :

- मेरो सानो छोरो आज स्कुल जान्छ । ऊ हिजो चाहिँ स्कुल गएन । मेरी सानी छोरी पनि त स्कुल जान्छे । उनीहरू दुबै अब सँगै स्कुल जान्छन् । म पनि मेरा साना छोरा र छोरीसँग कहिले काहीँ स्कुल जान्छु ।
- माथिका वाक्यमा आएका मेरो र सानो विशेषण शब्दको मेरा, मेरी र सानी, साना जस्ता शब्दमा रूपायन भएको छ । त्यसै गरी 'छोरो' नाम शब्दको छोरी, छोरा जस्ता शब्दमा र जान्छ क्रियाको गएन, जान्छे, जान्छन् र जान्छु जस्ता शब्दमा रूपायन भएको छ ।
- माथिका वाक्यमा परेका आज, हिजो, चाहिँ, पनि, अब, र, सँग, कहिले काहीँ शब्द चाहिँ रूपायन नभई उस्तै रहेका छन् ।
- वाक्यमा प्रयुक्त हुँदा लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष आदि व्याकरणिक कोटिका आधारमा रूप परिवर्तन हुन्छ । नाम, सर्वनाम, विशेषण र क्रियाको रूपायन हुने हुँदा ती विकारी शब्द हुन् भने क्रियायोगी, नामयोगी, विस्मयादि बोधक, संयोजक र निपात शब्दको रूपायन नहुने हुँदा यी अविकारी शब्द हुन् ।

२. तलका वाक्यहरूलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा आवश्यक सुधार सहित पुनर्लेखन गर्नु होस् :

ऊ रामेछापमा जन्मेको छ । उसले नेपाली विषय अध्ययन गरेको हो । उसले एम. ए. परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेको छ । ऊ क्याम्पसमा प्राध्यापन गर्न आएन । उसकी महिला साथी छे । ऊ अहिले विदेशमा पढाउँदै छे । त्यहाँ उसले धेरै किताबहरू लेखेकी छ ।

३. तलको अनुच्छेदका वाक्यहरूलाई बहु वचनमा परिवर्तन गर्नु होस् :

सानो भाइ बनारस गयो । उसले त्यहाँ पाँच वर्ष पढ्ने छ । त्यसपछि ऊ काठमाडौँ फर्कने छ । उसको साथीले स्वागत गर्ने छ । ऊ दङ्ग पर्ने छ र फेरि विदेश जाने छैन ।

४. **तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक परिवर्तन सहित प्रथम पुरुषबाट द्वितीय पुरुषमा लैजानु होस् :**

म नेपाली हुँ । म सगरमाथा पुगेको छैन । म कहिले त्यहाँ पुगूँ भन्ने विचारमा छु । मैले अहिलेसम्म त्यहाँ जाने अवसर पाएको छैन । म सगरमाथामा पुगेर गौरवान्वित हुने छु ।

५. **तलको अनुच्छेदका वाक्यहरूलाई आवश्यक सुधार सहित सामान्य भूत कालमा परिवर्तन गर्नु होस् :**

भाइ भात खान्छ । ऊ हतार हतार गृहकार्य सिद्ध्याउँछ । ऊ खुसी भएर फुटबल खेल्छ । ऊ फुटबलमा साथीहरूलाई जित्छ । ऊ मुसुक्क हाँस्दै घर फर्कन्छ ।

६. **तलका वाक्यहरूलाई आवश्यक सुधार सहित इच्छार्थक भावमा परिवर्तन गर्नु होस् :**

मेरी बहिनी ज्ञानी भएर पढ्छे । ऊ दिनरात नभनी परिश्रम गर्छे । ऊ सबैलाई जितेर प्रथम हुन्छे । ऊ भविष्यमा योग्य नागरिक बन्छे ।

अभिव्यक्ति

निबन्ध लेखन

निबन्ध लेखनका निम्ति कुनै एक शीर्षक चयन गर्नु होस् । त्यसको उठान, विस्तार र समापनको ढाँचाबारे सोच्नु होस् । त्यसका बारेमा मनमा उठेका भाव वा विचारलाई व्यवस्थित रूपमा व्यक्त गर्ने योजना बनाउनु होस् । यस सिलसिलामा विभिन्न बुँदाहरू तयार गर्नु होस् र निबन्ध लेख्नु होस् ।

दिइएका बुँदाहरूका आधारमा तलको शीर्षकमा निबन्ध लेख्नु होस् :

सामाजिक उत्थानमा महिलाको भूमिका

बुँदाहरू

- आधी आकाश ओगट्ने महिला समुदाय आर्थिक, राजनीतिक, शैक्षिक र सांस्कृतिक क्षेत्रहरूमा उपेक्षित,
- महिलाहरूको सक्रिय सहभागिताविना सामाजिक उत्थान सम्भव नहुने,
- परम्परा र संस्कारका कारण महिलाहरू पछि परेका,
- सामाजिक विभेद महिला उत्थानका निम्ति बाधक,
- सामाजिक तथा कानुनी दृष्टिले महिला सशक्तीकरणको आवश्यकता ।

•

पाठ : छ

हर्क बहादुर

✍ दिनेश अधिकारी

- नेपाली समाजको आर्थिक चित्र कस्तो छ ?
- के नेपाली किसान, श्रमिक तथा मजदुरहरूले आफ्नो उत्पादन र श्रमको उचित मूल्य पाएका छन् ?
- यही देशका नागरिक भएर पनि किसान, श्रमिक र मजदुरहरूले किन स्वाधीनता, आत्मसम्मान र गौरवको अनुभूति गर्न सकि रहेका छैनन् ?
- देशले कहिले यस्तो अवस्थाबाट पार पाउने हो ?
- मेचीदेखि महाकाली तथा हिमाल, पहाड र मधेस सबैतिर निम्न वर्गको जीवन किन जटिल छ ?

श्रमिकले मिहिनेत गर्छ श्रमको मूल्य पाउँदैन; किसानले उत्पादन गर्छ उत्पादित वस्तुको उचित मूल्य पाउँदैन; ऊ बाँचि रहेछ तर वास्तविक मान्छे भएर किन बाँच्न पाउँदैन ?

'हर्क बहादुर' कवितामा नेपाली समाजको यस्तै सग्लो चित्र खिचिएको छ ।

उसलाई धेरै नामहरूबाट चिन्न सकिन्छ
ऊ दाउरे पनि हो
ऊ चाउरे पनि हो
ऊ काले पनि हो
अरूहरूबाट आफ्नो सक्कली नाम सुन्न
व्यक्ति, जसले बाबुको सराद्धे पर्खनु पर्छ
ऊ हर्क बहादुर हो

•

हर्क बहादुर कुनै अर्जुनभन्दा कम पौरखी छैन
बिहान झिसमिसेमै गोरु नारेर ऊ
कहिले बाँझो मार्न जान्छ
कहिले कोदाली बोकेर
आली ताछ्न र बाउसे गर्न भ्याउँछ
ऊ सफल दूरदर्शी पनि हो
उसलाई थाहा छ–

लुगा फाट्छ, छाला फाट्दैन
छाला, साहु काढेर किन्न पनि पाइन्न
ऊ नाङ्गो आङले भारी बोक्छ
ऊ नाङ्गो आङले धर्ती जोत्छ
हो, गाउँका सभा समारोहमा जाँदा
हर्क बहादुर–
टिठ लाग्दा आँखाले
घरी ऋन्डा र घरी आफ्नो आङ हेर्छ
घरी आफ्नो आङ र घरी ऋन्डा हेर्छ
सायद हर्क बहादुर
छातीभित्र अट्टहास पनि हाँस्छ
सायद हर्क बहादुर
मनहरूमा कोलम्बस पनि बाँच्छ–
कि, मान्छेको प्रयोगमा आउनुभन्दा पर
वस्तुको अर्को ठुलो उपयोगिता छैन भने
बटुलेर संसारभरिका ऋन्डाहरू
लुगा सिउँदा
हरेक नाङ्गोलाई भाग पुग्छ
– हरेकलाई कछाड पुग्छ
– हरेकलाई मजेत्रो पुग्छ
ऋन्डा– मान्छेको परिचय होइन
मान्छे स्वयम्मा परिचित इतिहास हुन्छ
मान्छे स्वयम्मा परिलक्षित आकाश हुन्छ

•

हर्क बहादुरलाई आफू बाँचेको युग थाहा छैन
गते,
बार,
महिना
ऋतु,
वर्ष
र तिथि पनि थाहा छैन
समय, सायद आफ्नो पुच्छर आफैले निल्ने सर्पले भोग्छ
समय, सायद हात हतियार छाड्ने कल कारखानाले भोग्छ
योजनाले भोग्छ

साइरनले भोग्छ
हर्क बहादुरले आजसम्म समय भोगेको छैन
हर्क बहादुरले अझैसम्म समय मागेको छैन
समयको नाममा
भोग्दा–
उसले महिषासुर झापडहरू भोगेको छ
माग्दा–
उसले अन्नका दानाहरू मागेको छ
कपासका गाँठ र बारीका पाटाहरू मागेको छ
एउटा एउटा बन्दुक बोक्ने हातलाई
एउटा एउटा कोदाली दिनु पर्छ
हर्क बहादुरले सधैँ कोदाली मागेको छ

•

हर्क बहादुर भोक हो
भोकको देश र भेष पनि हुँदैन
भोकको आफन्त र पराई पनि हुँदैन
हर्क बहादुर ठेस हो
पीडा आकारमा आबद्ध हुँदैन
पीडाको साँध सिमाना र घरबार पनि हुँदैन
म साँच्चै भन्छु–
भोक यदि देश हो भने
हर्क बहादुरभन्दा सुकिलो अर्को देश हुनै सक्तैन
शोक यदि देश हो भने
हर्क बहादुरभन्दा ठुलो अर्को देश हुनै सक्तैन

•

राष्ट्रियता ! राष्ट्रियता !! राष्ट्रियता !!!
स्वाधीनता ! स्वाधीनता !! स्वाधीनता !!!
नागरिकता ! नागरिकता !! नागरिकता !!!
परार उसकी सात बर्से छोरी
सर्पले टोकेर अकाल मर्दा
खै ! राष्ट्रियता औषधीमा अनुवाद हुन सकेको ?
पोहोर अनिकालबाट बच्न
छोरो मुग्लान भासिँदा
खै ! स्वाधीनताले 'नजा' भन्न सकेको ?
यसै पालि

बाढीले गाउँ बगाउँदा
खै ! नागरिकता घर भएर ठडिन सकेको ?
लैजाऊ !
सट्टामा केही दिनु पर्दैन
राष्ट्रियता विज्ञप्त छ
स्वाधीनता विज्ञप्त छ
नागरिकता विज्ञप्त छ
हर्क बहादुरका सन्दर्भमा
यी सबैको प्रयोजन
सिउनीमा अल्झेको सुर्तीको धुलोभन्दा बढी छैन
सिउनी टकटक्याएर त
हर्क बहादुर
एक सर्को फुक्न बिँडी पनि बेर्न सक्तैन

•

भनँ नि !
हर्क बहादुरको देश छैन
हर्क बहादुर हरिऔनको बासिन्दा मात्र पनि होइन
ऊ तपाईंको गाउँमा/सहरमा/देशमा पनि भेटिन सक्छ
जित बहादुर पनि हर्क बहादुर हो
भीम प्रसाद पनि हर्क बहादुर हो
हर्क बहादुर एकलव्यको नयाँ संस्करण हो
सलाम !
खर्च नपाएर
आफैमा तरुनी छोरीको बैंस बुढी स्वास्नीको भोक काँपि रहेको
हर्क बहादुरलाई मेरी स्वास्नीको सिन्दूर पोतेको सलाम !
सलाम !
दिमागमा छोराछोरीको लुगाफाटो
र छातीमा आफ्नै सहिद तस्बिर टाँगि रहेको
हर्क बहादुरलाई मेरी आमाको काखको सलाम !!
सलाम !
मान्छे करङको दतिउन
र हाडको चन्दन लेप नलगाएर
मन्दिर र मस्जिदभन्दा पनि पवित्र बाँचि रहेको
हर्क बहादुरलाई मेरो कविताको सलाम !!!

(धर्तीको गीतबाट)

कवि परिचय

दिनेश अधिकारी (जन्म : वि.सं. २०१६) नेपाली साहित्यका प्रसिद्ध कवि तथा गीतकार हुन् । उनका **अन्तरका छिटाहरू, धर्तीको गीत, इन्द्रजात्रा, अतिरिक्त अभिलेख, आदिम आवाज, मन र मोडहरू, सीमान्त सपना** आदि कृतिहरू प्रकाशित छन् । उनी सामाजिक समस्यालाई विषय बनाई घतलाग्दा कविता रच्ने कवि हुन् । उनका सिर्जनामा मानवतावाद र राष्ट्रियताको भावधारा पनि पाइन्छ । 'हर्क बहादुर' हाम्रो राष्ट्रिय समस्यालाई विषय बनाई लेखिएको चर्चित कविता हो ।

शब्दार्थ

बाँझो मार्नु– आबाद नभएको वा खनजोत नगरिएको जमिनलाई खनजोत गर्नु
बाउसे– रोपाइँका क्रममा खेतको हिलो सम्याउने काम वा सो काम गर्ने व्यक्ति
दूरदर्शी– भविष्यसम्मको कुरामा विचार पुऱ्याउन सक्ने
अट्टहास– खित्का छोडेर हाँसेको हाँसो
परिलक्षित– प्राप्त गर्न खोजेको, निर्धारण गरिएको
आबद्ध– सम्बन्ध भएको, बाँधिएको
मुग्लान– विदेश
विज्ञप्त– जानकारी गराइएको, प्रचार गरिएको
एकलव्य– एक्लो योद्धा, महाभारतमा द्रोणाचार्यको मूर्ति स्थापना गरेर धनुर्विद्यामा सफलता पाउने अर्जुनको प्रतिस्पर्धी पात्र, निरन्तर काम गर्ने, लगनशील

पठन बोध

तलका कवितांश पढ्नु होस् र सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

(क) भोक यदि देश हो भने
हर्क बहादुरभन्दा सुकिलो अर्को देश हुन सक्तैन
शोक यदि देश हो भने
हर्क बहादुरभन्दा ठुलो अर्को देश हुन सक्तैन ।

प्रश्नहरू

(अ) "भोक यदि देश हो भने" भन्नुको तात्पर्य के हो ?
(आ) हर्क बहादुर किन सुकिलो छ ?
(इ) शोकलाई किन देश भनेको हो ?
(ई) यस कवितांशको मूल भाव के हो ?
(उ) हर्क बहादुर र देशमा के समानता छ ?

(ख) उसलाई थाहा छ–
लुगा फाट्छ, छाला फाट्दैन
छाला, साहु काढेर किन्न पनि पाइन्न
ऊ नाङ्गो आङ्लै भारी बोक्छ
ऊ नाङ्गो आङ्लै धर्ती जोत्छ

हो, गाउँका सभा समारोहमा जाँदा
हर्क बहादुर–
टिठलाग्दा आँखाले
घरी झन्डा र घरी आफ्नो आङ हेर्छ
घरी आफ्नो आङ र घरी झन्डा हेर्छ
सायद हर्क बहादुर
छातीभित्र अट्टहास पनि हाँस्छ

प्रश्नहरू

(अ) "लुगा फाट्छ छाला फाट्दैन" भन्नुको तात्पर्य के हो ?
(आ) हर्क बहादुरले घरी झन्डा र घरी आङ हेर्नुको कारण के हो ?
(इ) हर्क बहादुर किन अट्टहास हाँस्छ ?
(ई) यस कवितांशमा श्रमिक जीवनको कस्तो चित्र प्रस्तुत छ ?
(उ) यस कवितांशको मूल भाव के हो ?

अभ्यास

१. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर दिनु होस् :

(क) हर्क बहादुरलाई उसको सक्कली नामले किन सम्बोधन गरिँदैन ?
(ख) हर्क बहादुरलाई अर्जुन र एकलव्यसँग तुलना गर्नुको कारण के हो ?
(ग) हर्क बहादुर हाम्रो समाजमा सबैतिर किन भेटिन्छ ?
(घ) कविले हर्क बहादुरलाई सलाम गर्नुको कारण के हो ?

२. 'हर्क बहादुर' कवितामा कविले राष्ट्रियता, स्वाधीनता र नागरिकताको महत्त्व कसरी प्रस्टिने सङ्केत गरेका छन्, स्पष्ट पार्नु होस् ।

३. 'हर्क बहादुर' कविताका आधारमा हर्क बहादुरका विवशताहरूको सूची बनाउनु होस् ।

४. हर्क बहादुरले कस्ता नेपालीहरूको प्रतिनिधित्व गरेको छ, लेख्नु होस् ।

व्याकरण

शब्दको बनोट

१. तलको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको उपसर्ग र आधार पद छुट्टचाउनु होस् :

असल मानिसको अकाल मृत्यु भयो भन्ने कुरामा अनपत्यार हुनु अस्वाभाविक होइन । कुलतका कारण बिसन्चो भएकाहरूप्रति हामी बेमतलबमै चिन्तित हुने गर्छौं । नालायकहरू आफ्नो गैरजिम्मेवार कार्यले बदनाम भएका घटनाहरू धेरै सुनिएका छन् ।

२. तलको अनुच्छेदमा दिइएका शब्दहरू उपसर्ग लागेर बनेका हुन् । तिनै उपसर्ग लगाई अरू तिन तिन वटा शब्द बनाउनु होस् :

अस्थिर, अनमोल, अधिवेशन, अनुहार, अभिवादन, अतिरिक्त, अवकाश, अपहरण, उपकार, आचरण उत्कृष्ट, दुर्गम, दुस्साहस, निवारण, निःश्वास, निर्बल, निश्चय, पराक्रम, परिवार, प्रगति, प्रतिबद्ध, विशिष्ट संहार, सुकार्य, बेथिति, बिकामे, बदनियत, अनपत्यार, नामर्द, गैरहाजिर, बेहिसाब, परिसंवाद, कुबाटो ।

३. **उही शब्द दोहोरिँदा द्वित्व शब्द बन्छ । अगि अगि, खरखजाना, ऍंचोपैंचो यस्तै शब्द हुन् । तलको अनुच्छेदमा यस्ता शब्दहरू छन् । ती कुन शब्द दोहोरिएर बनेका हुन्, पत्ता लगाउनु होस् :**

मिहिनेती बाबुआमाका सन्तान नै माथि माथि पुगेका छन् । उनीहरू सानातिना कैफ्गडामा कहिल्यै लाग्दैनन् । आआफ्नो कर्तव्यमा इमानदार भएर समाजमा अनुकरणीय बनेका छन् । अरूको उचित सरसल्लाहको सधैँ कदर गर्छन् । परेको वेला सबैलाई मरमद्दत पनि गर्दछन् । समाजमा कामसाम पर्दा कहिल्यै टालटुल गर्दैनन् । सधैँ अगि अगि नै सर्छन् ।

- शब्द दोहोरिने प्रक्रियामा विभिन्नता छ । माथि माथि र अगि अगिमा पुरा शब्द दोहोरिएकाले ती पूर्ण द्वित्व शब्द हुन् । कैफ्गडा, आआफ्नो, सरसल्लाह, मरमद्दतमा शब्दको अंश मात्र दोहोरिएकाले ती आंशिक द्वित्व भएका शब्द हुन् । टालटुल र कामसाममा ध्वनि परिवर्तन भई विकार आएकाले तिनमा आपरिवर्तित द्वित्व भएको छ ।

४. **तलका द्वित्व शब्दको दोहोरिएको अंश छुट्टचाउनु होस् :**

ख्रोलैख्रोल, पाखोसाखो, खेतसेत, पालो पालो, आनीबानी, ऍंचोपैंचो, अदलीबदली, खोतलखातल, बुझ्बुझ्गारथ, फाँडफुँड, माडमुड, तरतमसुक, उखुसुखु, गाग्रीसाग्री, घर घर, गाउँ गाउँ ।

सङ्क्षेपीकरण

१. **तलको अनुच्छेद राम्ररी पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो छरितो उत्तर दिनु होस् :**

शिक्षामा महिलाहरू पछि पर्नुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोलिक बनावट तथा विगतमा राजनीतिक कारण पनि रहेको थियो । शिक्षामा महिला सहभागिता कम हुनुका आर्थिक र सामाजिक कारणहरूका रूपमा आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा, अन्ध विश्वास तथा रूढिवाद, छिटो विवाह, घरायसी काममा महिलाको बढी संलग्नता आदिलाई लिन सकिन्छ । यस्तो अवस्थामा महिला शिक्षाको उपयुक्त विकासका लागि उल्लिखित कारणहरूलाई ध्यानमा राखेर योजना बनाई कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । खास गरी महिला शिक्षाप्रति रहेका नकारात्मक धारणा, अन्ध विश्वास, सामाजिक भेदभाव हटाई शैक्षिक चेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी सबैले पढ्न पाउने अधिकारको कदर गर्ने र छोरीहरूलाई स्कुल पठाउने कार्यमा समाजलाई अभिप्रेरित गरिनु आवश्यक छ । त्यसै गरी भौगोलिक दृष्टिले विकट र दुर्गम क्षेत्रहरूमा विद्यालय तथा अन्य शिक्षण संस्था खोल्ने कामलाई प्राथमिकता दिनु र विपन्न वर्गका लागि आयमूलक कार्यक्रम तथा उपयुक्त रोजगारीको अवसर सृजना गरिनु आवश्यक देखिन्छ ।

प्रश्नहरू

(क) शिक्षामा महिलाहरू पछि पर्नुका कारणहरू के के हुन् ?

(ख) शिक्षामा महिला सहभागिता कसरी गराउन सकिन्छ ?

(ग) महिला शिक्षाको उपयुक्त विकासका लागि कस्ता योजनाहरू आवश्यक हुन्छन् ?

(घ) यस अनुच्छेदलाई सुहाउने शीर्षक के हुन सक्छ ?

(ङ) विपन्नता, संलग्नता, उपयुक्त, अभिवृद्धि र अन्ध विश्वास शब्दको अर्थ लेख्नु होस् ।

२. **माथिको अनुच्छेदबाट पाँच बुँदा टिपोट गरी तिनै बुँदाका आधारमा एक तृतीयांशमा सङ्क्षेपीकरण गर्नु होस् ।**

•

पाठ : सात

एक चिहान : एक–सोह्र परिच्छेद

✍ हृदय चन्द्र सिंह प्रधान

- तपाई कस्तो जीवन र समाजको चाहना गर्नु हुन्छ ? सामाजिक कुसंस्कार, धार्मिक अन्ध विश्वास, आर्थिक शोषण तथा जातीय साम्प्रदायिकताको विरोध गर्दै समुन्नत समाजको निर्माण गर्ने चाहना तपाईंको पनि छैन र ?
- तपाई आफू कस्तो विचार राख्नु हुन्छ : परम्परागत वा परिवर्तनशील, सुधारवादी वा विद्रोही, यथास्थितिवादी वा अग्रगामी ?
- तपाईंले राख्ने विचार तपाईंको दर्शन हो । यदि तपाईंको दर्शन समाजलाई परम्परागत संस्कारबाट मुक्त गर्ने खालको छ भने त्यसका लागि कतिपय मूल्य र मान्यताका विरुद्ध सङ्घर्ष पनि गर्नु पर्छ, अन्याय र अत्याचारका विरुद्ध लड्नु पनि पर्छ र समाजका रूढिग्रस्त परम्परालाई तोड्नु पनि पर्छ । 'एक चिहान' उपन्यासका एकदेखि सोह्रसम्मका परिच्छेद पढ्नु होस् त ! यसमा उपर्युक्त पक्षहरूप्रति कस्तो दृष्टिकोण प्रस्तुत गरिएको छ ?

लेखक परिचय

हृदय चन्द्र सिंह प्रधान (वि.सं. १९७२–२०१६) बहुमुखी साहित्य स्रष्टा हुन् । उनले नाटक, निबन्ध, उपन्यास, समालोचना जस्ता धेरै विधाका कृतिहरू लेखेका छन् । उनी आफ्ना रचनामा खास गरी समाजको सुधार गर्ने प्रगतिशील विचार अभिव्यक्त गर्दछन् । उनले रचेको एक प्रसिद्ध प्रगतिशील उपन्यास **एक चिहान** हो भने **स्वास्नीमान्छे** उनको अर्को चर्चित उपन्यास हो । नेपाली समाजको यथार्थ चित्रण गर्नु र परम्परागत समाजप्रति आलोचनात्मक दृष्टि राख्नु उनको मुख्य विशेषता हो ।

शब्दार्थ

१. **जोडा मिलाउनु होस् :**

शिव नारान	साहु
अष्ट नारान	कारिन्दा
लतमाया	छोरी
नानीथकुँ	जेठो छोरो
पुन नारान	शिव नारानकी पत्नी
हर्ष नारान	आमा
हाकुमाया	माहिलो छोरो
गोदत्त प्रसाद	कान्छो छोरो
सुरमान	डाक्टर
राम बहादुर	बाबु

पठन बोध

१. तलका गद्यांशहरू पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :

(क) आफ्नो जाति र समाजमा भएको मर्दापर्दा दान दक्षिणा दिने र भात भतेर ख्वाउने इत्यादि करै लाग्ने चाल चलनमाथि अष्ट नारान घृणा र आलोचना मात्र गर्ने होइन, आक्रमण गरी उघाड नै खुवाइ आइ रहेका थिए । मर्दा नजिकका नाता, सम्बन्धीहरू रोएर बिचा: आउने प्रथालाई उनले बन्द गरि दिएका थिए । शिव नारान र उनका अरू भाइहरू पनि बाबुको क्रान्तिकारी विचारबाट प्रभावित थिए । यसैले उनीहरूले पनि बाबुको नाममा दान दक्षिणा दिने र भोज भतेर खुवाउने कुनै पनि काम गरेका थिएनन् । 'बाबुप्रतिको हाम्रो परम श्रद्धा यही हो' भन्ने उनीहरूको भनाइ थियो ।

प्रश्नहरू

(अ) माथिको अनुच्छेदका आधारमा अष्ट नारानका चारित्रिक विशेषताका बारेमा लेख्नु होस् ।

(आ) 'एक चिहान' उपन्यासले सामाजिक कुसंस्कारका बारेमा कस्तो दृष्टिकोण प्रस्तुत गरेको छ ? लेख्नु होस् ।

(ख) "त्यसो भए डरलाग्दो कुरा छ बाबु ! अब कहिल्यै नबोलाउनू ती डाक्टरलाई फेरि । मलाई राम्रै थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्; आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरि दिएका पनि छैनन् ।" सशङ्कित भावमा अष्ट नारानले भने ।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिव नारानको हृदयमा पनि शङ्काको बीजारोपण भयो तापनि आपत्मा काम दिएको हुनाले उनको गरिबीले त्यो शङ्कालाई जिउन दिएन । यसैले शिव नारानले आफ्ना पिताज्यू अष्ट नारानलाई सम्झाएर भने– "डाक्टर गोदत्त प्रसाद सायद अगि खराबै थिए होलान् तर पछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन् ।"

प्रश्नहरू

(अ) माथिको पहिलो अनुच्छेदमा गोदत्त प्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्क सहित लेख्नु होस् ।

(आ) माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार गोदत्त प्रसादमा परिवर्तन आएकै हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् ।

२. तल दिइएका उपन्यासका अंशहरू पढ्नु होस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :

(क) गुभाजुसुभाजु यस्तै अरू नै कसैलाई देखाए पनि त हुन्छ नि ! तिनीहरूलाई देखाएको भए किफायत पनि पर्थ्यो । फिस पनि धेरै दिनु पर्दैनथ्यो । मलाई त फिस दिनु पर्दछ । तिमीहरूलाई मुस्किल पर्ला ।

(अ) यो भनाइ कसको हो ?

(आ) यस भनाइबाट मानिसको कस्तो चरित्रलाई देखाउँछ ?

(इ) यस भनाइबाट यस्तो चरित्रको विकास कसरी हुन्छ भन्ने अनुमान गर्न सकिन्छ ?

(ई) पछिल्लो अवस्थामा यस पात्रको चरित्रमा कस्ता परिवर्तन आएका देखिन्छन् ?

(उ) यहाँ 'तिमीलाई' भनेर कसलाई सङ्केत गरिएको हो ?

(ख) हात खुट्टा बलियो भएपछि काम भनेको सधैँ पाइन्छ बा ! तर छोराछोरीका निम्ति बाबु सधैँ पाइ रहिन्न । बाको सेवा गर्न पाएपछि त्यस्ता काम लाख आउँछन् ।

(अ) यो भनाइ कसको हो ?

(आ) यो भनाइ उपन्यासमा कुन प्रसङ्गमा आएको छ ?

(इ) यस भनाइले पात्रको कस्तो चरित्रको परिचय दिन्छ ?

(ई) यस भनाइपछि उपन्यासमा बिरामी बाबुको कस्तो प्रतिक्रिया व्यक्त भएको छ ?

(उ) 'छोराछोरीका निम्ति बाबु सधैँ पाइ रहिन्न' भन्नुको तात्पर्य के हो ?

(ग) त्यो पनि धनीहरूकै निम्तिको कुरा हो, गरिबका लागि त घाउमाथि नुनचुक मात्र हो । धनीको जीवनमा इच्छाले सुखलाई निम्तो दिन्छ तर गरिबको जिन्दगीमा त्यही इच्छाले आँखामा आँसु बोलाउँछ ।

(अ) यो भनाइ कसको हो ?

(आ) यस भनाइपछि उपन्यासको विकास कसरी हुन सक्ने अनुमान गर्नु हुन्छ ?

(इ) यो भनाइको प्रसङ्ग के हो ?

(ई) 'गरिबका जिन्दगीमा इच्छाले आँसु बोलाउँछ' भन्नुको तात्पर्य के हो ?

(उ) यस भनाइका आधारमा धनी र गरिबका जीवनको तुलना दश वाक्यमा गर्नु होस् ।

३. तलका घटनाहरूको क्रम मिलाउनु होस् :

- o अष्ट नारानको मृत्यु हुनु
- o डाक्टर गोदत्त प्रसादलाई उपचारका लागि बोलाउन जानु
- o अष्ट नारान बिरामी भई थला पर्नु
- o राम बहादुरले आफ्नो स्वार्थ पुरा गर्न देशी तान घरमा ल्याइ दिनु
- o कति प्रयत्न गर्दा पनि अष्ट नारानको रोग निको नहुनु
- o बुढो सुरमानले राम बहादुरलाई नानीथकुँसँग असमान बिहेका लागि प्रस्ताव राख्न पठाउनु
- o गोदत्त प्रसाद र नानीथकुँका बिच प्रेम सम्बन्ध रहेको छ भन्ने गाइँगुइँ सुरु हुनु
- o अष्ट नारानको मृत्युपछि पनि गोदत्त प्रसाद घरमा धाइ रहनु ।

अभ्यास

'एक चिहान' उपन्यासमा नेपाली समाजको कस्तो अवस्थाको चित्रण भएको छ ? प्रतिक्रिया लेख्नुहोस् ।

पात्र परिचय लेखन

१. पात्र परिचय लेखनका आधारमा शिव नारान, नानीथकुँ र डाक्टर गोदत्त प्रसादको पात्र परिचय लेख्नु होस् । (पात्र परिचयबारे पाठ चारमा उल्लेख गरिएको छ । त्यसको सहयोग लिनु होस् ।)

२. परिच्छेद एकदेखि परिच्छेद सोह्रसम्मका पात्रहरूको नाम टिपी प्रत्येक पात्रका कार्य र स्वभावको सूची बनाउनु होस् ।

व्याकरण

प्रत्ययद्वारा शब्द निर्माण

१. **तलको अनुच्छेद पढी गाढा अक्षर भएका शब्दको निर्माण प्रक्रिया पहिल्याउनु होस् :**

पियक्कड मानिसहरू **लडन्त भिडन्त** मात्र रुचाउँछन् । मादक पदार्थमा तिनले पैसा ज्यादा **खपत** गर्ने हुँदा **बचत** हुँदैन तर उनीहरू आफूलाई **बुझक्कड** ठान्छन् । जीवनमा **कमाइ**मा भन्दा **रजाइँ**मा रुचि राख्छन् । त्यसैले यिनीहरू **कमाउ**मा भन्दा **गुमाउ**मा सक्रिय रहन्छन् । उनीहरूका लागि **हरियाली**मा रमाउनु र **लेकाली** सुन्दरतामा हराउनु टाढाको कुरा हुन्छ । पैसामा **चुहावट** हुने हुँदा घरको **सजावट**मा पनि समस्या पर्छ । धेरै पिएर मात्ने मान्छे समाजमा **फटाहा** कहलाउँछ भने घर फर्कन नसकेर **भुस्याहा** कुकुरसँग सुत्नु पर्ने परिस्थिति पनि सिर्जना हुन्छ । भारी बोक्ने **भरिया**ले मिहिनेतले परिवार पाल्छन् तर **रक्स्याहा**ले त परिवारलाई उल्टै दुख पो दिन्छन् । त्यही कारण यस्ता मानिससँग सङ्गत गर्नु **मुर्ख्याइ** हुन्छ ।

माथिका गाढा शब्द दुई वटा एकाइले बनेका छन् । जस्तै : पिउ+अक्कड→पियक्कड, हरियो+आली→हरियाली, रक्सी+आहा→रक्स्याहा, मूर्ख+याइँ→मुर्ख्याइँ आदि । यसरी शब्दका पछिल्तिर जोडिने एकाइलाई प्रत्यय भनिन्छ ।

२. **माथि उदाहरणमा दिइए झैं अक्कड, अत, आइ, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा र इया प्रत्यय लागेका तिन/तिन शब्द साथीहरूसँग छलफल गरी टिप्नु होस् र तिनलाई वाक्यमा प्रयोग गर्नु होस् ।**

३. **तलको अनुच्छेद पढी अन्त्यमा दिइएको निर्देशन अनुसार काम गर्नु होस् :**

माघे जाडोमा आगो तापि रहेका बुधे राजवंशी आफ्नै अगाडिबाट छिमेकी सँधियार र अंसियार समेत ग्वारग्वारती दौडेको देख्ता अचम्ममा परे । उनी नुनिलो अचारसित रसिलो नास्पातीको स्वाद लिँदै घरमा कुरुवा झैं बसेका थिए । नेपाली समाजमा घरायसी काम जति महिलाको मात्र हो भन्ने गलत विचारको विरोध गर्दै रोगी श्रीमतीका सहयोगी बुधेले गुडुडु मानिसहरू दौडेको देख्दा आगलागीको अनुमान गरि हाले । आफ्नो बोधोपन र सुस्तपनप्रति चिन्ता गर्दै उनी पनि नजिकैको बस्तीतिर लागे । गन्ती गर्दै जाँदा तिन वटा घर त जलि सकेछन् । होसियार नहुँदा आगलागीले रसियाली, अफ्रिकाली र अमेरिकालीलाई पनि छोड्दैन भन्ने ज्ञान उनलाई भयो । जुनेली रातमा पुर्बेली जुनलाई हेर्दै र बुढ्यौली जीवनलाई सम्झँदै उनले आफ्ना छिमेकीप्रति सहानुभूति प्रकट गरे र जीवनको रमाइलो क्षणमा आफू आवतजावत गरेका ती घर सम्झँदै निदाए ।

गर्नु पर्ने काम

(क) माथिको अनुच्छेदबाट प्रत्यय लागेर बनेका शब्दहरू छान्नु होस् ।

(ख) आफूले छानेका शब्दको प्रत्यय छुट्टचाउनु होस् र शिक्षकलाई देखाउनु होस् ।

(ग) उपन्यासबाट इयार, इलो, ई, उवा, ए, ओ, ओट, औली/यौली, ती, पन/पना, ली, ले प्रत्यय लागेर बनेका शब्द पाइएसम्म टिपेर सूची बनाउनु होस् ।

(घ) उपर्युक्त प्रत्यय लगाएर दुई/दुई शब्द बनाउनु होस् ।

४. **तलको अनुच्छेद पढी अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान्, वान् र य प्रत्यय लागेका शब्द छान्नु होस् र ती शब्दको प्रकृति, प्रत्यय छुट्टचाउनु होस् । यसका लागि आवश्यक परे शिक्षकको सहयोग लिनु होस् ।**

लेखक दयनीय मात्र हुँदैन आदरणीय पनि हुन्छ । भौगोलिक रूपमा जहाँ रहे पनि लेखक भावकभन्दा पाठक नै हुन्छ । ऊ समाजको सम्मानित र शिक्षित व्यक्ति हो । प्राचीन कालदेखि नै नवीन चेतना र योगीको

जस्तै स्वच्छ भावनाका कारण लेखक र उसको लेखन पूजनीय हुन्छ । बालकदेखि गायकसम्म सबै मानिस उसका निम्ति प्रिय हुन्छन् । आफ्ना कृतिको ख्यातिका कारण ऊ श्रेष्ठतर र प्रियतर जीवन बाँच्न सक्षम हुन्छ । लेखकको गन्तव्य सीमित हुँदैन । गद्य, पद्य र हास्यसम्मको वक्ता बन्ने हुनाले उसको बुद्धि गतिवान् हुन्छ । लेखक कवित्वका कारणले मात्र नभई लेखकत्वका कारण सिद्धत्व प्राप्त गर्दछ । बुद्धिमान् हुनाले ऊ कीर्तिमान् बन्दछ र भावमय तथा रहस्यमय पनि हुन्छ । मनको दयालु लेखकले माधुर्य र लालित्यलाई आफ्नो लेखनीमा प्रस्तुत गर्दछ ।

समास

१. तलको अनुच्छेद पढ्नु होस् :

गगनचुम्बी महलमा बस्ने केही करोड पतिका लागि लोकहित भन्ने कुरा कल्पनातीत हुन्छ । अकाल पीडित जाजर कोटवासीहरूको प्राण पखेरु उड्दा पनि उनीहरू नरपशु भई बसेका हुन्छन् । तिनले चतुर्वेद पढ्लान्, अष्टमूर्ति घरमा राख्लान्, नवरात्रभरि आश्चर्य चकित हुने गरी पूजाआजा पनि गर्लान् । साँझ बिहान मठ मन्दिर जालान् तर जाजर कोटका जनताको हृदय विदारक करुण चीत्कार सुन्दैनन् । भोको, प्यासो र नाङ्गेभुतुङ्गे शरीर, भोकमरीको पीडा, कालो अक्षरसम्म नचिन्ने जीवन, घाटे वैद्यका भरको ओखतीमुलो, बुढोपाको र जान्नेसुन्ने समेत बिरामी परेको अवस्थाका कारण जाजर कोट र कर्नालीवासी हातकट्टा जस्ता छन् । उनीहरू समाज बहिष्कृत र देश निर्वासित जस्ता नहुन् साथै दाल भात डुकुको समस्यामा नपरुन् । घामपानीमा लडेका नरनारीको सुखदुख फिराउन दोसाँधमा उभिएर हुन्न न त जहान छोराछोरी कसरी पाल्ने भन्ने पिरमा बसेका जनताका लागि बाह्र सत्ताइस कुरा गरेर मात्र पुग्छ । वर्षमा जसोतसो दुई महिना हातमुख जोर्नेहरू हिजोआज तरुल भ्याकुरको खोजीमा छन् । प्रतिदिन साँझ बिहान नै उनीहरू थोर बहुत परिश्रमबाट प्राप्त चिजबिज खाएर जसोतसो जीवन गुजारा गरि रहेका छन् । नेपाल सरकारले लगनशील भएर काम गर्न सके पाँच दश वर्षमा नै कर्नालीको नयाँ अनुहार दृष्टि गोचर हुने पक्का छ । त्यसो भएमा एकाएक उनीहरूका नवग्रह दाहिना हुने छन् । सप्तकोसी र सप्त गण्डकी क्षेत्रका जनताले झैं नयाँ जीवन पाउने छन् । इच्छा अनुसारको खानपिन, सरकारी वचन अनुसारको प्रतिबद्धता भएमा कर्नालीका जनताले पेटभर खान देश बाहिर जानु पर्दैन र देशका करोड पतिलाई गुहार्नु पनि पर्दैन ।

- माथिको अनुच्छेदमा दुई वा दुईभन्दा बढी शब्दहरू आपसमा मिलेका छन् । शब्दहरू मिल्ने यो प्रक्रिया समास हो । यस्ता शब्दहरू कुनै एकै डिकोमा लेखिएका छन्, कुनैले अलग्गै भए पनि परस्पर मिलेर एउटै अर्थ दिएका छन् ।

२. समासबारे थप कुरा पढ्नु होस् र बुझ्नु होस् :

- दुई वा दुईभन्दा बढी शब्दहरूको मेलबाट एउटै अर्थ आउने गरी शब्द निर्माण गर्ने विधि समास हो । माथिको अनुच्छेदमा दुई वा दुईभन्दा बढी शब्द मिलेर एउटै शब्द बनेका उदाहरणहरू प्रस्तुत गरिएका छन् । जस्तै : गगनचुम्बी (गगनलाई चुम्ने), करोड पति (करोडको पति), लोकहित (लोकलाई हित अथवा लोकको हित), कल्पनातीत (कल्पनाभन्दा पर) आदि ।

- माथिका उदाहरणमा दुई वा दुईभन्दा बढी शब्दहरू आपसमा मिलेका छन् । शब्दहरू मिल्ने यो प्रक्रिया समास हो र यसरी बन्ने शब्दहरू समस्त शब्द हुन् ।
- दुई वा दुईभन्दा बढी शब्दहरू मिलेर समस्त शब्द बन्दछन् । यस्ता शब्दहरूले एउटा वा विशिष्ट अर्थ दिने गर्छन् ।
- समास भई बनेका शब्दलाई अर्थ प्रस्ट हुने गरी अलग अलग रूपमा छुट्टयाउने प्रक्रियालाई विग्रह भनिन्छ । विग्रहको स्थितिमा शब्दमा रहेका विभक्ति, नामयोगी जस्ता कतिपय पदहरू समास गर्दा हटेर जान्छन् र तिनका आधारभूत घटकको समास हुन्छ ।

नेपालीमा समास छ प्रकारका छन्– तत्पुरुष, कर्मधारय, द्विगु, द्वन्द्व, बहुव्रीहि र अव्ययीभाव ।

तलको तालिका हेर्नु होस् र समासबारे थप जानकारी लिनु होस् :

विग्रह	समस्त शब्द	समासका प्रकार
गाईको गोठ	गाईगोठ	तत्पुरुष
भाइलाई मार्ने	भाइमारा	तत्पुरुष
बडा हुन् जुन गुरु	बडागुरु	कर्मधारय
नर रूपी पशु	नरपशु	कर्मधारय
गहुँ झैं गोरो	गहुँगोरो	कर्मधारय
चार बाटाको समूह	चौबाटो	द्विगु
सप्त (सात) कोसीहरूको समूह	सप्तकोसी	द्विगु
आमा र बाबु	आमाबाबु	द्वन्द्व
पशु र पन्छी	पशुपन्छी	द्वन्द्व
लामा खुट्टा छन् जसका	लामखुट्टे	बहुव्रीहि
कालो छ जिब्रो जसको	कलजिब्रे	बहुव्रीहि
बुद्धिले जिउँछ जो	बुद्धिजीवी	बहुव्रीहि
कामले विना	विनाकाम	अव्ययीभाव
जीवन रहेसम्म	जीवन रहुन्जेल	अव्ययीभाव

समस्त शब्दलाई जोड्ने र छुट्टयाउने विषयमा तल दिइएका कुरा पढ्नु होस् :

समास गर्दा दुई वा सोभन्दा बढी शब्दले एकीकृत रूपमा एउटै अर्थ दिन्छन् तर समस्त शब्दलाई अनिवार्य रूपमा एउटै डिकोमा लेख्नै पर्ने चाहिँ होइन । कतिपय समस्त शब्द जोडिने हुन्छन् र एउटै डिकोमा लेखिन्छन् ।

तलका एउटै डिकोमा जोडिने शब्दहरू हेर्नु होस् :

विग्रह	समस्त शब्द	स्पष्टीकरण
शिक्षा सम्बन्धी मन्त्री	शिक्षामन्त्री	दुई अक्षरसम्मका स्वरान्त शब्दहरू मिलेर बनेका र विकार नआएकाले यी शब्द एउटै डिकोमा लेखिन्छन् ।
कृपाको पात्र छ जो	कृपापात्र	
छात्र र छात्रा	छात्रछात्रा	
भोलि वा पर्सि	भोलिपर्सि	
बाटाका निम्ति खर्च	बाटाखर्च	
ठुलो चाहिँ कान्छो	ठुलोकान्छो	
विद्या रूपी धन	विद्याधन	

एउटै डिकोमा लेखिने अरू शब्द पनि हेर्नु होस् :

विग्रह	समस्त शब्द	स्पष्टीकरण
चार बाटाको समूह	चौबाटो	विग्रहको स्थितिमा रहेका शब्दहरूबिच समास हुँदा विकार आएकाले यी शब्दहरू एउटै डिकोमा लेखिन्छन् ।
सानी हुन् जुन नानी	सान्नानी	
लामा खुट्टा भएको	लामखुट्टे	
माछाको जस्तो पुच्छर भएको	माछापुच्छ्रे	
भाग्यको उदय	भाग्योदय	
पञ्च (पाँच) पात्र (भाँडा) हरूको समूह	पञ्चपात्र	
विकासतर्फ उन्मुख	विकासोन्मुख	
खाद्यका लागि अन्न	खाद्यान्न	

समास हुँदा पनि कतिपय शब्द अलग अलग लेखिन्छन् तर तिनले एकीकृत रूपमा अर्थ दिने गर्दछन् ।

तलको तालिका हेर्नु होस् :

विग्रह	समस्त शब्द	स्पष्टीकरण
श्रम सम्बन्धी विभाग	श्रम विभाग	यी शब्द पनि समस्त शब्द हुन् तर यी एउटै डिकोमा नलेखिई अलग अलग लेखिन्छन् र एकीकृत अर्थ दिन्छन् ।
सन्देशका लागि गृह	सन्देश गृह	
सञ्चार सम्बन्धी मन्त्री	सञ्चार मन्त्री	
पर्यटन सम्बन्धी व्यवसाय	पर्यटन व्यवसाय	
नेपालको सरकार	नेपाल सरकार	
कर्मचारीको सञ्चय सम्बन्धी कोष	कर्मचारी सञ्चय कोष	
मौरीको पालन गर्ने व्यवसाय	मौरी पालन व्यवसाय	

नेपालीमा समास भएर पनि नजोडिने यस्ता प्रशस्त शब्दहरू छन् । तलका शब्दहरू हेर्नु होस् :

विग्रह	समास
लाल छ जुन गुराँस	लाली गुराँस
चोरीबाट गरिएको निकासी	चोरी निकासी

खाद्यको सङ्कट	खाद्य सङ्कट
सिँचाइ सम्बन्धी आयोजना	सिँचाइ आयोजना
फोहोर र मैला	फोहोर मैला
विश्वास गर्न योग्य	विश्वास योग्य
अध्ययनका लागि संस्थान	अध्ययन संस्थान
आश्चर्यले चकित	आश्चर्य चकित
नामको पदावली	नाम पदावली
लेखनको परम्परा	लेखन परम्परा
अध्ययनको प्रतिवेदन	अध्ययन प्रतिवेदन
मन, वचन र कर्म	मन वचन कर्म
दाल, भात र डुकु	दाल भात डुकु

३. **तल उदाहरणमा दिइएका समस्त शब्द र तिनको विग्रह हेरी ती कुन समास अन्तर्गत पर्दछन्, पहिचान गर्नु होस् :**

समस्त शब्द	**विग्रह**
स्वर्गप्राप्त	स्वर्गलाई प्राप्त
रोगग्रस्त	रोगले ग्रस्त
स्नानघर	स्नानलाई, स्नानका लागि घर
कन्यायोग्य	कन्यालाई, कन्याका लागि योग्य
थोक व्यापारी	थोकको व्यापारी
वनपाले	वनको पाले
प्रेममग्न	प्रेममा मग्न
महापुरुष	महान् पुरुष
सान्नानी	सानी नानी
देहलता	देहरूपी लता
जीवन चङ्गा	जीवन रूपी चङ्गा
दोबाटो	दुई बाटाको समूह
सातघुम्ती	सात घुम्तीको समूह
दशमुख	दश मुखको समूह
नवरत्न	नव (नौ) रत्नको समूह
नुनतेल	नुन र तेल
घामपानी	घाम र पानी
फोहर मैला	फोहर र मैला
वाद विवाद	वाद र विवाद
नाफा न घाटा	न नाफा न घाटा
नाफा नोक्सान	नाफा वा नोक्सान

अभ्यास

१. तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कित समस्त शब्दको विग्रह गरी समासको नाम समेत लेख्नु होस् :

भाइमाराहरू आफ्नो सुखप्राप्तिका लागि आराम कुर्सीमा बसी देशहितका कुरा गर्न पनि पछि पर्दैनन् । यस्ता बुद्धिहीनहरूलाई समाज बहिष्कृत गर्न नसक्दा नेपाली जनताको घर गृहस्थी उजाडियो । यो चाला गाईजात्रा जस्तै हो भने कर्तव्यनिष्ठ मानिसको अभावमा मानिसको चरित्र निर्माणमा कठिनाइ उत्पन्न भएको छ । यसका लागि पल्लो किरात र धवलागिरि, पल्ला घर र वल्ला घरका महापुरुष, बुढापाका, जेठाबाठा सबैमा धर्मबुद्धि पैदा हुनु पर्छ । दोबाटोदेखि चौबाटोसम्म, त्रिलोकदेखि चतुर्लोकसम्म, सप्तकोसीदेखि सप्त गण्डकीसम्मका मानिसले दशमुख नभई एकमुख भएर हरबखत, साँझ बिहान, दिनभर, महिनाभर र वर्षभर नै चेतनाको सन्देश घर घर पुऱ्याउनु पर्छ ।

जहान छोराछोरीलाई दाल भात डुकु खुवाउनु पर्ने हामीले बालबच्चाको रक्षाका लागि पनि तेरोमेरो नभनी सुखदुख बाँडचुँड गर्नु पर्छ र भाइमारा घोरमुखाहरूको विरोध गर्नु पर्छ । बघमुखादेखि चरीनङ्ग्रेसम्म एकगठ हुन सके मानिसले खाली हात बाँच्नु पर्ने थिएन । मुखमा पीताम्बर, नीलकण्ठ, चक्रपाणि, गजानन, राजीव लोचन आदिको नाम तर व्यवहारमा विषधर, बहुरूपी र दुईजिब्रे चरित्र भएका यस्ता मानिस साँच्चै नै प्राण घातक हुन्छन् ।

२. कक्षामा साथीहरूसँग छलफल गरी एउटै डिकोमा नलेखिने पाँच वटा समस्त शब्द लेख्नु होस् ।

•

पाठ : आठ

म फुल लिएर आउने छु

✍ सुधा त्रिपाठी

प्रत्येक मनुष्यका निम्ति देश र जन्मभूमि साऱ्है प्रिय हुन्छन् । देशबाट टाढिएर परदेश पुगेको अवस्थामा मनमा झलझली देशको सम्झना आइ रहन्छ । जन्मभूमिबाट पनि काम विशेषले वा बाध्यताले गर्दा पराई ठाउँ पुगेका वेला जन्मभूमिप्रतिको मायाले सारै सताउँछ र जन्मभूमिको काखमा पुगेर त्यहाँको माटामा लुटपुटिन पाए हुन्थ्यो भन्ने छटपटी तीव्र हुन्छ । जन्म दिने आमा र जन्मिएको ठाउँ स्वर्गभन्दा पनि महान् हुन्छन् भनी त्यसै भनिएको होइन । तपाईंको मनमा पनि देश र जन्मभूमिप्रति प्रगाढ माया अवश्य नै होला । निबन्धकार सुधा त्रिपाठीका मनमा चाहिँ आफ्नो जन्मभूमिप्रतिको दृष्टिकोण तथा भावनाको ज्वारभाटा कसरी उम्लिएको छ भन्ने कुरा थाहा पाउन तलको निबन्ध पढ्नु होस् ।

सुनखानी ! मेरो जन्मभूमि ! तिमीले त मैले माया मारेँ भनि ठान्यौ होला । तिमीले त्यस्तो सोच्नु पनि स्वाभाविकै हो किनभने मैले आफ्नो बैंसको उत्तरार्धमा आइ पुग्दासम्म पनि त तिम्रा निम्ति केही गर्न सकेकी छैन । तिमी घरि घरि निधारमा हातको पाली बनाएर खुट्टा उचाली उचाली दोलखाको डाँडातिर हेछ्यौं अरे !

मैले तिमीलाई ठ्याम्मै माया मारेकी छैन । तिम्रो माया मार्नुको अर्थ हो– मैले मेरो आफ्नै माया मार्नु; किनभने मेरो 'म' भन्नु नै तिमी हौ, केवल तिमी । मेरो प्यारो सुनखानी ! म मेरो मनको गहिराइमा बसेर तिम्रो सद्भाव र स्नेहले आफूलाई निथ्रुक्कै भिजाइ रहेकी छु । तिमी नै भन न, नत्र त म यो मरुभूमिमा कसरी पो बाँच्न सक्थेँ हुँला र ? तिमीलाई म मेरो बाटो हेर्न छाडि देऊ त पक्कै भन्दिनँ तर मैले तिम्रो काखमा लुटपुटिन आइ पुग्न सायद अझै केही अन्तराल छिचोल्नु पर्ने छ । भन, तिम्रो श्रद्धामा म गरिब छोरीले अरू त के अर्पण गर्न सकुँला र ? मसँग के छ र ? तर म भावनाकी धनी छु । तिम्रा पवित्र पाउहरूमा एक अँजुली सेता फुल चढाउने धोको छ । यो सिङ्गो सहरको छातीभरि खोज्दा पनि मनको चोखो भूमिमा फुलेका सेता फुलले अँजुली भर्न सकेकी छैन । इच्छा त थियो तिमीलाई जिन्दगीमा एक चोटि मात्रै भए पनि पुष्पमय देख्ने रहर पूर्ण गर्न सकूँ ! र सायद लाग्दै छ, यहाँ श्रद्धावश चढाउन सकिने सेता फुलका बोटका जरा विषालु किराले धमाधम काटि रहेछ । तिमी नै भन सुनखानी, कहिले मेरो अँजुली भरिएला ? कहिले तिम्रो स्पर्श र स्नेह पाउँला ?

एक मन त लाग्छ– म टाढै बसि रहूँ, तिम्रो सम्झनामा तड्पि रहूँ, तिमीलाई भेट्दै नभेटूँ, हेर्दै नहेरूँ । किनभने कुनै कुनै त पीडा नै पनि साऱ्है मिठा हुने गर्छन्, सपना पनि बिछट्टै लोभलाग्दा हुने गर्छन् । नजिक बसेर घृणा गर्नुभन्दा टाढा बसेर माया गर्नु नै जाती लाग्छ मलाई त । अर्को कुरा पनि छ, टाढाबाट हेर्दा जे पनि राम्रो देखिन्छ । जति नजिकियो उति कुरूपता प्रस्टिदै जान्छ । गुलाफका फुलहरूलाई टाढाबाट हेर्दा लाग्छ, बाँचौं पनि यिनकै सामीप्यमा,

मरौं पनि यिनकै सामीप्यमा । यतिसम्म कि शुष्क सहरबाट टाढा नै जानु परेछ भने पनि यिनकै ग्याङहरूको सामीप्य मिलोस्, स्पर्श मिलोस् । सौन्दर्यका मोहनीमा बग्नेहरू प्राय: असभ्य र जङ्गली भइ दिन्छन् । यसैले उनीहरू लट्ठिँदै लट्ठिँदै गुलाफको ग्याङमै टाँसिन पुग्छन् । च्वास्स घोच्दा ऋसङ्ग भएर हेर्छन् त छिः कति कुरूप काँडाहरू ! सौन्दर्य त मानौं तिनले थापेको बल्छीसम्म मात्रै हो । त्यसैले सुनखानी, म फुलसँगै राखेर मनुष्यलाई हेर्छु । मनुष्यका पीडारूपी जीवन हेर्छु । म मेरो गाउँ हेर्छु र देश हेर्छु । म मेरो देशका टुक्रा टुक्रामा तिम्रै जीवन पाउँछु र तिम्रै पीडा देख्छु । त्यसैले सुनखानी ! तिमी मेरो देश हेर्ने ऐना । तिमी मेरो जीवनको आस्था । तिमी मेरो सानो देश र सानो संसार नै हौ ।

यसैले मैले सधैँ हार्दिक श्रद्धाका पुष्पले पुज्ने गरेको सुनखानी ! हिजोआज किन हो किन, तिम्रो नजिक आउन असाध्यै डर लाग्न लागि रहेछ । कतै तिम्रा कुरूपताहरूले मेरो आस्थाको डिल नभत्काइ दिउन् र म कहालिँदै विश्वासको भिरबाट नखसूँ । अनास्थाको अपाङ्गपन बोकेका मेरा खुट्टाले तिमीसम्मको मेरो यात्रा पूर्ण नहुन पनि त सक्छ नि !

तर तिमीकहाँ नआउँदैमा म तिमीबाट कसरी टाढिन सक्छु र ! म मेरो हातमा तिम्रै माटाको सुगन्ध लिएर हाँसि रहेकी छु । म मेरो प्राणमा तिम्रै उच्छ्वास लिएर बाँचि रहेकी छु । आफ्ना नसामा तिम्रो तामाकोसीलाई छचल्काइ रहेकी छु । धेरै त के भनौं, कहिले काहीं यो मरुभूमिबाट तिमीभन्दा अलि परको गौरी शङ्कर हिमालको दर्शन मात्रै पाउँदा पनि हातहरू अनायासै यताउता तिमीलाई नै छाम्न थालि हाल्छन् । हो सुनखानी ! साँच्चै नै म गौरी शङ्करलाई देख्दा पनि तिम्रै सम्झनाले भावुक बनेर आगाको स्पर्श पाएको मैन झैं पग्लेर आँखाहरूबाट सुलुलु बगि सक्छु । मलाई यो गौरी शङ्करले वास्तवमा तिमीसँगका धेरै धेरै न्याना क्षणहरूको सम्झना गराउँछ । मैले मेरो शैशवमा बोलेका तोते बोलीहरू गौरी शङ्करमा प्रतिध्वनित भएर अहिले आफैकहाँ फर्केर आए झैं पनि लाग्छ । हिमालको सेतो हिउँ देख्दा मलाई सुनखानीले काखमा राखेर खुवाएको नौनीका डल्लाको याद आउँछ । गौरी शङ्करका हिमनदीका धर्सा देख्दा अँजुलीभरि थापेर औंलाका कापबाट चुहाउँदै खाएको तरै समेतको दहीको पनि उत्तिकै सम्झना आउँछ ।

म तिमीलाई एक चोटि अतीतको सँघारमा उभ्याउन चाहन्छु । त्यो कुरा सम्झनासाथ मेरा आँखामा आँसु र ओठमा मुस्कान एकै चोटि खेल्न थाल्छन् । कुरा के भने नि ! म सानी हुँदा कुन्नि किन हो रिसाएर तिमीले मलाई पिट्न हात उजाएकी थियौ तर त्यो हात मेरा गालामा आइ पुग्दा नपुग्दा ममता बनेर बिस्तारै मुसार्न थालि सकेको थियो । त्यसपछि चाहिँ मेरो रुवाइको बाँध फुटेको तथा उल्टै तिमीलाई नै आफ्ना कलिला मुड्कीले हिर्काएको पनि भुलेकी छैन । तिमी बिसँदैमा बिर्सन सकिने हुँदै होइनौ मेरो धर्ती ! मेरो सुनखानी ! मेरो मायाको खानी ! जब जब म विदेशले हुइँक्याएका सुन्तलाका केस्रा मुखमा हाल्छु, एकदम बयल्लिएको तमतमाउँदो स्वादले मुख बिग्रन्छ । प्रिय सुनखानी ! अनि म तिमीले काखमा राखेर खुवाउने गरेको रसिलो गुलियो सुन्तला सम्झन्छु । यसै यसै मुख रसाएर आउँछ । अनि म तिम्रा सुन्तलाको सम्झनाका स्वादमा यहाँका सुन्तला सुलुसुलु निल्दै जान्छु । सत्ते ! मलाई त काठमाडौंले पानी पनि यस्तो खान दिन्छ कि कुरै गरेर साध्य छैन । त्यस्तो पानीमा त सायद मेरो सुनखानीमा भैंसी पनि आहाल बस्दैन । म तामाकोसीको त्यो कञ्चन पानी सम्झँदै आँखा चिम्लेर सकेसम्म त्यहींकै पानीको स्वाद मुखमा ल्याउने कोसिस गर्दै यही पानी तनतनी पिइ दिन्छु ।

तिम्रै नासो यो जिन्दगानी काठमाडौंको ढुङ्ग्यान छातीमा घिस्रिँदाघिस्रिँदै खिइँदै गइ रहेछ । कतै तिम्रो यो नासो फर्काउन पो नसकिने हो कि भन्ने सन्त्रासले म सधैं थर्कमान छु । जे जस्तो हालतमा होस्, यो देह ढल्नु अगावै तिम्रो नासो तिमीलाई सुम्पन पाए मेरो ठुलो तृष्णा मेटिने थियो । सट्टे त के फर्काउन देला र यो काठमाडौंले ! यो सहरले ! यो मरुभूमिले ! यसले पिल्स्याई पिल्स्याई तिमीले दिएको सौकुमार्यलाई त अवश्य नै कुरूप पार्ने छ । आउन

चाहिँ म निश्चित रूपले आउने छु तर आमा ! तिमी कहालिन चाहिँ नकहालिनू है ! मेरो अस्तव्यस्त हालत देखेर । तिमीले त्यति धेरै जतन र माया गरेको मेरा धुकधुकीहरूको बेढङ्गे चाल देखेर आँखाभरि आँसु पनि नथुपार्नू । भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मन चाहिँ कदापि कुरूप हुनु हुँदैन । यो सहरको स्पर्शले यस शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ त्यस्तै छ । त्यसैले त म तिमीभन्दा यति पर बसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै पग्लिँदै झरि रहेकी छु ।

मेरी धर्ती ! जननी ! तिमीसँग एउटा कुरा सोध्छु, नढाँटी भन है । म अचेल नराम्रा सपना देख्न थालेकी छु– तिमीमाथि भएको पीडाको सपना । तिमीसँग के ढाँट्नु अब ! मेरा सपनामा तिम्रा रुखहरू त सम्पूर्ण ढले छन्, तिमी चाहिँ रुखका तिनै जराहरूमा आँसुको तर्पण दिइ रहेकी थियौ । सुनखानी ! म यस्तो देख्न सक्दिनँ । यस्तो देख्ता मेरो मन छिया छिया हुन्छ । मेरा आँखा रसाउँछन् र म धुरु धुरु रुन्छु । तिमीभन्दा मान्य, मेरी मातृभूमिभन्दा मान्य मेरो अरू कोही छैन । छोरी भनेर हेला नगरी भन आमा ! म कष्टले ठुलो आबाजसम्म पनि निकाल्न नसकी सासैसासले सोधि रहिछु, कतै तिम्रो अस्तित्व नै सङ्कटमा परेको त छैन ? मेरा सपना असाध्यै बिग्रन थालेका छन् । दिउसो पनि थुप्रै चिल गिद्धहरू तिमीतिरै हुइँकिएर गइ राखेको देख्छु । अचेल ब्वाँसाहरूको बिगबिगी चाहिँ त्यहाँ र यहाँ मात्र होइन संसारभरि नै बढि रहेको छ । उफ् ! जीवन कति दुरूह ! कति दुस्साध्य !

प्रिय सुनखानी ! तिम्रा अरू छोराछोरीको खबर के छ ? तिनीहरू तिम्रो वक्षस्थलको तातोले नपुगेर सम्साँझैदेखि बोतलभित्रको सिरकमा लपेटिएर हिँड्छन् रे ! तिम्रा छोरीहरू आफ्नै दाजुभाइ देख्दा पनि बाघ नै देखे झैं तर्सेर रुँदै तिम्रा खोकिलामा टाउको लुकाउन आउँछन् रे ! तिमीले आफ्नो ममताको किरिया खुवाइनौ तिनीहरूलाई ? अँ साँच्ची ! अस्ति त्यतैबाट आउने कुन्नि कसले पो सुनाउँदै थियो, तिमीले उपदेश दिन खोज्दा तिम्रै कोखबाट जन्मिएको छोरो तिमीलाई काट्न मार हान्ने खुकुरी लिएर आइ लागेको थियो रे ! तिमी चाहिँ रुन पनि नसकी भक्कानिँदै तलतिरै कुद्दै झरेकी थियौ रे ! बुज्यौ सुनखानी ! तिमीमाथि कसैले क्षणिक दया माया देखाउँदैमा लुसुक्क उसका घरमा शरण नपरि दिनू, सुख र ऐश्वर्यका लोभमा फसेर ज्यान नफाल्नू, शीतल खोज्न भनेर प्रशान्त महासागरमा पनि नहेलिनू नत्र त हाम्रो बिजोग हुन्छ । तिमी भनेर मरि मेट्ने र तिम्रो अस्तित्वमा मात्र आफ्नो अस्तित्व देख्ने हामीहरूको सत्यानाश हुन्छ । म आँसुको मसीले लेख्दै छु, मेरो त सम्पूर्ण संसार नै प्रलय भएर डुब्ने छ । त्यो अथाह जलराशिबाट तिमीलाई निकाल्न सकुँला नसकुँला ! यसैले तिमी डुब्नु अगावै बरु 'होली' नै खेल्नु परे पनि केही छैन, दुई मुठी रगतको त के कुरा भयो र ? म सधैं तयारै छु । तिम्रा नाक, कान लुछ्ने ती दुष्ट छोराहरूलाई चिनि राख । आमाकै ममता हो, तिनलाई काखी च्यापेर लुकाई मलाई "उनीहरू उता भागे !" भनेर कहिल्यै विपरीत दिशातिर नदौडाउनू । नत्र पछुताउली, किनभने म तिमीले देखाएको गलत बाटोबाट गएर तिम्रा आँखाबाट ओझेल पनि परि सक्दा नसक्दा ती दुष्ट छोराले तिम्रा कोखमा छुरीले प्वाल पारेर तिम्रै रगत पिउन थालि सकेका हुने छन् ।

सुनखानी ! तिमीले ढिलो भो भनेर दुख चाहिँ नमानि दिनू । जेसुकै होस्, जहिलेसुकै होस्, मेरो जीवनमा साँझ पर्नु अगावै एक अँजुली सेता फुलहरू ल्याएर तिम्रा पाउमा भक्तिले चढाउने छु र त्यस खुसियालीमा अश्रुधाराहरूले तिम्रा पाउहरू पखाल्दै अनजानमा आफूबाट हुन गएका गल्तीका लागि पनि क्षमा माग्ने छु । तिमीले मलाई जति नै निष्ठुरी सम्झे पनि मैले मेरो गाउँको गुराँसको भरभराउँदो बैंस भुलेकी छैन, डाँफे चरीको स्वतन्त्र उडान भुलेकी छैन, कोइलीको कुहु भुलेकी छैन अनि न्याउली चरीले गाउने तिम्रो विरह गीत पनि भुलेकी छैन । मैले केही केही भुलेकी छैन, किनभने मैले मैलाई पनि भुलेकी छैन ।

(जीवन सूत्र र स्वप्नाभासबाट)

निबन्धकार परिचय

सुधा त्रिपाठी (वि. सं. २०१५) निबन्धकार, नाटककार, कवि, कथाकार तथा समालोचक हुन् । उनका **बादल, धर्ती र आस्थाहरू; जीवन सूत्र र स्वप्नाभास; सुट, टाइ र सुँगुर; अमर सिर्जना** जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित छन् । उनी मूलत: नारीवादी लेखक हुन् । उनी एकातिर आफ्ना निबन्धमा नेपाली नारीका पीडा, समस्या र पितृसत्ताका कारण सिर्जित लैङ्गिक तथा वर्गीय विभेदको अन्त्यको चाहना व्यक्त गर्छिन् भने अर्कातिर देशभक्ति र धरतीप्रतिको आस्था पनि प्रकट गर्छिन् । उनी प्रगतिवादी चेतनाको वरण गर्दै आफ्ना निबन्धमा समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य पनि गर्छिन् । 'म फुल लिएर आउने छु' उनले आफ्नो जन्मभूमिको सम्झना गरी रचेको एक घतलाग्दो निबन्ध हो ।

शब्दार्थ

१. **पाठमा प्रयुक्त तलका शब्दको अर्थ पढ्नु होस् र बुझ्नु होस् :**

उत्तरार्ध	पछिल्लो आधा, पछिको
अन्तराल	दुई समय वा ठाउँका बिचको खाली समय वा ठाउँ
श्रद्धावश	श्रद्धाका कारणले
कुरूपता	कुरूप हुनुको अवस्था
शैशव	शिशु अवस्था, बाल्यावस्था
प्रतिध्वनित हुनु	ध्वनि वा आबाज टाढासम्म पुगेर फर्कनु
अनास्था	आस्थाको अभाव, आस्था नहुनु
उच्छ्वास	गहिरो वा लामो सास, सुस्केरा
सँघार	ढोकाभित्र र बाहिरका बिचको भाग, सँघार
ढुङ्गयान	ढुङ्गैढुङ्गा भएको ठाउँ (जमिन)
सौकुमार्य	सुकुमार वा सुकोमल हुनुको अवस्था
बयल्लिएको	सड्न लागेको, स्वाद बिग्रिएको
द्रवीभूत	पग्लिएको, दयालु
दुरूह	कठिन
दुस्साध्य	कठिनाइका साथ पुरा गर्न सकिने, साध्न कठिन

पठन बोध

१. **तलका निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् ।**

(क) सुनखानी, म फुलसँगै राखेर मनुष्यलाई हेर्छु । मनुष्यका पीडारूपी जीवन हेर्छु । म मेरो गाउँ हेर्छु र देश हेर्छु । म मेरो देशका टुक्रा टुक्रामा तिम्रै जीवन पाउँछु र तिम्रै पीडा देख्छु । त्यसैले सुनखानी, तिमी मेरो देश हेर्ने ऐना । तिमी मेरो जीवनको आस्था । तिमी मेरो सानो देश र सानो संसार नै हौ ।

प्रश्नहरू

(अ) निबन्धकारले मानिसलाई फुलसँग दाँजेर हेर्नुको कारण के हो ?

(आ) निबन्धकारले सुनखानीको चित्रण कसरी गरेकी छन् ?

(इ) निबन्धकारले सुनखानीलाई किन माया गरेकी हुन् ?

(ई) 'तिमी मेरो देश हेर्ने ऐना' भन्नुको तात्पर्य के हो ?

(उ) देश र सुनखानीका बिच कस्तो सम्बन्ध रहेको छ ?

(ख) भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मन चाहिँ कदापि कुरूप हुनु हुँदैन । यो सहरको स्पर्शले यस शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ त्यस्तै छ । त्यसैले त म तिमीभन्दा यति पर बसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै पग्लिँदै झरि रहेकी छु ।

प्रश्नहरू

(अ) 'भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन' भन्नुको तात्पर्य के हो ?

(आ) निबन्धकारका दृष्टिमा मान्छेलाई शरीर वा मन केले सुन्दर बनाउँछ र किन ?

(इ) निबन्धकारको मन किन नफेरिएको हो ?

(ई) निबन्धकारको सुनखानीप्रतिको माया कसरी पग्लिएको छ ?

(उ) 'कुरूप' र 'द्रवीभूत' शब्दको अर्थ के हो ?

२. तलका बुँदाहरूका आधारमा 'म फुल लिएर आउने छु' निबन्धको मूल भाव लेख्नु होस् :

- जन्मभूमिको सुरक्षित भविष्यको चाहना
- देशको अखण्डता जोगाउनु पर्ने राष्ट्रिय भावनाको अभिव्यक्ति
- विषम परिस्थितिमा पनि प्रत्येक राष्ट्रभक्त नागरिक आफूले निर्वाह गर्नु पर्ने अहम् भूमिकाप्रति सधैं सचेत हुनु पर्ने

अभ्यास

१. 'जन्मभूमि स्वर्गभन्दा पनि महान् हुन्छ' भन्ने भनाइप्रति 'म फुल लिएर आउने छु' निबन्धका आधारमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।

२. 'म फुल लिएर आउनेछु' निबन्धमा निबन्धकारले सुनखानीको सम्झना कसरी गरेकी छन् ?

व्याकरण

समास प्रक्रियाद्वारा शब्द निर्माण

१. विग्रह गरिएका तलका शब्दहरूलाई समास गर्नु होस् :

विग्रह	समास	विग्रह	समास
देश र विदेश	.....	धर्म वा कर्म	.....
दाजु र भाइ	.....	सय र पचास	.....
मान एवम् मर्यादा	.....	गौरी र शङ्कर	.....
पाप र पुण्य	.....	दाल, भात र डुकु	.....
न फेद न टुप्पो	.....	न देख्नु न सुन्नु	.....
मादी र मर्स्याङ्दी	.....	घाम पनि पानी पनि	.....
दुख वा सुख	.....		

२. **तलका समस्त शब्दहरूको विग्रह गर्नु होस् :**

समास	विग्रह
मुना मदन	.....
कागज मसी	.....
शिक्षादीक्षा	.....
घामछाया	.....
सुखदुख	.....
गाँस वास कपास	.....
मर्नु न बाँच्नु	.....
नुन चिनी पानी	.....
नाफा नोक्सान	.....
नुनतेल	.....

३. **तलका कुरा पढ्नु होस् बुझ्नु होस् :**

- विग्रहको अवस्थामा र, वा, न, पनि जस्ता संयोजक शब्दहरू प्रयोग भएका हुन्छन् भने समास हुने क्रममा तिनको लोप हुन्छ । यस्तो समासलाई द्वन्द्व समास भनिन्छ ।
- द्वन्द्व समासमा समानार्थी अथवा विपरीतार्थी शब्दहरूका बिचमा मेल हुन्छ ।
- द्वन्द्व समासमा अगिल्लो पछिल्लो दुबै शब्दको अर्थ समान महत्त्वको हुन्छ ।

४. **तल विग्रह अन्तर्गत दिइएका शब्दहरूलाई समास गरी एउटै शब्द बनाउनु होस् :**

विग्रह	समास
माछाको जस्तो पुच्छर भएको	.....
आन्द्रामा पानी छ जसको	.....
बाघ चालिन्छ जसमा	.....
कान फट्टाएको छ जसको	.....
कालो मुख छ जसको	.....
लामो कान छ जसको	.....
सगर चुम्ने माथ छ जसको	.....
लामो पुच्छर छ जसको	.....
घन जत्रो टाउको छ जसको	.....
गोबरको गणेश जस्तो छ जो	.....
सय पत्र छन् जसमा	.....
मुख छैन जसको	.....
चार पाउ छन् जसका	.....
नौ तला भएको	.....
बाह्र हात परिमाण भएको	.....
दुई जिब्रा भएको	.....
माखा जस्तो बुट्टा भएको	.....
माछाको जस्तो काँडा भएको	.....

५. तलका समस्त शब्दहरूको विग्रह गर्नु होस् :

समास	विग्रह
नाङ्लाकाने	.....
वायुपङ्खी	.....
दोजिया	.....
चैते बाँदर	.....
नकटो	.....
दोपाया	.....
पाँचतले	.....
लमकन्ना	.....
चरीनङ्ग्रे	.....
कलजिब्रे	.....
बाघमुखे	.....
चारकोसे	.....
लामखुट्टे	.....
दुधमुखा	.....
बहुमुखी	.....
हात्तीसुँढे	.....
नौलखा	.....

६. माथि ४ र ५ मा परेका समस्त शब्दहरूले तिनको विग्रह अवस्थामा रहेका शब्दहरूको भन्दा बेग्लै अर्थ दिन्छन् । यस्तो समासलाई बहुव्रीहि समास भनिन्छ ।

अभ्यास

तलको अनुच्छेदबाट द्वन्द्व र बहुव्रीहि समास भएका शब्दहरू टिपी तिनको विग्रह गर्नु होस् :

दिदी बहिनीहरूले भाइ तिहारको बिहानै उठी नुहाइ धुवाइ गरे पश्चात् दाजुभाइलाई उठाएर तयार हुन आग्रह गरे । सानो भाइलाई उठाउन जाँदा ऊ ओछ्यानमा थिएन । सधैँ ९–१० बजेसम्म सुति रहने मान्छेलाई सातै बजे ओछ्यानमा नदेख्दा दिदी बहिनीहरू एक अर्कासँग मुखामुख गर्न थाले । कुरा बुझ्दा भाइलाई झाडा पखालाले रातिदेखि नै समातेर हैरान पारेको रहेछ । हतार हतार उनीहहरूले नुन चिनी पानी तयार पारेर सानो भाइलाई खुवाए । ऊ झाडा पखालाले गर्दा शरीरमा पानीको कमी भई आलसतालस भएर लखतरान परेको थियो । त्यसैले ऊ दिदीहरूको प्रश्नको पुङ न पुच्छरको जबाफ दिँदै थियो । झाडा पखालाले रुनु न हाँस्नु बनाएको कुरा पनि ऊ दिदीहरूसँग गर्दै थियो । केही पटक नुन चिनी पानी खाएपछि उसको झाडा पखाला रोकियो अनि ऊ दाजुहरूसँग बाघचाल खेल्न थाल्यो । दिदीहरू ढुक्क भएर दुखसुखका कुरा गर्दै भाइ पुज्ने सामग्रीहरू तयार पार्न थाले । भाइपूजाको साइत प्रारम्भ भयो । सबै दिदी बहिनीले दाजुभाइलाई सगरमाथाको जस्तो गौरव, लम्बोदरको जस्तो अबोधपन, पीताम्बरको जस्तो सुन्दरता अनि वायुपुत्रको जस्तो आयुको वरदान दिँदै टीका लगाइ दिए । पानबुट्टे

साडीमा सजिएका चेलीहरूले समय नपुग्दै चन्द्रमुखी र मृगनयनीका पछि नदौडने कुरामा समेत सचेत् तुल्याउँदै सयपत्री र मखमलीका मालाले आफ्ना दाजुभाइहरूलाई सजाए ।

- विभक्ति (ले, लाई, बाट, को, मा आदि) लागेको शब्द र अर्को शब्दबिच हुने समास तत्पुरुष हो ।
- नाम नाम, विशेषण नाम, विशेषण विशेषण, उपमान उपमेय तथा आरोप्य र आरोपबिच हुने समास कर्मधारय हो ।
- सङ्ख्या वाचक शब्द सहित समूह अर्थ दिने समास द्विगु हो ।
- अव्यय अव्ययबिच वा अव्यय र अर्को शब्दबिच हुने अव्ययार्थ प्रधान समास अव्ययीभाव हो ।

माथि पृष्ठ ६८–७२ मा दिइएका उदाहरणबाट तत्पुरुष, कर्मधारय, द्विगु र अव्ययीभाव समास भएका शब्दहरू साथीसँग छलफल गरेर खोज्नु होस् ।

सन्धि र सन्धि भएका शब्दको पहिचान

तलको अनुच्छेद पढी सन्धि व्यवस्थाबारे जानकारी लिनु होस् :

हरिको काम गराइ मलाई मन पर्छ । उसले जगन्नाथलाई घरको ढलान गर्न सहयोग गऱ्यो । मैले विद्यालयमा गएर गुरुलाई स्वागत गरेँ । बडचामा र सञ्जयले मेरा कुराको प्रशंसा गरे ।

माथिका रेखाङ्कित शब्दहरूको निर्माण हुँदा निम्न अनुसार सन्धि भएको छ :

गर् + आइ = गराइ
जगत् +नाथ = जगन्नाथ
ढाल् +आन = ढलान
विद्या + आलय = विद्यालय
जाउ + एर = गएर
सु + आगत = स्वागत
बडी + आमा = बडचामा
सम् + जय = सञ्जय

नेपालीमा सामान्य र विशिष्ट गरी सन्धि दुई प्रकारका हुन्छन् । दुई भाषिक एकाइको मेल हुँदा ध्वनि परिवर्तन नभई मेल भयो भने त्यसलाई सामान्य सन्धि (जस्तै : गर् + आइ = गराइ) हुन्छ भने ध्वनि परिवर्तन भई दुई शब्द गाँसिए भने विशिष्ट सन्धि (जगत् +नाथ = जगन्नाथ, ढाल् +आन = ढलान) हुन्छ ।

अभ्यास

तलका अनुच्छेदका रेखाङ्कित शब्दको सन्धि विच्छेद गर्नु होस् :

(क) हिमालय नेपालको प्राकृतिक वरदान हो । हिमाली सौन्दर्यले पर्यटन व्यवसाय बढेको छ र यसबाट वैदेशिक मुद्राको आम्दानी भएको छ तर अव्यवस्थित पर्यटनले हाम्रा प्राकृतिक सम्पदामाथि अत्याचार भइ रहेको छ । जताततै प्लास्टिक तथा सिसाहरू र अक्सिजनका सिलिन्डरहरू फाल्नाले हिमाली क्षेत्र प्रदूषित हुन्छ भन्ने कुरा बुझे पनि यसलाई बेवास्ता गरेको देखिँदै छ । पर्यटन व्यवसायलाई ठेक्कामा चलाउने जस्तो खतरनाक कुरा पनि सुनिँदै छ । यसले तत्कालको आर्थिक उपार्जनको मनोरथ त पुरा होला, भविष्यमा फाइदा हुँदैन ।

(ख) हिमालको हँसिलो अनुहारले पर्यटकहरूको अनुहार र पर्यटकको आगमनपछि हुने आर्थिक गतिविधिले यहाँका पर्यटन व्यवसायी र गरिब जनताको पनि कमाइ बढेर अनुहार हँसिलो हुन सक्छ । तर यसरी नै हिमाल, तालतलैया, नदीनाला र प्राकृतिक क्षेत्रको अनुचित उपयोग र प्रदूषण बढेमा यो व्यवसाय सङ्कटमा पर्ने अवश्यम्भावी छ ।

(ग) यशोधराले मनोरमालाई सरोवरमा स्नान गर्नका निम्ति सँगै जान आग्रह गरिन् तर मनोरमाले त्यसै समयमा वयोवृद्धहरूलाई वागीश्वरी वृद्धाश्रममा रामायण पढेर सुनाउनु पर्ने हुँदा यशोधरासँग जान नसक्ने जानकारी दिइन् । यशोधरा पनि मनोरमाको कार्यमा सद्भाव राखेर त्यस आश्रममा सदाचार कायम राख्ने कार्यमा खटिन् । सरोवरमा जाने समयमा उनी वृद्धहरूको सेवार्थ जुटिन् ।

(घ) लमिनी र थपिनी मिलेर कमाइ गर्ने ठेक्का लिन खुँजेली काइँलाको घर जान भनी हिँडेछन् । गोरेटो बाटामा अनेक बटुवाहरूसँग गफिँदै खुँजेली काइँलाकहाँ पुग्दा उनीहरू थकाइले चुर भएछन् । निकै समयदेखि आवतजावत बन्द भएका ठुल्यामा र कान्छ्यामालाई घर नजिकको चौरमा देखेर भरखरै घडेरी हेरेर आइ पुगेको काइँलो छक्क पऱ्यो । नयाँ बुहारी भित्र्याउनासाथ सान्कान्छालाई छुट्टचाउने हिसाबले ओल्लोपल्लो घरछेउकै घडेरीमा घर बनाइ हाल्ने सोच बनाएको थियो । मलेसियाबाट छुट्टीमा आएको सान्कान्छाले रोक्का भएको जग्गा फुकाइ हालेको थियो । त्यसैले उल्लाई अब यतै राख्ने विचारले उसको सट्टा ठुल्कान्छालाई त्यता पठाएको थियो । छोरालाई बोलाउँदै पाहुनाहरू भेट्न ऊ चौरतिर गयो । धसिङ्गरे भएर सान्कान्छो हातमा कटुटी बोकेर बुबा र पाहुनाहरू छेउ पुग्यो ।

वाक्यको पहिचान र प्रयोग

पढ्नु होस् र याद गर्नु होस् :

म चिठी लेख्दै छु ।

तिमीले खाजा खुवाइनौ ।

- माथिका वाक्यहरूमा एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (क्रिया) भएकाले यी दुबै सरल वाक्य हुन् ।

उद्देश्य र विधेय तथा तिनको विस्तार

सौन्दर्यका मोहनीमा बग्नेहरू प्रायः असभ्य र जङ्गली भइ दिन्छन् ।

तिम्रै नासो यो जिन्दगानी काठमाडौँको ढुङ्ग्यान छातीमा घिस्रिँदै घिस्रिँदै खिइँदै गइ रहेछ ।

- माथिका वाक्यहरूमा **बग्नेहरू** र **जिन्दगानी** उद्देश्य वा कर्ता हुन् भने **भइ दिन्छन्** र **गइ रहेछ** विधेय वा क्रियापद हुन् । उद्देश्य अगाडि आएका सम्पूर्ण पद पदावलीले उद्देश्यका बारेमा वर्णन गर्छन् भने विधेय वा क्रियापदका अगाडि आएका पद पदावलीले विधेयको वर्णन गर्छन् । उद्देश्यको वर्णन गर्नेलाई उद्देश्य विस्तारक र विधेयको वर्णन गर्नेलाई विधेय विस्तारक भनिन्छ ।

अभ्यास

१. **'म फुल लिएर आउने छु' निबन्धको नवौँ अनुच्छेदबाट उद्देश्य र उद्देश्य विस्तारक तथा विधेय र विधेय विस्तारक भएका तिन तिन वटा वाक्यहरू खोजेर लेख्नु होस् ।**

२. **उद्देश्य विस्तारक र विधेय विस्तारक समेत भएका सरल वाक्यको प्रयोग गरी १०० शब्दको अनुच्छेद तयार पार्नु होस् ।**

क्रियाका काल

तलका कुरा पढ्नु होस् :

- तिमीले आफ्नो ममताको किरिया खुवाइनौ ? अस्ति त्यतैबाट आउने कसैले सुनायो, तिमीले उपदेश दिन खोज्दा तिम्रै कोखबाट जन्मिएको छोरो तिमीमाथि नै खुकुरी लिएर आइ लाग्यो रे !
- जब जब विदेशले हुइँक्याएका सुन्तलाका केस्रा मुखमा हाल्छु, एकदम बयल्लिएको तमतमाउँदो स्वादले मुख बिग्रिन्छ । प्रिय सुनखानी ! अनि म तिमीले काखमा राखेर खुवाउने गरेको रसिलो, गुलियो सुन्तला सम्झन्छु । यसै यसै मुख रसाएर आउँछ ।
- मेरो जीवनमा साँझ पर्नु अगावै एक अँजुली सेता फुलहरू ल्याएर तिम्रा पाउमा भक्तिले चढाउने छु र खुसियालीमा अश्रुधाराहरूले तिम्रा पाउहरू पखाल्दै अनजानमा आफूबाट हुन गएका गल्तीका लागि क्षमा माग्ने छु ।

माथिका अनुच्छेदमध्ये पहिलो अनुच्छेदमा भूत कालको प्रयोग गरिएको छ भने दोस्रो र तेस्रो अनुच्छेदमा अभूत कालको प्रयोग गरिएको छ ।

भूत कालको क्रियाले बिति सकेको समय बुझाउँछ भने अभूत कालको क्रियाले चालु समय र आउने समयमा हुने कामलाई बुझाउँछ । अभूत कालमा वर्तमान र भविष्यत् पर्दछन् ।

अभ्यास

'म फुल लिएर आउने छु' निबन्धबाट भूत काल र अभूत कालको प्रयोग भएका तिन तिन वाक्य खोजेर लेख्नु होस् ।

क्रियाका पक्ष

१. तलका वाक्यहरू पढ्नु होस् र काम हुँदाको अवस्था वा पक्ष थाहा पाउनु होस् :

वाक्य	काल	पक्ष
भाइले पाठ पढ्यो ।	भूत	सामान्य
भाइ पाठ पढ्छ ।	अभूत	सामान्य
भाइले पाठ पढ्ने छ ।	अभूत	सामान्य
भाइ पाठ पढ्दै थियो ।	भूत	अपूर्ण
भाइ पाठ पढ्दै छ ।	अभूत	अपूर्ण
भाइ पाठ पढ्दै हुने छ ।	अभूत	अपूर्ण
भाइले पाठ पढेको थियो ।	भूत	पूर्ण
भाइले पाठ पढेको छ ।	भूत	पूर्ण
भाइले पाठ पढेको हुने छ ।	भूत	पूर्ण
भाइले पाठ पढेछ ।	भूत	अज्ञात
भाइ पाठ पढ्थ्यो ।	भूत	अभ्यस्त

- पक्षहरू सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँच वटा हुन्छन् । भूत काल जनाउने क्रियापदका रूप सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त पाँचै पक्षसँग सम्बद्ध हुन्छन् । अभूत काल जनाउने क्रियापदका रूप भने सामान्य, अपूर्ण र पूर्ण गरी तिन पक्षसँग मात्र सम्बद्ध हुन्छन् ।

अभ्यास

१. अज्ञात पक्षका क्रियापदको प्रयोग गरी कुनै घटनाको वर्णन गर्नु होस् ।

२. अभ्यस्त पक्षका क्रियापदको प्रयोग गरी हाल अमेरिकामा पढ्दै गरेकी दिदीका बारेमा दश वाक्यसम्मको अनुच्छेद लेख्नु होस् ।

भाव

तलका वाक्यहरू पढ्नु होस् र तिनमा कस्ता क्रियाको प्रयोग भएको छ, ठम्याउनु होस् :

(क) तिम्रो श्रद्धामा म गरिब छोरीले के अर्पण गर्न सकुँला र !

(ख) तिमीलाई जिन्दगीमा एक चोटि मात्र भए पनि पुष्पमय देख्ने रहर पूर्ण गर्न सकूँ !

(ग) मलाई तिम्रो सामीप्य मिलोस् !

(घ) तिमी गाउँ जाऊ । गाउँका शिक्षा नपाएकाहरूलाई शिक्षा देऊ । त्यहाँको अज्ञानतालाई चिर्न ज्ञानको बत्ती बाल ।

(ङ) वर्तमानमा बाटो बिराएँ भने भविष्य हुँदैन ।

उपर्युक्त वाक्यमध्ये पहिलो वाक्यको 'सकुँला' क्रियापद सम्भावनार्थक हो । दोस्रो र तेस्रो वाक्यका 'सकूँ' र 'मिलोस्' क्रियापद इच्छार्थक हुन् । चौथोमा तिन वाक्यहरू छन् । तिनमा प्रयुक्त 'जाऊ', 'देऊ' र 'बाल' आज्ञार्थक क्रियापद हुन् । पाँचौं वाक्यमा चाहिँ अगिल्लो क्रिया सर्त र पछिल्लो क्रिया परिणाम भएर आएकाले यहाँ सङ्केतार्थक भावको प्रयोग भएको छ ।

अभ्यास

१. सम्भावनार्थक क्रियापदको प्रयोग गरेर आफ्नो भावी योजनाको वर्णन गर्दै दश वाक्यको अनुच्छेद लेख्नु होस् ।

२. आज्ञार्थक र इच्छार्थक क्रियापदको प्रयोग गरी दश वाक्यको एक अनुच्छेद लेख्नु होस् ।

३. दश वटा सङ्केतार्थक वाक्यको प्रयोग गरी एउटा अनुच्छेद लेख्नु होस् ।

बोध

सङ्क्षेपीकरण र बुँदा टिपोट

१. कुनै अनुच्छेदमा व्यक्त भाव वा विचारलाई एक तिहाइ अंशमा छोट्टचाएर लेख्ने कला सङ्क्षेपीकरण हो । तलको नमुना हेरेर यसबारे बुझ्नु होस् :

तिम्रै नासो यो जिन्दगी काठमाडौंको यो ढुङ्ग्यान छातीमा घिसिँदाघिसिँदै खिइँदै गइ रहेछ । कतै तिम्रो यो नासो फर्काउन पो नसकिने हो कि भन्ने सन्त्रासले म सधैं थर्कमान छु । जे जस्तो हालतमा होस्, यो देह ढल्नु अगावै तिम्रो नासो तिमीलाई सुम्पन पाए मेरो ठुलो तृष्णा मेटिने थियो । सद्दे त फर्काउन के देला र यो काठमाडौंले ! यो सहरले ! यो मरुभूमिले ! यसले पिल्स्याई पिल्स्याई तिमीले दिएको सौकुमार्यलाई त अवश्यै कुरूप पार्ने छ । आउन चाहिँ म निश्चित रूपले आउने छु तर आमा, तिमी कहालिन चाहिँ नकहालिनू है मेरो अस्तव्यस्त हालत देखेर । तिमीले त्यति धेरै जतन र माया गरेको मेरा धुकधुकीहरूको बेढङ्गी चाल देखेर आँखाभरि आँसु पनि नथुपार्नू । भौतिक शरीरको सौन्दर्य जीवनको सम्पूर्णता होइन, मान्छेको मन चाहिँ कदापि कुरूप हुनु हुँदैन । सहरको स्पर्शले यो शरीरलाई कुरूप बनाए पनि मन भने तिमीले जस्तो बनाइ दिएकी छौ त्यस्तै छ । त्यसैले त म तिमीभन्दा यति पर बसेर पनि तिम्रै मायाले द्रवीभूत भएकी छु र यी प्रत्येक अक्षर रूपमा पग्लिँदै पग्लिँदै झरि रहेकी छु । (जम्मा शब्द सङ्ख्या १६०)

२. **सङ्क्षेपीकरण गर्दा मुख्य मुख्य कुरा नछुटुन् भनेर बुँदा टिप्ने गरिन्छ । त्यसलाई बुँदा टिपोट भन्दछन् । बुँदा टिपोटको नमुना हेर्नु होस् :**

- तिम्रो नासोरूपी जिन्दगी काठमाडौंको ढुङ्ग्यान छातीमा खिईदै गएको,
- देह ढल्नुअघि नासो सुम्पन पाए तृष्णा मेटिने,
- आफ्नो कुरूप अवस्था देखेर नतर्सिनू भन्ने आग्रह,
- शरीर कुरूप भए पनि मन चाहिँ पहिलेको जस्तै सुन्दर,
- तिम्रै मायाले द्रवीभूत भएर अक्षर रूपमा पग्लिएर झरेको ।

३. **माथि अनुच्छेद १ को सङ्क्षेपीकृत रूप तल दिइएको छ, पढ्नु होस् :**

म तिम्रै नासोरूपी यो जिन्दगी काठमाडौंमा खिइएकाले तिमीलाई फर्काउन नसकुँला भन्ने त्रासले थर्कमान छ । त्यसैले देह ढल्नुअघि यो नासो सुम्पन पाए तृष्णा मेटिने थियो । तिमी मेरो कुरूप अवस्था देखेर नतर्सनू, नरुनू । मेरो मन तिमीले बनाइ दिएकै जस्तो सुन्दर छ र म तिम्रै मायामा द्रवीभूत अक्षर भएर पग्लिएकी छु ।

(जम्मा शब्दसङ्ख्या ४५)

४. **'म फुल लिएर आउने छु' निबन्धको दोस्रो अनुच्छेद पढेर बुँदा टिपोट गरी सङ्क्षेपीकरण गर्नु होस् ।**

पाठ : नौ

मानुषी

✍ पारिजात

- यदि तपाई महिला हुनु हुन्छ भने पुरुष भएर र पुरुष हुनु हुन्छ भने महिला भएर सोच्नु होस् त ! नेपाली समाजमा महिला र पुरुषको सामाजिक, सांस्कृतिक र आर्थिक भूमिकामा कति भिन्नता छ ?
- हाम्रो परिवार र समाजमा महिलाहरूले जति पुरुषले काम गर्छन् त ? घरमा आमाले जति र जस्तो काम गर्नु हुन्छ बुबाले पनि त्यति र त्यस्तै काम गर्नु हुन्छ ? पुरुष र महिलाको काम, पहिरन, सामाजिक व्यवहार आदिमा पाइने भिन्नता जन्मजात हो त ? जन्मजात होइन भने महिला र पुरुषमा विभेद किन ? यो विभेद कहिलेसम्म रहने हो ? के यस्ता विभेदलाई सदाका लागि हटाउन सकिँदैन ? समाजमा यो विभेद कसरी आयो ?
- महिला र पुरुषका बिच रहेको यो विभेद प्राकृतिक नभएर समाजले सिर्जना गरेको हो। समाजको आधा भाग ओगट्ने महिलालाई यस्ता विभेदबाट मुक्त गरी समतायुक्त, सुन्दर र न्यायपूर्ण समाजको निर्माण गरेर मात्र हामी सही गन्तव्यमा पुग्न सक्छौं। त्यसै कारण अब हामीले नयाँ र विभेद रहित समाज निर्माण गर्नै पर्ने भएको छ।
- तलको कविता पढ्नु होस् र माथिको विषयका बारेमा अझ स्पष्ट हुनु होस्।

तिमी जति गर्न सक्छौ
त्यति म पनि सक्छु
तिमी जत्तिकै पाखुरी बजार्न सक्छु
पसिना बगाउन सक्छु
तिम्रा सबै अनुभूतिहरू
मेरा पनि अनुभूति
तर इतिहासले आज
कहाँ ल्याएर पछ्याऱ्यो कुन्नि मलाई
तिमी त मभन्दा कोसौं अगि गइ सकेछौ।

तिमी र म एउटै होइनौं
एक अर्काका पूरक मात्र हौं
त्यसैले तिमी मेरा थुप्रै अनुभूतिहरूका भागीदार हुन सक्दैनौ
म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु

म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न पनि सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ
तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पटचार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन
हो, म तिमीविना आमा बन्न सक्दिनँ
तर मैले तिमीलाई बाबु बन्ने श्रेय दिएकी छु
तथापि तिमी त्यो नैसर्गिक मातृत्व बुझ्दैनौ
त्यो मेरो, नितान्त... मेरो अनुभूति हो
तिमीलाई स्वास्नीमान्छेले बलात्कार गर्‍यो ?
तिमीलाई स्वास्नीमान्छेले कलङ्कको टीका लगाइ दियो ?
तिमीलाई स्वास्नीमान्छेले कतै बेच्यो ?
तिमी निरुत्तर छौ यस प्रश्नको अगि,
आजको सत्तारूढ तिमी
शताब्दी शताब्दीअगि
झगडालु, ईर्ष्यालु वन मानुष तिमीलाई
माया र सहअस्तित्वको अँगालोमा बाँधी
आफ्नो ओडारको छानुमुनि भित्र्याएकी थिएँ
जसरी आज तिमी
दाइजोको लावालस्करसँग घुम्टोभित्र लुकाई
पशुलाई जस्तै रुवाउँदै भित्र्याउने गर्छौ,
त्यसैले तिमी यति विमुख नहोऊ
यति निर्दयी नबन,
यति बैगुनी नहोऊ,
तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौं
हामी मानसिकताले एकाकार होऔं
हामी एक अर्काविना बाँच्न सक्ने प्राणी होइनौं
म तिम्रो हात दर्‍हो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुर्‍याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदि कालमा पुर्‍याइ सकेकी थिएँ ।

(बैंसालु वर्तमानबाट)

कवि परिचय

पारिजात (वास्तविक नाम : विष्णु कुमारी वाइबा, वि.सं. १९९०–२०५०) नेपाली साहित्यकी एक सशक्त प्रतिभा हुन् । उनी उपन्यासकार, कवि, कथाकार, निबन्धकार र नाटककार हुन् । उनका **आकाङ्क्षा, पारिजातका कविता, बैंसालु वर्तमान** जस्ता कविता सङ्ग्रहहरू प्रकाशित छन् । **शिरीषको फुल, महत्ताहीन, अनिदो पहाडसँगै, परिभाषित आँखाहरू** लगायत नौ वटा उपन्यास; **आदिम देश, साल्गीको बलात्कृत आँसु, वधशाला आउँदा जाँदा** जस्ता कथा सङ्ग्रह तथा संस्मरण र नाटक समेत लेखेकी पारिजात मूलत: प्रगतिवादी साहित्यकार हुन् । निस्सारता, विसङ्गति र अस्तित्ववादी चेतनाका अभिव्यक्तिबाट थालिएको उनको लेखनका पछिल्लो चरणमा प्रगतिवादी स्वर प्रखर बनेको छ । नयाँ चेतनाको संवाहक बनेका उनका लेखनमा नेपाली निम्न वर्ग, महिला, दलित, जनजातिका समस्याको चित्रण गरिएको हुन्छ र तिनको मुक्तिको समेत उद्घोष गरिएको हुन्छ । नेपाली समाजका विकृतिलाई खोतलेर मान्छेको जीवन बोध र मूल्यबोधप्रति सचेत पारिजात नारी लेखनका दृष्टिले समेत उत्कृष्ट छिन् ।

शब्दार्थ

१. **शब्द र अर्थको जोडा मिलाउनु होस् :**

मृतदेह	बालक जन्मँदाको क्षण
अस्मिता	सीमा नाघेको
अतिशय	स्वभावसिद्ध/प्राकृतिक
प्रसव काल	अस्तित्व
सीमातीत	शव
नैसर्गिक	आमामा हुने भाव
मातृत्व	अत्यन्त/ज्यादै

२. **तलका शब्दहरूको अर्थ बोध गर्नु होस् :**

जोखिम	खतरा
कलङ्क	दाग
सत्तारूढ	शासनमा रहेको
वन मानुष	वनमान्छे
सहअस्तित्व	समान रूपमा रहनु, बाँच्नु आदिको भावना
उत्पीडन	अरूले दिने पीडा/शोषण
आदिकाल	प्राचीन काल

पठन बोध

१. **तलका कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :**

क) म तिम्रो मृतदेहसँग जिउँदै मर्न सक्छु
म तिमीहरूको सामूहिक बलात्कार खपेर बाँच्न सक्छु
तिमीलाई त यसो कहिल्यै भएन,
तिमीले रजस्वलाको कष्टप्रद क्षण भोगेका छैनौ

तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन
तिमीलाई गर्भ धारणको अतिशय पटचार लाग्दो अवधि थाहा छैन
तिमीलाई प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्दैन ।

प्रश्नहरू

(अ) पहिलो पङ्क्तिमा कविले के भन्न चाहेकी हुन् ?
(आ) कविले 'म' का कस्ता समस्या प्रस्तुत गरेकी छन् ?
(इ) 'तिमी' ले नभोगेका कुराका माध्यमबाट कविले भन्न खोजेका कुराहरू के के हुन् ?
(ई) सामूहिक बलात्कार, रजस्वला, अस्मिता, गर्भ धारण र प्रसव अवस्थाका कारणले नै महिलाहरूलाई पछि पारिएको हो त ?
(उ) "तिमीलाई आफ्नो अस्मिताको जोखिम उठाउनु पर्दैन" भन्नुको तात्पर्य के हो ?

ख) तिमी मेरो उत्पीडन बुझ्दैनौ
म तिम्रो उत्पीडन बुझ्छु
आऊ आज हामी उत्पीडनहरू साटासाट गरौँ
हामी मानसिकताले एकाकार होऔँ
हामी एक अर्काविना बाँच्न सक्ने प्राणी होइनौँ
म तिम्रो हात दर्‍हो गरी समाउँछु
तिमी मलाई तिमी पुगेको ठाउँसम्मै पुर्‍याऊ
त्यहाँ, जहाँ तिमीलाई मैले
सभ्यताको आदि कालमा पुर्‍याइ सकेकी थिएँ ।

प्रश्नहरू

(अ) यस कवितांशमा 'तिमी' र 'म' ले कस कसलाई सङ्केत गरेका छन् ?
(आ) 'तिमी मेरो उत्पीडन बुझ्दैनौ' भनी कसलाई भनिएको हो ?
(इ) उत्पीडनहरू किन साटासाट गरिनु पर्दछ ?
(ई) नारी र पुरुषबिचको सहयात्रा किन आवश्यक छ ?
(उ) "तिमीलाई मैले सभ्यताको आदिकालमा पुर्‍याइ सकेकी थिएँ" भन्नुको तात्पर्य के हो ?

अभ्यास

१. 'मानुषी' समाजमा विद्यमान नारी र पुरुषका बिचको विभेद देखाई लेखिएको कविता हो । यो कविता पढी त्यहाँ प्रस्तुत नारी र पुरुषबिचका विभेदका कुरालाई सूची बनाएर प्रस्तुत गर्नु होस् ।

२. तलको अनुच्छेद पढ्नु होस् र सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :

'मानुषी' कवितामा 'म' र 'तिमी' गरी दुई पक्ष उभिएका छन् । यहाँ 'म' नारी हो र तिमी पुरुष हो । यो कविता नारीका पक्षबाट लेखिएको छ । समाजमा पुरुष र नारीको समान भूमिका हुनु पर्नेमा पितृसत्ताका कारण पुरुषको वर्चस्व र प्रभुत्व रहेको छ । यस कवितामा नारीले भोगेका पीडाको चर्चा गर्दै पुरुषको प्रमुख भूमिकाको अन्त्य र नारी पुरुष समताको चाहना प्रकट भएको छ । समाजमा महिलाहरू पछि परेका नभई पछि पारिएका हुन् भन्ने भाव व्यक्त गर्दै कविले एक अर्काको सहयोग र सद्भावबाट समाज अगि बढेमा नै महिलाहरू पुरुष सरह बन्न सक्ने उद्घोष गरेकी छन् ।

प्रश्नहरू

(क) 'मानुषी' कवितामा नारी र पुरुषको भूमिकाका बिच के कस्तो भिन्नता देखाइएको छ ?

(ख) कविले नारीका पक्षमा र पुरुषका विपक्षमा उठाएका विषयहरू के के हुन् ?

(ग) कविका विचारमा पुरुष मानसिकता समाजमा कसरी प्रकट हुने गरेको छ ?

(घ) महिलाको सामाजिक भूमिका कस्तो हुनु पर्छ ? आफ्ना तर्कहरू प्रस्तुत गर्नु होस् ।

३. समाजमा महिला र पुरुषका प्राकृतिक र सांस्कृतिक गरी दुई अवस्था छन् । बच्चा जन्माउनु पर्ने हुँदा पुरुष र महिलाको शारीरिक बनोट प्राकृतिक रूपमा भिन्न हुनु स्वाभाविक हो । महिला र पुरुषका बिचमा शारीरिक भिन्नता भए पनि सामाजिक रूपमा महिला पुरुष बराबर हुन् । बराबर हुनु पर्ने यस भूमिकालाई खुम्च्याएकै कारण महिला र पुरुषका बिच भिन्नता सुरु भयो र समाजमा लैङ्गिक विभेद जन्मियो । महिला र पुरुषबिचको यस भिन्नतालाई तपाईंले कसरी बोध गर्नु भएको छ ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु होस् ।

५. 'मानुषी' कविताका आधारमा तल महिला र पुरुषका भिन्नता र समानतालाई सूचीकृत गरिएको छ । यस सूचीका आधारमा प्रस्तुत कविताको विषय वस्तुका बारेमा लेख्नु होस् :

भिन्नता

पुरुष	महिला
• कोसौँ अघि पुगेको	• पछि पारिएको
• सती जानु नपरेको	• सती जान सक्ने
• बलात्कार नभोगेको बरु बलात्कारी भएको	• सामूहिक बलात्कार खपेर पनि बाँच्न सक्ने
• रजस्वला हुनु नपर्ने	• रजस्वलाको कष्टप्रद क्षण भोग्न सक्ने
• पितृसत्ताले स्वत: अस्मिता प्रदान गरेको	• अस्मिताको जोखिम उठाउनु पर्ने
• गर्भ धारण गर्नु नपर्ने	• गर्भ धारण गर्नु पर्ने
• प्रसव कालको पीडा भोग्नु नपर्ने	• प्रसव कालको सीमातीत कष्ट भोग्नु पर्ने
• बाबु बन्ने श्रेय पाएको तर कुनै पीडा भोग्नु नपर्ने	• आमा बन्नु पर्ने
• मातृत्व नबुझी महिलालाई पीडा दिने आक्रामक प्रवृत्ति	• बलात्कृत, कलङ्कित, बेचिएर वेश्या बन्नु पर्ने अवस्था
• पुरुष बदमासी गरे पनि प्राय: फुक्का हुने	• सहनशील तर अवहेलित
• सत्तारूढ	• आदि कालदेखि माया र सह अस्तित्वकी प्रतिमूर्ति
• प्राचीन कालमा असभ्य, झगडालु र वन मानुषको प्रवृत्ति	• दाइजो लिएर पुरुषद्वारा भित्र्याइने
• पशुलाई झैं भित्र्याउने र दाइजोको माग गर्ने	• दयावान्, गुनी, उत्पीडित र शान्तिप्रिय
• निर्दयी, बैगुनी, उत्पीडक र हिंस्रक	

समानता

- दुबैले बराबर काम गर्ने
- दुबैले उसै गरी पाखुरी बजार्न सक्ने
- दुबैको मन, भावना र अनुभूति उस्तै हुने
- दुबै एक अर्काविना बाँच्न नसक्ने
- दुबै एक अर्काका पूरक ।

व्याकरण

सामान्य र विशिष्ट (आलङ्कारिक) पदक्रम

तलका भिन्न भिन्न उदाहरण पढ्नु होस् :

(क) नर वा पुरुष र नारी वा महिला एउटै नभएर फरक हुन् । यही फरकले गर्दा नै ती दुबैको अस्तित्व पनि फरक छ अन्यथा एउटाको अस्तित्व उहिल्यै समाप्त भइ सक्ने थियो । नर र नारी एक अर्काका पूरक हुन्, दुबैका गुणहरू एक ठाउँमा राख्दा मात्र जीवनले पूर्णता प्राप्त गर्दछ ।

(ख) भिन्न छन् नर र नारी
भिन्न छ यिनको अस्तित्व पनि
यसो नभए हुने थियो समाप्त
यिनको जीवन
पूरक छन् यी दुबै
एकविना अर्को सक्दैनन् बाँच्न
पूर्णताका लागि यिनले
सक्नै पर्छ जीवनलाई सजाएर राख्न ।

- माथिको उदाहरण (क) का वाक्यहरूमा प्रयुक्त शब्दहरूको निश्चित क्रम छ । यसरी निश्चित क्रममा पदहरूको प्रयोग हुनुलाई सामान्य पदक्रम भनिन्छ । यस्ता पदक्रम कर्ता, कर्म, क्रिया वा उद्देश्य र विधेयका क्रममा उनिएर आएका हुन्छन् । यसमा बोलचालकै क्रममा पदहरू आउँछन् ।
- उदाहरण (ख) का वाक्यहरूको क्रम वा स्थान खजमजिएको छ । यस्तो पदक्रमलाई विशिष्ट वा आलङ्कारिक पदक्रम भनिन्छ । विशिष्ट पदक्रममा पदहरूको विचलन हुन्छ । त्यसैले उदाहरण (ख) मा कर्ता, कर्म र क्रियाको क्रम यताउता हुन पुगेको छ ।

अभ्यास

१. **तलका वाक्यमा व्याकरणका नियमहरू भङ्ग भई आलङ्कारिक पदक्रमको निर्माण कहाँ कहाँ भएको छ ? माथिको उदाहरणका आधारमा छुट्ट्याउनु होस् :**

(क) तिमीले बेच्यौ महिलालाई र जोखिम उठाउन बनायौ बाध्य ।
(ख) मैले वन मानुष सरहका ऋगडालु तिमीलाई ल्याएर सभ्यता सिकाएँ ।
(ग) दाइजोको लावालस्कर सहित भित्र्याउँछौ तिमी मलाई र पशुलाई कैँ ल्याउँछौ दानमा ।
(घ) पुरुषविना महिलाहरू बन्न सक्दैनन् आमा ।
(ङ) महिलाविना पुरुष र पुरुषविना महिलाको कल्पना गर्नु निरर्थक छ ।
(च) असुरक्षाको मारले थलिएर टाउको निहुऱ्याउन विवश म महिला ।

२. **तलको अनुच्छेदबाट सामान्य र विशिष्ट पदक्रम छुट्ट्याएर लेख्नु होस् :**

उज्यालो उघ्रँदै थियो बिहान । म लम्पसार थिएँ । नजिकैको वनमा कराए स्यालहरू र गिद्धले युद्धको सङ्केत गरे । नयाँ देश खोज्न निस्केको म उही पुरानो हुइयाँमा बाँच्न विवश । धरतीको पल्लो छेउमा अझै देखिँदैन उज्यालाको सङ्केत । मान्छेले खोजेको सभ्यता र चेतना तथा परिचय र पहिचानको उज्यालामा म घिसँदै छु । सपना पालेर बसेको छु पक्कै नयाँ दिन आउँछ भन्ने आशामा ।

३. 'मानुषी' कविताका अन्तिमका नौ पङ्क्तिलाई विशिष्ट पदक्रममा बदल्नु होस् ।

४. 'हर्क बहादुर' कविता पढी त्यसमा प्रयुक्त पाँच वटा आलङ्कारिक पदक्रम भएका पङ्क्ति खोज्नु होस् ।

५. 'मेरो देश' कविता (पाठ : एघार) आलङ्कारिक पदक्रमका दृष्टिले उपयुक्त कविता हो । उक्त कवितामा व्याकरणका नियम कहाँ कहाँ भङ्ग भई आलङ्कारिक पदक्रमयुक्त वाक्य प्रयोग भएका छन्, लेख्नु होस् ।

बोध

१. तलका अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

मानव जीवनमा विपत्तिका पर्याप्त सम्भावना छन् । हाम्रो जीवनको कुनै भर छैन । किसानले पालेका गाईभैंसी अचानक मर्न सक्छन् । तपाईंको जीवनमा रोग लाग्न सक्छ । सानोतिनोदेखि ठुलो व्यापारमा आगलागी र चोरी हुन सक्छ । कसले भन्न सक्छ र कुनै पनि व्यवसाय जोखिम मुक्त छ भनेर ? यस्तो समस्या मानव समाज वा समुदायमा निरन्तर आइ परि रहन्छ । यस्तो अवस्थामा देखा पर्ने ठुलो वा सानो नोक्सानी वा हानिलाई आपसी सहयोग र सम्झौताका आधारमा आर्थिक रूपमा क्षतिपूर्ति प्रदान गरिने व्यवस्थालाई नै बिमा भनिन्छ ।

बिमामा जोखिमबाट मुक्ति खोजिन्छ । बिमा गर्नु जोखिम घटाउने एउटा उपाय हो । त्यसैले बिमा गर्न जोखिम हुनै पर्छ । बिमाको सम्बन्ध कुनै न कुनै रूपमा जोखिमसँग जोडिएको हुन्छ ।

हरेक सम्झौता दुई पक्षका बिचमा सम्पन्न हुन्छन् । बिमा पनि दुई पक्षका बिचमा हुने सम्झौता हो । बिमा गर्दा कम्पनी र बिमा गर्ने व्यक्तिका बिचमा सम्झौता गरिन्छ । यसका लागि बिमा कम्पनीले बिमाशुल्क लिन्छ र यस्तो शुल्क आंशिक वा एकमुस्ट रूपमा बिमितले कम्पनीलाई भुक्तान गर्दछ । यस्तो अवस्थामा व्यक्ति वा बिमाको विषय वस्तुमा हानि नोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको क्षतिपूर्ति बिमा कम्पनीले बेहोर्ने गर्दछ । यस्तो क्षतिपूर्ति सकार्ने माध्यम संसारमा बिमा बाहेक अरू केही पनि छैन ।

बिमा जीवनमा आइ पर्ने आपत्तिको सहारा हो । आर्थिक रूपमा पर्ने अप्ठ्यारोबाट मुक्ति पाउने उपाय हो । यसमा बिमक र बिमित दुबैका हित र चाहना प्रतिबिम्बित भएका हुन्छन् । तिनलाई कानुनी रूप प्रदान गरिएको हुन्छ । कानुनी रूपमा स्वीकार्य हुने हुँदा बिमा कम्पनीले बिमाको विषय वस्तुमा भएको हानि नोक्सानी बापतको क्षतिपूर्ति दिनै पर्ने हुन्छ । त्यसैले यसलाई दुई पक्षबिचको करार भनिन्छ । करारमा दुबै पक्षले स्वीकार गरेका सर्त वा नियम पालना गर्नु पर्ने हुन्छ । बिमितले पनि सर्त अनुसारको बिमाशुल्क नियमित रूपमा भुक्तान गर्नै पर्दछ ।

बिमाको क्षेत्र व्यापक छ । तपाईं यातायातको साधनदेखि आगलागीसम्म, शरीरका अङ्गदेखि अङ्गभङ्ग र मृत्युसम्म, सम्पत्तिको सबै प्रकारका जोखिमदेखि दायित्वसम्म बिमा गर्न वा गराउन सक्नु हुन्छ । यसमा हुने आर्थिक नोक्सानीको क्षतिपूर्ति दिनु बिमा कम्पनीको कर्तव्य हुन्छ । त्यसैले अहिले बिमा मानिसको जीवन शैली र व्यवहार बन्ने चरणमा छ । बिमा गरेर ढुक्क हुनु मानिसको कर्तव्य र दायित्व दुबै हो । सरकारले पनि बिमाका बारेमा पर्याप्त सचेतताका लागि जनतामा आह्वान गर्दछ ।

आफ्ना नागरिक जोखिमबाट मुक्त होऊन् भन्ने चाहनाका साथ सरकारले जोखिम न्यूनीकरणका लागि नागरिकलाई बिमाको विषयमा आह्वान गरेको हो ।

प्रश्नहरू

(क) बिमा भनेको के हो ?

(ख) बिमाबाट दुई पक्षलाई के कस्तो फाइदा छ ?

(ग) के के हुँदा बिमा गराउन सकिन्छ ?

(घ) सरकारले किन आफ्ना जनतालाई बिमाका निम्ति आह्वान गर्दछ ?

(ङ) 'बिमक' र 'बिमित' शब्दको अर्थ लेख्नु होस् ।

२. **बिमाको महत्त्व दर्साउँदै दश वाक्यको एउटा अनुच्छेद लेख्नु होस् ।**

अभिव्यक्ति

पाठक प्रतिक्रिया

तलको अनुच्छेद पढ्नु होस् र सोधिएका प्रश्नलाई मनन गर्नु होस् :

कुनै कविता पढेपछि तपाईंका मनमा उत्पन्न हुने प्रभाव नै पाठक प्रतिक्रिया हो । कविताले कुनै न कुनै रूपमा जीवनको यथार्थलाई प्रस्तुत गर्दछ । यस्तो यथार्थलाई कविले थोरै शब्दमा व्यक्त गर्दछ । कविको धारणा वा विचारलाई प्रस्तुत गर्ने आफ्नै भाषा वा शैली हुन्छ । पाठकका मनमा प्रभाव उत्पन्न गरी मनलाई नै झङ्कृत पार्न सके मात्र कविता शक्तिशाली हुन्छ । यसका लागि कविताको बोध आवश्यक छ । कविताको बोधका लागि एउटै कविता दुई तिन पटकसम्म पढ्नु पर्छ । कविताको लयबद्ध वाचनबाट पनि यसको विषय वस्तु वा भावको बोध गर्न सजिलो हुन्छ । कवितामा लय, सङ्गीत र भाषा पनि महत्त्वपूर्ण हुन्छ किनभने कवितामा कविले आफ्ना विचार र अनुभूतिलाई प्रस्तुत गर्ने माध्यम भाषा नै हो । कविताका विषयमा पाठक प्रतिक्रिया लेख्दा निम्न कुरामा विचार पुऱ्याउनु पर्दछ ।

- 'मानुषी' कविताका विषयमा तपाईंको प्रतिक्रिया के छ ? तपाईंलाई यो कविता मन पऱ्यो ? मन पऱ्यो भने किन मन पऱ्यो ? मन परेन भने किन मन परेन ?
- कविताको विषय वस्तु कस्तो छ र त्यो समय अनुकूल छ कि छैन ?
- कविताको भाव कस्तो छ ? यसले तपाईंमा कस्तो अनुभूति जगायो ?
- कविताको भाषा कस्तो छ, त्यसले पाठकलाई प्रभावित पार्छ ?
- समग्र कविताबाट कस्तो सन्देश प्राप्त हुन्छ ?

अभ्यास

१. **'मानुषी' कविता पढेपछि तपाईंको मनमा उत्पन्न प्रतिक्रिया १५० शब्दसम्ममा लेख्नु होस् ।**

२. **कुनै कविता पढी त्यसबारेमा आफ्नो प्रतिक्रिया लेख्नु होस् र शिक्षकलाई देखाउनु होस् ।**

३. **'हर्क बहादुर' कविता पढेपछि त्यसको विषय वस्तु, भाव र वर्णन गर्न खोजिएको अवस्था समेतलाई समेटी १०० शब्दको एउटा पाठक प्रतिक्रिया लेख्नु होस् ।**

•

पाठ : दश

रातभरि हुरी चल्यो

✍ इन्द्र बहादुर राई

गरिबीको पीडा अत्यन्त दुखद र कहाली लाग्दो हुन्छ । यही पीडालाई अन्त्य गर्न उनीहरू यताउता भौंतारिन्छन् तैपनि जीवन त भने जस्तो हुँदैन । प्रकृति पनि यी गरिबहरूकै घर आँगनमा पस्छ र घरको छानो समेत उडाउँछ । दुखजिलो गरेर जीवन धान्नु गरिब वा निम्नवर्गको बाध्यता हो । कठिन र सङ्घर्षपूर्ण यात्राले तिनलाई जीवनभर छाड्दैन तापनि हार नमानी समस्यासँग जुध्ने एउटा निम्नवर्गको पारिवारिक यथार्थलाई समेटी दार्जिलिङको नेपाली समाजलाई आधार बनाएर लेखिएको इन्द्र बहादुर राईको 'रातभरि हुरी चल्यो' कथा एक पटक पढौं त !

छानामा ठोकेका मट्टीतेलका टिनहरूलाई हावाले फेरि 'खल्टाङ खल्टाङ खट् खट् खल्टाङ खल्टाङ' गर्दै एकोहोरो तौरले हल्लाउन थालेको छ । छप्परै उडाएर लैजाला भन्ने मनभित्रबाट डर लागेर आउँछ ।

घरभित्र छिरेको हावाले हल्लाएको ढिबरीको धमिलो उज्यालोमा कालेका बाबु र आमा दुबैले माथि धुरीतिर हेरे । दाउरा बालेको धुवाँले रङ्गिएका काला टिनहरू, अहिले कुनै कुनैमा पानीका मसिना दानाहरू पसिना आए झैं देखिन्छन् । घुर्पिस र पिपलीका उस्तै काला भाटाहरूले चारपाटे टिनका ती असी नब्बे टुक्राहरूलाई हावादेखि पक्रि राखेको छ ।

"हावा पनि यै डाँडामा चैं कत्ति चलेको । त्यसको सास !" अलिक हावा मत्थर भएर टिन बज्न छोडेपछि कालेकी आमाले भनी अनि अगेनामा आगो जोर्न लागी ।

"पटक्क थामिँदैन !" कालेको बाबुले पनि भन्यो– "आज पुरा एक हप्ता भयो !"

भनि सकेको पनि थिएन फेरि पानी ध-र-र-र वैरिन थालि हाल्यो ।

"पानी पर्दा अब फेरि पैरोको डर !" भन्यो कालेको बाबुले– "यो चैं ठाउँमा वास बसाउन जानिएन स्हैछ ।"

पानी झन् सारो दर्किन थाल्यो । छप्परमा टिन कराएको कान खाने आबाजमा अगेनामा आगोको ज्वाला लप्क्दै नाच्न लागेको छ । अझ जोडले झरी परेपछि त छुट्टाछुट्टै थोप्लाका शब्दहरू सुनिन छोडेर एउटै लामो आबाज दररररमा चारै दिशा डुब्यो । अब सब बगाएर लैजान्छ, पहिरोले तान्छ, सब सोहोरेर माथिबाट छोप्ता...

यो घर पहिरोले लाँदै छ, हामीलाई तान्दै लाँदै छ जस्तो लाग्यो ।

"हे महाकाल बाबा ! तिमी छौ राख्ने, बचाउने !"

बतासले हिर्काएर तेर्सो बाछिटा भित्ताको तख्तामा ठोकिँदै छ । तख्ता जम्मै भित्रपट्टि पनि भिजि सकेको छ ।

सधैँ भित्तामा सटाइएको टाँड अलिक पर पानी नखस्ने ठाउँमा सारिएको छ । काले बहिनीलाई समातेर निदाएको छ ।

"तैरै जिद्दीले यस्तो ठाउँमा घर बनाएको !" लोग्नेले एकाएक झोक्किएर भन्यो– "नभएदेखि मजासँग पुलिस काम गरेर बजारबिचमा बिल्डिङमा बस्दै थियौं, हावाको डर न पहिरोको डर..."

स्वास्नीले केही भनिन ।

"बडा बारी गर्ने भइस् । ठुलो भाग खालिस् ।" ऊ अझै फतफतायो रिसले ।

"तिमी जाऊ न सुत ढुक्कसँग..." कालेकी आमाले अहिले भनी– "असारे झरी यस्तै त हुन्छ, के गर्नु, बर्सैपिच्छे यस्तै हुन्छ; मर्‍यौं पहिरोले भने मर्‍यौं मर्‍यौं, के गर्नू, काल आयो भने..."

"काल खोज्न आइस् मर्छेस् पनि ।"

पानी अलि अलि कम हुँदै आयो । स्वास्नीले मगमा चिया दिई ।

निक्कै पर्न कम भएपछि बलेँसीदेखि पोखिएर खसेको पानी पनि सुनिन थाल्यो ।

चिया खाँदै उसले सोध्यो– "कति बज्यो होला ?"

"खै कुन्नि कति बज्यो, बज्यो होला एघार बाह्र..." कालेकी आमाले भनी अनि 'हाइ' काढी दुईपल्ट ।

"अब त रहन्छ होला कि ?"

"रहनु पर्ने..."

चिया खाइ सकेर ऊ उठ्यो । दैलोतिर जाँदा चुहेको पानी थापेको भाँडा लात्ताले हिर्काएछ, पानी छताछुल्ल भयो । "कस्तो आँखा नहेरेको" भन्दै स्वास्नी चाहिँले बोरा ल्याएर ओछ्याई ।

उसले केही भनेन ।

दैलो खोलेर बाहिर अँध्यारोमा सुन्दा रुडदुङ खोला भयानक तौरले पाखै थर्काएर गर्जदै रहेछ । बिच बिचमा अरू किसिमको आबाज पनि भएको जस्तो लाग्दा उसले खोलाले सिङ्गै खनिउको रुख बगाएर ल्याएको वा पहिरो झरेर माटोले खोलाको पानी जम्मै पहेँलो भएको अन्दाज काटचो । अँध्यारो चाहिँ आफ्नो हात नदेखिने अँध्यारो छ ।

फर्केर घरभित्र नपसी उसले फेरि बाहिर अँध्यारोदेखि नै स्वास्नीलाई करायो–

"टस ल्याऊ, टस !"

सिरान मुनिदेखि झिकेर कालेकी आमाले पुरानो कालो टर्च लाइट पुऱ्याइ दिई ।

"गोठको च्यादरहरू सब उडाइ देको छ" भन्दै कालेको बाबु टर्च बालेर घरमुनि झऱ्यो । आँखा आकारको टर्चको ज्योति भिजेको भुइँ र घाँसतिर देखियो ।

कालेकी आमा पछि पछि आई ।

गोठमा पस्दा भुइँमा थ्याच्च शरीर टेकाएर बसि रहेको गाई जुरुक्क उठ्यो औ एकपल्ट 'बाँ' करायो । छानादेखि चुहेको पानीले गाईको पिठिउँ भिजेको छ औ रौंहरू सब टाँसिएका छन् ।

उडाएका टुक्रा च्यादरहरू बटुलेर कालेको बाबु गोठको छप्परमा चढ्यो । टिनहरू मिलाएर ढुङ्गाले थिच्न थाल्यो ।

सिमसिमे पानी परि रहेकै थियो ।

कालेकी आमाले भुइँमा खोजेर एउटा ठुलो लेउ परेको चुच्चे ढुङ्गा उखेलेर छप्परमा लोग्नेलाई चढाइ दिई । त्यसलाई छप्परमा लाएपछि उसलाई लोग्नेले भन्यो– "तिमी जाऊ, निकै बाक्लो पर्न थाल्यो फेरि । म अलिकति घाँस लाइ दिएर आउँछु ।"

"अब हिँड न सँगै..." स्वास्नीले भनी । कालेकी आमा पर्खि रही ।

"तिमी घाँस हाल्दै गर तब, म यत्ति मिलाएर...ए, टस मलाई कसले देखाइ दिन्छ ?...पर्ख पर्ख अब सकि हालैं... ।"

पर्खंदापर्खदै कालेकी आमाको अनुहारभरि र मजेत्रोलाई पनि छिचोलेर पानी बग्न थाल्यो । बल्ल बल्ल सकेर कालेको बाबु ऋ्यो । हतार हतार घाँस हालेर दुबै घरमा पसे ।

पानी फेरि मच्चिंदै आयो ।

लुगा फेरेपछि दुबै नाटकमा माग्नेको पाठ खेल्न तयार भएका जस्ता देखिए । जुलुलु आगो फुकेर दुबै सुक्न र सेकिन लागे ।

"चिया छ ?" उसले फेरि सोध्यो ।

"अब नसुत्ने र ?" उत्तरमा प्रश्न भयो ।

"तिमी सुत; मलाई चिया बसाइ राखि देऊ ।"

कालो किट्ली तानेर कालेकी आमाले त्यसमा मगले उघाएर पानी हाल्न थाली ।

"भरी बसाइ देऊ ।" उसले फेरि भन्यो ।

स्वास्नीले त्यसै गरी ।

कालेको बाबु उँभो छप्परतिर हेर्दै थियो, फेरि उठ्यो अनि दाम्लो बनाउन ल्याएर सिउरि राखेको डोरी फिकेर बलोमा बाँध्न लाग्यो । अर्को छेउ भुइँमा कहाँ बाँधूँ भनेर खोज्दै थियो, जाँतो देख्यो ।

"त्यो ल्याऊ..."

"किन ?"

"हावाले कस्तो गर्छ ।"

कालेकी आमाले केही भन्न सकिन । कुदाउँदै लगेर जाँतो खुट्टानेर पुऱ्याइ दिई ।

डोरीको लठारो जाँतोमा कसेपछि कालेको बाबु केही निश्चय भयो ।

किट्लीमा चिया रङ छ्वास्स हालि राखि दिएर कालेकी आमा त्यहीं टाँडमा सुत्न चढी ।

कालेको बाबु एक्लै विचारमा पऱ्यो । चिया उम्लेर किट्लीको टुटीदेखि फिँजदार पानी आगोमा खस्दा मात्र ऊ ऋस्कियो विचारदेखि ।

चिया बनाउँदै थियो, हुरुरुरु एकपल्ट हावा चल्यो अनि छप्परमा ठड्ग केही आएर खस्यो । उत्तिसको टुप्पो हो कि ? तर कालेको बाबु एकदम तर्सियो ।

हावापानी नचलेर शान्ति जस्तो भएपछि बत्ती त्यत्तिकै नमारी ऊ पनि ओछ्यानमा सुत्न गयो ।

दिउसो छरेको मुलाको बिउ सब बगायो होला; उसले सम्झ्यो– गराको डिल भत्केर कति सयपत्रीका बोटहरू पनि भाँचिए होलान्, भोलि बिहानै उठेर पहिला काम घरमाथि भीमसेन पातीको ऋ्याङदेखि उता कुलो काटेर लैजानु पर्छ...

अलिकति निदाएको थियो कि ? बिउँझँदा कता हो कता हावापानी फेरि चल्दै रहेछ । घरै उडाउला जस्तो गर्दै छ; जुरुक जुरुक उचाल्दै छ । वरिपरिका रुखहरूमा ठोकिएर बजेको हावापानी भयानक भएर गर्जदै छ ।

उसले स्वास्नीलाई बिउँझायो– "सारो हुरी चल्यो, कसो गर्नु हँ माइली ?" कालेकी आमाले जबाफ गर्न पाएकै थिइन, धडडड गरेर घरको भुइँ सब हल्लियो ।

"के भयो, उठ उठ..."

टर्च टिपेर ऊ दैलो खोल्न पुग्यो । कालेकी आमा पनि आएर पछिल्तिर उभिई । टर्च लाएर राम्ररी हेर्दा आँगनको एक पाखै ह्वात्तै घस्केर गएछ । एउटा किम्बुको रुख पनि बिस्तारै ढल्केर त्यै पहिरो गएको माथि लड्यो ।

"अब कसो गर्नु होला ।..." ऊ डराएर रोई ।

"तिमी जाऊ । केटाकेटीलाई उठाऊ ।" वृष्टिको आबाजलाई उछिनेर उसले स्वास्नीलाई अन्हायो । स्वास्नी गएपछि टर्च मारेर ऊ दैलोमा उभि रह्यो, हेरि रह्यो...

अहिले कता कता त्यो वृष्टि र कुइरोभित्र उसलाई बिहान हुँदै आएको आशाको धमिलो प्रकाश देखे जस्तो लाग्यो । शङ्काको निवारणमा घरभित्र डोकाले छोपेको ठुलो भाले पखेटा भ्याटभ्याट गर्दै बास्यो :

'कुखुरी काँ,'

'कुखरी-इ-इ-इ-काँ...ँ...ँ...ँ...ँ.....'

बिहान दुधको ढुङ्ग्रो काँधमा बोकेर बजार जाँदै गरेकी कालेकी आमालाई बोराको घुम ओढेर फरुवाले आँगनमा भल काट्दै गरेको कालेको बाबुले कराएर सम्झायो– "काँटी, लामो काँटी ल्याउन नभुल्नू है, यहाँ दिनभरि सब ठोक्नु पर्छ ।"

"सासे पानी पऱ्यो भने काले स्कुल नजाओस् आज" भनि राखेर ऊ उकालो आई । आउँदा एक ठाउँ ढिस्कुना झरेर बाटो पनि रोकिएको रहेछ । बिहान सधैं बाटोमा भेटिने कसैलाई पनि उसले आज भेटिन ।

डेढ घण्टा जति पछि ऊ कचहरीनेर मोक्तान बाबुको दैलोमा आइ पुगी । यहाँ आधा सेर खान्ध्यो । दुध भर्दै गर्दा "भित्र आएर बस न है एक छिन, एक प्याला तातो चिया खाएर जाऊ..." भनेर भरखरकी केटी राम्री बाबुनीले दया देखाई । छाता मारेर दैलोमा ठड्याई कालेकी आमा भित्र पसी ।

"के सारो चल्यो हावापानी रातभरि..." कालेकी आमाले भनी– "हामी त रातभरि झिमिक्क गरेका छैनौं ।"

"हामी पनि त !" बाबुनीले भनी– "रातभरि हावाले यो खिर्की घिटिक घिटिक, घिटिक घिटिक हल्लाइ रह्यो– मलाई त निद्रै लागेन । कस्तो हावा चलेको त्यस्तो ।"

"ए त्यति मात्तै पो ?" काली काली अनुहारकी गतिलो शरीर भएकी चालिस पुग्न आँटेकी कालेकी आमाले उपहासमा भनी– "हाम्रो झन्डै घरै उडाएको हावाले । यहाँ त के, पैरोको डर छैन तिमारलाई । हाम्रो आँगनै जम्मै लग्यो । अब घरै लान लागेको छ । पानी पऱ्यो भन्न पाउँदैनौं हामी, गाईलाई भोकै राख्न भएन, घाँस काट्न दगुर्नै पर्छ । राति निद्रा आएन भनेर दिउसो सुत्न पाउँदैनौं हामी..."

"भन्नु मात्रै त हामीलाई राम्रो छ नि..." बाबुनीले साँच्चै सहानुभूतिमा भनी– "छप्पर चुहिएर लुगाहरू, किताबहरू सब बिगारि दिएको छ । यै वेला बिजुली बन्द हुन्छ..."

"हैन हैन, हामीलाई हेरी केही आपद् छैन तिमारलाई ।...इः अब पानी पऱ्यो कि म याँ छु, घरमा के भयो होला भनेर मन भुटभुटिन थालि हाल्यो । मेरा मकैहरू पनि सब भाँचि दियो हिजोको हावाले, क्यै राखि दिएन..."

कालेकी आमा त्यहाँदेखि निस्की, अरूतिर दुध बाँड्दै गई ।

'व्यर्थैमा हामीले बारी गर्ने भएर यो आपद् बेसाएको' उसको मनमा लाग्दै आयो– नत्र सुखसँग बजारमै बसेका थियौं । महिना मर्नासाथ तलब पाउँथ्यो, सुरुबुरु पुगेकै थियो । केटाकेटीलाई स्कुल जान नजिक; पानी भर्न जानलाई सिकसिको थिएन; सडक सजिलो राम्रो, न हावाको डर न पहिरोको डर । बित्थैमा नदुखेको कपाल बारी लिने भएर दुखाएको...

यो बारी लिएको दिनदेखि फुर्सदको नाम छैन आफूलाई । औंलाहरू हँसियाले काटेर, हत्केला गोबर र धुलाले चिरिएर देखाइ सक्नु छैन । जिउ झुम्रो भएर गइ सक्यो । एक दिन घर छाड्न सकिँदैन, टाढा घुम्न जाने कुरा त असम्भवको इच्छा । यत्तिकै जोतिएर मर्नु पर्छ...

यति जोतिएर मरि रहेको खालि यति खान र यति नै लाउनलाई न हो ? फेरि खान पनि के खाएका छौं औ लाउन पनि के लाएका छौं र ? अरूले देख्ला भनेर यो खाने कुरा लुकाउनु पर्छ, यस्तो लाएर सहरमा अरूसँग उभिन सरम लाग्छ...

उसको मनमा अनेक रिसहरूको हुरी चल्यो ।

ऊ अब थानाको दोरङ्गाकहाँ दुध दिन पुगी ।

बन्द दरबाजाको ऐनामा ठकठकाएर 'दुध' भनेपछि एउटी मैलो जामा लाएकी केटी आएर दुध थापी । ठेकाभरको डेढ सेर हाल्दै गर्दा भित्रबाट दोरङ्गिनी कराई– "फाल्टु तिन सेर भोलि ल्याइ देऊ है बोजू, खिर खानलाई । राम्रो ल्याइ देऊ है ।"

एक छिन कुन्नि किन ढिलाएपछि उसले केटीलाई भनि पठाई– "पुग्दैन अरे भन्दिनू । ठेक्का पुऱ्याउनै मुस्किल पर्दै छ । हावापानी चलेर... भोलि त आउँछु कि आउँदिनँ । अरूको तिर खोज्न भन्नू ।"

सुनिछ दोरङ्गिनीले र दरबाजामा निस्केर कालेकी आमाका भिजेका लुगा हेर्दै भनी–

"तिमीले ल्याइ देऊ न ! अरूकोमा म कहाँ खोज्न जानु यस्तो पानीमा, तिमीले नै ल्याइ देऊ । दीपकको जन्मदिन छ र पो त..."

"पुग्दैन..." थकित कुण्ठित स्वर उसको अन्तरबाट निस्क्यो । दोरङ्गिनीलाई उसले हेर्दै लगी– कति सफा लुगाफाटा, कति सेतो अनुहार, हातहरू कति राम्रा । उसको लोग्नेलाई सुख छ, घरभरि चौकी पलङहरू र दराजमा सारीहरू, माटो हिलो छुनु पर्दैन, गोबर सोहोर्नु पर्दैन, हावापानीदेखि डराउनु पर्दैन ।

"पुग्दैन..., म भोलि यस्तै हावापानी भयो भने आउँदिनँ पनि ।"

"हामी अनि त दिनभरि फिक्कै चिया खानु ? कस्तो कुरा गरेको ? ल्याइ देऊ है ! जसरी भए पनि ल्याइ देऊ !"

कालेकी आमा केही नभनी सिँढीदेखि झरेर बजारतिर निस्की ।

बाटोमा हिँड्दै ऊ आफै फतफताई ।

अहँ, यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटो वर्षमा दुई चोटि पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो । बेचि दिन्छु, दुबै माउ गाई र कोरलीहरू सब सोहोमोहो दाम मिलाएर । बारी पनि बेचि दिन्छु । घरको टिन र काठपात, गोठको पनि सब बेचि दिन्छु । पाँच छ रुपियाँको सानो कोठा लिएर भए पनि बजारैमा बस्छु । म चोकमा सागसब्जी बेचि हाल्छु ठुलीकी आमाले जस्तो । उसले बढई काम, राज काम जानेकै छ । भएन चौकीदार काम पनि पाइ हाल्छ । दुइटा छोराछोरीलाई हल्कै पार लाउँछु । म बस्दिनँ यस्तो शून्य ठाउँमा...

निर्णय गर्न सकेपछि उसलाई मनमा ढुक्क लाग्यो । खुट्टाहरू दुखेको पनि हरायो । पानीले भिजि सकेको पनि अब उसलाई पर्बाह लागेन ।

त्यस्तै खुसी लागेर ऊ बिच गल्लीको भुजा दोकानतिर गई । दुई आनाको चना मटर किनेर पोका झोलामा हाली । फुल र मटर मात्रै किन्न आएकी एउटी दर्जिनीलाई कालेकी आमाले सोधी– "तिमीहरू बसेको छेउछाउमा कतै कोठा खाली छैन, बैनी ?"

"छैन, किन दिदी, तिम्रो तिर पैरो गयो कि... ?"

"हैन, म बजारतिर घर खोज्दै छु । पानी, टट्टी अलिक नजिक भाको दश पन्ध्र रुप्पेसम्मको ।"

"एउटा कोठा त छ" –खिनौरी दर्जिनीले भनी– "बिजुलीको अलग्गै दुई रुप्पे गरेर बाह्र रुप्पे पो तिर्दै थियो एउटा मधेसीले । त्यो गयो, भोलि म खबर गर्छु नि दिदी !"

"म आफै भोलि तिम्रोमा निस्किन्छु, यति बेलैतिर निस्किन्छु ।"

ऊ त्यहाँदेखि छाता ओढ्दै माल गोदामतिर गई । अब दुई ठाउँ दुध बाँडेर फर्किनु थियो ।

बी. बी. गुरुङको बरन्डामा पुग्दा त्यहाँ बिहानै घरभरि मानिसहरू जम्मा भएका थिए । दुई तिन जना बाहिर उभिएर पनि छाता ओढेर बात गर्दै थिए । कालेकी आमा पछिल्तिरबाट घुमेर दुध दिन गई । के भयो होला– उसले पत्तो पाउन सकिन । लोग्ने स्वास्नी दुईमा को एक जनालाई केही भयो होला, छोराछोरी छैनन् । मोटी स्वास्नी दिनभरि खडाउ बजाउँदै भित्र बाहिर गरि रहन्छे– एउटा सेतो बिरालो (निनी) बोकेर परपरको घरतिर पनि पुग्छे । लोग्नेको माथि लेडेन ला सडकमा ड्राई क्लिनको दोकान छ ।

"के भयो ? किन मान्छे भेला भाका ?" उसले पल्लो घरबाट आएर दुध थापि दिने आइमाईसँग सोधी ।

"निनीको आमा राति लडेर होसै बेहोस छ ।"

"काँ लडिछ ?"

उसले सुनी– रातको ठुलो पानीमा सेतो बिरालो दैलो थुन्दा बाहिर परेछ । कति म्याउ म्याउ करायो होला तर पानीले सुनिँदै सुनिएन । अलिक पानी थामिँदा बिरालोको खोज भयो । बाहिर खोज्दा कति बोलाउँदा पनि आएन । तलतिर खोज्न जाँदा खडाउ चिप्लेर निनीको आमा तल बाटोमा बजारिन पुगिछ । हतार हतार डाक्टर बोलाइयो, डाक्टर पनि छिटो आएन । अहिलेसम्म होस फर्केको छैन ।

"जाबो बिरालोले गर्दा पो रछ त !" कालेकी आमाले बिस्तारै भनी– "यै हैन त्यो बिरालो ?"

सेतो बिरालो चुलाको तातोमा न्यानो मानेर भुत्ला चाट्दै बसि रहेको थियो ।

कालेकी आमा त्यसै त्यहाँदेखि उठेर हिँडि हाल्न सकिन । दैलाको काठमा बसि रही ।

बस्दाबस्दै उसले लोग्ने चाहिँ रुँदै बाहिर आएको देखी । उसले सुनी– त्यो आइमाई मरिछ ।

"कस्तो उदेक, हत्तेरी !" भनेर कालेकी आमाले ढुङ्ग्रो झोला काँधमा भिरी ।

चौकीदारनीको घरमा एक पावा दुध भरेर बटुको लिएर आएकी सानी छोरीलाई पनि अलिकति तुर्क्याइ दिएपछि कालेकी आमा भुइँको बोरामा थ्याच्च बसी ।

चौकीदारनीले ताति रहेको चिया उतारेर अँगेठीमा दुध बसाउँदै सोधी– "बैनीहरूको तिर कस्तो छ ? हुरीले सारो बिगाऱ्यो होला है ! सखाप पाऱ्यो होला..."

कालेकी आमाले के सम्झि रहेकी थिई, केही भनिन ।

फेरि चौकीदारनीले भनी– "यता बजारमा त क्यै आपद् छैन, क्यै डर छैन । तर कमान बस्तीतिर कति दुख छ, कस्तो बिजोग छ, मलाई थाहा छ । त्यै देखेर हाम्रा बाबुहरू बजार पसेका..."

कालेकी आमाले अहिले अब अलिक बलियो भएर भनी–

"आपत् विपत् जहाँ पनि छ । हो हुरीले बिगाऱ्यो तर अब सबै ठिक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ, बारीमा तिस चालिस ऋ्याङ बाँसहरू छन्, गगुन र नेभारोका रुखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदै छ... हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ...।"

अनि जिब्रो पोल्ने तातो चियाको घुट्का हतार हतार निलेर ऊ बजारमा काँटी किन्न आइ पुगी ।

अनि मनमनै भन्दै थिई– एकदम ढिलो भइ सकेछ, आज मलाई कालेको बाबुले मार्छ ।

(**बिपना कतिपय**बाट)

कथाकार चिनारी

इन्द्र बहादुर राई (सन् १९३०) नेपाली साहित्यका बहुमुखी स्रष्टा हुन् । उनले कथा, उपन्यास, समालोचना विधाका गहकिला कृति रचेका छन् । **बिपना कतिपय, कथास्था, कठपुतलीको मन** उनका प्रकाशित कथाकृति हुन् भने **आज रमिता छ** उनको चर्चित उपन्यास हो । उनले सामाजिक यथार्थवादी धाराको अनुसरण गरी निकै राम्रा कथा लेखेका छन् । 'रातभरि हुरी चल्यो' उनले लेखेको एक मार्मिक यथार्थवादी कथा हो ।

शब्दार्थ

१. **तलका शब्दहरूको अर्थ लेख्नु होस् :**

ढुङ्ग्रो, दोरङ्गा, एकर, कुण्ठित, अँगेठी

पठन बोध

तलका कथांशहरू पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर लेख्नु होस् :

(क) यसरी दिनरातको पहिरो र हावाको डरमा बाँचेर, दुई एकर जमिनको माटो वर्षमा दुई चोटि पल्टाएर जीविका गर्ने मेलो परिवारको हत्या हो ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) के कुरालाई परिवारको हत्या भनिएको हो ?

(इ) यस उद्धरणले जीवनको कुन अवस्थाको चित्रण गरेको छ ?

(ई) यस भनाइभन्दा लगत्तैअघिको कथा सन्दर्भ के हो ?

(उ) यस भनाइपछि कथामा के भएको छ ?

(ख) आपद् विपद् जहाँ पनि छ । हो हुरीले बिगाऱ्यो तर अब सबै ठिक बनाइ हाल्छौं, कुनै नसकिने काम होइन त्यति गर्न । आफ्नो घर छ, गोठ छ, गोठमा गाईहरू छन्, बारी छ, बारीमा तिस चालिस ऱ्याङ बाँसहरू छन्, गगुन र नेभाराका रुखहरू छन्, काँक्राको लहरा आकाशतिर जाँदै छ... हुरीले कति पो बिगार्न सक्छ र ? इः अब गएर बनाइ हाल्नु पर्छ ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) 'आपत् विपत् जहाँ पनि छ' भन्नुको तात्पर्य के हो ?

(इ) यस उद्धरणमा निश्चिन्तताको प्रस्तुति कसरी भएको छ ?

(ई) उद्धरण अनुसार कथाको टुङ्ग्याउनी कसरी गरिएको छ ?

(उ) यस कथांशले कस्तो परिवेश प्रस्तुत गरेको छ ?

अभ्यास

१. **'रातभरि हुरी चल्यो' कथाले दार्जिलिङको कस्तो सामाजिक जीवनको चित्रण गरेको छ ?**

२. **"निम्नवर्गीय मानिसहरूको जीवनावस्था कहाली लाग्दो हुन्छ ।" यस भनाइलाई 'रातभरि हुरी चल्यो' कथाका आधारमा पुष्टि गर्नु होस् ।**

३. **तलका बुँदाहरूका आधारमा 'रातभरि हुरी चल्यो' कथाको परिवेश पहिल्याउनु होस् :**

- दार्जिलिङ सहर र त्यस वरिपरिको पहाडी ग्रामीण नेपाली समाज
- ती क्षेत्रका निम्न वर्गीय नेपालीहरूले बाँच्नका निम्ति गरि रहनु परेको सङ्घर्ष
- डाँडापाखाका जग कमजोर भएका कच्ची घरगोठको बसोवास
- सहर बजारमा पनि सस्तो भाडामा पाइने सुविधाविहीन डेराको बसाइ
- सिपाही, चौकीदार, राज (डकर्मी), बढई (सिकर्मी), तरकारी पसलेको पेसा अँगालेर जसोतसो जीवन जिउन गरिने सङ्घर्ष

४. **तल दिइएका सङ्केतका आधारमा कालेका बाबु र आमाका चारित्रिक विशेषता देखाउनु होस् :**





५. तलका सङ्केतका आधारमा 'रातभरि हुरी चल्यो' कथाको जीवन दृष्टि पहिल्याउनु होस् :



व्याकरण

कारक र विभक्ति

संरचनाका आधारमा कारकः सरल र तिर्यक्

तलका वाक्यहरू पढ्नु होस् र सरल र तिर्यक् कारक चिन्नु होस् :

सरल	तिर्यक्
भेडो आयो ।	भेडाहरू आए ।
छोरो बस्छ ।	छोराहरू बस्छन् ।
ऊ पढ्छ ।	उसले पढ्यो ।
हाँस्नु राम्रो हो ।	हाँस्नाले स्वास्थ्य राम्रो हुन्छ ।

माथिका उदाहरणहरूमा भेडो→भेडा, छोरो→छोरा, ऊ→उस, हाँस्नु→हाँस्नाले, छानो→छाना जस्ता प्रयोग क्रमशः सरल र तिर्यक् हुन् । यस्तो प्रयोगमा नामिक पदमा विकार आउँछ । त्यसै गरी 'नु', 'एको' आदि प्रत्यय जोडिएका क्रियामा विभक्ति लाग्दा पनिं तिर्यक् रूपको प्रयोग हुन्छ ।

अभ्यास

१. **तलका वाक्यमा प्रयोग भएका सरल कारकलाई विभक्ति, नामयोगी, बहु वचन र सम्बोधनका आधारमा तिर्यक् कारकमा बदल्नु होस् र त्यसै अनुसार वाक्य ढाँचा पनि मिलाउनु होस् :**

(अ) केटो भात खान्छ । (आ) ऊ डोकोभित्र पस्यो ।

(इ) छोरो घर आयो । (ई) ए केटो ! यता आइज ।

२. **'रातभरि हुरी चल्यो' कथाबाट सरल र तिर्यक् कारकको प्रयोग भएका पाँच पाँच वाक्य खोज्नु होस् ।**

३. **सरल र तिर्यक् कारकको प्रयोग गरी पाँच वाक्यसम्मको अनुच्छेद तयार पार्नु होस् ।**

अर्थका आधारमा कारक

तलको अनुच्छेद पढ्नु होस् र तालिका हेरी कारक चिन्नु होस् :

म उठें । मैले घर नजिकैका छिमेकीलाई बोलाएँ । गोठमा बाघ आएछ । बाघले बाखालाई खाएछ । मैले लट्ठीले बाघलाई हिर्काएँ । बाघ डराएन । मैले खुकुरीले उसको टाउकामा हानें । बाघ गोठबाट भाग्यो र कान्लाबाट हाम फाल्दै जङ्गलतिर लाग्यो । मैले बाखाको केही मासु कुकुरलाई दिएँ । घरमा बहिनी पनि थिइन् । मैले बहिनीलाई भात खान दिएँ । मैले जुत्ता ल्याएँ र बहिनीलाई जुत्ता लगाइ दिएँ । उनका पुस्तकहरू झोलामा राखी उनलाई स्कुल पुऱ्याएँ । घरमा आएर मैले एउटा सानो खाडल खनें । मैले बाखाको हाडछाला खाल्डामा हालें । मैले कोदालीले खाल्डो पुरें । म घरबाट जङ्गलतिर गएँ । म रुखमा चढें र मैले रुखबाट घाँस खसालें । घाँस मैले गाईलाई दिएँ । मनमा खिन्न भाव लिई म दिनभरि घरमै बसें ।

तालिका

कर्ता	कर्म	करण	सम्प्रदान	अपादान	अधिकरण
म	छिमेकीलाई	लट्ठीले	कुकुरलाई	गोठबाट	गोठमा
बाघ	बाखालाई	खुकुरीले	बहिनीलाई	कान्लाबाट	टाउकामा
बाघले	बाघलाई	कोदालीले	गाईलाई	घरबाट	घरमा
बहिनी				रुखबाट	झोलामा

वाक्यमा क्रियासँग प्रत्यक्ष सम्बन्ध जनाउने नाम वा सर्वनामको रूपलाई कारक भनिन्छ । तल प्रत्येक कारकको चिनारी दिइएको छ, पढ्नु होस् र बुझ्नु होस् :

कर्ता : क्रियाको कार्य सम्पादन गर्ने–

कालेको बाबु टर्च बालेर घरमुनि झ्यो । श्याम नाच्यो । भाइले कथा पढ्यो ।

कर्म : क्रियाको कार्यबाट प्रभावित हुने, क्रियाको कार्यमा उदासीन रहने वा के वा कसलाई भन्ने प्रश्नको जबाफ हुने–

निमाले भात खाई । अफिसरले फाइल ल्यायो । गुरु श्यामलाई पढाउँछन् ।

करण : क्रियाको कार्य व्यापारमा साधन वा माध्यम बनेर आउने–

श्याम चुलेंसीले तरकारी काट्छ । बहिनीले चम्चाले चाउमिन खाई । सोनवाले चक्कुले आँप ताछी । मैले औंलाले हिमाल देखाएँ ।

सम्प्रदान : क्रियाको कार्यको लक्ष्य, उद्देश्य वा प्रयोजन बन्ने वा लाभ लिने–

शिवले रामलाई पुस्तक दियो । गाईले बाच्छालाई दुध खुवायो । श्याम बहिनीलाई माया गर्छ ।

अपादान : छुट्टिने स्थान, समय वा विन्दु–

डाँडाबाट ढुङ्गो खस्यो । डुङ्गाबाट मान्छे झ्यो । हिजोदेखि पानी परि रहेको छ ।

अधिकरण : स्थान वा आधार जनाउने–

भाइ घरमा बस्छ । पर्यटकहरू होटलमा छन् । वीरगन्जमा गर्मी छ ।

अभ्यास

१. **माथि दिइएका उदाहरणका आधारमा 'रातभरि हुरी चल्यो' कथाबाट छ वटै कारकका दुई दुई उदाहरणहरू खोजी सूची बनाउनु होस् ।**

२. **छ वटै कारकहरूको प्रयोग गरी एउटा अनुच्छेद तयार पार्नु होस् ।**

विभक्ति

विभक्तिको पहिचान र प्रयोग बुझ्न तलको अनुच्छेद पढ्नु होस् :

विरहीले उज्यालोमा गाउँलाई हेऱ्यो । गाउँलेहरू आँखामा आँसु झर्दै उसलाई बिदाइ गरि रहेका थिए । विरहीले डरले नभएर बाध्यताले गाउँ छाड्नु परेको थियो । उसले विद्यालयलाई र गाउँलाई ज्यादै माया गरे पनि गाउँबाट बिदा हुनु उसको बाध्यता थियो । शिक्षा कार्यालयद्वारा उसको सरुवा गरियो । उसका बारेमा गाउँलेद्वारा भन्न लगाइयो तापनि कार्यालयबाट सकारात्मक उत्तर आएन । गाउँदेखि हिँडेर सहर जानु पर्ने हुँदा उसलाई सरुवादेखि रिस पनि उठ्यो । गाउँको माया, नदीको निर्मल पानी, चार वर्षको उसको बसाइ अब सबै बिराना हुने भए । हिउँद र वर्षाको दिन सम्झँदै आफ्नो मायाको चिनो छाडेर ऊ अर्को स्कुलको बाटो लाग्यो ।

- माथिको अनुच्छेदमा रेखाङ्कित शब्दमा जोडिएका ले, लाई, मा, बाट, द्वारा, देखि, को आदि विभक्ति हुन् ।

अभ्यास

१. **ले, मा, लाई, बाट, द्वारा, देखि र को विभक्ति तलको खाली ठाउँमा भरी अनुच्छेद पुरा गर्नु होस् :**

प्रकृति... मान्छे... मन... आनन्दित तुल्याउँछ । सहर... पर... वन... प्रकृति... रम्न पाउँदा सबै... आनन्द आउँछ । नेपाल... पूर्व... र पश्चिम... सिमाना... प्रकृति... घेरिएको छ । हिमाल... झरेका नदीनाला... हेर्दा कसको मन रमाउँदैन र ? त्यसैले पनि कविहरू... प्रकृति... गुणगान गरेका हुन् । मन... आनन्द र हृदय... शान्त भाव उमार्न सक्ने क्षमता प्रकृति... छ । प्रकृति... रचित यो धर्ती... जन्मे... मैले यस... धेरै पाठ सिक्नै पर्छ ।

२. **ले, लाई, देखि, बाट, द्वारा, मा, को विभक्ति लागेका एक एक वाक्य पाठबाट टिप्नु होस् ।**

३. **सबै विभक्तिको प्रयोग गरी आफ्नो मन मिल्ने साथीको वर्णन गर्नु होस् ।**

४. **तलका रेखाङ्कित शब्दहरू कुन कुन कारकमा छन्, छुट्टचाउनु होस् :**

बिहान दुधको ढुङ्गो काँधमा बोकेर घरबाट बजार जाँदै गरेकी कालेकी आमालाई बोराको घुम ओढेर फरुवाले आँगनमा भल काट्दै गरेको कालेको बाबुले कराएर सम्झायो ।

अनुच्छेद लेखन

१. **सरल र तिर्यक् कारक प्रयोग भएको अनुच्छेद रचना**

मेरो ठुलो छोरो भरखर विदेशबाट आयो । ऊ पढाइ सकेर त्यहाँबाट आएको हो । ऊ आएकाले घरमा रमाइलो भएको छ । अरू छोराछोरीहरू पनि खुसीले रमाएका छन् । हाम्रो खुसी भनेको पनि यिनकै आनन्द त हो नि ! त्यसैले छोरो घरमा आउने बित्तिकै मैले भनें, "ए छोरा ! सँगै बस्ता कति रमाइलो हगि ?" छोरालाई आफूसँग पाएर उसकी आमा पनि रमाइला गतिविधिहरूमा रम्न थालिन् । साना छोराछोरीले पनि ठुला छोरालाई आदर र माया प्रदर्शन गरे ।

२. **विभिन्न कारक प्रयोग भएको अनुच्छेद रचना**

तेन्जिङ सगरमाथाका प्रथम आरोही थिए । त्यहाँ पुगेर उनले जीवन बुझ्ने प्रयत्न गरे । उनले नेपालको उच्च शिखरको हिउँ आफ्नै हातले स्पर्श गरे । आफ्नो दूरबिन वरपरका सारा दृश्यहरूको अवलोकन गरे । सगरमाथाबाट फर्दा उनको मन आनन्दित र पुलकित भइ रहेको थियो । उनका हृदयमा खुसी नाचि रहेको थियो । उनी नेपालका

गौरव बने र नेपालीका आस्थापुञ्ज पनि भए । उनको साहसले नेपालीलाई गौरवान्वित बनायो । हिमाली हावाले उनको अनुहार कालो बनाए पनि र चिसोले शरीर कठ्याङ्ग्रिए पनि उनको आत्मामा उज्यालो दीप बलेको थियो । उनले नेपालीका लागि विजयोल्लास प्रदान गरे । उनको मन पराक्रमले हर्षित भएको थियो । उनको सगरमाथा यात्राले पछिल्लो पुस्तालाई प्रेरणा मात्र दिएन, नेपालीहरूको वीरताको इतिहास पनि रच्यो ।

व्यक्तिगत विवरण

व्यक्तिगत विवरणलाई अङ्ग्रेजीमा 'बायो डाटा' वा 'करिकुलम भिटा' (सी. भी.) भनिन्छ । कुनै ठाउँमा जागिर खानु परेमा तपाईंले आफ्नो व्यक्तिगत विवरण अनिवार्य रूपमा बुझाउनु पर्दछ । त्यस्तै छात्रवृत्ति, अध्ययन आदिका लागि पनि संस्थाहरूले व्यक्तिगत विवरण माग गर्दछन् । व्यक्तिगत विवरण बनाउँदा कुनै पनि व्यक्तिले आफ्ना बारेको सूचना व्यवस्थित रूपमा प्रस्तुत गर्नु पर्दछ । यसको एउटा नमुना तल दिइएको छ, पढ्नु होस् ।

व्यक्तिगत विवरण

नाम : कृष्णा चौधरी
जन्मस्थान : धनगढी नगर पालिका– ७, कैलाली
जन्ममिति : २०४५।७।२३
माता : शिव कुमारी चौधरी
पिता : आस कुमार चौधरी
राष्ट्रियता : नेपाली
धर्म : हिन्दू
वैवाहिक स्थिति : अविवाहित
स्थायी ठेगाना : धनगढी नगर पालिका– ७, धनगढी, कैलाली
सम्पर्क ठेगाना : धनगढी न. पा.– ७, घर नं. १४१, धनगढी, कैलाली
शैक्षिक योग्यता :

२०६७ स्नातक, त्रिभुवन विश्व विद्यालय
२०६४ उच्च माध्यमिक तह, उच्च माध्यमिक शिक्षा परिषद्
२०६१ एस. एल. सी., परीक्षा नियन्त्रण कार्यालय, शिक्षा मन्त्रालय

तालिम तथा अनुभव :

२०६५ ब्रिटिस काउन्सिल नेपालद्वारा सञ्चालित अङ्ग्रेजी भाषाको सात हप्ते तालिम
२०६६ देखि श्री सगुन अङ्ग्रेजी हाइ स्कुलमा प्रा. वि. तहको कक्षा शिक्षक भई हालसम्म काम गरेको

कम्प्युटर सम्बन्धी सिप र ज्ञान

२०६४ मा १२ हप्ते आधारभूत कम्प्युटर तालिम
एम. एस. वर्ड, एक्सेल, पावर प्वाइन्ट, इमेल, इन्टरनेट, एडोब पेज मेकर

हस्ताक्षर
नाम

अभ्यास

१. नेपाल इन्स्युरेन्स कम्पनी, लाजिम्पाटका लागि कार्यालय सहायकको माग गरिएको अवस्थामा सो पदका लागि आवश्यक पर्ने आफ्नो व्यक्तिगत विवरण तयार पार्नु होस् ।

पाठ : एघार

मेरो देश

✍ भूपी शेरचन

भूपी शेरचनका कविताहरूले सुटुक्कै हाम्रा मन मस्तिष्कभित्र पसेर हामीलाई छहरा पहरा र हिउँचुलीका घर आँगनमा पुऱ्याइ दिन्छन् र भन्ज्याङ चौतारीमा आफ्ना थकान मेटाउने नेपाली बटुवाहरूसँग भेट गराइ दिन्छन् । थाहै नपाइने गरी देशभक्ति र प्राकृतिक भण्डारको अनुपम सौन्दर्य बिउँझाइ दिने यस्ता कविता कसलाई मन नपर्लान् ? तपाईं पनि भूपीका कविता पढ्न आतुर हुनु हुन्छ होला ! पढौं उनै कवि भूपीको मिठो गद्य कविता– 'मेरो देश' ।

जहाँ
हिउँ परेको रातमा
जुन, धरतीलाई भेट्न
हिमकणहरूको साथमा
मुस्कुराउँदै ओरालो ऋर्छ,
र धरतीलाई सर्वाङ्ग हाँसेको पाएर
ऋन् बढी मुस्कुराएर
आकाशमा फर्कने गर्छ;

जहाँ
आरुबखडाका हाँगा हाँगामा
फुल्दछन् कुखुराका चल्लाहरू;

जहाँ
मृग मरीचिका पछि लाग्नेहरूको यादमा
रुन्छन् धुपी र सल्लाहरू;

जहाँ
बारै महिना मानिसका गालामा
फुल्दछन् आरुका फुल;

जहाँ
मुटुको स्पन्दन झैं उफ्री उफ्री
खेल्छन् मृग शावकका हुल;

जहाँ
पहराबाट छहराले
खोलामा हाम फाल्दछ;

जहाँ
रातमा पनि हिमचुलीले
आँगनमा घाम पाल्दछ;

जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ;
जहाँ
ससाना नदीहरूमा पनि
तुफानी समुद्रको वेग हुन्छ;

जहाँ
बटुवालाई प्रत्येक ञ्याङबाट
ञ्याउँकिरीले गिज्याउने गर्छ;
प्रत्येक अँधेरी पँधेरीमा
जुनकिरीले ज्योति फिँजाउने गर्छ;

जहाँ
शीतल हावामा बुई चढेर
कस्तूरीको सुगन्ध डुल्दछ

जहाँ
एकबाजि आएर
घर फर्कन वसन्त भुल्दछ;

जहाँ
बटुवालाई भन्ज्याङमा रोकेर
हिमाल पङ्खा हम्कन्छ;

जहाँ
एक अर्काको मुख हेरेर
नीलगिरि र धवलागिरि चम्कन्छ;

जहाँ
प्रत्येक रातमा आकाशले
मङ्गल दीप सजाउँछ;

जहाँ
प्रत्येक भोरमा धरतीले
एक गोरो छोरो जन्माउँछ;

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

(**घुम्ने मेचमाथि अन्धो मान्छे**बाट)

कवि परिचय

भूपी शेरचन (वि. सं. १९९२–२०४६) साऱ्है सुन्दर र मार्मिक कविता रच्ने कविका रूपमा प्रसिद्ध छन् । उनले रचेका कविता सङ्ग्रहहरू हुन्– **नयाँ ञ्याउरे, निर्झर, घुम्ने मेचमाथि अन्धो मान्छे** र **भूपी शेचरनका कविता** । उनका कवितामा क्रान्तिकारी चेतनाको अभिव्यक्ति पाइन्छ, सामाजिक तथा मानवीय कमी कमजोरीप्रति व्यङ्ग्य गरिएको भेटिन्छ अनि नेपाल र नेपालीलाई माया गर्ने राष्ट्रवादी स्वर सुसेलिएको सुनिन्छ ।

शब्दार्थ

१. **तलका शब्दहरूको अर्थ बुझ्नु होस् :**

हिमकण– हिउँको कण वा ससानो टुक्रा
सर्वाङ्ग– सम्पूर्ण अङ्ग वा भाग
मृग मरीचिका– मृगको जस्तो भ्रान्ति, मृगतृष्णा
स्पन्दन– कम्पन
मृग शावक– मृगको पाठो
तुफानी– तुफानको, आँधीको
मङ्गल दीप– मङ्गल वा शुभ जनाउने बत्ती
भोर– बिहान पखको उज्यालो
निर्मल– मल वा दाग नभएको, सफा, स्वच्छ
नीलगिरि– एक पहाडको नाम; निलो पहाड
धवलागिरि– एक हिउँचुली; सेतो वा उज्यालो पहाड
जुन– चन्द्रमा
वेग– गति
सुगन्ध– बास्ना
जुनकिरी– रातमा झिलिक झिलिक गर्दै उज्यालो पार्ने एक किसिमको किरो
वसन्त– एक ऋतु, पालुवा पलाउने र फुल फुल्ने चैत वैशाखको सुन्दर समय

पठन बोध

१. **तलको कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ ।

प्रश्नहरू

(क) 'हरिया पहाडका फरिया अलिक तल सारेर' भनेको के हो ?
(ख) हिमालले कसरी ढाड सेकेको छ ?
(ग) कवि टाढा रहेर पनि के कुराको सम्झना गरि रहेका छन् ?
(घ) यस कवितांशमा प्रस्तुत मुख्य विषय के हो ?
(ङ) अन्तिम दुई पङ्क्तिलाई गद्यमा रूपान्तर गर्नुहोस् ।

२. **तलको तालिका हेर्नु होस् र कविले आफ्नो देशलाई किन सुन्दर ठानेका छन्, उत्तर लेख्नु होस् :**



३. **प्रकृतिलाई मानिस जस्तै बनाएर प्रस्तुत गर्नुलाई 'मानवीकरण' भनिन्छ। तलका उदाहरण हेरी मानवीकरण गरिएका अरू पाँच वटा उदाहरणहरू दिनु होस् :**

- जुन मुस्कुराउँदै ओरालो झर्नु र धरतीलाई हाँसेको पाएर आकाशमा फर्कनु,
- धुपी र सल्लाहरू रुनु,
- छहराले खोलामा हाम फाल्नु,

अभ्यास

१. **तलका प्रश्नहरूको छोटो, छरितो उत्तर लेख्नु होस् :**

(क) 'मेरो देश' कवितामा आरुबखडाका फुललाई केसँग दाँजिएको छ ?

(ख) 'बाह्रै महिना मानिसका गालामा आरुको फुल' फुलाउनुको तात्पर्य के हो ?

(ग) 'मेरो देश' कविताको सातौँ अनुच्छेदमा पहाडी भूभागको भौगोलिक सतहको कस्तो चिनारी दिइएको छ ?

(घ) वसन्त ऋतुले घर फर्कने कुरा किन स्वाट्टै बिर्सन्छ ?

(ङ) प्रत्येक रातमा आकाशले मङ्गल दीप कसरी सजाउँछ ?

२. **'मेरो देश' कवितामा कविले नेपालको प्राकृतिक सुन्दरताका कुन कुन पक्षको बयान गरेका छन्? सूची बनाउनु होस्।**

३. **'नेपाल अत्यन्त सुन्दर देश हो' भन्ने विषयमा 'मेरो देश' कविताका आधारमा आफ्नो प्रतिक्रिया लेख्नु होस्।**

व्याकरण

वर्ण विन्यास

१. **तलको निर्देशन पढ्नु होस् र वर्ण विन्यासबारे जानकारी लिनु होस् :**

(क) तत्सम शब्दको वर्ण विन्यास

'मेरो देश' कवितामा प्रयोग भएका आकाश, दीप, प्रत्येक, ज्योति, वसन्त, सर्वाङ्ग, मृग मरीचिका, शावक, नदी, समुद्र, स्पन्दन आदि संस्कृत भाषाबाट नेपाली भाषामा जस्ताको तस्तै आएका तत्सम शब्द हुन् । यी संस्कृतमा जस्तो लेखिन्छन् नेपालीमा पनि त्यस्तै लेखिन्छन् । शब्दकोशको प्रयोगबाट तत्सम शब्दको वर्ण विन्यासबारे थाहा पाउन सकिन्छ ।

(ख) तद्भव र आगन्तुक शब्दको वर्ण विन्यास

'मेरो देश' कवितामा प्रयोग भएका मेरो, हिउँ, धरती, जहाँ, कुखुरा, बाऱ्हा, फुल, घाम, पहाड, निधार, घर, गोरो आदि तद्भव शब्द हुन् । यी संस्कृतबाट परिवर्तन भएर नेपालीमा आएका शब्द हुन् । तद्भव शब्दको वर्ण विन्यासलाई नेपाली नियम अनुसार व्यवस्थित गरिएको छ । वर्ण विन्यासका सन्दर्भमा ह्रस्व, दीर्घ, अजन्त, हलन्त तथा पदयोग र पद वियोगका प्रयोग महत्त्वपूर्ण छन् । 'मेरो देश' कवितामा प्रयोग भएका याद, तुफानी आदि आगन्तुक शब्द हुन् । सहर, सहिद, एसिया, क्लिप, किताब, पाउरोटी, इजलास जस्ता आगन्तुक शब्द पनि तद्भव शब्दकै नियम अनुसार लेख्नु पर्छ ।

२. **वर्ण विन्यासका निम्ति तलको निर्देशन ध्यानपूर्वक पढ्नु होस् :**

(क) नेपाली तद्भव र आगन्तुक शब्दमा ऋ, ञ, ण, श, ष, क्ष, ज्ञ वर्णको प्रयोग हुँदैन ।

(ख) नेपाली तद्भव र आगन्तुक शब्दमा उच्चारण अनुसार ब, व, य, ए, ङ, न, म वर्णको प्रयोग गरिन्छ; जस्तै : बाटुलो, बिदेसिनु, वारि, गयो, गए, दाङ, गुरुङ, कान्लो, काम्लो, नाङ्लो, नाम्लो, बटुको, अङ्ग्रेजी आदि ।

(ग) नेपाली तद्भव र आगन्तुक शब्दमा पातलो 'स' मात्र प्रयोग हुन्छ; जस्तै : स्विकार्नु, अकासिनु, पुस्टचाइँ, स्टेसन आदि ।

(घ) नेपाली तद्भव र आगन्तुक शब्दमा नाके ध्वनिका निम्ति चन्द्रविन्दु लगाइन्छ; जस्तै : आँप, गाउँ, यहाँ आदि ।

३. **तलको अनुच्छेद पढ्नु होस् र रेखाङ्कित शब्दको वर्ण विन्यास पहिचान गर्नु होस् :**

ऋषिहरू चञ्चल मनलाई आफ्नो वशमा राख्न सफल हुन्छन् । ऋषि हुनु भनेको सर्वज्ञ वा सम्पूर्ण विषयको ज्ञाता हुनु हो । वृक्षका आश्रयमा बसी ग्रीष्मको ताप तथा शिशिरको शीतलाई समेत सहेर तृष्णाबाट मुक्ति खोजेकै हुनाले ऋषिलाई तपस्वी विशेषण दिइएको हो ।

- माथिका रेखाङ्कित शब्दमा आएका ऋ, ण, श, ष, क्ष, ज्ञ वर्ण संस्कृत तत्सम शब्दमा मात्र प्रयोग हुने लेख्य नेपाली वर्ण हुन् । यी वर्णको प्रयोग तद्भव र आगन्तुक शब्दमा हुँदैन ।

४. **तलको अनुच्छेदमा प्रयुक्त तद्भव र आगन्तुक शब्दको वर्ण विन्यास बुझ्नु होस् :**

उन्नाइस वर्षअघि इन्द्रेनी परेको समयमा म जन्मेको थिएँ रे ! त्यसपछि घिउ, दुध र फलफुल खाँदै म हुर्किएँ । मैले हिउँमा खेल्न पाइनँ भने दाइभाइ पनि मेरा साथी थिएनन् । पल्लो गाउँमा भिनाजु र फुपाजु बस्थे । लिम्बूहरू मेरा छिमेकी थिए । काठमाडौं आएपछि मैले ज्यापु र थारूका बारेमा थाहा पाएँ । म ज्यापुहरूको

रोपाइँ हेर्न कीर्तिपुर गएँ । उनीहरू खेती गर्न मिहिनेती र सिपालु हुँदा रहेछन् । पढाइमा पनि लागेका यी जातिकै कारण नेपालमा खेती किसानीको विकास भएको हो ।

- माथिका रेखाङ्कित पदहरूमा उन्नाइस, इन्द्रेनी, घिउ, दुध, फलफुल तद्भव नेपाली शब्दहरू हुन् । यस्ता शब्दका सुरु र बिचमा इकार र उकार सबै ह्रस्व लेखिन्छन् । त्यसै गरी दाइ, भाइ, भिनाजु, फुपाजु पुलिङ्गी नाम हुन् । यिनका अन्त्य इकार, उकार पनि ह्रस्व हुन्छन् ।

५. **तलका निर्देशन र उदाहरण पढी ह्रस्व, दीर्घबारे स्पष्ट हुनु होस् :**

सुरु र बिचमा ह्रस्व हुने शब्दहरू– निलो, किरो, किलो, फुल, उन्नाइस, मुर्ख्याइँ, पुर्बेली, ठुलो, बहिनी, जुलुस आदि ।

अन्त्यमा ह्रस्व हुने शब्दहरू– जेठाजु, सानु, भाइ, बाबु, दाजु, आलु, लिखु, तनहुँ, लागु, चालु, पनिउँ, बुद्धु आदि ।

बिचमा दीर्घ हुने शब्दहरू– गाईजात्रा, भेडीगोठ, चरीनङ्ग्रे, जडीबुटी, मिलीजुली आदि ।

अन्त्यमा दीर्घ हुने शब्दहरू :

- **स्त्रीलिङ्गी नाम, विशेषण र क्रियापद**– आइमाई, गाई, छोरी, बहिनी, दिदी, सुबेदार्नी, भाउजू, फुपू, सासू, राम्री, बाठी, होची, बसी, पढी, खाई आदि ।
- **विध्यर्थक क्रियापदको अन्तिम इकार र उकार**– जाऊँ, पढूँ, गर्नू, खानू, पक्री, निस्की आदि ।
- **दुबै लिङ्गमा प्रयोग हुने केही नामको अन्तिम इकार**– हात्ती, माउसुली, गोही आदि ।
- **सर्वनाम शब्दको अन्तिम इकार उकार**– तिनी, उनी, तिमी, तपाईं, हामी, यिनी, अरू, आफू, यी, ती, ऊ आदि ।
- **विशेषण शब्दको अन्तिम इकार**– अल्छी, देखावटी, तन्नेरी, यही, त्यही, सुर्खेती आदि ।
- **विशेषण र भाव वाचक नामबाट बनेका नामको अन्तिम इकार**– जवानी, खेती, चोरी आदि ।
- **थर, पेसा, जात, जाति र भाषा बुझाउने शब्दको अन्तिम इकार र उकार**– कार्की, थकाली, माझी, राजी, कामी, ठकुरी, बङ्गाली, हिन्दी, नेपाली, हिन्दू, उर्दू, लिम्बू, थारू, हायू आदि ।
- **नदी, स्थानवाची र अन्य निर्जीव नामको इकार**– औंठी, कुर्सी, कोसी, गुल्मी, टोपी, डोटी, बाल्टी, भेरी, मादी, रापती आदि ।
- **आदरार्थी 'जी' र 'ज्यू'**– साहुजी, मन्त्रीज्यू ।
- **पूर्वकालिक कृदन्तको इकार**– गरी, पढी, आई आदि ।
- **सङ्ख्या वाचक शब्दको अन्तिम इकार**– उनान्साठी, साठी, सत्तरी, असी आदि ।
- **ई, अनी, आनी, आउनी, ती, आउरी, आरी, आडी, औरी, एली, आली, औली, यौली, अरी, तरी प्रत्यय लागेर बनेका शब्दका इकार**– तरतरी, चटनी, पिसानी, चिरानी, उठाउनी, उठ्ती, जिताउरी, पुजारी, खेलाडी, सिङ्गैरी, पुर्बेली, थकाली, उँभौली, उँधौली, रत्यौली, पुर्ख्यौली, यसरी, सुस्तरी आदि ।

६. **तलका निर्देशन र उदाहरण पढी अजन्त र हलन्त प्रयोगबारे स्पष्ट हुनु होस् :**

नामिक पद (नाम, सर्वनाम र विशेषण) को अन्तमा हलन्त उच्चारण गरिए पनि अजन्त लेखिन्छ, जस्तै : घर, भात, यस, त्यस, कुन, जुन, असल, खराब आदि । यस्ता शब्द प्रत्यय लाग्दा वा समास हुँदा पनि अजन्त नै लेखिन्छन्; जस्तै: घरबारी, दालभात, असली आदि ।

अङ्ग्रेजीका एकाक्षरी शब्दलाई नेपालीमा एक्लै लेख्ता हलन्त उच्चारण भए पनि अजन्त लेखिन्छ; जस्तै : एम. ए., डी. लिट., पिएच. डी., एस. एल. सी. आदि ।

क्रियापद उच्चारण अनुसार नै हलन्त र अजन्त लेखिन्छन्, जस्तै : बस्, बस, लेख्, लेख, पढिन्, पढिन आदि ।
अव्यय शब्द उच्चारण अनुसार अजन्त र हलन्त लेखिन्छन्, जस्तै : अजन्त– जब, तब, तर, जान, वर, पर आदि; हलन्त– इस्, उफ्, ऋन्, धत्, हैट् आदि ।

७. तलको निर्देशन र उदाहरण पढी पदयोग र पद वियोगबारे स्पष्ट हुनु होस् :

(क) पदयोग सम्बन्धी तलका प्रयोग पढ्नु होस् र बुझ्नु होस् :

विभक्ति जनाउने प्रत्यय र बहु वचन जनाउने 'हरू' पदयोग गरी लेख्ने, जस्तै : रामले, हरिलाई, उसको, टाउकामा, घरहरू आदि ।

दुई अक्षरसम्मका स्वरान्त नामयोगीलाई पदयोग गरी लेख्ने, जस्तै : घरमुनि, खोलापारि, बाटातल, खाटमाथि, पाल्पासम्म, त्यतातिर, हामीसँग, सहरतर्फ, नदीवारि, कोठाभित्र आदि ।

दुई दुई मुक्ताक्षरले बनेका समस्त शब्दलाई पदयोग गरी लेख्ने, जस्तै : आमाबाबा, दाजुभाइ, लोग्नेस्वास्नी, खोलानाला, शिक्षामन्त्री, कृपापात्र, चक्रवृद्धि, दृष्टिविन्दु आदि ।

एकाक्षरी दुई शब्दबाट समास भई बनेको समस्त शब्द पदयोग गरी लेख्ने, जस्तै : दालभात, घरखेत, सागपात, घिउतेल आदि ।

समस्त शब्दमा प्रत्यय जस्तो भई प्रयोग हुने शब्दांश (कर, कार, कृत, परक, मूलक, जनक, विद् आदि) पदयोग गरी लेख्ने, जस्तै : कष्टकर, साहित्यकार, वस्तुपरक, नाटकीकृत, सेवामूलक आदि ।

अकरणको 'न' पदयोग गरी लेख्ने, जस्तै : नपढेको, गएनछ, खाँदैनथे ।

उपसर्ग, प्रत्यय तथा आदरार्थी 'जी' र 'ज्यू' पदयोग गरी लेख्ने, जस्तै : उपप्राध्यापक, पूर्ववत्, श्रीमान्, मन्त्रीजी, राष्ट्रपतिज्यू आदि ।

द्वित्व शब्दको निरर्थक द्विरुक्त र विकारी अंश तथा अनुकरण मूल पदयोग गरी लेख्ने, जस्तै : ससानो, चामलसामल, कलकल, डङडङ आदि ।

अज्ञात र अभ्यस्त पक्ष जनाउने क्रियापद पदयोग गरी लेख्ने, जस्तै : गरेछ, पढेछन्, निदाइएछ, बताउँथिन्, आउँदैनथे, नुहाउँथे, रहेनछ आदि ।

(ख) पद वियोग सम्बन्धी तलको प्रयोग पढ्नु होस् र बुझ्नु होस् :

हरेक शब्द पद वियोग गरी लेख्ने; जस्तै : ऊ भात खान्छ ।

वाक्यमा निपात तथा संयोजक पद वियोग गरी लेख्ने; जस्तै : ऊ त, हरि र म, म मात्र, ऊ चाहिँ, तिमी नै आदि ।

जना, वटा/ओटा, थोपो, दाना, पित्को, त्यान्द्रो, छेस्को जस्ता कोटिकर पद वियोग गरी लेख्ने; जस्तै : दश जना मान्छे, एघार वटा/ओटा कलम, पाँच दाना सुन्तला, एक त्यान्द्रो पराल, एक छेस्को काठ, एक थोपा पानी, एक पित्को घिउ आदि ।

विभक्तिपछि आउने नामयोगी पद वियोग गरी लेख्ने; जस्तै : देशका लागि, मेरा निम्ति, आफ्ना लागि, परिवारका खातिर आदि ।

व्यञ्जनान्त दुई अक्षरी वा सोभन्दा बढी अक्षरका नामयोगीलाई पद वियोग गरी लेख्ने; जस्तै : मलगायत, कानुन बमोजिम, तिमी बाहेक, घर पछाडि, म समेत, नियम अनुरूप, भने अनुसार आदि ।

दुई वा सोभन्दा बढी अक्षरबाट बनेका व्यञ्जनान्त समस्त शब्द पद वियोग गरी लेख्ने; जस्तै : नेपाल सरकार, वाणिज्य विभाग, उद्योग मन्त्री, परराष्ट्र मन्त्रालय, मानव सेवा, अनुसन्धान प्रतिवेदन, श्रीमान् समक्ष आदि ।

व्यक्ति वाचक नामसँग आउने अर्को शब्द पद वियोग गरी लेख्ने; जस्तै : मुगु जिल्ला, रारा दह, मेची नदी, राम दाइ, धरान बजार, नेपाल राष्ट्र आदि ।

जाति, वर्ग, समाज आदि जनाउँदा सोभन्दा पहिले आउने नाम पद वियोग गरी लेख्ने; जस्तै : मानव जाति, नारी समाज, सज्जन वृन्द, विद्यार्थी वर्ग, महिला समुदाय आदि ।

सार्थक प्रकृतिका द्वित्व शब्दलाई पद वियोग गरी लेख्ने; जस्तै : तल तल, घर घर, नजिक नजिक, बाटो बाटो, पसल पसल, जो जो, जहाँ जहाँ, जब जब आदि ।

तुल्यतावाची जस्तो, जस्तै, जसरी, झैँ, सरि, समान, सरह आदि शब्दलाई पद वियोग गरी लेख्ने; जस्तै : म जस्तो, भने जसरी, हामी झैँ, तिमी सरि आदि ।

विभाजक 'न' लाई पद वियोग गरी लेख्ने; जस्तै : न राम न श्याम ।

कुनै शब्दसँग आउने लायक, योग्य आदि विशेषण शब्द पद वियोग गरी लेख्ने, जस्तै : खान योग्य, भ्रमण योग्य, भन्न लायक, डुल्न लायक आदि ।

विशेषण विशेष्य शब्दलाई पद वियोग गरी लेख्ने; जस्तै : शुभ कामना, रमणीय स्थल, भव्य समारोह, दीर्घ जीवन, हिउँदे छुट्टी, शिष्ट व्यवहार, लिखित परीक्षा, रोगी मानिस, शुभ कर्म, अनुशासित विद्यार्थी, कथ्य सामग्री, सामाजिक जीवन, चड्ख केटो आदि ।

विकार नभएका द्वित्व शब्द पद वियोग गरी लेख्ने; जस्तै : कन्याम कन्याम, फुरुक फुरुक, घर घर आदि ।

दुईभन्दा बढी शब्दबाट बनेका समस्त शब्द पद वियोग गरी लेख्ने; जस्तै : दाल भात डुकु, मन वचन कर्म, लोक सेवा आयोग आदि ।

संयुक्त क्रियाका हरेक घटकलाई पद वियोग गरी लेख्ने; जस्तै : जानु पर्छ, पढ्दै छ, पढेको छ, भनि दिनु होला, हुने छ, खाने छैन, गए हुन्छ, आउँदै गर आदि ।

अभ्यास

तलका अनुच्छेद शुद्ध गरी पुनर्लेखन गर्नु होस् :

(क) अषारको मैना थियो । दिउसोको टण्टलापुर घामका मारे किसान हरू मेला छाडेर चौतारामा बसेका थिए । कुलोमाथि चौतारो कुलोमुनि आशामरु साहुको हिउँदे पसल, त्यसमुनि ज्यामिरे बँसिको फाँट । निकै रमाईलो ठाँउ थियो । किसान हरू सोहि पसलमा तमाखू किनेर कक्कड भर्न लागेका थिए ।

(ख) हटारू नेपालगन्ज बजारबाट आज आयो । ऊ ऋण लिएर सरसामान किन्न त्यहा गएको थियो । उससँग तिन हजार नदग मात्र थियो । छट्टूहरूले उसलाई न राम्रोसँग ठगे । न ऊ राम्रो गरी पढ्न जान्दथ्यो न लेख्ननै । उसका लागि यो दुखद घटना बन्यो ।

(ग) सिरदेखि पाऊसम्म न्याना लुगामा बेरियर घाममा बस्ता पनि तीखा हिउँदे सुईराले आफ्नो सम्पुर्ण शरिरभरि बेसरी घोचेको अनुभव भएपछि नीलाले त्यस कुराको यथार्थ बुझिन् । उनले मेलिनालाई चिठी पठाउन हुलाक अड्डा खोजिन् । ठण्डीले चिउँडो छेउछाउमा हल्लिएजस्तो भयो ।

(घ) बागमतिनदी अत्यन्त सुन्दर नदी हो तर अहिले फोहोर भएको छ । यसका छेउमा पशुपतिनाथको मन्दिर छ । हाम्रो देशका विभिन्न भागबाटर भारतबाट यहाँ पूजागर्न मान्छेहरू आउँछन् । समय समयमा यस मन्दिरमा ठुला ठुला मेला लाग्छन् । हामीले यसको श्वच्छता जोगाउनुपर्ने हो तर केही गर्न नसकी लाजलाग्दो अवस्थालाई निम्त्याएका छौं ।

(ङ) डोकामा नांलो लगाएर बीस किलो सामग्री बोकी मेरो छोरो परदेश गयो । ऊ भारतको कलकत्ता पुग्यो । त्यहाँ उसले एकातिर काम गऱ्यो भने अर्कातिर पढेर बि. ए. उत्तिर्ण गऱ्यो । ऊ कहीले फर्केला भनि हामि दिन गनि रहेका छौ । ऊ न आएकाले हामीलाई निकै पिर परेको छ ।

(च) मेरो घर काठमाडौं महानगरपालिकाअन्तर्गत वडा नं. ३४ मा पर्छ । अन्तर्राष्ट्रीय सम्मेलन केन्द्र यहिँ छ । सम्विधान सभाका सभासद ज्यूहरूलाई यहिँ भेट्न पाइन्छ । नेपालको सबैभन्दा बिसाल विमानस्थल पनी यहाँबाट नजीकै छ ।

बोध

१. तलको अनुच्छेद पढी त्यसपछि दिइएका प्रश्नहरूको ठिक उत्तर लेख्नु होस् :

नेपालको मेचीदेखि महाकालीसम्मको भूभागमा अनेक उपत्यका पाइन्छन् । सुदूर पश्चिमको सुर्खेत उपत्यका, दाङ र देउखुरी उपत्यका, पोखरा उपत्यका, चितवन नवलपुर उपत्यका, काठमाडौं उपत्यका, सिन्धुली माडी उपत्यका र अरू नदी किनारका अनेक उपत्यका छन् । भूगर्भ वेत्ता विद्वान्हरूको भनाइ अनुसार यी उपत्यकामा पहिले जल भरिएको थियो र करिब अढाई लाख वर्ष पहिले यी उपत्यकाबाट पानी निस्केर बाहिर गयो । सम्भवत: यी सबै उपत्यकाको पानी त्यसपछि नै खुल्यो । पानी बगेर गएपछि यहाँ जङ्गल भयो र जीवजन्तु पनि आफ्नो आहाराको खोजीमा यसतर्फ अग्रसर भए । त्यसपछि आदि मानव पनि आफ्नो जीवन निर्वाहका लागि यसतर्फ सिकार गर्न पस्यो । पहिले मानवको जीवन यायावरीय भए पनि पछि केही स्थिर हुँदै गयो । आजभन्दा दश हजार वर्ष पहिलेसम्म मानव पुरानै पाषाण युगको क्रममा थियो । तर इसापूर्व सात हजारदेखि पाँच हजार वर्षतिर आएर मानवले आफ्नो जीवन नव पाषाण युगमा पुऱ्यायो । यस समयमा मानवले कृषिकर्म अपनाउन थालि सकेको थियो ।

प्रश्नहरू

(क) नेपालका उपत्यकाहरूमा कति वर्ष पहिले जङ्गल उत्पन्न भएको थियो ?

(ख) आदि मानव यी उपत्यकामा पस्नुअगि यहाँ कस्तो वातावरण थियो ?

(ग) मानवले किन यायावरीय जीवन बिताउनु पऱ्यो ?

(घ) मानवले कुन युगमा कृषिकर्म सुरु गऱ्यो ?

(ङ) 'भूगर्भ वेत्ता' र 'पाषाण युग' को अर्थ के हो ?

अभिव्यक्ति

विज्ञापन लेखन

१. **पदपूर्ति सम्बन्धी विज्ञापन लेखनको एक नमुना तल दिइएको छ; पढ्नु होस् :**

चन्द्र मेमोरियल बहुमुखी क्याम्पस
पदपूर्ति समितिको
आवश्यकता सम्बन्धी सूचना
(पहिलो पटक प्रकाशित मिति : २०६७।१।१५)

यस क्याम्पसमा रिक्त रहेको नेपाली विषयको उपप्राध्यापक पदमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र दरखास्त आह्वान गरिएको छ । उक्त मितिबाट सात दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिने छ ।

दरखास्तका साथ पासपोर्ट साइजको फोटो २ प्रति, शैक्षिक योग्यताका प्रमाण पत्र तथा नागरिकताको प्रमाण पत्रका प्रमाणित प्रतिलिपिहरू प्रस्तुत गर्नु पर्नेछ । दरखास्त दस्तुर रु. ५०० (पाँच सय रुपियाँ) यस क्याम्पसको वाणिज्य बैङ्क, बानेश्वर शाखामा रहेको च.हि.नं. ९९९ मा जम्मा गरी त्यसको सक्कल भौचर प्रस्तुत गर्नु पर्ने छ ।

परीक्षाको किसिम : लिखित तथा अन्तर्वार्ता
आवश्यक न्यूनतम योग्यता : सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण
सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।

क्याम्पस प्रमुख

२. **व्यावसायिक विज्ञापन लेखनको एउटा नमुना तल दिइएको छ; पढ्नु होस् :**

सडकको यात्रामा विशेष सुविधा हिमाल यातायातद्वारा सञ्चालित
कान्जिरोवा डिलक्स कोच

- आरामदायी २X२ फोल्डिङ सिट
- वातानुकूलित सुविधा
- विद्यार्थीहरूका निम्ति विशेष सहुलियत
- भिडिओ, सुरक्षा गार्ड तथा शौचालयको सुविधा
- पानी र खाजाको नि:शुल्क व्यवस्था
- मुलुकभर यातायात सेवा भएको

कान्जिरोवा डिलक्स कोचमा यात्रा गर्नु होस्, सुरक्षा र सुविधाका निम्ति ढुक्क हुनु होस् !

कान्जिरोवा डिलक्स कोच
सूर्य विनायक, भक्तपुर
फोन : ६६१३८८२

अभ्यास

१. **गोरखा पत्र संस्थानले सम्पादक पदको पूर्तिका लागि प्रकाशित गर्ने एउटा विज्ञापन तयार गर्नु होस् ।**
२. **लोक सेवा आयोगले शाखा अधिकृत पदपूर्तिका लागि निकाल्ने विज्ञापन तयार गर्नु होस् ।**
३. **चल्ती बिक्री भण्डारले स्वादिलो चाउचाउ बिक्री गर्न प्रकाशित गरेको सचित्र विज्ञापन तयार गर्नु होस् ।**
४. **नव जनता बैङ्कले आफ्नो बैङ्कमा खाता खोल्न ग्राहकहरूलाई आह्वान गरेको विज्ञापन लेख्नु होस् ।**

•

पाठ : बाह्र

आलु

✍ भैरव अर्याल

तपाईले गाईजात्रा हेर्नु भएको छ अथवा गाईजात्राका अवसरमा मञ्चहरूमा देखाइने वा टेलिभिजनहरूमा प्रसारित गरिने कार्यक्रम हेर्नु भएको छ ? त्यहाँ के गरिन्छ ? सम्झनु होस् त । त्यहाँ देशका विभिन्न क्षेत्रका अगुवा मानिस (जस्तै : नेता, मन्त्री, प्रशासक आदि) का लवाइ, हिँडाइ, बोलाइ अनि काम गराइको नक्कल गरेर दर्शकलाई हँसाइन्छ र सँगसँगै तिनका कमजोरीप्रति छेड हानिन्छ, घोचपेच गरिन्छ । साहित्यमा यसलाई हास्यव्यङ्ग्य भनिन्छ । हास्यव्यङ्ग्यमा प्रायः समाजका विकृतिप्रति, समाजका अगुवा अथवा नेतृत्व वर्गका मानिसहरूमा भएका कमी कमजोरी, खराब आचरण आदिप्रति हाँसो उडाउँदै व्यङ्ग्य हान्ने गरिन्छ । हास्यव्यङ्ग्य कविता, गीत, नाटक, टेलिशृङ्खला आदि अन्य विधामा पनि हुन्छ तर निबन्धमा यसको प्रयोग सबभन्दा बढी भएको पाइन्छ । नेपालीमा यस्ता हास्यव्यङ्ग्य निबन्ध लेख्ने निबन्धकारमध्ये प्रमुख हुन्– भैरव अर्याल । उनका थुप्रै सुन्दर निबन्धमध्ये 'आलु' पनि एक लोकप्रिय हास्यव्यङ्ग्यात्मक निबन्ध हो । यसमा हामीले तरकारीका रूपमा प्रयोग गर्ने आलुलाई प्रतीक बनाएर त्यसका माध्यमबाट नेपाली बुद्धिजीवी र सामान्य मान्छेमा विद्यमान कमजोरीप्रति व्यङ्ग्य गरिएको छ । मान्छेमा रहेको दहीचिउरे स्वभाव नै आलु स्वभाव हो भन्ने लेखकको ठनाइ छ । यो निबन्ध पढेर एक पटक हाम्रो समाजतिर फर्किनु होस् त ! के साँच्चै यस्तै प्रवृत्ति हाम्रो समाजमा छ ? के हाम्रा बुद्धिजीवीहरू साँच्चै आलु स्वभावका छन् ?

आलुको नामकरण कसले कसरी गरेको हो, त्यो भाषाशास्त्रीहरू नै जान्लान् तर मलाई लाग्छ– पहिले पहिले खेतका आलीतिर उम्रेर फलेको भेटिएकाले यसको नाम आलु रहेको होला । तर मेरै विचार सबैले मान्नु पर्छ भन्ने केही छैन, तपाईं पनि आफ्नो तर्क तान्न सक्नु हुन्छ– कोही आले थरको मान्छेले पहिलो पटक पत्ता लगाएको वा खाएको हुनाले यसको नाम आलु रहेको हो कि ? भन्छन्– आलु पहिले कसैले खोदेनथ्यो, तर अनिकाल परेको बखत उसिन्ने कुरा केही नपाएर सायद कुनै बुढाले आफ्नी बुढीलाई भन्यो होला– "आ, ले न त्यही गाँठा उसिनेर खाऊँ ।" यसरी 'आ ले न' भनेकाले यसको नामै आले रहेको र खाँदा साह्रै मिठो भएकाले आलेलाई प्रेमपूर्वक पुकारी 'आलु' भनेको पनि हुन सक्छ ।

मान्छे भन्छन्– गोलभिँडा आलुको ठिमाहा छोरो हो तर बोट उस्तै भए पनि एउटाको जन्म जराबाट अर्काको जन्म हाँगाबाट हुने हुँदा यो तर्क खालि पहिले पहिले गोलभिँडा खान पल्केका बाजेहरूले छाँटेको गफ मात्रै हो जस्तो मलाई लाग्छ । बरु, साँच्चै आलुको नातागोता नखोजी नछाड्ने हो भने पिँडालुसित सोध्नु पर्छ । पिँडालु आलुको बाबु हो, त्यो किट्न सकिन्न तापनि आलु र पिँडालुमा रगतको नातो छ भन्ने कुरा दुबैको मिल्दोजुल्दो नामले बताउँछ । एक शब्दमा दुबैको जात कन्दमूल र पेसा तरकारी कारोबार हो । उपव्यवसायमा पिँडालुले कहिले काहीं

मस्यौरा उद्योगमा सहयोग दिन्छ र यदाकदा घेवारेको तौल पुगेन भने भरथेग पनि गर्छ । यस बाहेक पिँडालुको त्यति प्रसिद्धि छैन जति आलुको छ ।

पोलिएर, उसिनिएर, पाकेर, साँधिएर, तारिएर चप, पकौडी, कटलेट आदि विभिन्न परिकारमा परिणत भएर जुन वेला जस्तो चाहियो उस्तै बन्न सक्ने आलुको व्यक्तित्व साँच्चै नेपाली बुद्धिजीवीको जस्तै बहुमुखी छ । अर्थात् जसरी यहाँ एउटै व्यक्ति शिक्षक, दीक्षक, लेखक, सेवक, पत्रकार, अलपत्रकार, नेता, अभिनेता, जुन मौकामा जेको महत्त्व देखिन्छ, त्यसैमा फिट भइ दिन्छ, त्यसै गरी आलु पनि जुन वेला जे चाहियो त्यसैमा फिट । ढिँडोलाई सितन चाहियो आलु फिट, जाँडलाई सितन चाहियो आलु नै फिट । ज्वाइँलाई झटपट खाजा खुवाउनु पऱ्यो आलुको कबाफ, पाहुना धेरै लागे भने एक पाउ आलुमा एक पाथी पानी राखी छड्काइ दिनोस्– आलुदम काइदासाथ ।

त्यसैले आलु साच्है जनप्रिय छ । विचार गर्दा आलु पिँडालुभन्दा निकै बाठोटाठो र अप टु डेट लाग्छ, त्यसैले यसलाई बुढो भन्न मेरो आलुप्रिय जिब्राले कदापि सक्तैन । बरु बुढो बाबु चाहिँ पिँडालु नै होला, किनभने यसका मुखभरि रौं र कत्ला देखिन्छन् । तर आलुको अनुहार सधैं सुकुमार, मानौं उठ्ने बित्तिकै अप टु डेट सैलुन पुगेर आएको युवक जस्तो । दाऱ्ही जुँगा नभएको भन्दा तपाईंहरू शङ्का गर्नु होला– के आलु स्त्री जाति त होइन ? कुन्नि, वा गोलभिँडालाई आलुको ठिमाहा छोरो भनेको कारण आलुले पिँडालुसित लभ गर्दागर्दै पाएको पो हो कि ? जे होस्, को कसरी जन्मेको हो र उसको जात के हो त्यो नालीबेली लगाइ रहनु पर्ने जरुरत छैन । मैले त आलुको सामान्य परिचय मात्र दिन खोजेको हुँ, मैले चिनेसम्म आलुको नाम आलु; आलुको थर आलु; आलुको बाबु, बाजे, बराजु आलु; आलुको छोरा, नाति, पनाति आलु; आलुको मामा, भानिज, साला, जेठान आलु; आलुको लोग्ने, स्वास्नी, प्रेमी, प्रेमिका, जार, नाठो सप्पै आलु ।

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयम् गान्टे मुलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयम् चुच्चे करेलादेखि लिएर बुच्चेमा परबरसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिलाइ दिनु होस् आलु ठ्याम्मै मिलि हाल्छ । त्यसैले धनी, गरिब, मानी, मगन्ते, विद्वान्, लम्फु, बुद्धिमान्, लट्ठु साराका भान्सामा आलुको समान सम्मान छ, समान प्रवेश र प्रतिष्ठा छ । यस अर्थमा आलुलाई समाजवादी, समन्वयवादी, साम्यवादी तपाईं जे नाम दिनु होस्, वस्तुत: आलुको मूल सिद्धान्त आलुवाद नै हो । जतिसुकै समानताको आदर्श राखे पनि आफू आफूमा मेल नगर्नु आलुवादको विशेषता हो । आलु वर्णले रातो र सेतो हुन्छ, सायद अफ्रिकाका फाँटतिर काला आलु पनि होलान् । तर अहिलेसम्मको अध्ययनमा सेतो आलु नै ठालु मानिन्छ । त्यसैले सेतो र रातो आलुको भाउमा मसिनु र उसिनुको जत्तिकै फरक पर्दछ भने सेतो र कालोमा चाहिँ मांसी र कोदो जत्तिकै । त्यस्तै फलाइका, तछाइका, कटाइका, पकाइका भेदले पनि आलुलाई विभिन्न वर्गमा बाँड्न सकिन्छ, जसको वर्णन गरेर यहाँ साध्य छैन ।

कसैलाई ढाक्रेबाट सोझै भन्सार अड्डाको हाकिम हुने काकताली पऱ्यो । यता बहाली गरेको भोलिपल्टै उता जेठी सासूको अपुताली पनि पऱ्यो भने हामी भन्छौं– फलानाको तालुमा त आलु फलेछ । यसरी फल्ने आलुलाई न मल चाहिन्छ न जल, न माटो चाहिन्छ न स्थल । कसैको रौं पनि उम्रन नसकेर बाँझो पल्टि रहेको तालुमा पनि रोप्नु न गोड्नुसित आलु फलि दिन्छ । यसरी तालुमा आलु फलेपछि मगजमा पिँडालु भरिएका र मुटुमा नालु भरिएका भलादमी पनि ठालु हुन्छन् । जसको तालुमै आलु फल्छ, उसलाई तरकारी समस्याले त के पिर्थ्यो र, सरकारी नियम कानुनले पनि केही लछार्न सक्तैन । त्यसैले आलु परम भाग्यको प्रतीक हो, जो तालुमा फलाउन सक्यो भने आफ्नो जीवन मात्र होइन, सालीपट्टिका सात पुस्ता र भिनाजुपट्टिका नौ पुस्तासम्म सङ्कट मुक्त हुन्छन् ।

तर एकातिर परम सौभाग्यको प्रतीक गनिने हाम्रो महामान्य आलु अर्कातिर दुर्भाग्यको गाली पनि भइ दिन्छ । हिँड्दा हिँड्दै कसैले तपाईंलाई "ए फलानाले त आलु खाएछ नि थाहा पाइस् ?" भनी सुनायो भने कहिले, कहाँ,

कसरी र कति प्लेट आलु खाएछ भनी बुझनुभन्दा पहिल्यै 'हरे शिव' भनी अफसोस प्रकट गर्नु हुन्छ । दुनियाँमा को को के के खान्छन् त कोही घुस खान्छन्, कोही ताली खान्छन् त कोही अपुताली खान्छन् । यी सबै खाएको कुरा तपाईंलाई कुनै अफसोस लाग्दैन (पाए आफै उडाउनु होला बरु) तर कसैले आलु खाएको सुन्नासाथ मुख बिगारेर च्चः च्चः भन्ने किन ? किनभने यी सबै थोक खाए पनि आलु खान हुन्न, फलानाले आलु खायो भन्नुको मतलब उसले परीक्षामा पुल्टुङबाजी खाएछ या आलु भनी आफ्नै जिभ्रो टोकी परम धामको बाटो ततएछ भन्ने बुझिन्छ । अब तपाईं नै भन्नोस्, जुन आलु तालुमा फल्दा मान्छे ऐश्वर्यशाली भनिन्थ्यो, यही आलु खाएछ भन्दा गुल्टिएको भन्ने बुझिन्छ भने आलु आफै सौभाग्यको वस्तु हो कि दुर्भाग्यको ? आलुवादी दर्शनमा यो महत्त्वपूर्ण प्रश्न हो ।

जिभ्रो मिठ्याउन होस् वा भुँडी उक्स्याउन, आलु सबै खान्छन् । तर कसैलाई आलु खान लागेकै बखत "तपाईंले आलु खानु भो कि क्या हो ?" भनी मुस्कुराई सोध्नोस्, त्यही आलुको चौटाले तपाईंको तालु ताक्छ । कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्तैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्यूनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । वास्तवमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन् अर्थात् कर्मले गरेका नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।

तर आलु त्यति तुच्छ वस्तु कहाँ हो र जसलाई पेडाको तुलनामा यो इन्सल्ट गरिएको छ । भनूँ भने कति हलुवाई दाजुलाई पेडा बनाउन मद्दत गर्दो हो– यही आलुले । मान्छेलाई बैगुनी भन्नु पर्ने कारणै यही हो, ऊ गुणको पारख गर्नुको साटो बेइज्जती गर्छ– कसैको राम्ररी टाइम नदिने घडी रहेछ भने प्वाक्क भनि दिन्छ 'यो कस्तो आलुघडी ।' यसै हो भने भोक, रोग, शोकले सुकेर सामर्थ्यहीन भएका आजका लाखौँ मान्छे के साँच्चै आलु होइनन् त ? किन होइनन् ? आलु खाएर पेडाको धाक नलगाउने हो भने वास्तवमा आलु नै मान्छे र मान्छे नै आलु हो– त्यसैले कहीं उसिनिन्छ, कहीं कबाफ लाग्छ ।

जेसुकै होस्, म सधैं आलु खान्छु तर मलाई सधैं आलु खान डर लाग्छ किनभने म पनि बिसौँ शताब्दीकै आलु मान्छे, जसको कर्म हो आलु खानु; तर धर्म हो आलु खाएर पेडाको धाक लगाउनु ।

त्यसैले आलुका बारेमा लेखिएको यो निबन्धलाई कसैले आलु निबन्ध भन्छ भने भनि रहोस्, मेरो दृष्टिमा यो पुरापुरा पेडा निबन्ध हो ।

(**रत्नश्री**बाट)

निबन्धकार परिचय

भैरव अर्याल (वि. सं. १९९३–२०३३) नेपाली साहित्यको हास्यव्यङ्ग्य फाँटका सशक्त प्रतिभा हुन् । उनका **काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री, दश औतार** आदि हास्यव्यङ्ग्य निबन्धका सङ्ग्रहहरू छापिएका छन् । देशका सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक, राजनीतिक आदि विभिन्न क्षेत्रमा व्याप्त विसङ्गतिप्रति व्यङ्ग्य गर्नु उनको मुख्य विशेषता हो । मानवीय स्वभावमा रहने कमी कमीजोरीप्रति पनि आलोचना तथा व्यङ्ग्य गर्नु उनका निबन्धको उद्देश्य रहेको छ । उनी पाठकलाई हँसाएर व्यङ्ग्यको तितोपनालाई ग्रहण योग्य बनाउन समर्थ छन् । उखान टुक्काका साथै अनुकरणात्मक शब्दको विशिष्ट प्रयोग गरेर व्यङ्ग्यका लागि आवश्यक पाइनदार भाषाको प्रयोग गर्न पनि उनी खप्पिस छन् ।

शब्दार्थ

१. **तलका शब्दको अर्थ के हो, शब्दकोशको समेत सहायता लिई लेख्नु होस् :**

ठिमाहा, भाषाशास्त्री, यदाकदा, कन्दमूल, घेवारे, कबाफ, काकताली, अपुताली, महामान्य, सामर्थ्यहीन, उपव्यवसाय, कत्ला, नालीबेली ।

२. **तलका टुक्का र उखानको अर्थ के हो, लेख्नु होस् :**

तालुमा आलु फल्नु, आलु खानु, आलु खाएर पेडाको धाक लाउनु, बाँझो पल्टनु ।

पठन बोध

१. **तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :**

आलु कस्तो मिलनसार छ भने गान्टोमा स्वयम् गान्टे मुलादेखि लिएर अग्लोमा लौकासम्म, चुच्चेमा स्वयम् चुच्चे करेलादेखि लिएर बुच्चेमा परबरसम्म, खाँदिएकोमा गुन्द्रुकदेखि लिएर बाँधिएकोमा कुरिलोसम्म, जेसँग जसरी मिलाइ दिनु होस् आलु ठ्याम्मै मिलि हाल्छ । त्यसैले धनी, गरिब, मानी, मगन्ते, विद्वान्, लम्फु, बुद्धिमान्, लट्ठु साराका भान्सामा आलुको समान सम्मान छ, समान प्रवेश र प्रतिष्ठा छ । यस अर्थमा आलुलाई समाजवादी, समन्वयवादी, साम्यवादी तपाईं जे नाम दिनु होस्, वस्तुतः आलुको मूल सिद्धान्त आलुवाद नै हो । जतिसुकै समानताको आदर्श राखे पनि आफू आफूमा मेल नगर्नु आलुवादको विशेषता हो ।

प्रश्नहरू

(क) आलुलाई किन मिलनसार भनिएको हो ?

(ख) आलुको सम्मान किन छ ?

(ग) आलुको मूल सिद्धान्तलाई किन आलुवाद भनिएको हो ?

(घ) आलुवादको विशेषता के हो ?

(ङ) यस निबन्धांशमा प्रस्तुत भएको व्यङ्ग्य कसप्रति लक्षित छ ?

२. **यस निबन्धमा आलुका माध्यमबाट कतिपय मान्छेका कमजोरीमाथि व्यङ्ग्य गरिएको छ । तलको आरेख पढ्नु होस् र आजको मान्छेका विशेषता लेख्नु होस् :**



अभ्यास

१. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नु होस् :

(क) 'आलु' निबन्धमा आलुको नामकरणका बारेमा के कस्ता सम्भावनाहरू देखाइएका छन् ?

(ख) 'आलु' निबन्ध अनुसार आलुका स्वभावगत विशेषता के के हुन् ?

(ग) आलु सौभाग्यको प्रतीक हो कि दुर्भाग्यको गाली हो ? आफ्ना तर्कहरू दिएर लेख्नु होस् ।

(घ) किन आजको मान्छे आलुसँग तुलना योग्य छ ?

(ङ) आलुका कुन कुन स्वभावलाई मान्छेले ग्रहण गरेको छ ?

(च) यस निबन्धका आधारमा आलुवादको व्याख्या कसरी गर्न सकिन्छ ?

२. यस पुस्तकमा तपाईंले पढेका अन्य निबन्ध र 'आलु' निबन्धका बिच के भिन्नता पाउनु भयो ? साथीहरूसँग छलफल गर्नु होस् र भिन्नता ठम्याउनु होस् ।

३. भैरव अर्यालले 'आलु' निबन्धलाई 'पेडा निबन्ध' भन्नुको कारण के हो ? आफ्नो दृष्टिकोण प्रस्तुत गर्नु होस् ।

४. नेपालका बुद्धिजीवीका बारेमा भैरव अर्यालले प्रस्तुत गरेका विचारप्रति आफ्नो प्रतिक्रिया लेख्नु होस् ।

व्याकरण

पद सङ्गति

१. तलका वाक्यहरू ध्यान दिएर पढ्नु होस् र तिनमा नमिलेका कुरा पत्ता लगाउनु होस् :

(क) कान्छी गयो ।

(ख) सानो बाबु रोई ।

(ग) तैंले मेरो किताब फर्कायौ ।

(घ) यस पुस्तकमा निबन्धका थुप्रै पाठहरू छ ।

(ङ) भैरव अर्यालले राम्रा निबन्धहरू लेखेको छ ।

(च) हामी मिहिनेत गर्छु ।

माथिका वाक्यमा नमिलेका कुराहरू थाहा पाउनु भयो । अब तिनका बारेको स्पष्टीकरण पढ्नु होस् :

पहिलो वाक्यमा कर्ता स्त्रीलिङ्गी छ तर क्रिया पुलिङ्गी छ । त्यस्तै दोस्रो वाक्यमा कर्ता पुलिङ्गी र क्रिया स्त्रीलिङ्गी छ भने तेस्रो वाक्यमा द्वितीय पुरुष आदर रहित एक वचन कर्ता छ भने क्रिया चाहिँ द्वितीय पुरुष 'तिमी' का लागि प्रयोग हुने मध्यम आदरार्थी छ । यसै गरी चौथो वाक्यमा उद्देश्य 'पाठहरू' बहु वचन छ भने त्यसका लागि आएको 'छ' क्रिया एक वचन बोधक छ । पाँचौं वाक्यको कर्ता आदरार्थी भए पनि क्रिया आदर रहित छ । छैटौं वाक्यको कर्ता 'हामी' प्रथम पुरुष बहु वचन छ तर क्रिया प्रथम पुरुष एक वचन 'म' का लागि प्रयोग हुने खालको छ । यसरी कर्ता र क्रियाका बिच हुनु पर्ने मेल नभएकाले नै यी वाक्यहरूको सङ्गति नमिलेको हो । के तपाईंले पनि यी कुराहरू पत्ता लगाउनु भयो ? वाक्य शुद्ध वा त्रुटि रहित हुनका लागि यसरी वाक्यभित्रका विभिन्न शब्दबिच मेल हुनु पर्छ । यही मेललाई **सङ्गति** वा **पद सङ्गति** भनिन्छ । माथिका वाक्यमा नमिलेको सङ्गतिलाई मिलाएर लेख्दा तिनलाई यसरी लेख्नु पर्छ :

(क) कान्छी गई ।

(ख) सानो बाबु रोयो ।

(ग) तैंले मेरो किताब फर्काइस् ।

(घ) यस पुस्तकमा निबन्धका थुप्रै पाठहरू छन् ।

(ङ) भैरव अर्यालले राम्रा निबन्धहरू लेखेका छन् ।

(च) हामी मिहिनेत गर्छौं ।

२. **तलको कुरा पढ्नु होस् र बुझ्नु होस् :**

सङ्गति के हो भन्नेबारे थाहा पाइ सकेपछि यो कुन कुन आधारमा हुन्छ भन्नेबारे पनि थाहा पाउनु आवश्यक छ । माथिका वाक्यमा प्राय: कर्ता र क्रियाबिच लिङ्गको, वचनको, पुरुषको र आदरको सङ्गति मिलेको छैन । नेपाली भाषामा वाक्यभित्र आउने शब्दहरूका बिच यिनै चार आधार अर्थात् **लिङ्ग, वचन, पुरुष** र **आदर**का आधारमा सङ्गति आवश्यक हुन्छ ।

३. **भाषाका वाक्यमा सङ्गति हुने स्थानबारे थाहा पाउनु पनि आवश्यक छ । यसका लागि एक पटक तलको तालिका हेर्नु होस् :**

क्र. सं.	सङ्गति नमिलेका वाक्य	सङ्गति मिलेका वाक्य	सङ्गतिका स्थान
१.	बहिनी रोयो	बहिनी रोई	**कर्ता र क्रियाबिच**
२.	भाइ बिरामी छ । उनीहरू विद्यालय आउन सक्दैन ।	भाइ बिरामी छ । ऊ विद्यालय आउन सक्दैन ।	**नाम र सर्वनामबिच**
३.	हामीले सेतो हिमालहरू देख्यौं ।	हामीले सेता हिमालहरू देख्यौं ।	**विशेषण र विशेष्यबिच**
४.	उसको बहिनी बाठी छे ।	उसकी बहिनी बाठी छे ।	**भेदक र भेद्यबिच**

४. **सङ्गतिकै सन्दर्भमा वाच्यगत सङ्गतिबारे पनि स्पष्ट हुनु आवश्यक हुन्छ । तल कर्तृवाच्यबाट कर्म र भाव वाच्यमा परिवर्तन गर्दा सङ्गति कहाँ र कसरी कायम गरिएको छ ? एक पटक ध्यान दिएर पढ्नु होस् र मनन गर्नु होस् :**

क्र.सं.	कर्तृवाच्य	कर्म अथवा भाववाच्य	सङ्गतिका स्थान
१.	मैले भाइलाई पिटें ।	(मद्वारा) भाइ पिटियो ।(कर्म वाच्य)	कर्मवाच्य बनाउँदा कर्म प्रधान हुने र यस वाक्यको कर्म पुलिङ्गी भएकाले सोही अनुरूप कर्म र क्रियाबिच सङ्गति कायम गरिएको
२.	उसले बहिनीलाई पिटचो ।	(ऊद्वारा) बहिनी पिटिई । (कर्मवाच्य)	कर्मवाच्यको कर्म स्त्रीलिङ्गी भएकाले सोही अनुरूप कर्म र क्रियाबिच सङ्गति
३.	हामीले मिठा गीतहरू सुन्यौं ।	(हामीद्वारा) मिठा गीतहरू सुनिए । (कर्मवाच्य)	कर्मवाच्यको कर्म बहु वचन भएकाले सोही अनुसार कर्म र क्रियाबिच सङ्गति,
४.	हामी आज साँझै थाक्यौं ।	आज साँझै थाकियो । (भाववाच्य)	भाववाच्यमा क्रिया (भाव वा अर्थ) मात्र प्रधान हुने भएकाले कर्तृवाच्य हुँदा कर्ता जुन कुनै पुरुष र वचनको भए पनि भाववाच्यमा क्रिया सधैं तृतीय पुरुष एक वचन अनुरूप हुन्छ । त्यसैले सोही अनुरूप ४ र ५ अनि ६ र ७ का वाक्यहरूमा समान प्रकारका क्रियाहरू रहेका छन् ।
५.	म त आज साँझै थाकें ।	आज साँझै थाकियो ।	
६.	तिमी त निदाएछौ नि ।	निदाइएछ नि ।	
७.	म त निदाएछु ।	आफू त निदाइएछ ।	

अभ्यास

१. तल दिइएका वाक्यमा नमिलेको सङ्गति मिलाई तिनको पुनर्लेखन गर्नु होस् :

(क) गौरी सारै फुर्तिलो छे ।

(ख) शङ्कर गरिब केटो हुन् ।

(ग) हामीसँग प्रशस्त खाने कुराहरू छ ।

(घ) आज हाम्रो दाजु आएको छ ।

(ङ) हामीले त भनेको छु ।

(च) हाम्रा महाकवि लक्ष्मी प्रसाद देवकोटाले थुप्रै कविता लेखेको छ ।

(छ) भूपी शेरचनले 'मेरो देश' कविता लेखेको हुन् । उसलाई व्यङ्ग्य कविका रूपमा पनि चिनिन्छ ।

(ज) रामको साथीहरू रामलाई भेट्न आएका छन् ।

(झ) आजको पत्रिकामा उच्च माध्यमिक शिक्षा परिषद्को सूचना प्रकाशित भएका छन् ।

(ञ) मेरो साथी घान्द्रुक गएको छ । ऊ एक हप्ता बसेर आउँछन् ।

(ट) छुट्टी कहिले हुन्छन् हँ ?

(ठ) आउने साता हामी वनभोज जालान् ।

२. तलका कर्म र भाववाच्यका वाक्यलाई सङ्गति मिलाएर पुनर्लेखन गर्नु होस् :

(क) पुरस्कार पाइए ।

(ख) आफू त मस्त निदाइएछ ।

(ग) घरहरू बेचियो ।

(घ) घुम्न गइए ।

(ङ) हराएको सामान भेटिए ।

(च) पुस्तकालयमा राम्रा किताबहरू राखिएको छ ।

(छ) आज पारिश्रमिक पाइन्छन् ।

(ज) राम्रो मिहिनेत गरिएका छन् ।

(झ) विदेश जाने विद्यार्थीहरू ठगिएको छ ।

(ञ) राम्ररी नहिँडे लडिन्छन् ।

शब्द भण्डार

पारिभाषिक र प्राविधिक शब्द

१. तलको अनुच्छेद पढ्नु होस् :

ज्ञान विज्ञानका शाखाहरू बेग्लाबेग्लै छन् । ती विषयमा विशेष अर्थ दिने खालका शब्दहरू पनि विशेष प्रकारका छन् । त्यस्ता खास खास विषयका विशेष अर्थ दिने शब्दलाई पारिभाषिक शब्द भनिन्छ । यस्तै प्रविधिका क्षेत्रमा प्रचलित शब्द विशेषलाई प्राविधिक शब्द भनिन्छ । हामीले त्यस्ता केही महत्त्वपूर्ण र बढी प्रयोगमा आउने शब्द र तिनको अर्थ थाहा पाइ राख्नु पर्छ । ती शब्द प्रयोगको अभ्यास पनि गर्न सिक्नु पर्छ । तल त्यस्ता केही शब्द र अर्थको सूची दिइएको छ ।

कच्ची इँट– (इन्जिनियरिङ) पोलेर पक्का नबनाइएको इँट ।

कालो पत्र– (इन्जिनियरिङ) अलकत्रा लगाइएको सडकको तह, पिच ।

कुकाठ– (वन) कमसल वा कमजोर जातको काठ ।

कुपोषण– (चिकित्सा) पौष्टिक आहारको कमीका कारण हुने रोग ।

क्षेप्यास्त्र– (विज्ञान) हुत्त्याएर टाढैबाट प्रहार गरिने अस्त्र ।

जीवावशेष– (विज्ञान) पृथ्वीभित्र प्राणी वा वनस्पति लामो समयसम्म थिचिई रहँदा चट्टानका रूपमा रहेको अवशेष ।

देवानी– (कानुन) लेनदेनसँग सम्बन्धित (जस्तै : देवानी मुद्दा, देवानी अदालत) ।

निकुञ्ज– (वन) वन्य जन्तु र दुर्लभ वनस्पतिका लागि संरक्षित वन (जस्तै : चितवन राष्ट्रिय निकुञ्ज) ।

निक्षेप– (अर्थशास्त्र) बैङ्कमा धरौटी राखिएको रकम, बचत कर्ताले बैङ्कमा जम्मा गरेको धन ।

परिसंवाद– (सञ्चार) दुई वा दुईभन्दा बढी व्यक्तिबिच हुने बौद्धिक किसिमको कुराकानी (जस्तै : रेडियो परिसंवाद) ।

पाचन प्रणाली– (चिकित्सा) खाएको कुरा पचाउने शारीरिक प्रक्रिया ।

फौजदारी– (कानुन) हत्या, कुटपिट, चोरी आदिसँग सम्बन्धित (जस्तै : फौजदारी मुद्दा, फौजदारी कानुन) ।

बहिरङ्ग– (चिकित्सा) अस्पतालमा बिरामीलाई भर्ना गर्नुभन्दा पहिले बिरामीको जाँच र उपचार गर्ने कक्ष ।

बेरुजु– (अर्थशास्त्र) लेखा परीक्षणमा रुजु गर्दा नमिलेको, नियम विपरीतको (जस्तै : बेरुजु रकम, बेरुजु फर्स्यौट) ।

मुचुल्का– (कानुन) घटना वा गतिविधिबारे जान्ने बुझने व्यक्तिहरूबाट विवरण बटुल्ने काम, त्यस्तो विवरणको प्रमाण स्वरूप लिखित कागज ।

राजस्व– (अर्थशास्त्र) कर, मालपोत आदिबाट सरकारलाई प्राप्त हुने रकम ।

वारेस– (कानुन) झगडियाले आफ्नो अनुपस्थितिमा काम गर्ने अख्तियारी सुम्पिएको व्यक्ति ।

संवहन– (विज्ञान) भार वहन गर्ने काम (जस्तै : विद्युत् संवहन) ।

सरजमिन– (कानुन) घटना स्थलमा गएर देख्ने, जान्ने र सुन्नेहरूबाट वास्तविक विवरण बुझ्ने काम ।

अभ्यास

माथिका पारिभाषिक शब्दलाई अर्थ स्पष्ट हुने गरी आफ्ना वाक्यमा प्रयोग गर्नु होस् ।

बोध

तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :

खगोल विज्ञान विश्व वैज्ञानिक इतिहासमा प्राचीन विज्ञानका रूपमा स्थापित छ । अहिले खगोल विज्ञानका क्षेत्रमा धेरै महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त भइ सकेका छन् । यसतर्फको वैज्ञानिक अध्ययन अहिले ज्ञात ब्रह्माण्डीय पिण्डभन्दा पनि अज्ञात ग्रह तथा पिण्डको रहस्य खोतल्न लक्षित भएको छ । स्पष्टत: अहिलेका खगोलविद्हरू ब्रह्माण्ड निर्माणको भौतिक तथा रासायनिक प्रक्रियाको अध्ययनमा जुटेका छन् । खगोल विज्ञानको इतिहास केलाउने हो भने हामीले प्राचीन सभ्यतासम्म पुग्नै पर्दछ । उत्पत्ति कालदेखि नै मानव जातिले ग्रह तथा आकाशीय पिण्डहरूका विषयमा जानकारी राख्न गरेको प्रयासलाई खगोल अध्ययनको पहिलो प्रहर मान्न सकिन्छ । ग्रहहरूको प्रक्रिया, जलवायु वा मौसम अनि मौसमको परिवर्तन यी प्रागमानवका प्रारम्भिक जिज्ञासाहरू थिए । प्राचीन मिश्रका नागरिकहरूले प्रत्येक वर्ष बाढी आउनुपूर्व आकाशमा नक्षत्र एक निश्चित स्थितिमा हुन्छ भन्ने पत्ता लगाए । यो

पर्यवेक्षण नै प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो थियो । यो खोजपछि नै उनीहरूलाई नक्षत्रयुक्त आकाशको मानचित्र बनाउन सफलता मिल्यो । फलत: मिस्रवासीहरू यसकै आधारमा पञ्चाङ्ग निर्माण गर्न सफल पनि भए र उनीहरूले नै एक वर्षमा ३६५ दिन हुन्छ भन्ने पत्ता लगाए । सूर्य तथा चन्द्र ग्रहणको भविष्य वाणी आजको आधुनिक खगोल विज्ञानमा सहज बनि सकेको छ । प्राचीन बेबिलोन वासीहरू ग्रह तथा नक्षत्रको अध्ययन गरी सूर्य तथा चन्द्र ग्रहणको भविष्य वाणी गर्न पहिलोपल्ट सफल भएका थिए । वर्षलाई महिना, सप्ताह, दिन, घण्टा र मिनेटमा बाँड्ने प्रक्रिया पनि बेबिलोनबाटै प्रारम्भ भएको हो । उनीहरूको सोचाइ थियो– आकाश ठुलो चाल्नी जस्तै छ जसमा असङ्ख्य छिद्रहरू छन् र यिनै छिद्रहरूबाट पृथ्वीमा वर्षा हुन्छ ।

प्रश्नहरू : (क) अहिले खगोल वैज्ञानिकहरू कुन कुराको अध्ययनमा केन्द्रित छन् ?

(ख) प्रमाणयुक्त खगोल अध्ययनको पहिलो पाइलो के थियो ?

(ग) वर्षमा ३६५ दिन हुन्छ भन्ने कुरा के आधारमा पत्ता लाग्यो ?

(घ) बेबिलोनवासीहरू के कुरामा सफल भए ?

(ङ) खगोल विज्ञान, पिण्ड र पर्यवेक्षण शब्दको अर्थ लेख्नु होस् ।

अभिव्यक्ति

सूचना लेखन

१. **अभिव्यक्तिका विभिन्न रूपमध्ये सूचना लेखन पनि एक हो । कुनै खास क्षेत्रका व्यक्तिहरूलाई अथवा सामान्य नागरिकहरूलाई जानकारी दिने उद्देश्यले सार्वजनिक रूपमा प्रकाशित गरिने जानकारी वा सन्देशलाई सूचना भनिन्छ । सूचनाहरू विद्यालय, उच्च माध्यमिक विद्यालय, विश्व विद्यालय, गाविस, कुनै सरकारी निकाय अथवा सामाजिक सङ्घसंस्था र यस्ता कुनै पनि संस्था वा सङ्गठनका हुन सक्छन् । तल दिइएका नमुनाहरू हेर्नु होस् :**

नमुना १

वनभोज सम्बन्धी सूचना

काठमाडौं उपत्यकामा आई विभिन्न पेसामा संलग्न रहेका दाङ जिल्लावासीहरूका बिच सम्बन्ध र सम्पर्क कायम गर्ने तथा आपसी सहयोग आदान प्रदानलाई अगाडि बढाउने उद्देश्यले आगामी असार ५ गते **मितेरी वनभोज कार्यक्रम**को आयोजना गरिएको छ । उपत्यकामा रहेका सम्पूर्ण दाङवासी दाजुभाइ, दिदी बहिनीलाई निम्न ठेगानामा सम्पर्क गरी वनभोजका निम्ति आफ्नो नाम दर्ता गर्नु हुन अनुरोध गरिन्छ ।

सम्पर्क व्यक्तिहरू

रामेश्वर चौधरी
९८४१ ०००००

प्रतीक्षा सुवेदी
फो. नं. ४४४४४४४

आयोजक
दङाली सेवा समाज

द्रष्टव्य : कृपया जेठ मसान्तभित्रै नाम दर्ता गरि सक्नु पर्ने छ ।

नमुना २

आँखा शिविर सञ्चालन हुने सूचना

आउँदो जेठ २१ देखि २८ गतेसम्म रसुवा जिल्लाको कालिका स्थानमा
नेपाल नेत्रज्योति सङ्घ र रसुवा जिल्ला जनस्वास्थ्य कार्यालयको संयुक्त आयोजनामा
साताव्यापी आँखा शिविर सञ्चालन हुने कुरा सम्बद्ध सबैको जानकारीका लागि सूचित गरिन्छ ।
शिविरमा आँखाको सामान्य परीक्षण गर्नुका साथै मोतीविन्दुको नि:शुल्क शल्यक्रिया गरिने भएकाले
त्यस्ता बिरामीले एक जना सहयोगी समेत लिई आउनु पर्ने छ । बिरामीहरूको सजिलोका लागि
दुई दिन अगाडिदेखि नै नाम लेखाई पालोमा बस्ने व्यवस्था मिलाइएको छ ।
यस अवसरको फाइदा उठाउनु होस् र अँध्यारोबाट
उज्यालोतिर लम्कनु होस् ।

व्यवस्थापक
कालिका स्थान युवा क्लब
कालिका स्थान, रसुवा

२. **सूचना तयार पार्दा यी कुरामा ध्यान दिनु होस् :**

- सिरानमा त्यसको शीर्षक दिनु होस् ।
- तलको पाठमा सूचनाद्वारा जानकारी दिनु पर्ने मुख्य कुराहरू नछुट्ने गरी उल्लेख गर्नु होस् ।
- पाठ धेरै लामो नबनाउनु होस् ।
- अन्त्यमा सूचना जारी गर्ने व्यक्ति संस्था/निकायको नाम र ठेगाना उल्लेख गर्नु होस् ।

अभ्यास

माथिका नमुना हेर्नु होस् र निम्न अनुसारका सूचनाका नमुना तयार पार्नु होस् :

(अ) वार्षिक रूपमा कलेजद्वारा आयोजना गरिने कविता प्रतियोगितामा कविता पठाउनका लागि इच्छुक विद्यार्थीहरूलाई सूचना ।

(आ) हावाहुरीका कारण बिग्रेका लाइन बनाउनु पर्ने हुँदा विद्युत् आपूर्ति एक हप्तासम्म बन्द हुने भन्ने नेपाल विद्युत् प्राधिकरणको सूचना ।

•

पाठ : तेह्र

शत्रु

✍ विश्वेश्वर प्रसाद कोइराला

समाजमा राम्रा र नराम्रा सबै खाले मान्छेहरू हुन्छन् । सज्जनले दुर्जनलाई, साधुले चोरलाई राम्रो नमान्नु स्वाभाविक हो, तर सज्जनले साधुलाई पनि राम्रो नठान्न सक्छ अर्थात् असल मान्छेलाई पनि सबैले मन पराउँछन् भन्ने छैन । महाभारतका अजात शत्रु भनिने युधिष्ठिरलाई पनि दुर्योधनहरूले शत्रु ठाने । यथार्थमा मानिस 'अजात शत्रु' हुन्छन् भन्ने कल्पना गर्नु व्यावहारिक हुँदैन । कहिले काहीं आफ्नो परिवेश, वातारण तथा घटना विशेषले मानिसलाई गम्भीर असर पार्न सक्छ । एउटा सामान्य घटना पनि असामान्य र रहस्यमय बन्न सक्छ । यस्तै एउटा घटनाले गर्दा आफूलाई 'अजात शत्रु' ठान्ने कृष्ण रायले किन सबैलाई शत्रु ठान्न पुग्यो ? यस कुरालाई 'शत्रु' कथाले कसरी पुष्टि गरेको छ, पढ्नु होस् ।

'आँखामा राखे पनि नबिझाउने' भन्ने उखान कसैका निमित्त उपयुक्त हुन्थ्यो भने कृष्ण रायको निमित्त हुन्थ्यो । ४५ वर्षका कृष्ण राय गाउँका सबभन्दा भद्र मानिस थिए । तिनले यता १०–१२ वर्षदेखि गाउँभन्दा बाहिर पाइलो राखेका थिएनन् । यसैबाट तिनको शान्त स्वभावको परिचय हुन्छ । कसैलाई कर्जा दिनु तिनी आफ्नो सिद्धान्तको विरुद्ध ठान्थे । तिनका मत अनुसार कर्जामा गएको रुपियाँ आफू आउँदा झगडा बोकी ल्याउँछ तर दुख परेको बखतमा 'राजद्वारे श्मशाने च' तिनी गाउँलेको सहायतामा प्रस्तुत रहन्थे । जनक कुमारीको एक्लो छोरो मर्दा जनक कुमारीको पिरभन्दा तिनको सान्त्वनाले त्यहाँ भएका मान्छेहरूको आँखामा आँसु ल्यायो । गाउँलेहरूमा झगडा पऱ्यो भने तिनी नै मध्यस्थ हुन्थे । तिनले गरेको फैसलाले कोही पनि असन्तुष्ट भएको देखिँदैनथ्यो । आफ्नो घरबाट तिनी कम निस्कन्थे र निस्केको दिन कि त कसैकहाँ मृत्यु भएछ कि झगडा भएछ भनी ठान्नु पर्थ्यो; सडकमा सब जना अदबसँग तिनको अभिवादन गर्थे ।

कृष्ण रायलाई सब प्रकारको सुख थियो– धनको, यशको र सम्मानको । तिनका सन्तान थिएनन् तर यस अभावलाई तिनले आफ्नो एउटा टाढाको भतिजोलाई पाली पूर्ति गरेका थिए ।

एक रात तिनी खाई पिई सुत्ने यत्न गरि रहेका थिए । तिनका मनमा धेरै प्रकारका विचार आउन थाले । तिनको जीवन कसैले असफल भन्न सक्तैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए । रुपियाँ जम्मा गर्दा अरूहरूले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन् । तिनको कोही वैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइ रहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहार कर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि– यो छुट्टचाउन गाहारो थियो ।

कृष्ण राय जुरमुरिँदै उठे; तबसम्म आक्रमणकारी भागि सकेको थियो । 'मलाई कसले यसरी आक्रमण गऱ्यो होला ?' तिनी विचार गर्न थाले । 'यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।' कृष्ण रायलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन, सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो; तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रा त भ्रम हुन सक्तैन । कृष्ण रायले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गम्न थाले– "को मेरो शत्रु हुन सक्छ ?"

धेरै घोरिँदा तिनलाई यस रहस्यको सुइँको पाएको जस्तो लाग्यो । आजै बिहान एउटा काम बिगार्दा रामे भन्ने नोकरमाथि तिनी रिसाएका थिए । नोकरको के ठेगान, झाँक उठ्यो होला र मालिकलाई हान्न हिँड्यो होला । नोकरसित झर्क्दा तिनले उसको मुख रातो भएको देखेका थिए । उनलाई के थाहा; रिसले रातो भएको रहेछ तर ऊ केही अचाक्ली गरी रिसाएको थिएन । यत्रो पुरानो नोकरले त्यति हप्की पाउँदा मालिकलाई मार्न नहिँड्नु पर्ने । रामेले योभन्दा ठुलो ठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नु पर्ने । तर मनुष्यको स्वभाव कसले जान्न सक्छ र ? रामे नभए अरू को मेरो शत्रु होला ? हो न हो, यो रामेको काम हैन बलभद्रको काम हो । कारण, अस्ति हिसाब गोलमाल गरेर मालिकलाई ठग्न खोज्दा कृष्ण रायले तिनलाई फेला पारी लज्जित पारेका थिए । आखिर बलभद्रको समाजमा आदर थियो, गाउँलेहरू तिनलाई इज्जत गर्थे । कृष्ण रायले तिनलाई बेइज्जती गरेको तिनले सहन सकेनन् होला र आज राति बदला लिन आएका होलान् । कृष्ण राय विचार गर्दै थिए । अस्तिको नोकरी खोज्दै आएको युवकको ध्यान तिनलाई आउन थाल्यो । बिचरा खान नपाएर तिनकहाँ आएको थियो, काममा लाउन छोडेर तिनले उसलाई उपदेश दिन थाले । कुरामा कुरा चल्दा कृष्ण रायले उसलाई अप्रिय शब्द भने; त्यस युवकले यो निश्चय नै मन पराएन होला । त्यो बडो स्वाभिमानी होला जस्तो थियो, त्यस्तालाई कठोर शब्द असाध्य बिज्झ्छ र धेरै दिनसम्म झ्ख लिइ रहन्छन् । कृष्ण रायको एउटा अत्यन्त नराम्रो बानी छ । आफूलाई अकलुषित र दुर्गुण रहित भनी ठान्ने कृष्ण रायलाई आफ्नो एउटा ठुलो दोषको सम्झना भयो । समय असमयमा तिनी अर्कालाई आदेश र सल्लाह दिइ रहन्छन् । नाहक कृष्ण राय यस दुर्गुणलाई गुण ठानेर अङ्कमाल गरि रहेका थिए ।

कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो; गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे । यसैले पनि तिनको गाउँमा धेरै सम्मान थियो तर निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो होला । एक दिनको घटना उदाहरण स्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलि आएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैं ती झगडियाहरूलाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ, आपस्तमा मिल, खाऊ पिऊ र ईश्वरको भजन गर । यति उपदेशमै तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै पनि झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनु पऱ्यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् । फेरि एउटा मास्टर र कैयाँको झगडामा न्याय कैयाँको पक्षमा हुँदा मास्टरले रिसाएर भनेको थियो– "हेर्नु होस् कृष्ण रायजी, फैसलालाई त म आफ्नो शिरमा राख्छु तर कैयाँ कैयाँ नै हुन्, काम लाग्ने छैनन् ।" एउटा झगडामा सबभन्दा निर्दोष काम हो त्यो झगडाको मध्यस्थ हुनु तर कुनै पनि मध्यस्थ दुबै पक्षको समर्थक हुन सक्तैन । मध्यस्थले एउटा न एउटाको शत्रु हुनै पर्छ– कृष्ण रायले बिउँझे झैं यो ज्ञान आर्जन गरे ।

विचार गर्दागर्दै कृष्ण रायले रेलको डब्बामा भएको झगडा सम्झे; हाटमा तिनीद्वारा धक्का खाई लडेको एउटा मान्छेलाई सम्झे; तिनले निकालि दिएका नोकरहरूलाई सम्झे; गरिब तर ईर्ष्यालु दाजुभाइलाई सम्झे; जो

तिनको उन्नति देखि सहँदैनथे । अरूको त के कुरा, आफ्नै पोष्यपुत्रमाथि पनि उनलाई भरोसा थिएन । चाँडै नै सम्पत्तिको मालिक हुन उसले जे पनि गर्न सक्छ, आखिर आफैले जन्माएको छोरो त...!

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बड्ड लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानें, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी बनाउने साधन लुकि रहेको देखिन्छ !

भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो– "तपाईंलाई कसैमाथि शङ्का छ ?"

कृष्ण रायले गम्भीर भएर उत्तर दिए– "रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली...।"

कथाकार परिचय

विश्वेश्वर प्रसाद कोइराला (वि.सं. १९७१–२०३९) ले आधुनिक नेपाली कथाको परम्परामा मानिसका मनका केस्रा केस्रा केलाउने मनोवैज्ञानिक धाराको थालनी गरेका हुन् । उनले आजीवन नेपालको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरि रहे पनि कथा, उपन्यास र आत्मकथा जस्ता विधाका कृतिहरू रची साहित्यकारका रूपमा विशेष ख्याति कमाए । विशेषत: युगीन सामाजिक पृष्ठभूमिमा मान्छेका थरी थरीका मनोदशाको चिरफार गरी मानवीय व्यवहारको उद्घाटन गर्नु उनका कथाको खास विशेषता हो । उनका प्रकाशित कथा सङ्ग्रह **दोषी चस्मा** र **श्वेत भैरवी** हुन् । 'शत्रु' उनले रचेको एक प्रसिद्ध कथा हो ।

शब्दार्थ

१. **तलका शब्दहरूको अर्थ बुझ्नु होस् :**

भद्र– सभ्य, शिष्ट, राम्रो, असल
सिद्धान्त– विचार, तर्क र अनुभवद्वारा स्थापित मत, अनुसन्धान र अनुभवका साथै तर्क र प्रमाणबाट सिद्ध वा प्रमाणित हुन पुगेको विचार, सारतत्त्व
मध्यस्थ– कसैको पक्षमा नलाग्ने, तटस्थ
अदब– आफूभन्दा ठुला बडा वा मान्य जनप्रतिको आदर भाव, मर्यादायुक्त शिष्ट एवम् नम्र आचरण
यत्न– प्रयास
तन्द्रा– निदाउनुभन्दा पहिलेको अवस्था, मनमा कुरा खेल्दै गरेको अवस्था
सुइँको– पत्तो
झटनी– हप्काउने वा झाँट्ने काम
हप्की– हप्काउने काम, खप्की
अकलुषित– कुनै प्रकारको खराब भावना नभएको, स्वच्छ
नाहक– कुनै मतलबविना, बिनसित्ति
आपस्त– आफन्त
कैयाँ– प्राय: व्यापारको काम गर्ने एक वर्ग वा जाति
पोष्यपुत्र– छोरा समान गरी पालन पोषण गरिएको व्यक्ति, धर्मपुत्र

२. **कथा पढी तलका शब्दहरूको अर्थ आफै पत्ता लगाउनु होस् :**

रैती, अप्रिय, प्रहार कर्ता, स्वाभिमानी, तन्द्रावस्था, ईर्ष्यालु, अचाक्ली, भरोसा ।

३. **विपरीतार्थक शब्दका जोडा मिलाउनु होस् :**

उपयुक्त	प्रत्याक्रमण
भद्र	सद्गुण
यश	अनुपयुक्त
मित्र	हानि
आक्रमण	विरोधी
दुर्गुण	शत्रु
लाभ	अवनति
पक्ष	चञ्चल
समर्थक	विपक्ष
उन्नति	अपयश

४. **तलका उखान र पदावलीको आशय स्पष्ट पार्नु होस् :**

आँखामा राखे पनि नबिझाउने	बाप बैर साध्नु
भद्र मानिस	पाइलो राख्नु
तन्द्रावस्थाको भ्रम	सुईंको पाउनु
मुख रातो हुनु	इख लिनु
अङ्कमाल गर्नु	शिरमा राख्नु

पठन बोध

१. **तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

घटनालाई बिर्सने प्रयत्न गर्दै कृष्ण राय निदाउने निहुँले बिछ्यौनामा बङ्ङ लडे । शत्रुताको पनि कस्तो व्यापक सम्बन्ध रहेछ ? दुनियाँमा कोही पनि मित्र हुँदैनन् सबै शत्रु, सबै वैरी नै हुन्छन् । कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानें, अकारण कोही कसैको शत्रु हुँदैन, तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन्, तर जतिसँग गरे सबैलाई तिनीसँग 'बाप वैर साध्ने' कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी बनाउने साधन लुकि रहेको देखिन्छ !

प्रश्नहरू

(क) कृष्ण रायलाई सबै शत्रु हुन्छन् भन्ने किन लागेको हो ?

(ख) शत्रु हुनका लागि के चाहिन्छ ?

(ग) कृष्ण रायले शत्रुका सम्बन्धमा कस्तो दृष्टिकोण लिएका छन् ?

(घ) 'निर्दोष कुरामा पनि विषालु साँप जस्तो वैरी बनाउने साधन लुकि रहेको देखिन्छ' भन्नुको तात्पर्य के हो ?

(ङ) उपर्युक्त अनुच्छेदमा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

अभ्यास

१. आफ्ना कुनै शत्रु छैनन् भनी सन्तोष लिने कृष्ण रायले आक्रमणको घटनापछि आफूमा कस्तो दुर्गुण रहेको निचोड निकाले ?

२. 'शत्रु' कथाका कृष्ण रायमा के कस्ता चारित्रिक विशेषता पाइन्छन् ? पहिलो, दोस्रो र तेस्रो अनुच्छेदका आधारमा टिप्पणी गर्नु होस् ।

३. शत्रु हुँदै नभएको मान्छे हुन्छ कि हुँदैन, निष्कर्ष दिनु होस् ।

४. 'दुनियाँमा कोही पनि मित्र हुँदैनन्, सबै शत्रु सबै वैरी नै हुन्छन्' । यस भनाइप्रति तपाईंको प्रतिक्रिया लेख्नु होस् ।

व्याकरण

सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग

तलका तिन समूहका वाक्य पढ्नु होस् र तिनको बनोट वा संरचना चिन्नु होस् :

समूह एक : कृष्ण राय फ्रस्किए । कृष्ण रायलाई सब प्रकारको सुख थियो । आफूलाई अजात शत्रु ठान्ने कृष्ण रायका धेरै शत्रु रहेछन् ।

समूह दुई : रामेले योभन्दा ठुलो ठुलो गाली सहेको थियो र आजको झटनीले त्यसको धैर्यको अन्त नगर्नु पर्ने हो ।

समूह तिन : उनले ती दाजुभाइहरूलाई सम्झे जो तिनको उन्नति देखि सहँदैनथे ।

- माथि 'समूह एक' मा तिन वटा वाक्य छन् । ती वाक्यमध्ये सुरुको वाक्यमा एउटा उद्देश्य (कर्ता) र एउटा विधेय (समापिका क्रिया) मात्र छन् । यस्तो एउटा मात्र उद्देश्य र विधेयबाट बनेको वाक्य सरल वाक्य हो ।
- त्यसै गरी पछिल्ला दुई वाक्यमध्ये पहिलो वाक्यमा विधेय (क्रिया) को मात्र विस्तार छ भने पछिल्लो वाक्यमा उद्देश्य (कर्ता) र विधेय दुबैको विस्तार छ; एउटा मात्र समापिका क्रिया भएकाले ती पनि सरल वाक्य नै हुन् ।
- माथि 'समूह दुई' मा एउटा वाक्य दिइएको छ र त्यो वाक्य र संयोजकद्वारा गाँसिएका दुई वटा समान महत्त्वका तथा स्वतन्त्र किसिमका सरल वाक्यबाट बनेको छ । यस्तो वाक्यलाई संयुक्त वाक्य भनिन्छ । यस्ता वाक्यहरू र, अनि, तर, पनि....पनि, एवम्, तापनि, तैपनि, अथवा, या, अन्यथा, तथा, किन्तु, परन्तु, वा, कि, न जस्ता संयोजकद्वारा गाँसेर निर्माण गरिन्छन् ।
- माथि 'समूह तिन' मा 'उनले दाजुभाइहरूलाई सम्झे' भन्ने मुख्य उपवाक्यमा 'तिनको उन्नति देखि सहँदैनथे' भन्ने अधीन उपवाक्य 'ती–जो' जस्ता संयोजकले जोडेर बनेको वाक्य छ । यस्ता 'ती–जो', जस्ता संयोजकद्वारा मुख्य उपवाक्य र अधीन उपवाक्यलाई जोडेर बनाइएका वाक्यलाई मिश्र वाक्य भनिन्छ ।

अभ्यास

१. 'शत्रु' कथाको पहिलो अनुच्छेदबाट सरल वाक्यहरू खोज्नु होस् ।

२. 'शत्रु' कथाको छैटौँ अनुच्छेदमा परेका संयुक्त वाक्यहरू चिन्नु होस् र तिनको टिपोट गर्नु होस् ।

३. भनी, भनेर, चाहे, यद्यपि संयोजक राखी एक एक मिश्र वाक्य बनाउनु होस् ।

४. एउटा उद्देश्य र एउटा विधेय भएका पाँच वटा सरल वाक्य लेख्नु होस् ।

५. उद्देश्य विस्तार र विधेय विस्तार गरिएका दुई दुई वटा सरल वाक्य लेख्नु होस् ।

६. र, अनि, तर, तथा, कि, न, र, तापनि संयोजकको प्रयोग गरी एक एक संयुक्त वाक्यको रचना गर्नु होस् ।

७. भन्ने, जब–तब, कुन–जुन, जे–त्यो, जहाँ–त्यहाँ र जस्तो–त्यस्तो संयोजकहरूको प्रयोग गरी एक एक वटा मिश्र वाक्य निर्माण गर्नु होस् ।

बोध

तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् :

लोकतन्त्रमा सूचनाका माध्यमहरूको व्यवस्थापन कसले र कसरी गर्ने भन्ने विषयमा खास सैद्धान्तिक विवाद छैन तर व्यावहारिक प्रयोगमा भने विभिन्नता पाइएका छन् । लोकतान्त्रिक देशहरूमा समेत प्रसारण माध्यमहरूको व्यवस्थापन सरकारका तर्फबाट हुने परिपाटी अझै पनि नभएको होइन तर छापा माध्यम भने प्राय: सरकारद्वारा सञ्चालित हुने गर्दैनन् । नेपालमा भने अहिले पनि छापा माध्यम सरकारले चलाइ रहेको छ । लोकतन्त्रको पुन:स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी नियन्त्रणात्मक र निर्देशनमुखी थियो । अपेक्षाकृत स्वतन्त्र रूपमा सूचना दिन खोज्ने निजी क्षेत्रका माध्यमहरू समेत सरकारका तर्फबाट बारम्बार प्रताडित र प्रतिबन्धित हुने अवस्था थियो । लोकतन्त्रको स्थापनाले यस परिपाटीमा व्यापक र आधारभूत परिवर्तन ल्यायो । परिणाम स्वरूप निजी क्षेत्रका सञ्चार माध्यमहरूमाथिको नियन्त्रित परिपाटी समाप्त गरे पनि सरकारी संस्थाहरूबाट सूचनाको प्रवाह गर्ने परिपाटीमा अपेक्षा गरे अनुसारको गुणात्मक परिवर्तन भने आउन सकेको देखिँदैन । जे जति परिवर्तन देखिन्छ त्यो व्यवस्थित र वैज्ञानिक सुधारका कारण नभएर व्यापक राजनीतिक परिवर्तनका कारण हुन पुगेको स्वाभाविक परिणाम जस्तो मात्रै अनुभव हुन्छ ।

प्रश्नहरू

(क) लोकतन्त्रमा सञ्चार माध्यमको व्यवस्थापन कसरी गर्नु उपयुक्त हुन्छ ?

(ख) लोकतन्त्रको पुन:स्थापना हुनुभन्दा पहिले सूचना प्रवाहको परिपाटी कस्तो थियो ?

(ग) लोकतन्त्रले सञ्चार क्षेत्रमा कस्तो परिवर्तन ल्यायो ?

(घ) नेपालमा सरकारी स्तरबाट के कस्ता सञ्चार माध्यमहरू सञ्चालित छन् ?

(ङ) 'प्रसारण माध्यम' र 'छापा माध्यम' को अर्थ के हो ?

शब्द भण्डार

पारिभाषिक शब्द तथा शब्दावली

तल सञ्चार क्षेत्रसँग सम्बद्ध पारिभाषिक शब्द तथा शब्दावली दिइएका छन्; तिनको अर्थ बुझ्नु होस् :

सूचना प्रणाली	प्रकाशन	पत्रकारिता
सञ्चार नीति	प्रसारण	प्रेस स्वतन्त्रता
पत्रकार	सम्पादक	सूचनाको स्रोत
सूचनाको हक	प्रकाशक	सञ्चार कर्मी
श्रव्य सञ्चार माध्यम	संवाद दाता	प्रकाशन गृह
दृश्य सञ्चार माध्यम	सम्पादकीय	पाक्षिक प्रकाशन
पाठ्य सञ्चार माध्यम	स्तम्भ	दैनिक प्रकाशन
संवाद	स्तम्भकार	मासिक प्रकाशन
दूर सञ्चार	मुखपृष्ठ	साप्ताहिक प्रकाशन
परिशिष्टाङ्क	आवरण पृष्ठ	प्रतिलिपि अधिकार

अभिव्यक्ति

टिप्पणी लेखन

१. तल 'सवारी दुर्घटना' विषयमा लेखिएको टिप्पणी लेखनको एक नमुना दिइएको छ; पढ्नु होस् :

सवारी दुर्घटना

यात्रीहरू लिएर हिँडेको सवारी साधन अकस्मात् क्षति भई जनधनको हानि नोक्सानी हुनुलाई सवारी दुर्घटना भनिन्छ । हिजोआज हरेक हप्ताजसो सञ्चार माध्यममा सवारी दुर्घटनाका समाचारहरू आउने गर्छन् । दुर्घटनामा यति जनाको घटना स्थलमा, यति जनाको उपचारार्थ अस्पताल लाँदालाँदै बाटामा र यतिको उपचार हुँदाहुँदै अस्पतालमा मृत्यु भयो भन्ने दुखद समाचार सुनिन्छ । घाइते र अपाङ्ग भएको समाचार पनि त्यतिकै आउँछ । यस्ता दुर्घटनासँगै बाटो बन्द, घेराउ, चालक तथा खलासीमाथि कुटपिट, नारा जुलुस आदिका समाचार र त्यसको कारणले सर्व साधारणलाई कष्ट र हैरानी भइ रहेको हुन्छ ।

वास्तवमा सवारी दुर्घटना कसरी र किन हुन्छ, यस कुरालाई गम्भीरतासाथ सोच्नु पर्ने भएको छ । सहरी क्षेत्रमा सवारी साधनको अत्यधिक चाप छ । साँगुरा सडक, सवारी साधनको तीव्र गति, बाटो काट्ने पदयात्रीहरूको असावधानी, ट्राफिक नियमको अज्ञानता र ज्ञान भए पनि बेवास्ता आदि कारणले सहरी क्षेत्रमा सवारी दुर्घटना हुने गरेका छन् भने राजमार्गमा चल्ने सवारी साधनको छतमा समेत यात्रुहरू राख्ने प्रवृत्ति, चालकको लापरबाही, मदिरा सेवन र यात्रु चढाउन सवारी साधनहरूको तँछाडमछाड गर्ने प्रवृत्ति पनि त्यत्तिकै जिम्मेवार बनेको छ । राजमार्गमा चल्ने कतिपय सवारी साधनमा सिकारु चालकले तालिमको मौका पाउँछन्, फलत: यसबाट पनि दुर्घटना हुने गर्छ भन्ने समाचार सुनिन्छ । कारण अरू पनि होलान् तर यस्ता सामान्य गल्तीले अनमोल जीवन गुम्ने, बाँचे पनि अपाङ्ग बन्ने, दुख पाउने साथै यही कारणले हुने बन्द, घेराउ, गाडी तोडफोड, चालकमाथि कुटपिट तथा सवारी साधनमाथि आगजनी जस्ता कार्य कसैका लागि पनि प्रिय होइनन् ।

यातायातका साधनको सञ्चालन आम जनताको सुविधाका निम्ति गरिन्छ । यसलाई व्यवस्थित, नियमित र सुरक्षित बनाउनु पर्छ । यसका निम्ति चालक, यात्रु र ट्राफिक प्रहरीले ध्यान पुऱ्याए मात्र पनि दुर्घटनाको मात्रा कम हुन सक्छ । तत्काल बाटो चौडा, राम्रो र सुरक्षित गर्न नसकिएला तर मदिरा सेवन, यात्रुको कोचाकोच, जथाभावी बाटो काट्ने प्रवृत्ति आदिलाई घटाउन नसकिने होइन । राम्रो तालिम प्राप्त कुशल चालकले मात्र गाडी चलाउने गरेमा र कहाँ कुन गतिले गाडी चलाउनु सुरक्षित हुन्छ भन्ने विवेकपूर्ण सोचाइ राखेर चलाएमा निश्चय नै दुर्घटनाको मात्रा घट्न सक्छ । यसप्रति सवारी चालक, यात्रु र सवारीलाई व्यवस्थित गर्ने ट्राफिक प्रहरी वर्गले समेत ध्यान दिनु जरुरी छ ।

२. टिप्पणी भनेको के हो ? थाहा पाउनु होस् :

कुनै समसामयिक महत्त्वपूर्ण समस्या, घटना वा विषयका बारेमा प्रकाश पारी लेखिने खँदिलो लेखाइलाई टिप्पणी भनिन्छ । यो समसामयिक जल्दाबल्दा समस्या, घटना वा विषयमा लेखिने त्यस्तो लेख हो जसमा सम्बन्धित समस्या, घटना वा विषयको सङ्क्षिप्त परिचय दिई त्यसका असर/प्रभाव/विशेषता आदिको विवेचना सहित आफ्नो ठोस सुझाउ पनि प्रस्तुत गरिएको हुन्छ ।

३. टिप्पणी लेख्दा ध्यान दिनु पर्ने मुख्य कुरा बुझ्नु होस् :

(क) टिप्पणी कुनै एक शीर्षकमा लेखिन्छ, त्यसैले जुन शीर्षकमा टिप्पणी लेख्नु पर्ने हो, सो शीर्षक उल्लेख गर्नु पर्दछ ।

(ख) टिप्पणी लेखनका मुख्य तिन भाग हुन्छन्– आदि भाग, मध्य भाग र अन्त्य भाग । यसको आदि भागमा सम्बन्धित विषय वा शीर्षकको परिचय दिनु पर्दछ । यसको शीर्षक समस्यामूलक हुने हुँदा आदि भागमै

त्यसलाई एक समस्याका रूपमा चिनाउनु पर्दछ । मध्य भागमा शीर्षकका बारेमा खँदिलो व्याख्या गरी त्यसले सङ्केत गरेको समस्याले पार्ने प्रभावको प्रस्तुति प्रभावकारी ढङ्गमा गर्नु पर्दछ । अन्त्य भागमा निचोडका रूपमा सबै कुरा झल्काई आफ्नो राय पनि प्रकट गर्नु पर्दछ । समस्यामूलक शीर्षक भए त्यसको समाधानको उपाय पनि अन्त्य भागमा बताउनु पर्दछ ।

अभ्यास

तलका शीर्षकहरूमा १५० शब्दमा सीमित रही टिप्पणी लेख्नु होस् :

(क) सिपमूलक तथा व्यावसायिक शिक्षाको औचित्य

(ख) लोकतन्त्र र अनुशासन

(ग) वैदेशिक रोजगारीप्रतिको आकर्षण ।

सम्पादकलाई चिठी : नमुना र अभ्यास

१. तल सम्पादकलाई लेखिएको चिठीको एक नमुना दिइएको छ; पढ्नु होस् :

मिति : २०६७।१।१०

श्री सम्पादकज्यू,
गोरखा पत्र संस्थान
धर्मपथ, काठमाडौँ ।

महोदय,

गोरखा पत्रका हालसालैका अङ्कहरूमा फेरि पनि मुलुकमा देखा परेका राजनीतिक समस्याहरूको समाधान खोज्ने निहुँमा केही राजनीतिक दलहरूले नेपाल बन्दको आह्वान गर्न थालेको खबर छापिएको पढ्न पाउँदा हामी विद्यार्थीहरू अत्यन्त मर्माहत भएका छौँ । विगतको ऐतिहासिक जन आन्दोलन र लोकतन्त्रको स्थापनापछि अब कुनै पनि समस्याको निराकरणका निम्ति देशका सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिहरू एकै ठाउँमा बसी आपसमा छलफल गर्छन् र सबैलाई स्वीकार्य हुने गरी समस्याको उचित समाधान निकाल्छन् भन्ने हाम्रो सपना थियो । तर यस्तो पद्धति र प्रक्रियाको बेवास्ता गरी फेरि पनि बन्द हडताल जस्ता दबाबमूलक गतिविधि मार्फत आफ्ना मागहरू पुरा गराउने बाटो रोज्न थालिएको छ । यदि यस खालको पद्धति र परिपाटीलाई प्रोत्साहित गर्दै गयौँ भने हामीले चाहेको नयाँ नेपाल र सच्चा लोकतान्त्रिक संस्कृतिको निर्माण हुन सक्ला ? त्यसैले यस विषयमा मुलुकका सबै राजनीतिक दलहरू बेलैमा सचेत एवम् जागरूक भई पारस्परिक छलफलद्वारा कुनै पनि समस्याको समाधान निकाल्ने संस्कृतिको निर्माणमा लाग्न यस पत्रिका मार्फत सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछु र यस्तो लोकतान्त्रिक अभ्यासबाट मात्रै शान्त वातावरणमा पढ्न पाउने विद्यार्थीहरूको मौलिक अधिकार सुरक्षित हुनेतर्फ पनि सम्बद्ध सबैको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद !

भवदीय
चन्द्र बहादुर थेबे
सुभाङ– ४, पाँचथर

२. माथि तपाईंले सम्पादकलाई लेखेको चिठी पढ्नु भयो । सम्पादकलाई चिठी किन लेखिन्छ र यस्तो चिठी लेख्दा जानि राख्नु पर्ने कुराहरू के के हुन् भन्नेबारे पनि मनन गर्नु होस् :

कुनै पनि समसामयिक विषयमा प्रबुद्ध समाजको ध्यानाकर्षण गराउने एउटा सजिलो माध्यम सम्पादकलाई चिठी पनि हो । पत्र पत्रिकामा छापिएका सामग्रीहरूका विषयमा आफ्नो सहमति वा असहमति व्यक्त गर्ने र त्यस्ता सामग्रीहरू भ्रमात्मक छन् भने तथ्य सहित तिनको खण्डन गरी सत्यतथ्यको जानकारी दिने प्रयोजनका निम्ति पनि सम्पादकलाई चिठी लेखिन्छ । समाजसँग सम्बन्धित कुनै पनि समस्यालाई उजागर गर्नका निम्ति पनि सम्पादकलाई चिठी लेख्ने गरिन्छ । सम्बद्ध विषयमा समाजको ध्यानाकर्षण गराउने यस्तो चिठी लेख्दा निम्न कुराहरूमा ध्यान दिनु पर्छ :

(क) चिठीको बेहोरा सङ्क्षिप्त एवम् पाठकलाई प्रभाव पार्ने खालको हुनु पर्छ,

(ख) चिठीमा लेखिने कुराहरू तर्कपूर्ण एवम् सत्यतथ्यमा आधारित हुनु पर्छ,

(ग) पत्रिकामा प्रकाशित सामग्रीलाई लिएर आफ्ना प्रतिक्रिया वा असहमति व्यक्त गर्ने उद्देश्यले लेखिएको हो भने यस्तो चिठी आक्षेपात्मक एवम् आक्रामक नभई शिष्ट, मर्यादित एवम् सुपाच्य हुनु पर्छ,

(घ) यस्तो चिठी लेख्दा अनावश्यक गन्थन नहोस्, भाषाशैली अस्पष्ट एवम् अमूर्त नहोस् भन्ने कुरामा सजग हुनु पर्छ,

(ङ) सम्पादकलाई चिठी लेख्दा सम्बोधन, विषय वस्तुको प्रस्तुति तथा समापनको क्रमबद्ध ढाँचाप्रति पनि सचेत हुनु पर्छ ।

अभ्यास

१. तपाईंका गाउँघरमा खानेपानीको उचित प्रबन्ध हुन नसक्दा त्यसबाट पैदा भएका समस्यातर्फ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउनका निम्ति स्थानीय पत्रिकाका सम्पादकलाई चिठी लेख्नु होस् ।

२. उच्च माध्यमिक विद्यालयहरूले निकट भविष्यमा शिक्षण शुल्क वृद्धि गर्नेबारे पत्र पत्रिकामा आएका समाचारलाई विषय बनाई सम्पादकलाई चिठी लेख्नु होस् ।

३. तपाईंले नियमित रूपमा पढ्ने गरेको राष्ट्रिय वा स्थानीय स्तरको पत्रिकामा छापिएको कुनै सामग्रीका सम्बन्धमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दै सम्पादकलाई चिठी लेख्नु होस् ।

•

पाठ : चौध

एक चिहान : सत्र-एकतिस परिच्छेद

✍ हृदय चन्द्र सिंह प्रधान

कोही भन्छन्– "मनुष्यले नै मनुष्यका बाटामा काँडा छर्छ ।" कोही भन्छन्– "एक थरी मान्छेलाई समाजमा विद्यमान पश्चगामी सोचाइले पिरोल्छ भने अर्का थरी मान्छेलाई समाजमा भित्रिन लागेको अग्रगामी प्रगतिशील विचारले चिन्ताग्रस्त पार्छ ।" अर्का थरी भन्छन् – "मनुष्यबाट नै मनुष्य पीडित र आहत हुन्छ भन्नु सत्यको एउटा पाटो अवश्य हो तर प्रकृतिको विनाशकारी लीलाले पनि मान्छेलाई चिहानमा पुरि दिन्छ र यो प्राकृतिक सत्य मनुष्यले अचानक बेहोर्नु पर्ने दुर्भाग्य हो ।" जीवनमा सङ्कटका यस्ता क्षणसँग मान्छेको जम्काभेट भइ रहन्छ । 'एक चिहान' उपन्यासका शिव नारान र उनको परिवारका सदस्यहरूले पनि आफ्ना जीवनमा मानव सृजित र प्रकृतिजन्य दुबै थरी सङ्कट बेहोरेका छन् । तिनले कस्ता कस्ता स्वार्थी र ठेली मान्छेको सामना गर्नु पऱ्यो ? तिनले कस्तो आदर्श जीवनको निर्माण गर्ने सपना देखेका थिए र तिनले कस्तो दुर्भाग्य बेहोर्नु पऱ्यो ? यी सबै कुरा थाहा पाउन 'एक चिहान' उपन्यासका सत्रदेखि एकतिससम्मका परिच्छेदहरू पढ्नु होस् ।

पठन बोध

१. **'एक चिहान' उपन्यासका निर्धारित परिच्छेद पढी तलका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् :**

(क) **एक चिहान**का सत्रौं परिच्छेदमा सहभागी पात्रहरू को को छन् र तिनका बिचमा के नाता रहेको छ ?

(ख) अठारौं परिच्छेदको एउटा मुख्य घटना नानीथकुँ डाक्टर गोदत्त प्रसादको उपचार कक्षमा जानु हो भने थप अरू तिन घटना के के हुन् ?

(ग) उन्नाइसौं परिच्छेदमा रञ्जना देवीले केरकार गर्दा र हप्काउँदा गोदत्त प्रसादले जनाएको एउटा प्रतिक्रिया 'मुसुक्क हाँस्नु' हो भने उसले जनाएका थप अरू पाँच वटा प्रतिक्रिया के के हुन् ?

(घ) बिसौं र एक्काइसौं परिच्छेदमा भेटिने रञ्जना देवी र नानीथकुँका भिन्न चारित्रिक विशेषताहरूको सूची बनाउनु होस् (जस्तै : रञ्जना देवी : विवाहित, नानीथकुँ : अविवाहित) ।

(ङ) चौबिसौं परिच्छेद अनुसार सुरमान र राम बहादुर कस्ता पात्र हुन् ?

(च) छब्बिसौं परिच्छेदमा पुगेपछि नानीथकुँमा के कस्तो नारी चेतना देखा पर्दछ ?

(छ) हर्ष नारान र पुतलीको बिहेको घटना (परिच्छेद सत्ताइस र अट्ठाइस) बाट प्राप्त हुने सन्देश के हो ?

(ज) नानीथकुँ र राम खेलावन रावतका बिचमा भएको बिहेले कस्तो सन्देश दिन्छ ? (परिच्छेद उनन्तिस)

(झ) माइला तामाङ (परिच्छेद सत्ताइस र अट्ठाइस) श्रमिक पात्र हो भन्ने कुरालाई पुष्टि गर्ने आधार के के हुन् ?

२. **तलका गद्यांशहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :**

क) शिव नारानले एक हप्ताभित्रै नानीथकुँलाई एउटा सुयोग्य वर फेला पनि पारे । दुलाहा हुने केटो म्याट्रिक पास पनि भएको, एउटा मौजाको जिमिदार पनि, उमेर मिल्दो नै थियो । सबभन्दा हर्षको कुरा आफ्ना बाबु अष्ट नारान र आफूहरूको पनि विचार र सिद्धान्त अनुसार केटो मधेसी थियो । प्रायः चाहिँदा गुनहरूले परिपूर्ण भएको मधेसी केटो पाएको र आफ्नो र तराईका मधेसी जातिसित वैवाहिक सम्बन्ध जोडिन पुग्ने कुराले शिव नारान चौपट्टै सन्तुष्ट र प्रफुल्लित भए । नेवार, पर्वते, मधेसी यी तिनै जाति र संस्कृतिको मेल ऋन् आफ्नै घरमा हुन लागेकोमा शिव नारान अत्यधिक खुसी भए किनभने यी तिन जाति र संस्कृतिको समन्वय वा स्थापना नभईकन नेपालको उन्नति हुँदै हुँदैन भन्ने उनलाई विश्वास थियो ।

प्रश्नहरू

(अ) शिव नारान सन्तुष्ट हुनुका पाँच वटा कारणहरू के के हुन् ?

(आ) यस गद्यांशमा व्यक्त विचारप्रति तपाईंको सहमति वा असहमति के छ ? आफ्ना तर्क दिई प्रतिक्रिया लेख्नु होस् ।

ख) मलाई पनि थाहा छ युगको गति, स्वतन्त्रताको महत्त्व र मानव इच्छाको कुरा । तर म स्वतन्त्रताको नाउँमा जसले जोसँग जस्तो पनि प्रेम गरेर हिँडेको हेर्न चाहन्नँ । प्रेमको पनि महत्त्व हुन्छ, उसका निम्ति पनि फुक्का र बन्धनको लेखाजोखा, मापदण्ड हुन्छ, सीमारेखा हुन्छ, विधान हुन्छ, सुपात्र र कुपात्र हुन्छ । यी सब कुरालाई, बाटोलाई, तबरलाई नाघेर मानिस हिँड्न सक्दैन, पाउँदैन । त्यसैले जीवनमा अभिभावकहरू हुनु बेसै छ, यो सौभाग्यको कुरा हो र अभिभावकहरूले यस कुराको ख्याल विचार राम्ररी पुऱ्याउनु पर्छ ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) प्रेमका विषयमा उपन्यासकारको भनाइ कस्तो छ ?

(इ) यो भनाइको मुख्य आशय के हो ?

(ई) अभिभावकहरूले के कुरामा ख्याल गर्नु पर्छ ?

(उ) सुपात्र र कुपात्रमा के भिन्नता छ ?

ग) किसानका सन्तानले आराम गर्नु पाप हो, शरीरमा एक थोपा मात्र रगत बाँकी भए पनि पसिनाको रूपमा निकालेर खेतलाई चढाउनु पर्छ किनभने किसानको परिश्रम र पसिना नै जगत्को जीवन हो र जिन्दगीको ज्योति हो ।

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) यस उद्धरणको मूल भाव के हो ?

(इ) "किसानको परिश्रम र पसिना नै जगत्को जीवन हो" भन्नुको तात्पर्य के हो ?

(ई) किसानले किन सधैं परिश्रम गरि रहनु पर्छ ?

(उ) यस उद्धरणले **एक चिहान** उपन्यासको कुन सन्दर्भलाई प्रस्तुत गरेको छ ?

अभ्यास

१. **'एक चिहान' उपन्यासका चौबिसौँ, छब्बिसौँ र तिसौँ परिच्छेदमा नेवार भाषाका एक एक शब्दको प्रयोग गरिएको छ । तिनको अर्थ सम्बन्धित पृष्ठकै तल दिइएको छ । ती शब्दहरू खोज्नु होस् र तिनको अर्थ बुझ्नु होस् ।**

२. **तपाईंको स्थानीय भाषा वा मातृभाषामा पनि यस्ता सांस्कृतिक शब्द अवश्य होलान् । तपाईं ती शब्द सङ्कलन गर्नु होस् र तिनलाई मिसाएर नेपाली भाषामा एउटा घतलाग्दो अनुच्छेद रच्नु होस् ।**

३. **समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् :**

(क) हर्ष नारान र पुतलीको बिहेमा दुलही भित्र्याउने, दाइजो दिने र भोज भतेर गर्ने काममा के कस्तो प्रगतिशीलता देखा पर्छ र त्यसप्रति तपाईं सहमत वा असहमत के हुनु हुन्छ ? आफ्ना तर्कका आधारमा पुष्टि गर्नु होस् ।

(ख) सत्रौँदेखि एकतिसौँ परिच्छेदसम्म सहभागी पात्रहरूको नाम के के हो र ती लिङ्ग, पेसा, जाति/जनजाति, प्रवृत्ति (सत्/असत्), कार्य (मुख्य/सहायक/गौण) र जीवन चेतना (वर्गगत/व्यक्तिगत) का आधारमा के कस्ता ठहरिन्छन् ?

(ग) डाक्टर गोदत्त प्रसाद कस्तो पात्र हो र उसले नानीथकुँलाई प्राप्त गर्न किन सकेन ?

व्याकरण

संरचनात्मक वाक्यान्तरण

तल बायाँ र दायाँतर्फ दिइएका वाक्यहरू पढ्नु होस् र तिनका बिचमा रहेको भिन्नता पहिल्याउनु होस् :

एक थरी वाक्य	अर्का थरी वाक्य
शिव नारान गर्जि रहे । शिव नारान जुरुक्क उठे ।	(१) शिव नारान गर्जि रहे र उनी जुरुक्क उठे ।
	(२) ती शिव नारान गर्जि रहे जो जुरुक्क उठे ।
	(३) ती शिव नारान जुरुक्क उठे जो गर्जि रहे ।
	(४) गर्जि रहेका शिव नारान जुरुक्क उठे ।

- संरचनाका दृष्टिले माथि बायाँतर्फ दिइएका दुई वाक्य सरल वाक्य हुन् । दायाँतर्फ दिइएका वाक्यहरूमध्ये वाक्य (१) संयुक्त वाक्य हो भने वाक्य (२) र (३) मिश्र वाक्य हुन् अनि वाक्य (४) चाहिँ सरल वाक्य नै हो ।

(क) तलका वाक्यहरूलाई कोष्ठकमा दिइएको निर्देश अनुसार बदल्नु होस् :

- रञ्जना देवीको झम्टाइ सुनेर डाक्टर गोदत्त प्रसादले मुसुमुसु हाँसेर उनको मुख एकचोटि हेरे तर केही बोलेनन् । (सरल वाक्य)
- उनी सरासर तानकोठामा गए । त्यहाँ नानीथकुँलाई नदेख्ता उनको रिसको मात्रा झन् बढ्यो । (संयुक्त)
- आज एक दिन आराम लिऔं भनी उनीहरू खेतमा नगएका हुन् । (सरल)
- बुढो मानिसले ठट्टा गरेको देखेँ भने मलाई काउकुती लागेर आउँछ । (संयुक्त)

(ख) तलका सरल वाक्यहरूलाई संयुक्त वा मिश्र वाक्यमा वाक्यान्तरण गर्नु होस् :

- पेट्रोलियम पदार्थको मूल्य वृद्धि भयो । सर्व साधारणलाई असर पऱ्यो ।
- कम्प्युटर प्रदर्शनी हेर्न गइयो । नयाँ नयाँ प्रविधिहरूको जानकारी पाइयो ।
- एउटा ल्यापटप किनेर ल्याएँ । केटाकेटी रमाए ।

(ग) तलका वाक्यहरूलाई ससाना सरल वाक्यमा वाक्यान्तरण गर्नु होस् :

विद्यार्थीहरू राम्रो पठन पाठनका निम्ति निजी विद्यालयमा भर्ना भए तर उनीहरूले सोचे जस्तो पठन पाठन भएन । विद्यालय प्रशासनले सुधारका निम्ति प्रयास गऱ्यो तापनि समस्या यथावत् नै रह्यो । जब अभिभावकहरूले यो समस्या थाहा पाए तब धेरै विद्यार्थीहरूलाई विद्यालयबाट निकालियो ।

वाच्यगत वाक्यान्तरण

१. तल बायाँतर्फ र दायाँतर्फ दिइएका वाक्य पढ्नु होस् र तिनमा रहेको भिन्नता पहिचान गर्नु होस् :

बायाँ	दायाँ
* डाक्टर गोदत्त प्रसाद नानीथकुँको घरमा पुगे ।	* (डाक्टर गोदत्त प्रसादद्वारा) नानीथकुँको घरमा पुगियो ।
* माफ गर नानीथकुँ ।	* माफ गरियोस् ।
* म प्रेम वापस लिन्नँ ।	* प्रेम वापस लिइन्न ।
* मन नलागेपछि म नाम वापस लिन्छु ।	* मन नलागेपछि नाम वापस लिइन्छ ।
* (मानिसहरूले) घरको भग्नावशेषबाट पुन नारान, हर्ष नारान, पुतली र लतमायाका लासहरू पनि निकाले ।	* घरको भग्नावशेषबाट पुन नारान, हर्ष नारान, पुतली र लतमायाका लासहरू पनि निकालिए ।

- माथि बायाँतर्फका वाक्य कर्तृवाच्यका हुन् किनभने तिनमा कर्ताको प्रधानता छ । कर्ताका लिङ्ग, वचन, पुरुष अनुसारको क्रियापद हुनु कर्ताको प्रधानता हुनु हो । कर्ताको प्रधानता भएको वाच्यलाई कर्तृवाच्य भनिन्छ ।
- माथि दायाँतर्फ दिइएका वाक्य कर्मवाच्यका हुन् किनभने तिनमा कर्मको प्रधानता छ । कर्मका लिङ्ग, वचन र पुरुष अनुसारको क्रियापदको प्रयोग भएमा वाक्य कर्म प्रधान बन्दछ । कर्मको प्रधानता भएको वाच्यलाई कर्मवाच्य भनिन्छ । सकर्मक क्रियाबाट कर्मवाच्य बन्दछ । कर्मवाच्यको क्रियाका धातुमा 'इ' प्रत्यय लगाइन्छ । यसमा कर्ता प्रायः लोप हुन्छ, लोप नभएमा त्यसमा 'द्वारा', 'बाट' जस्ता विभक्ति लगाइन्छ ।

  कर्तृवाच्य र कर्मवाच्य दुबैमा सकर्मक (र द्विकर्मक पनि) क्रियाको प्रयोग हुन्छ ।

२. तलका वाक्य पढ्नु होस् र तिनमा रहेको भिन्नता बुझ्नु होस् :

बायाँ	दायाँ
उनी निदाए ।	(उनीद्वारा) निदाइयो ।
उनी निदाइन् ।	(उनीद्वारा) निदाइयो ।
नानीथकुँ सरासर गइन् ।	(नानीथकुँद्वारा) सरासर गइयो ।
शिव नारान रिसाउँछन् ।	(शिव नारानद्वारा) रिसाइन्छ ।

- माथि बायाँतर्फ दिइएका वाक्य कर्तृवाच्यका वाक्य हुन् । दायाँतर्फ दिइएका वाक्य भने भाववाच्यका हुन् । भाववाच्यमा क्रियाको भाव वा अर्थ नै मुख्य हुन्छ र त्यो क्रिया सधैं तृतीय पुरुष, एक वचन, पुलिङ्गमा रहन्छ । अकर्मक क्रियाबाट भाववाच्य बन्दछ । भाववाच्यको क्रियाका धातुमा 'इ' प्रत्यय लगाइन्छ । भाववाच्यमा कर्ता लोप हुन्छ ।

अभ्यास

१. **'एक चिहान' उपन्यासका उन्नाइसौँ र बाइसौँ परिच्छेदबाट पाँच पाँच वटा कर्तृवाच्यका वाक्यहरू टिप्नु होस् र तिनलाई कर्मवाच्यमा बदल्नु होस् ।**

२. **तलको अनुच्छेदबाट कर्तृ, कर्म र भाववाच्य छान्नु होस् :**

हामी धेरै थाक्यौं । सडकमा धेरै साथी छाडिए । मैले झोला बोकेको थिएँ । चिया पसल्नीले तातो चिया बनाइन् । आनन्दले बसेर चिया पिइयो । साँझ परेपछि उकालो लागियो । आज त निकै थाकिएछ । बाल बालिका विद्यालयबाट घर जाँदै थिए । गाउँलेहरूबाट राम्रो सत्कार पाइयो । राति राम्ररी निदाइयो ।

३ **तलको अनुच्छेदका कर्मवाच्यका वाक्यहरूलाई कर्तृवाच्यमा वाक्यान्तरण गर्नु होस् :**

हिजो चौरमा भकुन्डो खेलियो । तरिका मिलाएर भकुन्डो हानियो । खेल जितियो । बधाई पनि पाइयो । खुसियाली मनाइयो । नाचहरू नाचिए । बाजाहरू बजाइए ।

कथन परिवर्तन

१. **तल बायाँतर्फ र दायाँतर्फ दिइएका वाक्य पढ्नु होस् र तिनका ढाँचामा रहेको भिन्नता थाहा पाउनु होस् :**

बायाँ	दायाँ
* शिव नारानले भने– "भइ गो, फर्कि सक्नु भएको मानिसले किन फेरि दुख गर्ने !"	* फर्कि सक्नु भएको मानिसले किन फेरि दुख गर्ने, भइ गो भनी शिवनारानले दिग्दारी व्यक्त गरे ।
* "अब मैले तपाईंलाई पाउन नसक्ने भएँ ।" रुँदै नानीथकुँले भनिन् ।	* नानीथकुँले रुँदै अब मैले तपाईंलाई पाउन नसक्ने भएँ भनिन् ।
* "हिँड, जाँदै गर रञ्जना ! म आउँछु ।" डाक्टर गोदत्त प्रसादले भने ।	* डाक्डर गोदत्त प्रसादले आफू आउने कुरा गर्दै रञ्जनालाई हिँड्न र जाँदै गर्न भने ।
* पुन नारान, हर्ष नारान दुबै जनाले एकै स्वरमा भने– "ठिक छ, आमाले ठिक भन्नु भयो ।"	* आमाले ठिक भन्नु भयो भनी पुन नारान र हर्ष नारान दुबै जनाले एकै स्वरमा सहमति जनाए ।

• माथि बायाँतर्फ र दायाँतर्फ दिइएका वाक्यहरूको अर्थ उही हो, तिनको कथनको ढाँचा मात्र फरक छ । बायाँतर्फको जस्तो वाक्यात्मक कथनलाई प्रत्यक्ष कथन भनिन्छ भने दायाँतर्फको जस्तो वाक्यात्मक कथनलाई अप्रत्यक्ष कथन भनिन्छ । प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा वाक्यान्तरण गर्दा उद्धरण चिह्न हटाइएको, आवश्यकता अनुसार संयोजक थपिएको र वाक्यमा केही हेरफेर भएको कुरामा ध्यान दिनु होस् ।

२. **तलका अप्रत्यक्ष कथनबाट प्रत्यक्ष कथनमा वाक्यान्तरण गरिएका वाक्यहरू पढ्नु होस् र दुबै कथनका अन्तर देखाउनु होस् :**

अप्रत्यक्ष कथन

केटाकेटीले बालाई के भने भने उनीहरू पनि सिनेमा हेर्छन् । हाकुमायाले त्यतिखेर के काम गर्नु छ भनी प्रश्न गरिन् । डर भएको भावमा नानीथकुँले उनलाई नआउन अनुरोध गरिन् ।

डाक्टर गोदत्त प्रसादले प्रस्टै के भन्यो भने उनले डाक्टरलाई देखाउन खोजिन् ।

प्रत्यक्ष कथन

"बा ! हामी पनि सिनेमा हेर्छौं "- केटाकेटीले भने ।

"के काम गर्नु छ र अहिले ?" हाकुमायाले भनिन् ।

"बिन्ती छ, तपाईं नआउनु होस् !" डर भएको भावमा नानीथकुँले भनिन् ।

"तिमीले डाक्टरलाई देखाउन त खोज्यौ !" डाक्टर गोदत्त प्रसादले प्रस्टै भने ।

अभ्यास

१. 'एक चिहान' उपन्यासको चौबिसौँ परिच्छेदबाट अप्रत्यक्ष कथन गरिएका दुई वटा वाक्य खोज्नु होस् र तिनलाई प्रत्यक्ष कथनमा बदल्नु होस् ।

२. 'एक चिहान' उपन्यासको पच्चिसौँ परिच्छेदका प्रत्यक्ष कथनलाई अप्रत्यक्ष कथनमा वाक्यान्तरण गर्नु होस् ।

करण अकरण

१. तल बायाँतर्फ र दायाँतर्फ दिइएका वाक्य पढ्नु होस् र तिनका बनोट तथा अर्थमा ध्यान दिनु होस् :

बायाँ	**दायाँ**
शिव नारानलाई फसाद पऱ्यो ।	शिव नारानलाई फसाद परेन ।
तिमी चुप लाग ।	तिमी चुप नलाग ।
यो देखेर उनलाई ज्यादै ऋोँक चल्यो ।	यो देखेर उनलाई पटक्कै ऋोँक चलेन ।
शिव नारान सबैरै फर्केको देखेर लतमाया अलि आश्चर्य चकित भइन् ।	शिव नारान सबैरै फर्केको देखेर लतमाया कत्ति पनि आश्चर्य चकित भइनन् ।
शिव नारानले उनलाई अभिवादन गरे ।	शिव नारानले उनलाई अभिवादन गरेनन् ।
त्यति हर्ष बाली काटेको दिन पनि हुन्थ्यो ।	त्यति हर्ष बाली काटेका दिन पनि हुँदैनथ्यो ।
प्राकृतिक प्रकोप भए सबैले दुख पाउँछन् ।	प्राकृतिक प्रकोप नभए कसैले दुख पाउँदैन ।
उसले मिहिनेतसाथ काम गरेको छ ।	उसले मिहिनेतसाथ काम गरेको छैन ।

- माथि बायाँतर्फ सकारात्मक अर्थ दिने वाक्य छन् भने दायाँतर्फ नकारात्मक अर्थ दिने वाक्य छन् । सकारात्मक अर्थ बुझाउने करण वाक्य हुन् भने नकारात्मक अर्थ बुझाउने अकरण वाक्य हुन् । करण वाक्यका समापिका क्रियाका सुरुमा, बिचमा वा अन्त्यमा 'न' थपी अकरण वाक्य बनाइन्छ । जस्तै : लाग– नलाग, हुन्थ्यो– हुँदैनथ्यो, पऱ्यो– परेन आदि । करण वा अकरण बनाउँदा वाक्यमा भएका क्रियालाई करण भए अकरण र अकरण भए करणमा परिवर्तन गरिन्छ । अर्थ सङ्गतिका लागि 'जो' को 'कोही', 'जहिले पनि' को 'कहिले पनि', 'कहिले' को 'सधैँ' जस्ता पदहरूमा हेरफेर गर्नु पर्ने पनि हुन्छ ।

अभ्यास

१. एक चिहान उपन्यासको छब्बिसौँ परिच्छेद पढ्नु होस् र त्यहाँबाट पाँच वटा करण वाक्य र पाँच वटा अकरण वाक्य टिप्नु होस् ।

२. माथि (१) अनुसार टिपिएका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा वाक्यान्तरण गर्नु होस् ।

३. तलका वाक्यहरूलाई करण भए अकरण र अकरण भए करणमा वाक्यान्तरण गर्नु होस् ।

साथीहरू काममा गए ।
घरमा पाहुना आए ।
बहिनी सधैँ विद्यालय जान्छिन् ।
शिक्षकले मिहिनेत नगरेका भए विद्यार्थीहरू उत्तीर्ण हुँदैनथे ।
राम घरमा आएछ ।

श्रमिकहरूले काम नगरेका होइनन् ।
तिमी रिसाउने भए म बोल्दिनँ ।
पढेका हुनाले बहिनीहरूले काम पाए ।
तिमी सधैँ मन्दिर जान्छ्यौ ?
विमला कहिल्यै रिसाउँदिनन् ।
पसल नचले केही बिग्रँदैन ।
ठेकेदारले राम्रो काम गरेनछन् ।

वाक्य संश्लेषण

१. तल बायाँतर्फ र दायाँतर्फका वाक्य पढ्नु होस् र तिनमा रहेको फरक थाहा पाउनु होस् :

बायाँ	**दायाँ**
नानीथकुँले यति भनिन् । नानीथकुँ फेरि माथि उक्लिन् । डाक्टर गोदत्त प्रसाद पनि बडो खिन्न भए । उनी फर्के ।	यति भनी नानीथकुँ फेरि माथि उक्लिएपछि डाक्टर गोदत्त प्रसाद पनि बडो खिन्न भएर फर्के ।

- माथि बायाँतर्फ चार वटा सरल वाक्य छन् र दायाँतर्फ ती चार वटा सरल वाक्यलाई एउटै वाक्यमा संश्लेषण गरिएको छ । यसरी धेरै वाक्यलाई गाँसेर एउटै वाक्य बनाउनुलाई वाक्य संश्लेषण भनिन्छ । वाक्य संश्लेषण विभिन्न किसिमले गर्न सकिन्छ ।

संश्लेषण नगरिएका वाक्यहरू	**संश्लेषण गरिएको वाक्य**
राम पढ्छ । राम पास हुन्छ । राम विद्वान् बन्छ । राम देशको लागि महत्त्वपूर्ण काम गर्छ ।	राम **पढेर** पास **भई** विद्वान् बनेर देशका लागि महत्त्वपूर्ण काम गर्छ ।

- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा **आएर, भेटी, सुनाएर** कृदन्तको प्रयोग गरी सरल वाक्यमा संश्लेषण गरिएको छ ।
- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा 'जब', 'तब' जस्ता सापेक्ष संयोजक राखेर मिश्र वाक्य बनाई वाक्य संश्लेषण गरिएको छ ।
- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा 'तर', 'किनभने' जस्ता निरपेक्ष संयोजकको प्रयोग गरी संयुक्त वाक्यमा संश्लेषण गरिएको छ ।

संश्लेषण नगरिएका वाक्यहरू	**संश्लेषण गरिएको वाक्य**
राम बहादुर आए । राम बहादुरले लतमायालाई भेटे । राम बहादुरले सुब्बाको सन्देश सुनाए । राम बहादुर सरासर हिँडे ।	राम बहादुर **आएर** लतमायालाई **भेटी** सुब्बाको सन्देश **सुनाएर** सरासर हिँडे ।

- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा **आएर, भेटी, सुनाएर** कृदन्तको प्रयोग गरी सरल वाक्यमा संश्लेषण गरिएको छ ।

संश्लेषण नगरिएका वाक्यहरू	**संश्लेषण गरिएको वाक्य**
माहिला तामाङले पुन नारानसँग पुतलीको बिहे गरि दिए । उनी धेरै खुसी भए ।	माहिला तामाङले पुन नारानसँग **जब** पुतलीको बिहे गरि दिए **तब** उनी धेरै खुसी भए ।

- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा 'जब', 'तब' जस्ता सापेक्ष संयोजक राखेर मिश्र वाक्य बनाई वाक्य संश्लेषण गरिएको छ ।

संश्लेषण नगरिएका वाक्यहरू	संश्लेषण गरिएको वाक्य
भात पकाउने वेला भयो । नानीथकुँ भान्सामा जान तयार भइनन् । गोदत्त प्रसाद त्यहीँ बसेका थिए । नानीथकुँले भात पकाउन जाने प्रस्ताव आमालाई राखिन् ।	भात पकाउने वेला भयो **तर** नानीथकुँ भान्सामा जान तयार भइनन् **किनभने** गोदत्त प्रसाद त्यहीँ बसेका हुँदा उनले भात पकाउन जाने प्रस्ताव आमालाई राखिन् ।

- माथिका वाक्यहरूलाई संश्लेषण गर्दा 'तर', 'किनभने' जस्ता निरपेक्ष संयोजकको प्रयोग गरी संयुक्त वाक्यमा संश्लेषण गरिएको छ ।

अभ्यास

तलका वाक्यहरूलाई एकै वाक्यमा संश्लेषण गर्नु होस् :

o लतमाया भात पकाइ रहेकी थिइन् । हर्ष नारान खुसी हुँदै भरेङ उक्लिँदै थिए । हर्ष नारान बुइँगलमा आइ पुगे । हर्ष नारान बेसरी हाँसे । लतमाया छक्क परिन् ।

o यी दुईको भाषा मिल्दैन । यी दुबैले एक अर्काको भाषा बुझ्दैनन् । यिनीहरू आपसमा कुरा गर्न चाहन्छन् । यिनीहरू ठट्टा गर्न चाहन्छन् । दुबै जना एक अर्काको दिलमा प्रेम पोख्न आतुर भइ रहेका छन् ।

बोध

तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् :

खाद्यान्नको उत्पादनका निम्ति खनजोत गरिने, बालीनाली लगाइने, मलजल हालिने, गोडमेल गरिने, बालीनाली भित्र्याइने आदि सबै कामको सामूहिक नाम कृषि हो । कृषि कार्यका निम्ति खेत र बारी चाहिन्छन्, सिँचाइको आवश्यकता पर्दछ र औजारहरू पनि चाहिन्छन् । खेती गरिने र खास गरी धान रोपिने जमिनलाई खेत भनिन्छ । यो गरा गरा पारी बनाइएको हुन्छ । नहर र कुलाको पानी लाग्ने गैरी खेत र पानी नलाग्ने अनि आकाशबाट पानी परेको मौका छोपी खेती गरिने टारी खेत गरी खेतका दुई प्रकार छन् । नहर, कुलो नलाग्ने र धान नफल्ने आबाद जग्गालाई बारी भनिन्छ । यसका पनि दुई प्रकार हुन्छन्– (१) पहाडका फेद/भित्तामा हुने भिरालो परेको तथा पानी नलाग्ने/नअडिने पाखो बारी वा भिर बारी र (२) रुख, बोट बिरुवा आदि फाँडेर बाली लगाउनका निम्ति खनखान गरिएको पहाडी पाखाको/भित्ताको खोरिया बारी । उर्वरा शक्तिका आधारमा खेत वा कृषिभूमि चार प्रकारको हुन्छ– अब्बल, दोयम, सिम र चहार । कुलो वा नहरबाट सिँचाइ सुविधा पुगेको, वर्षमा दुई वा सोभन्दा बढी बाली लाग्ने मलिलो माटो भएको असल, उम्दा र उब्जाउ भूमिलाई अब्बल खेत भनिन्छ । यस्तो खेत तराई र भित्री मधेसमा हुन्छ । दोस्रो दर्जाको वा अब्बलभन्दा कम उब्जाउ र सिमभन्दा बढी उब्जाउ हुने खालको खेत वा जग्गा जमिनलाई दोयम भनिन्छ । यस्तो जग्गा तराईका माथिल्लो भाग, भित्री मधेस, पहाडका केही ठाउँ र उपत्यकामा पनि भेटिन्छ । खाद्यान्नको उब्जनी राम्ररी नहुने तेस्रो दर्जाको खेतलाई सिम भनिन्छ । यस्तो खेत पहाडी भागमा हुन्छ । कुलो नलाग्ने र खेतीका निम्ति बर्सातमा भर पर्नु पर्ने अनि सुक्खा माटो भएको र सबभन्दा कमसल खेत चाहार हो । नेपालका उच्च पहाडी भेग र तल्लो हिमाली भेगमा यस्ता खेत रहेका छन् । खेतीपातीका निम्ति खेतमा सिँचाइ गर्नु आवश्यक हुन्छ । नेपालमा परम्परागत सिँचाइका सिँढी (खेतको माथिल्लो गरामा पानी जमाई क्रमशः तलतिरका गरामा पानी पटाउने तरिका), इनार, टयुबवेल, कुलो आदिका सहायताले खेती गर्ने चलन चलि आएको छ । नेपालका तराई तथा भित्री मधेसमा नहरबाट सिँचाइ गर्ने आधुनिक प्रक्रियाको पनि विकास भइ

रहेको छ । नेपालीहरूले खेतीपाती गर्दा हलो, जुवा, कोदालो, डल्लेँठो, हजारी, लिँडुल्को, दाँदे, चाँदे, कुटो, हँसिया, कचिया, खुर्पा आदि औजारहरू प्रयोग गर्दछन् । नेपाल कृषि प्रधान देश हो र यहाँका अधिकांश जनता कृषिमा निर्भर छन् ।

प्रश्नहरू

(क) खेत र बारीमा के फरक हुन्छ ?
(ख) अब्बल, दोयम, सिम र चहारका लक्षण के के हुन् ?
(ग) नेपालमा के कस्ता सिँचाइ प्रणाली प्रचलनमा छन् ?
(घ) नेपालमा प्रचलनमा रहेका कृषि औजारहरू के के हुन् ?
(ङ) अर्थ स्पष्ट हुने गरी 'पाखो बारी' र 'खोरिया बारी' लाई वाक्यमा प्रयोग गर्नु होस् ।

अभिव्यक्ति

निबन्ध रचना

दिइएका बुँदाहरूलाई ध्यानमा राखी आफ्नै तर्फबाट सही तथ्य प्रमाण र तर्कहरू पनि थपी तलका शीर्षकहरूमा मौलिक निबन्ध रच्नु होस् ।

स्वास्थ्य र उपचार विधि

बुँदाहरू :

- रोग रहित हुनु नै स्वस्थ हुनु
- स्वस्थ मानिस नै फुर्तिलो, जाँगरिलो, काम गर्न सक्षम र सुखी
- मानव स्वास्थ्य उसको शरीरका अङ्ग अङ्गमा आश्रित हुने
- मानव शरीरका मुख्य अङ्ग टाउको, ढाड र खुट्टा
- यिनमा विभिन्न प्रकारका कोषिका; कोषिकाबाट नै हाड, मासु, बोसो, छाला, मांसपेशी आदि बन्ने
- खोक्रो हाडभित्र मासी र मासुको भागमा रगत बग्ने नसाहरू हुने
- शरीर निरोगी भएमा मानिस काम गर्न सक्षम रही सुखी हुने
- मानवको शरीरमा रोग लाग्दा उपचार गरिने
- उपचारका घरेलु विधि पनि छन्– जडीबुटी, धामीझाँक्री, घरेलु वैद्य, ज्योतिष, सुँडिनी
- उपचारका आधुनिक विधिको विकास
- जुनसुकै उपचार विधिको प्रयोग गरे पनि बाल बालिका, युवा युवती र बुढाबुढीको स्वास्थ्य तन्दुरुस्त रहनु पर्ने र यसबाट नै देश तथा समाज समुन्नत तथा सुखी हुने ।

नेपालमा विज्ञान र प्रविधिको विकास

बुँदाहरू :

- प्रकृतिमा भएका वस्तु र घटनाको यथार्थ ज्ञान नै विज्ञान
- प्राकृतिक विषय वस्तुलाई जीवनोपयोगी बनाउने कार्य प्रविधि
- नेपालमा विज्ञान र त्यसका जीवनोपयोगी व्यावहारिक प्रविधिको विकास हरेक समाजमा हुँदै आएको
- नेपाल परम्परागत प्रविधिमा धनी कृषि प्रधान देश र कृषि प्रविधिमा विविधता

- परम्परागत वास्तुकलामा आधारित भवन निर्माण प्रविधि अति उन्नत
- आधुनिक विज्ञान र प्रविधिका केही कुरा राणा कालमा नेपाल प्रवेश गरेको
- घण्टाघरको निर्माण, वीर अस्पतालको स्थापना (सन् १८९०), फर्पिङको जल विद्युत् गृह (सन् १९११)
- २००७ सालअघि नै आकाश वाणी, टेलिफोनको प्रवेश
- प्राविधिक शिक्षालय, वन विभाग, कृषि विभाग, खाद्य प्रविधि अनुसन्धान शाला, कृषि प्रविधि अनुसन्धान शाला, मौसम विभाग, नेपाल औषधी लिमिटेड, व्यावहारिक विज्ञान तथा प्रविधि (विधि विज्ञान) अनुसन्धान केन्द्र, विज्ञान तथा प्रविधि प्रतिष्ठान, विज्ञान तथा प्रविधि मन्त्रालयको स्थापना र क्रियाशीलता
- त्रिभुवन विश्व विद्यालयमा विज्ञान र प्रविधिका विभिन्न विषयमा उच्च अध्ययन र अनुसन्धान
- नेपाली वैज्ञानिक र प्राविधिक जनशक्तिका कतिपय आविष्कार र उपलब्धि चर्चित
- कम्प्युटर र इन्टरनेटको प्रवेश र व्यापक प्रयोग

अभ्यास

तलका शीर्षकहरूमा मौलिक निबन्ध लेख्नु होस् :

(अ) नागरिक अधिकार र कर्तव्य,

(आ) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका,

(इ) नेपालको आर्थिक विकासमा जल सम्पदाको स्थान,

(ई) नेपालको आर्थिक विकासमा खानीहरूको भूमिका,

(उ) नेपालको अर्थतन्त्र र वन सम्पदा ।

•

पाठ : पन्ध्र

हारजित

✍ भवानी भिक्षु

नेपाली समाज जातीय, सांस्कृतिक तथा भाषिक विविधताले भरिएको छ । यहाँको बहु सांस्कृतिक विशेषता लोभलाग्दो छ । यहाँको संस्कृतिमा भौगोलिक विविधता र जातीय विशेषता मिसिएका छन् । तिनले नेपालको बहु सांस्कृतिक पहिचान निर्माण गरेका छन् । नेपाली समाजभित्र विभिन्न स्थान र समुदायका आआफ्ना सामाजिक मूल्य मान्यता र सांस्कृतिक प्रचलन रहि आएका छन् । यस सन्दर्भमा पश्चिम नेपालको तराईको अवधी भाषी समाजको सांस्कृतिक प्रचलन तथा आर्थिक विषमताका जगमा स्वाभिमान र अहङ्कारका बिच त्यहाँ कस्तो द्वन्द्व चल्ने गरेको थियो भन्ने कुराको मसिनो झलक पाउन 'हारजित' कथा पढ्नु होस् ।

गोटिहवा गाउँको पूर्व दक्षिण कुनाको ठुलो पोखरीमा अस्ताउन लागेको सूर्यविम्ब परी पोखरीको पानी नै रातो भइ रहेको थियो । गाउँका गाई, गोरु, भैंसी, बाख्रा, वस्तुहरू त्यस गाउँको र दक्षिण शिवपुर गाउँको माझमा पसारिएको गौचरमा चरी साँझतिर आफ्ना आफ्ना गोठतिर लाग्दा त्यसै पोखरीमा पानी खान लागेका थिए । तिनीहरूका लाम्चा छाया पोखरीको पानीमा बिस्तारै हल्लि रहेका थिए । घुरहु महतो त्यतैतिर भएका आफ्ना जौ-चना बाली हेरी फर्कंदा पोखरीको डिलमा के पुगेका थिए, कुन्नि कताबाट आएर अलगुवाले उनको खुट्टामै छाँद हाली रुँदै कराउन लाग्यो– "महतो काका, तपाईं छुँदै अब गाउँ छोड्नु पऱ्यो । बसि सक्नु भएन । काका, अब खपि सक्नु भएन ।"

"हो, थाहा मैले पनि पाएको छु"– खुट्टा छुटाउँदै महतोले भने– "यस्तो बेइज्जती खप्नु नै कसरी ? तर अलगु, तेरो छोराको पनि कम्ती दोष छैन है । स्वास्नीलाई आफ्नै अधीन करबलमा राख्नु पर्छ, आइमाईको जात, त्यस गोज्याङ्ग्राको बिहा नै किन गरेको थिइस् ? सुन जस्तोलाई माटो पारि दिएर, यो दिन पनि गाउँलाई हेर्नु पऱ्यो ।"

टाउको निहुराएरै अलगुवाले भन्यो– "काका, मैले पनि यो कुरा नसम्झेको होइन, बुहारी त लक्ष्मी नै थिई, बिहान भाँडा माझ्नु, गोठघारीको गोबर काढ्नुदेखि लिएर खेतमा मल पाट्नु, रोप्नु, काट्नु जम्मै काममा त्यो घरको मरदसबाजभन्दा कम्ती थिइन । बिहा गरेर ल्याएदेखि नै मेरो घरमा बरकत (बर्कत) बढतीको बाढी नै आएको कुरा नमानी सुख छैन । राम्री पनि कत्तिकी ! कुनै बाहुन छेत्रीकी छोरी बुहारी नै हो कि जस्ती । तर काका, छोरालाई मारेर फाल्नु भएन । छोरो नै नरहे बुहारी केका लागि ? राम्रो नराम्रो, भलादमी, लुच्चो जस्तो भए पनि सँगाल्नै पर्छ । तर यो बेइज्जती खप्नु कसरी ?"

घुरहु महतोको टाउको निहुऱ्यो, मानौं उनकी छोरी बुहारी अन्त गएकी छ । अघोर लाजले गाउँमा मुख देखाउन महतोलाई नै गाहारो (गाऱ्हो) परि रहेको छ भने झैं उनको अनुहार कालो भयो । एक छिनपछि 'लौ हेरौं'

मात्र भनी अलगुवाको पर्बाहै नगरी बिस्तारै उनी घरतिर लागे । महतोको यो बानी, यो अनुहार एउटा सङ्कल्पको परिचायक भनी गाउँका सारालाई थाहा थियो । जो कोही, कसैको वा गाउँमा आइ परेको कुनै आपत् विपत्मा घुरहु महतो अन्तिम अवलम्ब थिए र महतोको त्यस्तो अनुहार कुनै निर्णायक शक्ति हो भन्ने सबैको अनुभवमा परिचित थियो । हुन त गाउँमा महतो कुनै धेरै जायजेथाका, बढ्ता खेत वा ठुलो घर भएका व्यक्ति थिएनन्, गाउँको जेठो रैती मनोहर नै हो । घरखेत सबैभन्दा बढ्ता । उसको गाडाबैलको जोडा वरिपरिका १०-१५ गाउँमा प्रख्यात थियो, भैंसी पनि सात वटा, तिनमा दुई वटा भैंसी मुर्रा जातका, गएका सालमा नै हरिहर क्षेत्रको गङ्गा स्नान गर्न जाँदा मेलाबाट किनेर उनले ल्याएका थिए ।

तर भुइँ र गोधनको यति सम्पन्नता भए पनि गाउँको आत्मा घुरहु महतो नै थिए । कसैले कसैमाथि सामाजिक अन्याय गऱ्यो, घुरहु महतो गोहारिन (गुहारिन) गए; कसैको घरखेत कसैले दबायो, घुरहु अगाडि सरे, कोही असहाय अवस्थामा पऱ्यो, घुरहु उसका लागि विह्वल भए । यस्तै आज अलगुवाको मर्यादा जान लागेको छ, गोज्याङ्ग्रो छोराले गाँजा खाई पिटी पिटी उसको सुन जस्तो आङ बङ्ग्याइ दियो । ऊ केही नलागेर गई । जाँगर चलाए जसले पनि खुवाउँछ, माया गर्छ । तर जग्गे प्रदक्षिणाको सात फेरोमा बाँधी, बाजा बजाई ल्याएकी बुहारी आफू छँदैमा अर्का घरमा गई बसेकी छ, लाजभन्दा बढी के काल हुन्छ र ? यी जम्मै कुरा महतोले थाहा पाइ सकेका थिए । अलगुवाले पनि दुई दिनदेखि मौका छोप्न खोज्दै बल्ल पोखरीको डिलमा एकान्त पारी महतोलाई भेट्टायो । उनीसँग दुख पोख्यो, रोयो, गयो । महतोका लागि यतिले नै पुग्यो ।

राति भात खान लाग्दा महतोले जन्मैदेखि रुचाएको अमिलो धनियाँको चटनी खाने परिकारमा छँदाछँदै पनि गाँस घाँटीदेखि तल सर्न गाह्रो मानेको देखेर रतियाकी आमाले मुख बङ्ग्याउँदै भनी– "थाहा पाएकै कुरो हो; भात अब केले रुचाउने ? दुनियाँभरिको बखेडाले नै पेट भरियो होला ।"

महतो बोलेनन् । गृहस्थीको वातावरणको यस्तो मूक विरोध उनीसित धेरैदेखि परिचित थियो तर यसरी चुप लागेको सहन नसकी महतिनीले फेरि मुख उघार्नु पऱ्यो, "भनि दिएँ है, नकच्चरा नकच्चरीको कुरामा हामीलाई पर्नु छैन, मेरा पनि छोराछोरी छन्, बुहारी नाति छन् । कसैको दुस्मनी हामीले किन्नु, बेसाहा गर्नु पर्ने कुनै काम छैन ।"

अचम्म माने झैं महतोले भने– "के भयो र, मैले त बुझ्नै सकिनँ, खाने वेलामा पनि यो केको कचकच ? हाम्रो घरको जस्तो चाला संसारमा पाइँदैन", तर...कुरा काट्दै महतिनीले भनिन्– "म सोध्दछु, धनियाँको यस्तो चटनी छँदाछँदै गाँस जान किन अनकनाउँछ त ? जम्मै भात थालमा छ । अऊ घरको चाला रे...! पाँच वटा छोराछोरी यहीं जन्माएकी छु, तपाईंलाई चिन्या छैन र ?"

चुप लाग्नुमा नै महतोले ठिक ठाने । बल गरेर भात खाए । चुठेर जान लाग्दा उनले फेरि सुने– "भनि दिएँ है, मलाई टन्टा बखेडा किन्नु छैन । मेरा पनि छोराछोरी छन् ।"

बाहिर बरान्दामा रहेको मचियामा बसी महतो तमाखु खान लागे । छिमेकका उतराहे र बदरिया पनि एक छिनमा नै आइ पुगे । १०-१५ सर्को तानेर 'बडो मिठो आइ रहेछ है' भन्दै हुक्काबाट चिलिम झिकी महतोले उतराहेलाई दिए । महतो काकालाई चुप लागेको देखेर बदरियाले सोध्यो– "काका, केही विचार गर्नु भयो र ?"

"केको विचार हँ ?" थाहै नपाए झैं काकाले पनि सोधे । "काका, त्यही हो, सोनवा (अलगुवाकी बुहारी), मनोहरकहाँ गई बसेकी छ । मनोहरको छोराले नै उसलाई आफ्नै घरमा पाएर, फकाउन थालि रहेछ, उसको रटन सोनवाले चाहिँ अहिले मानेकी छैन, उसको रटन यति मात्र छ कि 'मेहनत मजुरी जतिसुकै गराएर खान देऊ, मेरो सत नबिगार । गोज्याङ्ग्रो भए पनि, यसै गाउँमा हात्ती झैं लोग्ने उभि रहेको छ' भन्छे । तर काका, एउटी जवान

आइमाई कहिलेसम्म बाँच्छे ? अहिले त नयाँ भरखरको कुरा भएर त हो नि, निर्धक्क लाज पचाउन सकिन । गाउँघर छँदै छ, आँट पनि कसरी हुने, तैपनि काका, पछि परन्तुसम्म बाँचि रहने नै छाँट त यो होइन नि । अनि...?"

घुरहु, बदरियाको यस विचारमा पनि चुप लागेर बसि रहे । बरु त्यही अभ्यस्त अनुहारमा ऋन् टाउको निहुराए । बदरिया पनि चुप लाग्यो । चिलिम बदरियालाई थमाउँदै उतराहेले पनि थपे– "होइन, महतो दाइ ! अचाक्ली नै भयो । साराका छोरी बुहारी छन् । यसरी त चुप लाग्नु भएन । कोही धनी छ भने आफ्नै घरको धनी होला, तर इज्जत भनेको धनी गरिब दुबैको हो, यति त मान्नु हुन्छ न, महतो दाइ ?"

"बदरिया, तमाखु खरानी पारेरै छोड्छस्, चिलिम हुक्कामा राख् न ।"

महतोले दुई चार सर्को चुप लागेरै ताने अनि "लौ सुत्न जाऊँ" भनेर उठे । उतराहे र बदरिया आफ्ना घरतिर लागे ।

गाउँमा लगभग एक सातासम्म घटना सम्बन्धी उकुसमुकुस बढ्दै गयो । बुढापाकाहरू लाजले निहुरेका थिए भने पट्ठाहरूमा त्यो विषय मोजमज्जाको थियो । पानी पनेरो, खेतखलामा र आइमाईको समाजमा कम्ती चर्चा थिएन ।

तयफवा, गाउँकी आलोचना-पत्रिका थिई, साऱ्है खस्री । कुनै पनि विषयले उसको जिभ्रोमा पिरो बाहेक अन्य कुनै रस पाउँदैनथ्यो । तर मनकी सफा । एक दिन घुरहु महतोकहाँ दाल माग्न आउँदा उसले महतिनीसँग भनी– "दिदी, यस्ती दिदाको दब्बर अऋसम्म गाउँमा कुनै बहुरिया आएकी थिइन । हुन त संसारमा हावा बयार (बयाल) नलागेको रुख त होला, तैपनि आँखा ओत पहाड । तर यसरी सारा गाउँको छातीमा मुङ दल्ने यो सोनवा छुच्ची नै हो । मान्दछु लोग्ने गोज्याङ्ग्रो छ, गाँजा खाएको नसामा कहिले काहीं पिट्छ । तर हामीले पनि आफ्ना आफ्ना मरद, सासू र ससुराका कम्ती सहेर गृहस्थी चलाएका छैनौं । बयस (बैंस) छँदा यो त भइ नै रहन्छ दिदी, होइन ?" महतिनीले दाल दिँदै उत्तर दिइन्– "तयफवा जुग (युग) पल्टेछ, छोरी बुहारी त मरद पट्ठाका कान काट्ने पो भए । मेरी छोरी बुहारी भए भुतहवा तालमा लगेर बोरि दिन्थें, तर हेर न अलगुवाको चाला, चारैतिर नालिस गर्दै, गुहार लगाउँदै घुमि रहेछ । मान्दछु कि सोनवा जङ्गरेत (जाँगरिली) थिई, घरखेतको कामधन्धामा त ऊ जस्ती दरिली, बलियी गाउँमा को होली ? तर कामधन्धा त सोनवा नभएको घरमा पनि त चल्छ । पिटचो भने पिटचो; सिन्दूर हालेर ल्याएकी स्वास्नी नै त हो नि ! लोग्नेले कहिले पिट्छ त कहिले काखमा पनि बसाल्छ । तर यसले त अचाक्ली नै गरी ।"

"हो दिदी, अचाक्ली नै त हो ।" दाल पोको पारेर उठ्तै तयफवाले भनी– "महतोसँग भन्दिनुस्– यसमा हामीले केही बोल्नु पर्दैन । जो आगो खान्छ, अँगार उकेल्छ (ओकल्छ) पनि । रुपियाँवालाकहाँ गइछ मोज गर्न, भोलिदेखि नै गोठघारीमा, खेतखलामा मनोहरले नजोताई छोड्छ र ? अनि थाहा पाउँछे ।"

यसरी गाउँमा मानसिक क्षोभ र उत्तेजनाको वातावरण बढ्दै गए पनि घटनाको टुङ्गो लाग्ने छेउ भेट्टाउन सकिएन ।

कहाँसम्म भने घुरहु महतोको बल पनि यसमा लाग्दैन भन्ने कुरा मानिसहरूले गर्न थाले । कुरा त के थियो भने मनोहर गाउँमा सबैभन्दा ठुला रैती । पैसाको कमी थिएन, अड्डा अदालतमा पनि ऊसँग बाझ्ने र बाझेर जित्ने कसैको आँट थिएन । उता मनोहर चाहिँ कस्सिएर पनि बसेको थियो । गाउँमा ऊ सबभन्दा ठुलो भएर पनि घुरहुको निःसन्दिग्ध प्रतिष्ठामा उसको स्पर्द्धालाई सधैं निहुरनै परेको इतिहास थियो । मुखले केही नबोले पनि गाउँको नेतृत्व उसको हातमा आउँदै नआउने कुराको पिर, क्षोभ उसलाई कम्ती थिएन । हुन पनि हो, कसैलाई अन्न घटचो, बिउ

छैन, एउटा बैल मऱ्यो र अर्को किन्नु पऱ्यो, पैसा छैन भने मनोहरकै देहार (द्वार) सबैलाई हेर्नु पर्छ, ब्याज उसले कसेर जरुर लिन्छ, तर परेको वेला बखतमा सारा गाउँको काम उसबाटै त चल्छ । ऊसित कुनै न कुनै बखत डिच्च परि माग्न आएको छैन ? तैपनि गाउँको निर्णय निसाफमा घुरहुकै एकलौटी राज्य छ । मनोहरले यसपालि आँटि सकेकै थियो कि हेरूँ सोनवाको कुरामा मलाई कसले ठुकाउन आउँछ । ठुक्नु पर्ने पनि किन ? सोनवालाई उसले बुहारी तुल्याएँ भनेको छैन । बेग्लै कोठामा ऊ बस्छे, जाँगर चलाउँछे र खान्छे । कसैले मनोहरलाई भन्नु पर्ने ठाउँ नै कहाँ के छ र ? मनोहरको अन्तर चेतनामा कहिले काहीं यो विचार पनि अवश्य आउँछ कि पछि छोराले सोनवालाई फकाउन सक्यो र उसले पनि यति जायजेथाकी मालिक्नी हुन पाउने लोभ सँगाली भने अलि अप्ठ्यारो पर्छ । तर यो पछि परन्तुको कुरा हो, यसका लागि 'पछि देखा जाला' भन्ने मनोहरको आँटको आड थियो । सोनवा साँच्चिकै सुन नै हो । घरमा परे घर चहकिलो हुने, लक्ष्मी पनि बढ्ने । कुन्नि कुन अभागले ऊ अलगुवा जस्तो दरिद्रकहाँ परी । साँच्चिकै भन्ने हो भने त्यो त मनोहरकै घरमा सुहाउने दुलही पो त । मनोहरको मनमा के लाग्यो भने कदाचित् यो भाग्यकै पल्टाबाजी हो कि सोनवा अब उसको घरमा पर्ने भइछ । तर यस लोभलाई मनोहरले कहाँसम्म निगूढ पाऱ्यो भने उसले आफ्नै छोरो पर्यन्तसित यसतिर कुनै सङ्केत गरेको थिएन । अहिले त एकातिर घुरहुको नेतृत्वको फैसला छ, अर्कातिर उसको आँट छ ।

पाँच सात दिनसम्म घुरहु महतोकहाँ सारा गाउँलेहरूले क्रमशः विचार पोखे, आलोचना मन्तव्य प्रकट गरे, इज्जतमा दुख अपमानको कुरा गरे तर पनि घुरहुको कुनै चालचुल, फुर्ती, तत्परता नपाएर, अब एक तवरले बिस्तारै सबै हताश हुन लागेका थिए । सबैको मनमा यो परि सक्नै लाग्यो कि यसपालि मनोहरसित भिडन्त छ, घुरहुको केही लाग्दैन, हार्नु पर्ने डरले उनले केही बोल्दैनन्, तैपनि महतोको अऋसम्मको उदाहरणमा हारजितको कुनै लोभ स्पर्द्धा नभई विशुद्ध सेवा निसाफकै इतिहास भएकाले अव्यक्त मनश्चेतनामा घुरहुप्रतिको आस्था सम्पूर्णतः मृतप्रायः भएको थिएन । अन्ततः एक दिन गाउँमा पञ्चायत बोलाउने निधो भइ छोड्यो । तर कुरो आयो पञ्चायत बस्ने कहाँ ? घुरहु महतोकहाँ पञ्चायत जोर्न भएन, त्यहाँ कदाचित् मनोहर आउने पनि होइन, अलगुवा ऋगडिया, उजुरिया नै भयो, अरू सबै मनोहरका खतुका नै छन् । एउटै थियो– उतराहेको घरको ओसारा । उसको घर पनि मनोहरकै टोलमा छ, कहिले काहीं ऊ उनीकहाँ आएर बस्न पनि बस्छ । त्यहाँ मनोहर आएको बखत उतराहे महतोले त्यसलाई तमाखु खान बसाल्ने र यसै बखत एक जना, दुई जना गरी सबै त्यहीं पुग्ने ! सबैभन्दा पछि अलगुवाले आएर पञ्चायतमा आफ्नो उजुरी चढाउने ! यद्यपि पञ्चायत बस्ने कुनै दिन तोकिएको थिएन, तैपनि यो निश्चय त्यहाँ आएकाहरू बाहेक अरू कसैले थाहा पाउने गरी नफुटोस् भन्ने सख्त मनाही भयो । गाउँका पट्ठाहरू खास गरी आइमाईहरूले थाहा पाउनै हुँदैन भन्ने सतर्कताको कुरा सबैले मानेका थिए ।

साँझ परि सकेको थियो । उतराहेको घर अगाडिको कउडामा हरियो चना पोली उत्साहसाथ होरहा तयार गरिन लागेको थियो । हरियो लसुन, खोर्सानी, नुनको चटनी एउटा अल्मुनियमको रिकापीमा तयार थियो, बरन्डामा जाजिम ओछ्याएको थियो । यस फसलमा आज उतराहेकहाँ चनाको होरहा खाने आयोजना थियो । यसपालि उनको तलहियामा लागेको चना बाली हेर्ने बित्तिकै आँखा शीतल हुन्थे । एकातिर एउटा ठुलो कसौंडीमा गुड घोली दुई जना उत्साही पट्ठाहरूले रस पनि तयार गर्न लागेका थिए । चनाको होरहा खाई पचाउनलाई रस नभई हुँदैन । उतराहेको छोराले एक एक गरी अगि नै सबैकहाँ गई बोलाएर आइ सकेको थियो र एकेक गरी निम्त्याएकाहरू आउन पनि थालेका थिए ।

पोलेको हरियो चनाको होरहा चपाउँदा मुखभरि उठेको बासको रस लिँदै बदरियाले भन्यो– "काका ! लसुन, खुर्सानीको चटनीसित पेटभरि होरहा र एक गिलास रस पेटमा हुलेपछि स्वर्गको विञ्जन (व्यञ्जन) तुच्छ हुन्छ । यसपालि मेरो चना सप्रेन । केटाकेटी त्यसै रहने भए, अब त उतराहे काकाकै भरोसा छ ।" मनोहरले पनि हत्केलामा दलेर होरहाको भुस फ्याँक्दै भने– "तलहिया खेत हेरेर त उतराहेले यसपालि कममा पनि १० मनभन्दा कम्ती चना डेहेरीमा राख्ने छैनन् ।" "मनोहर महतो, तपाईंको आशिष फलोस्, आफूसँगै नदाँज्नुस् न । उतराहेको भाग्य सुनका कलमले लेखेको होइन; चार मनभन्दा बढ्ता भयो भने धन्य । डाँठ मात्रै हेरेर हुँदैन । हो, भुसाकुट्टी (एकनासे काटेर बनाइएको परालको भुसमा मिसाउने) भुस प्रशस्त हुने छ । पशुधनले आशिष दिन्छन्, यति मात्र ।"

मनोहर गम्म परे । धन र भाग्यको स्वीकृति गाउँमा उनकै छ । उत्साहसाथ भने– "होइन उतराहे ! घुरहु महतोको दाँतले काम दिनै छोड्यो कि, उहाँलाई देख्तिनँ, बोलाएका छैनौ ?"

जाजिम छोडी छुन नहुने गरी बेग्लै एउटा मचियामा बसेको रसिदाले आफ्ना बधनाबाट एक घुट्को रस निल्यो र भन्यो– "घुरहु महतोको हाड दधीचिको हो, यस उमेरमा पनि दाँत र आँखा जस्ताका तस्तै, उ: हेर्नु होस् न आइ पनि पुगे ।"

'काका', बदरियाले घुरहु महतोलाई सम्बोधित गर्दै भन्यो– "होरहा त चिसै हुन आँटचो, अब यस उमेरमा पनि कति काम गर्नु ? कहिलेदेखि कुरि राखेका छौं ।"

बस्दै घुरहुले भने– "कामधाम त सिद्धियो, अब त हामी घुर पो भयौं, एक ठाउँमा फालिएका पडि रहने । अलि भगवान्को नाउँ लिइ रहेको थिएँ । ढाड पनि दुखि रहेको छ, बुढ्याइँले छोप्यो ।"

बदरियाले होरहा रस अगाडि राख्यो । उतराहेले भन्यो– "बद्री ! महतोलाई होरहाको दाना नै सफा पारि दे न । तैंले पछि खान बसे पनि त हुन्छ ।" तर घुरहुले मानेनन् । उनले यतिन्जेल एक मुठी दाना तयार पारि सकेका थिए ।

एक छिन संलग्नतापूर्वक सब होरहा खानमा व्यस्त भए । यतिन्जेल उतराहेको छोराले मनोहरकहाँबाट उनको हुक्का बोकेर ल्यायो र त्यो देख्नासाथ बदरिया घुरहुकहाँ पनि हुक्का लिन दगुऱ्यो । होरहा सिद्धिएपछि सबैले रस पिए, गिलासहरू बटुलिए र अब तमाखु चल्यो तर एकाएक उपस्थित मण्डलीमा एउटा मौन हलचलले उकुसमुकुस गरेर स्पष्टै लक्ष्य गरियो ।

कुरा के थियो भने, कुन्नि कताबाट अलगुवा आएर बरान्दाको कुनामा उभि दियो र एकै छिन तयफवा आइ पुगेर उत्तर कुनाका भुइँमा नै बसी । वातावरणमा उद्विग्न मूकता भरिइ सकेको थियो र एक किसिमको सतर्कता जस्तो कुरो पनि सबैको जिउ र मनमा स्फुरित हुन लागेको थियो ।

अन्तमा बदरियाले मौन भङ्ग गर्दै सुँक्क सुँक्क गरि रहेको अलगुवासित भन्यो– "आइमाई जस्तो सुँक्क सुँक्क के गरेको ? भन्ने कुरा भने त भइ हाल्छ नि ।"

उत्तर तयफवाले दिई– "यहाँ सबै पञ्च बसेका छन्, आज सोनवा मनोहर दाइकहाँ बसिछ भने भोलि मेरा र यहाँहरूका छोरी बुहारीले पनि बाटो नसमाती कहाँ छोड्छन् र ? यतिका दिन भइ सक्यो, गाउँले यसको कुनै निधो गरेन, पञ्च, यो क्या हो ?"

यत्तिकैमा हस्याङफस्याङ गर्दै म[illegible]को पट्ठो छोरो पनि आइ पुग्यो । उसले भरखर तयफवा र अलगुवा यतातिर आउन लागेको थाहा पाएको थियो । सोनवा उसको घरमा थिई, बाबुको शक्ति कम्ती छैन भन्ने उसको [illegible]वास थियो । साल, छ महिना बिस्तारै सँगसँगै खेतखलाको काम गर्दै, माया बढ्दै गयो भने उसलाई अपनाउन

सकिन्छ र फेरि घर गृहस्थीको कम्ती सुख पाईदैन भन्ने उसको अभ्यन्तरमा मूक लोभको प्रभाव परि सकेको थियो । सोनवा राम्री त कम्ती छैन । बाहुन ठकुरीकी छोरी जस्ती देखा पर्छे, किसान, कुर्मी, कोहाँरकी स्वास्नी त उसलाई कसैले भन्नै सक्तैन ।

तयफवाको कुरा सुनेर दुई मिनेट जति वातावरण एकदम मौन भयो । अन्तमा खोक्तै बद्रीले भन्यो– "मनोहर काका, अलगुवाको घरै बिग्रन लाग्यो, बुहारी नै उसको छोरो हो, नत्र त्यस्तो गोज्याङ्ग्रो छोराको भरमा अलगुवालाई पहिले नै जोगी भइ सक्नु पर्थ्यो । तर अलगुवा, तँ पनि त उसलाई मनाउन गइनस्, बुहारी नै हो भने पनि उसलाई सम्झाई बोलाउन गएको थिइस् ?"

आँसु पुछ्तै अलगुवाले भन्यो– "बद्री दाइ ! ठुला बडाले पनि विचार गर्नु पर्ने हो, ऊ महतोको घरमा गएकै बखत सम्झाई हप्काई पठाइ दिनु पर्ने थियो । तर बद्री दाइ, इज्जत त लुटियो, अब घरमा एक मुठी अन्न पनि आउने होइन । खेतखला उजिएरै जाने भए । बद्री दाइ, म बिग्रैं, नासियो.....!" अनि ऊ फेरि सुँक्क सुँक्क गर्न थाल्यो ।

मनोहर महतो अझ पनि चुप नै रहे । उनले कुनै उत्तर दिनु पर्ने प्रश्नै आएन । घुरहु निस्पृह भावले सर्को तानि रहेका थिए । ५–७ मिनेटसम्म वातावरण पुनः मौन रह्यो । अन्तमा साहससाथ बदरियाले नै अर्कोतिर मुख फर्काएर भन्यो– "मनोहर काका, केको झन्झट ! सोनवालाई पठाइ दिनु होस्, अलगुवा गरिब पनि तपाईंकै शरणमा छ । उसको त छोरो भने पनि बुहारी भने पनि सोनवा नै रहिछ, बाली भित्र्याउने ताउर (मिचो) को बखत आयो, अन्न सँगालिएन भने बिचरा भोकै मर्ने छ । हटाउनुस् यो टैटन्टा है, मनोहर काका !"

"कस्तो कुरा गर्छस् बदरिया !" हुक्का अलि पर सार्दै मनोहरले तन्केर भने– "यो मजुर (मजदुर) को कुरा हो, कटाइ, रोपाइँ, निराइँमा साराले जो जो जहाँ पाए मजुरहरू तसल्ल गर्छन्, कसैको मजुर कसैले नछुटाउने र हानथाप नगर्ने संसारका गाउँहरूको चलन नै हो । कटाइको बखत, सोनवा मजुरी बसिछ, कसरी भन्छस्, पठाइ देऊ ?"

कुरा अकाटच थियो । ताउरको बखत कसैको कसैले तसल्ल भएको मजुर नफोर्ने, नहटाउने गाउँको चलन नै छ । कसैले बोल्नु पर्ने ठाउँ नै भएन । पञ्चहरूको मुठीबाट विवादग्रस्त विषय नै खुस्किएर जान लाग्यो । फेरि सबै चुप लागे, अब खालि महतोकै भर देखियो । उनी अझसम्म केही बोलेका थिएनन् । तर अनिच्छा भए पनि घुरहुले थाहा पाइ सकेका थिए कि गाउँघरको इज्जतको यस प्रश्नमा उनी चुप रहेर काम चल्ने भएन । सर्को तान्दै भने– "मनोहर भाइ ! सोनवा मजुर होइन, तपाईंकी हाम्री छोरीबेटी पनि हो । अलगुवाको आफ्नै बाली काट्नु पर्ने छ । उसले मजुरी गर्न पठाएको होइन, छोरी बुहारी नकच्चरी नभए सोनवालाई तपाईंकहाँ जानु पर्ने कुरै थिएन । मेरा र तपाईंका पनि छोरी बुहारी छन्, यो विचार राख्नै पऱ्यो । सोनवालाई पठाइ दिनोस् ।"

हतारिँदै मनोहरको छोराले नै अगि सरी भन्न थाल्यो– "काका, मुख नखुलाउनोस्, कटाइको याम छ, सोनवा तपाईंकहाँ नै गए पठाउनु हुन्थ्यो । मेरो त खस्रो कुरा हुन्छ । मकहाँ बेग्लै कोठामा बसे सोनवाको इज्जत जाने, तपाईंको घरभित्रै बसे सबैको इज्जत रहने भन्ने कुनै द्यौताइ तपाईंकै निम्ति छैन । तर..."

"चुप लाग् पाजी !" छोरालाई हपार्दै मनोहरले भने– "घुरहु दाइ ! कुरा ठिकै गर्नु भो, तर मकहाँ बसेर सोनवाको इज्जत जाने र तपाईंकहाँ भए नजाने कुरा मैले बुझिनँ ।"

यो कुरा अवश्य घुरहुको सर्व मान्यतामा चोट थियो । हो, यसैका लागि मनोहर आज उद्यत छन् । घुरहुले पनि बुझे, अरू साराले पनि थाहा पाए । तर तयफवा चुप लागी बस्न सकिन । उसले भनी– "मनोहर दाइ ! कुरा नबढाउनोस्, तपाईंका छोरा र तपाईंको पनि आँखा सोनवामाथि गडि रहेको अरूले नबुझे पनि हामी आइमाईले

थाहा नपाउने होइनौं । ठुलो हुँदैमा अर्काको इज्जत नमान्ने अख्तियार कसैको हुँदैन । सोनवालाई पठाइ नै दिनु पर्छ ।"

"तैंले भन्दैमा पठाइन्छ र ! बडी आइछस् इज्जतवाली ! आफ्नो कुरा त पहिले हेर् ।" आँखा राता पार्दै मनोहरले भने । अब सबैको टाउको गरम भयो । तयफवामाथि यो सोझै आक्रमण थियो, अझ ऊ आइमाई हो ! खालि अन्नधनको गर्मीले त त्यसरी गाउँको इज्जत नै नमान्न कहाँ पाइन्छ र ! तर उग्रतासाथ मनोहरसित कुरा गर्ने पनि कोही भएन । लगभग सबैलाई परि आएको बखत मनोहरकहाँ नै पुग्नु पर्थ्यो, झगडा गरेपछि कसले कुन मुख लिएर उनीकहाँ जाने । एउटा निर्बल, निरुपाय, विवश उद्वेग एकातिर थियो र अर्कातिर सबैको हेठी भइ रहेको बोधले साराको मानसिकतालाई जोडसित घचेटि रहेको थियो । घुरहु महतोको अनुभवी मनले पञ्चायतको तात्कालिक आवेग थाहा पाइ सकेको थियो । उनले एक पटक चारैतिर नजर घुमाए, यतिन्जेल त्यस बरामदामा र तल पनि गाउँका बुढापाका, प्रौढ, जवान र आइमाई, आमा, छोरी, बुहारीहरू पनि धेरै आइ पुगेका थिए । सबैका आँखा घुरहुमाथि नै थिए– कुनै निर्णयको खोजीमा, कुनै उपायको खोजीमा, कुनै परिहारको आशामा । घुरहुले भने– "मनोहर भाइ ! कुरा आज मजुर मजुरीको होइन, कुरा छोरी बुहारीको हो । जुन सोनवा तपाईंकहाँ बसिछ, त्यो मजुरी गर्न आएकी होइन; पोइसँग झगडा गरी गएकी छ । झगडा लडाइँ रोजिन्दै सबैकहाँ हुन्छ, छोरी बुहारी रिसाएर एक छिनका लागि घर छोड्ने धम्की देखाउँछन् । तर गाउँको चलन यही हो कि रिसाएर आएकीलाई गृहस्थीहरूले सम्झाई बुझाई उसको घरमा लगी घरवालाहरूलाई पनि हपारी सुम्पन्छन् । यो मान मर्यादाको कुरा हो, दुबै पक्षको बडप्पन र भलापन यसमा बाँच्छ, पलाउँछ । आज पनि त्यही कुरा आएको छ । गाउँमा अझसम्म चलि आएको कुरालाई यदि लत्त्याउनु हुन्छ भने तपाईंले भन्नु पर्छ कि गाउँकी छोरी बुहारी वेश्या पतुरिया (नाच्ने) हुन्, भन्न सक्नु हुन्छ यी कुरा..... ?"

प्रश्न निर्णायक थियो र यसले गाउँलेहरूमा मर्यादा बोध यसरी जाग्रत् भएर आयो कि उस बखत एक छिनलाई तात्कालिक रूपमा मनोहरको गाउँमाथिको महाजनी प्रभाव कुन्नि कता लोप भएर गयो । मनोहर पनि हच्क्यो नै ! तर उसका स्पर्धाले सहारा दियो, उसले पनि चारैतिर नजर घुमायो; धेरैजसो उसका खतुका नै थिए र व्यावहारिक जीवनमा उसमाथि आश्रित । बनियापनको सैतानले आँखा खोल्यो, मनोहरले दुई टुक्रा कुरा भने– "घुरहु महतो ! कटाइको ताउर छ, सोनवा मकहाँ मजुर बसि सकी, कटनी नसकुन्जेल उसलाई मैले छोड्ने कुरा नै छैन ।"

मनोहरको यस स्थितिमा पनि, त्यस्तो दृढताको कुराले एक पटक पुनः उसको महाजनी तागतको सम्झना वातावरणमा आएर गाउँको तात्कालिक सम्मान बोध अलि शिथिल जस्तो हुन लागेको प्रस्टै देखियो तर घुरहुको दृष्टि यतातिर थिएन । त्यस गाउँले किसानमा उनको सहज प्रकृति नै अब उद्वेलित थियो । घुरहुले भने– "सोनवालाई मजुर बाहेक अरू केही पनि नदेख्ने त मनोहर भाइ ?"

"अरू देख्ने कुरै के छ र ! काम गर्छे, खान्छे । छुट्ने बखत १०–२० रुपियाँ पनि उसको हातमा हुन्छ ।"

"तब, सोनवा तपाईंकी छोरी बुहारी होइन ?"

"कामको बखत मजुर, नत्र छोरी बुहारी गाउँभरिकै त हो नि !"

"तपाईंलाई मजुर मात्र चाहियो, होइन ?"

"हो !" मनोहरको निश्चित उत्तर थियो ।

"त्यसो भए एक छिन पर्खनुस्, म मजुर ल्याइ दिन्छु । पञ्च भाइहरू पनि बसि राख्नू, मेरो बिन्ती छ, म अहिल्यै आएँ ।" यति भन्दै महतो उठे । सबै अवाक् थिए, बुझ्नै सकेनन् घुरहु कता, के गर्न जान लागेका छन् । घुरहु

लम्कँदै आफ्ना घरतिर पुगे र सरासर घरमा पसी 'रतिया रतिया' भनी कराए । महतिनी हतपताउँदै "के हो, के भयो" भन्दै अगाडि उभिइन् । तर घुरहु पुनः कराए– "छोरी, रतिया, यता आइज बेटी ।" बारीमा रहेकी 'रतिया' पनि आई, उसका हात माटाले मुछिएका थिए । केही काम गर्न लागेकी छोडेर दगुरेकी थिई । हेर्ने बित्तिकै घुरहुले छोरीको हात समाती तान्दै बाहिर लान खोजे । महतिनी हतारिँदै भन्न लागिन्– "यो के गरेको, त्यो अर्काकी बुहारी हो, चार दिनलाई माइत आउँदैमा त्यसको इज्जत बिर्सन पाइन्छ र ! कहाँ जान लागेको ! के बहुलाउनु भएको हो ?" तर महतिनीको कुरा घुरहुका कानमा नै पुग्न पाएन, उनी छोरीलाई तान्दै बाहिर निस्कि सकेका थिए ।

छिनभरिमा नै उतराहेको घरको बरान्दामुनि छोरीको हात समाति राखेका घुरहु आई उभिए ! बुबा छोरीलाई यसरी उभिएको देखेर पञ्चायतमा कुनै अनिश्चित अकल्पनीयताको लहर दगुऱ्यो, कुन्नि कस्तो आशङ्का सबैमा व्याप्त भयो । वातावरण एकदम निर्वाक् थियो । घुरहुले बरान्दामुनि उभिएर भने– "मनोहर भाइ ! तपाईंलाई मजुर चाहियो, मलाई गाउँकी छोरी बुहारी प्यारा छन् । मेरी छोरी यो 'रतिया' अर्कै गाउँकी बुहारी भइ सकेकी छ । अहिले माइत आएकी, म यसको हेरचाह गर्ने मात्र हुँ । यो खालि मकहाँ राखिएको नासो मात्र हो । जसरी मकहाँ यो रहन्थी, त्यस्तै तपाईंकहाँ पनि रहन सक्छे । यसको बिहा गर्दा तपाईं र तपाईंकी महतिनी बुहारीले पनि यसका खुट्टा धोई पुजेर गोडधुवा, दक्षिणा चढाउनु भएकै हो । यो नासो तपाईंकहाँ छोड्न मलाई कुनै शङ्का छैन । सोनवालाई पठाइ दिनोस्, रतियाले तपाईंको मजुरी गरी, कटनी सिद्धचाइ सकेपछि मात्र यसलाई सम्धीकहाँ बिदा गरी पठाउने छु ।"

निस्पृहको टाउको सर्वत्र ठाडो रहे झैं उन्नत भएका घुरहु त्यति भनेर तलै उभि रहे । पञ्चायतको वातावरण यस बखत मानिसको त्यसै अन्तर्वेदनाले व्याप्त थियो, जसमा संसारको कुनै पनि अप्ठ्यारोपनाले कुनै अवरोध पार्न सक्तैन, बाटो छेक्न सक्तैन । साराका अनुहार तम्सिएर गएका थिए, साराको चेतना यस बखत मर्यादाको उच्च स्तरीय प्रभावले व्याप्त भएको थियो । तर मनोहर पनि कम्ती खेलाडी थिएनन् । नैतिकताप्रति आफ्नो मर्यादाको दाउ थापी घुरहुले पाउन खोजेको श्रद्धाको बाजी त्यसै कहाँ जित्न पाइन्छ र ! मनोहर यसरी पछारिने होइनन् । दीर्घ कालीन अनुभवशीलताले मनोहरको त्वरित् बुद्धिलाई घचघच्यायो र तुरुन्तै एउटा निर्णयमा पुगी उनले उठेर जाजिममा परि रहेको आफ्नो गम्छा दुई पटक फड्कारे र काँधमा राख्दै भने– "घुरहु दाइ ! तपाईंको छोरो बाँचोस् ! मैले मजुरको सट्टा मजुर पाऊँ । पञ्चहरू ! अब आफ्ना घरमा जानोस्, सोनवा अहिले अलगुवाकहाँ पुग्छे, पञ्चायत सिद्धियो ।" बरान्दाबाट ओर्लँदै उनले भने– "बेटी रतिया, आइज मकहाँ । तेरो बाबुले तँलाई मकहाँ मजुर बसालेका छन् । बौलाही, हिँड्, मैले आफ्नो मजुरलाई घुरहुभन्दा कम्ती खान दिने होइन अनि मनोहर कतैतिर नहेरी आफ्नो घरतिर बढे । हाँस्दै रतिया पनि उनको पछि लागी । छिनभरिमा नै यो घटना घटित भयो, कसैले निधो नै गर्न सकेन कि यो के भइ रहेको छ, गाउँका यी दुई ठुला बडाहरूले के गर्न लागेका छन् । सारा किंकर्तव्य विमूढ थिए । मनोहर गइ सकेपछि घुरहु पनि आफ्नो घरतिर लागे र एउटा अनिश्चित अनिर्णीत मानसिकताका साथ त्यहाँ बसेकाहरूले पनि एकेक गरी आफ्ना आफ्ना घरतिरको बाटो समाते । यद्यपि तिनीहरूभित्रको उद्विग्नता अझ शान्त भएको थिएन । रतिया मनोहरकहाँ नै बस्न थाली । सबैले यो पनि देखे कि महतिनीले आफूसँगै उसलाई खेतखलामा परि आएको काममा लान्थिन् र गाउँका कसैले पनि रतियासँग कुरा गर्ने मौका नै पाउँदैनथ्यो । कुन्नि कुन सतर्कताले हो, रतियालाई महतिनीले एक छिन पनि नजर ओत गर्दैनथिन् । तयफवाले कताबाट थाहा पाएर हो, गाउँमा यो कुरा पनि फिँजाई कि रतियालाई महतिनीले आफूसँगै खुवाउने र सुताउने पनि गर्थिन् । गाउँको उद्विग्नता यही मौनताभित्रै उकुसमुकुस गरि रहेको थियो, कुनै बाटो पाइँदैनथ्यो कि मानिसको मनभित्रको उद्वेलन निस्कोस्, आफ्नो सहजता प्राप्त गरोस् । गाउँवालाले निधो नै गर्न सकेनन् कि रतियालाई मनोहर महतोले साँच्चिकै मजुरी नै गराएर छाड्ने

हुन् अथवा के गर्ने हुन् । यता घुरहु महतो सधैँ घोरिई नै बसि रहन्थे । उनीसित कसैले रतियाको कुरा उठाउने साहस पनि गर्दैनथ्यो, भय थियो, यस्तो कुराबाट महतोलाई सहि नसक्नु पिर पर्दछ कि ? घटनाजन्य उद्विग्नता खप्न नसकेर गरिब अलगुवाले सबैसित बिस्तारै भन्न थाल्यो– "हरे, म अधर्मीले गर्दा यो कुन पाप भइ रहेको छ, रतियालाई नै मजुरी बस्नु पर्ने हो भने सोनवालाई नै मनोहरको काम गर्न लगाइ दिनु पऱ्यो, मर्नु परे बरु म भोकै मरुँला, तर यहाँ पनि दरिद्रता भोग्नु र परलोकमा पनि यस पापको नरक भोग कसरी खपुँला..." इत्यादि । तर गाउँले मानसिकताले यसमा ऋन् अपमानको बोध लिने गरी अलगुवाको आन्तरिक हाहाकारको कुनै टुङ्गो नै लाग्न सक्तैनथ्यो । ऊ विवश भई छटपटाइ मात्र रहन्थ्यो ।

मूकता, क्रोध र विवशताको यो अन्तर सङ्घर्षले सीमा छोड्नै आँटेको थियो कि घटनाको लगभग १५ दिनपछि रतियाका ससुरा गाउँमा बुहारी लिन भनी आएको सबैले थाहा पाए । फेरि तुरुन्तै समय अनुसार तयफवाले यो खबर पनि फिँजाई कि गाउँ बाहिरै मनोहरले रतियाको ससुरालाई भेटी आफ्नै घरमा लगी बसालेका छन् र भरमग्दुर, खरखातिर, मान सम्मान, सेवा सुसार पनि गर्दै छन् । खबर पाएर घुरहु महतोको मुख ऋन् कालो भयो, घरमा उनकी महतिनी भने जोरसित कराएर त होइन, तर भित्रभित्रै सुँक्क सुँक्क रुन थालिन् । बिचरीको निर्बल प्राण मुटु नै फुटालेर निस्कने जोर गर्न थाले पनि निस्कन पाउँदैनथ्यो । दुई दिन यसरी नै बित्यो र तेस्रो दिन बिहानै गाउँलेहरूले देखे मनोहरकहाँ घरको बाहिर चोकमा चार पाँच जोर रातो, पहेँलो रङ्गको र मुख कहतारोले छोपी चामलको गिलो पिठोले टाँसी बन्द गरिएका घ्याम्पाहरू राखिएका छन् । घरको मूल ढोकाबाट छिन छिनमा मानिस, केटाकेटीहरूको बाहिर भित्र गर्ने लगातार क्रमले, त्यस घरमा केही हुन लागेको छ कि भन्ने हडबड, हतारोपना, तत्परता इत्यादिको बोध पनि गाउँलेहरूले गरे, तर सारा स्तब्ध थिए । अन्ततः घाम निस्केको एक घण्टापछि नै सबैमा यो प्रकट नभइ रहेन कि रतियाको बिदाइ मनोहर महतोले नै गर्न थालेका छन् । गाउँमा एक छेउदेखि लिएर अर्को छेउसम्म, एकाएक त्राणको वेगवान् लहर दगुरे झैँ भयो । कल्मष, क्लेश, कटुता छिनभरिमा नै कुन्नि कता बिलाएर गई गोटिहवा गाउँले मानौँ एक युगपछि आफ्नो गाउँले सहजता पाउन गयो । अब कसैले पनि मन थाम्न सकेनन् र छिनभरिमा नै गाउँका बुढा, जवान, केटाकेटी, सासू बुहारी, छोरीबेटी सबैको मनोहरको आँगनमा भेला हुन गयो । हर्षको त्यस अनौठो प्रवाहभित्र अन्तमा गाउँलेहरूले यो पनि देखे– बिहा बिदाइमा दिइने दाइजो जस्तै कैयौँ वटा चिप्ला रेसमी सारी, राता पहेँला चोला र अन्न तथा मिठाईले भरेका ४-५ जोर घ्याम्पा समेत पछि पछि लाएर रतियालाई लिई मनोहरकी स्वास्नी महतिनी घरबाट बाहिर निस्किन् । चलन अनुसार सम्धी पुऱ्याउन मनोहर पनि गाउँ बाहिरसम्म गए । क्रमशः यो भिड अर्को गाउँको सिमानासम्म पुगेर अड्यो र छुट्टिने बखत त्यहीँ बाटामै एक छिनसम्म छोरीबेटीको बिदाइका बखत हुने केही करुण शिष्टाचार र आँसुका आदान प्रदान पनि भए । तर यस क्रममा अनावश्यक रीतिले अलि बढ्ता समय लगाएरै पर्खे पनि मनस्वी घुरहु त त्यहाँ आउँदै आएनन् र बुबाआमा नभएरै मनोहरको पितृत्वमा नै रतियालाई बिदा गरी पठाई सबै फर्के । पछि गाउँमा पुगेर मात्र घुरहुकी महतिनी मोहको स्वरमा रुन थालेको सबैले सुने ।

यसरी रतियाको बिदाइ भयो, अलगुवाले पनि सोनवालाई आफ्नै घरमा अब राखि नै रहने कुराको पनि टुङ्गो लाग्यो, तर यसपालि पनि गोटिहवा गाउँमा यसको टुङ्गो लाग्न सकेन कि 'गाउँका एउटा बलिया र अर्का गरिब, तर दुई विभिन्न मर्यादाका प्रतिस्पर्द्धीहरूमा कसको जित भयो कसको हार ?'

(साझा कथाबाट)

कथाकार परिचय

भवानी भिक्षु (वि. सं. १९७१–२०३८) नेपाली साहित्यका प्रसिद्ध आख्यानकार हुन् । उनले **गुनकेशरी**, **मैयाँ साहेब**, **आवर्त** जस्ता कथा सङ्ग्रह, **आगत**, **पाइप नं.** २ जस्ता उपन्यास तथा **छाया**, **प्रकाश** र **परिष्कार** जस्ता कविता सङ्ग्रह रचेका छन् । उनले रचेका कथाहरूमा एकातर्फ नेपालका पश्चिम तराईका सामाजिक जीवनको यथार्थ चित्रण पाइन्छ भने अर्कातर्फ मानव मनका अनेक थरी भावना तथा ग्रन्थिको मसिनो र गहिरो चित्रण भेटिन्छ । उनैले रचेको एक सामाजिक मनोवैज्ञानिक कथा **हारजित** हो ।

शब्दार्थ

१. **'हारजित' कथामा प्रयोग भएका अवधी भाषाका निम्न लिखित शब्द, शब्दावली, टुक्का र उखानको अर्थबोध गर्नु होस् :**

मरदसबाज– पुरुष प्रतिनिधि, मर्द सरहको व्यक्ति ।
मचिया– डोरीले बुनिएको काठको पिर्का जस्तो चार खुट्टे आसन ।
दिदाको दब्बर– मिचाहा, जब्बर ।
आँखा ओत पहाड– आँखाबाट ओझेल रहेको पहाड ।
डेहेरी– काँचो माटाले बनाएको गाग्री जस्तो अन्न राख्ने ठूलो भाँडो ।
कउडा– आगाको धुनी ।
होरहा– ऱ्याम्टासँगै पोलेर खान योग्य बनाइएको चना वा केराउ ।
जाजिम– ठुलो दरी ।
बधना– एक प्रकारको भाँडो ।
घुर– पराल आदिको ऱ्यासऱ्फुस, पात पतिङ्गर वा त्यसको थुप्रो,घुरान ।
मिचो– चटारो ।
द्यौताइँ– देउताको बोली ।
हेठी– मानहानि

२. **तलका 'क' वर्गका शब्दहरूसँग मिल्ने अर्थ 'ख' वर्गको शब्द समूहबाट छान्नु होस् :**

'क' वर्ग	'ख' वर्ग
(१) मूक	(१) चलाक, लाटो
(२) स्पर्धा	(२) दौड, होडबाजी, ढाड
(३) उद्यत	(३) तत्पर, अल्छी, व्यापारी
(४) अभ्यन्तर	(४) अन्तर, भित्री मन, यन्त्र
(५) अवाक्	(५) दुर्वाच्य, दुर्बोध, निर्वाक्
(६) त्वरित्	(६) वेगवान्, चोर, साधु
(७) निस्पृह	(७) सभ्य, वैरागी, योग्य
(८) उद्वेलन	(८) छचल्काइ, ढल्काइ, हँसाइ
(९) किंकर्तव्य विमूढ	(९) झमेला, बिलखबन्द, सक्रिय
(१०) मनस्वी	(१०) लोभी, मनपर्ने, मनकारी

पठन बोध

तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् :

भुइँ र गोधनको यति सम्पन्नता भए पनि गाउँको आत्मा घुरहु महतो नै थिए । कसैले कसैमाथि सामाजिक अन्याय गऱ्यो, घुरहु महतो गोहारिन (गुहारिन) गए; कसैको घरखेत कसैले दबायो, घुरहु अगाडि सरे, कोही असहाय अवस्थामा पऱ्यो, घुरहु उसका लागि विह्वल भए । यस्तै आज अलगुवाको मर्यादा जान लागेको छ, गोज्याङ्ग्रो छोराले गाँजा खाई पिटी पिटी उसको सुन जस्तो आङ बङ्ग्याइ दियो । ऊ केही नलागेर गई । जाँगर चलाए जसले पनि ख्वाउँछ, माया गर्छ । तर जग्गे प्रदक्षिणाको सात फेरोमा बाँधी, बाजा बजाई ल्याएकी बुहारी आफू छैदैमा अर्का घरमा गई बसेकी छ, लाजभन्दा बढी के काल हुन्छ र ! यी जम्मै कुरा महतोले थाहा पाइ सकेका थिए । अलगुवाले पनि दुई दिनदेखि मौका छोप्न खोज्दै बल्ल पोखरीको डिलमा एकान्त पारी महतोलाई भेट्टायो । उनीसँग दुख पोख्यो, रोयो, गयो । महतोका लागि यतिले नै पुग्यो ।

प्रश्नहरू

(क) घुरहुलाई गाउँको आत्मा किन भनिएको हो ?

(ख) घुरहु के कस्ता सामाजिक काममा अगाडि सर्थे ?

(ग) सोनवा किन घर छाडेर गई ?

(घ) कालभन्दा लाज किन डरलाग्दो हुन्छ ?

(ङ) अलगुवाले घुरहु महतोसँग किन दुख पोखेको हो ?

अभ्यास

१. कसले कसलाई भनेको हो ?

(क) दिदी, यस्ती दिदाको दब्बर अऋसम्म गाउँमा कुनै बहुरिया आएकी थिइन ।

(ख) बदरिया, तमाखु खरानी पारेरै छोड्छस्, चिलिम हुक्कामा राख् न ।

(ग) कामधाम त सिद्धियो, अब त हामी घुर पो भर्यौं, एक ठाउँमा फालिएका पडि रहने ।

(घ) तैंले भन्दैमा पठाइन्छ र ! बडी आइछस् इज्जतवाली ! आफ्नो कुरा त पहिले हेर् ।

(ङ) हरे, म अधर्मीले गर्दा यो कुन पाप भइ रहेको छ, रतियालाई नै मजुरी बस्नु पर्ने हो भने सोनवालाई नै मनोहरको काम गर्न लगाइ दिनु पऱ्यो... ।

२. 'हारजित' कथामा मनोहर र घुरहु महतोमध्ये तपाई कसको जित भएको ठान्नु हुन्छ, समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् ।

३. 'हारजित' कथामा गोटिहवा गाउँका के कस्ता स्थानीय विशेषता देखाइएको छ ?

४. तयफवा हक्की नारी हो भन्ने कुरा 'हारजित' कथाका आधारमा पुष्टि गर्नु होस् ।

५. 'हारजित' कथामा पाइने सामाजिक पक्षसँग सम्बन्धित पाँच बुँदाहरू टिप्नु होस् ।

६. तलका पात्रहरूको चारित्रिक विशेषता लेख्नु होस् :

(अ) मनोहर महतो (आ) घुरहु महतो (इ) सोनवा

व्याकरण

वाक्य संश्लेषण

१. **तल कृदन्तद्वारा सरल वाक्यहरूबाट बनेका संश्लेषित सरल वाक्यहरू दिइएका छन्; तिनलाई पढ्नु होस् :**

सरल वाक्यहरू	संश्लेषित सरल वाक्यहरू
बिहान डुल्नु पर्छ । यो स्वास्थ्यका लागि फाइदाजनक छ ।	बिहान **डुल्नु** स्वास्थ्यका लागि फाइदाजनक छ ।
रामले धेरै पढ्यो । ऊ संसार घुम्यो । ऊ असल छ ।	धेरै **पढेको** र संसार **घुमेको** राम असल छ ।
गाउँ यही हो । हामी यहाँ खेल्छौं । हामी यहाँ डुल्छौं । हामी यहाँ पढ्छौं ।	हामी **खेल्ने, डुल्ने** र **पढ्ने** गाउँ यही हो ।
कृष्ण पढ्छ । ऊ घर जान्छ ।	कृष्ण **पढेर/पढी** घर जान्छ ।
हामी कक्षामा आयौं । तिमी त्यहाँ थिएनौ ।	हामी कक्षामा **आउँदा** तिमी त्यहाँ थिएनौ ।
पानी पऱ्यो । जाडो भयो ।	पानी **परेकाले** जाडो भयो ।
म एम.बी.बी.एस. पढ्छु । म पढ्न चिन जान्छु ।	म एम.बी.बी.एस. **पढ्न** चिन जान्छु ।
तिनीहरू भरखर आए । तिनीहरू बाटामा नाच्तै थिए । तिनीहरू बस्ती हेर्दै थिए । तिनीहरू थकाइ मार्दै थिए ।	तिनीहरू बाटामा **नाच्तै**, बस्ती **हेर्दै** अनि थकाइ **मार्दै** भरखर आए ।

- माथि गाढा रङमा दिइएका शब्दहरूमध्ये **हिँड्नु** नाम, **पढेको, घुमेको, खेल्ने, डुल्ने** र **पढ्ने** चाहिँ विशेषण तथा **पढेर/पढी, आउँदा, परेकाले, पढ्न, नाच्तै, हेर्दै** र **मार्दै** चाहिँ क्रियायोगीका रूपमा प्रयोग भएका छन् र तिनमा **नु, एको, ने, दो** तथा **एर/ई, दा, एको, न, तै/दै** कृदन्त प्रत्ययहरू लागेका छन् । यसरी कृदन्तीकरण गरेर पनि वाक्य संश्लेषण गर्न सकिन्छ ।

२. **वाक्य संश्लेषणका थप उदाहरणहरू तल दिइएका छन्; पढ्नु होस् :**

उदाहरण (क)

अलग अलग वाक्यहरू– गोटिहवा गाउँको पूर्व-दक्षिण कुनामा ठुलो पोखरी थियो । त्यहाँ अस्ताउन लागेको सूर्यविम्ब पऱ्यो । त्यसले गर्दा पोखरीको पानी नै रातो भइ रहेको थियो । त्यो देखेर मान्छेहरू दङ्ग परे । त्यो साँच्ची नै अनौठो दृश्य थियो ।

वाक्य संश्लेषण– गोटिहवा गाउँको पूर्व दक्षिण कुनाको ठुलो पोखरीमा अस्ताउन लागेको सूर्यविम्ब पर्दा रातो भइरहेको पानीको अनौठो दृश्य देखेर मान्छेहरू दङ परे ।

उदाहरण (ख)

अलग अलग वाक्यहरू– धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए । उनी वीरसिक्का पढ्थे । उनी गाउँको बुज्रुक हुँ भन्थे । उनी घमन्ड गर्थे । उनी मानिसलाई लडाउँथे । उनी तमासा हेर्थे । उनको यस्तो स्वभाव थियो ।

वाक्य संश्लेषण– वीरसिक्का पढ्ने, गाउँको बुज्रुक हुँ भनी घमन्ड गर्ने, मानिसलाई लडाएर तमासा हेर्ने स्वभावका धर्मानन्द पाध्ये ठटेउला मानिस थिए ।

अभ्यास

१. **तलका वाक्यलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् :**

(क) हामी मुग्ध हुन्थ्यौं । हामी फाटफुट बादलका टुक्राहरूलाई हेर्न थाल्दथ्यौं । ती कपासका फुलहरू छरिए झैं थिए । ती हावाको गतिसँगै यताउति खेल्थे । त्यो नौलो अनन्तमा ती छिन छिनमा रूप बदल्थे ।

(ख) यी एक एक किसिमका एक से एक भलादमी हुन् । यी चित्तशुद्धिभन्दा शरीर शुद्धिको विचार राख्ने पुजारी हुन् । यी भावभन्दा शब्द याद गर्ने पाठक हुन् । यी मानिसको हितभन्दा आफ्नो नामको ध्यान राख्ने सुधारक हुन् । यी मासु खाएर सहभावको कविता लेख्ने कवि हुन् । यी बुझाउनभन्दा बोल्न जान्ने नोकर हुन् । यी अर्काको लेखमा हँस्सी उडाएर कलम सुताउने पाठक हुन् ।

(ग) गोलभेँडा आलुको ठिमाहा छोरो हो । बोट उस्तै भए पनि एउटाको जन्म जराबाट भएको हो । अर्काको जन्म हाँगाबाट हुन्छ । त्यसैले यो तर्क खालि पहिले पहिले गोलभेँडा खान पल्केका बाजेहरूले छाँटेको गफ मात्रै हो । यस्तो मलाई लाग्छ ।

२. **तलका वाक्यहरूलाई कोष्ठमा सङ्केत गरे अनुसारका कृदन्तद्वारा संश्लेषण गर्नु होस् :**

(क) जीवनमा मान्छे रुन्छ र हाँस्छ । यो स्वाभाविक कुरा हो । ('नु' जोडिएको कृदन्त)

(ख) असोजको महिना आउँछ । आकाश छ्याङ्ङ हुन्छ । जतातै फुलहरू फुल्छन् । हिलोमैलो हराउँछ । हिमाल मुस्कुराउँछ । ('नु' जोडिएको कृदन्त)

(ग) हामीले देख्यौं । तिमी बेसरी रोयौ । तिमी भुइँमा पछारियौ । तिमी विचलित भयौ । तिमी मूर्च्छा पर्‍यौ । तिमी होसमा आउन सकिनौ । ('एको' जोडिएको कृदन्त)

(घ) तिमी त्यहाँ थिएनौ । हामी गाउँमा आयौं । हामीले विद्यालयका शिक्षकलाई भेट्यौं । हामीले उनीहरूसित कुराकानी गर्‍यौं । ('ई', 'एर' र 'दा' जोडिएको कृदन्त)

(ङ) कर्ण आज हवाई जहाज चढेर विदेश गयो । ऊ खुसीले उफ्रियो । ऊ सबैसित बिदा भयो । ऊ टयाक्सी चढ्यो । उसले बिदाइका हात हल्लायो । ('दै' जोडिएको कृदन्त)

बोध

तलका अनुच्छेद पढी दिइएका प्रश्नहरूको उत्तर लेख्नु होस् :

आजको विश्वमा मानव जातिका लागि मानव अधिकार भन्ने कुरा अपरिहार्य विषय बन्न पुगेको छ । मानव अधिकारको अभावमा मान्छेको वैयक्तिक विकास सम्भव छैन । जब एउटा नागरिक आफ्ना अधिकारहरूबाट वञ्चित रहन्छ तब त्यसको असर समाज र राष्ट्रले समेत भोग्नु पर्ने हुन्छ । मानव अधिकार कुनै एउटा व्यक्ति वा कुनै एउटा राज्यको मात्र सरोकारको कुरा होइन । यसको सम्मानमा संसारका हरेक व्यक्ति, समाज, राज्य एवम् अन्तर्राष्ट्रकै सहयोग अत्यावश्यक हुन्छ तापनि आफ्नो मुलुकमा मानव अधिकारलाई सम्मान गर्ने परिपाटी कायम गर्ने कि नगर्ने भन्ने विषय भने त्यस मुलुकको राज्य व्यवस्था वा सरकारमै निर्भर गर्दछ । यस अर्थमा मानव अधिकारको सम्मान गर्न र त्यसलाई सुदृढ पार्न सरकारको नै सबैभन्दा महत्त्वपूर्ण भूमिका रहनु स्वाभाविक हो ।

जहाँ मानव अधिकारको सम्मान हुँदैन त्यहाँ प्रजातन्त्र पनि हुँदैन । जहाँ प्रजातन्त्र हुन्छ त्यहाँ मानव अधिकारको सम्मान गर्नु अनिवार्य हुन्छ । मानव अधिकारलाई गौण विषय ठानेर र त्यसलाई बेवास्ता गरेर प्रजातन्त्रको कुरा गर्नु निरङ्कुशतालाई आत्मसात् गर्नु हो । विश्वका कतिपय मुलुकहरूमा प्रजातन्त्रका नाममा

मानव अधिकारको अवहेलना हुँदै आएको छ । मानव अधिकारप्रति सम्मान दर्साउने प्रजातान्त्रिक संविधानको निर्माण भएको भए पनि व्यवहारमा त्यसको पालना नगरिएका प्रशस्तै उदाहरणहरू पाइन्छन् । यसबाट के कुरा बुझ्नु जरुरी हुन्छ भने संविधानमा मात्रै मानव अधिकारप्रति प्रतिबद्धता जाहेर गरेर वास्तविक रूपमा मानव अधिकारको सम्मान हुन सक्तैन । मानव अधिकारको सम्मानका लागि प्रजातान्त्रिक संविधान अनुसार स्थापित हुने सरकारको कार्यशैली पनि प्रजातान्त्रिक हुनु पर्दछ ।

प्रश्नहरू

(१) मानव अधिकार केका लागि हो ?

(२) मानव अधिकारको सम्मान कसको सरोकारको विषय हो ?

(३) प्रजातन्त्र र मानव अधिकारका बिचमा कस्तो सम्बन्ध छ ?

(४) राज्यले मानव अधिकारको सम्मान कसरी गर्न सक्तछ ?

(५) 'अपरिहार्य' र 'निरङ्कुशता' शब्दले के के अर्थ बुझाउँछन् ?

अभिव्यक्ति कला

प्रतिवेदन लेखन

१. तल लेखिएका कुरा पढ्नु होस् :

कुनै पनि घटना, यात्रा वा अन्य प्रकारका कार्यहरूमा आधारित भई लेखिने विवरणात्मक र तथ्यपरक अभिव्यक्तिलाई प्रतिवेदन भनिन्छ । प्रतिवेदनमा विषय वस्तुलाई परिचय, विवरण र निष्कर्षको शृङ्खलामा प्रस्तुत गरिन्छ । प्रतिवेदन विभिन्न प्रकारका हुन्छन् । कुनै प्रतिवेदनमा विषय वस्तुको व्यापक र गम्भीर प्रस्तुति हुन्छ भने कुनै प्रतिवेदनमा विषय वस्तु वा घटनाको सामान्य सर्वेक्षण मात्र गरिएको हुन्छ ।

२. तल दिइएको प्रतिवेदनको नमुना पढ्नु होस् :

नेपाल गन्जमा आयोजित साहित्यिक गोष्ठीको प्रतिवेदन

परिचय

मध्य पश्चिमाञ्चलको प्रमुख सहर नेपाल गन्जमा २०६६ चैत २१ र २२ गते राष्ट्रिय साहित्य सम्मेलन सम्पन्न भएको थियो । सो सम्मेलन महाकवि लक्ष्मी प्रसाद देवकोटाको शत वार्षिकीका सन्दर्भमा आयोजना गरिएको थियो । त्यसलाई मध्य पश्चिमाञ्चल साहित्य महोत्सवका रूपमा पनि लिइएको थियो । त्यसका आयोजकका रूपमा भेरी साहित्य समाज पश्चिमाञ्चल, राप्ती साहित्य परिषद्, दाङ र मध्य पश्चिमाञ्चल साहित्य परिषद्, काठमाडौंका साथै नेपाल प्रज्ञा प्रतिष्ठान रहेका थिए । त्यहाँ राजधानी काठमाडौं र देशका विभिन्न भागबाट अतिथि एवम् सहभागीहरूलाई निम्ता गरिएको थियो ।

विवरण

कार्यक्रमलाई व्यवस्थित रूपमा सञ्चालन गर्नका निम्ति त्यहाँ एक मूल समिति सक्रिय रहेको थियो । त्यसको अग्रसरतामा चैत २० गतेका दिन नेपाल गन्जमा पत्रकार सम्मेलन र साहित्यिक मोटर साइकल र्‍याली गरेर वातावरणलाई उल्लासमय तुल्याउन प्रयत्न भएको थियो ।

चैत २१ गतेका दिन प्रभात फेरी गर्दै साहित्यिक सम्मेलनप्रति जन समुदायको ध्यानाकर्षण गरिएको थियो । भेरी प्राविधिक शिक्षालयको सभाकक्षमा सम्मेलनको उद्घाटन कार्यक्रम भव्य रूपमा सम्पन्न भएको थियो । त्यहाँ आयोजक र अतिथिहरूद्वारा महत्त्वपूर्ण मन्तव्यहरू प्रस्तुत भएका थिए । उद्घाटन सत्रपछि 'विश्वको महाकाव्यिक परिवेशमा देवकोटा', 'एक्काइसौँ शताब्दीको विश्व साहित्यका परिप्रेक्ष्यमा नेपाली साहित्यको गन्तव्य : एक सिंहावलोकन' र 'एक्काइसौँ शताब्दीको विश्व सन्दर्भ र नेपाली साहित्य' शीर्षकमा कार्यपत्र प्रस्तुत भएका थिए । तिनमा टिप्पणीका साथ व्यापक छलफल भई सत्र समापन भएको थियो । सोही दिनको बेलुका कार्यक्रम स्थलमा नेपाली, उर्दू, थारू र अवधी भाषाका कविता, गीत, सायरी र प्रहसन तथा राष्ट्रियताको भावनाले भरिएका नृत्य प्रस्तुत भएका थिए । दर्शक र श्रोताले तिनबाट मनग्गे मनोरञ्जन पाएका थिए ।

चैत २२ गते बिहान अर्को सत्रको थालनी भयो । नेपाली साहित्यिक पत्रकारिता सम्बन्धी प्रस्तुतिका साथै 'आधुनिक नेपाली साहित्यमा मध्य पश्चिमको योगदान' र 'नेपालको भाषा नीति : विगत, वर्तमान र भविष्य' शीर्षकका कार्यपत्रहरू त्यहाँ पढिए । तिनका बारेमा पनि टिप्पणीका साथ व्यापक छलफल भयो । समापन समारोहमा सहभागीहरूलाई पनि विचार अभिव्यक्त गर्ने अवसर प्रदान गरिएको थियो र समग्रमा कार्यक्रम सफल रहेको निष्कर्ष प्रस्तुत भएको थियो । उक्त समारोहमा नै भाषा साहित्यसँग सम्बन्धित नेपाल गन्ज घोषणा पत्र पनि जारी भएको थियो ।

निष्कर्ष र सुझाव

उपर्युक्त कार्यक्रमले मध्य पश्चिमाञ्चलमा भाषिक तथा साहित्यिक जागरण ल्याउन त योगदान गऱ्यो नै, राष्ट्रिय स्तरमा महत्त्वपूर्ण सन्देश प्रवाहित गर्न पनि सो गोष्ठी सफल भयो । यसले एकातिर महाकवि देवकोटालाई विश्वका परिवेशमा नियाल्ने काम गऱ्यो भने अर्कातिर विश्व साहित्यको क्षितिजबाट नेपाली साहित्यलाई चियाउने चेष्टा पनि गऱ्यो । नेपालको भाषानीति, यहाँको साहित्यिक पत्रकारिता र मध्य पश्चिमाञ्चलको साहित्यिक गतिविधिबारे यहाँ उपलब्ध जानकारी पनि गोष्ठीका प्राप्ति बने । यस कार्यक्रमको सफलताले आयोजक र सहभागीहरू सबैमा उत्साहजनक सन्देश दियो ।

भविष्यमा यस प्रकारको कार्यक्रमलाई अझ राम्रो पार्न सकिन्छ । त्यसका लागि हरेक कार्यपत्रको छलफलका निम्ति बढी समय राख्नु उपयुक्त हुने छ । त्यसतर्फ सबैको ध्यान जाने अपेक्षा गर्न सकिन्छ ।

मिति : २०६६।१२।०५

प्रतिवेदक
चन्द्रलाल राना मगर

अभ्यास

१. **तपाईंको क्याम्पसमा आयोजित कुनै एक गोष्ठीको प्रतिवेदन तयार गर्नु होस् ।**
२. **तपाईंले साथीहरूसँग गरेको कुनै एक सांस्कृतिक वा पर्यटकीय क्षेत्रको भ्रमणको प्रतिवेदन तयार गर्नु होस् ।**
३. **राजमार्गमा भएको कुनै बस दुर्घटनाको प्रतिवेदन तयार गर्नु होस् ।**

पाठ : सोह्र

खाद्य सङ्कट र जैविक विविधता

✍ डा. तीर्थ बहादुर श्रेष्ठ

. डामोक्लेसको तरबार भनेको के हो, थाहा छ ? यो एक ग्रिसेली कथामा वर्णित त्यस्ता लोभी बुढा मान्छेसँग सम्बन्धित छ जसका टाउकामाथि धागाका त्यान्द्रामा झुन्डिएको तरबारको त्रासले गर्दा एक दिनका निमित्त प्राप्त गरेको राजकीय वैभव र सुख भोग्न उनी असफल भए। हामी पनि यस्तै त्रासका बिच बाँचि रहेका छौं। हामी भोकमरीले कसरी पीडित छौं, अन्न उत्पादन कसरी घट्दै गइ रहेको छ र सँगसँगै हाम्रो देशको विविधतामय जैविक अस्तित्व कसरी नाश हुँदै गएको छ ? के यस्ता समस्यातर्फ हामी सचेत छौं ? यस्ता समस्यातर्फको चासो र चिन्ताका साथै यिनको समाधानको ध्येय पनि लिएर लेखिएको 'खाद्य सङ्कट र जैविक विविधता' निबन्ध पढ्नु होस्।

आफ्नै पाखुराको आधार चाहियो अब हामीलाई
आफ्नै पैतालाको संसार चाहियो अब हामीलाई
लौ पानीका धारमा काटिनु हुन्न जिन्दगी
आफ्नै नदीको किनार चाहियो हामीलाई

– कृष्ण प्रसाद पराजुली

खाद्य सङ्कट मडारिइ रहेको छ, डामोक्लेसको तरबार झैं। यो विभिन्न सञ्चार माध्यममा पनि घन्कँदै छ। राष्ट्र सङ्घीय विश्व खाद्य कार्यक्रमले खाद्य सुरक्षाका लागि कदम चाल्न निर्देशन दिइ सकेको छ। खाद्यान्नको भाउ अकासिएको अकासिएकै छ। थाइल्यान्डमा प्रति टन ३८३ अमेरिकी डलर पर्ने चामलको भाउ ९५० पुग्यो रे ! पहिले थापाथलीमा रु. ३० मा पाइने चाममलाई अब हामी रु. ५० तिर्दै छौं। छरछिमेकले खाद्यान्न निर्यात रोकि सके, त्यसैले बाहिरबाट झिकाउन पनि पाइँदैन। भोकमरी कति टाढा छ, थाहा छैन।

राजनीति राज्यसत्ताको भोकमा लिप्त छ। अब भोकको राजनीति पनि धेरै टाढा छैन। आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार नखोज्ने हो भने डामोक्लेसको तरबार झुन्डिएको त्यान्द्रो चुँडिन सक्छ। अब राजनीतिको भय जनताको भोकमा अड्किने अवस्था सिर्जना हुँदै छ।

भरखरै एउटा लामखुट्टे मेरो देब्रे पाखुरामा बस्यो। झोँकले ठोकें पनि तर उम्केर गयो। मलाई थाहा छ, त्यो फेरि ज्यानै फ्याँकेर फर्कन्छ किनभने त्यो भोको छ। भोक नमरेसम्म त्यसले छोड्दैन। भोकले पनि त्यसलाई नमरेसम्म छोड्ने हैन। यस्तै भोका मान्छे संसारमा ८० करोडभन्दा बढी छन्। भोकमा डुबेका देशको सङ्ख्या ९८ भन्दा बढी छ। नेपाल पनि तिनैमध्ये पर्दछ।

सन् १९९६ मा इटालीको रोममा सम्पन्न विश्व खाद्य शिखर सम्मेलनले भोकमरी मेटाउन तत्काल आवश्यक चार कदम सिफारिस गरेको थियो– द्वन्द्वको अन्त्य, आर्थिक लगानी, विपन्न वर्गमा खाद्य कार्यक्रम र कृषि अनुसन्धानमा उपयुक्त विकास । यी सबैमा हामी चुकि सक्यौं । अब आएर मूल्य वृद्धिको नौलो चापमा परेका छौं । दैवले जतिसुकै राम्रो र सम्पन्न मुलुक बनाइ दिएको भए पनि हामी आफैले सिर्जेको परिस्थितिले गर्दा अधिकांश नेपालीलाई भोक, रोग र गरिबीले पछ्याउन छोडेको छैन । भोक पनि नयाँ काँचुलीमा प्रस्तुत भएको छ । हाम्रो भोकले चाउचाउ खोज्छ र प्यासले कोक । वास्तविक भोक निदान गर्न सके र ठाउँ अनुसार खाने बानी बसाल्न सके नेपालीले सायद भोको मर्नु पर्दैन ।

महिना दिनअघि मरुटोल, काष्ठ मण्डपको तरकारी बजारमा गएको थिएँ । एक ग्रामीण महिला काभ्राका मुना भाग लगाएर बसेकी रहिछन् । मानिसहरू आउँथे, हेर्थे र जान्थे । यी काभ्राका मुना कति रुपियाँका हुन् भनी सोध्दा तिनले ऋस्कैदै भनिन्, "तपाईंले कसरी चिन्नु भो ? यहाँ त कसैले पनि चिन्दो रहेनछ र बिक्ने भएन भन्ने ठानेकी थिएँ, रुप्पे भाग लिनुस् ।" पाँच भाग लिएँ । अरू साग किनेको भए ३० रुपियाँ पर्दथ्यो । काभ्रामा न विषादी हुने न रासायनिक मलको प्रभाव ।

हिजोआज त मासु खान पनि डर लाग्छ, कतै गिद्धलाई समेत मार्ने विषादी त छैन भनेर । जे होस् विषादी मुक्त तरकारी खोज्ने हो भने कोइरालाको फुल, कलिला कटहर, निगालाका टुसा, निगुरो, सिप्लिकानका मुन्टा र यिनै काभ्राका मुना पनि बजारमा भेटिन्छन् । यसै गरी जिब्रे, बेथे, लट्टे, लुँडे, जरिङ्गो, ठोट्ने, हलहले, सिमसाग आदि काठमाडौंका साग बजारमा पाइने जिनिस हुन् । तर हिजोआज यस्ता वन्य कन्दमूल र सागपातको चलन घटि सकेको छ । गाउँघरतिर पनि तिनको प्रयोग घट्दो छ । फल स्वरूप तिनलाई पहिचान गर्ने पिँढी पनि भेटिन गाह्रो छ ।

खाद्य वस्तु लोप भएर होइन, तिनलाई चिन्ने परम्परागत ज्ञान र पकाइ खाने प्रविधि तथा सिप लोप भएर हामीले आफ्ना खाद्यवस्तुको आधार गुमाउँदै छौं । यो चिन्ता नेपालको मात्र होइन, जैविक विविधतामा धनी भनिएका सबै राष्ट्रको हो । जैविक विविधता महासन्धिले यसतर्फ सबैको ध्यान आकर्षित गर्न खोजेको छ । २२ मे २००८ मा मनाइएको विश्व जैविक विविधता दिवसले पनि 'कृषि र जैविक विविधता' को नारा अगि सारेको छ ।

विश्वमा जैविक विविधताको आधार जतिसुकै फराकिलो भए पनि खाद्यान्न उत्पादनको आधार ज्यादै साँघुरो छ । हालसम्म अभिलेख भएका करिब ३० हजार प्रजातिका वनस्पतिमध्ये तिन हजारलाई मानिसहरू कुनै न कुनै रूपमा खानामा प्रयोग गर्दछन् । तीमध्ये दुई सय प्रजातिको खेती हुन्छ । तीमध्ये पनि खाद्यान्न उत्पादनका हिसाबले ३० प्रजातिको मात्र खेतीपाती हुन्छ । तीमध्ये पनि धान, गहुँ र मकैले मात्र विश्वको ६५ प्रतिशत खाद्य पदार्थ जुटाउने गरेका छन् । वातावरणको फेरबदल, रोगव्याधिको प्रकोप वा अर्थ बजारको चलखेलले यी तिन बिरुवालाई प्रभाव पारेमा भोकमरी फैलन धेरै समय लाग्दैन ।

अहिलेको खाद्य सङ्कट खडा गर्ने मूल कारण अर्थ बजार हो । यसको मूल जड कृषि उपजलाई ऊर्जामा खपत गर्ने कार्यमा गढेको छ । मानिसको पेटमा पर्नु पर्ने अन्न डिजल, पेट्रोल जस्ता ऊर्जा/इन्धन बनाउनमा प्रयोग हुन थालेको छ । अमेरिकीहरू आफूकहाँ उत्पादित २३ प्रतिशत मकै जैविक इन्धन (बायो फ्युल) इन्धन तेल बनाउन खपत गरेर खाद्य पदार्थ बाहिरबाट आयात गर्दछन् । गहुँ उत्पादन हुने क्षेत्रमा इन्धन तेल बनाउन प्रयोग हुने उखु, भटमास र पाम आयलको खेती हुनाले गहुँ स्वभावत: महँगो हुन पुगेको छ । राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफ.ए.ओ.) का अनुसार सन् २००० यता खाद्यान्न र पशुदानाको माग क्रमश: चार र सात प्रतिशतले बढेको छ भने इन्धन उत्पादनमा लाग्ने खाद्यान्नको माग २५ प्रतिशतले बढेको छ । जनसङ्ख्याको वृद्धिदर घट्ने कुनै लक्षण छैन । १० वर्षभित्र एक अर्ब खाने पेट थपिइ सके । तिनमा पनि शाकाहारीभन्दा मांसाहारी बढ्दै छन् ।

एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारीले १० गरिब शाकाहारीको खाना हसुर्छ । धनी र सम्पन्न वर्गकै इन्धन, ऊर्जा र आहारामा गरिबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नु पर्ने स्थिति खडा भएको छ । यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) मा थोपर्ने प्रवृत्ति पनि छ । जे होस् भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरालाई यत्तिकै नकार्न मिल्दैन । क्यामरुन, सेनेगल, मौरिटानिया, हाइटी र इन्डोनेसियामा भोकबाट क्रान्तिले जन्म लिन थालेको तथ्य समाचारमा सुनि सकेका छौं ।

आफ्नै देशलाई नियाल्ने हो भने पनि नेपाल पराधीन कृषि विकासमा जकडि सकेको छ । हरित क्रान्तिका नाममा यस देशले आफ्ना उत्तम धान बालीलाई बलि चढाइ सकेको छ । कनक जिरा, कस्तूरी, बासमती, घैया, मार्सी लगायत समुद्र फेन, काला निमक, झिनुवा, मन्सरा, घिउ कुमारी, कृष्णभोग, मनभोग, गाम्दी, सठिया आदि विभिन्न स्थानीय प्रजातिका धान लोपोन्मुख रहेकोमा चिन्ता व्यक्त गर्दछन् धान विशेषज्ञ बी.बी. शाही । नेपालमा पाइने दुई हजार प्रकारका धानमध्ये थोरै मात्र चलन चल्तीमा छन् । भारतमा पनि परम्परागत धानका ३० हजार प्रजातिमा हाल हरित क्रान्तिपछि १० प्रजातिले ७५ प्रतिशत धान खेती ओगटेका छन् । यस प्रकार हाम्रो कृषि बालीको परम्परागत आधार एसियाबाटै घट्दै छ ।

आफ्नै पैसाले अरूको जुत्ता लगाएर स्व-स्थानीय बाली कुल्चँदै हिँड्न छोडेका छैनौं हामी । खाद्यान्नमा नेपाललाई आत्मनिर्भर बनाउन भोट, हिमाल, पहाड, मधेस, तराई आदि विभिन्न प्राकृतिक परिवेशका विविधतालाई सम्बोधन गर्ने कृषि रणनीति चाहिएको छ । सरकारी अनुदानले तराईको चामल कर्नाली जान्छ, खाइन्छ र सिद्धिन्छ । किन कर्नालीको स्याउ वा दैलेखको सुन्तला नेपाल गन्ज पुऱ्याउन त्यस्तो अनुदान छैन ? विश्वकै सर्वोच्च भूमिमा उब्जेको जुम्ली धानले स्थान विशेष अनुसार पाउनु पर्ने उचित मूल्य पाउँदैन । त्यतातिर किन अनुदानको आँखा वा अनुसन्धानको ध्यान जाँदैन ? टुरिस्टले प्यान केक भनेर खाइ दिनाले रेस्टुराँ र लजमा फापर र कोदाका रोटी लोकप्रिय हुन्छन् तर आफैले घरमा पकाएर कोदाको रोटी वा ढिँडो खाएमा अरूको चर्पीमा जान लाज हुन्छ ।

वास्तवमा हाम्रो खाद्य सङ्कट भनेको भात सङ्कट हो । हाम्रो भोकमरी भातमरी हो । धान नफल्ने ठाउँमा आलु फल्छ, आलु नफल्ने ठाउँमा कोदो, कोदो नफल्ने ठाउँमा कागुनो; भोट प्रदेशतिर उवा, करु फल्लान् । हिमखण्डलाई छोडेर केही नफल्ने मरुभूमि नै त नेपालमा छैन । तसर्थ कृषि खाद्यान्न र खाद्य सुरक्षाका बारेमा विकल्प खोज्न अब ढिलाइ गर्नु हुँदैन । यसका लागि ज्ञान र विज्ञान मात्र होइन मनोविज्ञानमा पनि परिवर्तनको आवश्यकता छ । कविले भने झैं आफ्नै पाखुराको आधार र आफ्नै पैतालाको संसार खोज्ने वेला आएको छ । समाज र सरकार सबैले परनिर्भरताको संस्कारलाई त्याग्न सकेनन् भने भोकको सामना गर्नु पर्ने स्थिति टड्कारो छ ।

(**हिमाल**, वर्ष १८, अङ्क ०४, पूर्णाङ्क २१९ बाट)

लेखक परिचय

तीर्थ बहादुर श्रेष्ठ (वि. सं. १९९४) नेपाली वाङ्मयमा विज्ञान विषयका चर्चित लेखक हुन् । उनका अङ्ग्रेजी र नेपालीमा विज्ञान विषयक धेरै पुस्तक पनि प्रकाशित छन् ; तीमध्ये **नेपाल : नखुलेका पाटाहरू** पनि एक हो । नेपालका प्राकृतिक सौन्दर्य, सम्पदा, जैविक विविधता र अरू अनेक विषयलाई वैज्ञानिक दृष्टिकोणबाट हेर्ने, केलाउने अनि त्यसलाई साहित्यिक शैलीमा मन छुने किसिमले व्यक्त गर्ने उत्कृष्ट लेखन कौशल उनमा पाइन्छ । उनको एक त्यस्तै रोचक लेख 'खाद्य सङ्कट र जैविक विविधता' हो ।

शब्दार्थ

१. **'क' र 'ख' समूहका शब्द र अर्थको जोडा मिलाउनु होस् :**

'क' समूह	'ख' समूह
द्वन्द्व	टाँसिएको
लिप्त	वस्तु
उपयुक्त	शक्ति
निदान	मुख्य कारण पत्ता लाउनु
व्याधि	महामारी
प्रकोप	आश्रित
ऊर्जा	विपत्ति
सङ्कट	तनाब
जिनिस	ठिक
पराधीन	रोग

२. **अर्थ स्पष्ट हुने गरी वाक्य निर्माण गर्नु होस् :**
शिखर सम्मेलन, विषादी, अभिलेख, रासायनिक, प्रजाति, हरित क्रान्ति, कृषि रणनीति, जैविक इन्धन, खाद्य सङ्कट महासन्धि ।

३. **'खाद्य सङ्कट र जैविक विविधता' लेखमा पाइने प्राविधिक र पारिभाषिक शब्दको सूची बनाई वाक्यमा प्रयोग गर्नु होस् ।**

पठन बोध

१. **तलको निबन्धांश पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् ।**
एक केजी मासु उत्पादन गर्न १० केजी शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारीले १० गरिब शाकाहारीको खाना हसुर्छ । धनी र सम्पन्न वर्गकै इन्धन, ऊर्जा र आहारामा गरिबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नु पर्ने स्थिति खडा भएको छ । यसको दोष भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) मा थोपर्ने प्रवृत्ति पनि छ । जे होस् भोलिको सङ्घर्ष भोकमा आधारित हुने कुरालाई यत्तिकै नकार्न मिल्दैन । क्यामरुन, सेनेगल, मौरिटानिया, हाइटी र इन्डोनेसियामा भोकबाट क्रान्तिले जन्म लिन थालेको तथ्य समाचारमा सुनि सकेका छौं ।

प्रश्नहरू

(अ) मांसाहारका कारणबाट पर्ने खाद्य असर के हो ?
(आ) गरिबहरू के कारणले भोकमरी बेहोर्नु पर्ने अवस्थामा पुग्दछन् ?
(इ) भोलिको सङ्घर्ष भोकमा आधारित हुन्छ भन्नुको कारण के हो ?
(ई) यस अनुच्छेदको मुख्य आशय के हो ?
(उ) भूमण्डलीय उष्णता (ग्लोबल वार्मिङ) भन्नाले के बुझिन्छ ?

२. **समूह छलफल गरी निष्कर्ष लेख्नु होस् :**

(क) नेपालको जैविक विविधताको सदुपयोग गर्न सके भोकमरीबाट सजिलै जोगिन सकिन्छ ।

(ख) नेपालका परम्परागत धानका जात लोपोन्मुख हुनाको कारण हाम्रो अज्ञानता हो ।

(ग) लेखकलाई काभ्राका मुना किन्न असल विचारले निर्देशित गरेको हो ।

(घ) धनी र सम्पन्न वर्गकै इन्धन, ऊर्जा र आहारामा गरिबहरूले पिल्सिनु पर्ने र भोकमरी बेहोर्नु पर्ने स्थिति खडा भएको छ ।

अभ्यास

१. **भोकमरीबाट बच्न नेपालमा के उपाय गर्नु पर्ला ? 'खाद्य सङ्कट र जैविक विविधता' लाई आधार बनाई आफ्नो विचार व्यक्त गर्नु होस् ।**

२. **'खाद्य सङ्कट भनेको भात सङ्कट हो' समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् ।**

शब्द भण्डार

प्राविधिक तथा पारिभाषिक शब्दबारे थप जानकारी

१. **प्राविधिक र पारिभाषिक शब्दावलीका बारेमा पाठ १२ मा जानकारी दिइएको छ । यहाँ विभिन्न विषय क्षेत्रमा प्रयोगमा आउने प्राविधिक र पारिभाषिक शब्दावली दिइएका छन्; पढ्नु होस् र थप जानकारी लिनु होस् :**

साहित्य

छन्द र अलङ्कार कविताका गहना हुन् । आशुकविले आफ्ना कवितामा छन्द र अलङ्कार सहज रूपमा पार्न सक्छन् । देवकोटा यस्तै स्वच्छन्दतावादी कवि थिए । उनको **प्रमिथस** महाकाव्य पश्चिमी पुराकथामा आधारित छ । यस महाकाव्यको मुख्य पात्र प्रमिथस शक्तिशाली भएकाले स्वर्गबाट आगो चोरेर पृथ्वीमा ल्याउँछ । यस महाकाव्यमा व्यञ्जनाका स्तरमा नेपाली समाजको जीवन र राजनीति पनि व्यक्त छ । कथानक पाश्चात्य भए पनि यो क्रान्तिकारी सञ्चेतनामा आधारित प्रगतिवादी महाकाव्य हो । समालोचकहरूले यसलाई गद्यलय र सुन्दर शैलीको महाकाव्य भनेका छन् । तृतीय पुरुष दृष्टिविन्दु मूल रूपमा भए पनि यस महाकाव्यभित्र कतिपय स्थानमा प्रथम पुरुष दृष्टिविन्दु पनि छ ।

माथिका रेखाङ्कित शब्दहरू साहित्यसित सम्बन्धित पारिभाषिक शब्दहरू हुन् ।

२. **तल विभिन्न विषय क्षेत्रका प्राविधिक पारिभाषिक शब्दहरू दिइएका छन्; शिक्षकको समेत सहयोग लिई तिनलाई प्रयोग गरी ससाना अनुच्छेद निर्माण गर्नु होस् :**

कानुन र प्रशासन– सचिव, मन्त्री, अधिकृत, टिप्पणी, सरुवा, बढुवा, फिराद पत्र, अध्यादेश, अधिवक्ता, मुचुल्का, सरजमिन, वारेस, विधेयक, देवानी, फौजदारी, बिगो, जमानत, उपदान, निवृत्तिभरण, परिपत्र, निलम्बन ।

अर्थ उद्योग व्यापार– अग्रिम, अन्त:शुल्क, आयव्यय, निक्षेप, भौचर, निकासी, पैठारी, फर्स्यौट, बेरुजु, राजस्व, परिवहन, धनादेश, मिटर, गज, ढक, तराजु ।

शिक्षा– विद्यालय, क्याम्पस, उच्च शिक्षा, प्राध्यापक, पुन: परीक्षा, सत्र, उत्तर पुस्तिका, मूल्याङ्कन, परीक्षण, सम्परीक्षण, मौखिक परीक्षा, उत्तीर्ण, लब्धाङ्क पत्र, दीक्षान्त समारोह, नि:शुल्क, छात्रवृत्ति, प्राज्ञिक, परीक्षक, परीक्षार्थी, केन्द्राध्यक्ष, निरीक्षक ।

सञ्चार– रेडियो, टेलिभिजन, आकाश वाणी, कम्प्युटर, हुलाक, प्रसारण, परिसंवाद, अन्तर्वार्ता, इमेल, इन्टरनेट, फेसबुक, उद्घोषक, समाचार वाचक, सूचना प्रविधि, पत्र मित्रता, सम्पादक, प्रुफ रिडर, संवाददाता, क्यामरा पर्सन, स्टुडियो, सम्पादकीय ।

विज्ञान र प्रविधि– ऊर्जा, आकाश गङ्गा, मिश्रण, यौगिक, विकिरण, संवहन, वाष्पीकरण, विद्युतीकरण, तापक्रम, तापमान, क्षेप्यास्त्र, जीवकोष, स्युतनिक, रकेट, आणविक बम, जीवावशेष, ऋणात्मक कण, समीकरण, गुणन खण्ड, जोड, घटाउ, घट्ट, कुलो, जाँतो, ढिकी ।

कृषि– अब्बल, दोयम, सिम, चहार, ऐलानी, पर्ती, सुकुमबासी, मोही, रोपाइँ, हलो, ट्रयाक्टर, चिनी मल, दाना मल, प्राङ्गारिक मल ।

वन– कटानी, फँडानी, छँटनी, छपान, निकुञ्ज, वनपाले, रेन्जर, सामुदायिक वन, वृक्षरोपण, कुकाठ, आरक्ष, वन पैदावार, टाँचा ।

चिकित्सा– अन्तरङ्ग, बहिरङ्ग, कुपोषण, शल्यक्रिया, एक्सरे, नसच्छेदन, प्रशोधन, जीवाणु, कीटाणु, आम्ल, रक्तचाप, महामारी, सङ्क्रामक, स्त्रीरोग, रक्त सञ्चार, स्नायु प्रणाली, पाचन प्रणाली ।

इन्जिनियरिङ– घोडेटो, चक्रेटो, ढलान, शिलान्यास, सर्वेक्षण, कालो पत्र, खण्डाश्मित, इन्धन, बोलपत्र, ओभरसियर, इन्जिनियर, स्थपति, सारिणीकरण, झोलुङ्गे पुल, आकासे पुल, कच्ची बाटो, पक्की घर ।

बोध

तलका अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नु होस् :

ग्रामीण खानेपानी व्यवस्थापनमा सार्वजनिक वा सामुदायिक धाराको ठुलो महत्त्व छ । धेरैजसो जनताले खानेपानीको सेवा यिनै धाराहरूबाट प्राप्त गर्दछन् । सार्वजनिक स्थलमा राखिने धारा सार्वजनिक हो भने केही घरहरू मिली सबैले केही शुल्क तिर्ने गरी सामूहिक प्रयोजनका लागि लिइने धारा सामुदायिक धारा हो । हाल सार्वजनिक धारा प्राय: राखिँदैनन् । सार्वजनिक धाराको कसैले उत्तरदायित्व वहन नगर्ने परिपाटी भएकाले सामुदायिक धाराको चलन आएको हो । सामुदायिक धाराहरू राख्ता एक अर्काको उचाइको फरक ५० मिटर तथा एक अर्काको दूरी १५० मिटरभन्दा बढी हुनु हुँदैन ।

प्रत्येक सामुदायिक धारामा ८–१० घर परिवारले प्रयोग गर्न सक्ने गरी बाटाघाटाको सुविधा तथा फोहोर पानीको निकास आदिलाई हेरी स्थान छनोट गर्नु पर्छ । पानीको क्षमता राम्रो भएको अवस्थामा र उपभोक्ता समितिले निजी धारा पनि दिने नीति बनाएका खण्डमा निजी धारा वितरण पनि गर्न सकिन्छ । यसबाट सेवाको स्तर बढ्नुका साथै वितरण प्रणालीलाई दिगो बनाउन र आर्थिक पक्षलाई समेत सबल बनाउन सकिन्छ । उपभोक्ता समिति तथा धाराबाट सेवा लिने व्यक्तिहरूको सामूहिक छलफलद्वारा सामुदायिक धाराको स्थल छनोट गर्नु पर्छ । निजी धाराहरू वितरण गर्ने सोच भएमा सर्वेक्षण गर्दाकै बखत समुदायले सर्वेक्षण टोलीलाई बताउनु पर्छ । निजी धाराहरू राख्ने भएमा सोही अनुसार पानीको स्रोत पनि पर्याप्त हुनु पर्दछ ।

प्रश्नहरू

(१) गाउँघरमा किन सार्वजनिक वा सामुदायिक धाराहरू राखिन्छन् ?

(२) सार्वजनिक धारा र सामुदायिक धारामा के भिन्नता हुन्छ ?

(३) सामुदायिक धाराहरू राख्ता बाटाघाटाका बारेमा पनि किन सोच्नु पर्छ ?

(४) सामुदायिक धारासँगै निजी धारा पनि वितरण गर्ने नीतिले के फाइदा हुन्छ ?

(५) 'सर्वेक्षण' र 'व्यवस्थापन' शब्दको अर्थ लेख्नु होस् ।

अभिव्यक्ति

अनुच्छेद लेखन

तलका विषय क्षेत्रसँग सम्बन्धित प्राविधिक पारिभाषिक शब्द प्रयोग गरी एक एक अनुच्छेद लेख्नु होस् :

(क) वातावरण

(ख) पुनर्नवीकरणीय ऊर्जा

(ग) विद्युतीकरण

(घ) आर्थिक विकास

पाठ : सत्र

नालापानीमा

✍ बालकृष्ण सम

नेपालीहरू पराईका अगाडि झुकेर बाँच्नुभन्दा बरु बलिदान दिन तयार हुन्छन् । ऐतिहासिक कालखण्डमा नेपालमाथि पटक पटक आक्रमण भयो तर नेपालीहरूको राष्ट्रिय स्वाभिमान, गौरव र देशभक्तिका अगाडि शत्रुहरूको केही लागेन । तपाईंले नेपाल अङ्ग्रेजबिच वि.सं. १८७२ मा भएको 'सुगौली सन्धि' को नाम सुन्नु भएको होला । त्यो सन्धि हुनुभन्दा अगाडि १८७१ मा नेपालको पश्चिमी सिमानामा अङ्ग्रेजहरूसँग भीषण युद्ध भयो । नेपालीहरू एकजुट भएर शारीरिक, मानसिक रूपमा उनीहरूका विरुद्ध खनिए । त्यस वेला नेपाली सैनिकहरूले प्रदर्शन गरेको वीरता, देशभक्ति र स्वाभिमानलाई संसारले प्रशंसा गरेको छ । सत्तरी बर्से बुढा भक्ति थापा लड्दालड्दै सहिद भए । बलभद्र र अमर सिंहले अङ्ग्रेजहरूका लोभ लालचमा नपरी प्रदर्शन गरेको स्वाभिमान इतिहासमा स्वर्णाक्षरले अङ्कित छ । अब त्यस वेला भक्ति थापा, बलभद्र कुँवर र अमर सिंह जस्ता महाबलि मात्र होइन, सामान्यभन्दा सामान्य सिपाहीमा पनि कस्तो किसिमको स्वाभिमान र देशभक्तिको भावना थियो र यस कुरालाई सम्पूर्ण नेपालीहरूले कसरी साथ दिएका थिए भन्ने कुरालाई बुझ्न 'नालापानीमा' नाटक पढौँ ।

समय– १८७१ साल

स्थान– देहरादुन

दृश्य– अङ्ग्रेजहरूको छाउनी

[तोप, बन्दुकका एक दुई शब्द सुनिन्छन् । त्यो बन्द गर्ने बिगुल बज्दछ । त्यहाँ पछि मधुर वाद्य बज्न थाल्दछ ।

छेउमा इस्ट इन्डिया कम्पनीको झन्डा गाडिएको छ, पालहरू छन्, ठुला दुई ढुङ्गाको आडमा तोप राखिएको छ, त्यसको मोहरी फर्केतिर एक हजार हात जति पर उत्तर पूर्वतिर नालापानीको अग्लो डाँडामा खलङ्गा दुर्ग देखिन्छ, त्यसमा नेपालको राष्ट्रिय झन्डा फरफराइ रहेको देखिन्छ ।

कर्णेल मबी, मेजर रिचार्ड्स र अरू गोरा सिपाही त्यतैतिर हेरि रहेका छन् । सबका बाजुमा शोक सूचक चिह्न कालो पट्टी छन् । ती थोरै घाइते पनि छन्, त्यसैले सेता पट्टी पनि बाँधेका छन् । उनका हातमा रक्सीका प्याला (स्फटिकका) छन् ।]

परतिर देखाउँदै कर्णेल मबी–

['लापालोमा' को लयमा गाउँछन्]

पिओ ! एक नेपाली यतै आयो,
आत्मसमर्पणको खबर ल्यायो !

रिचार्ड्स– हाम्रा सिपाही तिन हजार बढी
उनका होलान् तिन सय कि घटी,

सब– पिओ !

मबी– हाम्रा तोप र शिक्षित पल्टन यी,

रिचार्ड्स– उनका धनुकाण, जङ्गली मानिस ती,

मबी– कसरी लड्न सकुन् वा टिक्न सकुन्,

रिचार्ड्स– कसरी उम्कुन्, कसरी मर्न सकुन् !

मबी– तब पो
आत्मसमर्पणको सन्देश ल्यायो,
त्यो सिपाही हेर यतै आयो !

सब– एक नेपाली यतै आयो
आत्मसमर्पणको खबर ल्यायो !

मबी– वीरगतिमा प्राप्त भएका ती
जनरल जिलेस्पी फेरि अरू साथी,
सबको प्रशंसा गा–

सब– सातौँ आसमानमा स्वर चढाई
सबको प्रशंसा गा–

रिचार्ड्स– बलभद्र कुँवरसित बदला लिइ छोड्छौँ,
एकको साटो सयको प्राण लिन्छौँ !

मबी– तँ आशा गा, तँ मन्द सुगन्ध र शीतल गा,
हिमालय गा, तँ इङ्ल्यान्ड गा, तँ शान्ति गा !

सब– तँ शान्ति गा !

[नरे कार्कीको प्रवेश]

उनी रक्ताम्य भएका छन् । दाहिने हातले आफ्नो मुख छोपेर उनले देब्रे हात उठाएर गोली नहान्नू भन्ने इसारा गरि रहेका छन् । उनका बङ्गारा गोली लागी झरेका छन्, त्यसैले औषध उपचार गरि देओ भन्ने उनको सङ्केत छ ।

[उर्दू गीतको लयमा गाउँछन्]

मबी– के, हार खाई आयौ ?

नरे– *(भाउले समेत) हैन, मार खाई आएँ !*

मबी– के बच्चनलाई आयौ ?
हैन, बाँच्नलाई आएँ !
पोलेथ्यो जुन आगोले सेक्न उसैमा आएँ,
दाँत झ्यो, गोली गड्यो, त्यै उतार्न दिन आएँ !

मबी– तब हार खाई आयौ ?

नरे– हैन मार खाई आएँ !

मबी– तब बच्नलाई आयौ ?

नरे– हैन, बाँच्नलाई आएँ !

मबी– हुन्छ औषधी गर्दिने छौं, निको तुल्याई छोड्ने छौं,
तर हाम्रै फौजमा भर्ना हुनु पर्ला नत्र अवश्यै मर्ने छौ !

[नरे मूर्च्छा पर्दछन्]

उनलाई एउटा पालमा लगिन्छ, अनि डाक्टरहरू उपचार गर्नपट्टि लाग्दछन् । वेदनाजन्य बाजा बज्दछ ।

मबी– **[वाद्यको बिच बिचमा 'आमा, आमा !'**
भनेर कराउँछन्, त्यो ध्वन्यात्मक हुन्छ]

धरती बोल्दछ–

छोरा, नरो, अऊ धैर्य गर्, अरूलाई काँतर स्वर नसुना,
जन्मभूमिको लाज बचा, जातिलाई छिः नभना !
छोरा, नरो...
मर्ने पर्दछ एक दिन निश्चय दुई दिनकै हो देह भने
त्यसको ममता छोडि दे अमर यशले देश बना !
छोरा, नरो...
दुखलाई नमान्, अपमान गरी आँसुलाई फिर्ता गरि दे,
तेरो सहनशीलता देखी बल अऊ बढ्ला भाइमा लाख गुना !
छोरा, नरो...
मेरो काखमा जति जति तैंले तप तप रगत चुहाइस् यो,
उति उति मातृऋण तिरें भनी पुत्र बरु सन्तोष मना !
छोरा, नरो...

[नरे चुप लाग्दछन्, डाक्टरहरू उनलाई ओढ्ने ओढाइ दिएर निस्कन्छन् । त्यहाँ एउटा पाले मात्र बाँकी रहन्छन्, जो यताउता हिँडि रहन्छन्, अनि हिँड्दै निस्केर परतिर जान्छन् ।]

नरे तन्द्रामा हुन्छन्, अनि नेपाली
छाउनीतिर छाया देख्तछन् ।

नरेकी स्वास्नी– ***[ऊयाउरे लयमा गाउँछिन्]***

हाइ मेरो प्रितम, मलाई छोडेर जानु भो,
प्रान अब दोधारमा भो मर्नु न बाँच्नु भो;
रगतमा मुछिएको मुख त्यो रोपिन्छ आँखामा,
आँसुले धुन पाइनँ भन्ने खोपिन्छ छातीमा,
भोक मर्‍यो निद्रा टर्‍यो सब संसार बिरानो भो !
हाइ मेरो प्रितम...

अरू स्वास्नी मानिसहरू– हाइ किन साथी, सबैलाई छोडेर जानु भो !

नरेकी स्वास्नी– हाइ मेरो प्रितम, मलाई छोडेर जानु भो !

एक नेपाली सिपाही– सितलु सासले फुक्तै हिमालले घाउ निको पारोस्,
रक्तसँगै बही देह बाहिर माया त्यता नचुहोस् !
फर्क यतातिर नत्र उतातिर हान्नु न थाम्नु भो !

सब– हाइ किन साथी, सबैलाई छोडेर जानु भो !

नरेकी स्वास्नी– हाइ मेरो प्रितम...

एक सिपाही– बाँचि रहेका छौ भने अझै किन नफर्केको ?
मरन भो भने भोलि चिहान त्यहीं बन्ने छ साराको,
साथीको यो वियोग ज्वाला सहि नसक्नु भो ।

नरेकी स्वास्नी– हाइ मेरो प्रितम...

सब– हाइ किन साथी, सबैलाई छोडेर जानु भो !

[नरे बिउँझेर उठ्न खोज्दछन्, फेरि ढुकाउँछन्]

एक सिपाही– आऊ आऊ रेल्लिमा अगि सार पाउ,
नेपालीलाई रेल्लिमा त्यति सानु घाउ, हो...

सब– आऊ, आऊ... ***[नाचेको शब्द समेत सुनिन्छ]***

[नरे फेरि बिउँझन्छन्, सङ्गीत मलिनो हुँदै जान्छ, उनी फेरि निदाउँछन्, सङ्गीत उच्च हुँदै आउँछ ।]

[चार जोडी हातेमालो गरी देखा पर्दछन्]

१– नेपाल– तराईवासी

२– नेपाल– खाल्डा निवासी

३– नेपाल– हिमाल निवासी

४– नेपाल– पर्वत वासी

(हलुका नृत्य र विशेष भाव सहित)

नेपाल तराईवासी– ***[रासधारीको लयमा गाउँछन्]***

(विलम्ब)– आमा तिमीलाई जङ्गलभरि नै
हाँगाको औंलाले
उभ्याउन खोज्छिन्, उभ्याउन खोज्छिन्
त्यै समाती आऊ, आँसु नबहाऊ,
तिमी मुस्कुराऊ,
उनी थामि दिन्छिन्, उनी थामि दिन्छिन्

(द्रुत)– शिर त्यो उठाऊ,
आँखामाथि आऊ
चन्द्र सूर्य झन्डा
आकाशमा पाऊ;

तिमी यश कमाऊ,
देशलाई सजाऊ,
(विलम्ब)– आमा तिमीबाट
यही आस गर्छिन्,
आमा तिमीलाई...

नेपाल हिमाल निवासी– *[तामाङ सेलोको लयमा गाउँछन्]*

चोमोलुङ्मा शिखर है
उक्ल भन्छन् शङ्कर, लौ लौ;
त्रिशूलीको पानीले
तिम्रो घाउ धोइ दिउँला
खुम्बुत्चेको घाँटीबाट
चिसो हावा फुकौंला, लौ लौ;
चमरीको पुच्छरले
डोलाएर हम्काउँला
चोमोलुङ्मा शिखर है
उक्ल भन्छन् शङ्कर, लौ लौ !

नेपाल खाल्डो निवासी– *[राजामतीको लयमा गाउँछन्]*

राजा अनि देशको मान नजाओस्
बरु दुख खप्नु परोस्,
हामी सब मिलीजुली पाएको दुख पनि
सुखकै समान बनोस्;
भोक र तिर्खा सही बरु नाङ्गै बसी बसी
ज्यान पनि फाल्नु परोस्;
तर आफ्नो स्वदेशको दुध जस्तो छातीमाथि
केही कलङ्क नहोस् !
तिमीले केही गरी धीत गुमाइ दियौ भने
भोलि नेपालैभरिमा
कोलाहल गरी गरी रुने छन् छोराछोरी
तिमीलाई गाल नपरोस् !

नेपाल पर्वतवासी– *[लोकलयमा गाउँछन्]*

आगलागी निभाउनु पर्‍यो उठ चाँडै आइ हाल दौडेर,
स्वतन्त्र भै माथि झन्डा फर्फर गर्दै थियो,
त्यसको मनि हाम्रो तिहुन गुदगुद पार्दै थियो,
अकस्मात्मा बिजुलीले आगो सल्काइ दियो,

आगलागी निभाउनु पऱ्यो उठ चाँडै आइ हाल दौडेर,
आगो हामी रगतको खोला बगाई छोपौं,
नेपालीको सबैभन्दा प्यारो उखान सम्झौं–
'काँतर हुनुभन्दा चाहिँ मर्नु निको' मानौं,
आगलागी निभाउनु पऱ्यो उठ चाँडै आइ हाल दौडेर ।

[रुन् रुन् छिटो धुन हुँदै जान्छ]

नरे जुरमुराई उठ्तछन् । केही दिन बितेको लक्षण अङ्कित गरिएको हुन्छ । बिहान हुन लागेको हुन्छ । नरे बाँधेको फुकाल्छन्, घाउ निको भइ सकेको हुन्छ । दाग मात्र बाँकी रहेको देखिन्छ ।

नरे– *[लोकलयमा गाउँछन्, पछिल्ला चरण चरणमा अदृष्ट थपडीको ताली लाग्दै जान्छ]*

आएँ !
आएँ नफर्की किन म छोड्थेँ
पन्छी झैँ गुँडको गुँडैमा !
किन म बस्थेँ त्यहीँ नफर्की
मान्छे झैँ माटाको माटैमा !
नदी भै बग्दै हिउँचुलीबाट
एक चोटि पुगे पनि सागरमा,
मेघ बनीकन किन नफर्कूं
गङ्गा झैँ शिवजीको शिरैमा !
मातृभूमिको ऋण बुझाउन
बिजुली झैँ दौडेर बिजुलीमा
आएँ नआई किन म छोड्थेँ
यो प्रान बोकेर अँजुलीमा !
आएँ नफर्की किन म छोड्थेँ...

[नरे भाग्न खोज्दछन्]

पाले– *(आएर)* हल्ट !
त्यहाँ कर्णेल मबी आदि
सब जम्मा हुन्छन् ।
नरे परै अड्दछन् ।

मबी– *[गजल]*

नजाऊ मूर्ख भै आऊ यहाँ हामी कदर गर्छौं,
यहीँ भर्ना भई खाऊ भनेजति तलब दिन्छौं,
नजाऊ...
सबैभन्दा ठुलो ज्यान हो त्यसै फाल्छौ भने भैगो,
कि बस लौ आज नै दर्जा बढाई राम्ररी राख्छौं,
नजाऊ...

उहाँ गुन्द्रुक ढिँडो खान्थ्यौ, पछि घेरा परेदेखिन्
बिना खानापिना लड्थ्यौ, यहाँ बोतल समेत दिन्छौं,
नजाऊ...
पुलाउ खाऊ आऊ टोप र टाई प्यान्टलुन लाऊ
अनि तिम्रा जहानलाई पनि घाँघर र घर दिन्छौं;
नजाऊ मूर्ख भै आऊ...

नरे– *[ऱ्याउरे लयमा गाउँछन्]*

जान देऊ अब जान देऊ
कि यो प्रान लेऊ
कि जसको प्रान हो उसलाई यो दान गर्न देऊ,
अब जान देऊ ! जान देऊ...
कतिसम्म फुलको सुवास सासले खिचि राख्छौ ?
व्यर्थै किन जलको फोकालाई टिप्न खोज्छौ ?
सास फेर्नासाथ उड्छ फुलको सुवास फुलमा,
औंलाले छुनासाथ मिल्छ जलको छाया जलमा,
रुक्खिएको आँखाभरि आँसु भर्न देऊ,
नेपालीलाई नेपालको निम्ति मर्न देऊ अब जान देऊ
कि यो प्रान लेऊ...
घाइते भो मानिस यो मानिस कहाँ आयो,
मानिसले मानिसबाट सह्यार पनि पायो;
धन्य कहलाऊ खोली हृदयको द्वार,
गुन लाएर मानिसलाई बैगुनी नपार,
कस्तूरीलाई हिमालको शिरमा चर्न देऊ,
नेपालीलाई नेपालको निम्ति मर्न देऊ, अब जान देऊ,
कि यो प्रान लेऊ...
कि जसको प्रान हो उसलाई यो दान गर्न देऊ
अब जान देऊ ! जान देऊ...

मबी– *[नरेलाई धाप दिई 'आई वन्डर इफ द गर्ल' को अङ्ग्रेजी लयमा गाउँछन्]*

हुन्छ हुन्छ लौ वीर जाऊ !
फेरि बन्दुक गै समाऊ !
देशप्रेमलाई जगाऊ,
अनि मानिसलाई उजिल्याऊ !

अरू सब– हुन्छ हुन्छ लौ वीर जाऊ ! फेरि...

मबी– लौ, जाऊ जाऊ वीर यो भावना अमर रहोस् !
लौ, देश देशका दुई प्रेमको यो समर बनोस् !
जित्ला लडाइँ जससँग छ अधिक हतियार,
तर दुईतिरकै छ परीक्षा वीर कसको छाती उदार ।

नरे हर्ष मानेर निस्कन्छन् । बत्तीको
उनमा परेको केन्द्रीकरण उनीसितै
टाढा र सानो हुँदै जान्छ ।

[पर्दा खस्तछ]

(चार एकाङ्कीबाट)

नाटककार परिचय

बालकृष्ण सम (वि. सं. १९५९–२०३८) नेपाली साहित्यका महान् नाटककार हुन् । उनी कवि, कथाकार तथा निबन्धकार पनि हुन् । उनले रचेका कृतिहरूमा **मुटुको व्यथा, अन्धवेग, मुकुन्द इन्दिरा, प्रेमपिण्ड, अमर सिंह, भीमसेनको अन्त्य, स्वास्नीमान्छे** आदि नाटक प्रसिद्ध छन् । उनी नेपाली साहित्यमा दुखान्त नाटक परम्पराको थालनी र विकास गर्ने नाटककार हुन् । उनले सामाजिक, ऐतिहासिक र पौराणिक विषयको प्रयोग गरी उत्कृष्ट किसिमका पूर्णाङ्की र एकाङ्की नाटकको रचना गरेका छन् । उनले आफ्ना नाटकमा पद्य तथा गद्य दुवै थरी शैलीको परिष्कृत प्रयोग गरेका छन् । देशभक्ति र मानवतावाद उनका नाटकको मुख्य विषय हो । उनले रचेको एक चर्चित ऐतिहासिक लघु नाटक वा एकाङ्की 'नालापानीमा' हो ।

शब्दार्थ

१. तलका शब्दको अर्थ बुझ्नु होस् :

आसमान–	आकाश
औषध–	औषधी
चोमोलुङ्मा–	सगरमाथा
प्रितम–	प्रिय, प्यारा, प्रेमी
मातृऋण–	आमाको ऋण; दुधको भारा; मातृभूमिको ऋण
रक्ताम्य–	रगताम्मे, रगतै रगतले लतपतिएको
वेदनाजन्य–	वेदनाबाट उब्जेको, पीडाबाट पैदा भएको
समर–	युद्ध, लडाइँ
तोप–	गोला हान्न युद्धमा प्रयोग गरिने अस्त्र
बिगुल–	फुकेर बजाइने पल्टनियाँ बाजा
वाद्य–	बाजा
मोहरी–	तोप, बन्दुक आदिको गोली निस्कने प्वाल
दुर्ग–	किल्ला, सुरक्षित स्थान

बाजु– पाखुरो
पाला– माटाको सानो कटौरी
तन्द्रा– निद्राको पहिलो अवस्था
काँतर– डर छेरुवा
कदर– कसैलाई गरिने आदर, सम्मान
घाँघर– बालिकाहरूले लाउने जामा
द्वार– ढोका
कस्तूरी– हिमाली भेगमा पाइने एक प्रकारको मृग

२. **तलका शब्द र अर्थका बिच जोडा मिलाउनु होस् :**

शब्द	**अर्थ**
छाउनी	अर्काको अधीनमा रहने काम
देह	कीर्ति
बिरानो	ढिलो
तन्द्रा	तिर्सना
धीत	निद्राको पहिलो अवस्था
आत्मसमर्पण	सैनिक शिविर
यश	शरीर
विलम्ब	पहिले नदेखेको
समर	चौंरीगाई
चमरी	युद्ध/लडाइँ
द्रुत	माया
ममता	छिटो

पठन बोध

१. **तलको नाटयांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् ।**

छोरा, नरो, अफ धैर्य गर्, अरूलाई काँतर स्वर नसुना,
जन्मभूमिको लाज बचा, जातिलाई छिः नभना !

मर्नै पर्दछ एक दिन निश्चय दुई दिनकै हो देह भने
त्यसको ममता छोडि दे अमर यशले देश बना !

दुखलाई नमान्, अपमान गरी आँसुलाई फिर्ता गरि दे,
तेरो सहनशीलता देखी बल अफ बढ्ला भाइमा लाख गुना !

मेरो काखमा जति जति तैंले तप तप रगत चुहाइस् यो,
उति उति मातृऋण तिरें भनी पुत्र बरु सन्तोष मना !

प्रश्नहरू

(क 'नालापानीमा' नाटकमा धरतीले नेपाली वीरहरूलाई के कस्तो आह्वान गरेको छ ?

(ख) माथिको नाटचांशका आधारमा 'नालापानीमा' नाटकमा अभिव्यक्त देशभक्तिको वर्णन गर्नु होस् ।

२. तल दिइएका नाटचांशहरू पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् ।

मातृभूमिको ऋण बुझाउन
बिजुली झैं दौडेर बिजुलीमा
आएँ नआई किन म छोड्थें
यो प्रान बोकेर अँजुलीमा !

प्रश्नहरू

(अ) यो भनाइ कसको हो ?

(आ) यस भनाइको तात्पर्य के हो ?

(इ) मातृभूमिको ऋण किन बुझाउन पर्छ ?

(ई) उक्त अंश कुन सन्दर्भमा भनिएको हो ?

(उ) यस सन्दर्भपछि नाटकमा विकसित प्रमुख घटना उल्लेख गर्नु होस् ।

अभ्यास

१. नरे कार्कीका देशभक्ति सम्बन्धी कार्यहरूको सूची बनाउनु होस् ।

२. मबीको चरित्रमा के कस्तो परिवर्तन आएको छ ? स्पष्ट पार्नुहोस् ।

३. तपाईंले पाठ चारमा पात्रको परिचय लेख्ने विधि पढि सक्नु भएको छ । त्यसै आधारमा तलका पात्रको परिचय लेख्नु होस् :

- नरे कार्की
- कर्णेल मबी

व्याकरण

क्रियाका भाव : पुनरावृत्ति अभ्यास

१. तपाईंले माथि पाठ ८ र १४ मा क्रियाका भाव र उक्ति परिवर्तनका सम्बन्धमा पढि सक्नु भएको छ । अब थप अभ्यास गर्नु होस् ।

तलका पङ्क्ति पढी क्रियाका भावको बोध गर्नु होस् :

(क) छोरा नरो, अझ धैर्य गर्, अरूलाई काँतर स्वर नसुना,
जन्मभूमिको लाज बचा, जातिलाई छिः नभना ।

(ख) लौ जाऊ वीर यो भावना अमर बनोस् !
लौ देश देशका दुई प्रेमको यो समर बनोस् ।

(ग) त्रिशूलीको पानीले तिम्रो घाउ धोइ दिउँला
खुम्बुत्चेको घाँटीबाट चिसो हावा फुकौंला ।

(घ) मरण भो भने भोलि चिहान त्यहीं बन्ने छ साराको

- माथिका उद्धरणहरूमध्ये 'क' मा प्रयोग भएका नरो, गरु, नसुना, बचा, नभन क्रियाले आज्ञा वा आदेश जनाएका छन् भने 'ख' मा प्रयोग भएको 'बनोस्' क्रियाले इच्छा जनाएको छ । त्यस्तै उद्धरण 'ग' मा धोइ दिउँला, फुकौंला क्रियाले सम्भावना अर्थ जनाएका छन् । उद्धरण 'घ' मा 'मरण भो भने...बन्ने छ' को प्रयोग सङ्केतार्थ क्रियाको रूपमा भएको छ ।

२. 'नालापानीमा' एकाङ्कीबाट आज्ञार्थक, इच्छार्थक, सम्भावनार्थक तथा सङ्केतार्थक क्रियाको प्रयोग भएका उदाहरण खोज्नु होस् ।

३. खोजिएका क्रियालाई विभिन्न लिङ्ग, वचन र पुरुषका कर्ता राखी आफ्ना वाक्यमा प्रयोग गर्नु होस् ।

४. तिनका अकरण रूपका वाक्य पनि बनाउनु होस् ।

उक्ति परिवर्तन : पुनरावृत्ति अभ्यास

१. तलको संवाद पढ्नु होस् र पाठ १४ को उक्ति परिवर्तन सम्बन्धी अभ्यासका आधारमा सो संवादलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नु होस् :

राजन– कलेज जाने होइन ?
बिना– म आज कलेज जान्नँ ।
राजन– तिम्रो आज घरमा के काम छ ?
बिना– मेरो आज घरमा धेरै काम छ ।
राजन– कलेज जानका अल्छीले काम छ भनेको त होइन ?
बिना– तिमीले मलाई गलत सोचिरहेका छौ ।

२. तलका वाक्यहरू पढ्नु होस् र तिनलाई प्रत्यक्ष कथनमा परिवर्तन गर्नु होस् :

शङ्करले आफू घर गएर फर्किएपछि मलाई भेट्ने कुरा गऱ्यो । मैले मलाई भेट्न ढिलो गरिस् भने तेरो काम हुँदैन भनि दिएँ । त्यसपछि उसले आजभोलि नै मलाई भेट्ने कुरा गऱ्यो ।

वर्ण र अक्षरको पुनरावृत्ति

१. तलका अनुच्छेदबाट उच्चारण स्थान, उच्चारण प्रयत्न तथा घोषत्व र प्राणत्वका पाँच पाँच वर्णहरू टिपी सूची बनाउनु होस् :

विज्ञानको रोचक र सर्वोपयोगी चमत्कार हामी बिजुली हेरेर अनुभव गर्न सक्छौं । बिजुलीमा तिन विद्युतीय कणहरू हुन्छन् ऋणात्मक कण, धनात्मक कण र तटस्थ कण । यिनकै संयोजनको वैज्ञानिक तालमेलबाट विद्युत् ऊर्जा उत्पादन हुन्छ । विद्युत् ऊर्जाको उपयोग जस्तोसुकै कामका लागि पनि गरिन्छ । बत्ती बाल्न, ताप पैदा गरी विभिन्न काममा उपयोग गर्न, रेफ्रिजरेटरको सहयोगले कुनै वस्तु चिस्याउन; तान्न, ठेल्न, उचाल्न पछार्न जे गर्न पनि उपयोगमा ल्याउने विद्युत् शक्तिको उपयोग रेडियो, टिभी, टेलिफोन लगायत विभिन्न सञ्चार उपकरणमा समेत हुने गर्छ । यसको उपभोग दिनानुदिन बढ्दै छ । यो अत्यावश्यक उपभोग्य वस्तुको रूपमा चिनिन थालेको छ र प्रयोगमा आइ रहेको छ । तर, हाम्रो देशमा पुँजी र प्राविधिक ज्ञानको न्यूनताका कारण विद्युत् उत्पादनको ठुलो सम्भावना भए पनि पर्याप्त बिजुली उत्पादन गर्न सकिएको छैन । हुन त पुँजी र प्राविधिक ज्ञानको अपर्याप्तता भनेर पुरै पन्छिने अवस्था चाहिँ छैन । देशको राजनीतिक अस्थिरता र विकासप्रतिको प्रतिबद्धताको कमीलाई पनि अंशत:

जिम्मेवार कारण मान्नु पर्ने हुन्छ । देशमा सयौँ नदीनाला छन् तर औँलामा गन्दा भ्याइने जलविद्युत् आयोजना बनेका छन् । ती पनि विदेशी सहयोग र कृपामा बनेका हुन् । आफ्नै पुँजी, प्रविधि, सिप र जनशक्तिको उपयोग गरेर जलविद्युत् आयोजना तयार गर्ने हो भने निश्चय नै त्यसबाट धेरै लाभ हुन्छ । जलविद्युत् विकासको भाषण छाँटेर नथाक्ने नेता र योजना तथा त्यसका फाइदाबारे लामा लामा सूची बनाउन र सपना बाँड्न सदैव तत्पर अर्थशास्त्रीहरूको भन्दा काम गरेर देखाउने मान्छेको खाँचो परेको छ देशलाई तर त्यस्तो मान्छे यस मुलुकमा कहिले जन्मेला प्रतीक्षाका घडीहरू कुर्दाकुर्दै हरेक नेपालीले दाह्री जुँगा फुलाउने, तालु खुइल्याउने र अन्ततः मृत्युको मुखमा पुग्दै गरेको तथ्यको शृङ्खला अब लामो बनेको छ र अझै कति लम्मिने हो थाहा छैन । हरेक रात एघार बजेसम्म पढेर बिहान चार बजे उठी पढ्नु पर्ने विद्यार्थीहरू बिजुलीको लोड सेडिङको मारमा परेर बेलुका आठ बजेदेखि बिहान छ बजेसम्म सुत्न विवश छन् । चौबिसै घण्टा चल्नु पर्ने कल कारखाना दिनमा मुस्किलले आठ दश घण्टा चल्छन् । यी त एक दुई उदाहरण मात्र हुन् । यस्ता अनगन्ती क्षेत्र छन् जुन बिजुलीको सङ्कटका कारणले प्रभावित छन् ।

२. **तलका अनुच्छेदमा रेखाङ्कित शब्दको अक्षर संरचना देखाई अक्षर सङ्ख्या समेत लेख्नु होस् :**

ईशान विज्ञान पढ्ने विद्यार्थी हो । विज्ञान यस्तो विषय हो जसले ब्रह्माण्डमा भएका स्थावर जङ्गम लगायत सम्पूर्ण विषयको निरीक्षण र परीक्षणका आधारमा अध्ययन गर्दछ । प्रकृतिको वैज्ञानिक तथा वस्तुपरक विश्लेषणपछि निचोडमा आएका कुरालाई ससाना सारपूर्ण सूत्र बनाई पढ्न सजिलो पारिएको हुन्छ । विज्ञानको क्षेत्र बृहत् छ । यसलाई मूलतः भौतिक शास्त्र, रसायन शास्त्र र जीव विज्ञान गरी तिन समूहमा छुट्ट्याइएको हुन्छ । यी तिन वटै विभागमा गणितको सम्बन्ध हुन्छ । गणित पनि बीज गणित, अङ्क गणित र ज्यामिती गरी तिन विभागमा विभाजित छ ।

बोध

तलको अनुच्छेद पढी अन्त्यमा सोधिएका प्रश्नको छोटो, छरितो र स्पष्ट उत्तर दिनु होस् :

मानिसका मनमा उठ्ने सङ्गीतमय भावनाहरूको ज्वार भाषाको माध्यम अँगाली बग्यो भने त्यो कविता हुन्छ । त्यसैले कविताका तिन केन्द्रीय तत्त्व हुन्– भावना, सङ्गीत र भाषा । साहित्यका कविता बाहेकका गद्य विधामा पनि मानव भावना र भाषाको संयोग हुने गर्दछ तर त्यहाँ सङ्गीत अपेक्षित हुँदैन । गद्य विधाका कथा, उपन्यास आदिले छोटो वा लामो कथाको आधार लिई जीवनका भावनाहरूलाई व्यक्त गर्दछन् भने नाटकले भावनाको नाटकीकरणलाई नै मुख्य रूपमा अँगाल्छ । कविताले भने लयात्मक सङ्गीत वा अलिकति उन्मुक्त गद्य सङ्गीतको आधार नलिई सुख छैन । त्यसैले साहित्यका अरू विधाबाट कवितालाई छुट्ट्याउने आधार यसले अँगाल्ने मानवीय हृदयको सङ्गीतमय धारा नै हो । यो धारा ज्यादा नियमित भयो भने छन्दोबद्ध कविता बन्दछ अनि ज्यादा मुक्त रह्यो भने गद्य कविता बन्दछ तर छन्दोबद्ध कविता वा पद्यमा पनि लयात्मक अनुशासन मात्र हुँदैन । यसमा पनि सङ्गीतका स्वतन्त्र सम्भावनाहरू रहि रहन्छन्, किन्तु कम मात्रामा । त्यस्तै गद्य कविताको मुक्त सङ्गीतमा पनि लयात्मक अनुशासनका न्यूनतम तत्त्व रहि रहन्छन् अन्यथा त्यो गद्य कविता नभई बिलकुल गद्य बन्न पुग्दछ । त्यसैले एउटाले धेरथोर अनुशासन र कम स्वतन्त्रतामा आफ्नो उच्च लयात्मकताको विन्दु भेट्दछ भने अर्काले कम अनुशासन र बढी मुक्तताको परिधिमा सङ्गीतको अर्कै सफलताको शिखरको अन्वेषण गर्दछ । कविताको आदि रूप गीत थियो र त्यो सङ्गीत प्रधान रह्यो । गीतकै कोखबाट जन्मिएको कविता शिशुले क्रमशः सङ्गीतलाई साध्यको सट्टा साधन बनाई भावनाको सूक्ष्म यात्रामा कलाका नयाँ आयामहरू खोज्यो भने गद्य

कविताको यस लामो यात्रामा गद्य र पद्यका साँधमा गद्य कविताको नयाँ सीमान्त प्रदेशको आविष्कार भयो । यस प्रदेशमा सङ्गीत अझ गौण भई रहि नै रहेको छ तर भावनाका ज्वारमा त्यसले कविताका कलात्मक नयाँ सम्भावनाहरू खोज्दै छ ।

प्रश्नहरू

(क) कविता भनेको के हो ?

(ख) गद्य र पद्य कवितामा लयात्मक सङ्गीतका दृष्टिले के भिन्नता पाइन्छ ?

(ग) गीत र पद्यमा के अन्तर छ ?

(घ) गद्य कविताको आविष्कार कसरी भयो ?

(ङ) 'अपेक्षित' र 'न्यूनतम' शब्दको अर्थ लेख्नु होस् ?

अभिव्यक्ति

व्यावहारिक लेखन

दैनिक जीवनमा विविध कार्य सम्पन्न गर्नका लागि लेखिने विभिन्न प्रकारका भाषिक अभिव्यक्तिलाई व्यावहारिक लेखन भनिन्छ । चिठी, निमन्त्रणा पत्र, श्रद्धाञ्जली, समवेदना, शुभ कामना, बधाई ज्ञापन पत्र आदि व्यावहारिक लेखनभित्र पर्दछन् ।

बधाई ज्ञापन

आफ्ना इष्टमित्र, साथीभाइ वा संस्थाका सदस्यहरू कसैको कुनै सफलतामा प्रकट गरिने हर्षोद्गार, साधुवाद, धन्यवाद, स्याबासी, प्रशंसा, तारिफ आदिलाई बधाई भनिन्छ । बधाई दिनका लागि तयार गरिने पत्र बधाई ज्ञापन पत्र हो । यो सम्बन्धित व्यक्तिलाई बधाई पठाउँदा व्यक्तिको नाम सम्बोधन गरेर द्वितीय पुरुष शैलीमा लेखिन्छ भने सार्वजनिक रूपमा पत्र पत्रिकामा प्रकाशित गर्दा सम्बोधन नगरी तृतीय पुरुष शैलीमा बधाई दिइन्छ । बधाई ज्ञापनका नमुना तल हेर्नु होस् :

नमुना– १

श्री बुद्धि प्रसाद आचार्यज्यू
सहप्राध्यापक
त्रि.वि.वि., कीर्तिपुर

विषय : **बधाई ज्ञापन**

महाशय,

तपाईंले त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय डिनको कार्यालय, कीर्तिपुरबाट 'वर्तमान नेपाली कविताका प्रवृत्तिहरू' शीर्षकमा शोधकार्य गरी विद्या वारिधि उपाधि हासिल गर्नु भएकोमा तपाईंको उत्तरोत्तर उन्नतिको कामना सहित हार्दिक बधाई ज्ञापन गर्दछु ।

अध्यक्ष
साहित्य सदन नेपाल
बौद्ध, रामहिटी, काठमाडौं

नमुना– २

हार्दिक बधाई

दोस्रो जन आन्दोलन २०६२।०६३ मा स्रष्टाहरूलाई गोलबन्द गर्दै आन्दोलनको नेतृत्व गर्नु हुने वरिष्ठ साहित्यकार वैरागी काइँला नेपाल प्रज्ञा प्रतिष्ठानको कुलपति जस्तो गरिमामय पदमा नियुक्त हुनु भएकोमा उहाँको कार्यकालको सफलताको शुभ कामना व्यक्त गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च
नेपाल

शुभ कामना

कुनै राष्ट्रिय वा स्थानीय स्तरको विशेष पर्व वा अवसरमा आफ्ना इष्टमित्र, साथीभाइ एवम् शुभ चिन्तकहरूको भलो चिताउँदै दिइने वा पठाइने सन्देश नै शुभ कामना हो । सन्देश लेखेर, कार्ड छापेर वा पत्र पत्रिकामा प्रकाशित गरेर पनि शुभ कामना व्यक्त गरिन्छ ।

तलको नमुना हेर्नु होस् र ढाँचाबारे स्पष्ट हुनु होस् :

साझा प्रकाशनका अंसियार, कार्यरत कर्मचारी, सम्पूर्ण लेखक, साहित्यकार तथा यस प्रकाशनका विक्रेता, वितरक एवम् समस्त शुभ चिन्तक महानुभावहरूमा नव वर्ष २०६७ का उपलक्ष्यमा उत्तरोत्तर उन्नति र प्रगतिको कामना सहित हार्दिक मङ्गलमय शुभ कामना व्यक्त गर्दछौं ।

साझा प्रकाशन
पुलचोक, ललितपुर

समवेदना एवम् श्रद्धाञ्जली

आफन्त, साथीभाइ वा सम्बन्धित सङ्घसंस्थाको कुनै व्यक्तिको मृत्यु, आपत् विपत् आदि हुँदा दुखद घटना सम्झँदै शोकाकुल व्यक्ति वा परिवारलाई पठाइने दुखपूर्ण सन्देश समवेदना तथा श्रद्धाञ्जली हो । समवेदना लिखित रूपमा सम्बन्धित व्यक्तिकहाँ पठाइन्छ र सार्वजनिक रूपमा पत्र पत्रिकामा प्रकाशन गर्न पनि सकिन्छ ।

तलका नमुनाहरू हेर्नु होस् र ढाँचाबारे स्पष्ट हुनु होस् :

नमुना– १ : मृतकका आफन्तलाई पठाउने समवेदना तथा श्रद्धाञ्जली

श्री रमेश चन्द्र वाग्लेज्यू
निगुरादिन गाविस, ताप्लेजुङ

मिति : २०६६।३।५

विषय : **हार्दिक समवेदना एवम् श्रद्धाञ्जली ।**

तपाईंका पूजनीय पिता समाजसेवी हरिबोल वाग्लेज्यूको ६२ वर्षका उमेरमा मिति २०६७ वैशाख २ गते असामयिक निधन भएको समाचारले हामी अत्यन्त दुखी भएका छौं । तपाईंका पिता स्वर्गीय वाग्लेज्यूको स्थानीय

विकास र निर्माणका क्षेत्रमा महत्त्वपूर्ण योगदान रहेको छ । उहाँले यस क्षेत्रमा बाटोघाटो, विद्यालय भवन, स्वास्थ्य केन्द्रको निर्माण तथा खाने पानीको व्यवस्था जस्ता सामाजिक तथा सार्वजनिक हितमा अविस्मरणीय कार्य गर्नु भएको छ । उहाँको निधनले तपाईं र तपाईंका परिवारलाई शोकाकुल बनाउनुका साथै हामी सबैलाई मर्माहत तुल्याएको छ । हामी सबैका अभिभावकका रूपमा रहनु भएका तपाईंका पिता यस समाजका एक अनुकरणीय व्यक्तित्व हुनु हुन्थ्यो । उहाँको निधन यस समाजका निम्ति अपूरणीय क्षति हो । यो दुखद घडीमा हामी स्वर्गीय हरिबोल वाग्लेज्यूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै तपाईं र तपाईंका सम्पूर्ण आफन्त जनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

दल प्रसाद सिटौला — मनीष सङ्ग्रौला
एकराज पौडेल — आइत हाङ इङ्नाम
मन कुमार गौतम — गोविन्द रसाइली
दिलमाया घर्ती मगर — सरस्वती राई

तथा समस्त निगुरादिन गाविस
उपभोक्ता समिति परिवार

नमुना– २ : पत्रिकामा प्रकाशित गर्ने श्रद्धाञ्जली तथा समवेदना

हार्दिक श्रद्धाञ्जली एवम् समवेदना

जन्म
२००५ जेठ ४ गते

मृतकको तस्बिर

मृत्यु
२०६६ चैत २६ गते

यस संस्थाका केन्द्रीय सदस्य एवम् हाम्रा परम मित्र रविन दास श्रेष्ठका पिता शिक्षासेवी, पूर्व प्रधानाध्यापक मनोहर लाल श्रेष्ठको २०६६ चैत २६ गते ६१ वर्षको उमेरमा असामयिक निधन भएको खबरले हामीलाई धेरै दुखी तुल्याएको छ । यस दुखद घडीमा स्वर्गीय मनोहर लाल श्रेष्ठप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं र हाम्रा आत्मीय मित्र रविन दास श्रेष्ठ र उहाँका सम्पूर्ण शोकाकुल परिवार र आफन्त जनमा शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

सोमनाथ पौडेल
अध्यक्ष
एवम् परिवर्तनका लागि शैक्षिक संस्था परिवार,
चाबहिल, काठमाडौं

भावपूर्ण श्रद्धाञ्जली

जन्म : २०२४ पुस ९ गते

मृतकको तस्बिर

मृत्यु : २०६७ वैशाख २० गते

यस महासङ्घका राष्ट्रिय समितिका सदस्य पेसाकर्मी करुण बर्तौलाको मिति २०६७ वैशाख २० गते धादिङको नौबिसेमा मोटर साइकल दुर्घटनामा परी ४२ वर्षको उमेरमा असामयिक निधन भएको घटनाले हामी अत्यन्त मर्माहत भएका छौं । उहाँको निधनप्रति हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

पेसागत महासङ्घ नेपाल परिवार
बाग बजार, काठमाडौं

अभ्यास

१. **आफ्नो कुनै शुभेच्छुक (साथी, सहयोगी आदि) ले राष्ट्रिय प्रतिभा पुरस्कार पाएकोमा हर्ष प्रकट गर्दै पत्रिकामा छाप्ने 'बधाई ज्ञापन' को नमुना तयार गर्नु होस् ।**

२. **२०६७ को तमु ल्होसारको उपलक्ष्यमा आफन्त, इष्टमित्र र शुभ चिन्तकहरूलाई बाँड्ने शुभ कामना पत्रको नमुना तयार गर्नु होस् ।**

३. **तल दिइएका बुँदाहरूका आधारमा पत्रिकामा प्रकाशित गर्नका लागि 'समवेदना तथा श्रद्धाञ्जली' को नमुना तयार गर्नु होस् :**

नाम : दयावीर कार्की
जन्म : १९९० वैशाख १०
मृत्यु : २०६७ वैशाख २९
मृत्यु हुनाको कारण : हृदयाघात
योगदान : गाउँमा विद्यालय, स्वास्थ्य चौकी, झोलुङ्गे पुल निर्माण गरेको ।
पत्नीको नाम : धनमती कार्की

•

पाठ : अठार

कान्छी, भट्टी र देश

✍ कृष्ण सेन 'इच्छुक'

- तपाईंले कुनै मानिसको जीवनको दुख र विवशताको सग्लो चित्र देख्नु भएको छ ? तपाईंसँग यस्तो दुख र विवशताको कस्तो अनुभव छ ?
- तपाईंले मानिसको गरिबीलाई कति नजिकबाट भोग्नु वा नियाल्नु भएको छ ? त्यसलाई तपाईं आफ्नो भाषामा व्यक्त गर्न सक्नु हुन्छ ? सक्नु हुन्छ भने लेखेर साथीहरूसँग अनुभवको आदान प्रदान गर्नु होस् ।
- तपाईंले कुनै भट्टी वा पसलमा बसेका दिदी, बहिनी वा आमाहरू चिन्नु वा देख्नु भएको छ ? तिनको जीवनका अनुभवलाई बोध गर्नु भएको छ ? तिनका हाँसोभित्रका पीडा र रोदनको विवशतालाई पढ्नु भएको छ ?

निम्न वर्गीय नेपाली नारीको समस्या बोध गर्न 'कान्छी, भट्टी र देश' कविता पढ्नु होस् ।

अलिकति सफा र ताजा हिमाली सौन्दर्यको मिठो हाँसो
र अलिकति गरिब माइतीको पुरानो दाइजोले
मानौं प्रकृतिको सुन्दर पसल हो, नेपाल सजाएर
चियाको किल्ली जस्तै भकभकी उम्लि रहेको दुखी मन अनि
रक्सीका बोतलहरूसित रित्ति रहेको बैंसालु यौवनलाई
विवशताका भोका थाली र कचौराहरूमा पस्केर
सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ ।
कान्छी भट्टी थापि रहिछ ।

यात्रीहरू आइ रहेछन्/गइ रहेछन्
परदेशीहरू गइ रहेछन्/आइ रहेछन्
कोही उसको रूपको नसा पिइ रहेछन्
कोही उसको जीवनको दुर्दशा पिइ रहेछन्
विदीर्ण मन अनि जीर्ण तनलाई
जोरेर छटपटीको तातो भुङ्ग्रोभित्र
खिन्न सुस्केराहरूमा पीडाका धुवाँहरू फाल्दै

दिन रात क्लेश काटि रहिछ
कान्छी भट्टी थापि रहिछ ।

भट्टीमा भात पाकि रहेछ
भात सँगसँगै कान्छीको लाज पाकि रहेछ
भट्टीमा मासु पाकि रहेछ
मासु सँगसँगै कान्छीको आँसु पाकि रहेछ
भट्टीमा रक्सी बिकि रहेछ
रक्सी सँगसँगै कान्छीको श्री बिकि रहेछ
नेपाली छोरी ऊ
हिमालकी गोरी ऊ
विदेशका कोठीमा बेचिएकी अबोध चेली झैं
गहबाट बहका नदीहरू झरि रहिछ
कान्छी भट्टी थापि रहिछ ।

उसका आँसुहरू
मानौं खुसी खोसिएका कोसीका अशान्त छालहरू हुन्
उसका रहरहरू
मानौं बन्धकी परेका गण्डकीका बेचैन लहरहरू हुन्
र ऊ, मानौं गरिब घरकी सुन्दर कन्या जस्तै
घरि घरि ठालुका कामुक आँखाले डामिएकी कर्नाली हो
जो आफूदेखि धेरै टाढा
सुदूर छाउनी र पराईका मोर्चाहरूमा बेखबर
प्रिय पति र मायालु बन्धुहरूलाई सम्झेर
स्नेहपूर्ण भाकामा डाकि रहिछ
कान्छी भट्टी थापि रहिछ ।

(**इच्छुक रचनावली**, भाग २ बाट)

कवि परिचय

कृष्ण सेन 'इच्छुक' (वि.सं. २०१३–२०५९) राजनीति, साहित्य र पत्रकारितामा उत्तिकै दखल भएका व्यक्तित्व हुन् । सामाजिक रूपान्तरणका लागि राजनीतिक आस्था, त्याग र बलिदानको संस्कृति बोकेर अगाडि बढ्दा सहिद भएका इच्छुक क्रान्तिकारी कवि हुन् । उनका **शोकाञ्जली** (२०४८) एवम् **बन्दी र चन्द्रागिरि** (२०५७) काव्य र **इतिहासको यस घडीमा** (२०५६) कविता सङ्ग्रह प्रकाशित छन् । उनका कविता र काव्यमा वर्ग सङ्घर्षका माध्यमबाट समाजको आमूल परिवर्तन गर्दै नयाँ समाज व्यवस्थाको निर्माण गर्ने उदात्त चेतनाको अभिव्यक्ति पाइन्छ । उनी प्रगतिवादी धाराका सशक्त कवि हुन् ।

शब्दार्थ

१. **तलका शब्दको अर्थ पहिचान गर्नु होस् :**

बैंसालु = यौवन भरिएकी
यौवन = तरुण अवस्था
भट्टी = जाँड रक्सी बेच्ने पसल
दुर्दशा = खराब अवस्था
जीर्ण = पुरानो/थोत्रो
खिन्न = चिन्ता र पश्चात्तापले सताइएको
बन्धकी = बन्धकमा परेको
मोर्चा = किल्ला/व्यूह
सन्तप्त = पिर परेको/चिन्ताले रन्थनिएको
उदासी = दिक्दारी
नसा = मादकता
विदीर्ण = चिरिएको
तन = शरीर
सुस्केरा = दुखको सास
बेचैन = सुखशान्ति नभएको
छाउनी = सैनिक शिविर

२. **तलका शब्द र अर्थको जोडा मिलाउनु होस् :**

शब्द	अर्थ
पीडा	शोभा/रूप
श्री	प्रेम/माया
क्लेश	मनको पिर
बह	स्त्री लम्पट
गह	दुख/कष्ट
अबोध	आँखाको खोबिल्टो
कामुक	दुख/वेदना
स्नेह	नबुझ्ने

पठन बोध

१. **तलका कवितांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

(क) चियाको कित्ली जस्तै भकभकी उम्लि रहेको दुखी मन अनि
रक्सीका बोतलहरूसित रित्ति रहेको बैंसालु यौवनलाई
विवशताका भोका थाली र कचौराहरूमा पस्केर
सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ
कान्छी भट्टी थापि रहिछ ।

प्रश्नहरू

(अ) 'सन्तप्त मुस्कानहरूले उदासी बाँडि रहिछ' भन्नुको तात्पर्य के हो ?
(आ) कान्छीको मन किन चियाको कित्ली जस्तै भकभकी उम्लि रहेको हो ?
(इ) कान्छीका माध्यमबाट कविले कुन वर्गको चित्रण गरेका छन् ?
(ई) कान्छीले भोग्नु परेको विवशता के हो ?
(उ) यस कवितांशको मूल भाव के हो ?

(ख) भट्टीमा भात पाकि रहेछ
भात सँगसँगै कान्छीको लाज पाकि रहेछ
भट्टीमा मासु पाकि रहेछ
मासु सँगसँगै कान्छीको आँसु पाकि रहेछ
भट्टीमा रक्सी बिकि रहेछ
रक्सी सँगसँगै कान्छीको श्री बिकि रहेछ ।

प्रश्नहरू

(अ) "भात सँगसँगै कान्छीको लाज पाकि रहेछ" भन्नुको तात्पर्य के हो ?
(आ) कान्छीको आँसु किन पाकि रहेछ ?
(इ) कान्छीको श्री कसरी बिकि रहेछ ?
(ई) यस कवितांशले कान्छीका अवस्थाको कस्तो चित्रण गरेको छ ?
(उ) 'श्री' को अर्थ के हो ?

२. **तलको रेखाचित्र पढ्नु होस् :**



माथिका आरेखका आधारमा कान्छीका जीवनको यथार्थको वर्णन गर्नु होस् ।

अभ्यास

१. **'कान्छी, भट्टी र देश' कविताको पहिलो अनुच्छेदको भावलाई गद्यमा रूपान्तर गर्नु होस् ।**

२. **'कान्छी, भट्टी र देश' कविताले गरिब र उत्पीडित नेपाली नारीहरू र तिनको विवशतालाई प्रस्तुत गरेको छ । जीवन धान्नका लागि भट्टी पसल थाप्न बाध्य पारिएका कान्छीहरू हाम्रा गाउँ, सहरमा प्रशस्त छन् । 'कान्छी, भट्टी र देश' कविता पढी कविताका आधारमा कान्छीका विवशताहरूको चित्रण गर्नु होस् ।**

३. **'कान्छी, भट्टी र देश' कवितामा नेपाली महिलाहरूको कस्तो अवस्थाको वर्णन गरिएको छ ? समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् ।**

व्याकरण

क्रियाका काल र पक्षको पुनरावृत्ति अभ्यास

पाठ आठमा क्रियाका काल र पक्षको प्रयोग र पहिचान दिइएको छ । यस पाठमा पुनरावृत्तिका लागि त्यसैको थप अभ्यास दिइएको छ ।

१. **(क) तलको अनुच्छेद पढी भूत र अभूत कालका वाक्यहरूको सूची बनाउनु होस् :**

कर्नाली वासीको पिर कसले बुझ्छ । कर्नाली अरू क्षेत्रका तुलनामा पछि पऱ्यो । कुनै दिन कर्नाली पनि विकसित हुने छ । बाटो पुग्यो, कर्नाली वासी रमाए । पानी पर्दा कर्नाली वासी खुसी हुन्छन् । अहिले देशमा गणतन्त्र आयो । अब कर्नाली अगि बढ्छ । कर्नालीको स्याउ नेपाल गन्ज ऋर्ने छ । कर्नाली अब देशका अन्य प्रदेश सरह हुने छ । कर्नालीका भोका पेटहरू भरिने छन् । कर्नालीका नाङ्गा आङहरू ढाकिने छन् । त्यहाँ नयाँ कलेज खुल्ने छन् । हिजो कर्नालीले दुख पायो । कर्नालीले लामो पीडा भोग्यो । आज हुम्ला बोल्छ, जुम्ला बोल्छ र जुरमुराउँछ । डोल्पाले हिजो दुख भोग्यो र कालीकोटले सास्ती बेहोऱ्यो । अब नेपाली जनतासँगै हातेमालो गर्दै कर्नाली साँच्चै अगि बढ्ने छ ।

(ख) भूत र अभूत कालका क्रियापदको प्रयोग गरी पाँच पाँच वाक्य बनाउनु होस् ।

(ग) भूत र अभूत कालका दश दश क्रियापदको सूची बनाउनु होस् ।

२. **तलको अनुच्छेद पढी सामान्य, पूर्ण, अपूर्ण, अज्ञात र अभ्यस्त भूत कालका वाक्यहरू छान्नु होस् :**

कल्याण यसपालि घर गयो । उसले बाटामा कृष्णलाई भेटयो । कृष्ण त मोटाएर नचिनिने भएछ । पहिले ऊ चुरोट खान्थ्यो । ऊ रक्सी पनि पिउँथ्यो । अहिले उसले यी सबै कुरा छाडेछ । कृष्णसँगै कल्याण गाउँ घुम्दै थियो । गाउँका मानिस तिनलाई देखेर खुसी भएका थिए । गाउँलेहरूले तिनलाई गाउँका बारेमा बताएका थिए । उनीहरू आफूले पढेको स्कुल पनि गएका थिए । पहिले त तिनका साथीहरू धेरै हुन्थे । उनीहरू भेट्न पनि आउँथे । अहिले त गाउँ शून्य भएछ । स्कुलमा विद्यार्थी पनि घटेछन् । स्कुल पुगेपछि उनीहरू घर गए । घरमा बहिनी थिइन् । बहिनी त अग्ली भइछन् । पहिले उनी साइकल चढ्थिन् । अहिले उनले साइकल चढ्न छाडिछन् । उनीहरू बहिनीसँग कुरा गर्दै थिए । त्यसै वेला बुबाआमा आउनु भयो । त्यसपछि सबै मिलेर खाना खाए ।

३. **तलको अनुच्छेद पढी अभूत (वर्तमान) कालका अपूर्ण, पूर्ण र सामान्य पक्षका वाक्यहरू छुट्टयाउनु होस् :**

म बिहान चाँडै उठ्छु । उठेर पानी पिउँछु । म आज **एक चिहान** उपन्यास पढ्दै छु । मैले धेरै कथा पनि पढेको छु । कथा पढ्दा आनन्द आउँछ । कथा पढ्दा टिपोट पनि गर्ने गरेको छु । उपन्यास र कथा पढ्दै रेडियो पनि सुनेको छु । समाचार सुन्दा खबर थाहा पाइन्छ । रेडियोले मानिसको चेतना बढाउँदै छ । त्यसले जनतालाई सूचना पनि दिँदै छ । एकै चोटि दुई वटा काम गर्न मलाई मजा लाग्छ ।

४. **भूतकाल र अभूत (वर्तमान) कालका सबै पक्षहरूको प्रयोग गरी पाँच पाँच वाक्य बनाउनु होस् ।**

५. **अभूत (वर्तमान) का अपूर्ण, पूर्ण र सामान्य पक्षको प्रयोग गरी कुनै एक विषयमा एक एक अनुच्छेद लेख्नु होस् ।**

६. **तलको अनुच्छेद पढी अभूत (भविष्यत्) कालका सामान्य, अपूर्ण र पूर्ण पक्षका वाक्यहरूको सूची बनाई प्रस्तुत गर्नु होस् :**

किरण भोलि पढ्दै हुने छ । उसले दुई वर्षमा बाह्र कक्षा उत्तीर्ण गरेको हुने छ । उसले मिहिनेत गरेर पढ्ने छ । ऊ पढेर शिक्षक बनेको हुने छ । शिक्षक बनेर उसले विद्यार्थीलाई पढाउने छ । त्यस वेला ऊ जागिर खाँदै गरेको हुने छ । जागिर खाएर उसले देशको सेवा गरेको हुने छ । उसले शिक्षा सेवा पनि गर्ने छ ।

७. **तलका वाक्यहरू पढी क्रियाका काल र पक्षका आधारमा तिनलाई बेग्लाबेग्लै सूचीबद्ध गर्नु होस् :**

(क) ऊ बिहानै मेरो घरमा आउँदा म भरखरै उठ्दै थिएँ । बहिनी मुख धुँदै थिई । भाइ उठेर पढ्दै थियो । आमा चिया पकाउँदै हुनु हुन्थ्यो । बुबा पूजा गर्दै हुनु हुन्थ्यो । बाहिर चरा चिरबिराउँदै थिए । पूर्वमा सूर्य उदाउँदै थियो ।

(ख) हिजो रमेश भात खाएर यहाँबाट छिटै हिँडेको थियो । ऊ स्कुल ढिलो पुगेको थियो । शिक्षक शिक्षिकाले उसलाई सोधेका थिए । उसले बाटामा अलमल भएकाले ढिलो आइ पुगेको बताएको थियो । शिक्षकले उसमाथि शङ्का गरेका थिए । अभिभावकसँग बुझेपछि उसमाथिको शङ्का निवारण भएको थियो ।

(ग) मनोजले एक वर्षअघि सहरमा धेरै खर्च गरेर राम्रो घर बनाएछ । त्यस घरमा लगेर बुबाआमालाई पनि राखेछ । उसले त्यो घर बनाउँदा धेरै ऋण लिएछ । ऋणले गर्दा घर थाम्न सकेनछ । उसले घर बेच्ने विचार गरेछ । धेरै कोसिस गर्दा पनि घर बिक्री भएनछ । घर भाडामा लगाएर ऊ गाउँ फर्केछ ।

(घ) पल्लो गाउँमा प्रमिला नाउँ गरेकी केटी बस्थी । ऊ त्यही गाउँको स्कुलमा पढ्थी । ऊ पढ्नमा ज्यादै मन लगाउँथी । बुबाआमाले भनेको पनि मान्थी । बेलैमा स्कुल जान्थी र बेलैमा घर पनि आउँथी । उसलाई गाउँलेहरू असल केटी मान्थे । शिक्षक शिक्षिकाहरू पनि उसलाई माया गर्थे । उसका धेरै साथीहरू हुन्थे । ऊ कुरा गरेरै सबैलाई मक्ख पार्थी । उसलाई देखेपछि सबै खुसी हुन्थे ।

(ङ) म हिजोआज **एक चिहान** उपन्यास पढ्दै छु । म त्यसलाई पढेर त्यस वेलाको नेपाली समाजलाई बुझ्दै छु । त्यहाँ रहेको धनी र गरिबका बिचको असमानता र विभेदलाई देखेर अहिले म आक्रोशित हुँदै छु । यसले मेरो मनमा धन र पदका आडमा षड्यन्त्र र शोषण गर्नेहरूप्रति घृणा जाग्दै छ । यसले मेरा मनमा दुखी र गरिबप्रति सहानुभूतिको भाव उमार्दै छ । म यस उपन्यासलाई दोहोऱ्याई तेहऱ्याई पढ्दै छु ।

(च) मोहनले मधुमालतीको कथा पढेको छ । उसले त्यस कथाको कथावस्तु र चरित्रलाई राम्ररी बुझेको छ । त्यस कथामा वर्गीय असमानताले बाल बालिकाको प्रेम र मनोविज्ञानमा परेको असरलाई बुझेको छ । उसले एउटा टिपोट तयार पारेको छ । त्यो टिपोट उसले साथीहरूलाई पनि देखाएको छ । साथीहरूसँग छलफल गरी उसले त्यसमाथि एउटा समीक्षा पनि तयार गरेको छ ।

(छ) भोलि बिहान म तिम्रो घर आइ पुग्दा तिमी लुगा लगाउँदै हुने छौ । तिम्री श्रीमती चिया पकाउँदै हुने छिन् । छोरो ओछ्यानमा रुँदै हुने छ । बाहिर कुकुर भुक्दै हुने छ । छिमेकी खेलाबेला गर्दै हुने छन् । तिमी चिया ढिलो भएकोमा फतफताउँदै हुने छौ ।

(ज) अर्को वर्ष तपाईं विदेशबाट आउँदा म उच्च माध्यमिक तह पास गरेको हुने छु । त्यस वेला मेरो राम्रो प्रतिशत आएको हुने छ । सबैले मलाई बधाई दिएका हुने छन् । म धेरै मक्ख परेको हुने छु । बुबाआमा पनि खुसी हुनु भएको हुने छ । म माथिल्लो कक्षा अध्ययनका निम्ति कलेजको खोजीमा लागेको हुने छु । त्यो दिन एकदमै खुसीको दिन भएको हुने छ ।

८. **तलका कुन कुन वाक्यमा अज्ञात पक्षको प्रयोग भएको छ ? पहिचान गर्नु होस् :**

(अ) उसले फल खाएको छ ।

(आ) कान्छीले भट्टी थापिछ ।

(इ) सुमन घर जान्छु भन्थ्यो ।

(ई) गोपाल पास भएछ ।

९. अभ्यस्त भूतको प्रयोग गरी पाँच वाक्यमा आफ्नो विगतका स्मृतिसन्दर्भहरू प्रस्तुत गर्दै एउटा अनुच्छेद तयार पार्नु होस् ।

१०. माथि दिइएका उदाहरणमा झैं पाँच वाक्यमा सबै पक्षका क्रियापदको प्रयोग गरी एउटा अनुच्छेद रचना गर्नु होस् ।

बोध

तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

जगबाट कुहिएका चट्टानहरू फिकेर सिमेन्ट ग्राउटिङ गरिएमा बाँधबाट हुने पानीको चुहावट रोक्न सकिन्छ । बालुवा, रोडा जस्ता खुकुला किसिमका निर्माण सामग्रीबाट बाँधको निर्माण गरिएको छ भने पानीको चुहावट बढी हुन्छ । यो पानीलाई बाँधको पछिल्तिर आधारमा निकास कुलोमा जम्मा गरी अन्यत्र पठाउन सकिन्छ । बाँधको टाकुरो र जगसम्मको उचाइलाई बाँधको उचाइ भनिन्छ अनि टाकुरादेखि सम्भावित उच्चतम जल सतहसम्मको उचाइलाई फ्री बोर्ड भनिन्छ । बाढीको वेलामा वा धेरै हावा चलेको वेलामा पानीले बाँधको शीर्षबाट बगेर बाँधलाई नोक्सान पुऱ्याउन नदिन पर्याप्त फ्री बोर्डको व्यवस्था गरिनु आवश्यक छ । त्यसै गरी जलाशयको लहरबाट गरिने सुरक्षा, बाँधको माथिबाट गाडीहरूको आवागमन र निर्माण सुविधालाई ध्यानमा राखेर बाँधको टाकुराको चौडाइ निश्चित गरिन्छ । बाँध निर्माण भइ सकेपछि यसमा प्रयोग गरिएको निर्माण सामग्रीको तह वजनको कारणले धसिन गई बाँधको उचाइ घट्ने हुनाले यो तथ्यलाई ध्यानमा राखेर बाँधमाथि अतिरिक्त निर्माण सामग्री थुपार्नु पर्छ । बाँध स्थिर र सुरक्षित रहोस् भन्ने उद्देश्यले सेतुबन्धको ढाल र बिमको व्यवस्था गरिनु पर्छ । बाँधको जलाशयपट्टिको भागमा भूक्षय हुने, पानीको लहरले आक्रमण गर्ने र पानीको चुहावट हुने हुनाले चट्टानका टुक्राहरूले छाप्ने गर्नु पर्दछ । साथै बाँधको अर्को भागलाई पनि भूक्षय, वर्षा र तुषाराको आक्रमणबाट बचाउन घाँस उमार्ने गर्नु पर्छ ।

प्रश्नहरू

(क) बाँधबाट पानीको चुहावट कसरी रोक्न सकिन्छ ?

(ख) फ्री बोर्ड भनेको के हो ?

(ग) बाँधलाई चट्टानका टुक्राहरूले किन छोप्नु पर्छ ?

(घ) बाँधलाई सुरक्षित गर्न के के गर्नु पर्छ ?

(ङ) 'जलाशय' र 'चट्टान' शब्दको अर्थ के हो ?

अभिव्यक्ति

पत्र रचना

१. **तलका पत्रहरू पढी पुछारमा सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :**

निवेदन

कुनै व्यक्तिद्वारा आफ्नो सरोकार रहेको कुनै कार्यालयका प्रमुख समक्ष केही कुराको माग गर्दै लेखिने पत्रलाई निवेदन भनिन्छ । निवेदन सकेसम्म एकै पृष्ठमा सकिने छोटो, स्पष्ट र बुझिने हुनु पर्छ । निवेदनमा सम्बोधन लेख्दा सुरुमा श्री, श्रीमान्, माननीय, आदरणीय आदि शब्दको प्रयोग गरिन्छ भने सम्बन्ध ज्ञापनमा प्रार्थी, निवेदक, भवदीय, अनुरोधक आदि लेखी आफ्नो नाम लेखेर हस्ताक्षर गरिन्छ ।

नमुना

मिति : २०६७।११५

श्री प्राचार्यज्यू,
जनक उच्च माध्यमिक विद्यालय,
जनकपुर धाम, धनुषा

विषय : **सेवा गर्ने अवसर पाऊँ ।**

महोदय,

त्यस विद्यालयको मिति २०६७।११० को *गोरखा पत्र* मार्फत निम्न माध्यमिक शिक्षकका निम्ति दर्खास्त आह्वान गरिएकोमा मैले यो आवेदन दिएकी छु । मैले उच्च माध्यमिक शिक्षा परिषद्बाट शिक्षाशास्त्र विषय लिई उच्च माध्यमिक तह उत्तीर्ण गरी जिल्ला शिक्षा कार्यालय धनुषाबाट शिक्षण अनुमति पत्र समेत लिएकी छु । मसँग धनुषाको मटिहानी उच्च माध्यमिक विद्यालयमा आधारभूत तहमा एक वर्ष शिक्षण गरेको अनुभव पनि छ । त्यसैले निम्नानुसारका कागजात संलग्न गरी यो निवेदन दिएकी छु ।

संलग्न कागज पत्रहरू

१. प्रमाण पत्रका प्रतिलिपिहरू
२. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
३. शिक्षण अनुमति पत्रको प्रतिलिपि
४. अनुभव पत्रको प्रतिलिपि

निवेदक
हस्ताक्षर
(मञ्जुला क्षा)

व्यावसायिक पत्र

आफ्नो व्यवसाय वा कारोबार सञ्चालनका लागि एउटा व्यापारिक संस्थाद्वारा अर्को व्यापारिक संस्थालाई लेखिने पत्रलाई व्यावसायिक वा व्यापारिक पत्र भनिन्छ । यसमा सामानको माग, मागको प्रति उत्तर, आयात निर्यात, बिक्री वितरण, ढुवानी आदि विषयहरू रहेका हुन्छन् ।

नमुना

मिति : २०६७।११।१०

श्री प्रमुखज्यू,
बिक्री शाखा,
साझा प्रकाशन,
ललितपुर ।

विषय : **पुस्तक पठाइ दिने सम्बन्धमा ।**

महोदय,

हामीले त्यस प्रकाशनबाट प्रकाशित र वितरित पुस्तकहरू आयात गरी बिक्री वितरण गर्दै आएको कुरा यहाँलाई विदितै छ । माध्यमिक र उच्च माध्यमिक दुबै तहका नयाँ सत्र सुरु भई पुस्तकको आवश्यकता परेको र साहित्यिक पुस्तकको पनि माग बढेको हुँदा यहाँको स्थानीय आवश्यकता र पाठकको रुचिलाई ध्यानमा राखी तल तोकिएको सङ्ख्यामा पुस्तकहरू उपलब्ध गराइ दिनु हुने छ । सोका निम्ति पेस्की स्वरूप राष्ट्रिय वाणिज्य बैङ्कको रु. ५०,०००।– (रु. पचास हजार) को ड्राफ्ट पठाइएको छ । सामान र बिल प्राप्त भएपछि बाँकी रु. तुरुन्त भुक्तानी पठाइने छ । सहयोगका लागि धन्यवाद !

पुस्तकको विवरण

१.	सबैको नेपाली	२०,००० प्रति
२.	नेपाली (माध्यमिक तह ९ र १०)	२०,००० प्रति
३.	एक चिहान (उपन्यास)	५००० प्रति
४.	मुना मदन	१००० प्रति
५.	अनिवार्य नेपाली शिक्षण निर्देशिका	१०० प्रति
६.	समानान्तर आकाश	५० प्रति
७.	नेपाली निबन्ध भाग १ र २	५०/५० प्रति
८.	नेपाली साहित्यिक रचना	१०० प्रति
९.	नेपाली उपन्यास र उपन्यासकार	२० प्रति
१०.	नेपाली समालोचना	२० प्रति
११.	शिरीषको फुल	१० प्रति
१२.	प्रगतिवादी दृष्टिमा कवि र कविता	१० प्रति

तपाईंको विश्वास पात्र
प्रो. विनोद भुसाल
सहयोगी पुस्तक पसल
बुटवल– ४, रूपन्देही

निमन्त्रणा पत्र

कुनै गोष्ठी, सेमिनार, सभा, समारोह, विवाह, व्रतबन्ध, भोज आदिका निम्ति लेखिने पत्र निमन्त्रणा पत्र हो । विषय अनुसार यसका भाषा र स्वरूपमा भिन्नता हुने भए तापनि उपस्थितिका निम्ति अनुरोध गर्नु यसको मुख्य उद्देश्य हो ।

नमुना– १

निमन्त्रणा पत्र

श्री.....ज्यू

नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति बैरागी काइँलाको प्रमुख आतिथ्यमा निम्न लिखित मिति र समयमा 'नेपाली साहित्यको वर्तमान स्थिति' विषयक विचार गोष्ठीको आयोजना हुने भएकाले उक्त गोष्ठीमा यहाँलाई सादर आमन्त्रण गरिन्छ ।

मिति : २०६७ वैशाख ५ — आयोजक
समय : दिनको ठिक ११ बजे — **साहित्य मञ्च नेपाल**
स्थान : नेपाल प्रज्ञा प्रतिष्ठानको सभाकक्ष — काठमाडौं

नमुना– २

शुभ विवाहको निमन्त्रणा

श्री..... ज्यू

निमन्त्रणा

हाम्री आयुष्मती **सुपुत्री एलिना पराजुली**को विराटनगर चाँदनी चोक निवासी
श्री मनोज आचार्य र कमला आचार्यका आयुष्मान् सुपुत्र **सुमन आचार्य**का साथ
सुसम्पन्न हुने **शुभ विवाह**मा उपस्थित भई वरवधूलाई आशीर्वाद
प्रदान गरि दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

कार्यक्रम	**दर्शनाभिलाषी**	**प्रार्थी**
जन्ती आगमन : २०६७।३।४	राम पराजुली	बलराम पराजुली
समय बिहान : ९ बजे	उमा पराजुली	प्रमिला पराजुली
प्रीतिभोज : दिनको १-५ बजेसम्म	मिठाराम पराजुली	
स्थान : राप्ती पार्टी प्यालेस	हरिमाया पराजुली	
घोराही, दाङ	एवम् समस्त पराजुली परिवार	

नमुना– ३

सुद्धाइँको निमन्त्रणा

हार्दिक निमन्त्रणा

श्री.....ज्यू,

मेरा श्रद्धेय पिता लोकसिंह धामीको स्वर्गारोहण भएको तेह्रौं दिनको
शुद्धशान्तिका अवसरमा निम्न लिखित मिति, समय र स्थानमा उपस्थित भई
प्रसाद ग्रहण गरि दिनु हुन हार्दिक अनुरोध गर्दछु ।

मिति : २०६७।१।९ प्रार्थी
समय : दिनको २ देखि ५ बजेसम्म रामसिंह धामी
स्थान : गाँजरी - ३, बैतडी

अभ्यास

१. **आफ्नो विद्यालय/कलेजबाट प्रदान गरिने जेहेनदार छात्रवृत्ति पाऊँ भनी प्राचार्यलाई एउटा निवेदन लेख्नु होस् ।**
२. **घरमा भाइको व्रतबन्ध भएकाले आफ्ना बुबाका तर्फबाट इष्टमित्रलाई पठाइने किसिमको निमन्त्रणा पत्र तयार पार्नु होस् ।**

३. भानु जयन्तीको उपलक्ष्यमा आयोजना गरिने कवि गोष्ठीमा जिल्ला शिक्षा अधिकारीलाई अतिथिका रूपमा आमन्त्रण गर्दै एउटा निमन्त्रणा पत्र तयार गर्नु होस् ।

४. उच्च माध्यमिक तहको अनिवार्य नेपाली विषयको पाठ्य पुस्तकका विशेषताहरू औंल्याउँदै त्यसको विज्ञापनको नमुना प्रस्तुत गर्नु होस् ।

५. माथिको व्यावसायिक पत्र पढी त्यसको प्रति उत्तर लेख्नु होस् ।

पत्र रचनाका लागि थप सामग्री

परिचय

कुनै व्यक्ति वा संस्थाले आफ्ना कुरा अरू समक्ष पुऱ्याउनका लागि तयार पारेको लिखित सन्देशलाई पत्र भनिन्छ । यसले पठाउने (प्रेषक) र पाउने (प्रापक) का बिच सम्प्रेषणको काम गर्छ । सूचना र प्रविधिको विकासले हिजोआज खबर आदान प्रदान गर्ने पत्रभन्दा छिटो छरितो माध्यमको विकास भइ सकेको छ तापनि चिठीपत्रको महत्त्वमा कमी आएको छैन । चिठीपत्रले सम्बन्ध विस्तार गर्ने तथा व्यापार व्यवसाय बढाउने काम गर्नुका साथै सञ्चारको सशक्त काम पनि गर्छ ।

पत्रको विषय निजी कुरा, हाल खबर, सूचना, निवेदन, निमन्त्रणा, जानकारी, प्रचार, विज्ञापन, शुभ कामना, माग आदि जे पनि हुन सक्छ ।

पत्रका प्रकार

(क) वैयक्तिक पत्र– व्यक्तिले लेख्ने घरायसी चिठी, आफन्तलाई लेखिने चिठी ।

(ख) व्यापारिक पत्र– विज्ञापन र सूचना गर्ने, सामान झिकाउने र पठाउने प्रयोजनका लागि लेखिने पत्र ।

(ग) कार्यालयीय पत्र– परिपत्र, नियुक्ति, विज्ञप्ति, सूचना, निवेदन आदि ।

(घ) औपचारिक पत्र– निमन्त्रणा, शुभ कामना, बधाई, प्रशंसा, अभिनन्दन, समवेदना, श्रद्धाञ्जली आदि ।

माथि (क) मा दिइएका पत्रहरू अनौपचारिक र (ख), (ग) अनि (घ) मा दिइएका पत्रहरू औपचारिक पत्र हुन् ।

पत्रको ढाँचा र स्वरूप

पत्र लेखनको निश्चित ढाँचा हुन्छ । यसका निश्चित भाग र अङ्गहरू हुन्छन् । पत्रमा जुन कुरा जहाँ लेख्नु पर्ने हो, त्यहीँ लेख्नु पर्छ । यसका भाग र अङ्गहरू यस प्रकार छन्–

१. **आदि वा शीर्ष भाग**

यस भागमा निम्न लिखित अङ्गहरू पर्दछन्–

(क) **ठेगाना र मिति** : पत्रको दाहिने पट्टिको सिरानमा पत्र लेखकको ठेगाना र त्यसको लगत्तै तल पत्र लेखेको दिनको मिति लेखिन्छ । संस्थागत पत्र भए प्याडमै ठेगाना हुन्छ ।

(ख) **सम्बोधन** : पत्र पाउनेको नाता वा सम्बन्ध उल्लेख गर्नुलाई सम्बोधन भनिन्छ । सम्बोधनमा श्री, श्रीमान्, श्रीमती, सुश्री, श्रद्धेय, आदरणीय, मान्यवर, मायालु, प्रिय, प्यारो, प्यारी आदि लेखिन्छ ।

(ग) **शिष्टाचार** : सम्बन्ध अनुसार पत्र पाउनेको अभिवादनका निम्ति लेखिने शब्दलाई शिष्टाचार भनिन्छ । शिष्टाचार सम्बोधनमुनि वैयक्तिक पत्रमा मात्र दण्डवत्, प्रणाम, नमस्कार, सम्झना, आशीर्वाद, धेरै धेरै प्यार आदि भनेर लेखिन्छ भने अरू तिन किसिमका पत्रमा चाहिँ ठेगाना लेखिन्छ ।

(घ) **विषय** : वैयक्तिक पत्र बाहेक अरू तिन किसिमका पत्रमा विषय पनि लेख्नु पर्छ । विषयमा पत्र लेख्नाको कारण लेखिन्छ र त्यसभन्दा तल बायाँतिर महोदय, महाशय भन्ने सम्बोधन पनि लेखिन्छ ।

२. **मध्य भाग**

मध्य भागमा निम्न लिखित अङ्गहरू हुन्छन्–

(क) **मूल पाठ** : यसमा पत्र लेखकले जे सन्देश दिन चाहेको हो, त्यसको प्रस्तुति रहन्छ । पत्रको मूल अङ्ग नै यही भएकाले यसमा आवश्यक भए पूर्व पत्रको सन्दर्भ, वैयक्तिक पत्र भए भलाकुसारी र अरूमा आवश्यक सूचना, मूल सन्देश, आफ्ना भनाइ आदि लेखिन्छन् । सम्प्रेषण गर्न आवश्यक ठानिएका सबै कुरा लेखिने भएकाले यसको आयाम लामो पनि हुन सक्छ तर पत्रमा अनावश्यक गन्थन लेख्नु हुँदैन । यसलाई सुगठित बनाउनु पर्छ ।

(ख) **समापक वाक्यांश** : मूल सन्देशको लेखनपछि पत्र समाप्त भएको जानकारी दिन 'लौ त आजलाई बिदा' जस्तो समापक वाक्यांश लेखिन्छ । यो पनि वैयक्तिक पत्र बाहेक अरूमा आवश्यक हुँदैन ।

३. **अन्त्य भाग**

अन्त्य भागमा निम्न लिखित अङ्गहरू पर्दछन्–

(क) **सम्बन्ध ज्ञापन** : पत्र लेख्ने र पाउनेका बिचको सम्बन्ध जनाउने शब्दलाई सम्बन्ध ज्ञापन भनिन्छ । यसमा वैयक्तिक पत्र भए तपाईंको/तपाईंकी, हजुरको/हजुरकी, तिम्रो/तिम्री, हितैषी, शुभ चिन्तक, प्यारो/प्यारी आदि लेखिन्छ भने अरू औपचारिक पत्रमा भवदीय, प्रार्थी, निवेदक, अनुरोधक आदि लेखिन्छ । सम्बन्ध ज्ञापन पत्रको पुछारमा दायाँतिर लेखिन्छ ।

(ख) **हस्ताक्षर** : सम्बन्ध ज्ञापन जनाउने शब्दमुनि दुई स्थान (स्पेस) छोडेर हस्ताक्षर र त्यसमुनि आफ्नो नाम लेख्नु पर्छ । वैयक्तिक पत्र बाहेक अरू पत्रमा आफ्नो पद र कार्यालयको नाम पनि लेख्न सकिन्छ ।

माथिका सबै अङ्गहरू पूरा भएपछि लेखिएको पत्र वा कार्डलाई आवश्यक भए खाममा हाली बायाँतिर आफ्नो नाम र ठेगाना अनि दायाँतिर प्रापकको नाम र ठेगाना लेखी सम्बन्धित व्यक्ति वा संस्थामा प्रेषित गरिन्छ ।

खामको नमुना

टिकट

पाउने
श्री महाप्रबन्धकज्यू
साझा प्रकाशन
पुलचोक, ललितपुर

पठाउने
विनोद भुसाल
सहयोगी पुस्तक पसल
बुटवल– ४, लुम्बिनी

पाठ : उन्नाइस

बौलाहा काजीको सपना

✍ विजय मल्ल

सृष्टिको नियम पनि कति अनौठो छ ! उही दिन, उही समय जन्मिएको एउटा मान्छे जन्मँदै गरिब हुन्छ अर्को चाहिँ धनी । गरिबका झोपडीमा जन्मिए जीवन दुखैदुखमा बित्छ तर धनीका महलमा जन्मिए बाँचुन्जेल दुख र अभाव भन्ने देख्नै पर्दैन । यसरी मान्छेलाई गरिब वा धनी बनाउने साधन धन सम्पत्ति नै हो । यस संसारमा जन्मेका प्रत्येक मान्छेले धन कमाउने समान अवसर पाउनु पर्ने हो, प्रत्येकले आफ्नो जीवनको रूपरेखा आफै निर्धारण गर्न पाउनु पर्ने हो तर त्यसो भइ रहेको छैन । मानव समाजले सभ्यताको यति लामो यात्रा पुरा गरि सक्दा पनि सबै सम्पन्न, सबै समान हुन सक्ने बाटो फेला पार्न सकेको छैन । यसका निम्ति विभिन्न प्रयासहरू हुँदै आएका छन् तर पनि धनी र गरिबको विभाजनको रेखा मेटेर सबै समान हुने, सबै सुखी हुने परिस्थितिको निर्माण हुन सकेको छैन । यसकै निम्ति विभिन्न कालखण्डमा ठुलठुला लडाइँहरू भए तर अझै पनि समाधान निस्कन सकेको छैन । मान्छे मान्छेबिचको विभाजनको यो सीमारेखा मेटिएका दिन संसार साँच्चिकै सुन्दर हुने छ, स्वर्ग बन्ने छ । संसारमा यस्तो सपना देख्ने महान् आत्माहरू कति आए गए तर गरिब गरिब नै छन् धनी धनी नै । मान्छेलाई दुई बेग्लाबेग्लै कित्तामा राख्ने यस समस्याको समाधान मान्छेमा अन्तर्निहित चेतनाको विस्तारबाट मात्रै हुन सक्छ भनेर नै अनेकौं शिक्षालयहरू खुले, मान्छेलाई शिक्षित र सचेत तुल्याइयो, तर पनि समाजमा धनी र गरिबको विभेद कायमै छ । यस समस्यालाई 'बौलाहा काजीको सपना' नाटकले अझै स्पष्ट पार्ने छ ।

पात्र

भक्ते–	एक भरिया
माने–	अर्को भरिया, उसको साथी
बिरे–	भक्तेको छोरो
बौलाहा काजी–	एक अर्ध पागल मानिस
मास्टर–	स्कुलको एक शिक्षक
सेकेन्ड पण्डित–	स्कुलको अर्को शिक्षक
धनमान–	एक सहरिया साहु

विक्रम–
राम–
बद्री–
भरत–
अरू ठिटाहरू

बिरेको स्कुलका साथीहरू

अङ्क : पहिलो

[छिँडी– दर्शकको बायाँपट्टि ढोका सामुन्ने सानो आँखीञ्याल । दायाँपट्टिको भागमा सानो काठको खटियामाथि राडी र पाखीको एक थुप्रो । आँखीञ्यालको मुनि एउटा काठको बाकससँग पानीको भाँडो, एउटा दुइटा थाल, ताप्के, तपेस ।

मान बहादुर काँधमा बोकेर ल्याएको बोरा र नाम्लो फ्याक्त खाटमा फाल्दछ । लामो निःश्वास छोडेर सुइ सुइ गर्दै निधारको पसिना पुछ्तछ, अनि नजिकैको गोल्फुबाट पानी घटघटाएर पिउँदछ । यसको उमेर ढल्कि सकेको जस्तो देखिन्छ; अनुहारमा गम्भीरता र नम्रताको भाव पोतिएको छ ।]

माने– (**पसिना पुछ्तै**) कस्तो बिघ्न गरम (**ढोकातिर हेरेर डाक्तछ**) ए भक्ते ! कस्तो एकसुरे रहेछ– कता हिँडेछ । (**उभिन खोज्छ, तर फेरि आङ तानेर पल्टिन्छ ।**)

(**त्यसै बखत नेपथ्यमा चिच्याएर रोएको, कहालिएर कराएको, रिसले जागेको आबाज सुनिन्छ ।**)

भक्ते– (**ढोकातिर झटपट हेर्दै**) अब फेरि के राडो मच्चाउन लाग्यो, यो भक्तेले ! (**जुरुक्क उठ्तछ, ढोकानिर नपुग्दै**) **[भक्ते, मानेकै उमेरको तर किञ्चित् गलि सकेको छोरो बिरेलाई घिच्याउँदै ठोक्तै भित्र पस्तछ ।]**

(**अकमकिएर हात मात्र फैलाउँदै**) ए, ए, ल..ल...

भक्ते– (**रिसले जङ्गिँदै**) यसको हरे, हरे आज ... (**बराबर ठोक्तछ**) अझ रुन्छस्; तेरो पिँडौलाको मासु झार्नु पऱ्यो ? (**दाऱ्हा किट्दै बजाउँछ**) अझ ।

माने– (**बिरेलाई तानेर छेक्दै**) कस्तो बिघ्न पिटेको, छाड् ।

भक्ते– (**मानेलाई पनि रिसाएर ताक्तै जङ्गिन्छ**) तँ बिचमा आएर नकरा है । म यसलाई नभुत्ल्याई आज कहाँ छाड्छु र ! अझ रुन्छस्, लौ खा । (**लात्तीले भकुर्छ ।**)

माने– (**अझ छेक्तै, बनावटी रिसले**) कस्तो बानी होला ! छोरालाई देख्ने बित्तिकै यो त त्यसै बौलाइ हाल्छ । अलिकता माया पनि लाग्दैन तँलाई ? (**बिरेलाई पनि झपार्दै**) फेरि यसको छाँट हेर, चुप लाग् बजिया !

भक्ते– (**दाऱ्हा किटेर आफ्नो नाम्लो खटियामा फाल्दछ, फेरि फर्केर रिसले उम्लँदै**) छाड् छाड् माने ! आज यसको सेखी नझारि छोड्दिनँ– यो मोराले मेरो मासु खाइ सक्यो । मलाई त ... (**मानेले घचेटेर पन्छाउँछ र बिरेलाई छेक्छ**) तँलाई के था' छ यसले गरेको बिराम ? म देख्ने बित्तिकै खुरुरुरु भाग्ने चोर ! यसको त हरे, जगल्टचाएर, भैंमा पछारेर, खै छाड् । (**मानेतिर जाइ लाग्छ**)

माने– (**छेक्तै**) हैन, यसले के गऱ्यो भनेको ? पहिले के गऱ्यो भन् न !

भक्ते– सोध् न त्यो बाबु साहेबलाई । अझ रुन्छस् ! चोर, फटाहा ! बाटामा माग्दै हिँड्नलाई लाज लागेन ? यसको मुख हेर 'हजुर ! एक पैसा' भनेर गुन्डाका पछि पछि लागि रहेको, लुत्याहा कुकुर । जा, मागेर खान जा । माग्ने ! आज यसलाई यहाँबाट मुन्टचाइ नै दिन्छु, जाँसुकै जाओस्, मरोस् । (**गिज्याउँदै**) यसको बाबुले यसलाई कमाएर खुवाउनै सकेनछ, यसको बाबुले यसलाई पाल्नै सकेनछ । खाओस् न मागेर । (**खाटतिर जान्छ ।**)

माने– (**अलिकति हाँसेर**) अब त्यति जाबो कुरामा– तँ पनि कस्तो ए !

भक्ते– **(फन्कँदै)** अँ, त्यति जाबो कुरा ! आज मागेर खाओस्, भोलि चोरेर खाओस्, पर्सि कसैको ढुकुटी फोरोस् । ए चोर ! तैंले भनिनस् 'हजुर ! मेरो बा छैन, मेरो आमा छैन, म टुहुरो ।' हो, तेरो बा मरि सक्यो, परलोक गइ सक्यो । जा अब मागेर पेट भर्नू ।

माने– **(बिरेलाई हप्काएर)** अब नरो, चुप लाग् । जा गएर त्याँ' बस् ।

भक्ते– हेर् त माने, कहाँसम्म मेरो इज्जत बेचि दिएको ! क्यै नभए पनि कसैको ढोकामा ढुकेर एक मुठी देओ बा भनेर त हात पसार्‌या' छैन हामीले । आफ्नो यो हातले सकुन्जेल कमाएकै छ, खाएकै छ । अब त्यसरी मागेर हिँडेपछि, म सहन सक्थें ! **(दान्हा किट्छ, मुठी कसेर हावामा उजाएर पिट्छ)**

माने– केटाकेटीमा, थाहा नपाएको । अब त्यसो नगरेस् है बिरे ! अब गर्दैन, ज्यादै सोझो छ ।

भक्ते– त्यस्तालाई त्यसै भनेर फुर्काइ रहनू ।

माने– हाम्रो बिरे कम सोझो छ त हगि ? नरो, जा गएर मुख धोएर आइज । जा, उठ् ।

भक्ते– काँ' यसलाई बाहिर पठाउन लागेको ? पर्दैन । बाहिर गे' पछि बाबु साहेबको पत्तो हुन्छ फेरि ? हज्जारन् गुन्डाहरू छँदै छन् नि सहरभरि, एक जनाको पछि लागे यसको पेट भरि हाल्यो नि । आज यैं' जाकेर यसको पूजा गर्नु पर्छ ।

माने– अब एक पटकलाई माफ भो । अब त्यसो नगरेस्, जा । **(बिरे बिस्तारै आँखा पुछ्दै निस्कन्छ)** केटाकेटीलाई त्यसरी पिट्नु हुँदैन, था' छ, तिनीहरूलाई फकाई फुलाई...

भक्ते– यस्तालाई हुन्न था' छ । हुने बिरुवाको चिल्लो पात ।

माने– के था' छ तँलाई । सबै त्यस्तै हुन् । पैसा नभएपछि, तँ भन् न । अरूहरूको देखासिकी गरेर मागेछ रे लौ । बजारमा खाने कुरा त्यतिका छन्, केटाकेटीलाई भोक लाग्छ, खान मन लाग्छ, हामीले त्यल्लाई पुऱ्याइ दिन सकेका भे' एउटा कुरा । गरिबको छाउराको मुखै हुँदैन कि क्या, धनीका छोराहरूले मागेर हिँडेको तैंले देख्या' छस् ?

भक्ते– के त्यल्लाई भात घिचाएको छैन याँ' ?

माने– तँ कुरै बुझ्दैनस् । लौ भन् त, हाम्रा हातगोडा निकम्मा भो भने, हामीलाई पनि नमागी सुख होला ? बौलाहा काजीले अस्ति भनेको कुरा सम्झेर ले त । **(चुप लाग्छ)** उल्ले साँच्चि हाम्रो कुरा त बुझेको हो । भनेको, भनेको ठिक्क हुन आउँछ । अरू सित्तैं बौलाहा भन्छन् । **(एकै छिनपछि)** मानिसहरू कसरी चोर हुन्छन्, यस्तो घत लाग्या' छ मलाई त्यो कुरा !

भक्ते– **(सुस्तरी, झन् झन् नरमिँदै बिच बिचमा लामो लामो निःश्वास लिँदै)** छोराको माया नलागेर पिटचा' भन्ने लागेछ तँलाई । यसको आमा मोटरले किचेर मरेदेखि आजसम्म यल्लाई मैले कम दुख झेलेर स्याहार गरैं, हुर्काएँ ! अब पखेटा पलाउन पलाउन लाग्या' बखतमा, कहिले के गरि टोपल्छ, कहिले के गरि मर्छ, अब मागेर यसरी बरालिन लागेपछि, मेरो चित्त फाट्दैन ? तैं भन्, मेरो चित्त दुख्दैन ? आफ्नो यस्तो हाल छ, दिन्हौं मरी मरी जोतिँदा पनि एक छाक टर्दैन, **(लामो निःश्वास लिन्छ)** घाम नझुल्कँदै निस्क, लाममा बस, अलिकता नुन तेल लिनलाई टाउको फोडाफोड गर, तैपनि एक छाक बल्लतल्ल ।

माने– यो मलाई मात्रै नपरेको हो र ! बखतै यस्तो !

भक्ते– यो बिरेलाई मात्रै अलिकता ... । यसको आमा छैन, कोई छैन, यसको बानी भने यस्तो छ । म एक्लो यल्लाई हेरूँ कि कमाउन धाऊँ !

(नेपथ्यबाट 'भक्ते' भनेर बोलाएको आबाज सुनिन्छ)

माने– ए बौलाहा काजी त हैन ? **(जुरुक्क उठ्छ)**

भक्ते– **(कान थापेर)** हो क्यारे ! **(उठ्छ) (माने ढोकासम्म जान्छ । बौलाहा काजीको प्रवेश !)**

काजी– माने पनि याँ' ! **(बाकसमा गएर आपनै निराला ढङ्गले बस्छ)** भक्तेको हाल खबर के छ नि ? काम गरेर, पसिना चुहाएर, न्यायसित पैसा कमायौ तिमीहरूले ? **(हाँस्छ)** काम नगरी कसैको कहिल्यै क्यै नखानू । ईश्वरसित पनि हात फैलाएर क्यै नमाग्नू । आमाबाबुसित पनि आफूले क्यै नगरी क्यै नलिनू । भगवान्‌लाई कहिल्यै घुस खुवाएर पुकारा नगर्नू । यी चार सत्य सम्झनू माने ! यी चार सत्य कण्ठ पारेर घोक्नू भक्ते ! **(खित्का छाडेर आफै हाँस्छ)**

माने– **(खुसीले प्रफुल्ल भएर, काजी हाँसि रहँदारहँदै)** काजी ! काँ' जानु भै यता आउनु भा' होला ?

भक्ते– स्वयम्भू डुलेर होला नि !

काजी– **(हाँस्तै)** रोगले, किराले, फोहोरले, मैलाले जहाँ जहाँ आक्रमण गरि रहेको छ, जहाँ जहाँ मानिसलाई सताएर दुखले पिरलि रहेछ, त्यतैबाट म घुम्दै, रल्लँदै, हल्लँदै आउँदै छु, बुझ्यौ भक्ते ! **(हाँस्छ)** अब म मन्दिर मन्दिर धाउन्नँ । आज एक जनालाई घाट लगि दिएँ, मर्न लागेकी एउटी आइमाईलाई औषधी पियाइ दिएँ, एउटा बच्चालाई अस्पतालमा पुऱ्याएर फर्कें । तिन जनालाई स्कुलमा छोडि दिएँ, ल्याइ दिएँ । बचाउने पनि, मर्न लागेकोलाई स्वर्गमा तात्तातै पुऱ्याइ पनि दिने **(हाँस्छ)**, बुझ्यौ माने ! संसारलाई खुबसित चलाइ मात्र दिने, खुब दम भरि दिने अनि मन लागेको ठाउँमा जाओस् ! यहाँ स्थिर केही पनि छैन । सबै परिवर्तनशील । **(आँखा चिम्लन्छ)** जति सक्यो उति सारालाई सुखी तुल्याउने । **(आँखा खोलेर)** संसारका सबै कुराहरू थाहा पाएर सारा मनुष्यको भलो गर्ने । **(हाँस्दै)** खुब खुवाउने सबैलाई, कसैलाई खुब ठुलठुलो घर बनाइ दिने । कसैलाई लत्ता कपडाले पुरि नै दिने । कसैलाई मोटरमा दौडाउने, दौडाइ मात्र रहने । सबै गरेर, जेबाट, जुन कुराले, हित हुन्छ, बुझेनौ माने ! बुझेनौ कि भक्ते ! बुझेनौ कि अब ? **(खित्का छोडेर हाँस्छ, गम्भीर भएर)** यस्तो छिँडीलाई भत्काएर यस ठाउँमा स्वर्ग बनाउने । तिमीहरूलाई पनि दुखले छुन आउन सक्ने छैन । तिमीहरूले बासी भात निस्तै खानु पर्ने छैन । जसले पसिना चुहाई चुहाई काम गर्ने छ, त्यसको पेटमा खुब दुध भात कोचि दिने । काम नगरी खान खोज्नेलाई लोप्पा खुवाउने । **(हाँस्छ)** यस्तो स्वर्ग बनाउँछु म, बुझ्यौ !

(बिरे भित्र पस्छ)

को यो ? तिम्रो छोरो ? ए यहाँ हेर् । **(बिरेलाई कुममा समातेर हल्लाउँदै)** हो, बेस । यता फर्की । **(बिरे फर्कन्छ)** हो, यसको मगज त निकै ठुलो रहेछ । आँखा माथि हेर्, लौ यल्ले सक्छ । **(छोडेर त्यल्लाई हेरि रहेर)** मेरो सपना बमोजिम यसले काम गर्न सक्यो भने **(टोलाएर लोलाइ रहन्छ, टाढा हेरि रहन्छ)**

भक्ते– **(खोकिलाबाट पैसा झिकेर बिरेलाई हातमा राखि दिँदै)** हिमाल चुरोट किनेर ले । जा बिरे !

(बिरे पैसा लिएर निस्कन्छ)

काजी– **(आँखा चिम्लेर)** बुझ्यौ भक्ते ! **(आँखा खोलेर)** यो तिम्रो छोरा हैन, देशको छोरा हो । यसलाई लायक बनाएर संसारलाई स्वर्ग बनाउने कर्मी बनाउनु पर्छ, बुझ्यौ ? नकर्मी, सिकर्मी, डकर्मी सबै । खुब प्रयत्नसित, खुब मेहनतसित । यस्तो भरिया जीवनलाई उच्चाएर विकासतिर बढाएर हाँक्ने एउटा योग्य जवान चाहिन्छ । यो तेरो छोरा हुने छ । एउटा विद्वान्, कुशल चाहिएको छ, यो तेरो छोरा हुने छ । एउटा वीर चाहिन्छ, यो तेरो बिरे हुने छ । **(एक छिन चुप लाग्छ)** लौ आजै अहिल्यै नै पढाउन लैजाने । **(गम्भीर भएर)** पढेर जानेपछि, यो पृथ्वीलाई त्यसको विचारको ढाँचामा बनाउन लाउने, हेरूँ, कस्तो पृथ्वी बनाउँदो रहेछ ।

माने– काँ' पढाउन लैजाने यल्लाई ?

भक्ते– यल्ले पढ्न सक्ला र काजी ? म जस्तो भरियाको छोरो !

काजी– **(तिनीहरूको प्रश्नको वास्तै नगरेर)** संसारले अहिलेसम्म जानेको जति ज्ञान छ, सबै यसले जानोस् ! विज्ञान जानोस्, सबै शास्त्रको विज्ञान जानोस् ! राजनीति जानोस्, मानिसको मनोविज्ञान जानोस्, शरीरको विज्ञान जानोस् अनि त्यसले हाम्रो यस्तो फोहोर, मैलो, घिनलाग्दो गरिबीले थोत्र्याएको संसारलाई नयाँ वसन्तले सिँगारि देओस् ! **(भक्तेलाई ट्वालट्वाल्ती हेरेर)** बुझ्यौ ?
तिमीहरूको भोक र क्षुधाको मुक्तिकर्ता, तिमीहरूको गरिबीको नष्टकर्ता, त्यो स्वयम् सपनाको सृष्टिकर्ता हुने छ ।

माने– हैन काजी ! हाम्रो कुरा त सुनि दिनु होस् । यसलाई साँच्चि पढाए त पढ्न सक्ला, हगि ?

काजी– **(घुरेर हेर्दै)** जन्मँदै कोही पनि पढ्न जान्ने भएर जन्मँदैन । **(खिस्स हाँसेर)** पढाउनु पर्छ, सिकाउनु पर्छ, जोताउनु पर्छ ।

माने– **(भक्तेलाई बुझ्नुग्याइँ दृष्टिले हेरेर)** हो त नि !

काजी– **(आफ्नो पाकेटमा हातले खोस्रँदै एउटा कागजको टुक्रा झिकेर ओल्टाउँदै पल्टाउँदै हेरेर)** अँ, लौ बस है ! **(उठ्छ)**

भक्ते– **(हतपताउँदै)** हैन काजी ! बिरेलाई नढाँटीकन भन्नोस् त, पढाए त पढ्ला ?

माने– कस्तो कुरा गऱ्या' होला, पढाए किन नपढ्नु ? लाटाले त जान्दछ भन्छन् । हाम्रो बिरे के लाटो छ ?

काजी– अँ, **(उठेर बाहिर निस्कन हल्लँदै पाकेटमा पठाएको हातले कोटको फेर हल्लाउँदै सम्झेर)** अँ, भक्ते ! तेरो छोरालाई भोलि मकहाँ पठाइ दिएस् त **(निस्कन खोज्छ)** बिहानै । **(निस्कन लाग्छ)**

भक्ते– पर्खनोस् काजी ! चुरोट नखाने र ?
(काजी सुन्दै नसुनेर रल्लिँदै निस्कन्छ)

माने– पढाउन पाए त ज्यादै बेस हुने थियो हगि भक्ते ?

भक्ते– अँ, खै बौलाहा काजीको आधी कुरा पनि म बुझ्दिनँ !

माने– हैन, बिरेलाई पढाउन त पर्छ बा ! क्या हो, क्या हो पढि दिइ हाल्यो भने, बौलाहा काजीले भने जस्तो गर्ने भो भने !

भक्ते– **(खुसी मानेको त हुन्छ तर मुख बिगार्दै कृत्रिम ऊर्काइले)**
आफ्नो खाने पिउनेको यस्तो बन्दोबस्त छ । जे होस् ...
(बिरे चुरोट लिएर आइ पुग्छ)
खै कति बेर लाएको ! **(चुरोट लिन्छ । बिरे जान लाग्छ । त्यसलाई मायालु दृष्टिले क्षणभर पछ्याएर)** याँ' आइज बिरे ! **(बिरे नजिकै जान्छ । मायाले सुमसुम्याएर)** तँ पढ्न जान्छस् बिरे ? भन् न ।

माने– **(तृप्तिपूर्ण स्वरले)** भन् न, भन् ।

बिरे– अँ, काँ काँ जाने ?

माने– पढ्न जाने लाटा ! काँ अब ! **(हाँस्छ)**

भक्ते– **(मधुर तथा कोमल स्वरले)** बौलाहा काजीले तँलाई पढाउन लगि दिन्छु रे के ? जान्छस् ? जा है !

बिरे– **(निहुरेर टाउको हल्लाउँदै)** कैले जाने ?

भक्ते– भोलि, जा है !

माने– बरालिनु हुन्न क्या, पढ् है ! पढ्नु पर्छ ।
(पर्दा खस्छ)

अङ्क : दोस्रो

[पाठशालाको क्लास । दर्शकको बायाँपट्टि गुरु बस्ने टेबुल र मेच छ, सामुन्ने म्याप र ब्ल्याक बोर्ड झुन्ड्याइएको छ । दायाँपट्टि लडकाहरू बस्ने बेन्चहरू छन् । पछिल्लो बेन्चमा वीर बहादुर आफ्नै झुत्रे लुगामा बसि रहेको हुन्छ, त्यसका साथै बद्री भन्ने अर्को ठिटो किताबमा डुबि रहेको हुन्छ ।

अघिल्लो बेन्चमा भरत, हरि, राम यी ठिटाहरू र अरू बसि रहेका छन् ।]

भरत– (बिरेलाई आँलाले सङ्केत गरेर) हेर् राम ! त्यो को रहेछ ?

राम– (पछाडि फर्केर) कहाँ ? खै ? को ? (बिरेलाई देखेर) किन आएको तँ, हँ ?

(बिरे पुलुक्क तिनीहरूतिर हेर्दछ तर वाक् फुट्दैन, कापीलाई मात्र एकनाससित हेरि रहन्छ ।)

भरत– कस्तो रहेछ ? कान समातेर बाहिर घोक्रा न, त्यस्तो फोहोरी झुत्रेलाई । एउटा कापी ल्याएर थपक्क त्यहीँ बस्न आउँदो रहेछ । खै छडी ले हरि ! ठटाएर यसलाई... (धम्काउँछ)

विक्रम– (हातको छडी दिएर बिरेलाई हेर्दै) कहाँको माग्ने जस्तो... । तिमीहरूलाई त्यहाँ गनाउँदैन ? ए बद्री ! (बद्री किताबतिर नै हेरि रहन्छ)

कस्तो कान नभएको ?

भरत– (छडी हातमा हल्लाएर बिरेसित) कसले भनेर तँ यहाँ आएको ? (छडी घुमाउँछ, बिरेलाई हानूँ हानूँ जस्तो गर्छ । बिरे तर्सन्छ, रातो, निलो अनुहार लाउँछ । अरू सबै लडकाहरू हाँस्तछन् । हरिको नजिक आएर, हरिसित) हरि ! त्यसलाई कान समातेर यता ले न याँ' निल् डाउन् गरा अनि त्यसको हातमा स्वामस्वामती ठटाएपछि त्यल्ले बाबुको बिहे देख्छ ।

बद्री– (किताबबाट टाउको उठाएर अलि कडा स्वरमा) के नचाहिने हल्ला गरि रहेको होला ?

विक्रम– तँ पढैया, पढ् न । हाम्रो बिचमा आएर प्वाक्क बोल्ने तँलाई के चासो ? झगडा पर्ला । (बद्री केही नबोली किताबतिर हेर्छ)

राम– (बिरेलाई हेरेर) हैन, कहाँबाट आएको यो ?

भरत– लाटो छ भन्या', बोल्न जान्दैन । थाहा छैन तँलाई ? (लाटालाई कैँ हातले भाउ लाएर 'ए, वें' भन्ने उच्चारण गर्दै गिज्याउन थाल्छ । यो देखेर सबै केटाकेटीहरू पेट मिची मिची हाँस्तछन् । बिरे निहुरि रहन्छ ।)

हरि– (बिरेतिर अगाडि बढेर, बाटामा बद्रीलाई धक्का दिन्छ । दुबै आँखा जुधाउँछन्, बद्री निहुरि रहन्छ । बिरेको च्यातिएको भोटाको बाहुला झन् धरर उधिने गरी तान्छ ।) यस्तो झुत्रो बेरेर हाम्रो क्लासमा थुच्च बस्न आउने ? यो के माग्नेको मण्डली हो ? गालामा प्वाङ्ङ एक थप्पड दिन्छु । (बिरेको हात थिचेर अगाडि ल्याउन कोसिस गर्छ । बिरे रोकिन खोज्छ, तानातानी हुन्छ ।)

राम– अरूलाई दुख्ने गरी ख्यालठट्टा त गर्नु हुन्न, बा !

भरत– के हेरि रहेको विक्रम ! मास्टर साहेबले भनेपछि त खुरुखुरु घिसारेर ले न ।

अरू लडकाहरू– वाह ! मास्टर साहेब ! सलाम सलाम !

(सबै खित्का छोडेर हाँस्छन्)

भरत– (मास्टरको नक्कल गर्दै) चुप, चुप । अझ चुप लाग्दैन ! सबै जनालाई नत्र छडीले... (एउटा त्यहींको पिट्ने मास्टरको नक्कल गर्छ । सबै केटाकेटीहरू हाँस्छन्) खोइ हरि ! घिसारेर ले ।

विक्रम– (बिचरो बिरेलाई बलजफ्तीसित मुन्टचाएर ल्याउँछ) लौ लौ मास्टर साहेब ! (**बिरे लाज र सरमले गढ्दै जान्छ, बिचरो बोल्न पनि सक्तैन न रुनै सक्छ ।**)

भरत– (**बिरेलाई केही गर्न अकमकाउँछ, साहस गरेर छडी उठाउँदै**) यसले यो पटक पनि राम्रो जबाफ दिएन भने...

राम– (**बिरेलाई हेरेर**) भै हाल्यो ए भरत ! मास्टर साहेब आउनु होला भन्या ।

भरत– अँ, तैंले भनेर । यस्तो फोहोरी, मैलो, घिनलाग्दो माग्ने जस्तोसित टाँसिएर पढि रहनु पर्ला, हैन के ? यसलाई यसै गरेर तर्साएर पठाउनु पर्छ । छिः छिः नोकर जस्तो मानिस । हाम्रो घरको ठिक्कै बाबुचा जस्तै छ यो ।

विक्रम– पिट्ने भए पिटि हाल् न त, कचकच के ?

बद्री– (**जुरुक्क उठेर**) यी सबै कुरा मास्टर साहेबलाई नभनी म कहाँ छाड्छु र ! अर्कालाई त्यसरी दुख दिएर आफूलाई खुब धनी, ठुलो सम्झने पापी, दुष्ट, मूर्खहरू... (**बद्री जङ्गिएर क्लासबाट बाहिर निस्कन्छ**)

विक्रम– सुनिस् बद्रीको कुरा ? हामीलाई मूर्ख रे ! त्यसको मात्र भरे सेखी तोड्न सकिनँ भने, हरे हरे !

भरत– (**डराएर छडी बिस्तारै टेबुलमाथि राखेर**) बद्री खुब अचेल धाक देखाउँछ ।

राम– (**बिरेलाई रोएको देखेर क्षुब्ध हुँदै**) ए, भै हाल्यो भरत ! बिचरा रोइ पनि सक्यो ।

(**बिरेको आँखाबाट आँसु बरबरी झर्न थाल्दछ, पहिले आबाज सुनिँदैन, पछि बिस्तारै आबाज सुनिन थाल्छ । एक छिनपछि हिक्का हिक्का लिएर त्यो कहालीकन रुन थाल्छ ।**)

भरत– (**भागेर आफ्नो ठाउँमा बस्दै, किताब पल्टाएर घोक्ने बहाना गर्दै**) ए ! आफ्नो ठाउँमा बस है सबै जना ! मास्टर साहेबले थाहा पाउनु भो भने ! (**किताब घोक्न थाल्छ**)

विक्रम– (**बिस्तारै आफ्नो ठाउँमा बस्न आउँदै**) कस्तो लाछी रहेछ मलाई दिएको भए, बजाइ दिइ हाल्थेँ नि !

राम– तिमीहरू साँच्चिकैका हौ बा ! बिचरालाई (**बिरेलाई हेर्दै**) ए नरो, चुप लाग् भन्या ।

भरत– त्यो रोएर के त हामीलाई ? ए, सबैले यो लुगा च्यातिएर रोएको भन है ।

विक्रम– हैन, किन डराउने भरत ? फुत्रेसित बसेर नपढ्ने भन्ने के ? म त पढ्दिनँ, त्यस्तो ठसठसी गनाउने फुत्रेसित ।

(**बद्री भित्र पस्छ, कसैलाई नहेरेर आफ्नो ठाउँमा गएर बस्छ । त्यसलाई घुरेर हेरेर**) खुब चुक्ली लाइस्, हैन के ? हेरुँला नि आज भरे तेरो ताइँ ! (**बद्री केही बोल्दैन**)

[**बिरे हिक्का हिक्का लिएर रोइ रहेको हुन्छ । मास्टरको प्रवेश ।**]

मास्टर– (**उठेका लडकाहरूलाई हातले इसारा गर्दै**) बस, चल्ने को को ? लौ उठ । (**कोही उठ्तैनन् । बिरेलाई भुइँमा बसेर रोइ रहेको देख्तछ ।**) ए, किन रोएको हँ यो ? किन रोएको ? (**बिरे बोल्न सक्तैन**) कसले यसलाई रुवाएको हँ ? जसले हो त्यो सुरु सुरु आफै आउनू, नत्र म सहन्नँ है !

(**सबै लडकाहरू चुप भइ रहन्छन्**)

बद्री– (**उभिएर**) सबैले फोहोरी मान्छे भनेर जिस्क्याएकाले सहन नसकेर रोएको ।

मास्टर– के रे के, के भनेको ? ...ए, बस (**सोच्तछ, जुरुक्क मेचबाट उभिएर, बिरेलाई डोऱ्याएर बिस्तारै बाहिर लैजान्छ । क्लासमा केटाकेटीहरू कराउन थाल्छन् । मास्टरको फेरि प्रवेश । सबै चुप हुन्छन् ।**) बद्री, नढाँटी तिमी लौ भन, त्यसलाई माग्ने भनेर जिस्क्याउने को ?

विक्रम– (जुरुक्क उठेर) माग्ने भनेर जिस्क्याएको त हैन, हामीले माग्ने नै भनेको हो ।

मास्टर– (हाँसेर) तिमीले त जिस्क्याएको मात्र पनि हैन रहेछ, ठोकैरै माग्ने भनेको रे, अँ (रिसाएर) माग्ने नै भो रे, तिमीलाई के भो त ? खुरुखुरु आफ्नो पढ्ने कुरा पढेर बसे पुगेन ? अरूलाई माग्ने, थाङ्ने भनेर हेला गर्न तिमीहरूलाई के चासो ? तिमीहरू पाठशालामा पढ्न आएका कि चल्न आएका ?

हरि– त्यस्तो फोहोरीसित बसेर हामीलाई पढ्न मन छैन । त्यस्तो माग्नेसित, त्यस्तो ठसठसी गनाउनेसित टाँसिएर, जोडिएर बस्न हामीलाई मन छैन । हामीले पनि त पैसा तिरेका छौं नि !

मास्टर– भै हाल्यो, बढ्ता भएर कराउँछ, चुप लागेर बस् । (विक्रम बस्छ) यतिका दिन पढेर तिमीहरूले साथीहरूसित कसरी व्यवहार गर्नु पर्छ त्यो पनि जानेका रहेनछौ । यतिका पढेर, यतिका गुनेर एउटा निर्धोमाथि दया गर्नु पर्छ भन्ने मामुली कुरा पनि सिकेका रहेनछौ । उल्टो उसका लुगा च्याति दिएर उसैलाई हेला गर्ने हँ ? उल्टो उसैलाई माग्ने भन्ने हँ ? त्यो गरिब छ भने तिमीहरूले सके उसलाई पुऱ्याउनु पर्थ्यो । त्यो फोहोरी छ भने तिमीहरूले सके उसलाई सुकिलो हुन सिकाउनु पर्थ्यो । त्यो पढ्न, बोल्न केही पनि जान्दैन भने तिमीहरूले उसलाई जनाउनु पर्थ्यो । खै, पहिल्यै दिनमा तिमीहरूले राक्षस जस्तो भएर त्यसको मनलाई निमोठि दिइ हाल्यौ, भूत जस्तो भएर त्यसको सातो लिइ हाल्यौ । बिचरा ! तिमीहरूले यतिका पढेको फोस्रो रहेछ, बोक्रे रहेछ । पढ्नु भनेको बुझि राख, मनले सम्झि राख, मानिससित मानिसले कस्तो व्यवहार गर्नु पर्छ त्यो जान्नु हो । घोकि मात्र राख्ने हैन यो, यसलाई यस्तै मौकामा कामले गरी देखाउनु पर्छ । विक्रम ! बुझ्यौ ? अब कहिल्यै कुनै मानिसलाई पनि हेला नगर्नू, गरिब होस् चाहे त्यो धनी होस् । लौ आज तिमीहरू जाओ । (अरू निस्कन्छन्, निस्कन लागेको बद्रीलाई) पख बद्री ! यहाँ हेर, जाऊ गएर अफिसबाट वीर बहादुरलाई यहाँ पठाइ देऊ । (बद्री निस्कन्छ, मास्टर घुमि रहन्छ । एक छिनपछि बद्रीको प्रवेश– वीर बहादुरलाई समातेर) अगि तिनीहरूले तिमीलाई नचिनेर के के भनेछन् हगि ? साथीभाइहरूले ख्यालठट्टा गरेका रहेछन् । मैले पनि बेसरी हप्काइ दिइ सकैं । अब दिक्क नमान्नू है ?

बिरे– (काँपेर तर्सेको स्वरमा) म त... यस्तो... यस्तो ठाउँमा पढ्दिनँ, नाइँ !

मास्टर– धत् लाटा ! त्यसरी तर्सनु हुन्छ ? ल, भै हाल्यो । फेरि तिनीहरूलाई ऋपारि दिन्छु । फेरि गऱ्यो भने मलाई भन्न आउनू । लौ अहिले जाऊ । घरमा गएर राम्ररी पढ्नू । लौ जाऊ ।

(मास्टर र वीर बहादुर बिस्तारै निस्कन्छन् । पर्दा गिर्छ ।)

अङ्क : तेस्रो

[स्कुलको बाहिरी बाटो । दायाँतिर पेटीको चोसे ढुङ्गा निस्केको छ । भक्ते बोरा र नाम्लो काँधमा बोकेर त्यस पेटीमा थुच्च बसि रहेको हुन्छ । एक दुई ठिटाहरू किताब च्यापेर त्यस बाटाबाट आवतजावत गरि रहन्छन् । पछि हरि त्यतैबाट आउँछ । भक्ते उभिएर हरिलाई तान्छ ।]

हरि– (रिसाएर) के के, किन छोएको मेरो जिउमा ?

भक्ते– (छोडेर हाँस्छ) हैन बाबु ! वीर बहादुर माथि स्कुलमा छ क्यारे ?

हरि– (ऋकिँदै) को बिरे ? ए ! त्यो माग्ने जस्तो ?

भक्ते– (ताउमा आउँदै) हैन, मेरो छोरो वीर बहादुर । पहिलो हुने के ?

हरि– मैले चिन्या छ, मलाई के था' माथि छ कि छैन ?

(वास्ता नगरेर फन्कँदै जान खोज्छ)

भक्ते– **(जङ्गिएर)** कस्तो बराँठिएको ठिटो रहेछ !

(हरि फर्केर रिसले भरिएका आँखाले हेर्छ)

जानोस् काजी ! त्यसरी रिसाउनु पर्दैन क्या ! **(हरि नबोली फुर्तीसित निस्कन्छ)**

(छाता ओढेर पहिलेकै मास्टरको प्रवेश)

सलाम, मास्टर साहेब ! सलाम ।

मास्टर– **(छाता उठाएर)** को, ए तिमी ? **(छाता बन्द गर्छ)**

भक्ते– हो हजुर ! मेरा छोराले अचेल कसरी पढ्छ क्यारे !

मास्टर– वीर बहादुरले ? त्यो त बिरे भै हाल्यो नि ! राम्ररी पढ्दै छ, यो भनि रहनै पर्दैन । अब हेर्नू, चाँडै म्याट्रिक पास गर्ने छ ।

भक्ते– हैन हजुर, अलिकता...

मास्टर– धन्दा मान्नु पर्दैन, त्यसको बुद्धि ज्यादै तीक्ष्ण के रे के ज्यादै चर्को छ । कोसिस गर्दै गयो भने मलाई त यस्तो लागेको छ बेस गर्छ, तिमीले छोरै पाएको हो । मैले एक्स्या... (एक्ज्याजेरेसन) के रे के तारिफ गरेको हैन । लायक छ । लौ है जाऊँ ।

भक्ते– हाम्रो बाज्ये काँ' हुनु हुन्छ नि ?

मास्टर– **(छाता खोलेर)** के सेकेन्ड पण्डित बाजे ? माथि आएका छन् क्यारे ! **(हिँड्छ)**

भक्ते– सलाम, हजुर !

मास्टर– लौ लौ ! **(टाढाबाट हाँस्तै सलाम फर्काएर निस्कन्छ)**

[एउटा मोटो साहुको प्रवेश]

भक्ते– **(साहुलाई देखेर)** हजुर, साहुजी ! धनमान साहुजी ! सलाम ।

साहु– **(भक्तेलाई देखेर)** यो चोर याँ' पो रहेछ । पानीले नुन त्याँ छुट्टी पारि सक्यो भन्सारमा, बोक्ने मानिस नपाएर कस्तो हा: हा: हा: ऊ त याँ' लौ । के खान बसेको ?

भक्ते– **(टाउको कन्याउँदै)** हजुर ! छोरो याँ' पढ्छ ।

साहु– **(आश्चर्य मानेर)** अहो ! तेरो छोरो पनि स्कुलमा पढ्छ ? **(भक्ते हाँसेर टाउको हल्लाउँछ)** तँ पनि छोरालाई पढाउने भइस् हँ ? छोरालाई पढाएर के गर्छस् ? कलम समाएर के हुन्छ ? भारी बोक्न जान्दैन क्यारे । तिमीहरूले यसरी भारी बोक्न छाडेपछि भारी बोक्ने को नि ? **(हाँस्छ)** बुझिस्, पछि पछुताउनु पर्ला !

(हाँस्तै निस्कन्छ)

भक्ते– **(लाटो भएर टोलाउँदै हल्लँदै)** कस्तो कुरा हँ, भारी बोक्न नजानेर पछुताउ...।

(तिन चार जना केटाकेटी अगिपछि लाएर एउटा पण्डितको प्रवेश)

पण्डित– तिमीहरूले मेरा पछि पछि लाग्नै पर्दैन । अब हात जोडेर, रोएर, कराएर हुन्छ ? पहिले किन पढेनौ राम्ररी ? जाँच आयो मास्टर साहेब ! मास्टर साहेब ! **(कान कन्याएर)** कान कन्याएर हुन्न; म फेल हुनेलाई पास गर्न किमार्थ सक्तिनँ । अब अर्को साल पढ्नू, कुरिज खानू क्या यो साल !

केटाकेटीहरू– **(सबै एकै स्वरले)** तपाईंले गर्नु भए के हुन्न र बाजे ?

भक्ते– **(नजिक गएर)** बाजे ! दर्शन गरूँ ।

पण्डित– अहो भक्ते ! कहाँ पुगेर आइस् ? **(हात ढोगाउँदै)** भो भो भो । **(केटाकेटीहरूलाई देखाएर)** वीर बहादुरले जस्तै पढ्नु पर्छ । यसपालि उसैको नम्बर पहिलो छ । **(भक्तेलाई)** यसपालि तेरो छोराले अरूहरूको नाकै काटि दियो । हँ ! मुखमा कालै रङ्गाइ दियो । क्या पढ्ने भएर निस्क्यो । ठिटो **(कृत्रिम हाँसो हाँस्तछ)** भक्ते ! तेरो भाग्य सप्रेको नै ।

भक्ते– **(टाउको कन्याउँदै, हाँस्तै)** तपाईंहरू सधैं यस्तै भन्नु हुन्छ ।

पण्डित– **(भक्तेलाई अँगालो हाल्न हात फैलाएर उसको शरीरको मैलो देखेर फ्यात्त हात ओराल्छ)** अब एक दुई सालपछि एक पास गरि हाल्छ ।

भक्ते– तपाईंहरूको आशिषले ।

पण्डित– त्यसो त पढाउने गुरुको तालिममा जे पनि भर पर्छ ।

भक्ते– तपाईंहरू जस्ताकै शरणमा मेरो छोरा परेपछि...

पण्डित– **(हाँस्तै)** त्यसो त नभन् न लाटा ! **(केटाकेटीहरूलाई हप्काउँदै)** हुन्न भनेको पछि लाग्नै पर्दैन । **(केटाकेटीहरू एकै स्वरले चिच्याउँछन्)** लौ, कस्तो कच्चकच्या केटाकेटीहरू । ल हेरेर हुने रहेछ भने सबैलाई पास गरि दिउँला । **(सबै निस्कन्छन्)**

(बद्री र रामको प्रवेश)

बद्री– जे होस्, वीर बहादुरको प्रबन्धमा अहिले एउटा तीव्र दुख र छटपटाहट स्पष्ट छ । समाजको हालसालको दयनीय चित्र, गरिबी, उफ् ! डरलाग्दो भयानक, मैले त गोर्कीका लेखहरू पो झलझली सम्झैं, त्यत्तिकै हृदय निमोठिने ।

राम– त्यो खोइ अझसम्म आएन ?

(वीर बहादुरको प्रवेश)

बिरे– आएँ आएँ ! बहस टुङ्गिएन ?

राम– तिम्रो प्रबन्धको कुरा गरि रहेको । बद्रीले त गोर्कीलाई पो झलक्क सम्झेछ ।

बिरे– **(नजिकै आएर)** अब भै हाल्यो, जाँचको कुरा छाड । त्यस बखत जे मगजमा सुऱ्यो, लेखि दिएँ नै । बरु अगिकै कुरा गरौं न, केरे ! अँ, सम्झैं । समाजको दुखको अन्त न कागजमा कोर्दैमा हुँदो रहेछ न बोल्दैमा मात्र । यसको लागि त समाजको जरादेखि नै परिवर्तन गर्नु पर्छ । खोइ फ्रान्सको त्यो उच्च आदर्श, खोइ अमेरिकनहरूको स्वाधीनताको सङ्ग्राम ! एक हुरी आयो, सतह सतहमा गोलमाल मच्चियो, फेरि उस्ताको उस्तै, फेरि बाटैमा तिनीहरू अलमलिए । हब्सीहरू कालाका कालै रहे, गरिबहरू भोकाका भोकै । हिन्दुस्तानमा अछुत अछुतै, स्वार्थ जस्ताको तस्तै । समानता, भ्रातृत्व, स्वाधीनता (Equality, Fraternity, Liberty) शब्दको शब्द ! अस्पष्ट (Vague) ।

राम– यहीँ बसूँ न त, अब कति बेर उभि रहने !

बद्री– **(बसेर भैंको चिसो लागेकाले झटपट उभिँदै)** चिसो रहेछ, हैन हिँड्दै कुरा गरौं न !

बिरे– मलाई खोइ– आफू मात्र मुर्दा लागेको हो कि अथवा देशै मुर्दा हो । क्यै नवीनता, क्यै नयाँपन जीवनमा देख्दै देख्तिनँ । किताब हेरुन्जेल सबै ठिक लाग्छ । आफ्नो वास्तवमा यसो नियालेर हेऱ्यो–

उही... उही... । साँच्चि अनादि कालदेखि चलि आएको यो हाम्रो समाजमा क्यै चेन्ज हुँदैन कि ! हाम्रो दशा त सधैँ उही छ, सधैँ उही । भोकाका भोकै, नाङ्गाका नाङ्गै ।

राम– अहिलेको अवस्था यसो हेर्दाखेरि त... के आशा गर्नु खै !

बद्री– फेरि निराशावादी मात्र बनेर के गर्ने ? बाँच्नु छ, जीवन बिताउनु नै छ, नबदलिने यस समाजलाई एक धक्का दिएर बदलाउनु पर्छ । नत्र यतिका पढेको, गुनेको के फाइदा भो ?

बिरे– यस्तै भनेर मन राखि रहनु पर्ने रहेछ । तर यस्तो कच्चै उमेरमा यस्तो तितो अनुभव हुन थालेपछि... भविष्यमा...

बद्री– अनुभव भएर न प्रेरणा पनि जाग्छ ।

बिरे– हेर्रौं, हामी के केसम्म गर्न सक्ता रहेछौं ।

राम– मेरो त खुट्टै थाकि सक्यो बा ! यो गन्थन कहिले टुङ्गिने हो कुन्नि !

बद्री– हेर राम ! संसार चलि रहुन्जेल हामीलाई नचली सुख छैन क्यारे ! दिन्हौं नयाँ प्रश्नहरू उठि रहन्छन्, सुल्झाउनै पर्छ । अनि गन्थन टुङ्गिँदैन । बस, कुराको सार यही हो ।

राम– **(यताउति हेरेर)** घरतिर नै जाने हैन अब ?

बिरे– तिमीहरू त घरतिर म त छिँडीतिर । **(हाँस्छ)**

(तिनै जनाको प्रस्थान)

अङ्क : चौथो

[छिँडी सामुन्ने खटियामाथि बिरे सुति रहेछ, सानो बाकसमाथि किताबहरू छरिएका छन् । नाम्लो, कोट, मयलपोस दायाँ बायाँ किलाहरूमा दुबैतिर झुन्ड्याइएका छन् । बायाँतिर पनि एउटा खटिया छ ।

अहिले भक्ते दायाँतिरको खाटमा टाउको समातेर बसि रहेछ । बिरामी बिरेलाई बराबर हेर्दछ, लामो लामो निःश्वास फेर्दछ ।]

(माने भित्र पस्तछ)

माने– **(भित्र पस्तै, बिरेलाई हेरेर)** अझसम्म सुति नै रहेछ, केही चलमलाएको त छैन ? **(बिरेको नजिक पुग्दछ)**

भक्ते– **(उस्तै ढङ्गले बसेर)** खै !

माने– सुत्यो भने बिसेक हुन्छ रे ! अब त बिसेक होला, अँ, तैंले गोली खुवाइस् भक्ते ? त्यहीं छ नि रातो गोली !

भक्ते– **(मानेतिर टाउको उठाएर हेर्दै)** उठेकै थिएन, के खुवाउनु, के नखुवाउनु ? त यसो उसो केही पनि भन्न सक्तिनँ । साबुदाना पनि पकाएर उः त्यसै राखेको छ ।

माने– हडबडाएर मात्र अब हुन्छ ? हुने जे छ भइ हाल्ला । औषधी पारेकै छ, अब एक दुई दिनमा त...।

भक्ते– **(उभिएर)** मेरो त अब केही– के भन्ने ? बाहिर गएर न कमाएर ल्याउनै सकियो ! तँ एउटाले मात्रै...

माने– मलाई यही त तेरो मिजास मन पर्दैन, म छैदै छु, तँ याँ' कुर्छस्, म कमाएर ल्याउँछु, जसरी होला, टारेकै छ क्यारे । अरू कुरा त उनै परमात्माको हातमा...। हेर् भक्ते ! यस्तो आपद् नपरीकन मान्छे मान्छे हुँदैन भन्छन् ।

भक्ते– **(फेरि खटियामा थ्याच्च बस्दै)** आजभोलिलाई नै सामल क्यै छैन । वैद्यलाई हातमा के राखि दिनु ? मालताल मात्र धितो राख्न पाए पनि... **(कोटतिर हेरेर)** त्यै बिरेको कोट एउटा छ ।

माने– तँलाई मात्र फिक्री लाग्या' जस्तो छ । भनि हालैं नि जसो होला अब । यताउता गएर हेरौं । **(एक छिन चलमलाएको बिरेलाई हेर्छ)** कस्तो ! च्वाट्ट जरोले समात्या' होला !

भक्ते– **(दुबै हातले टाउको अड्याएर)** हाम्रो खप्परमा नै यस्तो लेखेको ।

माने– **(भक्तेको अवस्थाले संक्षुब्ध भएर)** यसरी नहडबडाऊ न भक्ते !

भक्ते– **(स्वाभाविक स्वरमा)** तैंले किनेर त ल्याइस् ? त्यो छ नि सेतो गेडी ।

माने– ए साबुदाना ! भुन्टीले ल्याइ दिइन ? कस्ती रहिछ । ऋन् अगि नै किनेर त्यसको हात याँ' पठाइ दिएको, ऋन् चाँडै भनेको मोरीलाई...

भक्ते– अब भरेलाई पनि खानपिन गर्नु पऱ्यो ।

माने– खोइ राख्ने भाँडा ले त ! **(भक्ते आश्चर्य मानेर त्यसको मुखमा हेर्छ)** सापटवापट लिएर भए पनि... **(भक्ते मैलो कपडा खाट मुन्तिरबाट फ्रिकेर उसको हातमा राखि दिन्छ)** कान्छी पनि आइन ?

भक्ते– के आउँथी ! **(सम्झेर)** धनमान साहुसित मेरो तिन दिनको ज्याला त्यसै बाँकी छ, भोलि भोलि गर्दागर्दै खै, धरना बसेर ल्याउनु पर्छ, त्याँ' त । अर्कालाई पिर, मर्का नबुझ्ने ।

माने– त्यसै गरौंला । त्यसो भए कान्छी मरिन, हैन के ? तिनीहरूका बालकलाई पठाइ दे भनेर रुन त आउन जानेको छ, धर्म नभएका मोरीहरू ! लौ त म किनेर आउँछु, हुन्न !

[निस्कनलाई ढोकासम्म जान्छ]

भक्ते– पख् त माने ! **(माने ढोकासम्म पुगि सकेको फर्केर हेर्छ)** माहिलासित कट्टीमट्टी गरेर आठ आना, अस्तिनको मेरो बाँकी छ, आज दिन्छ कि भन् न, छोरा बिरामी छ ! **(लामो निःश्वास लिन्छ)**

माने– भेटैं भने ।

(माने निस्कन्छ)

भक्ते– **(एक छिन टोलाएर ढोकातिर हेर्छ, अनि बिरामीतिर हेर्छ, अनि झुन्डिएको कोटतिर हेर्छ । पछि जुरुक्क उठेर कोटलाई किलाबाट झिक्तछ, धुलो टकटक्याउँछ, बिरे बिउँझ्न्छ, जुरुक्क उठ्छ)** ए, ए, त्यसरी नउठ् न बिरे ! **(कोट भैंमा त्यसै मिल्काएर बिरेलाई समात्दछ, टेवा दिन्छ)** के भो ?

बिरे– क्यै भएन बा ! दिसा बसूँ जस्तो लागि रहेछ । अँ !

भक्ते– हुन्छ त उठ् न !

बिरे– पख्नोस् । **(फेरि पल्टन प्रयत्न गर्छ, भक्ते उसलाई टेवा दिन्छ, तर ऊ सुत्दैन, भित्तामा ढेसिएर बस्छ ।)**

भक्ते– आज त कपाल चड्कन कम छ बिरे ?

बिरे– अँ, तपाईंले खानु भो बा ?

भक्ते– बिहानै खाएँ नि, तँलाई बरु खान मन छ कि छैन ? साबुदाना पकाएको त्यसै छ ।

बिरे– माने दाइ फर्कनु भो ?

भक्ते– फर्क्यो बा ! अहिले किनमेल गर्न गएको छ । बरु खान्छस् ? खा न, त्यसो ढिपी नगर् है, ल्याऊँ ? **(भाँडा लिन खोज्छ)**

बिरे– खान नै रुचि छैन ।

भक्ते– तँलाई अचेल कस्तो भएको यो ? खाँदै खान्नस् । हिजो पनि राम्रो खाइनस् । तँलाई केको फिक्री ? मैले जति कष्ट सहे पनि कमाएर ल्याएकै छ । अब एक दुई दिन बाहिर जान सकिनँ, त्यति नै हो । तैंले चिन्ता गरेर बिनसित्तिमा... खा...है ?

बिरे– माने दाइलाई फर्कन दिनोस् न ! त्यो कोट त्यहाँ किन फालि राखेको ?

भक्ते– **(अकमकिएर)** ए... त्यो कोट, हैन के फोहोर भएछ, मैले टकटक्याइ दिएको नि, खै, झुन्ड्याइ दिऊँ । त्यसै भैंमा मिल्काइ दिएछु । **(हाँस्न खोज्छ, झटपट कोट टिप्न जान्छ)**

बिरे– **(आफ्ना बाबुको कुराभन्दा उसको मुखमा हेरि रहन्छ । लामो सास फेर्छ ।)** बा ! त्यो कोट मलाई सानो पनि भै सक्यो, त्यसको सट्टामा बरु निको भै सकेपछि अर्को सिलाउनु पर्ला हुन्न ? त्यसलाई राख्नु सट्टामा त हगि बा, बेचि दिए कस्तो होला ?

भक्ते– **(केही बोल्न सक्तैन, किलामा कोट झुन्ड्याइ सकेपछि)** सानो भएपछि ठुलो पनि त पार्नु हुन्छ नि, हैन भने अहिले त्यस्तो के हतार ? **(खिस्स हाँस्छ)**

बिरे– हैन बेचिनै दिनोस्, अहिले हामीलाई पैसाको पनि त सिकिस्त छ नि ! **(बाहिर नेपथ्यमा 'बिरे, बिरे' बोलाएको सुनिन्छ)** को आएछ ? साथीहरू नै होला, भित्र आऊ भन्नोस् न ।

[भक्ते ढोकाबाट बाहिर निस्कन्छ, उसको पछि पछि लागेर बद्री र राम भित्र पस्छन् ।]

ओहो ! तिमीहरू आज कताबाट ?

बद्री– **(जुत्ता फुकाल्दै)** हामीले त थाहा नै पाएनौं, आज पो ।

राम– छ दिन भो' रे हैन जरोले चापेको ?

भक्ते– याँ' आएर बस्नोस् न ! **(भक्ते बाकसमाथिको किताब झिकेर भैंमा राख्न थाल्छ)**

राम– पर्दैन, हामी यहीं बस्छौं ।

बिरे– हैन, हैन, बस न **(आफ्नो खाट देखाएर)** यहाँ बस त कसरी भनूँ ? हाइजिनिक दृष्टिबाट पनि । **(हाँस्छ, राम र बद्री बाकसमाथि गएर बस्छन्, बद्री ढेसिएर बस्न नसकी बिरेकै खाटमा बस्न जान्छ ।)**

बद्री– एकैपल्टमा के सर्ला !

बिरे– अँ, अचेल के हाल खबर छ नि ? आफू त दलिन गन्यो बस्यो, यस्तै छ ।

राम– हाल खबर के, त्यही उही उस्तै त हो नि !

बद्री– के जरो रहेछ ? डाक्टरसित कन्सल्ट गरी हेरेनौ ?

बिरे– **(खिस्स हाँसेर)** जरो एक्काइस दिने रे ! डाक्टरसित होइन वैद्यलाई देखाइएको छ । **(हाँसेर)** डाक्टरलाई देखाउन त– अवस्था तिमीले देखि हाल्यौ । यस्तो छ ।

बद्री– **(असजिलो मानेर)** हैन त्यसो त, के त्यसो भनेर रोगलाई राम्ररी डायग्नोसिस नगराई हुन्छ र ?

राम– **(झन् असजिलो मानेर)** एक्काइस दिने भनेपछि टायफायड जस्तो भै हाल्यो नि !

भक्ते– **(साबुदानाको कचौरा अगि ल्याएर बिरेलाई)** ए बाबु ! सेलाउन लागि सक्यो ।

बद्री– के ? के कुरा ?

भक्ते– साबुदाना पकाएको, खा भनेको मान्दै मान्दैन ।

बद्री– ल, खानु पर्छ, नखाईकन पनि हुन्छ ?

बिरे– **(टाउको हल्लाएर)** रुचि नै छैन ।

भक्ते– हेर्नोस् न, यसो भनेर हिजो पनि जुठोसम्म गऱ्यो, आज पनि यसो गर्न लागेपछि त । यसलाई केको फिक्री ल भन्नोस् त, म छँदै छु, कमाएर ल्याएकै छु । यतिको पढाएँ, कष्ट सहेँ भने अब यति जाबो जरो आ'को बखतमा म बेहोर्न सक्तिनँ र ?

बद्री– हैन, खाइ देऊ न ।

भक्ते– यसलाई अरू के कुराको फिक्री ?

बद्री– **(आफै उठेर कचौरा टिपेर ल्याउँछ)** लौ खाऊ, चम्चा छ ? खाऊ न !

भक्ते– **(उठेर बाँसको चम्चा जस्तो छाँटको कप्टेरा ल्याएर दिँदै)** यसरी खाइ दिए त भै हाल्यो नि !

बिरे– **(हाँसेर बद्रीसित)** बाको सर्धैंको बानी यस्तै छ । खान मन नलागे पनि खानै पर्ने, देखि हाल्यौ ।

बद्री राम नखाई हुन्छ त ?

भक्ते– **(खाएको हेरेर)** म एक पटक बाहिरसम्म पुगेर आउँछु है ? **(जान लाग्छ)**

बिरे– बा ! बाहिर जाने भए त्यो कोट लिएर जानोस् त !

भक्ते– **(फर्केर)** हैन, भै हाल्यो । **(बद्री र रामतिर अकमकाएर यसो हेर्छ)**

बिरे– लिएर जानोस् भनेको । **(भक्ते अलमलि रहन्छ, बद्री र राम केही नबुझेर वाल्ल परि रहन्छन् ।)**

भक्ते– भै हाल्यो, पर्दैन **(बिरे चुप लागेर बसेको देखेर, रिसाएको सम्झेर)** हुन्छ ।

बिरे– **(रिसाएर झर्केर)** तपाईंलाई मैले भनेको के लाग्छ र ! झन् भनैं, अप्ठ्यारो परेको वेलामा त हो नि...। मलाई यसैले त खान मन लाग्दैन । **(बद्री र राम अकमकि रहन्छन्)**

भक्ते– हुन्छ, लैजान्छु । **(लामो सास फेर्छ, कोट लिन्छ)** लौ **(हाँस्न कोसिस गरेर)** म चाँडै आउँछु । **(निस्कन्छ)**

बद्री– हैन के कुरा ? त्यो कोट किन ? के भो ?

बिरे– **(हाँस्ने चेष्टा गरेर)** अब खानलाई नै पैसा छैन, यस्तो अवस्था परेपछि त्यो कोटको माया गरेर भो ? बेचि दिनोस् भन्दाखेरि नमान्ने कस्तो बुद्धि होला !

बद्री– के ? पैसा नभएर बेच्न पठाएको... **(जुरुक्क उठ्छ, दौडेर बाहिर निस्कन्छ, राम र बिरे आश्चर्य मानि रहन्छन् ।)**

राम– बद्री किन कहाँ गएको होला ? **(बद्री एकै छिनपछि कोट लिएर फर्कन्छ । कोट ल्याएर किलामा झुन्ड्याउँछ ।)**

बद्री– मलाई अगि नै भन्नु पर्दैन ? मसँग छैदै थियो नि, चाहियो भने म...। यस्तो कुरा नभनेर किन छोपि राखेको ? अहिले मसित अलिकति त होला । **(पाकेटबाट दुई तिनोटा नोट झिकेर बिरेको सिरान तलतिर राखि दिन्छ ।)**

बिरे– **(खाइ सकेर, भाँडा तल राख्ने कोसिस गर्छ)** लौ राम !
(राम भाँडा लिएर भैंमा राखि दिन्छ)
बद्रीको बानी देखेर म त छक्क पर्छु । म त किन दौडेको होला भनेर आश्चर्य मानि रहेको !

बद्री– के गर्नु त ! मैले त पहिले कुरा बुझिनँ, नत्र त अगि नै...

बिरे– देखि हाल्यौ, यस्तो अवस्था छ । बिचरा बालाई मात्र के जोताइ रहनु, मलाई अप्ठ्यारो लाग्छ । आङमा लुगा छैन, दिन्हौं आधा छाक खानु हुन्छ, त्यत्रो भारी बोकेर भन्सारदेखि ओहोर दोहोर गर, तैपनि...। अहिले देखि हाल्यौ, म थलि दिँदा यस्तो हाहाकार छ । ज्युँत्युँ गरेर निर्वाह गरि रहने मानिसलाई रोग खालि रोगै मात्र पनि होइन, एउटा कठिन समस्या ।

बद्री– यो सबै सामाजिक दुरवस्था, कुरीतिको दोष त हो नि !

बिरे– मलाई पनि डाक्टर देखाउने इच्छा थियो, तर के गर्नु, डाक्टरको पछाडि पछाडि आउने रुपियाँको भूत देखेर तर्सें । **(हाँस्तछ)** मनको इच्छा कहिले पुगेको थियो र यसपालि पनि पुगोस् ! जे पनि सहन राजी हुनु पर्दो रहेछ । अब त म मर्नसम्म पनि तयार छु ।

राम– यसरी निराश भएर पनि साध्य छ र !

बिरे– निराश ? निराश हुन त मन छैन । तर परिस्थिति यस्तो आइ पर्छ, विवश भएर नसही सुख छैन । नत्र हेर त, यस्तो गरिबी हालत छ, नसहेर अहिले के गर्नु ? पछि हुने कुरालाई त हामी अहिले सपनासम्म मात्र भन्न सक्छौं । त्यो धेरै टाढाको कुरा छ । त्यो नहुन्जेल कष्ट कष्टै हो, दुख दुखै हो । **(चुप लाग्छ)** बिचरा मेरो बा ! उहाँको सपना, बौलाहा काजीको सपना, मेरो माने दाइको सपना ! **(टोलाउँछ)** मलाई उनीहरूले पढाए, हुनसम्म कष्ट सहे । मेरो निम्ति जे पनि गरे । यसको लामो कथा छ । त्यही कोटको पनि कथा छ, मेरो बाको कति दिनको मिहिनेत त्यसमा भिजेको छ, त्यति मात्र पनि होइन, कति माया र ममताले उनले मलाई सिलाएर ल्याइ दिए, त्यो कोट ! **(चुप लाग्छ)** आज त मलाई यस्तो आश्चर्य लागि रहेछ, तिनीहरूले स्कुलको फी पनि कसरी पुऱ्याइ दिइ रहन सके ! आफू एक छाक खाएर, आफू बयल जस्तो जोतिएर । यसरी मेरो पढाइ सुरु हुन्छ । अनि आज यसरी टुङ्गिने छाँट छ ।

बद्री– यो त ज्यादै भो बिरे !

बिरे– ती कुराहरू आज सम्झन्छु, बौलाहा काजीले देखेको सपना... तिनीहरूको विश्वास, तिनीहरूको आशा कस्तो मामुली धागोमा झुन्डिएको छ । एक किसिमले हाँसो उठ्छ, एक किसिमले माया लाग्छ, दया लाग्छ । म एक जनाले पढि दिने बित्तिकै यस्तो गरिबी रफ्फुचक्कर हुन्छ रे ! म एक जनाले क्यै गर्ने बित्तिकै संसार स्वर्ग बन्छ रे ! बिचराहरू ! आज म यहाँ ढलि रहेछु, तिनीहरूको सपना ढल्न लागेको तिनीहरू ठान्छन्, आज म यहाँ थला परि रहेछु, तिनीहरूको सपना थला परि रहेको तिनीहरू अनुभव गर्दछन् । **(चुप लाग्छ)** यतिका खर्च सहेर, बल्लतल्ल तिनीहरूले सन्तोष पाउन लागेका बखतमा यसरी थलिएर, ज्याप्प निभि दिएँ भने, यस्तै ।

बद्री– सम्भावनाको कुरा हो । **(बिरे टाउको समात्छ)** कपाल दुख्यो, धेरै करायौ ।

बिरे– हैन, म एक चोटि दिसा बस्छु । बाहिर जतातै फोहोर छ, सागाल, फोहोर, मैला ...

राम– रोग लागेको पनि त्यसैले त हो नि !

बिरे– हो ... **(उठ्न खोज्छ)**

(राम र बद्री टेवा दिएर बाहिर लैजान्छन्)

अङ्क : पाँचौं

[त्यही छिँडी– केही दिनपछि । बिरेलाई साऱ्हो भइ रहेछ । माने, भक्ते, बद्री छन् ।]

माने– अब, ... अब ... ।

(ढोकाबाट बाहिर हेर्छ, फेरि पस्छ) अऋसम्म ... कहाँ गएछ ! **(बिरेको नजिकसम्म जान्छ)**

भक्ते– (टाउको समातेर, भैंमा थुच्च बस्छ) मलाई यो के भएको ?

माने– (बिरेको नजिक गएर) बिरे ! बाबु !

भक्ते– (जुरुक्क उठ्छ, बिरेको खाट नजिक गएर मानेसित) अब बोल्दै बोल्दैन, अब बोल्दै बोल्दैन ।

माने– **(साऱ्होसित)** बाबु !

बद्री– **(बिस्तारै)** फेन्ट, मूर्च्छा परि सकेछ, बेहोस छ । अलि साऱ्होसित नकराऔं । उल्ले सुन्ने हैन क्यारे !

(बिरेको नाडी समाल्छ)

भक्ते– **(बद्रीसित)** बाबु ! अब ठिक हुँदैन ? **(काँपेको स्वरले)** रामकाजी काँ' सम्म जानु भा'को नि, म खोज्न जाऊँ ?

माने– **(बद्रीसित)** बाबु ! म वैद्य भए पनि बोलाएर आउँछु । अहो ! यो कस्तो वज्र परेको ! **(बाहिर निस्कन्छ)**

भक्ते– **(बिरेको मुख हेरेर)** हरे ! बिरेलाई यो के भएको ? बिरे, ए बाबु ! यो के भएको ? **(थुच्च त्यहीँ टाउको समातेर बस्छ)** मलाई यो के भएको ?

बद्री– **(बिरेको निधार छोएर)** भक्ते दाइ, खै, त्यो !

भक्ते– यो ? **(एउटा रबरको थैलो दिन्छ)** बाबु ! अब बिसेक होला ? बोल्न नै नसक्ने भै सक्यो । यस्तोसम्म भै सक्यो, उफ् ! म अब कसरी बाँच्ने ? हरे ! के देख्नु परेको यो !

बद्री– **(रबरको थैली निधारमा हालेर बिरेले फालेको खुट्टालाई सम्हाल्न नसकेर भक्तेलाई सङ्केत गर्छ)** यो खुट्टा अलि समाएर ... ।

भक्ते– **(जुरुक्क उठ्छ, खुट्टा समाएर)** बाबु ! अब त होसमा आउला ?

बद्री– **(बिरेको अनुहारतिर हेरेर)** आउला ... ।

बिरे– **(चल्दै बोल्न थाल्छ)** बाबा ! म कहाँ ?

भक्ते– **(लामो निःश्वास छाड्छ)** म याँ' बा ! ... यस्तो होला भन्ने सपनामा पनि देखेको थिइनँ, हेर्दाहेर्दै यसको यस्तोसम्म गति भइ सक्यो, मैले कसरी सहने ? बाबा !

(आँसु पुछ्छ, राम भित्र पस्छ)

बद्री– **(उसलाई देखेर आँलाले)** आयो ?

राम– एक छिनपछि ।

बद्री– **(बिस्तारै उठेर रामतिर आएर)** केस त झन् झन् बिग्रँदै छ । सँगै ल्याउनु पर्ने ! तुरुन्तै आउँछु भन्यो ?

राम– अँ, कस्तो चाँडै चड्केको !

भक्ते– **(बद्रीतिर)** बाबु ! खै अब त दम पनि देखिन लाग्यो ।

(बद्री हतपताएर त्यहाँ जान्छ, भक्ते उठेर बिरेको नजिकै पुग्छ ।)

राम– फेरि म दौडेर जाऊँ कि ?

भक्ते– **(चिच्याएर)** बाबु, ए बिरे !

(राम पनि नजिक जान्छ)

बद्री– अब के गर्ने ? अब ... ल ... ल ... ।

(माने आइ पुग्छ)

भक्ते– ए राजा, ए बाबु !

(बद्री नाडी समाल्छ, माने धक्याएर त्यहीँ पुग्छ)

माने– ए बाबु !

बद्री– तल राखूँ, तल सारूँ कि ?

राम– **(नाडी समातेर)** ए, पानी, पानी ।

बद्री– अब त गयो ... । **(एकातिर सर्छ)**

भक्ते– बाबु ए ! ...

माने– **(गोल्फुबाट पानी खुवाएर)** बिरे, बाबु ! नारायण ... नारायण !

भक्ते– **(एकातिर आएर, उभिन नसकेर भैंमा थ्याच्च बस्छ । निधार समातेर)** मेरो सप्पै गयो, मेरो के छ अब ?

माने– **(बिरेलाई छुँदै)** बिरे ! भै हाल्यो हामीलाई छाडेर स्वर्ग जा ! वैकुण्ठ वास जा । तेरो र हाम्रो ... यत्तिकै रहेछ । **(आँखाबाट आँसु झारेर, पुछ्दै)** हामी न यताका न उताका भयौं । **(एकातिर आउँछ, जहाँ भक्ते बसेको छ)** भक्ते ! भै हाल्यो, छाडेर जानेले गइ हाल्यो, मन दन्हो पार् । यस्तै रहेछ, हामीले त्यसलाई जियाउन भरसक जतन गर्‍यौं, केही लागेन, केही लागेन ।

भक्ते– **(आँखा चिम्लेर)** बिरे ! तेरो निम्ति ... ।

बद्री– **(भक्तेलाई हेरेर लामो निःश्वास फालि सकेपछि रामसित)** अब ।

राम– छोपि देऊ !

बद्री– कपडा ? **(भक्तेतिर हेर्छ)** भै हाल्यो ।

माने– **(बिस्तारै उभिएर)** काजीहरूले पनि यतिका दुख गर्नु भो, सबै पुऱ्याउनु भयो । साथीले भने छाडेर गै हाल्यो । यस्तो हिरा जस्तो छोरा गयो । यतिका पढ्यो, यतिका गुन्यो, अब उमेर पुग्न लागेको वेलामा हेर्नोस् दैवको पनि यो कस्तो न्याय !

भक्ते– **(अलि राम्ररी बसेर)** भैगो माने ! जान दे सप्पै कुरा जान दे, हाम्रो यो जुनीमा यस्तै रहेछ । मेरो घरमा आगो लागेको यो, मेरो खोटो खप्परमा डढेलो लागेको यो ।

(बौलाहा काजीको दौडँदै प्रवेश)

काजी– बिरेलाई कस्तो भो ?

(सबै जना चुप, काजी बिरेलाई खाटमा देख्छ, त्यता जान्छ)

भक्ते– **(सिल्लीपनामा)** बिसेक भो काजी ?

काजी– **(बिरेलाई छोएर)** हँ, मऱ्यो ! **(हाँसेर जिउ उघारेर छुँदै, हल्लाउँदै)** अँ, गै सकेछ । **(त्यसै छोडेर यता आउँछ)**

बद्री– राम ! छोपि देऊ त ।

(राम छोप्न जान्छ)

भक्ते– देख्नु भो काजी, तपाईंको बिरेले सबै पढ्यो, सबै जान्यो, तपाईंले भने बमोजिम त्यसले सबै पुऱ्यायो । अब... ।

काजी– भक्ते ! तँलाई अपसोच लाग्यो ?

माने– काजी ! अब हाम्रो के बाँकी छ त ? के धन सम्पत्ति छ त ? हाम्रो त प्राणै चुँडियो, ज्यानै गयो । भक्तेले के समाएर अब बाँचोस् ?

काजी– हो, बिरे त गयो । उसको निम्ति यो बृहत् संसार छैन, यो विशाल पृथ्वी छैन, यहाँको एक अंश पनि छैन, तिमीहरूको माया पनि छैन, मेरो सपना पनि छैन । **(भक्ते कुरा काटेर बोल्न लाग्छ)** पख ! अब यसरी चिच्याएर रुने होइन, सुन्यौ ?

भक्ते– काजी ! नरोएर, नकराएर के गरूँ ? मेरो त केही पनि छैन, आडै छैन, भरै छैन ।

काजी– सब छ, मलाई थाहा छ । बाटो मलाई थाहा छ । पहिले नै यसलाई बचाउन खोज्नु पर्ने, त्यस बखत लाटो भएर बस्यौ । डाक्टरलाई ल्याएर जँचाउनु पर्ने, होइन ?

माने– देखायौं नि, हगि बद्री काजी ?

काजी– पछि देखायौ, जुन बखत जरो बिग्रि सकेको थियो ।

भक्ते– पहिले पैसा कहाँबाट पाऊँ ?

काजी– अँ, पहिले पैसा नभए माग्नु पर्थ्यो । मागेर पनि कसैले सोझो मुखले नदिएको भए, यतिका सहरका घरहरू छँदै थिए नि, घनले ठोकेर, ताल्चा फोरेर, खोसेर, चोरेर भए पनि ल्याउनु पर्थ्यो । एउटा ज्यान मारेर ज्यानमारा बनि रहनु सट्टामा त चोर हुनु हजार गुना बेस । हामी ज्यानमारा हौं, ज्यानमारा । किन चोरेनौं ? किन लुटेनौं ? चुप लाग, अब रोएर छाती नै फोडे पनि के ? जो बित्यो । त्यो गयो, त्यो गयो !... **(बद्री र राम टोलाएर हेरि रहन्छन् । काजी उभिन्छ । बिरेको नजिक जान्छ ।)**
मेरो कत्रो आशा, कत्रो सपना, सबै चकनाचुर भयो । यस बिरेले केही पुरा गर्थ्यो, मलाई यति विश्वास थियो । संसारलाई बदलेर नयाँ रङ्गले पोति दिने, नयाँ जीवनले छोइ दिने, भै हाल्यो यस्तो लायक, यस्तो योग्य मानिस । हामीले ज्यान मारि दियौं खालि गरिबीले !

माने– सबै जानि सकेको थियो । बिरेको स्वभाव कस्तो थियो हरे !

भक्ते– **(आँसु पछ्यै)** हरे !

काजी– **(घुमेर बद्री र रामको सम्मुखमा आउँदै)** बुझ्यौ, अब यस्तो छाँटले बन्दैन । गरिबीलाई नउखेलुन्जेल संसार बन्दैन । खै ... योग्य मानिसलाई गरिबीले गला रेटि दिइ हाल्यो, देखेनौ उः ? **(मुर्दा देखाउँछ)**

भक्ते– **(मुख छोपेर रुन थाल्छ)** मैले के बिराएँ ? मैले के बिराएँ ?

काजी– कसैले बिराएको हैन भक्ते ! हामीले गरिबीलाई सहनु नै बिराउनु थियो, महापाप थियो । मुक्ति, यसबाट मुक्त भएपछि मात्र । देखि हाल्यौ, बिरेको बुद्धिलाई, बिरेको शरीरलाई गरिबीको किराले खियाएको । त्यसको त्यत्रो बुद्धि, त्यत्रो मगज, त्यत्रो गिदी, त्यत्रो भव्य सपना गरिबीको एक क्रूर निसानाले चकनाचुर भयो । **(बद्रीतिर हेरेर)** बुझ्यौ भाइ ! मैले आज नयाँ कुरो सिकें, नयाँ कुरो थाहा पाएँ । अब म नयाँ बाटो बनाउँछु, नयाँ बाटो । यस किसिमले भएन । बिरेलाई बनाउन खोजें, त्यसलाई भोकले, अन्यायले, गरिबीले खोसेर लगि हाल्यो, चुँडालि हाल्यो, मेरो सपना ! बिरे !

भक्ते– **(बिउँझे जस्तो भएर, चारैतिर हेर्छ, अनि डाँको छोडेर रुन्छ)** मलाई यो के भएको ?

काजी– **(हडबडाउँछ, त्यसलाई समाउन जान्छ)** भक्ते ! हरेस नखा । **(बद्री र राम पनि भक्तेलाई नजिक गएर समाउँछन् । माने कहिले भक्तेलाई हेर्छ, कहिले मुर्दालाई । काजी भक्तेलाई समाउन छाडेर)** भक्ते ! तेरो एउटा छोरो थियो, बिरे । तेरो स्वार्थ त्यही थियो, त्यही एक विन्दु थियो, तेरो एउटै हिरा थियो, एउटै माया थियो, अब त्यो मच्यो, त्यो छैन । हेर्, त्यसको सट्टामा धेरै बिरे जस्ता छोराहरू यहाँ छन् । एक्लै बिरेले पाउने माया ती सबैमा बाँडि दिएस् । एक दिन तेरो मेरो इच्छा पुरा हुने छ । फिक्री नले, म अर्को सपना सिर्जना गर्छु । गरिबीलाई संसारबाट टाढा मिल्काउँछु, बुझिस् भक्ते ! गरिबीलाई म मिल्काइ छाड्छु, पन्छाइ छाड्छु । पन्छाउने काममा बाधा मान्छे हुन्छ भने म त्यसको दुस्मन हुन्छु, त्यसैसित लड्छु, रोकिन्नँ । बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु । मूर्ख हुन्छु, पछि हट्तिनँ, गरिबीका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, देख्तिनँ, नरो भक्ते ! संसारले एक दिन सुखी हुनु छ । कसैले रोक्न सक्तैन ।

नाटककार परिचय

विजय मल्ल (वि. सं. १९८२–२०५६) बहुमुखी साहित्य स्रष्टा हुन् । उनले निकै गहकिला र मार्मिक किसिमका कविता, कथा, उपन्यास र नाटक रचेका छन् । **बौलाहा काजीको सपना, कोही किन बरबाद होस्, जिउँदो लास, भोलि के हुन्छ ?, भुलैभुलको यथार्थ, पहाड चिच्याइरहेछ** आदि उनका चर्चित नाटचकृति हुन् । उनी समाजका निमुखा, निर्धन एवम् गरिबी र अन्याय अत्याचारका चपेटामा परेकाहरूलाई तिनका दुखदर्दबाट मुक्ति दिलाई स्वस्थ, गतिशील, समतामूलक एवम् समृद्ध समाजको निर्माण गरी संसारलाई सुखी र सम्पन्न तुल्याउनु पर्छ भन्ने भावना व्यक्त गर्ने नाटककार हुन् । युगीन यथार्थका पृष्ठभूमिमा मान्छेका विविध मनोदशालाई केलाउँदै उसका सामाजिक एवम् मनोवैज्ञानिक समस्याहरूको चित्राङ्कन गर्ने उत्कृष्ट कौशल उनले आफ्ना नाटकमा देखाएका छन् । बौद्धिकता र नयाँ नयाँ प्रयोग पनि उनका नाटचकलाका थप विशेषता हुन् । उनैले रचेको एक घत लाग्दो नाटक **बौलाहा काजीको सपना** हो ।

शब्दार्थ

१. **तलका शब्दहरूको अर्थ बुझ्नु होस् :**

आँखीझ्याल– गाईका आँखा जस्तै देखिने साना साना प्वाल भएको झ्याल
ताप्के– तिहुन तर्कारी पकाइने बिँड भएको फलामको भाँडो
तपेस– ठुलो मुख भएको भाँडो, डेक्ची
गोल्फु– माटाको सानो घैँटो
नेपथ्य– नाचघरको पर्दाभित्रको भाग
सेखी– आफै मात्र ठुलो, राम्रो, योग्य भएको देखाउने अहम् भाव; अभिमान, घमन्ड
घत– मनमा पर्ने असर, प्रभाव
मुक्तिकर्ता– छुटकारा वा स्वतन्त्रता दिलाउने (व्यक्ति)
सृष्टिकर्ता– कुनै कुराको सिर्जना गर्ने (तत्त्व वा व्यक्ति)
थाङ्ने– थोत्रा लुगा लगाउने, थाङ्नामा सुत्ने
फोस्रो– सार वा गुदी नभएको, सारहीन
प्रबन्ध– बन्दोबस्त, चाँजोपाँजो
नवीनता– नयाँपन
खटिया– सानो खाट
गोली– औषधीको चक्की
साबुदाना– ताडको गुभाबाट बनाइने खान हुने सेता मसिना दाना
सामल– खानेकुरा पकाउने खाद्य पदार्थ, यात्रा गर्दा चाहिने बाटो खर्च
कट्टीमट्टी– छिनोफानो
नि:श्वास– लामो सास, सुस्केरा
बयल– गोरु
रफुचक्कर– भागेको, भागेर बेपत्ता भएको
बिराम– भन्नु गर्नु पर्ने कामकुरामा हुने कसुर, भुलचुक
अङ्क– नाटकको प्रकरणलाई छुट्टचाउने भाग, अध्याय वा परिच्छेद

किञ्चित्– थोरै, अलिकति
निराला– अपूर्व, विलक्षण
छाउरो– कुकुर, बिराला आदिको भाले बच्चो
पण्डित– मास्टर, शिक्षक

अभ्यास

१. **शब्दकोशको सहायता लिई तलका शब्दहरूको अर्थ लेख्नु होस् :**
एकसुरे, नाम्लो, ढुकुटी, निकम्मा, तीक्ष्ण, सिकिस्त, जुनी, सिल्ली, नास्तिक,

२. **'बौलाहा काजीको सपना' नाटकमा परेका तलका पदावली र उखानको अर्थ/आशय पहिल्याउनु होस् :**
राडो मच्चाउनु, जाबो कुरा, देखासिकी गर्नु, गरिबको छाउरो, चित्त फाट्नु, बाबुको बिहे देख्नु, घुरेर हेर्नु, कुरिज खानु, टेवा दिनु, खोटो खप्पर, हुने बिरुवाको चिल्लो पात, नाक काट्नु, वज्र पर्नु ।

३. **तपाईले पढेको 'बौलाहा काजीको सपना' नाटकमा लेखकले ठाउँ ठाउँमा नेपाली भाषाको कथ्य रूपको प्रयोग गरेका छन् । त्यस्ता केही कथ्य रूप र तिनका स्तरीय लेख्य रूपका केही उदाहरण तल दिइएका छन् :**

कथ्य रूप	**स्तरीय लेख्य रूप**
जाँसुकै	जहाँसुकै
त्याँ	त्यहाँ
काँ	कहाँ
गे'पछि	गएपछि
यैं	यहीं
था'छ	थाहा छ
यल्लाई	यसलाई
भे	भए
दिन्हौं	दिनहुँ
आ'को	आएको
भा'को	भएको
सप्पै	सबै
बौलाहा	बहुला

४. **यस नाटकमा यस्ता अरू पनि कथ्य भाषिक रूपहरू छन् । त्यस्ता शब्दहरूको सूची बनाई तिनका स्तरीय लेख्य रूप देखाउनु होस् ।**

पठन बोध

१. **तलको नाटचांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**
भक्ते ! तेरो एउटा छोरो थियो, बिरे । तेरो स्वार्थ त्यही थियो, त्यही एक विन्दु थियो, तेरो एउटै हिरा थियो, एउटै माया थियो, अब त्यो मच्यो, त्यो छैन । हेर्, त्यसको सट्टामा धेरै बिरे जस्ता छोराहरू यहाँ छन् । एक्लै बिरेले पाउने माया ती सबैमा बाँडि दिएस् । एक दिन तेरो मेरो इच्छा पुरा हुने छ । फिक्री नले, म अर्को सपना सिर्जना गर्छु । गरिबीलाई संसारबाट टाढा मिल्काउँछु, बुझिस् भक्ते ! गरिबीलाई म मिल्काइ छाड्छु, पन्छाइ छाड्छु ।

पन्छाउने काममा बाधा मान्छे हुन्छ भने म त्यसको दुस्मन हुन्छु, त्यसैसित लड्छु, रोकिन्नँ । बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु । मूर्ख हुन्छु, पछि हट्तिनँ । गरिबीका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, दब्दिनँ, नरो भक्ते ! संसारले एक दिन सुखी हुनु छ । कसैले रोक्न सक्तैन ।

प्रश्नहरू

(क) माथिको नाटचांशका आधारमा बहुला काजी कस्तो विचार राख्ने पात्र हो ? स्पष्ट पार्नु होस् ।

(ख) "संसारले एक दिन सुखी हुनु छ, कसैले रोक्न सक्दैन" भन्ने भनाइप्रति तपाईंको सहमति वा असहमति के छ ? आफ्ना तर्क दिई प्रतिक्रिया लेख्नु होस् ।

अभ्यास

१. **'बौलाहा काजीको सपना' नाटकमा जम्मा पाँच अङ्क छन्; तीमध्ये यसको प्रथम अङ्कमा प्रस्तुत गरिएका मुख्य घटनाहरूलाई क्रम नमिलाई तल दिइएको छ; तपाईं क्रम मिलाएर तिनलाई सार्नु होस् :**

- मानेले माग्नु गरिबीको परिणाम भएकाले बिरे मगन्ते बन्नाको कारण उसको रहर नभएर बाध्यता हो भन्ने तर्क गर्नु ।
- भक्तेले आफ्नो छोरो बिरेलाई गुन्डाका पछि लागी पैसा माग्ने गरेको थाहा पाएर कुटि रहेको वेला भक्तेको साथी मानेले नकुट्न भन्दै छेक्ने कोसिस गर्नु ।
- भक्तेले बिरेलाई गरिब भए पनि मागेर होइन काम गरेर खानु पर्छ अन्यथा भएको इज्जत पनि समाप्त हुन्छ भनी सम्झाउनु ।
- त्यस्तै वेला काजी आइ पुग्नु र उसले भक्तेहरूलाई चार सत्यको शिक्षा दिनु ।
- काजीका कुरा सुनेपछि भक्ते र मानेले बिरेलाई बरालिएर हिँड्ने होइन, पढ्न जानु पर्छ भनी सम्झाउनु ।
- भक्ते र मानेले काजीसँग कहाँबाट आउनु भयो भनी जिज्ञासा राख्दा काजीले मनुष्यको भलो गर्ने र संसारलाई स्वर्ग बनाउने उद्देश्यले भौंतारिइ रहेको मनसाय प्रकट गर्नु ।
- काजीले भक्तेको छोरो बिरेलाई उचित शिक्षा दिई संसारबाट गरिबीको नाश गर्ने मुक्तिदाता बनाउनु पर्छ भनी पढाइ लेखाइमा लगाउन जोड दिनु ।

२. **माथि दिइए जस्तै गरी तपाईंले पढेको उपर्युक्त नाटकको पाँचौं अङ्कमा चित्रित कथावस्तुका मुख्य घटनाहरू टिप्नु होस् ।**

३. **तलका प्रश्नहरूको छोटो उत्तर लेख्नु होस् :**

(क) बिरेलाई उसका सहपाठीहरूले गरेको व्यवहार तपाईंलाई कस्तो लाग्यो ? साथीप्रति त्यस्तो व्यवहार गर्नु उचित हो ?

(ख) कक्षामा बिरेलाई माग्ने, गरिब भनेर हेलाँ गर्ने विद्यार्थीहरूलाई मास्टरले के भनेर सम्झाए ?

(ग) बिरेले आफ्ना बाबु, माने दाइ र काजीका आशा र विश्वास मामुली धागोमा झुन्डिएका छन् भन्नाको तात्पर्य के हो ?

(घ) काजीले "गरिबीलाई पन्छाउने काममा यदि मान्छे बाधा हुन्छ भने म त्यसको पनि दुस्मन हुन्छु" भन्नुको अभिप्राय के हो ?

(ङ) नाटकमा कुनै न कुनै घटना प्रस्तुत गरिएको हुन्छ । नाटकमा प्रस्तुत गरिएको त्यही घटनालाई नै कथानक भनिन्छ । कुनै पनि घटनासँग स्वभावतः विभिन्न खालका मानिस वा अरू प्राणीहरू पनि सम्बन्धित

हुन्छन् । नाटकको घटनासँग सम्बद्ध भएर आउने त्यस्ता मानिस वा प्राणीहरूलाई पात्र वा चरित्र भनिन्छ । 'बौलाहा काजीको सपना' नाटकमा त्यस्ता पात्रहरू कति छन् त ? सूची बनाउनु होस् ।

४. संसारमा सबै मानिसहरूको स्वभाव, आचरण एकै प्रकारको हुँदैन; कुनै असल आचरणका हुन्छन्, राम्रो विचार राख्छन् भने कुनै दुष्ट एवम् खराब स्वभाव र आचरणका हुन्छन् । यस नाटकका पात्रहरूलाई असल र खराब भनी दुई भागमा छुट्टचाउनु पर्दा तपाईं ककसलाई असल र ककसलाई खराब मान्नु हुन्छ ? वर्गीकरण गरी देखाउनु होस् ।

५. यस नाटकको बौलाहा काजी असल वा खराब कस्तो पात्र हो ? उसले व्यक्त गरेका विचारका आधारमा उत्तर दिनु होस् ।

६. बिरे पाठशालामा पढ्न जाँदा उसलाई घृणा र तिरस्कार गर्ने सहपाठीहरूको भनाइ तपाईंलाई कस्तो लाग्छ ? प्रतिक्रिया दिनु होस् ।

७. समाजमा एक थरी मानिसहरूसँग प्रशस्त धन सम्पत्ति छ भने अर्का थरी सम्पत्तिका नाउँमा केही नभएका पनि छन् । यीमध्ये धनीमानीहरूलाई उच्च वर्गका र निर्धन एवम् गरिबहरूलाई निम्न वर्गका भनेर छुट्टचाउने चलन छ । यस दृष्टिले प्रस्तुत नाटकका पात्रहरूमध्ये ककसलाई तलका कुन कुन वर्गमा राख्न सकिन्छ :

उच्च वर्ग	निम्न वर्ग
.....	.....
.....	.....
.....	.....

८. जतिसुकै गरिब भए पनि मागेर खानु राम्रो होइन भन्ने भक्तेको विचार तपाईंलाई कस्तो लाग्यो ? आफ्नो राय दिनु होस् ।

९. "समाजको दुखको अन्त न कागजमा कोर्दैमा हुँदो रहेछ न बोल्दैमा मात्र ।" यो कसले कसलाई भनेको हो र वक्ताले समाजमा विद्यमान दुखको अन्त गर्ने कुरामा कस्तो विचार राखेको छ ?

१०. सामान्यतया मगज खुस्किएको वा मानसिक सन्तुलन नभएको मानिसलाई बहुला भनिन्छ । समय परिस्थितिसँग मेल नखाने काम कुरा गर्ने मान्छेलाई पनि "यो त बहुलाएछ" भन्छन् । २००७ सालभन्दा अगि लेखिएको उपर्युक्त नाटकको काजीलाई बौलाहा भनिएको छ । यस नाटकको काजीलाई किन बहुला भनिएको होला ? के उसमा मानसिक वा वैचारिक असन्तुलन देखिन्छ र ? समीक्षात्मक प्रतिक्रिया लेख्नु होस् ।

११. 'बौलाहा काजीको सपना' नाटकमा के कस्तो सामाजिक समस्याको चित्रण गरिएको छ ?

व्याकरण

वाक्यान्तरण : पुनरावृत्ति अभ्यास

१. तलका वाक्यहरू हेर्नु होस् र पाठ १३ र १४ मा गरेको अभ्यासका आधारमा ती सरल, मिश्र वा संयुक्त के हुन्, छुट्टचाउनु होस् :

(क) विद्यार्थीहरू चउरमा गएर भकुन्डो खेले ।

(ख) कमला मिहिनेतसाथ काम गर्छिन् ।

(ग) विजय मल्लले **बौलाहा काजीको सपना** नाटक लेखेका छन् ।

(घ) मिहिनेती विद्यार्थीहरू परीक्षामा हडबडाउँदैनन् ।

(ङ) दयालु हुनाले नम्रताले माग्नेलाई पैसा दिइन् ।

(च) तिमी हडबड गर्दै उकालो चढ्यौ भने चाँडै थाक्छौ ।

(छ) जब टुप्लुक्क घाम अस्तायो तब कृष्णमानले गाई गोरु घरतर्फ फर्कायो ।

(ज) उसले बिदाइको वेलामा म अर्को साल आइ हाल्छु नि भनी आमालाई सम्झायो ।

(झ) ऊ नाच्छ पनि गाउँछ पनि ।

(ञ) तँ राम्ररी पढ् नत्र पिटाइ खालास् ।

(ट) पेम्बा पनि पास भयो रतिया पनि पास भई ।

(ठ) कि तपाईं अस्पताल जानु होस् कि भाइलाई पठाउनु होस् ।

(ड) उसले चर्को स्वरले बोलाएछ तर मैले थाहा पाइनछु ।

२. **उपर्युक्त वाक्यहरूलाई उदाहरणमा दिए जस्तै सरल भए संयुक्त र मिश्रमा तथा मिश्र र संयुक्त भए सरल वाक्यमा परिवर्तन गर्नु होस् :**

मिहिनेती विद्यार्थीहरू परीक्षामा हडबडाउँदैनन्–	विद्यार्थीहरू मिहिनेती छन् त्यसैले परीक्षामा हडबडाउँदैनन् । जुन विद्यार्थीहरू मिहिनेती छन् ती परीक्षामा हडबडाउँदैनन् ।
तिमी हडबड गर्दै उकालो चढ्यौ भने चाँडै थाक्छौ–	हडबडाउँदै उकालो चढ्दा तिमी थाक्छौ । तिमी हडबडाउँदै उकालो चढ्छौ त्यसैले चाँडै थाक्छौ ।
पेम्बा पनि पास भयो रतिया पनि पास भई–	पेम्बा र रतिया दुबै पास भए ।

अभ्यास

१. **'बौलाहा काजीको सपना' नाटकको पहिलो अङ्कबाट सरल, मिश्र र संयुक्त वाक्यका पाँच पाँच उदाहरण टिप्नु होस् ।**

२. **तलका वाक्यहरू कुन कुन वाच्यका हुन्, छुट्टचाउनु होस् :**

(क) पर्यटकहरूले नगर कोटबाट सूर्योदयको दृश्य हेरे ।

(ख) डाँडामा टलपल टलपल गर्दै सूर्योदयको दृश्य देखियो ।

(ग) आफू त पढ्दापढ्दै भुसुक्कै निदाइएछ ।

(घ) सानामा शङ्कर तोते बोली बोल्थ्यो रे !

(ङ) म बाटामा तिमीलाई भेटुँला नि !

(च) तपाईं आफूभन्दा कमजोरहरूलाई पनि हेर्नु होस् ।

(छ) कहिले घर आइयो, कतिन्जेल बसिन्छ नि !

(ज) उसले ढोका खोल्यो तर बन्द गरेनछ ।

(झ) समाजमा विद्वान्हरू पुजिन्छन् ।

(ञ) तिमी राम्ररी निदाएनछौ ।

(ट) मैले बाटामा तिन जना साथी भेटें ।

(ठ) साथीहरूले मलाई भोजमा बोलाएका छन् ।

(ड) दौडँदा भाइले लुगा च्यातेछ ।

(ढ) गाउँबाट आएका मान्छेले चिडियाखाना हेरे ।

(ण) मैले उनलाई बाटामा भेटिनँ ।

(त) उनीहरूले तिन किलो सुन्तला किने ।

(थ) तिमीले हामीलाई देखेनौ ।

३. उपर्युक्त वाक्यहरूको वाच्य परिवर्तन गर्नु होस् ।

४. 'बौलाहा काजीको सपना' नाटकको दोस्रो अङ्कबाट कर्तृ, कर्म र भाववाच्यका दुई दुई वाक्यहरू खोजी तिनको वाच्य परिवर्तन गर्नु होस् ।

५. तलका वाक्यहरूलाई प्रत्यक्ष कथनबाट अप्रत्यक्ष कथनमा वाक्यान्तरण गर्नु होस् :

(क) रमेशले मलाई भन्यो– "तिमी खुब चलाख छौ ।"

(ख) तिमीले हरिलाई भन्यौ– "हरि, तिम्रो काम तारिफ गर्न लायक छ ।"

(ग) सरिताले भनी– "यिनीहरू यहीँ बस्छन् ।"

(घ) घुरहुले भने– "अलगुवा दाइ भोलि मेरो घरमा आउँदै हुनु हुन्छ ।"

(ङ) पर्यटकहरूले भने– "नेपालको प्रकृति र नेपालीहरूको अतिथि सत्कार बिर्सि नसक्नु छ ।"

(च) सभापतिले भने– "सञ्चालकज्यू, कार्यक्रम अगाडि बढाउनु होस् ।"

(छ) बाबुले छोरालाई भने– "तिमीले विद्यालयमा दिएको गृहकार्य गऱ्यौ त ?"

(ज) चालकले भने– "कृपया बसभित्र चुरोट नखानु होला ।"

(झ) गुरुले भने– "गृहकार्य नगर्नेले दण्ड पाउँछ ।"

(ञ) विद्यार्थीले भन्यो– "प्रधानाध्यापकज्यू, के म भित्र आउन सक्छु ?"

६. तलका वाक्यहरूलाई करण भए अकरणमा र अकरण भए करणमा वाक्यान्तरण गर्नु होस् :

(क) तिमी आउने भए म जान्छु ।

(ख) यहाँ जोसुकै आउन सक्छ ।

(ग) अष्ट नारानले कसैलाई सोधेन ।

(घ) छिरिङ कहिले काहीँ पदयात्रामा जान्छ ।

(ङ) ऊ कम बोल्छ ।

(च) यहाँ कोही पनि बस्दैनन् ।

(छ) परीक्षामा सबैले प्रथम श्रेणी ल्याएछन् ।

(ज) तैंले मिहिनेत गरिनछस् नि !

(झ) उसले मिहिनेत नगरेको होइन ।

बोध

तलको अनुच्छेद पढ्नु होस् र त्यसपछि सोधिएका प्रश्नहरूको छोटो छरितो उत्तर लेख्नु होस् :

झापाका राजवंशी समाजको धर्म र देवी देवता सम्बन्धी धारणा आफ्नै प्रकारको पाइन्छ । उनीहरू प्राकृतिक अलौकिक अदृश्य शक्तिका रूपमा धर्ममा विश्वास गर्छन् । मानिसको जन्ममृत्यु हुनु, गरिब हुनु, धनी हुनु, धन सम्पत्ति कमाउनु, सुन्दर हुनु, कुरूप तथा अपाङ्ग हुनु, चिताएको कुरा पुग्नु वा नपुग्नु, छोराछोरी दुखी हुनु, धेरै हुनु नहुनु, छोराछोरी भएर पनि नबाँच्नु, बिरामी हुनु, रोगी हुनु, अकालमा मर्नु, दुर्घटनामा पर्नु, अन्नबाली नोक्सान हुनु, आगलागी हुनु, चोरी हुनु जस्ता कुरा भाग्य र दैवका खेल हुन् भन्ने विश्वास राजवंशीहरूमा पाइन्छ । वास्तवमा अलौकिक शक्तिहरूमाथिको आस्था नै धर्मको प्रमुख लक्षण हो । धर्म भन्नु नै मानिसहरूको नीति, आदर्श, नैतिकता, आत्मा, ईश्वर तथा अदृश्य शक्तिमाथिको विश्वास राख्नु हो । ब्रह्माण्ड तथा जीवनको सृष्टि, मृत्यु र त्यसपछिको रहस्यका साथै जीवनलाई पूर्ण बनाउने कुराका रूपमा वा मानिसका मानसिक जिज्ञासाका परिणाम स्वरूप धर्मको उत्पत्ति भएको हो । अर्को अर्थमा आफूभन्दा शक्तिशाली प्रकृतिमाथिको निर्भरताले गर्दा मानिसहरू प्राकृतिक शक्तिमा अदृश्य अलौकिक गुणहरू हुन्छन् भन्ने कुरामा विश्वास गर्छन् । राजवंशी समाजमा पनि आफ्नो अज्ञानताले कपोल कल्पित शक्तिहरूलाई सन्तुष्ट राख्न सकिएन भने तिनीहरूले दुख, यातना र विपत् ल्याउन सक्छन् भन्ने विश्वासले जरो गाडेको छ । त्यसैले राजवंशीहरू कपोल कल्पित दैवी शक्तिलाई सन्तुष्ट पारियो र तिनको पूजाआजा गरियो भने आफूलाई मद्दत हुन्छ भन्ने कुरामा विश्वास गरी त्यस्ता शक्तिको पूजा, पाठ, प्रार्थना, आराधना, स्तुति गर्ने जस्ता धार्मिक क्रियाकलाप सम्पन्न गर्छन् । राजवंशीहरू अर्काको परोपकार गर्नु, आफ्नो मर्यादाभित्र बस्नु, अरूलाई दुख पीडा नदिनु, पाहुनाको सत्कार गर्नु आदिलाई धर्म मान्दछन् । यसै गरी उनीहरू असत्य वा झुटो कुरा गर्नु, सत्यमा नबस्नु, अर्काको सम्पत्ति हडप्नु, अर्काकी स्वास्नीसँग व्यभिचार गर्नु, चोरी डकैती गर्नु, छल्नु जस्ता सामाजिक मान्यताभन्दा बाहिरका कार्य गर्नु पाप हो भन्छन् ।

प्रश्नहरू

(क) राजवंशीहरू कस्ता कस्ता कुरालाई दैवको खेल ठान्दछन् ?

(ख) राजवंशीहरूका समाजमा प्रचलित मान्यता अनुसार धर्मको उत्पत्ति कसरी भएको हो ?

(ग) राजवंशीहरू कस्तो दैवी शक्तिको पूजा गर्दछन् ?

(घ) राजवंशीहरूका समुदायमा कस्ता कार्य गर्नुलाई पाप मानिन्छ ?

(ङ) 'अदृश्य शक्ति' र 'अलौकिक' शब्दको अर्थ के हो ?

अभिव्यक्ति

टिप्पणी लेखन

१. तल कानुन र नागरिक अधिकार शीर्षकमा लेखिएको टिप्पणी पढ्नु होस् :

कानुन र नागरिक अधिकार

जन निर्वाचित प्रतिनिधिहरूले राष्ट्रलाई व्यवस्थित रूप दिन तर्जुमा गरेको ऐन नियमलाई कानुन भनिन्छ भने संविधान अनुसार सर्व साधारण नागरिकले देशप्रतिको कर्तव्य पालना गरे बापत पाउने सबै खालका अधिकारलाई नागरिक अधिकार भनिन्छ ।

नागरिकहरू नै कानुनका निर्माता हुन् र उनीहरू नै यसका पालनकर्ता पनि हुन् । हरेक देशमा कानुन बनाउने र यसको पालना गर्ने गराउने दायित्व नागरिककै हो । आफूले बनाएको कानुनको पूर्ण पालना गरेर नै नागरिकहरूले आफ्ना अधिकारहरू सुनिश्चित गरेका हुन्छन् । आफैले बनाएको कानुनको पालना नगर्ने नागरिकले आफ्ना अधिकारहरू खोज्नु किमार्थ सुहाउँदैन । आफ्नो अधिकार सुनिश्चित गर्ने कानुन नमान्नु भनेको आफ्ना खुट्टामा आफैले बन्चरो हान्नु जस्तै हो । 'कानुन सबैका लागि बराबर हो' भन्ने धारणाबाट कानुन बनाइने भएकाले यो सीमित वर्गको मात्र भरण पोषण गर्ने खालको हुनु हुँदैन र उनीहरूको स्वार्थ पूर्ति गर्ने साधन पनि बन्नु हुँदैन । कानुनबाट सम्पूर्ण नागरिकका अधिकार प्राप्त हुने र प्राप्त भएका अधिकारको संरक्षण हुने भएकाले कानुनको अपरिहार्यता स्वत: पुष्टि हुन जान्छ ।

आफूले बनाएको कानुनको पूर्ण पालना गर्नु र यसलाई कसैको खेलौना बन्न नदिई आफ्ना हक अधिकारहरू सुनिश्चित गर्नु नै आम नागरिकको प्रमुख दायित्व हो ।

२. **तल 'सञ्चार माध्यम र जिम्मेवारी' विषयमा लेखिएको टिप्पणी पढ्नु होस् :**

सञ्चार माध्यम र जिम्मेवारी

कुनै समाचार वा सूचना एक ठाउँबाट अर्को ठाउँमा पठाउने काम सञ्चार हो अनि विश्वको कुनै पनि कुनामा घटेको घटनाका बारेमा विश्वभर जानकारी गराइ दिने रेडियो, टेलिभिजन, इन्टरनेट, समाचार पत्र आदि सञ्चारका माध्यम हुन् ।

राष्ट्र निर्माणका काममा महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा सञ्चारलाई राष्ट्रको चौथो अङ्ग मानिन्छ । सञ्चार माध्यमकै कारण व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वको चौतर्फी विकास सम्भव हुने हुँदा यिनको निकै ठुलो जिम्मेवारी रहेको देखिन्छ । अहिले विश्वमा जे जस्तो उन्नति भइ रहेको छ त्यसमा सञ्चार माध्यमको पनि विशेष भूमिका रहेको छ । यसले विशाल विश्वलाई ज्यादै साँघुरो तुल्याइ दिएको छ । यसकै सहयोग लिई मानिस घरमै बसेर ठुलठुला कामहरू गर्न सफल भएको छ । त्यसैले अहिले सञ्चार माध्यमहरू मानिसका लागि वरदान साबित भएका छन् । सञ्चार माध्यमबाट प्रसारित एवम् प्रकाशित समाचारहरू तथ्यमा आधारित हुनु पर्दछ र ती कुनै पनि देशको राष्ट्रियतामाथि सङ्कट निम्त्याउने र विश्वलाई नै युद्ध मैदानमा परिणत गराइ दिने खालका कदापि हुनु हुँदैन । सञ्चार माध्यमकै कारण वेला वेलामा ठाउँ ठाउँमा सामाजिक सद्भाव खलबलिने र राष्ट्र राष्ट्रका बिचमा द्वन्द्व चर्किने गरेको पनि देखिएको छ । तथ्यहीन सामग्रीका कारण संसारमा डर लाग्दो उथलपुथल हुन सक्ने भएकाले त्यसतर्फ यी बढी जिम्मेवार हुनु पर्ने देखिन्छ ।

विश्वभरका मानिसलाई एक अर्काका नजिकमा ल्याउन र समग्र विश्वको विकासका लागि रचनात्मक भूमिका खेल्न सकेमा मात्र सञ्चार माध्यमले सही जिम्मेवारी पुरा गरेको ठहर्ने छ । यसतर्फ समग्र सञ्चार माध्यम सचेत तथा गम्भीर हुनु जरुरी छ ।

अभ्यास

तपाईंले पाठ तेरमा टिप्पणी लेखन सम्बन्धी अभ्यास गरि सक्नु भएको छ । अब माथिका उदाहरणका आधारमा निम्न लिखित विषयमा टिप्पणी लेखनको अभ्यास गर्नु होस् :

(क) नेपालमा सञ्चार माध्यमको वर्तमान अवस्था

(ख) नेपालको बहु जातीय सामाजिक बनोट

(ग) बहु भाषिकता : हाम्रो राष्ट्रिय विशेषता ।

•

बोधका लागि दृष्टांश सामग्री

यस खण्डमा दिइएका विविध शीर्षकका पाठहरू विभिन्न विषयसँग सम्बद्ध छन् । विद्यार्थीहरूलाई बोध, बुँदा टिपोट र सङ्क्षेपीकरणको अभ्यास सामग्रीका रूपमा छनोट गरिएका यी पाठको अभ्यासबाट उनीहरूको प्राविधिक, पारिभाषिक शब्द भण्डार र पठन बोधको विकास हुने अपेक्षा गरिएको छ । यही अपेक्षा अनुरूप अभ्यास गराउँदा पाठबाट प्राविधिक, पारिभाषिक शब्द शब्दावलीको छनोट र पाठ्यक्रममा बोधका निम्ति निर्दिष्ट ढाँचा अनुसारका प्रश्नहरूको निर्माण गरी उत्तर दिन र अनुच्छेदबाट बुँदा टिपोट र सङ्क्षेपीकरण गर्न लगाउनु होस् ।

ब्ल्याक होल

वैज्ञानिकहरूले आजभन्दा २० अरब वर्ष पहिले महाविस्फोटनको सिद्धान्त अनुरूप ब्रह्माण्डको उत्पत्ति भएको अनुमान गरेका छन् । ब्रह्माण्ड उत्पत्ति कालमा निर्मित ब्ल्याक होल अहिले पनि सुदूर अन्तरिक्षमा विद्यमान छ । कतिपय वैज्ञानिकहरू ब्ल्याक होललाई ग्रह, उपग्रह र ताराहरूको पूर्वजको रूपमा पनि मान्ने गर्दछन् । आधुनिक खगोल शास्त्रको अध्ययनले यसबारे थुप्रै नवीन तथ्य अगाडि ल्याएको छ ।

ब्रह्माण्ड सम्बन्धी नयाँ दृष्टिकोणको सुरुआत मूलत: उन्नाइसौँ शताब्दीको प्रारम्भमा भएको थियो । आइन्स्टाइनले प्रतिपादन गरेको सापेक्षतावादको सिद्धान्त ब्रह्माण्ड अध्ययनका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यस सिद्धान्तले मूलत: ब्ल्याक होलको भविष्य वाणी गर्न महत्त्वपूर्ण आधारहरूबारे व्याख्या गरेको छ । गुरुत्वाकर्षणको नियमका आधारमा ब्ल्याक होल निर्माणबारे अध्ययन गर्न सकिन्छ । ब्ल्याक होल सम्बन्धी पहिलो चर्चा अठारौँ शताब्दीमा अङ्ग्रेज वैज्ञानिक जोन माइकल र फ्रेन्च गणितज्ञ लेप्लासले गरेका थिए । न्युटनले गुरुत्वाकर्षण सिद्धान्त र डच खगोल शास्त्री रोमरले प्रकाशको गतिबारे अध्ययन गरेपछि ब्ल्याक होल सम्बन्धी नवीन तथ्य खुल्न थालेका हुन् ।

ब्ल्याक होल त्यस्तो छिद्र हो जसको गुरुत्वाकर्षणको वेग यति प्रबल हुन्छ कि प्रकाश समेत ब्ल्याक होलमा छिऱ्यो भने पुन: निस्कन सक्दैन । वैज्ञानिकहरू भन्छन्– ब्ल्याक होल अत्यन्त भारयुक्त ताराको अवसानपछि निर्माण हुन्छ । हुन त ब्रह्माण्डमा अरबौँ यस्ता ताराहरू छन्, के त्यसो भए ब्रह्माण्डमा अरबौँ ब्ल्याक होलहरू छन् त ? यो प्रश्न पनि वैज्ञानिकहरूबिच जटिल भएर उभिएको छ ।

कुनै पनि वस्तुलाई ग्रह तथा उपग्रहहरूको गुरुत्वाकर्षण क्षेत्र पार गर्न निश्चित गतिको आवश्यकता पर्दछ । यस गतिलाई एस्केप भेलोसिटी भनिन्छ । पृथ्वीबाट कुनै पनि वस्तुलाई गुरुत्वाकर्षण क्षेत्रभन्दा बाहिर फाल्न ११.२ कि.मि. गतिको आवश्यकता पर्छ भने सूर्यको सतह र चन्द्रमाबाट कुनै पनि वस्तु अन्तरिक्षमा आउनका लागि एस्केप भेलोसिटी क्रमश: ६१७.७ कि.मि./से. र २.४ कि.मि./से. हुनु पर्छ । तर ब्ल्याक होलमा भने यो प्रकाशको गतिसँग बराबर रहेको छ । सापेक्षतावादी सिद्धान्तका अनुसार कुनै पनि वस्तु प्रकाशभन्दा छिटो दगुर्न सक्दैन । यसैका आधारमा भन्न सकिन्छ– कुनै पनि वस्तु ब्ल्याक होलभित्र छिऱ्यो भने पुन: ब्रह्माण्डमा फर्कन सम्भव छैन ।

ब्ल्याक होलमा कुनै पनि वस्तुको गतिबारे अध्ययन सन् १९१६ मा वैज्ञानिकहरूले गरेका थिए । उनीहरूले प्रत्येक ब्ल्याक होलको निश्चित अर्धव्यास हुन्छ भनी बताएका छन् । पृथ्वीको अर्धव्यास ८ मि.मि. छ भने सूर्यको ३ कि.मि. छ । यदि सूर्य खुम्चिँदै गएर यसको अर्ध व्यास ३ कि.मि. भन्दा कम भयो भने ब्ल्याक होल निर्माण हुन पुग्छ भनी वैज्ञानिकहरू भन्दछन् । अब प्रश्न

उठ्छ– ब्ल्याक होलभित्र के छ त ? कतै ब्ल्याक होलभित्र ब्रह्माण्डको अस्तित्व त छैन ? यथार्थ रहस्यकै गर्भमा छ । यस विषयमा अझैसम्म वैज्ञानिकहरू निरुत्तर छन् । हुन त आइन्स्टाइनले भनेका छन्– ब्ल्याक होलभित्र स्पेस टाइम नै भिन्न प्रकारको छ, त्यहाँ पदार्थको घनत्व एवम् अन्तरिक्ष र समयको वक्रता अनन्त छ, जसका कारण ब्ल्याक होलभित्र पदार्थहरू हराउन पुग्छन् । खगोल शास्त्रीहरूले ब्ल्याक होललाई पिण्ड, कोणीय गति, वेग र भारमा विभाजन गरी अध्ययन गरेका छन् । यदि कुनै पनि वस्तु अन्तरिक्ष र समयको एकात्मकताका आधारमा 'कालो छिद्र' वा 'कृष्ण विवर' भित्र हरायो भने ह्वाइट होलको विपरीत काल मानिन्छ । फलतः ब्ल्याक होल र ह्वाइट होलको समन्वयबाट वार्म होल निर्माण हुन पुग्छ । यस्तो अवस्थाले समय यात्रालाई समेत सम्भव तुल्याउँछ । ताराहरूको गुरुत्वाकर्षणीय विलयबाट नै ब्ल्याक होलको निर्माण हुन पुग्छ ।

ओजोन तहको प्रभाव

ओजोन अक्सिजन परमाणुका बहुरूपीय अवस्थामध्ये एक हो । माथिल्लो वायु मण्डलमा ओजोनको उत्पादन सौर्य परावैजनी किरणद्वारा अक्सिजनको प्रकाश विच्छेदनको प्रक्रियाबाट हुन्छ भने तल्लो वायु मण्डलमा नाइट्रोजन अक्साइडको उपस्थितिमा मिथेन, कार्बन मोनोअक्साइड तथा हाइड्रोजनको अक्सीकरणद्वारा हुन्छ । माथिल्लो वायु मण्डल तहमा सामान्य अक्सिजनमाथि हुने परावैजनी किरणको क्रियाकलापका कारणबाट पनि ओजोन बन्ने गर्दछ । समुद्र सतहदेखि करिब २५ कि.मि. को उचाइमा यसको अधिकतम मात्रा हुने हुँदा त्यहाँ यसको एउटा घेरा वा तह नै बनेको हुन्छ । यस घेराले सौर्य विकिरणलाई अत्यधिक अवशोषित गर्दछ र परावैजनी किरण सोझै पृथ्वीमा आइ पुग्न पाउँदैन । फलतः यसले वायु मण्डलमाथि बिछ्याइएको एउटा कम्बलको जस्तो काम गरी पृथ्वीलाई बचाउँछ, किनभने यदि परावैजनी किरण सोझै पृथ्वीमा आउने हो भने यहाँ भएको जीवन त्यसबाट अत्यन्तै प्रभावित हुने छ; फलस्वरूप छालाको अर्बुद, आँखाको दृष्टिदोष र वनस्पति जगत्को क्षयका साथै वंशगुण र कोषहरूलाई सन्तुलनमा राख्ने जीवाणु (डी.एन.ए.) समेत नराम्ररी प्रभावित हुन पुग्छ । यस बाहेक सूर्यको परावैजनी किरण सिधै पृथ्वीमा छिरेमा भूमण्डलीय जलवायुमा समेत ठुलो परिवर्तन आउँछ भनेर वैज्ञानिकहरू एकमत छन् । यही कारणले गर्दा वायु मण्डलको यस भागमा ओजोन तह हुनुको अत्यन्त ठुलो महत्त्व छ तर दुखको कुरो के छ भने ओजोन तह ठाउँ ठाउँमा फाटेर पृथ्वीलाई बचाउने कम्बलमा प्वालैप्वाल परि सकेको छ । अन्टार्कटिका र ग्रिनल्यान्डमाथिको ओजोन तह च्यातिएको तथ्य पहिले नै प्रकाशमा आइ सकेको थियो । हालैको जानकारी अनुसार कतिपय विकसित राष्ट्रका आकाशमा पनि ओजोन तह च्यातिएको आशङ्का बढि रहेको छ । यदि ओजोन तह च्यातिने यो प्रक्रिया बढि रह्यो भने कल्पनै गर्न नसकिने गरी पृथ्वीबाट जीवजन्तुको अस्त हुने सम्भावना छ । यस्तो बीभत्स सम्भावनालाई पनि सुविधा भोगी पश्चिमी मुलुकहरूको जीवन शैलीले प्रोत्साहित गरि रहेको छ । वैज्ञानिकहरूका अनुसार वायु मण्डलमा निरन्तर रूपमा मिल्काइने गरेका यौगिकहरूमध्ये ओजोनको तहलाई च्यात्ने काममा सक्रिय भूमिका खेल्ने वस्तु चाहिँ क्लोरोफ्लोरो कार्बन (सी.एफ.सी.) हो । संसारमा यस ग्याँसको प्रयोग सन् १९३० पश्चात् बृहत् रूपमा गरिन थालिएको हो । यस ग्याँसलाई प्रशीतन (रेफ्रिजरेसन) का अतिरिक्त रङ रोगन तथा कीट नाशक कार्यका साथै वातानुकूलनमा प्रमुख रूपले प्रयोग गरिने भए तापनि डनलप र फोम (गद्दा) बनाउने कारखानाबाट त यसको उत्पादन झन् बढ्यो र त्यो ग्याँस वायु मण्डलमा थुप्रिँदै गयो । यसरी बृहत् रूपमा वायु मण्डलमा थुप्रिएको सी.एफ.सी. ग्याँस नै पृथ्वीको माथिल्लो वायु मण्डलको ओजोन तह विनाशका लागि जिम्मेदार छ भन्ने वैज्ञानिकहरू वकालत गरि रहेका छन् । उनीहरूका अनुसार सी.एफ.सी. ग्याँसलाई वायु मण्डलमा घनीभूत बनाउने मानव क्रियाकलापमध्ये एरोसोल छर्काइले १५%, वातानुकूलनले २०%, सफाइ साधनले २४% र फोमको निर्माणले २४% जिम्मेवारी लिने गर्दछन् ।

पर्यावरणको प्रभाव

हामीले नेपालको हावापानीको उपेक्षा गर्‍यौं भने अतीतदेखि वर्तमानसम्म नेपाल निर्माणका क्रममा एक महत्त्वपूर्ण कारकका रूपमा रहँदै आएको पर्यावरणको भूमिकाको समष्टि मूल्याङ्कन कहिल्यै गर्न सक्तैनौं । हावापानीका घटकहरूमा मनसुन र उष्ण कटिबन्धीय उष्णता महत्त्वपूर्ण मानिन्छन् । मनसुनको वेगलाई छेक्न सफल विशाल हिमालयको पाखाको परिणामस्वरूप नेपालको उच्च प्रदेशको पश्चिमी आधा भाग ठन्डा र शुष्क बन्न पुगेको छ; किनभने मर्स्याङ्दी र बुढी गण्डकी नदीले काटेका प्रवेश घाँटीहरूले मनसुनका भारी बादलहरूलाई नेपाल तिब्बत सिमानासम्मै धावा गर्ने सुविधा

दिएका छन् । हावापानीको हिसाबले यहाँको होचो भूमि पनि आर्द्र रहेको पाइन्छ; यद्यपि वर्षको आधाजसो याममा यहाँ पनि मुख्यत: शुष्क ऋतुले प्रभुत्व जमाएको छ । अन्दाजी १२०० मिटरभन्दा मुनि लेटराइटद्वारा निर्मित रातो माटाको बनोट र वनस्पतिले नेपालको यस होचो भागमा उपोष्ण हावापानी रहेको तथ्य निर्दिष्ट गर्दछ । नेपालको इतिहासमा यस होचो भाग वा तराईको भूमिका एकदम स्पष्ट रहेको छ । हावाको अनुकूल बहाबतिर कोल्टिएको भूस्थिति र उष्ण कटिबन्धीय तापले गर्दा तराई भाग तातो र आर्द्र मात्रै होइन, आफ्ना अस्वस्थकर वातावरणका निमित्त पनि नामी छ । तराईको धेरैजसो भाग अस्तिसम्म अनकन्टार जङ्गल, घाँसे मैदान र जङ्गली जनावरहरू बस्ने वास बनेको थियो । पूर्वी एसियामा प्रसिद्ध ठुलठुला जनावरहरूको सिकार खेल्ने स्थानहरूमध्ये एउटा स्थान यो पनि थियो । यहाँ राजा र रजौटाहरू धुमधामसँग सिकारको आयोजना गरेर आनन्द मनाउँथे । वर्षा ऋतुमा 'औलो' भन्ने डरलाग्दो मलेरिया ज्वरोले धेरैलाई सताउँथ्यो । इस्ट इन्डिया कम्पनीका सैनिकहरू उन्नाइसौँ शताब्दीको सुरुमा नेपालसितको लडाइँमा यही औलोको महामारीले ध्वस्त पारिएका थिए । तसर्थ चुरे वा सिबालिकको भिरालो पाखाले मात्र होइन, अस्वस्थकर तराई क्षेत्रले समेत खास नेपाललाई आक्रामकहरूको हाँकबाट रक्षा गरेर नेपालीलाई जोगाएको कुरा स्पष्ट छ ।

पुच्छ्रेतारा

प्राचीन समयदेखि नै पुच्छ्रेतारालाई पृथ्वी र पृथ्वीवासीहरूमा आउने अनिष्टताका पूर्व सूचक र विपत्तिका द्योतक आकाशीय पिण्डका रूपमा हेर्ने गरेको पाइन्छ । यो अवधारणा अझै पनि विभिन्न समाजमा विद्यमान छ । विश्वमा धेरै अगिदेखि नै मानवले पुच्छ्रेताराहरूको अवलोकन गर्दै आइ रहेको ज्ञात भए तापनि सन् १७०५ मा हेलीको बृहत् अनुसन्धानको परिणाम स्वरूप नै पुच्छ्रेताराहरू अनिष्टताका पूर्व सूचक होइनन् र यिनीहरू पनि सौर मण्डलमा अवस्थित अन्य पिण्डहरू जस्तै सामान्य पिण्ड छन् त्यसैले सूर्यलाई एउटा निश्चित अवधिमा परिभ्रमण गर्ने पिण्डहरूका रूपमा पुछ्रे तारालाई लिन थालियो । यसरी पुच्छ्रेताराका बारेमा जे जस्ता अनुश्रुतिहरू रहेका भए पनि वैज्ञानिक विकासको क्रमसँगै यी भनाइहरू अन्ध विश्वासमा परिणत भइ सकेका छन् । वास्तवमा पुच्छ्रेतारा कुनै विशिष्ट आकार नभएको हिमकण एवम् विविध ग्याँसहरू तथा अवाष्पशील पदार्थहरूका ठोस कणहरूको समूहद्वारा संरचित एउटा फोहोर हिमपिण्ड नै हो भन्ने तथ्य प्रमाणित भइ सकेको छ । आफ्नो कक्षमा परिभ्रमण गर्ने क्रममा सूर्यदेखि निकै दूरीमा रहँदा ब्रह्माण्डको शून्यताको चिसोमा जमेको पुच्छ्रेतारा शिर र पुच्छर विहीन प्रकाशयुक्त एउटा जगमगाउँदो विन्दुका रूपमा देखिन्छ । तर सूर्यको समीपमा आइ पुग्दा यसको सतह तात्न पुगी यसमा निहित हिमराशि, ग्याँसहरू एवम् विद्युतीय कणहरू वाष्पका रूपमा पग्लन्छन् । त्यसपछि यसको शिर मात्र दृष्टि गोचर हुन थाल्दछ र सूर्यको विकिरण र सौर आँधीका चापले गर्दा वाष्पित हिमकण तथा ग्याँसहरू सूर्यको विपरीत दिशातिर फैलिन थाल्दछन् । यसबाट लामो पुच्छर जस्तो आकृति निर्माण हुन पुग्दछ । यो पुच्छर जस्तो आकृतिले गर्दा नै पुच्छ्रेतारा भनी यसको नामकरण गरिएको हो । बार तेर वर्षजति पहिले नेपाली आकाशमा देखिएको 'हेली' पुच्छ्रेतारा जस्तै पुच्छ्रेताराहरू समय समयमा हाम्रो सौर मण्डलमा देखा पर्दछन् । कुनै पुच्छ्रेतारा छोटो अवधिमा सौर मण्डलमा प्रादुर्भाव हुन पुग्दछन् भने कुनै अत्यधिक लामो अवधिमा मात्र उपस्थित हुन्छन् । कुनै कुनै त एकपल्ट सौर मण्डलमा आएर फेरि कहिल्यै पनि नफर्किने हुन्छन् । अत्यधिक प्रकाशवान् एवम् बृहत् तथा विश्वमा नै अति चर्चामा रहेको पुच्छ्रेतारा हेल अप पहिलो पटक सौर मण्डलमा आइ पुग्दा विश्वका वैज्ञानिकहरू, अन्तरिक्ष अन्वेषकहरू र खगोलविद्हरू त्यस आकाशीय पर्यटकको अध्ययन गर्नमा व्यस्त देखिन्थे । तिन हजार वर्षको लामो अन्तरालपछि उक्त बृहत् आकाशीय यात्री पुन: सौर मण्डलमा उपस्थित हुन पुगेको विश्वास गरिन्छ ।

पत्रकारिता

पत्रकारिता सूचना र सञ्चार हो किनभने यसले विश्वका कुनै पनि घटनालाई सीमित शब्द, ध्वनि, तस्बिर वा दृश्यमा छनोट गरेर सधैं नयाँ कुरा जान्न चाहने वा जिज्ञासा शान्त पार्न उत्सुक रहने मानवीय स्वभावलाई सन्तुष्ट पार्न विभिन्न प्रविधिको प्रयोग गरी नियमित रूपमा जन मानसमा सन्देश प्रवाह गर्ने प्रक्रियालाई जनाउँछ । पत्रकारिताले सूचना

सङ्कलन, सम्पादन, प्रस्तुतीकरण, प्रसारण वा वितरण गर्ने सबै प्रक्रियालाई समेट्छ । समाजलाई सुसूचित गर्ने, शिक्षित पार्ने, अभिप्रेरित गर्ने र मनोरञ्जन दिने काम पत्रकारितालेे गर्दछ । पत्रकारितालेे समाजका हरेक गतिविधिलाई नियालि रहेको हुनाले यसलाई समाजको ऐना पनि भनिन्छ । राज्यका तिन प्रमुख अङ्गले आआफ्नो क्षेत्राधिकारमा रहेर राष्ट्रको सेवा गरि रहेका हुन्छन् तर ती सबैलाई पत्रकारितालेे निगरानी गर्ने हुनाले यसलाई राज्यको चौथो अङ्ग मान्ने गरिएको छ ।

प्रविधिका हिसाबले छापा, रेडियो, टेलिभिजन र अनलाइन पत्रकारितामा वर्गीकरण गरिएको छ, जसमा माध्यमको प्रकृति र चरित्र अनुसार सन्देशको उत्पादन गरी प्रकाशन वा प्रसारण गरिन्छ । विषय वस्तुका आधारमा गरिएको वर्गीकरणमा शान्ति, संसद्, अदालत, विकास, वातावरण, सूचना प्रविधि, अर्थ, खेलकुद, मनोरञ्जन लगायतका पर्दछन् । खोज अनुसन्धानात्मक वा विकास पत्रकारिता प्रक्रियागत हुन्छन्, जसको ठोस तथ्य लामो अध्ययन र अनुसन्धानपछि सार्वजनिक गर्न सकिन्छ । त्यसै गरी निर्दिष्ट लक्ष्य प्राप्तिका लागि पनि पत्रकारिताको अभ्यास हुने गरेको छ । अन्य राष्ट्रमा त्यति प्रचलित नभएको अभियान (मिसन) पत्रकारिता निश्चित उद्देश्य प्राप्तिका लागि निर्देशित हुन्छ ।

विषय वस्तु, प्रस्तुतीकरण, शैली र लक्ष्यका आधारमा पत्रकारिताको विभाजन गरिएको छ । सञ्चार माध्यमले कुनै न कुनै स्वरूपमा यिनीहरूको अभ्यास गरि रहेका हुन्छन् । व्यक्तिगत चरित्र हत्या गर्ने नियतले सूचनालाई सनसनीपूर्ण र अतिरञ्जित शैलीमा प्रस्तुत गर्ने पीत पत्रकारिता, अप्ठ्यारो अवस्थामा पारेर बोल्न बाध्य पार्ने एम्बुस पत्रकारिता, सर्व साधारण जो कोहीबाट पनि गरिने ब्लग वा नागरिक पत्रकारिता, पुरानो शैली छोडेर भिन्न शैलीको लेख्ने कला विकास गरिएको नयाँ पत्रकारिता, नियतपूर्वक चोट पुऱ्याउने वा आश्चर्यमा पार्ने स्टिङ पत्रकारिता आदि नेपाली पत्रकारिता जगत्मा प्रचलित छन् ।

पर्यटन वर्षको आयोजना

शिरताजको रूपमा हिमरत्नले सजिएको राष्ट्र नेपाल आफ्नो अनुपम प्राकृतिक तथा सांस्कृतिक सम्पदाका कारण पर्यटन उद्योगका लागि सशक्त भूमि बन्न सक्ने देखिन्छ । प्रचार प्रसारविना यस उद्योगको भविष्य अँध्यारोतिर धकेलिन सक्ने यथार्थलाई पनि नकार्न सकिन्न । पर्यटन प्रवर्द्धनका लागि देशका ऐतिहासिक, भौगोलिक, सांस्कृतिक एवम् विभिन्न नेपाली कला कौशल झल्काउने खालका स्तरीय पोस्टर एवम् पत्र पत्रिका विश्वभर फैलाउनु पर्दछ । यसका साथै पर्यटक स्वयम् पनि प्रचार प्रसारको सबल माध्यम बन्न सक्ने यथार्थको आधारमा उनीहरूको सन्तुष्टि नै पर्यटन उद्योगको सफल सम्भावनाका लागि प्रथम भरोसा मान्न सकिन्छ । यसका लागि सेवा भावनाले प्रेरित हुँदै होटलहरूको शुल्कभन्दा सुविधालाई ध्यानमा राखेर गुणात्मक कार्य सञ्चालन गर्नु वाञ्छनीय देखिन्छ । त्यसै गरी निजी क्षेत्रमा सञ्चालित नेपालका ट्राभल एजेन्सी र ट्रेकिङ व्यवसायीहरूले पनि स्वस्थ प्रतिस्पर्धाका साथ आफ्नो उद्यमशीलता बढाउनु पर्ने देखिन्छ । पर्यटन विकासमा यातायातको भूमिका पनि निकै महत्त्वपूर्ण मानिन्छ । नेपाल भूपरिवेष्टित मुलुक भएकाले यो देश जल यातायातको सुविधाबाट वञ्चित छ । यही तथ्यलाई हृदयङ्गम गरी हामीले पर्यटन प्रवर्द्धनका लागि वर्तमान मानव जीवनको महत्त्वपूर्ण आधार यातायातको प्रबन्ध सुव्यवस्थित र सङ्गठित रूपबाट गर्नु अनिवार्य हुन्छ । यिनै कुरालाई साकार रूप दिन नेपालले पनि पर्यटन वर्षको आयोजना गरेको छ । आन्तरिक तथा बाह्य पर्यटनका माध्यमबाट देशको आर्थिक उन्नतिमा टेवा पुऱ्याउने काम हुन सके पर्यटन वर्ष सार्थक हुन सक्ने देखिन्छ ।

आनुवंशिक अभियान्त्रिकी

विज्ञानको उन्नतिले मानव समाजलाई सभ्यताको शिखरमा पुऱ्याउन ठुलो योगदान दिएको छ । उन्नतिको क्रम कहिल्यै रोकिँदैन, कहिल्यै तोडिँदैन । विज्ञानका क्षेत्रमा नयाँ नयाँ खोजहरू भइ रहेका छन्, नयाँ नयाँ उपलब्धिहरू प्राप्त भइ रहेका छन् । जीवन अहिले बढी संश्लिष्ट तर बढी सुविधायुक्त हुँदै गइ रहेको छ । केही हदसम्म मानिसले प्रकृतिलाई बुझ्न सफल भएको छ भने अझ धेरै हदसम्म बुझ्न बाँकी पनि छ । अब त प्रकृतिका गल्तीहरूलाई उसको पिँधसम्मै पुगेर त्यसलाई सच्याउने काममा पनि वैज्ञानिकहरू लाग्न थालेका छन् र उत्साहजनक सफलता पनि प्राप्त गरेका छन् । आनुवंशिक अभियान्त्रिकी (जिनेटिक इन्जिनियरिङ) का क्षेत्रमा पाएको उपलब्धिले नयाँ आशा र नयाँ परिणतिहरूका साथै नयाँ आशङ्काहरू पनि जन्माएको छ ।

जीवका कोषिकाहरूमा रहेका गुणसूत्रहरू र ती गुणसूत्रहरूका मूल सङ्घटक डी. एन. ए. का एकाइहरूको परिचालन, शल्यक्रिया र प्रतिरोपण आदि आनुवंशिक अभियान्त्रिकीका आधारभूत प्रविधि हुन् । आनुवंशिक सूचनाहरू डी. एन. ए. का अणुहरूमा अवस्थित छन् । ती सूचनाहरू बोकेका डी. एन. ए. का अणुहरूलाई हटाउने, प्रतिरोपण गर्ने वा अन्य इच्छित सूचनाका अणुहरूबाट विस्थापित गरी परिवर्तित सूचनाहरूलाई स्थायित्व प्रदान गर्ने आनुवंशिक अभियान्त्रिकीको यो महत्त्वपूर्ण प्रविधि हाल अत्यन्त लोकप्रिय हुन थालेको छ ।

न्युक्लियोटाइडहरूका लामा लामा मालाहरूमा कहिले काहीं कहीं कहीं त्रुटियुक्त अंशहरू हुन सक्छन् । त्यस्ता न्युक्लियोटाइडहरूका कारण जीवहरूमा खराबी देखा पर्न सक्छ । आनुवंशिक गुणको असामान्य अभिव्यक्तिका कारक तत्त्व न्युक्लियोटाइडका ती त्रुटिहरूलाई सच्याउन डी. एन. ए. को शल्यक्रिया गरी त्रुटियुक्त न्युक्लियोटाइडहरूलाई त्रुटि रहित न्युक्लियोटाइडहरूद्वारा विस्थापित गर्नु पर्दछ । डी. एन. ए. का केही न्युक्लियोटाइडहरूलाई काटेर फाल्ने र त्यसका ठाउँमा अन्य न्युक्लियोटाइडहरू राख्ने कार्यका लागि विकसित प्रविधिले जीव विज्ञान तथा जीव रासायनिक विज्ञानका क्षेत्रमा ठुलो हलचल ल्याएको छ ।

न्युक्लियोटाइडका संरचनामा परिवर्तन ल्याउने क्षमताको विकासले अहिले उपलब्ध औषधीबाट निको हुन नसक्ने आनुवंशिक रोग बोकेका धेरै बिरामीहरूलाई एक दिन ती रोगहरूको उपचार सम्भव हुने छ भनेर आश्वस्त पारेको छ । यस प्रविधिको उपलब्धिले रोगका उपचारका अतिरिक्त अन्य धेरै क्षेत्र प्रभावित हुने विश्वास बढेको छ । यसले विकसित वनस्पति र विकसित पशुपक्षीहरू जस्तै विकसित मानिसहरूको उत्पादन पनि सैद्धान्तिक रूपमा सम्भव बनाइ दिएको छ ।

अन्न, फलफुल, तरकारी र सुन्दर एवम् सुगन्धित फुलहरूको राम्रो उत्पादनका लागि अत्यावश्यक मल नाइट्रोजन हावाबाट बोटलाई उपलब्ध गराउन पनि यो प्रविधि उपयोगी हुने आशा गरिएको छ । त्यसो त भटमास, सिमी, अन्य दालहरू, अमला, शिरीष आदि जातका बिरुवाहरूमा हावाको नाइट्रोजन माटामा आबद्ध गर्ने प्राकृतिक क्षमता विद्यमान छ । त्यस क्षमताका लागि जिम्मेवार जिन अन्य जातका बोट बिरुवाहरूका डी. एन. ए. मा प्रवेश गराई स्थायित्व प्रदान गर्न सकेको खण्डमा कृषि क्षेत्रमा फेरि एकपल्ट ठुलो क्रान्ति आउने छ ।

आनुवंशिक सूचना बोक्ने न्युक्लियोटाइडहरू अथवा तिनीहरूबाट बनेका जिनहरूमा आफ्नो इच्छा अनुसार कुनै पनि परिवर्तन गर्न वैज्ञानिकहरू सफल भएका खण्डमा तिनीहरू विकसित एवम् लाभदायक वनस्पति वा जीवजन्तु मात्र उत्पादन गर्न सक्षम हुने होइनन् बरु निकम्मा, असामान्य र विनाशकारी जीवहरूको उत्पादन गर्न पनि उनीहरू सक्षम हुने छन् ।

कवित्व शक्ति

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ । सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिँदैन कविले त्यसलाई एकै पङ्क्तिमा अझ राम्ररी भन्न सक्दछ । प्रभातका एकै किरणमा सारा रङ र रूपको कस्तो रमाइलो ढोका उघ्रन्छ । एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ । आमाको एउटै काखमा आशीर्वादका अनन्त फुलहरू फक्रिन्छन् । स्रष्टाको कलाको तेस्रो आँखाले अर्कै रूप र अर्कै अभिप्राय देख्दछ । एक जना अन्तरिक्ष यात्रीले भनेका थिए– यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु त्यसको वर्णन म गर्न सक्तिनँ; यसका निम्ति त कवि नै चाहिन्छ । सृष्टिमा जे जति छ, त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन; परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ । वैशाखी रातमा कुहूकुहू गर्दै कोइली मानौं विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उडे झैं उड्छे र वसन्तलाई बोलाउँछे । बिहानी पख सूर्यका किरणहरू जसरी छिरबिराएर आउन थाल्छन्, त्यसरी नै धोबिनी चरीका कलकण्ठबाट उसका चिरबिर वाणीहरू चिरबिरिन थाल्छन्– जहाँ अरू एक शब्द पनि बोल्न सक्तैनन्; कवि त्यहाँ सहस्र सुन्दर, सहस्र सरल शब्द बोल्न सक्तछ ।

आनुवंशिक अभियान्त्रिकीको प्रक्रिया

मानिसले कृत्रिम तरिकाले सजीव एवम् क्रियागत आनुवंशिक सामग्री अथवा जिन बनाउन सकेको छैन । इच्छित जिन सजीव व्यक्तिको कोषिकामा अवस्थित गुणसूत्रहरूबाटै झिक्नु पर्दछ । जिनलाई हामी देख्न सक्तैनौं । दसौं लाख जिनहरूको

लामो मालाबाट एउटा जिनलाई प्राकृतिक कैँचीले काटेर त्यसको अध्ययन गर्ने र अर्कै जीवको डी. एन. ए. सँग साट्ने काम अब आनुवंशिक अभियान्त्रिकीको प्रविधिले सम्भव बनाइ दिएको छ ।

मानिसमा यस प्रकारको जिन वियोजनका लागि तलको प्रक्रियाको अनुसरण गरिन्छ :

(१) रासायनिक पदार्थको सहायताबाट रगत वा छालाका कोषिकाहरूको घेरा भत्काई डी. एन. ए. लाई स्वतन्त्र पार्ने र कोषिकाका अन्य घटकहरूलाई अपकेन्द्रित (सेन्ट्रिफ्युज) बाट छुट्टचाउने । कोषिकाका घटकहरूमा डी. एन. ए. सबभन्दा गह्रुँगो भएकाले अपकेन्द्रित गरेपछि त्यसका लागि प्रयोग गरिएको टचुबको सबभन्दा तल डी. एन. ए. रहेको हुन्छ ।

(२) त्यसपछि इच्छित जिन ब्याक्टेरियाको डी. एन. ए. मा प्रवेश गराउने । हुन त इच्छित जिन सिधै डी. एन. ए. मा प्रवेश गराउन पनि सकिन्छ । तर पहिले भाइरसको डी. एन. ए. सँग साट्ने र त्यसपछि ब्याक्टेरियाको डी. एन. ए. मा प्रवेश गराउने काम पनि हुन सक्छ ।

डी. एन. ए. ब्याक्टेरियामा प्रवेश गरेपछि यसका जिन ब्याक्टेरियाको आफ्नै अङ्ग बन्न पुग्छ र त्यसबाट ब्याक्टेरिया निर्देशित हुन थाल्छ । डी. एन. ए. का प्रत्येक अंश सहित ब्याक्टेरिया मण्डल (ब्याक्टेरियल कोलोनी) छुट्टाछुट्टै बढ्न थाल्छ र अन्तमा प्रत्येक मण्डलको समान प्रतिलिपि बन्दछ । त्यसपछि नव प्रविष्ट जिन र त्यसका प्रतिलिपिहरूको परीक्षण ब्याक्टेरियाका प्रत्येक मण्डलमा गरिन्छ । अहिलेसम्ममा कार्बोहाइड्रेट, फ्याट र स्टार्चलाई पचाउनका लागि चाहिने इन्सुलिन नामक एक किसिमको प्रोटिन, मासुका कोषिकाहरूमा सबभन्दा बढी सङ्ख्यामा पाइने मायोसिन नामक अर्को प्रोटिन, भाइरसबाट संन्दूषित कोषिकाहरूमा भाइरसको वृद्धि हुन नदिने इन्टरफेरोन नामक कोषिकीय प्रोटिन आदि बनाउने जिन लगायत कैयौँ अन्य जिनको पहिचान भइ सकेको छ ।

डी. एन. ए. स्थित न्युक्लियोटाइडहरूको लामो मालामा इच्छित जिन छुट्टचाउन कहाँनिर काट्ने भन्ने पहिचान गर्नुका साथै त्यसलाई मालाबाट काटेर अलग्याउन पनि एक किसिमको रासायनिक पदार्थ 'रेस्ट्रिक्सन इन्जाइम' लाई प्राकृतिक कैँचीको रूपमा प्रयोग गरिन्छ । त्यसरी छुट्टचाइएका डी. एन. ए. का अंशहरूलाई अर्को डी. एन. ए. सँग जोड्न सकिन्छ र त्यसरी जोड्ने कार्यका लागि 'लिगेज' नामको अर्को इन्जाइम प्रयोग गरिन्छ ।

डी. एन. ए. लाई चाहना अनुसार हेरफेर गर्न प्रयोग गरिने अर्को महत्त्वपूर्ण माध्यम हो 'वेक्टर' (अर्थात् डी. एन. ए. परिवहनको साधन) । वेक्टर डी. एन. ए. कै अंश हुन् र तिनीहरूले आफू बढेको कोषिकाबाट अलग भई स्वतन्त्र रूपमा आफ्ना प्रतिरूप तयार पार्न सक्छन् । उदाहरणका लागि प्लाजमिड, भाइरस आदिलाई लिन सक्छौँ । डी. एन. ए. का कुनै अंश विशेषका धेरै प्रतिलिपिहरू तयार पार्न दिएर यी वेक्टरहरूले अभियान्त्रिकीका लागि यथेष्ट सामग्री उत्पादन गर्न मद्दत पुऱ्याउँछन् । डी. एन. ए. का अंशलाई वेक्टरमा परिणत गर्ने अभियान्त्रिकीकरण प्रक्रियालाई क्लोनिङ (आफू जस्तै असङ्ख्य अणुहरूको प्रतिलिपि निर्माण गर्ने प्रक्रिया) भन्दछन् । कुनै डी. एन. ए. को कुनै अंश विशेषका समान रूपका असङ्ख्य प्रतिलिपिहरू निर्माण गर्ने अर्को नयाँ प्रविधि हो– बहुलक संप्रवाही प्रतिक्रिया *(Polymerase chain reaction)* । यो प्रविधि सरल र छरितो छ र यसमा डी. एन. ए. लाई वेक्टरमा परिणत गर्नु जरुरी छैन ।

गुरुकुल पद्धति

हिन्दूहरूको प्रसिद्ध वैदिक वाङ्मयले हिन्दू शिक्षाको अत्यन्त प्राचीन र गौरवमय परम्पराको पुष्टि गर्दछ । वेद कुनै खास एक दुई व्यक्ति विशेषले मात्र कुनै एक निर्धारित समयमा रचना गरेको ग्रन्थ नभएर लामो समय सङ्कलित र सङ्गठित गरिएको युगीन जीवन पद्धतिको अभिलेख हो । त्यसैले वैदिक युगको सामूहिक शिक्षा, अझ खास गरी मौखिक पठन पाठन गर्ने हिन्दूहरूको प्राचीन पद्धतिबारे पनि वेदले सङ्केत दिन्छ । वैदिक युगमा शिक्षा लिन र दिनमा कुनै प्रकारको भेदभाव थिएन तापनि ब्राह्मण वर्ग नै यस कामका लागि विशेष योग्य ठानिन्थे । अथर्ववेदमा ब्रह्मचर्य आश्रमको महत्त्वको वर्णन गरिएको छ, किनभने यसै अवस्थामा व्यक्तिले विद्याध्ययन गर्नु अनिवार्य थियो । छान्दोग्य उपनिषद्मा अश्वपति कैकेय नामक एक शासकले आफ्नो साम्राज्यमा कोही पनि अशिक्षित नभएको दाबी गरेकाले समाजका सबै वर्गमा शिक्षा अनिवार्य रहेको प्रतीत हुन्छ । उच्च परिवारमा घरमै गुरु राखेर पढाउने पनि चलन थियो । उपनयन संस्कारपछि द्विजहरूले शिक्षा प्राप्त गर्नु अनिवार्य थियो तर अरू वर्णलाई पनि पढ्नमा रोकटोक थिएन । पहिले समाजका चारै वर्ण– ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र

एवम् बालिकाहरूको पनि उपनयन हुन्थ्यो । उपनयनको अर्थ हो सुशिक्षित र सभ्य बनाउनका लागि गुरुको नजिकमा जानु अर्थात् यस संस्कारपछि बाबुआमाले आफ्ना छोराछोरीलाई विद्या आर्जनका लागि गुरुको संरक्षणमा पठाउँथे । पच्चिस वर्षको आयुसम्म ब्रह्मचर्य व्रत पालन गरी अनुशासित जीवन बिताएर उनीहरू शिक्षा प्राप्त गर्दथे । गुरुले भावी जीवनमा आवश्यक पर्ने अनेक गुण र सिपद्वारा आफ्ना शिष्यलाई सम्पन्न बनाउँथे । नम्रता गुण सिक्नका लागि प्रत्येक दिन सबेरै उठेर ब्रह्मचारी भिक्षाटनमा जानु पर्थ्यो । दिउसो गुरुको काम सघाएर पढ्न चाहने विद्यार्थीलाई गुरुले बिहान बेलुका शिक्षा दिन्थे । यसरी गुरुको घरमा सेवारत भएर पढिने शिक्षा पद्धतिलाई गुरुकुल भनिन्थ्यो । यही गुरुकुल पद्धति नै हालका स्कुल, महाविद्यालय आदिको प्रारम्भिक स्वरूप हो भने हुन्छ । पढाइ पुरा गरेपछि समावर्तन (दीक्षान्त) को आयोजना हुन्थ्यो । समर्थहरू मात्र यस अवसरमा गुरुलाई गुरु दक्षिणा दिई गुरुकुलबाट बिदा भई घर फर्कन्थे । ब्रह्मचर्य आश्रममा ऋषिऋण चुक्ता गरेर यी ब्रह्मचारीहरू गुरुको आदेशले गृहस्थाश्रममा प्रवेश गर्न सक्थे । त्यस वेलाका पाठ्य विषयहरूमा वेद, पुराण, व्याकरण, ज्योतिष, छन्द, दर्शन, कला आदि मुख्य थिए । भाषामा संस्कृत प्रमुख थियो । विद्यार्थीलाई उसको वर्णको आधारमा व्यवहारमा काम लाग्ने विषयको शिक्षा दिने चलन थियो ।

मान्छेमा बोलचालको विकास

आदिम मनुष्य बोल्न जान्दैनथे । पुरा पाषाणयुगी मानिसहरूका चित्र पाइएका छन् तर उनीहरूले बोलचाल गरेको र अक्षर लेखेको लक्षण पाइएको छैन । पहिले ती सानसानैले कुरा गर्दा हुन् । सान भाषा स्वर भाषाभन्दा सार्वभौम छ । आर्यहरू, हब्सीहरू, चिनियाँहरू 'आ, जा, नगर, खा, हो, होइन' इत्यादिमा सान भाषा प्रायः एकै रीतले प्रयोग गर्छन् । स्वर भाषामा महाद्वीप जत्रै उनमा अन्तर छ । पहिले पहिले ती भिन्न भिन्न सुरले रागात्मक रूपमा कराई अनुकरण शब्दहरूद्वारा भाव प्रकट गर्दा हुन् । नियमित आकस्मिकताले बोल्ने स्वरनली मानिस, सुगा र मैनाले पाएका छन् । सुगा र मैनाका गिदी चरामध्येमा पनि ज्यादै कम छ । बाँदर र कुकुरले सुगा र मैनाका स्वरनली पाएका भए उनीहरू मानिससित केही बात मार्न सक्ता हुन् । बोलीसित बुद्धिको कति सम्बन्ध छ– बोल्न नसक्नेहरू लाटा नै हुन्छन् । अहिले चिची पनि पापा पनि भने जस्तै गिदी पनि स्वर पनि अथवा भाव पनि भाषा पनि विशेष मात्रामा पाउनाले मानिस चक्रवर्ती भएको छ ।

रासायनिक प्रविधिको उपयोगिता

रसायन शास्त्रको विकासका प्रारम्भिक चरणहरूमा सैद्धान्तिक एवम् प्रयोगात्मक व्याख्या गर्ने क्रममा अनेकौं रासायनिक प्रयोगहरू गरिए । प्रारम्भमा रासायनिक विद्या अभ्यास गर्ने मानिसहरू आधारभूत धातु, जस्तै– फलामलाई सुवर्ण धातुमा परिवर्तन गर्ने प्रयासमा लागेका थिए । त्यसै गरी मानिसहरू अजम्मरी बुटीको खोजीमा पनि लागेका थिए । तर यी दुबै प्रयासहरू पूर्णतः सफल हुन सकेनन् तापनि त्यसै खेर भने गएनन् । यी साध्यहरूको उपलब्धि गराउने कार्यमा संलग्न मानिसहरूले त्यस अवधिमा अँगालेका साधनहरूको माध्यमबाट रसायन विद्यालाई नयाँ मोड दिनमा निकै सफल भए । फलस्वरूप नयाँ पदार्थहरूको आविष्कार हुन सक्यो, यी पदार्थहरू थिए– मदिरा, खनिज, अम्ल (तेजाब), अनेकौं लवणहरू । रसायन शास्त्र आधुनिक समाजमा क्रान्तिकारी परिवर्तन ल्याउनमा निकै सहायक सिद्ध भएको छ । रासायनिक विद्याको अभावमा कृषि, औषधी, जनस्वास्थ्य, उद्योग धन्दा, यातायात, युद्ध सामग्री र खानी सम्बन्धी अनेकौं वस्तुहरूको उत्पादन र विकास प्रायः असम्भव हुन आउँछ । मलखाद, कीट नाशक औषधीहरू, झारपात नाश गर्ने रसायनहरू जस्ता कृषि सम्बन्धी सामग्रीहरूको प्रयोगबाट कृषि उत्पादनमा अभूतपूर्व वृद्धि हुँदै गइ रहेको छ भने उता विभिन्न प्रकारका रोगहरूको निदानका लागि शुद्ध रसायन विद्यामा आधारित सुरक्षित एवम् असरदार औषधीहरू आविष्कार भएका छन् । जनस्वास्थ्यका लागि अति महत्त्वपूर्ण मानिएका पानी र खाद्य पदार्थहरूको गुणात्मकता वृद्धि गर्नमा समेत रसायन शास्त्रको अतुलनीय योगदान रहि आएको छ । रसायन शास्त्रकै विकासबाट विभिन्न उपभोग्य सामग्रीहरू, विलासिताका सामानहरू र युद्ध सामग्रीहरूको आविष्कार भएको हो । आजको युगमा दैनिक प्रयोगमा ल्याइने विभिन्न वस्तुहरू रासायनिक प्रविधिकै कारणबाट मात्र सम्भव हुन गएका छन् र साँच्चै भन्ने हो भने आधुनिक उद्योगहरूको विकास र संवर्धनमा समेत रासायनिक प्रविधि नै मेरुदण्डका रूपमा स्थापित भएको छ ।

अन्तरिक्ष अनुसन्धानका नयाँ प्रविधि

ब्रह्माण्डमा पृथ्वी बाहेक अन्य ग्रहमा पनि प्राणीको अस्तित्व हुनु पर्ने सिद्धान्त वैज्ञानिकहरूले प्रतिपादन गरे पनि यसतर्फका अध्ययन अनुसन्धानले आशाजनक परिणाम दिन नसकि रहेको अवस्थामा अहिले एउटा त्यस्तो नयाँ कुरा अगाडि आएको छ जसबाट वैज्ञानिकहरूको उत्साह बढेको छ । हाम्रो सौर मण्डलका ग्रहहरू जस्ता असङ्ख्य ग्रहहरू ब्रह्माण्डमा हुनु पर्ने अनुमान वैज्ञानिकहरूको छ । तर सौर मण्डल बाहिर अहिलेसम्म फेला परेका ग्रहहरूको सङ्ख्या भने ७८ मात्र पुगेको छ । यीमध्ये कति ग्रहहरू त पृथ्वी जत्रै छन् भने बृहस्पति जत्रा ठुला ग्रह पनि धेरै पाइएका छन् । यस्तै एक ग्रहको वायु मण्डलको रासायनिक संरचना पत्ता लगाउन वैज्ञानिकहरू अहिले सफल पनि भएका छन् । पृथ्वीबाट १ सय ५० प्रकाश वर्ष टाढा रहेको एच डी २०९४५८ नामको एक ताराको परिक्रमा गरि रहेको सो ग्रहको वायु मण्डलमा रहेका अनेक रासायनिक तत्त्वहरूमध्ये वैज्ञानिकहरूले सोडियमको पहिचान गर्न सफलता पाएका छन् ।

अमेरिकाको 'नेसनल सेन्टर अफ एट्मोस्फेरिक रिसर्च' नामक संस्थाद्वारा जारी गरिएको विज्ञप्ति अनुसार संस्थाका वैज्ञानिक टिमोथी ब्राउन र 'क्यालिफोर्निया इन्स्टिच्युट अफ टेक्नोलोजी' का खगोल शास्त्री डेभिड चार्बोनिउले अन्तरिक्षमा रहेको हब्बल टेलिस्कोप मार्फत गरेको अध्ययनबाट उक्त निष्कर्ष निस्किएको हो । हब्बल टेलिस्कोपको स्पेक्ट्रोग्राफलाई सोडियम पत्ता लगाउन सकिने ढङ्गले मात्र बनाइएको र अब यस टेलिस्कोपलाई पृथ्वीमा पाइने अन्य रसायनहरू मिथेन, जलवायु र पोटासियम समेतको खोजी गर्न सक्षम बनाउने योजना रहेको पनि विज्ञप्तिमा उल्लेख छ ।

उक्त ग्रहमा सोडियम पाइएको प्रमाणले मात्र त्यहाँ जीवनको अस्तित्वलाई सङ्केत गर्दैन । तर सौर मण्डल बाहिर अति दूरीमा रहेका कुनै पनि ग्रहको वायु मण्डलमा रहेको रासायनिक तत्त्वको यकिन जानकारी पाउन सकेको भने यो पहिलो पटक हो । साथै वैज्ञानिकहरूले उक्त ग्रहको सतह पृथ्वी जस्तो ठोस नभई बृहस्पति जस्तो ग्याँसैग्याँसबाट बनेको पनि पत्ता लगाएका छन् । हाम्रो सूर्य जत्रै आकारका ताराको परिक्रमा गरि रहेको बृहस्पतिभन्दा केही सानो उक्त ग्रहको तारा परिक्रमा पथ र गति पत्ता लगाएपछि वैज्ञानिक दृश्यले वायु मण्डलको रासायनिक मिश्रण अध्ययन गर्न हब्बल टेलिस्कोपलाई विशेष कोणमा मिलाएका थिए । उक्त ग्रह पृथ्वी र एच डी २०९४५८ ताराको बिचमा परेको समयमा ग्रहको वायु मण्डल छिरेर पृथ्वीसम्म आइ पुगेको ताराको किरणको अध्ययनबाट वायु मण्डलीय संरचना थाहा पाउन सकिएकाले यो प्रविधि ब्रह्माण्डका अन्य ग्रहहरूमा जीवनदायक हावापानीको खोजीका लागि एउटा महत्त्वपूर्ण अध्ययन साबित भएको वैज्ञानिकहरू मान्दछन् ।

वंशानुगत गुणहरूको प्रभाव

पृथ्वीका सम्पूर्ण जीवहरूले 'आफू जस्तै' आफ्नो सन्तानको जन्म दिँदै आएका छन् । उद्भिज (वनस्पति, बिरुवा) होस् वा जीवजन्तु, सबैले जीवनलाई निरन्तरता दिएका छन् सन्तानोत्पादन प्रक्रियाबाट अर्थात् आफू जस्तै आफ्ना सन्तान जन्माएर । मानिसले मानिसलाई नै जन्म दिन्छ; डाँफेले डाँफेलाई; बाघले बाघलाई र माछाले माछालाई । धानबाट धान, केराबाट केरा र लाली गुराँसबाट लाली गुराँस नै पैदा हुन्छ । आमाबाबु दुबै गोरा छन् भने छोराछोरी प्रायः गोरै हुन्छन् । आमाबाबुको कपाल घुम्रेको छ भने तिनका सन्तानको कपाल पनि प्रायः घुम्रेकै हुन्छ । तर आमाबाबुमध्ये एक जनाको घुम्रेको र अर्काको सिधा परेको कपाल भएमा साथै एक जना अग्लो अर्को पुड्को भएमा छोराछोरीहरूमा पनि त्यस्ता गुण वा लक्षण देखिन्छन् । हुन त आमाबाबु दुबै पुड्का भए पनि तिनका छोराछोरीहरू अग्ला हुन सक्छन् । कपालको गुण वा रङ्गको गुणमा पनि फरक हुन सक्छ तापनि आमाबाबुका गुण छोराछोरीमा सर्छन् । आमाबाबुबाट प्राप्त ती गुणहरूमध्ये कुनै प्रकट भएका हुन्छन् कुनै सुषुप्त अवस्थामा पनि रहेका हुन्छन् । वंशानुगत गुणहरूमा समानता कसरी आए र विविधता किन देखा परे भन्नेबारेको ज्ञान आनुवंशिकीको अध्ययनबाट प्राप्त गर्न सकिन्छ । आमाबाबुबाट छोराछोरीमा सरेका तिनै गुणहरू वंशानुगत गुण हुन् ।

सबै किसिमका उद्भिज वा जीवजन्तुमा वंशानुगत गुणहरू त हुन्छन् नै । त्यसका साथै वरपरका वातावरणको प्रभावबाट उत्पन्न गुणहरू पनि ती जीवहरूमा देखा परेका हुन्छन् । वातावरणको प्रभावबाट स्थापित त्यस्ता गुणहरू वंशानुगत गुण सरह आमाबाबुबाट तिनका सन्तानमा सर्दैनन् । जीवहरूका प्रत्येक अङ्ग ससाना कोषिकाहरूबाट बनेका हुन्छन् । मानिसको वीर्य वा डिम्ब पनि त्यस्तै कोषिकाहरूबाट बनेका छन् । ती कोषिकाहरूमा विद्यमान गुणसूत्र (क्रोमोजोम)

हरूमध्ये लिङ्ग निर्धारण गर्ने गुणसूत्र (सेक्स क्रोमोजोम) एक जोडी र अन्य गुणहरू बोकेका २२ जोडी गुणसूत्रहरू हुन्छन् । गुणसूत्रका मूल अवयव डी. एन. ए. (डिअक्सिराइबो न्युक्लिक एसिड) मा ससाना अङ्गहरूको रूपमा न्युक्लियोटाइडहरू हुन्छन् र तिनै न्युक्लियोटाइडहरू विविध गुणहरूको वंशानुक्रमका लागि जिम्मेवार हुन्छन् । एक वा एकभन्दा बढी न्युक्लियोटाइडहरूका सूक्ष्म खण्डहरूलाई जिन भन्दछन् । प्रत्येक वंशानुगत गुण कुनै एक जिन वा एकभन्दा बढी जिनहरूमा अन्तर्निहित हुन्छ । सारांशमा गुणसूत्रमा रहेका एक वा एकभन्दा बढी न्युक्लियोटाइडबाट बनेको जिन नै प्रत्येक वंशानुगत गुणका लागि जिम्मेवार मानिन्छ । तिनै जिनका कारणले सन्तानमा आमाबाबुका गुणहरू देखा पर्दछन् अर्थात् वंशानुक्रमको प्रक्रियाद्वारा जीवले निरन्तरता प्राप्त गर्दै आइ रहेको हुन्छ ।

आनुवंशिक विज्ञानको प्रयोग कृषि उत्पादनमा वृद्धि ल्याउन र उन्नत जातका अन्न बाली, फलफुल, सागपात आदि एवम् रुख, जडीबुटी तथा अन्य उत्पादनशील उद्भिजहरूको उन्नति र पशुपक्षीहरूको नस्ल सुधारमा अधिकतम रूपमा भएको छ भने मानिसका वंशानुगत गुण तथा रोगहरूबारे जानकारी प्राप्त गर्न र तिनीहरूको निदानको खोज गर्नका लागि पनि यस विज्ञानको प्रयोग भइ रहेको छ । अपराध अनुसन्धानदेखि लिएर रक्त समूह वंशानुक्रमको कानुनी प्रयुक्तिसम्म र मधुमेह, तालु खुइलिने रोग एवम् रङ्गान्ध (हरियो र रातो रङ्ग छुट्टचाउन नसक्ने रोग) को ज्ञानदेखि लिएर विवाह मन्त्रणा तथा आनुवंशिक परामर्शसम्म पनि यस विज्ञानको प्रयोग हुँदै आएको छ ।

डी. एन. ए. चिप्स

आनुवंशिक अभियान्त्रिकी प्रविधि अहिले विकसित अवस्थामा पुगेको छ । कुनै पनि व्यक्तिको स्वास्थ्य सम्बन्धी पूर्ण विवरण एउटा सानो विद्युतीय उपकरणमा कैद गरेर आवश्यकता अनुसार यथार्थ सूचना प्राप्त गर्न सकिने प्रविधि हो । यस उपकरणले हाम्रो व्यक्तिगत आनुवंशिक सामग्रीको विस्तृत नक्सा तयार पार्छ र दसौं हजार जिनहरूलाई एकै समयमा परीक्षण गरेर सम्भावित रोगबारे अग्रिम सूचना उपलब्ध गराउँछ । हामी मुटुको रोग, बाथ, बहुमूत्र र क्यान्सर जस्ता रोगहरूप्रति प्रवृत्त छौं वा छैनौं भन्ने सूचना पनि उक्त उपकरणको सहायताबाट सजिलै प्राप्त गर्न सक्छौं । यसले हामीहरूलाई ती गम्भीर रोगहरू लाग्ने सम्भावनाबाट समयमै सतर्क हुने अवसर दिलाउँछ । वैज्ञानिकहरू अहिले यो उद्देश्य प्राप्तिका लागि मानिसका कोषिकामा हुने करिब एक लाख जिन सहितका डी. एन. ए. को परीक्षण र तिनीहरूको अर्थानुवाद गर्ने काममा व्यस्त छन् ।

यस्तो अत्याधुनिक उपकरणमा प्रयोग हुने मूल औजारलाई 'डी. एन. ए. चिप्स' अथवा 'बायोचिप्स' भन्दछन् । कम्प्युटरमा प्रयोग हुने अति सूक्ष्म सर्किट र स्विचहरू सहितको सिलिकन चिप्स जस्तै डी. एन. ए. चिप्समा डी. एन. ए. का इच्छित अंशहरूलाई निश्चल पारी सिसा वा सिलिकाको पृष्ठमा उपयुक्त रासायनिक पदार्थबाट आबद्ध गरी बनाइएको हुन्छ । डी. एन. ए. का अति सूक्ष्म अंशहरू अत्यन्त साना विन्दुहरूका रूपमा पङ्क्तिबद्ध गरी ती पृष्ठमा राखिन्छन् । डी. एन. ए. का प्रत्येक विन्दुले एक एक वटा जिनको प्रतिनिधित्व गरेको हुन्छ । यद्यपि जिनको पूर्ण अंशलाई डी. एन. ए. चिप्समा राख्न सकिन्छ तथापि कुनै तोकिएको जिनको सबै सूचना समाहित भएको 'ओलिगोन्युक्लियोटाइड' नामको एउटा अझ सानो तर मूल अंशलाई मात्र पनि राख्न सकिन्छ ।

आगामी दिनहरूमा स्वास्थ्योपचारको मुख्य उपाय भनेको रोगहरूको पूर्व निर्धारण र पूर्व सावधानी नै हुने विश्वास गरिएको छ । रोगहरूले सताउनु पूर्व नै डी. एन. ए. चिप्सका माध्यमबाट अग्रिम सूचना पाएर सतर्कता अपनाउने र तोकिएको आनुवंशिक बनावटसँग मिल्ने गरी बनाइ राखेको औषधी सेवन गरी रोग लाग्नै नदिने हुन्छ ।

डी. एन. ए. चिप्सले रोगको पूर्व निदान र औषधीको डिजाइनमा सहयोग पुऱ्याएर औषधी विज्ञानका क्षेत्रमा ठुलो परिवर्तन ल्याउनुका अतिरिक्त कुनै पनि जीवको आनुवंशिक सङ्केत पद्धतिको विस्तृत विश्लेषण गर्नमा पनि ठुलो योगदान पुऱ्याउने कुरामा अब वैज्ञानिकहरू विश्वस्त छन् ।

पृथ्वीको बनावट

हाम्रो पृथ्वी सौर्य परिवारभित्रको एक सदस्य हो । हामीलाई पृथ्वी धेरै ठुलो छ भन्ने लाग्छ । यसलाई मसिना कुराहरूसँग तुलना गर्दा विशाल महसुस हुनु स्वाभाविक हो । विश्वकै सबैभन्दा द्रुत गतिमा दौडने रेललाई पनि यसको एक

छेउबाट अर्को छेउमा पुग्न महिनौं लाग्छ । तर यो त एउटा अत्यन्तै सानो धुलोको कण झैं वायु मण्डलमा झुन्डिएको छ । सूर्य पृथ्वीबाट करोडौं माइल टाढा छ भने अन्य ताराहरू त झन् कति हो कति टाढा !

खगोल शास्त्रीहरू बताउँछन्– हाम्रो पृथ्वी लगायतका अन्य थुप्रै ग्रहहरू धेरै समयसम्म सूर्यकै अंश थिए । अहिले आकाशमा देखिने सूर्य जस्तै त्यस वेला पनि यो विशाल बलि रहेको आगाको डल्लाका रूपमा देखिन्थ्यो । अचानक सूर्यको केही अंश खुकुलो हुन गयो र त्यो अंश उछिट्टिएर वायु मण्डलमा खस्यो तैपनि यिनीहरू आफ्ना पिता (सूर्य) बाट पूर्ण अलग हुन सकेनन् । मानौं, डोरीले बाँधेर झुन्डाइए झैं यिनीहरू वायु मण्डलमा अड्किए र सबैले आआफ्नै अक्षबाट सूर्यको परिक्रमा गर्न थाले । त्यो अनौठो शक्ति जसलाई मैले डोरीसँग तुलना गरें, यस्तो प्रकारको शक्ति हो, जसका कारण ठुला पदार्थले साना पदार्थलाई आकर्षित गर्दछन् भन्ने कुरा पुष्टि हुन्छ । जस्तै : पृथ्वीले पनि यसभित्रका अनेकन् साना पदार्थहरूलाई आफूतिर आकर्षित गर्दै आएको छ ।

यस्तै हाम्रो पृथ्वी पनि सूर्यबाट उछिट्टिएको एक सानो भाग हो । यो पनि सुरुमा सूर्य झैं तातो थियो तर यो सूर्यको एक सानो अंश भएकाले बिस्तारै वायु मण्डलीय वातावरणले गर्दा सेलाउँदै गयो । सूर्य पनि बिस्तारै सेलाउँदै गइ रहेको छ तर यो पुरै सेलाउन करोडौं वर्ष लाग्ने छ किनभने यो पृथ्वीभन्दा धेरै नै ठुलो छ । पृथ्वी तातो भएकाले त्यस वेला यहाँ कुनै पनि जीवित प्राणीहरूको अस्तित्व सम्भव थिएन । जसरी सूर्यबाट टुक्रिएर पृथ्वीको निर्माण हुन गयो, त्यसै गरी पृथ्वीबाट चन्द्रमा बन्यो । धेरै मानिसका विचारमा पृथ्वीबाट चन्द्रमा टुक्रिने क्रममा यसले पृथ्वीमा एउटा विशाल खाडलको निर्माण गरि दियो, जसलाई आज हामी प्रशान्त महासागर भनेर चिन्दछौं, जुन जापान र अमेरिकाको बिचमा पर्दछ ।

बिस्तारै पृथ्वी चिसियो । पृथ्वी चिसिने क्रममा सर्व प्रथम यसको बाहिरी आवरण चिसो हुँदै गयो तर यसको भित्री भाग तातै रह्यो । अहिले पनि ठुलठुला कोइला खानीभित्र प्रवेश गर्दा तातो महसुस हुन्छ । जति तल गयो त्यति नै तातो पाइन्छ । चन्द्रमा पनि पृथ्वी जस्तै चिसिन सुरु भयो र सानो भएकाले त्यसलाई पनि चिसिन धेरै समय लागेन । चन्द्रमा अझ पृथ्वीभन्दा छोटो समयमै सेलायो । चन्द्रमालाई हेर्दा शीतल महसुस हुन्छ । त्यसैले यसलाई 'शीतल चन्द्रमा' भनिन्छ । सायद यहाँको धरातल चट्टान र हिउँले ढाकिएकाले होला !

वायु मण्डलमा रहेको वाष्प तरल पदार्थमा परिणत भयो र पृथ्वीमा वर्षा सुरु भयो । भारी वर्षाका कारण पृथ्वीमा रहेका खाल्डाहरू पानीले भरिए । यस प्रकार महासागरको निर्माण भयो । जब पृथ्वी पूर्ण रूपमा चिसियो, तब यो सजीव प्राणीहरूका लागि बस्न योग्य ठाउँ बन्यो ।

मानवको विकास क्रम

जीवको विकासमा विभिन्न तरिकाले सुधारहरू हुँदै आए; सर्व प्रथम हड्डी नभएका जनावरहरू थिए तर तिनीहरू लामो समयसम्म बाँच्न सक्दैनथे तसर्थ हड्डीको विकास भयो । तिनीहरूको सबैभन्दा पहिले ढाडको हड्डी विकास भयो । हामीले जनावरलाई विभाजन गरेका छौं– हड्डी भएको र हड्डी नभएको जनावर । मानिस र जनावर जुन तिमी वरिपरि देख्छौ, तिनीहरू वास्तवमै हड्डी भएका प्राणी हुन् ।

तिमीले साधारण जनावर देखेका छौ, जस्तै : माछा, जसले फुल पार्छ र त्यतिकै छोडि दिन्छ । तिनीहरूले एक पटकमा हजारौं फुलहरू पार्छन् । फुलको सुरक्षा नगर्ने हुनाले तिनीहरूका धेरैजसो फुलहरू नष्ट हुन्छन् वा अन्य प्राणीले खाइ दिन्छन्; केही मात्र माछाका रूपमा पैदा हुन्छन् तर हामीले केही विकसित जनावरलाई परीक्षण गरेको खण्डमा तिनीहरूले थोरै बच्चा पैदा गरेको भए तापनि तिनीहरूलाई राम्ररी हेरचाह गरेको पाउँछौं ।

कुखुराको पोथीले पनि फुल पार्छ । पोथीले फुललाई शरीरले छोप्छ । यसरी चल्लाको जन्म हुन्छ । चल्ला उत्पादन गरि सकेपछि त्यसलाई केही समयसम्म खाने कुरा खुवाउँछ । जब चल्ला ठुलो हुन्छ तब मात्र पोथीले हेरचाह गर्न छोड्छ ।

स्तनधारी जनावरहरूले फुल पार्दैनन् तर तिनीहरूले फुल आफ्नो शरीरभित्रै राख्छन् र एउटा विकसित बच्चालाई जन्म दिन्छन् । कुकुर, बिरालो, खरायो आदिलाई उदाहरणका रूपमा लिन सकिन्छ । बच्चालाई जन्म दिएपछि यिनीहरूले दुध चुसाउँछन् । यसरी आमाले बच्चालाई राम्ररी स्याहार सुसार गर्छन् । यति गर्दागर्दै पनि यिनीहरूले धेरै बच्चाहरूलाई गुमाउँछन् । जस्तै : खरायोले एक पटक केही सङ्ख्यामा बच्चा जन्माउँछ तर सबै बच्चा बाँच्दैनन् । हात्ती खरायोभन्दा

विकसित जनावर मानिन्छ । यसले एक पटकमा एउटा मात्र बच्चा जन्माउँछ तर खरायोले भन्दा राम्ररी स्याहार सुसार गर्छ, कारण यसले एउटै मात्र बच्चालाई जन्म दिन्छ ।

जनावर जति जति विकसित हुँदै जान्छ, त्यसले त्यति नै विकसित बच्चालाई जन्म दिन्छ । विकसित जनावरमा आफ्ना बच्चाप्रति बढी माया हुन्छ । मानिस सबैभन्दा माथिल्लो दर्जाको जनावर मानिन्छ । त्यसैले बाबुआमाले बच्चाबच्चीलाई राम्ररी पालन पोषण गर्दछन् ।

यस प्रकार मानिसको विकास सर्व प्रथम साधारण जनावरबाटै भएको हो । सम्भवत: पहिलो मानिस अहिले जस्तो विकसित अवस्थाको थिएन; बाँदर र मान्छेको मिश्रित रूप थियो । तिमीलाई जर्मनीको हाइडलबर्गमा एक जना प्रोफेसरलाई भेट्न गएको थाहा छ ? उनले हामीलाई विविध अवशेषहरू र विशेष गरी एउटा पुरानो मानव खप्पर सुरक्षित राखिएको सङ्ग्रहालयभित्र लगेका थिए । आदिम मानवकै खप्पर हुनु पर्थ्यो त्यो । अहिले हामी त्यस खप्परलाई हाइडलबर्ग म्यान भन्छौं, किनभने त्यो खप्पर हाइडलबर्गमै पुरिएको अवस्थामा भेटिएको थियो । वास्तवमा आदिम कालमा हाइडलबर्ग वा अन्य कुनै पनि सहरहरू थिएनन् ।

जब मानवको उत्पत्ति भयो त्यति वेला तिनीहरूका वरिपरि ठुलठुला जनावरहरू पनि थिए । तिनीहरूमा सदैव जनावरको पनि डर थियो । आज मानिस संसारकै शक्तिशाली प्राणीको रूपमा चिनिन्छ र सम्पूर्ण जनावरलाई आफ्नो नियन्त्रणमा राख्न सफल भएको छ ।

वातावरणीय तत्त्वहरू

वातावरण खास गरी सजीव र निर्जीव दुई आधारभूत तत्त्वहरू मिली बनेको हुन्छ । निर्जीव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो तर जीवलाई आवश्यक पर्ने तत्त्वहरू बुझिन्छन् । सजीव तत्त्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठुलठुला जनावरका साथै बोट बिरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ । निर्जीव तत्त्वहरूको निश्चित समानुपातिक संरचना (प्रोपोर्सनल कम्पोजिसन) का आधारमा निश्चित वातावरण तयार भएको हुन्छ । त्यही वातावरण अनुसार सजीवहरूको सृष्टि हुन्छ । त्यसै कारण सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वहरू बिच अदृश्य वा अप्रत्यक्ष किसिमको घनिष्ठ अन्तरसम्बन्ध भइ रहन्छ । यही अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली (इकोसिस्टम) भनिन्छ । यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र (इकोलोजी) भनिन्छ ।

वातावरणीय तत्त्वहरूको समानुपातिक संरचनाका आधारमा पृथ्वीको वातावरणलाई जल, स्थल र वायु गरी प्रमुख तिन भागमा वर्गीकरण गरिएको छ । जलीय वातावरण (अक्वाटिक इन्भाइरोन्मेन्ट) त्यस्तो वातावरण हो जहाँ पानीको मात्रा बढी हुन्छ, जस्तै : ताल, पोखरी, कुवा, खोला, नदी, सागर, महासागर आदि । यस वातावरणबाट जलीय पारिस्थितिक प्रणाली (अक्वाटिक इकोसिस्टम) पनि तयार हुन्छ । वायु वातावरण (एरियल इन्भाइरोन्मेन्ट) त्यस्तो वातावरण हो जसमा हावाको मात्रा बढी हुन्छ, जस्तै : वायु मण्डल । वायु वातावरणमा चराचुरुङ्गी तथा कीट पतङ्गहरूको वातावरण पनि पर्दछ । यिनै वातावरणमा वायु पारिस्थितिक प्रणाली (एरियल इकोसिस्टम) को पनि सिर्जना हुन्छ । त्यस्तै स्थल वातावरण (टेरेस्टियल इन्भाइरोन्मेन्ट) हामी बसेकै ठाउँको वातावरण हो । घर, गोठ, माटो, ढुङ्गा, वन, खेतबारी, घाँसे मैदान, चौर, मरुभूमि र ठुलठुला बस्तीहरू नै स्थल वातावरणसँग सम्बन्धित छन् । यिनै वातावरणभित्र विभिन्न स्थलीय पारिस्थितिक प्रणाली (टेरेस्टियल इकोसिस्टम) स्वतन्त्र रूपमा सञ्चालित भएको पाइन्छ । स्थलीय पारिस्थितिक प्रणाली वन, मरुभूमि तथा घाँसे मैदान जस्ता तिन वटा स्थानीय प्रणालीहरूमा वर्गीकृत हुन्छ । मानिसले प्राकृतिक स्रोतको प्रयोग गरी कृषि वा बाली प्रणाली लगायत ताल वा पोखरी बनाएर माछा पाल्ने जस्ता कृत्रिम पारिस्थितिक प्रणालीको विकास गरेको छ ।

जलीय वातावरणलाई पनि ताजा पानी (फ्रेस वाटर) तथा सामुद्रिक वा नुनिलो पानी (मेरिन वाटर) का पारिस्थितिक प्रणालीहरूमा वर्गीकरण गरेको पाइन्छ । जुन पानीमा सोडियम क्लोराइड लवणको मात्रा हुँदैन त्यस्तो पानीमा सृजित पारिस्थितिक प्रणालीलाई ताजा पानीको पारिस्थितिक प्रणाली भनिन्छ । जस्तै : ताल, पोखरी, कुवा, धारो, इनार, खोला, नदीहरूमा लवणको मात्रा हुँदैन वा धेरै कम हुन्छ । तर सागर तथा महासागरहरूमा लवणको अत्यधिक मात्रा हुने भएकाले

त्यस्तो पानी नुनिलो हुन्छ त्यसैले ताजा पानीको पारिस्थितिक प्रणालीभन्दा भिन्न स्वभावको भएकाले यस्ता वातावरणमा सामुद्रिक पारिस्थितिक प्रणालीको सिर्जना हुन्छ । यिनै पानीका पारिस्थितिक प्रणालीहरूमा पनि अझ अरू वातावरणको सिर्जना भई सूक्ष्म पारिस्थितिक प्रणालीहरूको विकास भएको हुन्छ ।

स्थलीय वातावरणमा सिर्जित स्थलीय पारिस्थितिक प्रणाली मौसमी र भौगोलिक तत्त्वहरूबाट प्रभावित हुन्छ । मौसमी तत्त्वहरू भन्नाले प्रकाश, तापक्रम, सापेक्षित आर्द्रता, वर्षा, हावाको चाप आदि बुझिन्छ । भौगोलिक तत्त्वहरू भन्नाले अक्षांश, पानीढल, भिरालोपन, सामुद्रिक सतहबाट माथिको उचाइ आदिलाई बुझिन्छ । यिनै मौसमी र भौगोलिक तत्त्वहरूबाट प्रभावित भई विभिन्न प्रकारका ससाना स्थलीय वातावरणहरूको सिर्जना हुन्छ । यिनै साना वातावरणभित्र साना स्थलीय पारिस्थितिक प्रणालीहरू सञ्चालित भइ रहन्छन् । वनको पारिस्थितिक प्रणालीका खुला घाँसे चौर तथा कृषि वनका पारिस्थितिक प्रणालीहरूमा धेरै फरक पाइन्छ ।

राष्ट्रिय एकीकरणमा भाषाको भूमिका

भारत र तिब्बतसँग नेपालको व्यावसायिक, सामाजिक, सांस्कृतिक र धार्मिक सम्बन्ध हजारौँ वर्ष अगिदेखि चल्दै आएको हो । बुद्धकै समयदेखि व्यापारीहरूका जमात नेपाल भारत आवत जावत गरेका प्रमाण बौद्ध साहित्य र कौटिल्यको अर्थशास्त्रले दिएका छन् । विभिन्न देशका जनताको आवागमनले भाषिक माध्यमको विस्तार हुँदै गयो । बुद्ध कालतिरै संस्कृत र त्यसका अपभ्रंश पाली, बज्जी, मागधी आदि सम्पर्क भाषाले नेपाल र भारतलाई जोड्न थालेका थिए । अहिलेका नेपाली, हिन्दी, कुमाउनी, गढवाली, अवधी, भोजपुरी, मैथिली, बङ्गाली आदि भाषा संस्कृतबाटै बनेका हुन् । संस्कृत मूलका हुनाले यी भाषा एक अर्का समूहले चाँडै सिकेर परस्पर विचारको आदान प्रदान गर्न सक्छन् । नेपाली भाषाको पुर्ख्यौली खोज्दै जाँदा कर्नाली प्रदेशमा तिन हजार वर्षदेखि विकसित हुँदै आएको खस भाषासम्म पुगिन्छ । जुन भाषा विभिन्न जाति, जनजातिको सामञ्जस्यबाट दसौँ शताब्दीतिर विकासको विशिष्ट चरणमा पुग्यो । त्यस वेलादेखि जुम्लाको सिँजा राज्य विस्तारित हुँदै केदारदेखि काठमाडौँसम्म फैलिने क्रममा त्यस भाषाले पनि त्यसरी विस्तारित भएका क्षेत्रका अनेक जात जातिका बिचमा फैलिने अवसर पनि भेट्टायो र समय समयमा राजकीय भाषाको रूप पनि लियो । त्यसै भाषामा ग्रन्थ, अभिलेख लेखिँदै गए । मुसलमानी आक्रमणबाट बच्ने क्रममा भारतका मैदानी भागबाट शरणार्थीका रूपमा हिन्दू लगायतका विभिन्न संस्कृतिका जातिहरूको ठुलो सङ्ख्या कुमाउँ गढवाल र पश्चिमी पहाडतिर प्रवेश गऱ्यो । त्यहाँ अटाउन नसकेपछि तिनीहरू अझ पूर्वतिर फैलिने क्रममा बागमती, कोसी, मेची हुँदै आसाम, बर्मासम्म पनि पुगे । त्यस अभियानले सिँजाको खस भाषालाई सिङ्गो नेपाल र त्यसभन्दा पूर्वका पहाडी प्रदेशको समेत सम्पर्क भाषा बन्ने अवसर प्रदान गऱ्यो ।

चौधौँ शताब्दीमा सिमरौन गढ राज्यमा मुसलमानी आक्रमण भएपछि त्यहाँको ठुलै जनसङ्ख्या पूर्वी पहाड र बागमती उपत्यकातिर निस्कँदा मिथिला भाषा संस्कृतिको ठुलो प्रभाव बागमती उपत्यका र त्यसको वरपरसम्म पनि फैलियो । सोह्रौँ शताब्दीमा पाल्पाको सेन राज्य पूर्वमा सिक्किमसम्म फैलिँदा खस भाषामा अवधी, भोजपुरी, मैथिली र बङ्गाली समेतको सम्मिश्रण हुन पुग्यो र त्यसबाट वर्तमान नेपाली भाषा मूर्त र सजीव रूपमा विकसित हुँदै आयो । लिच्छविकालीन नेपालमा संस्कृत राजकीय भाषाको रूपमा स्थापित भएकाले यहाँ संस्कृत भाषामा धेरै ग्रन्थ रचिए, अभिलेखहरू लेखिए । लिच्छवि कालमा ब्राह्मी लिपि प्रयोग हुँदै आएकोमा मल्ल कालदेखि देवनागरी लिपि प्रचलनमा आयो । मल्ल कालमा मैथिली भाषाले प्रश्रय पाएपछि साहित्य सिर्जना र शिक्षाको क्षेत्रमा संस्कृत र मैथिली भाषा दुबै प्रचलनमा रहे । खस (नेपाली) भाषा पश्चिमबाट पूर्वतिर फैलिँदा संस्कृतका पण्डित पुरोहितहरूको सङ्गतले परिष्कृत हुँदै र मगर, गुरुङ, तामाङ, नेवार आदि भाषाको मिश्रणले समृद्ध हुँदै आयो । बागमती उपत्यकाको संस्कृत र मैथिलीको सङ्गतले नेपालीले झन् परिष्कृत र समृद्ध हुने मौका पायो । नेपाली भाषा बागमती उपत्यकामा सत्रौँ शताब्दीतिरै लोकप्रिय भइ सकेको प्रमाण राजा लक्ष्मी नरसिंह मल्ल (मृत्यु इ. १६४२) को मखनटोल अभिलेख र प्रताप मल्ल (इ. १६४२–७५) को रानी पोखरी अभिलेखले प्रस्तुत गरेका छन् ।

हरित गृह प्रभाव

वायु मण्डलका नजिक रहेको पृथ्वीको सतह दिउसो तात्ने र साँझ बिस्तारै सेलाउनु निरन्तर प्रक्रिया हो । पृथ्वीको सतह र वायु मण्डलको तल्लो तहमा सूर्यबाट आएका विभिन्न विकिरण जम्मा हुन्छन् । यिनै विकिरणका कारण पृथ्वीको सतह तात्ने र चिसिने कार्य भई पृथ्वीको जीव मण्डलमा विभिन्न असर देखा पर्दछन् । त्यस असरलाई हरित गृह प्रभाव भनिन्छ । हरित गृह प्रभावको प्रत्यक्ष सम्बन्ध तापक्रमसँग रहेको छ । विकिरण थपिने क्रम बढ्दै गएकाले विगत केही वर्षयता पृथ्वीको सतह बिस्तारै तात्दै गएको निष्कर्ष वैज्ञानिकहरूले निकालेका छन् । त्यसैका आधारमा नै सन् १९९५ लाई सबभन्दा तातो वर्षका रूपमा लिइन्छ । बितेको १०० वर्षमा पृथ्वीको भूमध्यरेखीय क्षेत्रमा ०.४५° से. र ध्रुवीय (आर्कटिक) क्षेत्रमा सन् १९६८ देखि यता ५° सेल्सियस तापक्रम बढेको कुरा वैज्ञानिक अनुसन्धानले प्रमाणित गरेको छ ।

वायु मण्डल विभिन्न ग्याँसहरू मिली बनेको हुन्छ । वायु मण्डलमा आयतनका हिसाबले सबभन्दा बढी नाइट्रोजन र अक्सिजन रहेका छन् भने धुलाको कण, जलवाष्प, मिथेन, ओजोन, कार्बन डाइअक्साइड, नाइट्रस अक्साइड आदि नगण्य मात्रामा रहेका छन् । यीमध्ये जलवाष्प, मिथेन, ओजन, क्लोरोफ्लोरो कार्बन, कार्बन डाइअक्साइड, नाइट्रस अक्साइडले हरित गृह प्रभावमा प्रमुख भूमिका खेलेका हुन्छन् । यी ग्याँसहरूलाई समग्रमा हरित गृह ग्याँस (ग्रिन हाउस ग्यास) भनिन्छ । ती ग्याँसहरूमध्ये पनि कार्बन डाइअक्साइड र क्लोरोफ्लोरो कार्बन ग्याँसहरूले हरित गृह प्रभावमा प्रमुख भूमिका खेल्ने कुरा मानिन्छ ।

सूर्यबाट विभिन्न विकिरण आइ रहेका हुन्छन् । तीमध्ये लघु तरङ्गका विकिरण (इन्फ्रारेड रेडिएसन) हरू पृथ्वीका सतहमा आइ पुगेपछि दीर्घ तरङ्गी विकिरण (फार इन्फ्रारेड रेडिएसन) मा बदलिन्छन् । ती दीर्घ तरङ्गका विकिरणहरू परावर्तित भएर अन्तरिक्षतर्फ नै फर्किने गर्दछन् तर वायु मण्डलमा रहेका विभिन्न ग्याँसमध्ये हरित गृह ग्याँसहरू (कार्बन डाइअक्साइड, क्लोरोफ्लोरो कार्बन, नाइट्रस अक्साइड, जलवाष्प, मिथेन, ओजोन आदि) ले ती दीर्घ तरङ्गका विकिरणलाई अन्तरिक्षतर्फ जान रोकी आफैले सोसेर राख्दछन् । यसरी पृथ्वीमा दीर्घ तरङ्गका विकिरणहरू तापको रूपमा वायु मण्डलको तल्लो तहमा थुप्रिन्छन् र तिनले वायु मण्डललाई न्यानो पारी राख्दछन् । यिनै थुप्रिएका विकिरणहरूले वायु मण्डलमा पार्ने विभिन्न असर नै हरित गृह प्रभावका रूपमा देखिन्छ । साधारणत: यो निरन्तर रूपमा चलि रहने प्रक्रिया हो । यसलाई पृथ्वी तात्ने प्रक्रिया पनि भनिन्छ ।

औद्योगिकीकरण नै हरित गृह ग्याँसको प्रमुख स्रोत हो । उदाहरणार्थ आधुनिक कृषि औजार, मोटर गाडी, कल कारखाना आदिमा प्रयोग गरिने पेट्रोलियम पदार्थ तथा कोइलाको प्रयोग नै कार्बन डाइअक्साइडका प्रमुख स्रोतहरू हुन् । यीबाहेक महासागरीय तथा स्थलीय जीवजन्तुहरूको श्वास प्रश्वास प्रक्रियाबाट पनि केही मात्रामा कार्बन डाइअक्साइड वायु मण्डलमा मिसिन्छ । प्राकृतिक रूपमा चलि रहने आँधीबेरी, ज्वालामुखी, भूकम्प, सजीवहरू कुहिने प्रक्रिया लगायत अन्य कार्बनसँग सम्बन्धित विभिन्न कार्यहरूले पनि वायु मण्डलमा कार्बन डाइअक्साइडको मात्रा थप्दछन् । यिनका अतिरिक्त विभिन्न आधुनिक उद्योगहरू, जस्तै : फोम, औषधी, इलेक्ट्रोनिक, उद्योग लगायत ग्याँस लाइटर, अत्तर, रेफ्रिजरेटर, एअर कन्डिसनर आदिबाट क्लोरोफ्लोरो कार्बन वायु मण्डलमा पुग्दछ ।

हरित गृह प्रभावले पृथ्वीको सतह र वायु मण्डल प्राय: तातो हुन्छ । पृथ्वी तात्ने क्रम तीव्र गतिमा भई हिमालय तथा ध्रुवीय क्षेत्रको हिउँ पग्लिने छ । यसरी हिउँ पग्लिँदा बढेको पानीले सामुद्रिक सतहको किनारमा रहेका ठुलठुला बस्तीका साथै जमिनहरू प्राय: डुब्ने छन् र कृषियोग्य भूमिहरू मरुभूमिमा परिणत हुने छन् । यसका अतिरिक्त खडेरी पर्ने, जलचक्रमा परिवर्तन हुने, वन जङ्गलमा डढेलो लाग्ने, आँधी चल्ने, वनस्पति तथा जीवजन्तुहरूका वासस्थानको विनाश हुने क्रम बढी जीवजन्तु र तिनका प्रजातिको तीव्र गतिमा लोप हुने जस्ता दुष्परिणामहरू देखा पर्ने छन् । त्यस्तै पृथ्वीको सतहमा चिसोपन आई हिउँ युग (आइस एज) को प्रवेश पनि हुन सक्दछ । यिनै कारणले पृथ्वीको मौसममा ठुलो सङ्कट देखा पर्ने छ र जैविक विविधतामा पनि ह्रास आउने छ ।

औद्योगिक कल कारखानाको प्रयोग तथा कृषिका आधुनिक औजार निर्माणमा कोइला तथा पेट्रोलियम जस्ता जैविक पदार्थ तथा कार्बनमा आधारित ऊर्जाको प्रयोगमा सीमितता ल्याउनु नै वायु मण्डलमा रहेको कार्बन डाइअक्साइडको मात्रा घटाउने प्रमुख उपायहरू हुन् । यी बाहेक वन जङ्गलको संरक्षण गर्नुका साथै नाङ्गा डाँडाहरूमा वृक्षारोपण गरी वायु मण्डलमा रहेको कार्बन डाइअक्साइडलाई प्रकाश संश्लेषणमा प्रयोग गर्ने पनि अर्को सम्भावित उपाय हो ।

विकास र वातावरणका बिच समन्वय

विकासका माध्यमबाट आफ्नो सामाजिक आर्थिक अवस्था सुधार्न पाउनु मानिसको नैसर्गिक अधिकार हो । यसका लागि प्राकृतिक तथा भौतिक स्रोतको उपयोग गर्नु पर्ने हुन्छ । तर यी स्रोतको अन्धाधुन्ध प्रयोग भएमा निश्चित रूपमा वातावरणीय विसङ्गतिहरू बढ्ने भएकाले स्रोतको उपलब्धता विचार गरी यसको कसरी दिगो उपयोग गर्न सकिन्छ ? त्यसतर्फ पनि ध्यान केन्द्रित गर्नु पर्ने हुन्छ । साथै यी स्रोतको उपयोग गर्दा वातावरणमा प्रतिकूल प्रभाव पार्नु हुँदैन । यस कुरामा स्टकहोम सम्मेलन र ब्राजिलको रियो दि जेनेरियोमा सम्पन्न वातावरण र विकास सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय सम्मेलनहरूमा व्यापक आबाज उठेको थियो र विकास कार्यमा वातावरणीय पक्षलाई एकीकृत गर्दै लैजाने सहमति पनि कायम भएको थियो ।

वातावरणको क्षेत्रमा विकसित र विकासशील राष्ट्रका आआफ्नै प्राथमिकता छन् । अगिल्लो समूहका देशहरू प्रदूषणजन्य समस्याबाट पीडित भएकाले वातावरणीय प्रदूषण कम गर्नेतर्फ बढी क्रियाशील छन् भने पछिल्लो समूहका देशका जनताहरू स्रोतको दिगो उपयोग गरी गरिबी र पछौटेपन हटाउनु पर्ने कुरामा क्रियाशील छन् तर यसका लागि आवश्यक पर्ने वित्तीय स्रोत र प्रविधिको अभावमा आफ्नो स्रोत पनि उपयोग गर्न नसकी गरिब मुलुक अझ गरिब हुँदै गएका छन् । यसरी हेर्दा आज विकसित देशहरू आर्थिक विकासबाट सिर्जित वातावरणीय समस्याबाट पीडित भएका देखिन्छन् भने अल्प विकसित देशका जनता आफ्ना स्रोतको उपयोग गर्न अक्षम भएका कारणबाट सिर्जित वातावरणीय समस्याको जालोमा फसेका छन् ।

पृथ्वीमा आर्थिक विकासका लागि उपयोग गर्न सकिने प्राकृतिक स्रोत गरिब मुलुकमा रहेकाले पश्चिमी राष्ट्रहरू यसलाई साझा सम्पत्तिको रूपमा उपयोग गर्न चाहन्छन् । विकसित राष्ट्रको धारणामा यो कुरा उपयोगी नै होला तर स्रोतको दिगो उपयोग गर्न सघाउ पुऱ्याउने प्रविधि पश्चिमी राष्ट्रहरूमा भएकाले र प्रविधि एवम् तरिकालाई बौद्धिक सम्पत्तिको सीमाभित्र राखी हेर्ने गरिएकाले स्रोतको दिगो प्रयोग गर्ने कार्यतर्फ प्रविधिको सजिलो र कम मूल्यमा हस्तान्तरण हुने कार्यमा शिथिलता आएको देखिन्छ । यस स्थितिले मूलत: गरिब देशमा आफ्नो स्रोतको उपयोग गरी विकास गर्न सक्ने सम्भावनालाई साँघुऱ्याउँदै लगेको छ र अत्याधुनिक प्रविधि भएका मुलुकहरू पनि आवश्यक कच्चा पदार्थको नियमित आपूर्तिको अभावमा अलमलिन पुगेका छन् । यस्ता कुरामा के, कसरी समन्वय ल्याउन सकिन्छ ? यसतर्फ स्रोतका दृष्टिले र प्रविधि सम्पन्न धनी राष्ट्रहरूबिच व्यापक सहमति हुनु आवश्यक छ । परापूर्व कालदेखि अनवरत रूपमा प्राकृतिक स्रोतको संरक्षण गर्नमा समर्पित जनताले यी स्रोतको उपयोग गर्दा न्यायोचित तबरबाट लाभ पाउन सकेमा यिनको संरक्षण र फाइदा दुबै हुन गई दुबै थरी राष्ट्रहरू लाभान्वित हुन सक्छन् ।

नेपाली राष्ट्रियताको विकास

नेपाली राष्ट्रियता कुनै एउटा जाति विशेष, कुनै शक्तिशाली राजा वा लोकप्रिय नेताको बलले स्थापित र विकसित भएको होइन । हाम्रो भूमिले प्रचुर प्राकृतिक सम्पदा, जैविक विविधता, समशीतोष्ण जलवायु र पूर्वी गोलार्द्धको मध्य विन्दुका कारण भौगोलिक विविधता जस्ता विशेषता बोकेको छ । भूगोलको नक्सामा चारैतिरबाट स्केलले नाप्नोस्– हाम्रो देश एसिया, अफ्रिका, युरोप र अस्ट्रेलियाको ठिक मध्य भागमा विश्वको सबभन्दा अग्लो गजुर सगरमाथाको शिर ठाडो पारेर सानदार ढङ्गले उभिएको छ । हाम्रो पूर्वतिर मङ्गोल संसार छ– हेर्नोस्, एकै खाले अनुहार । पश्चिमतिर हेर्नोस्– चुच्चो नाके गोरो संसार, नैऋत्य र आग्नेयमा श्याम वर्णको निग्रो जगत् । दक्षिणतिर हेर्नोस्– द्रविड भूमि । एउटै सानो देशमा चारै प्रजातिको बहरङ्गी, सदाबहार प्रदर्शनी देखाउँछौं हामी । माघको जाडोमा आउनु हुन्छ भने तराईको न्यानो लुम्बिनी र जनकपुर आदिमा स्वागत गर्छौं । गर्मीमा पाल्नु हुन्छ भने माछापुच्छ्रे र सगरमाथाको शीतल काखमा सेवा गर्छौं । अरू जुनसुकै मौसममा आउनु होस्, महाभारत र चुरेका बस्ती र नगरहरूमा सर्वत्र स्वागत छ ।

आठ दश हजार वर्षअघि, जहिले यहाँ राजा, राज्य, सेना र प्रहरी कोही थिएनन्; विश्वका सबै भागबाट घुम्दै फिर्दै मानिस यहाँ आउँथे । मङ्गोलियाको मरुभूमि र तिब्बतका सुक्खा पहाडमा जीविका नचलेर उत्तरका मङ्गोल, हुण, किरात, यक्ष, गन्धर्वहरू हिमालपारिको बस्ती मानिने यस ठाउँमा आइ रहन्थे र यस देशले उनीहरूलाई आश्रय दिइ रहन्थ्यो । अफ्रिकाको सहारा मरुभूमि, अरबको सुक्खा भूमि हुँदै राजस्थानको तातो बालुवा नाघेर यहाँ आउनेले जब सप्तकोसी, सप्त गण्डकी र सप्त कर्नालीका अविरल प्रवाह देख्थे, किन फर्केर जान्थे र उनीहरू ! स्वागत गर्‍यो हाम्रो भूमिले तिनीहरूलाई पनि । अस्ट्रेलियाको मरुभूमि छोडेर आउने आस्ट्रिकहरूले पनि यहाँ आश्रय पाए । लौ भन्नोस्, त्यस कबिलातन्त्री युद्धको युगमा कसले मिलाएर राखे होलान् यहाँ ती अनेक मानव शाखाका बहुरङ्गी मानिसलाई जसका भाषा फरक थिए, वेषभूषा अलग थिए र चालचलन भिन्नै थिए ? कसले सहिष्णुता दर्साएर यहाँ आश्रय दिए होलान् तिनलाई ?

तपाईं हामीले इतिहासमा पढेका छौं– मङ्गोल, हुण र हानका युद्धहरू चल्दा हार्नेहरू हिमालवारि शरणार्थी भई आइ रहन्थे, तिनीहरूलाई नेपालीले आश्रय दिए । यहाँ आई मङ्गोल मगर बने, हुण गुरुङ बने । महाभारत कालतिर भारतमा नाग वंशको संहार अभियान चल्दा वासुकी, कर्कट र काली कबिलाका नागहरू नेपाल आए । नेपालले उनीहरूलाई शरण दियो, शिव वंशले आफ्नो गणमा सामेल गर्‍यो । ल्हासा गोत्री, काशी गोत्री किरातहरू आएर यहीं अटाए । वैशालीका लिच्छवि, भारतका नैयर, कुशी नगरका मल्ल, बङ्गालका सेन, मुगलसँगको युद्धमा थार मरुभूमिबाट भागेका राजपुत महिला ! कसलाई आश्रय दिएन नेपालले ? मुसलमानले जनैटुप्पी काट्न खोज्दा भागेका बाहुन, क्षत्री महाकाली वारिपारिका पुर्बिया र कुमाईंहरू सबैले आश्रय पाउने थलो भयो नेपाल ।

शिव पार्वतीको समावेशी समन्वयकारी दर्शन र संस्कृतिले सबैलाई माया गरी समालेर राखेको मुलुक हो यो । योग, तन्त्र, नाटच र सङ्गीतका प्रवर्तक शङ्करको रुद्र वंशले सबै खाले विरोधी तत्त्वलाई परिवार जस्तै मिलाएर राख्ने अद्वितीय मानवीय भावनाको विकास गरेको थियो । पौराणिक देव दानव असुरहरूका ठुलठुला युद्धलाई शान्ति सम्झौताद्वारा समाधान गर्ने अद्भुत क्षमता थियो शैव दर्शनमा । शिव परिवारमा विरोधीहरूको सहअस्तित्व कस्तो थियो, एक पटक पौराणिक कथामा बनेको चित्र हेर्नोस् त ? पार्वतीको वाहन सिंह र शिवको वाहन साँढे आमुन्नेसामुन्ने बसेका छन् । कुमारको मयूर, गणेशको मुसो र शिवको घाँटीको सर्प कसरी सहअस्तित्वमा रहेका छन् । यही पशुपति दर्शन र संस्कृतिको जगमा उभिएको छ नेपाली संस्कृति । त्यसैले कुनै राजा, राज्य, सेना, प्रहरी र लिखित कानुन आदि कुनै विधि विधान नहुँदा पनि प्राकृतिक आचार संहिता मानेर मङ्गोल, आर्य, आस्ट्रिक, द्रविडहरूका शाखा प्रशाखा यहाँ हजारौं वर्षदेखि मिलेर बसेका छन् । यहाँ एक जातिले अर्को जातिलाई संहार गरेको उल्लेख्य इतिहास छैन । यिनै सांस्कृतिक विशेषताले गर्दा ऋषि गौतम रहुगणले यहाँ शान्ति, स्वस्ति वाचनमा अहिलेसम्म पढिने ऋग्वेदका सयौं ऋचा रचे । यसै भूमिले विश्वका आदि महाकवि वाल्मीकि उब्जायो । यसै माटाले विख्यात दार्शनिक कपिल दियो । यही भूमिले विश्वका सर्वश्रेष्ठ शान्ति प्रवर्तक महान् मानवतावादी गौतम बुद्धलाई जन्मायो ।

त्यसैले अधिकांश नेपालीले शैलपुत्री पार्वती वा सुम्निमालाई आदि माताको रूपमा पूजा गर्छन् । यहाँ आफूलाई महादेवका सन्तान सम्झने मगर, किरात आदि अनेकौं जाति छन् । यहाँ आएका दक्ष प्रजापति खाले केही आर्य मूलका नायकले शिव संस्कृतिलाई उपेक्षापूर्वक चुनौती दिन खोजे तर उनकै सन्तानले विद्रोह गरी शिव संस्कृतिमा आफूलाई समाहित गरे । यसरी हामी सबै जातीय समुदायका नेपाली राष्ट्रिय प्रवाहमा एकताबद्ध भएर सात दशकका सङ्घर्षका शृङ्खला पार गर्दै गणतन्त्र युगमा आइ पुगेका छौं । यसरी हाम्रो राष्ट्रिय एकताको भावधाराले सहिष्णुता, सहभाव र समन्वयको जगमा मौलाउँदै सयौं, हजारौं वर्षको इतिहास रचि सकेको छ ।

नेपाली भाषा फैलिनुका आधार

वैदिक भाषा र संस्कृतिको विस्तार हुनुभन्दा अगि दक्षिण एसियामा द्रविड मूलका भाषा र संस्कृति फैलिएका थिए । सिन्धु नदीको क्षेत्रबाट वैदिक भाषा र संस्कृति प्रबल रूपमा पूर्वतिर फैलिँदै गएपछि द्रविड भाषा र संस्कृति दक्षिण भारत र लङ्कातिर सीमित हुँदै गए । तर यसमा दक्षिण एसियाका पुराना भाषा र संस्कृतिको पनि प्रभाव पर्दै गयो । शिव संस्कृति र वैदिक संस्कृतिको

समन्वय दक्षिण एसियाको सभ्यता र संस्कृतिको विकासमा ज्यादै महत्त्वको ऐतिहासिक फड्को थियो । आगम (शैव दर्शन) र निगम (वैदिक दर्शन) को सम्मिलनबाट यस उपमहाद्वीपमा सिङ्गो विश्वको भन्दा फरक रूपले अनेक तन्त्रमन्त्र, उपनिषद्, दर्शन, योग, आयुर्वेद, धनुर्वेद, स्थापत्य वेद, सङ्गीत, नाटच, कला, विज्ञान, प्रविधि, उद्योग आदिको विकास हुँदै आयो । वैदिक वाङ्मयमा नयाँ नयाँ व्याकरणको विकासबाट संस्कृत परिष्कृत भाषा बन्यो । त्यसकै अपभ्रंशबाट शौरसेनी, पाली, मागधी आदि प्राकृत (जनस्तरमा बोलिने) भाषा विकसित र विस्तारित हुँदै आए । तिनै भाषा विभिन्न क्षेत्रका विभिन्न जातिमा फैलिँदा नेपाली, अवधी, भोजपुरी, मैथिली, बङ्गाली, कुमाउनी, गढवाली आदि स्थानीय भाषाको रूपमा विकसित हुँदै आए ।

जुन वेला अहिलेको नेपाली भाषा कर्नालीको जुम्ला (सिँजा) क्षेत्रको खस समुदायमा जन्मेर विकसित हुँदै थियो, त्यसभन्दा धेरै पहिलेदेखि नेपालको बागमती उपत्यका, तराईका विभिन्न स्थान र पहाडका अनेकौँ ठाउँमा संस्कृत, पाली, बज्जी, मैथिली आदि भाषा बोल्ने मानिस विभिन्न सन्दर्भमा फैलिइ सकेका थिए । मिथिला क्षेत्रमा त ऋग्वेद कालदेखि नै वैदिक सभ्यता आइ सकेको थियो । त्यससित शिव संस्कृति र द्रविड संस्कृति जोडिइ सकेका थिए । नदी, पहाड र हिमाली क्षेत्रमा विविध अन्वेषण र साधनाका निम्ति संस्कृत र पाली जस्ता प्राकृत भाषी विद्वान्, ऋषिमुनि, व्यापारी आदिको आवत जावत चल्दै आएको थियो । बुद्धको समयतिर तराई र पहाडका व्यापारीहरूको आवत जावत चलेको सन्दर्भ प्राचीन ग्रन्थहरूले बताउँछन् । तराई र भारततिरबाट विस्थापित विदेह, शाक्य, बौद्ध, कोलीय, लिच्छवि, मल्ल, सेन, पाल, कर्णाट वंशी आदि जातिहरूले नेपालका पहाडी र हिमाली क्षेत्रसम्म संस्कृत मूलका भाषाभाषीहरूसँग सम्बन्ध जोडि सकेका थिए । त्यसैले कर्नाली प्रदेशतिरबाट खस मल्ल राज्यको पूर्वतिर विस्तार हुँदा संस्कृत मूलका खस भाषाको संस्कृत, पाली, बज्जी, मैथिली, भोजपुरी आदिसित सम्पर्क बढ्दै गयो र पहाडी क्षेत्रमा जन्मेको खस भाषाले सबैतिर प्रभाव जमाउँदै गयो ।

पन्ध्रौँ र सोह्रौँ शताब्दीमा भारतको काशी र कोसल प्रदेशमा मुसलमानी आक्रमण हुँदा हिन्दू समुदायका हजारौँ हजार मानिस कुमाउँ गढवालतिर शरणार्थी बने । त्यहाँ पनि औरङ्गजेवको आक्रमण पुगेपछि शरणार्थी र स्थानीय वासीको ठुलो समूह पूर्वी पहाडतिर बढ्दै गयो । उनीहरूको पूर्वी यात्रा सयौँ वर्षसम्म चल्यो । त्यस यात्राले संस्कृत मूलका भाषा बोल्नेहरूलाई आश्रय स्थलका निम्ति काठमाडौँ, सिक्किम, भुटान, आसाम हुँदै बर्मासम्म पुग्न बाध्य बनायो । यस रूपमा नेपालको तराईतिरबाट विभिन्न पहाडतिर निस्केका राजवंशी, मैथिली, भोजपुरी, अवधी, ब्रज, पैशाची आदि भाषाले नेपाली भाषा निर्माणका निम्ति तानाको काम गरे भने पश्चिमबाट पूर्वतिर फैलिएको खस भाषाले बानाको काम गऱ्यो र सबै मिल्दा क्रमश: नेपाली भाषाको विस्तार र विकास हुँदै गयो । अहिले नेपाली भाषा हिमाल, पहाड र तराईका अधिकांश नेपालीले बुझ्न सक्ने हुनुको पृष्ठभूमि यही हो । नेपाली भाषा विकसित संस्कृत भाषाको सन्तान हुनाले र यसमा संस्कृत मूलका अनेक भाषा साहित्यको मिश्रण र समन्वय हुँदै आएकाले यसले नेपालभित्र मात्र होइन, पूर्वमा सिक्किम, दार्जिलिङ, भुटान, आसाम, मेघालय, नागाल्यान्ड, बर्मा र उत्तरमा तिब्बतसँग पनि फैलिने अवसर पायो । अहिले त यही भाषा बोल्ने कैयौँ नेपाली विश्वभरि फैलिएका छन् । विश्वका अनेकौँ देशका रेडियोहरूले यस भाषामा प्रसारण समेत गर्दछन् । यी सबै तथ्यबाट प्रस्ट हुन्छ, नेपाली भाषा जनतामा कसैले लादेको नभई विभिन्न ऐतिहासिक र वस्तुगत अनुकूलताका कारणले व्यापक रूपमा विकास र विस्तार हुन सकेको हो ।

रिस र ईर्ष्या

रिस कसैमाथि जाइ लाग्ने वा कसैलाई हानि नोक्सानी गर्ने मानसिक प्रतिक्रिया हो । रिसाएको व्यक्ति खतरनाक वा डर लाग्दो हुन्छ । रिस उठ्नाको मूल कारण निराशा हो । व्यक्ति आफ्नो चाहना पूर्ति गर्ने वा आफ्नो लक्ष्य प्राप्ति गर्ने कोसिसमा हुन्छ । लक्ष्य प्राप्तिमा कुनै बाधा उत्पन्न भएमा उसको चाहना पूर्ति हुन सक्दैन र निराशा आउँछ । निराशाले बाधकप्रति वा आफैप्रति रिस उत्पन्न गर्छ । अत: निराश भई रिसाएको व्यक्ति सर्व प्रथम बाधा हटाउन बाधकमाथि जाइ लाग्छ । यसरी जाइ लाग्दा पनि बाधा हट्न सकेन भने झन् अरू निराशा थपिन्छ र आफनै अयोग्यता वा असमर्थतामा रिस उठ्न सक्छ । यस्तो अवस्थामा व्यक्ति दुखी र शोकातुर हुन्छ । ऊ आफूले आफैलाई धिक्कार्दछ । आत्महत्या तथा अन्य आफैलाई कष्ट दिने कार्य यस्तै व्यक्तिबाट नै भएको देखिन्छ ।

मानौँ, कुनै युवक र युवतीबिच माया बस्छ । युवक ब्राह्मण केटो हो तर आर्थिक दृष्टिले कमजोर छ । केटी चाहिँ सम्पन्न परिवारकी छ । दुबैले आपसमा विवाह गर्ने निधो गर्छन् तर दुबैका आमाबाबुले अनुमति दिँदैनन् । फल स्वरूप तिनीहरूको

इच्छापूर्तिमा बाधा उत्पन्न हुन्छ र दुबै निराश हुन्छन् । दुबै आफ्ना आमाबाबुको रूढिवादी विचारदेखि रिसाउँछन् । डर, धम्की इत्यादि देखाई अनुमति दिन बाध्य गराउने कोसिस गर्छन् । त्यसबाट पनि समस्या समाधान नभए झन् रिस उठ्छ र घरबाट भाग्ने कोसिसमा लाग्छन् । लुसुक्क भाग्ने कोसिसमा लागेको चाल पाएपछि केटीका आमाबाबुले छोरीमाथि बढी निगरानी राख्छन् र परिबन्दमा पारी अर्कै केटासँग विवाह समेत गराइ दिन सक्छन् । यसरी आफूले खोजेको लक्ष्य प्राप्त गर्न असमर्थ हुँदा निराशा र रिस झन् बढ्छ तर यो रिस कसैमाथि पोख्न सक्दैनन् । अब बाधक वस्तुप्रति व्यक्त हुन नसकेको रिस व्यक्तिले आफैमाथि पोख्न सक्छ । फल स्वरूप यस्ता निराश युवक युवती आत्महत्या गर्नेतिर समेत प्रवृत्त हुन्छन् ।

अत: चाहना नै दुखको कारण हो । चाहना इच्छा कुनै नभएमा दुख नै हुँदैन । त्यसैले होला गौतम बुद्धले सबै कामनालाई खतम गरी निर्वाणावस्था प्राप्त गर्नु नै शान्तिसुखको मूल तथा अन्तिम उद्देश्य हो भनेका छन् ।

ईर्ष्या पनि रिस जस्तै अरूलाई हानि नोक्सानी गर्ने संवेग हो । ईर्ष्या कुनै व्यक्ति वा समूह विशेषप्रति गरिन्छ ।

ईर्ष्या दुई कारणले उत्पन्न हुन्छ । जब आफूले पाइ आएको वा पाउनु पर्ने सुविधा र हक कुनै अन्य व्यक्तिले पाउँदा आफू वञ्चित भइन्छ, त्यस वेला ईर्ष्या उत्पन्न हुन्छ । जस्तै : कक्षामा केही वर्षदेखि भइ आएको मनिटर हटाई अर्को मनिटर हुन आएमा उसलाई ईर्ष्या हुन्छ । कहिले काहीँ आफूले चाहेको कुरा अरूले पाउँदा पनि ईर्ष्या हुन्छ । कुनै साथीले परीक्षा, धन सम्पत्ति, खेलकुद इत्यादिमा आफूलाई उछिनी अगाडि बढेको देख्दा ईर्ष्या हुन्छ । ठुलो ओहदामा बस्ने धनी व्यक्ति तथा कक्षामा राम्ररी पढ्ने विद्यार्थी आदिलाई धेरैले ईर्ष्या गर्दछन् ।

ईर्ष्याको साधारण प्रतिक्रिया ईर्ष्या गरिएको व्यक्तिको कुभलो खोज्ने र हानि नोक्सानी गर्न खोज्ने हुन्छ तर ईर्ष्यालाई विकासको काममा पनि लगाउन सकिन्छ । ईर्षित व्यक्तिको हानि नोक्सानी गर्ने उत्प्रेरणालाई उसको आफ्नै विकास गर्ने काममा लगाउन सके त्यसबाट व्यक्तिको साथसाथै समाजको समेत भलाइ हुन्छ । जस्तै : अरू प्रथम श्रेणीमा पास भएको देख्दा ईर्ष्या गर्ने विद्यार्थीलाई स्वयम् प्रथम हुन उत्प्रेरित गराउन सके समाजको कल्याण हुने छ । यसै दृष्टिले हाम्रो समाजमा विभिन्न क्षेत्रमा प्रतियोगिता गराइन्छ । प्रतियोगिता गर्दा एकले अरूलाई उछिन्ने उत्प्रेरणा बढी जागृत हुन्छ र देश विकासलाई टेवा मिल्छ । यस्तो ईर्ष्या रचनात्मक ईर्ष्या हो ।

रिस खतरनाक हुन्छ र यसका प्रतिक्रिया विनाशकारी हुन्छन् । यसको रचनात्मक उपयोग गर्न पनि सकिँदैन तर ईर्ष्याको रचनात्मक उपयोग गर्न सकिन्छ ।

जलवायु परिवर्तन

पृथ्वीले आफ्नो कक्षमा गर्ने सूर्यको परिक्रमाले गर्दा यो कहिले उत्तरी कर्कट रेखातर्फ र कहिले दक्षिणी मकर रेखातर्फ नजिक हुने गर्दछ, जसका कारण पृथ्वी कहिले सूर्यको नजिक र कहिले टाढा हुने गर्दछ । यसैको परिणाम स्वरूप साधारणत: पृथ्वीमा विभिन्न ऋतुका साथै हावापानीमा समेत परिवर्तन भइ रहन्छ ।

वायु मण्डलमा रहेका कार्बन डाइअक्साइड सहित अन्य हरित गृह प्रभाव अनुरूपका ग्याँसहरूको परिमाण बढ्नाले नै हावापानी परिवर्तन हुन्छ । बितेका एक लाख ६० हजार वर्षमा भन्दा विगत ३० वर्ष बिच सबभन्दा बढी कार्बन डाइअक्साइड वायु मण्डलमा थुप्रिएको छ । केही समययता प्रतिवर्ष तिन अरब टन कार्बन डाइअक्साइड वायु मण्डलमा थुप्रिने गरेको छ । यस बाहेक मिथेन, नाइट्रस अक्साइड, ओजोन ग्याँसहरूले पनि पृथ्वी तताउने काममा प्रमुख भूमिका खेलेका छन् । यी ग्याँसहरू वायु मण्डलमा तीव्र गतिले थुप्रिने क्रम जारी नै छ । यसरी थुप्रिएका ग्याँसहरूले सूर्यबाट आएका विकिरणहरूलाई सोसी वायु मण्डललाई तताउँछन् । यिनै ग्याँसहरूको प्रतिक्रियाबाट हावापानीमा परिवर्तन आउँछ ।

विश्वको हावापानीमा परिवर्तन आउँदा पृथ्वीको तापक्रम बढ्छ । पृथ्वीको तापक्रम बढेका विभिन्न सङ्केतहरू देखा परि सकेका छन् । यही गतिमा तापक्रम बढेमा पृथ्वीका ध्रुवीय तथा हिमालयको हिउँ पग्लिने छ । परिणाम स्वरूप बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपहरूको सिर्जना हुने छ । साथै अन्टार्कटिकामा युरोपीय देश लक्जमबर्गको क्षेत्रफल बराबरको वर्दी हिउँको पाता बितेका ३० वर्षभित्र पग्लि सकेको छ । अफ्रिकाको सहारा क्षेत्रमा मरुभूमीकरणको तीव्रता आई त्यो पश्चिमतर्फ बढि रहेको छ । अधिकांश अफ्रिकी देशका सुक्खा क्षेत्रहरूमा तापक्रम बढ्नाले सिँचाइको अभाव भई कृषि उत्पादन घटेको छ ।

हावापानी परिवर्तनमध्येको एक प्रक्रियालाई इल निनो भनिन्छ । यसबाट प्रशान्त महासागर क्षेत्र बढी प्रभावित छ । त्यसले नै अस्ट्रेलिया र इन्डोनेसिया लगायत भारतसम्ममा खडेरी पारी तथा अमेरिकाको पश्चिमी तट पेरूदेखि क्यालिफोर्नियासम्म अम्लीय वर्षा गराई स्थानीय मौसममा विविधता ल्याएको छ । यसै प्रक्रियाको परिणाम स्वरूप ब्रुनाइको सदाबहार जङ्गलमा प्रतिवर्ष डढेलो लाग्दछ । पृथ्वी तात्ने क्रममा तीव्रता आएको छ ।

पृथ्वीको तापक्रम बढ्दा हिउँ पग्लिने छ । यसरी हिउँ पग्लेको पानी सागर महासागरमा थपिन जाने छ र सामुद्रिक पानीको सतह बढ्ने छ । यसबाट एसियाको बङ्गालको खाडी, अफ्रिकाको नाइल नदीको खेती योग्य भूमि, युरोपको इटालियन व्यापारिक केन्द्र भेनिस, दक्षिण अमेरिकाको ब्राजिलमा अवस्थित मनोरञ्जन स्थल रियो दि जेनेरियो जस्ता सामुद्रिक तटका जमिनहरू डुब्ने छन् । साथै माल्दिभ्स जस्ता ससाना टापु भएका देशहरूको अस्तित्व नै समाप्त हुने छ । अर्कातर्फ बाँध, नहर, कुलो आदि भत्किएर खाने पानीमा सामुद्रिक नुनिलो पानी मिसिन गई खाने पानीको ठुलो सङ्कट हुने छ ।

जीवहरू तापक्रमसित निकै सम्बन्धित हुन्छन् । तापक्रम घट्ने तथा बढ्ने क्रमको प्रभाव जीवहरूका भौतिक प्रक्रियामा पनि पर्छ । तीव्र गतिमा बदलिएको हावापानीमा जीवहरूका भौतिक प्रक्रियाहरू मिल्न सक्दैनन् । त्यसैले जीवहरू लोप हुने क्रम तीव्र गतिमा बढेको छ । जस्तै : कोस्टारिकाको स्थानीय क्षेत्रमा पाइने लगभग ४० प्रतिशत उभयचरहरू सधैंका लागि लोप भएका छन् । मेक्सिकोको जङ्गलबाट एदिथको चेकस्पोट नामको पुतलीको झुन्ड नै हराएको छ र त्यो क्यानाडाको जङ्गलभित्र फेला परेको छ । दक्षिण अमेरिकाको कोलम्बियामा मलेरिया रोगका वाहक लामखुट्टेहरू २,२०० मिटरसम्म उचाइ भएका स्थानहरूमा समेत देखा पर्न थलेका छन् । ती लामखुट्टे प्रायः १,००० मिटरभन्दा माथिको उचाइमा बाँच्न सक्दैनन् । यसै गरी नेपालका पहाडी भेकहरूमा हिजोआज लामखुट्टे देखा परेको चर्चा सुन्न पाइन्छ । विभिन्न फुलहरू समयभन्दा पहिल्यै फुल्न थालेको अनुभव वनस्पति विज्ञ बताउँछन् । यी सबै परिणामहरू सजीवहरूले बाँच्नका लागि उपयुक्त ठाउँ खोज्ने क्रमका प्रतिफलहरू हुन् । त्यसैले पृथ्वी तात्नाले सजीवहरू आफ्नो वंश जोगाउन ठुलो सङ्कटको सामना गर्दै उपयुक्त वासस्थानको खोजीमा छन् ।

वर्तमान विश्वको हावापानी परिवर्तनबाट पृथ्वीका जीवहरूमा पर्न सक्ने नकारात्मक प्रभावहरू कम गर्नु आजको प्रमुख आवश्यकता हो । त्यसैले विभिन्न कल कारखाना तथा यातायातका साधनहरूमा कार्बन डाइअक्साइड निष्कासित हुने पदार्थको प्रयोग कम गर्न जन चेतना बढाउनु पर्दछ, साथै यसका वैकल्पिक स्रोतको व्यवस्था गर्नु पर्दछ । विश्वको हावापानी परिवर्तनबारेमा भएका अन्तर्राष्ट्रिय सम्मेलनले पारित गरेको आचार संहिता पालन गर्नु पर्दछ । कार्बन डाइअक्साइडलाई नियन्त्रण गर्ने प्रविधिहरूको विकास गरी विश्वको वर्तमान वातावरणीय समस्या कम गराउन निरन्तर रूपमा लागि रहनु पर्दछ ।

ज्योतिष र ज्योतिषी

आकाशमा प्रकाशमान सूर्यादि ग्रह नक्षत्रहरूको अध्ययन गर्ने शास्त्रलाई नै ज्योतिष शास्त्र भनिन्छ । ज्योतिषको मूल स्रोत वेद हो । वेदका षडङ्गहरू शिक्षा, कल्प, व्याकरण, छन्द, ज्योतिष र निरुक्तमध्ये ज्योतिष नेत्र मानिन्छ । सिद्धान्त ज्योतिष, संहिता ज्योतिष र फलित ज्योतिष गरी ज्योतिष तिन किसिमका छन् ।

सिद्धान्त ज्योतिषलाई गणित ज्योतिष पनि भनिन्छ । यसले पञ्चाङ्गको निर्णय गर्दछ साथै सूर्यादि ग्रहरूको राशि भ्रमण, कक्ष प्रमाण, अक्षांश, देशान्तर, अयनांश, ग्रहण आदि विषयहरूको अध्ययन गर्दछ । समष्टिमा सम्पूर्ण खगोल सम्बन्धी वैज्ञानिक अध्ययन गर्ने शास्त्रलाई नै सिद्धान्त ज्योतिष भनिन्छ ।

ज्योतिषका तिन वटै शाखाहरूलाई समावेश गरी विस्तृत रूपमा एकै ग्रन्थमा व्याख्या विवेचन गरिएपछि संहिता ज्योतिष बन्दछ । यसलाई केही पाश्चात्य विद्वान्हरूले लक्षण ज्योतिष (नेचरल एस्ट्रोलोजी) पनि भनेको पाइन्छ । संहिता ज्योतिषमा विशेष गरेर प्राकृतिक लक्षण सम्बन्धी विषयहरूको अध्ययन गरिन्छ । सामान्यतः संहिता ज्योतिषमा ग्रहहरूको भ्रमण, प्रकृति, विकृति, प्रमाण, वर्ण, किरण, उदयास्त, मार्ग, वक्र, युद्ध, समागम आदि विषयका आधारमा फल विवेचन गरिन्छ । त्यस्तै वर्षा सम्बन्धी विचार, परिवेश, उल्का दिग्दाह, भूकम्प आदि विषयहरूको विचार; वास्तु विद्या सम्बन्धी विचार; प्रतिमा लक्षण, देव प्रतिष्ठान, वृक्षायुर्वेद आदि विषयको विचार; भूमि, जल सम्बन्धी ज्ञान गर्ने प्रविधि; विभिन्न

उत्पातका लक्षणहरू सहित फल; पशुपक्षीहरूको शुभाशुभ लक्षण तथा फल; स्त्रीपुरुष शुभाशुभ लक्षण, रत्नहरूको परीक्षण गर्ने प्रविधि, शुभ शकुन विचार आदि विषयहरूको विस्तृत विवेचन यसमा गरिएको हुन्छ ।

भनिन्छ, मानव जीवनमा जन्मदेखि मृत्युपर्यन्त कहिले के हुन्छ भन्ने कुराको रहस्योद्घाटन गर्ने ज्योतिषीय ग्रन्थलाई फलित ज्योतिष भनिन्छ । कतै कतै यसलाई होरा अथवा जातक शास्त्र पनि भनेको पाइन्छ । यो मानव जीवनका साथै समस्त चराचर जगत्को शुभाशुभ फलादेश गर्ने शास्त्र हो । लग्नका आधारमा ग्रहहरूको स्थिति अनुसार शुभाशुभ फलको निर्णय यसले गर्दछ । मानव शरीर पञ्च तत्त्वले बनेको छ, पञ्च तत्त्व ब्रह्माण्डमा विद्यमान छन् । मानव शरीरको सम्बन्ध ब्रह्माण्डसँग रहने भएकाले ग्रह नक्षत्रहरूले मानवलाई प्रभाव पारि रहेका हुन्छन् । यो प्रभावको अध्ययन गर्ने शास्त्र पनि फलित ज्योतिष नै हो भनिन्छ । फलित ज्योतिषका पनि विभिन्न शाखाहरू छन् जस अन्तर्गत हस्तरेखा तथा शारीरिक लक्षण सम्बन्धी अध्ययन गर्ने सामुद्रिक शास्त्र, लग्नका आधारमा फलादेश गर्ने जातक शास्त्र, वर्ष प्रवेशका आधारमा सम्पूर्ण वर्षभरिको शुभाशुभ फल हेर्ने ताजिक शास्त्र, विभिन्न प्रश्नहरूको तत्काल उत्तर दिने प्रश्न शास्त्र, मुहूर्त शास्त्र; केरल, रमल, स्वर, शकुन आदि विषयहरू फलित ज्योतिष अन्तर्गतका विषयहरू हुन् ।

यार्सागुम्बा

हाम्रो मुलुक आकारमा सानो भए पनि जैविक विविधतामा अत्यन्त धनी छ । फेरि पनि 'ह्लासामा सुन छ कान मेरो बुच्चै' भने झैं जैविक विविधताकै कारण नेपालको उच्च हिमाली भेगमा पाइने अरबौं रुपियाँका जडीबुटी ञारपात झैं त्यसै मिल्किएका छन् । कतिपय सन्दर्भमा बाटाघाटाको अभाव, विकट भूबनोट तथा अव्यवस्थाका कारण त्यस्ता बहुमूल्य जडीबुटी त्यसै खेर जाने गरेका छन् । सुदूर पश्चिमी नेपालको हिमाली भेकमा पाइने यस्ता जडीबुटी प्रचलित मूल्यमा सरकारी स्तरबाटै सङ्कलन गरी प्रशोधन वा निकासी गर्ने हो भने राजस्वमा निकै वृद्धि हुने प्रस्टै छ । दार्चुला र बञ्झाङ जिल्लामा मात्र सङ्कलन गरिने अनगन्ती जडीबुटीमध्ये एक यार्सागुम्बाको मात्र प्रचलित बजार मूल्य झन्डै सात करोड रुपियाँ हुँदो रहेछ । यसै हिसाबले पनि बर्सेनि अरबौं रुपियाँका जडीबुटी त्यसै खेर जाने गरेको सहजै अनुमान गर्न सकिन्छ ।

शक्ति वर्धक बहुमूल्य जडीबुटी यार्सागुम्बा सङ्कलन गर्न दार्चुला र बञ्झाङको उत्तरी भेकका बासिन्दाहरू सातु सामल लिई चैतको अन्तिम सातातिर हिमाली भेकतर्फ लाग्ने गर्दछन् । वैशाखको तेस्रो सातादेखि यार्सागुम्बा सङ्कलन गर्ने उपयुक्त समय हुने भए तापनि चैतको अन्तिम सातादेखि नै यार्सागुम्बा सङ्कलन गर्नेहरू आआफ्नो क्षेत्रतर्फ गएर पाल टाँगेर बस्ने गर्दछन् ।

बर्सौंदेखि हिमाली भेकका सौंकाहरूले चौंरीलाई शक्ति दिलाउन यार्सागुम्बाको प्रयोग गर्ने गरेका भए पनि विगत पाँच छ वर्षदेखि मात्र मानिसहरूका लागि पनि यसको प्रयोग गर्न थालिएको हो । समुद्री सतहदेखि १४ हजार फिटभन्दा माथिको उचाइमा पाइने यार्सागुम्बा कसरी विकसित हुन्छ भन्ने कुरा थाहा पाउनु उपयुक्त हुन्छ ।

ञुसिलकिराको शरीरमा आएको ढुसीमा विकसित एक वनस्पति यार्सागुम्बा हो । यार्सागुम्बाको बिरुवा ञुसिलकिराको शरीरमा नै ढुसीको रूपमा विकसित हुन्छ । यसले ञुसिलकिराको शरीरको रस आहारको रूपमा लिएर बढ्छ र बिस्तारै ञुसिलकिरालाई नै सिद्धचाई उसैको आकार ग्रहण गर्छ । यसरी यार्सागुम्बालाई आधा समय ढुसी र आधा समय वनस्पतिको रूपमा पहिचान गर्ने गरिन्छ ।

दार्चुलाको उत्तरी भेकका ब्यास, सरला, हिकिला, छापरी र खण्डेश्वरी गाउँ विकास समितिबाट बर्सेनि पाँच क्विन्टलसम्म यार्सागुम्बा बिक्री हुने गर्दछ । त्यसै गरी बञ्झाङको बाँझ, दौलीचौर, दहबगर, सुर्मा, सुनिकोट र काँडा लगायतका गाविसबाट पनि दुईदेखि तिन क्विन्टल यार्सागुम्बा तिब्बततर्फ निकासी हुने गर्दछ । स्थानीय बजारमा प्रतिकिलो रु. ७० हजारदेखि ८५ हजारसम्ममा पाइने यार्सागुम्बाका लागि सरकारले प्रतिकिलो रु. २० हजार रोयल्टी निर्धारण गरेको छ । यार्सागुम्बालाई विदेश निकासी गर्न पाउने प्रावधान २०५८ माघ १५ को राजपत्रमा उल्लेख भएको छ ।

सुदूर पश्चिमका हिमाली जिल्लाबाट यार्सागुम्बा स्वदेशी ठेकेदारहरूले राजस्व तिरी खरिद बिक्री गर्ने गरे तापनि दार्चुला र बञ्झाङबाट भने तिब्बततिर चोरी निकासी हुने गरेको बताइन्छ । दार्चुलाको तिङ्कर र बञ्झाङको धुली चेकपोस्टबाट तिन वर्ष अगाडि सुरक्षा निकायलाई जिल्ला सदर मुकाममा गाभिएपछि बर्सेनि यार्सागुम्बा लगायतका बहुमूल्य जडीबुटीको तस्करी समेत हुने गर्दछ ।

भूकम्पीय जोखिम र प्रकोप व्यवस्थापन

विषम भूधरातलीय अवस्थिति, कमजोर भौगर्भिक संरचना, अनियोजित बसोवास, जन घनत्व, उच्च जनसङ्ख्या वृद्धिदर, व्यापक गरिबी र अशिक्षाका कारण प्राकृतिक प्रकोपका दृष्टिले नेपाल निकै संवेदनशील अवस्थामा छ। बाढी, पहिरो, भूस्खलन, अतिवृष्टि र अनावृष्टि जस्ता जल उत्पन्न प्रकोप, आगलागी र महामारी जस्ता मानवजन्य प्रकोप र विभिन्न प्रकारका मौसमी विपत्तिहरूले गर्दा नेपालमा बर्सेनि सयौँ मानिसको मृत्यु, हजारौँको अङ्गभङ्ग तथा करोडौँ रुपियाँको क्षति हुने गरेको छ। भौगर्भिक संरचनाका दृष्टिले मुलुकको धेरैजसो भूभाग भूकम्पजन्य क्षेत्रमा पर्ने भएकाले कुनै पनि समय ठुलो भूकम्प जान सक्ने सम्भावना छ।

विगतमा धेरै विनाशकारी भूकम्पका घटना भोगि सकेको नेपालमा वि.सं. १९९० को महाभूकम्प, २०३७ मा बझाङ र २०४५ मा उदयपुरमा गएका ठुला भूकम्पका घटनाले हाम्रो मुलुक भूकम्पीय दृष्टिले संवेदनशील क्षेत्रमा रहेको र यो हाम्रो नियति नै बनेको स्पष्ट गरेका छन्। यसबाट भविष्यमा निश्चिन्त बनेर बस्न नसकिने देखिएको छ।

सन् १९८० को दशकमा मात्र नेपालले दुई वटा मध्यम खालका भूकम्पको त्रासदी भोगि सकेको छ। यस बाहेक अन्य प्राकृतिक प्रकोपका घटनाहरूले पनि त्यत्तिकै क्षति पुऱ्याइ रहेका छन् तर नेपालको प्रकोप व्यवस्थापन प्रारम्भिक अवस्थामै छ। दसौँ योजनाले प्रकोप व्यवस्थापनलाई प्रभावकारी बनाई देशमा सञ्चालित विकास निर्माणका कार्यक्रमहरूलाई दिगो, भरपर्दो एवम् उच्च प्रतिफलयुक्त बनाउन र जन जीवनलाई प्रकोपबाट सुरक्षित राख्न ठोस योगदान पुऱ्याउने उद्देश्य लिएको छ। यी उद्देश्य कार्यान्वयन गर्न सरकारले प्रकोप एवम् वातावरणीय प्रभाव न्यूनीकरण हुने प्रविधिको प्रयोग र विकासमा जोड दिने, उद्धार एवम् राहत कार्यलाई पारदर्शी बनाउने र मौजुदा भूकम्प मापन केन्द्र तथा प्रकोप व्यवस्थापनलाई अझ सुदृढीकरण गर्ने रणनीति लिएको छ।

वि. सं. २०३९ मा दैवी प्रकोप (उद्धार) ऐन लागु भएदेखि नै प्राकृतिक प्रकोप व्यवस्थापन अन्तर्गत राहत तथा उद्धार कार्यलाई संस्थागत बनाइएको हो। त्यसपछि ऐनमा भएका संशोधनहरूले राहत तथा उद्धारका अतिरिक्त पूर्व तयारी, पुनर्निर्माण र पुनर्स्थापनाका केही पक्षहरूलाई पनि समावेश गरेका छन्। यसका लागि ऐनले गृहमन्त्रीको अध्यक्षतामा केन्द्रीय दैवी प्रकोप उद्धार समितिको गठन, क्षेत्रीय, जिल्ला र स्थानीय स्तरमा उद्धार समितिहरूको निर्माण तथा प्रकोप पीडितहरूलाई तत्काल उद्धार र राहत प्रदान गर्न सबै तहमा दैवी प्रकोप सहायता कोषको व्यवस्था गरेको छ।

वि.सं. १९९० माघ २ का दिन नेपालमा ८.४ रेक्टर स्केलमा गएको प्रलयकारी महाभूकम्पबारे लेखिएका संस्मरणहरू हेर्दा र त्यसपछिका ठुला भूकम्पले पुऱ्याएको जनधनको क्षतिको लेखाजोखा गर्दा भूकम्पले कतिसम्म विनाश गर्दो रहेछ भन्ने अनुमान लगाउन सकिन्छ। पूर्व सूचनाविना कुनै पनि समयमा आउन सक्ने यो प्रकोपका सम्बन्धमा आजसम्म कसैले पनि भविष्यवाणी गरेको पाइँदैन तैपनि पूर्व तयारीको अवस्थामा रहन सके त्यसबाट हुने क्षति कम गर्न सकिन्छ। त्यसैले पूर्व तयारीका विषयहरूलाई सबैले मनन गरेर यसबारे जन चेतना जगाउनु आजको ठुलो आवश्यकता हो।

नेपाल भौगोलिक बनावटका कारण ठुलो भूकम्पीय जोखिम क्षेत्रमा पर्दछ। काठमाडौँ उपत्यका पनि भूकम्पीय दृष्टिले जोखिमपूर्ण मानिएकाले यहाँ आउन सक्ने भूकम्प र यसबाट हुने जनधनको क्षतिबारे त झन् सबै सजग रहनै पर्दछ। यसै सिलसिलामा सरकारले हरेक वर्ष ९० सालको महाभूकम्प गएको दिन (२ माघ) विभिन्न जन चेतनामूलक कार्यक्रमहरूका साथ 'भूकम्प दिवस' मनाउँदै आएको छ।

नेपाली पत्रकारिताको इतिहास

नेपालमा पत्रकारिताको इतिहास १०० वर्षभन्दा लामो छ। राणा प्रधान मन्त्री जङ्ग बहादुर वि.सं. १९०८ मा बेलायतबाट फर्कंदा साथमा ल्याएको छापाखाना नै नेपालको पहिलो आधुनिक प्रेस हो, जसलाई 'गिद्धे प्रेस' भनिन्छ। उक्त छापाखानाको केही अंश राष्ट्रिय सङ्ग्रहालयमा अहिले पनि संरक्षित छ। वि.सं. १९१० मा बनेको पहिलो मुलुकी ऐनको चार भाग पनि तिन वर्ष लगाएर त्यही छापाखानाले छापेको बताइन्छ।

नेपाली पत्रकारिताको इतिहासमा 'गोरखा पत्र' नै जेठो पत्रिका मानिएको छ । यद्यपि 'गोरखा पत्र' प्रकाशित हुनुअघि नै १९४८ सालतिर बनारसबाट युवा कवि मोतीराम भट्टको सक्रियतामा 'गोरखा भारत जीवन' पत्रिका प्रकाशित भएको र वि.सं. १९५५ साउनदेखि राजधानीबाट मोती मण्डलकै सक्रियतामा 'सुधा सागर' मासिक पत्रिका प्रकाशित भएको कुरा चर्चित छ; तर आजसम्म उक्त दुबै पत्रिकाको एउटा प्रति पनि फेला पर्न भने सकेको छैन ।

'सुधा सागर' मासिक प्रकाशनमा आएको झन्डै दुई वर्ष १० महिनापछि वि.सं. १९५८ ज्येष्ठ वदी २ सोमबार अर्थात् १९५८ वैशाख २४ गते तदनुसार ६ मे १९०१ मा राणा प्रधान मन्त्री देव शमशेरको पालामा नेपालको पहिलो समाचार पत्र 'गोरखा पत्र' साप्ताहिक रूपमा प्रकाशन हुन थालेको त्यो पत्रिका ४२ वर्षपछि २००० असोज २९ देखि अर्ध साप्ताहिक पत्रिकाको रूपमा प्रकाशित हुन थाल्यो । त्यस्तै २००३ पुस ८ देखि हप्ताको तिन पटक प्रकाशित हुन थालेको 'गोरखा पत्र' २०१७ फागुन ७ देखि दैनिक रूपमा प्रकाशन हुन थालेको हो ।

मुलुकमा प्रजातन्त्र आएको भोलिपल्ट अर्थात् २००७ फागुन ८ देखि सिद्धिचरण श्रेष्ठको सम्पादनमा निस्कन थालेको 'आबाज' नै नेपालको पहिलो दैनिक पत्रिका हो । 'आवाज' दैनिक पत्रिका बन्द भएपछि २०११ भदौ २४ देखि 'समाज' दैनिक प्रकाशन हुन थाल्यो जो धेरै पछिसम्म प्रकाशित भइ रह्यो । २०१३ मा गोपाल दास श्रेष्ठको सम्पादन र प्रकाशनमा सुरु भएको 'द कमनर' नै नेपालको पहिलो अङ्ग्रेजी दैनिक हो । गोरखा पत्र संस्थानद्वारा 'दि राइजिङ नेपाल' अङ्ग्रेजी दैनिकको प्रकाशन २०२२ पुस १ देखि सुरु भएको हो ।

सरकारी क्षेत्रबाट साप्ताहिक रूपमा 'गोरखा पत्र' प्रकाशन हुन थालेको झन्डै ५० वर्षपछि हृदय चन्द्र सिंह प्रधानको सम्पादकत्वमा २००७ फागुन ४ देखि प्रकाशित हुन थालेको 'जागरण' नेपालको निजी क्षेत्रको पहिलो साप्ताहिक समाचार पत्र हो । राणा शासनको अन्त्य र प्रजातन्त्रको अभ्युदयको सँघारमा निस्किएको यो पत्रिका ३६ औं अङ्कपछि बन्द भयो । यद्यपि 'गोरखा पत्र' को प्रकाशनपछि नेपालबाटै थुप्रै मासिक र नेपाल बाहिर बनारस तथा दार्जिलिङबाट पनि नेपाली भाषाका साप्ताहिक, पाक्षिक र मासिक आदि थुप्रै प्रकारका पत्रिकाहरू प्रकाशन हुन थालेका थिए ।

यसरी नेपालमा पत्रकारिताको सुरुआत मुलुकमा एकतन्त्री राणा शासन कायम रहेकै वेलादेखि भए पनि खास अर्थमा पत्रकारिताको विकास भने २००७ सालमा प्रजातन्त्र आएपछि मात्र भएको हो भन्दा पनि हुन्छ । मुलुकमा प्रजातन्त्र आएपछि निजी क्षेत्रबाट विभिन्न भाषाका दैनिक तथा साप्ताहिक पत्रिकाहरू प्रकाशनमा आई पत्रकारिता फस्टाउने क्रममै रहेको वेला २०१७ सालपछि नेपाली पत्रकारिता पुनः सङ्कट ग्रस्त हुन पुग्यो । त्यसपछि ३० वर्ष लामो पञ्चायत कालमा पत्रकारिता पूर्ण रूपमा व्यावसायिक र संस्थागत हुन सकेन र आधुनिक प्रविधि आदिका दृष्टिले पनि नेपाली पत्रकारिता निकै पछाडि रह्यो तैपनि प्रेस स्वतन्त्रताका हिमायती तथा प्रजातन्त्र प्रेमी पत्रकारहरूको अनवरत र अथक प्रयासका कारण नेपाली पत्रकारिता व्यक्तिगत तबरमा भए पनि अवश्य नै केही अगि बढ्यो । सरकारी पक्षबाट दिइने अनगन्ती यातना र दण्ड सजायका बाबजुद नेपाली पत्रकारिताले २०४६ सालको जन आन्दोलनमा प्रजातन्त्रको पक्षमा उल्लेखनीय योगदान पुऱ्याएको तथ्य इतिहासमा अङ्कित छ । मुलुकमा प्रजातन्त्र पुनः स्थापना भएपछि त नेपालमा पत्रकारिताको क्षेत्रमा एक किसिमको क्रान्ति नै आएको भन्दा पनि हुन्छ । देशमा उपलब्ध खुला वातावरणका कारण अहिले निजी क्षेत्रमा पत्र पत्रिका, रेडियो तथा टेलिभिजन सञ्चालनको होड नै चलेको छ ।

मधुमेह के हो र कसरी बच्ने ?

मधुमेह अर्थात् चिनी रोगले पीडित व्यक्तिहरूको सङ्ख्या हाम्रो देशमा बढ्दो क्रममा छ । भौतिक विकास सँगसँगै जीवन यापनमा आएको परिवर्तनको फल स्वरूप मधुमेहका रोगीको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि हुँदै छ । मानिसको रगतमा बढी मात्रामा ग्लुकोज (चिनी) भई पिसाबमा पनि ग्लुकोज देखा पऱ्यो भने त्यस किसिमको समस्यालाई मधुमेह (डायबेटिक मेलाइट्स) भनिन्छ । मधुमेहमा पिसाब साबिकको भन्दा बढी पटक लाग्ने गर्छ ।

मधुमेह धेरै किसिमबाट हुने गर्छ । यसमा प्रमुखत: शरीरको प्याङ्क्रियाज भन्ने अङ्गको मुख्य सम्बन्ध रहन्छ । ग्लुकोजको पाचन क्रियासँग सम्बन्ध राख्ने यस अङ्गको शिथिलताबाट चिनी रोग हुने गर्छ । प्याङ्क्रियाजको कोषबाट उत्पन्न हुने इन्सुलिन नामक पदार्थको कमीबाट मधुमेह हुन जान्छ । वंशानुगत मधुमेह वंश परम्परामा सर्दै जाने गर्छ । यो लक्षणयुक्त (प्रकट) वा गुप्त रूपले (अप्रकट) उपयुक्त समयमा लक्षण देखाउने गरी दुई किसिमको हुन्छ ।

छोटो एवम् दीर्घ कालीन प्याङ्क्रियाजका रोगहरू, हेमोक्रोमाटोसिस तथा विभिन्न क्यान्सरमा समेत मधुमेह देखिन सक्छ । कुसिङ सिन्ड्रोम, एक्रोमेगाली, थाइरोटक्सिसोसिस जस्ता रोगमा पनि मधुमेहको सम्भावना हुन्छ । आगाले पोलेको अवस्थामा, हृदयाघात, एडिसन रोग र रक्त अल्पताजन्य कतिपय अवस्थामा समेत मधुमेहको सिकायत पाउन सकिन्छ । पिसाब लगाउने औषधी, स्टेरोवाइड, परिवार नियोजनका चक्की र उच्च रक्तचाप नियन्त्रण गर्ने औषधीको अनियन्त्रित प्रयोग पनि मधुमेहको कारण बन्न सक्छ ।

मधुमेह मुख्यत: दुई प्रकारका हुन्छन् । यीमध्ये पहिलो प्रकार इन्सुलिनमाथि निर्भर (इन्सुलिन डिपेन्डेन्ट डायबेटिक मेलाइट्स, जुन प्राय: युवावस्थामा हुन्छ) हुने हो भने दोस्रो प्रकार इन्सुलिनमाथि निर्भर नहुने (ननइन्सुलिन डिपेन्डेन्ट डायबेटिक मेलाइट्स) हो, जुन प्राय: वृद्धावस्थामा हुने गर्छ । पहिलो प्रकारको मधुमेह (जुभेनाइल अनसेट) प्राय: गरेर ४० वर्षभन्दा कम उमेरका व्यक्तिमा हुने गर्छ । रोग प्रतिरोधात्मक क्षमता नष्ट हुँदै जाने यस प्रकारको मधुमेहमा तौल घट्दै जान्छ; तृष्णा, आलस्य आदि बढ्दै जान्छन् । रोगीको रगत एवम् पिसाबमा यस्ता अम्ल पदार्थ (किटोन बडिज) हुन सक्छन्, जसका कारण बिरामी बेहोस समेत हुन सक्छ । रगतमा इन्सुलिनको मात्रा कम वा हुँदै नहुन पनि सक्छ । त्यसैले यस्ता बिरामीलाई सुरुदेखि नै इन्सुलिनमाथि निर्भर रोगी भनिन्छ । यस्तो प्रकारको मधुमेह पाँच प्रतिशत मधुमेहका रोगीमा मात्र हुने गर्छ । दोस्रो प्रकारको मधुमेह (म्याचुरिटी अनसेट) प्राय: ४० वर्षभन्दा बढी एवम् पाको उमेरका रोगीमा हुने गर्छ । मोटो हुनुका अतिरिक्त यस्ता बिरामीको मूत्र एवम् रगतमा अम्लपन कम र इन्सुलिनको मात्रा बढी पाइन्छ । यस्ता बिरामीलाई उपचारार्थ सुईको आवश्यकता पर्दैन, यिनको उपचार औषधी चक्कीद्वारा गर्न सकिन्छ ।

दुबै प्रकारका मधुमेहमा तिर्खा लाग्ने, अधिक पिसाब हुने, खाना रुचे पनि तौल घट्दै जाने गर्छ । रोगीको रगतमा अधिक ग्लुकोज हुने हुनाले विभिन्न किसिमका जीवाणुको सङ्क्रमण सजिलै हुने गर्छ । शरीरमा जतातै घाउ, खटिरा हुनुका साथै निको हुन पनि लामो समय लाग्छ । यस रोगमा हातगोडा झमझमाउने, शरीर चिलाउने, छालाको रङ परिवर्तन हुने, शरीर सुनिँदै जाने गर्छ । यस्ता रोगीको श्वास एसिटोनको कारणले मिठो बास्ना युक्त हुन्छ । नजिकको नातामा वा जुम्ल्याहा दाजुभाइ कसैलाई चिनी रोग छ भने त्यस्ता व्यक्तिले सधैं मधुमेहप्रति सचेत रहनु पर्छ । मधुमेह रोग भएका व्यक्तिलाई आँखाको समस्या (डायबेटिक रेटिनोप्याथी), मिर्गौलाको समस्या (डायबेटिक नेफ्रोप्याथी) र मस्तिष्कगत समस्या (डायबेटिक एन्सेफेलोप्याथी) को समस्या बढी देखिन्छ । त्यसैले मधुमेहका रोगीहरूले त्यस समस्यातर्फ सचेत हुनु पर्छ ।

मधुमेह रोग लागेको प्रमाणित भएपछि प्राय: बिरामीहरू आफ्नो जिन्दगी बरबाद अनुभव गर्छन् । मधुमेहको उपचारको क्रममा मुख्यत: चार कुरामा ध्यान दिनु पर्छ–

खानामा नियन्त्रण चिनी रोगको मुख्य उपचारमध्ये एक हो । चिनी रोगीले कस्तो खाने कुरा खान हुन्छ, कस्तो हुँदैन भन्ने कुरामा पर्याप्त हेक्का राख्नु जरुरी देखिन्छ । चिनी रोगका लागि बोसो एवम् कार्बोहाइड्रेडयुक्त खाना उचित हुँदैन । चिनी, जाम, कोक, चकलेट, हलुवा, भात, आइसक्रिम जस्ता पदार्थ खानु हुँदैन । बोसो नभएको मासु, चरा र कुखुराको मासु, माछा, ताजा सागसब्जी र गोलभेँडा, मुला, केरा र ताजा फलफुल, अमिलो अचार, नुन, खुर्सानी, भिनेगर, गुलियोका लागि स्याकरिन आदि पदार्थ चिनीरोगीले आवश्यकता अनुरूप प्रयोग गर्न सक्छन् ।

मधुमेह नियन्त्रणमा ध्यान दिनु पर्ने दोस्रो कुरा औषधी प्रयोग हो । मुख्यत: इन्सुलिन सुई आवश्यक नभएका रोगीले नियमित औषधी सेवन गर्नु पर्ने हुन्छ भने सुई आवश्यक पर्नेले चिकित्सकको सल्लाह बमोजिम इन्सुलिन इन्जेक्सन लिइ राख्नु पर्छ । यस प्रक्रियाबाट प्याङ्क्रियाजबाट उत्पन्न इन्सुलिनको गुणात्मकता र परिमाणात्मकता वृद्धि हुन जान्छ । दुब्ला पातला व्यक्ति र कम उमेरका व्यक्ति रोगी भएमा तिनीहरूलाई प्राय: इन्सुलिन इन्जेक्सन सिफारिस गरिन्छ । चिनी रोगीले उपचारको तेस्रो प्रक्रियामा ध्यान दिनु पर्ने कुरा के छ भने आफ्नो तौल बढी छ भने तौल घटाउनु पर्छ, नियमित रूपले

व्यायाम गर्नु पर्छ र रहनसहन एवम् व्यवहारमा परिवर्तन ल्याउनु पर्छ। ध्यान दिनु पर्ने चौथो कुरा लक्षण अनुसार असरहरूको उपचार हो। मधुमेह एकल रोग भए पनि यसको सम्बन्ध शरीरका सबै अङ्ग एवम् प्रणालीमा रहने गर्छ। नियमित आँखाको जाँच, रक्तचापको जाँच, मिर्गौलाको अवस्थाको जाँच, हृदय (मुटु) को अवस्थाको जाँच आदि नियमित जाँच गराउनु पर्ने हुन्छ।

जेनेटिक इन्जिनियरिङ : फाइदा बढी कि बेफाइदा ?

विश्वमा खाद्यान्नको समस्या दिन प्रतिदिन बढ्दै छ। जमिनले उत्पादन दिन छाडेको छ। रासायनिक मल, विषादी आदिको प्रयोगबाट जमिनको उत्पादन क्षमतामा ह्रास आइ रहेको छ भने मानव स्वास्थ्यमा पनि प्रतिकूल असर परि रहेको छ। खाद्यान्नको विकल्प तथा धेरै उत्पादनका लागि विभिन्न खोज गर्नु आवश्यक पनि छ। किसानको खाद्य सम्प्रभुताको रक्षा गर्दै भावी सन्ततिलाई पुग्ने खाद्यान्नको उत्पादन गर्न राज्यले आवश्यक कदम नचाली भएको छैन। नत्र भोलिका दिनमा खान नपाएर मानिस मानिसबिच अर्को युद्ध नहोला भन्न सकिन्न।

जेनेटिक इन्जिनियरिङको प्रयोग गरी विभिन्न उत्पादन गर्न सकिने तथ्य वैज्ञानिकहरूले बताइ रहेका छन् भने यस्तो उत्पादन मानवका लागि हानिकारक हुने भन्दै यसको विरोधमा व्यापक दबाब पनि बढि राखेको छ। भारतमा जेनेटिक इन्जिनियरिङका आधारमा भान्टाको उत्पादन व्यावसायिक रूपमा गर्ने सरकारी योजनालाई व्यापक जन दबाबका आधारमा स्थगित गरियो। यसका विरोधीहरूको तर्क छ– व्यापक रूपमा वैज्ञानिक अध्ययन नगरी सामान्य प्रयोगको भरमा मानवका लागि खाद्य विकल्पको प्रयोग गर्नु हुँदैन। अर्को तर्क पनि छ– यस्ता खाद्यान्नको प्रयोगबाट मानवको आगामी पुस्ताको जिनमा नै परिवर्तन हुन पुगी गम्भीर खतरा उत्पन्न हुन्छ। त्यस अवस्थामा नयाँ नयाँ प्रकृतिका रोग लाग्ने तथा 'जेनेटिक इरर' का सन्तान जन्मिने साथै मेडिकल विज्ञानले त्यस अवस्थामा कुनै सहयोग गर्न नसक्ने भई भयावह स्थिति उत्पन्न हुन्छ।

जेनेटिक रूपमा खाद्यान्न उत्पादन गर्ने तथा प्रयोग गर्ने काम विभिन्न देशहरूका कृषि प्रयोग शालाहरूले गर्दै आएका छन्। भारतले भान्टाको उत्पादन गरेको हो। यसको उत्पादन र विकास महाराष्ट्र हाइब्रिड सिड कम्पनीमा गरिएको हो। सरकारले व्यावसायिक उत्पादनको अनुमति दिनासाथ भारतमा एकै साथ विरोधका लहरहरू उत्पन्न भए। यस्ता बीजहरूको उत्पादन सही नै हुन्छ भनेर ठोकुवा गर्न सकिने स्थिति पनि छैन। नेपालमै पनि उच्च जातको मकैको बिउ लगाएर खेती गर्दा दाना नलागेर किसानहरू मर्कामा परेको घटना छ। उन्नत जातले धोका दिन सक्छ भन्ने यो बलियो प्रमाण हो। विकसित गरिएका बीजहरूले वातावरण तथा मानवीय स्वास्थ्यमा हानि पुऱ्याउँछन् भन्ने तथ्य वैज्ञानिकहरूले ल्याइ रहेका छन्। यसबारेमा नयाँ सोचको आवश्यकता छ।

त्यसो त नेपालमा पनि परम्परागत रूपमा विभिन्न फलफुलहरूको कलमी बनाउने काम हुँदै आएको थियो। त्यसैको विकसित रूप वैज्ञानिकहरूले निकालेका हुन्। बढी उत्पादन गराउने नाममा जनावर, बोट बिरुवा आदिका जिनहरूको सम्मिश्रण गराएर उत्पादन गर्ने अन्तरजातीय सम्बन्ध प्रविधिले वैज्ञानिक क्रान्ति ल्याए पनि त्यसका असरहरूबारे उत्तिकै बहस पनि बढि राखेको छ। अमेरिकामा पनि किसानहरूले बीज बचाउ आन्दोलन चलाएका छन्। वैज्ञानिक प्रविधि भन्दै जाँदा अब त बीजहरूको मौलिक स्वरूप नै समाप्त हुने अवस्था आइ सकेको छ।

जेनेटिक रूपमा विकसित चिज र वस्तुहरूमा एक अर्काका डी.एन.ए. सारिने हुँदा त्यसले नयाँ जिनको विकास गर्दछ। तत्कालका लागि फाइदाजनक देखिए पनि कालान्तरमा त्यो हानिकारक वस्तुमा रूपान्तरण हुन्छ भनिन्छ। 'वासिङ्टन पोस्ट' ले सन् १९९७ मा र 'द भिलेज भ्वाइस' ले सन् १९९८ मा प्रकाशित गरेको सामग्री अनुसार यस्ता विकसित उत्पादनहरूले मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्दछन् भनिएको छ। वैज्ञानिकहरूले जति विकास गरे पनि अहिलेसम्म मानवको प्राण प्रणालीका बारेमा थाहा पाउन सकेका छैनन् यद्यपि मुटुको समेत अपरेसन सफलतापूर्वक गर्न सफल भएका छन्। रविन्सनले १९९६ मा भनेका छन्– "यस्ता विकसित बीजहरू कति कमजोर हुन्छन् भने सामान्य ढुसी, भाइरस आदिलाई पनि यिनले सहन गर्न सक्दैनन्। भोलि मानवको स्वास्थ्य पनि त्यस्तै हुन जान्छ।" खाद्यान्न उत्पादन गर्ने नाममा विकसित बीज कुनै खास स्थानमा लगाइए पनि चरा, पुतली आदिबाट परागहरूको संवाहन हुने हुँदा परम्परागत खेती प्रणालीलाई पनि यसले असर पारि रहेको छ।

स्वास्थ्यका सम्बन्धमा हेर्दा यस्तो उत्पादन लामो समयसम्म परम्परागत जस्तो स्वादिलो पनि हुँदैन । यसमा विषादीको मात्रा ज्यादा हुन्छ, एलर्जी सहन गर्न सक्ने क्षमता कम हुन्छ, ब्याक्टेरियाहरूले एन्टिबायोटिक सहन गर्न सक्ने क्षमतामा वृद्धि गर्ने हुनाले मानव स्वास्थ्यमा प्रतिकूल असर पर्ने, नयाँ प्रकृतिका रोगहरू उत्पन्न हुने समस्याको पहिचान गर्न तत्काल नसकिने र साइड इफेक्टका कारण मृत्यु हुन जाने हुन्छ भन्दै यस्ता उत्पादनमा प्रतिबन्ध लगाउनु पर्दछ भनेर वकालत गर्न थालिएको छ । त्यसै गरी, वातावरणीय रूपमा इकोलोजी समाप्त हुने, जिन प्रदूषणलाई सफा गर्न नसकिने, अत्यधिक विषादीको प्रयोगबाट वातावरणमा प्रतिकूल असर पर्ने, रोगव्याधि बढ्ने र बोट बिरुवाहरू मर्ने आदि समस्या पनि आउने देखिन्छ ।

एक अनुमान अनुसार बजारमा आउने खाद्यान्नको ६० प्रतिशत अंश बायोजेनेटिक हुन्छ । विश्वमा बढ्दो जनसङ्ख्या तथा भोकलाई नियन्त्रण गर्न वैज्ञानिकहरू जेनेटिक इन्जिनियरिङद्वारा खाद्यान्न उत्पादन नगरी सुखै छैन भनि रहेका छन् । यसो हुँदाहुँदै पनि यस्ता बीजहरूमा भर पर्नु हुँदैन र सृष्टिको मौलिकतालाई जोगाइ राख्न परम्परागत बीजहरूमा पुस्तागत असर नपार्ने गरी विकास गर्नु पर्दछ । नत्र भोलिको विश्व जेनेटिक इररका रूपमा विकास हुने छ र अज्ञात समस्याबाट ग्रसित हुने छ । हिजोआज नै कुखुराको चल्ला मान्छेको आकृति जस्तो, गाई बाच्छाहरू मान्छे जस्तो जन्मिएको भन्ने पत्र पत्रिकाका समाचारहरू जेनेटिक इररका उदाहरण हुन् ।

किसानको उत्पादन गर्ने अधिकार तथा जनताको खान पाउने अधिकारका बिचमा जेनेटिक इन्जिनियरिङको उत्पादन फसेको छ । खान पाउने अधिकार अन्तर्गत भोक टार्नका लागि जे पायो त्यही खाने नभएर मानव स्वास्थ्यको प्रतिकूल नहुने, बाँच्न सहयोग पुग्ने खाद्यान्न खान पाउने अधिकार रहेको छ । उत्पादनका नाममा आज विषादी छरेर भोलि बजारमा लगेर बेच्ने अधिकार छैन । मानव स्वास्थ्यमा खतरा पुग्ने उत्पादन गर्न पाइँदैन । यदि त्यस्तो उत्पादन गरेर मानव जीवनलाई खतरामा पारिन्छ भने त्यो गम्भीर वा अक्षम्य अपराध हो । यस्तो अवस्थालाई तत्काल रोक्न आवश्यक छ । मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने उत्पादन गर्न नपाइने सम्बन्धमा नेपालमा प्रभावकारी कानुन छैन । यसका लागि छुट्टै कानुन निर्माण गर्न आवश्यक छ । नेपाललाई विदेशीहरूले प्रयोगस्थल बनाउन सक्ने खतरा उत्तिकै छ ।

लोकतन्त्र र सञ्चार

लोकतन्त्रात्मक व्यवस्था संवैधानिक रूपमा अत्यन्त सरल तर अभ्यासका दृष्टिले जटिल र घुमाउरो हुन्छ । लोकतन्त्रलाई चिनाउने परिभाषाहरू जतिसुकै भए पनि लोकतन्त्र भनेको नागरिक र सरकारका बिच पारस्परिक रूपमा गरिने पारदर्शी सञ्चार व्यवस्था हो । लोकतन्त्रमा सरकारले सञ्चार क्षेत्रको रक्षा गर्नु पर्छ । प्रत्येक व्यक्तिले प्राप्त गरेका यस प्रकारका नैसर्गिक अधिकार र स्वतन्त्रताको रक्षा गर्ने जिम्मेवारी जति कुशलता र इमानदारीका साथ सरकारले निर्वाह गर्न सक्छ त्यति नै मात्रामा त्यो लोकतान्त्रिक व्यवस्था बन्छ ।

लोकतन्त्र आफै एउटा यस्तो सञ्चार व्यवस्था हो जसमा जनताले आफ्ना विचार र दृष्टिकोण खुलस्त रूपमा र व्यवधान रहित ढङ्गले राख्न पाउने मात्र होइन, अरूका विचार र दृष्टिकोणलाई पनि जान्न पाउने हक राख्तछ । सूचनामाथि हामी जति बढी अधिकार राख्न सक्छौं त्यति नै मात्रामा हामी छिटो र सजिलै सत्यको नजिक पुग्न सक्छौं । अन्यथा सूचनाको अभावले हामीलाई समस्या ग्रस्त मात्र होइन उदासीन र कर्मशून्य समेत बनाउँछ । निश्चय नै लोकतन्त्र पनि समस्या रहित व्यवस्था होइन । समस्यालाई स्वीकार गर्ने, समाधान गर्ने र नयाँ समस्यासँग जुध्न तयार रहने खुला र मुक्त परिपाटी नै लोकतान्त्रिक विधि हो । यी सबै कुरा सूचनाको निर्बाध प्रवाहले मात्रै गर्न सक्छ । त्यसैले लोकतन्त्रमा सूचनाको प्रवाहलाई ज्यादै गम्भीर र उच्च महत्त्व दिइन्छ ।

शिक्षण सिकाइमा समीक्षात्मक सोच

समीक्षात्मक सोच (क्रिटिकल थिङ्किङ) चिन्तनको एउटा त्यस्तो प्रक्रिया हो जसमा आफ्नो मौलिकताको दाबी सहित तिनलाई सकारण पुष्टि गरिन्छ । यसलाई शिक्षण सिकाइका क्रममा पनि लागु गरिएको छ । विद्यार्थीहरूले विवेचना सहित मौखिक अथवा लिखित रूपमा पुष्टि गर्दा समीक्षात्मक सोचको सार्थक उपयोग गरेको देखिन्छ । अरू विद्यार्थीहरूले राखेका

तर्कको समालोचना गर्दा समीक्षात्मक सोचको ग्रहणशील उपयोग हुन्छ । यसले अनुसन्धानमा आधारित शिक्षण विधिलाई अगाडि सार्दछ । यसबाट विद्यार्थीहरूलाई प्रतिविम्बात्मक रूपमा चिन्तन गर्न, आफ्नो व्यक्तिगत सिकाइको जिम्मेवारी लिन, तर्कको सङ्गति बुझ्न, ध्यान दिएर सुन्न, आत्मविश्वासका साथ बहस गर्न तथा जीवन पर्यन्त सिक्न आत्मनिर्भर बनाउँछ । समीक्षात्मक सोचले हामीहरूलाई आफ्नो चिन्तनका बारेमा सोच्न र आफ्ना सोच पछाडिका कारणहरूबारे पनि सोच्न मद्दत गर्दछ । यसको अर्थ आफूले निर्णय लिने अथवा समस्या समाधान गर्ने तरिकाबारे फर्केर हेर्नु हो । यसैले कक्षाकोठामा विद्यार्थीहरूलाई आफैले सोच्न प्रोत्साहित गर्नु पर्दछ र समीक्षात्मक सोचमा संलग्न/तल्लीन बनाउनु पर्दछ । यो विधि प्राथमिक तहदेखि उच्च शिक्षासम्म तथा प्रचलित पाठ्यक्रमका सबै विषयहरूमा लागु गर्न सकिन्छ । समीक्षात्मक सोचविधि निम्न कुराहरू प्रवर्द्धन गर्नका लागि कक्षाकोठामा उपयोग गरिन्छ :

- सक्रिय अन्वेषण
- विद्यार्थीहरूद्वारा सुरुआत गरिएको सिकाइ
- समस्या समाधान
- समीक्षात्मक सोच (क्रिटिकल थिङ्किङ)
- सहयोगात्मक सिकाइ
- लेखन तथा पठन प्रक्रिया
- वैकल्पिक मूल्याङ्कन ।

समीक्षात्मक सोच कार्यक्रमको सर्वपक्षीय सफलताका लागि शिक्षासँग सम्बन्धित स्थानीय व्यक्तित्वहरूको ज्ञान महत्त्वपूर्ण हुने हुँदा स्थानीय क्षमता बढाउने किसिमले त्यसलाई तयार पारिएको हुन्छ । सम्बन्धित देशको आवश्यकता अनुसार यसमा परिमार्जन गरिन्छ । १९९७ देखि ३७ देशहरूमा ५० हजारभन्दा बढी शिक्षकहरूलाई सक्रिय सिकाइ तथा समीक्षात्मक सोच (क्रिटिकल थिङ्किङ) का उत्तम शिक्षण अभ्यासहरूका बारेमा तालिम दिइ सकिएको छ । हरेक देशको मानव तथा आर्थिक स्रोतमा आधारित रहेर त्यस देशका साझेदारहरूसँग परामर्श गरी यस कार्यक्रमको विकास तथा दिगो कार्यान्वयनका लागि रणनीति तयार गरिन्छ । समीक्षात्मक सोच अन्तर्गत तिन ओटा कुराहरू पर्दछन् : (१) कक्षाकोठामा समावेशीकरणलाई प्रमुख लक्ष्य बनाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न राज्यको स्रोत बाँडफाँडका लागि निश्चित नीतिमा जोड दिने, (२) शिक्षामा व्यवस्थित भ्रष्टाचार तथा खुलापनको कमीका विरुद्धमा काम गर्न तथा जबाफदेहिता मजबुत बनाउन अग्रसर रहने, (३) मानवतालाई अगि बढाउने तथा विविधताको कदर गर्ने मूल लक्ष्य राखी व्यक्तिगत सिप तथा ज्ञान प्राप्तिका लागि शिक्षामाथि पुन: चिन्तन गर्न जोड दिने ।

पर्यटन क्षेत्र पोखरा

कुनै पनि देशको पर्यटन क्षेत्रको विकासका लागि त्यहाँ रहेका सांस्कृतिक एवम् प्राकृतिक सम्पदाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । प्राकृतिक मनोरमताले भरिपूर्ण सुन्दर दृश्य तथा सांस्कृतिक विविधतायुक्त जीवन शैली र सामाजिक चाल चलन भनेका पर्यटकहरूको मन जित्ने सम्पदाहरू हुन् । नेपालको सन्दर्भमा हेर्ने हो भने पनि सन् १९५० को दशकमा सुरु भएको पर्यटन क्षेत्रको गतिविधि १९६० को दशकसम्म केवल हिमाल आरोहण एवम् हिमाली क्षेत्रको पदयात्रा गर्ने जस्ता प्राकृतिक सम्पदाहरूमा मात्र आधारित साहसिक पर्यटनमा सीमित देखिन्छ यद्यपि यातायातको सुविधा तथा सूचना र सञ्चारको क्षेत्रमा आएको परिवर्तनले १९७० को दशकबाट सुरु भएको समूहगत पर्यटनको असर हामीकहाँ समेत परेको पाइन्छ । तत्पश्चात् काठमाडौँ उपत्यकाको सांस्कृतिक सम्पदा तथा अन्नपूर्ण र खुम्बु क्षेत्रका ग्रामीण सांस्कृतिक जीवन शैली एवम् परम्पराहरू समेत पर्यटकहरूका निम्ति रुचिपूर्ण विषयका रूपमा रहँदै आएका छन् ।

पोखरा उपत्यका नेपालको मात्र नभई विश्वको एक सुन्दर प्राकृतिक भूबनोट भएको स्थल हो । यसबारेमा पोखराको भ्रमण गर्ने पहिलो पर्यटक जापानी भिक्षु इकाइ कावागुचीदेखि बेलायती जनरल चार्ल्स ब्रुस, अस्ट्रेलियाका डेविड बामवाक हुँदै स्विजरल्यान्डका टोनी हेगनसम्मले पोखराको सौन्दर्यका बारेमा दिल खोलेर प्रशंसा गरेका छन् । यस क्रममा उनीहरूले पोखराको भौगोलिक बनावट र भू-आकृति एवम् विशेष गरी अन्नपूर्ण हिम शृङ्खला र पोखरा उपत्यकाको सामीप्यबारे (

२८ कि. मि.) एवम् यहाँका तालतलैयाबारे उल्लेख गरी यहाँको सौन्दर्य पक्षका बारेमा उल्लेख्य चर्चा गरेका थिए । त्यसमा पनि विलफिड नोयसले त पोखराबाट देखिने माछापुच्छ्रेको दृश्यलाई यो पत्याउनै नसकिने खालको छ र यो विश्वको सबभन्दा सुन्दर चुलीमध्ये एक हुनु पर्दछ भनी यसको तुलनामा भेटरहर्न (स्विजरल्यान्डको सुन्दर हिम शिखर) साधारण थुम्को मात्र हो भनी टिप्पणी समेत गरेका थिए ।

एक जना विदेशीले सन् १९९५ मा पोखरा भ्रमण गर्ने पर्यटकहरूमा गरेको सर्वेक्षण अनुसार ७४% पर्यटकहरूले पोखराको प्राकृतिक वातावरण राम्रो छ भनेको पाइन्छ भने ५१% पर्यटकले नेपालीको मैत्रीभाव मन पराएको देखिन्छ तर तिनीहरूमध्ये ७०% पर्यटकले पोखराका बारेमा केवल आफ्नो साथीको मुखबाट मात्र थाहा पाएर भ्रमण गर्न आएको बताएबाट यसको प्रचार प्रसारमा जोड दिनु पर्ने देखिएको छ ।

यति धेरै प्राकृतिक सुन्दरता सहितको मनोरम सम्पदा भएर पनि पोखरा एक पर्यटक गन्तव्यको रूपमा विकास हुन सकि रहेको छैन । नेपाल आउने पर्यटकहरूमध्ये औसत २३% ले पोखरा उपत्यकाको भ्रमण गर्ने गर्दछन् भने तीमध्ये ६५% पर्यटकहरू पदयात्रामा जाने गर्दछन् । पोखरा उपत्यका विश्व प्रसिद्ध अन्नपूर्ण पदयात्रा मार्गको प्रवेशद्वार एवम् आराम स्थलको रूपमा बढी परिचित छ । यसले गर्दा यहाँ पर्यटकहरूको बसाइ दर १.५ दिनदेखि २.५ दिनसम्म मात्र रहेको तथ्य ९० को दशकमा गरिएका विभिन्न अध्ययनमा देखिन्छ । यस क्षेत्रमा रहेका समग्र पर्यटकीय सम्पदाको पहिचान एवम् विकास गरी पर्यटन गतिविधि बढाउन सकेमा पोखरा आफैमा एक पर्यटक गन्तव्यको रूपमा प्रवर्धन हुन सक्ने बलियो आधार देखिन्छ । यसका लागि पोखरा उपत्यकामा रहेका पर्यटन वस्तुको पहिचान, विकास, प्रवर्धन तथा संरक्षणमा जोड दिनु आवश्यक देखिन्छ । यिनै विषय वस्तुलाई मध्यनजर गरी यहाँ रहेका सबै नदीनाला, झरना, बनबुटचान, चरा, पुतली, जङ्गली जनावर, हिम शृङ्खला, तालतलैया, फाँट, मैदान, पहाड आदि प्राकृतिक सम्पदाहरूबाट पर्यटन विकासमा ठुलो योगदान पुग्ने ठानिएको छ ।

नेपालकै लोक संस्कृतिका दृष्टिले धनी रहेको पश्चिमाञ्चल क्षेत्रको केन्द्रविन्दु पोखरा विभिन्न जातजाति तथा भाषाभाषीहरूको सामाजिक जीवन शैली एवम् लोक परम्परा र सांस्कृतिक सम्पदाका दृष्टिले समेत धनी रहेको छ । मूलत: गुरुङ, मगर, नेवार, क्षत्री, ब्राह्मण आदि समुदायको लोक संस्कृतिले समृद्ध यस क्षेत्रको पर्यटन विकासमा सांस्कृतिक सम्पदाको भूमिका समेत महत्त्वपूर्ण रहने देखिन्छ तर पोखरा उपत्यकाको पर्यटन विकासको मुख्य आधार भनेको यहाँ रहेका प्राकृतिक सम्पदाहरू नै हुन् । विदेशी पर्यटकदेखि आन्तरिक वा रैथाने पर्यटकसम्मलाई पोखरामा आएपछि मन लोभ्याउने र छुने दृश्य भनेको नजिकै देखिने अन्नपूर्णको हिम शृङ्खला हो । त्यसमा पनि माछापुच्छ्रे हिमालको छायालाई फेवातालको पानीमा हेर्दै डुङ्गामा सैर गर्नु सामान्य रोमाञ्चक विषय मात्र होइन, अलौकिक आनन्द पनि हो । त्यसै गरी पोखरा आएका मध्ये केही प्रकृतिप्रेमी पर्यटकहरूले यस उपत्यकाको पूर्वी भेगमा रहेका बेगनास तथा रूपातालको क्षेत्रमा भ्रमण गरी डुङ्गा सैरबाट नै प्राकृतिक जीवजन्तु र वनस्पतिको अध्ययन एवम् जलक्रीडाको आनन्द लिने गर्दछन् । यसर्थ पोखराको पर्यटकीय गतिविधि भन्नु नै प्रकृतिको सुन्दर उपहार ताल सम्पदामा आधारित देखिन्छ ।

बाइसे राज्यमा कृषि

बाइसे राज्यका मानिसहरूले जीवन निर्वाहका लागि अँगालेको सबभन्दा प्रमुख पेसा नै कृषि थियो । तिनको राजस्वको मुख्य आधार क्षेत्र पनि कृषि नै थियो । त्यतिवेला अन्तर राज्य व्यापारमा कृषिकै अग्रणी स्थान थियो अनि खाद्य र पेय पदार्थ तथा वस्त्रको आवश्यकता समेत कृषि क्षेत्रबाट नै पूर्ति हुने गर्दथ्यो । त्यति वेला आर्थिक जीवनको मेरुदण्ड कृषियोग्य भूमि नै मानिन्थ्यो भने भूस्वामित्व नै सामाजिक प्रतिष्ठाको मानदण्ड थियो ।

कर्नाली, राप्ती, भेरी, सेती, महाकाली र तिनका अनगन्ती सहायक नदी तथा खोलानालाहरूले कर्नाली प्रदेशलाई सिञ्चित गरेका छन् । यो प्रदेश अधिकांश अग्ला पहाड र हिमाली शृङ्खलाले परिवेष्टित छ र कृषियोग्य उर्वर तथा समथर भूमिको प्रतिशत यहाँ अत्यन्त न्यून देखिन्छ । अहिले यहाँको पहाडी र हिमाली भेकमा व्यापक गरिबी विद्यमान छ तापनि मध्य कालमा जन आबादी पातलो भएकाले मानिसहरूलाई परिश्रम गरेपछि पेट पाल्न समस्या थिएन । त्यसमा पनि सिँजा, दाङ, सुर्खेत र दिपायल जस्ता उपत्यकाहरू अन्नका भण्डार मानिन्थे ।

बाइसे राज्यका कृषि उत्पादनमा धान, मकै, कोदो, गहुँ, उखु, कपास, तेलहन, दलहन, जौ, उवा, फापर, जुनेलो, कागुनो आदि दिए । जुम्ला भेकमा हिउँ पर्ने हुनाले उखु, कोदो र चना जस्ता हिउँदे बाली हुँदैनथे । तराई र पहाडी प्रदेशमा हुने जातको धान खेती पनि जुम्लामा सम्भव थिएन । परापूर्व कालमा सिद्ध चन्दन नाथले काश्मीरबाट कृष्णशाली (कालो मार्सी) धानको बिउ मगाएर जुम्लामा धानको खेती गर्न सिकाएका थिए भन्ने स्थानीय मानिसहरूको विश्वास छ । अहिले पनि जुम्ला भेकको ठन्डा हावापानीका लागि उपयुक्त देखिएकाले त्यतातिर यही धानको खेती गरिन्छ ।

अभिलेखहरूमा आलो, आलिका, टालो, स्वाँरो आदि खेतबारीका किसिम जनाउने शब्दहरूको उल्लेख पाइन्छ । धान रोपिने खेतलाई आलो अथवा आलिका भनिन्थ्यो । अहिले पनि धान रोपिने खेतमा पानी जमाउन बनाइएको डिललाई आली भनिन्छ । जुम्लातिर धान खेतलाई जिउला भन्ने गरिन्छ । पाखो जग्गाको टुक्रालाई टालो भन्ने गरिएको बुझिन्छ । पाखो खेती गर्न गन्हा बनाइएको पखेरो जग्गालाई स्वाँरो भन्ने चलन छ । जमिन जोत्न हल गोरुको प्रयोग गरिन्छ । हिमाली भेकमा ज्यादै साना सुर्का भएको बारीमा एउटा मात्र गोरुले जोत्ने गरेको अद्यापि देख्न पाइन्छ ।

बाइसे राज्य कालमा किसानहरू बालीनाली राम्रो होस् र कुनै अनिष्ट आइ नलागोस् भनी कुलायन मस्टो (ग्रामपाल, क्षेत्रपाल आदि), भुँयार (भूमि देवता), भगवती (अन्नपूर्णा, कालिका, मालिका आदि) को पूजाआजा गर्दथे । देवता कुपित भएमा अनावृष्टि, अतिवृष्टि, असिना आदिको प्रकोपद्वारा खेतीबाली नष्ट हुने विश्वास थियो । खेतीबालीमा रोग नलागोस् भनी भदौ महिनामा एक दिन कुलाको पानी बन्द गरी खेतमा लिङ्गो गाडी पूजा गरेर 'हरेलो' गर्ने चलन यहाँ पहिलेदेखि नै चलेको बुझिन्छ । नयाँ धान प्राप्त भएपछि मङ्सिर महिनाको शुभ दिन पारी देवी देवतालाई खिर, रोटी र हविष्य अर्पण गरेर मात्र न्वागी ग्रहण गर्ने चलन पनि परम्परागत रूपमा चलि आएको पाइन्छ ।

वैदेशिक रोजगारी र घरेलु श्रमिकमा महिलाको भूमिका

वर्तमान नेपाली युवाहरूका लागि वैदेशिक रोजगारी आशाको केन्द्रविन्दु बनेको छ । देशको राजनीतिक अस्थिरता, शान्ति सुरक्षाको अभाव र अलि अलि भएका उद्योग धन्दाहरू पनि बन्द हुँदै जानु र बढ्दो क्रममा रहेको बेरोजगारीले यस्तो स्थिति सिर्जनाका लागि उत्प्रेरकको भूमिका खेलेका छन् ।

एकातिर स्थिति यस्तो छ भने अर्कातिर वैदेशिक रोजगारीमा महिलामाथिलाई लगाइएको प्रतिबन्ध अर्को थप समस्याको रूपमा रहेको छ यद्यपि वैदेशिक रोजगारीका सम्बन्धमा खाडी क्षेत्रमा मात्र महिलालाई नपठाउने भनेर मन्त्री स्तरीय निर्णय भएको हो र यसको अनावश्यक प्रचारकै कारण यस क्षेत्रमा महिला सहभागिताको कुरामा नकारात्मक असर परेको छ भन्ने सरकारको धारणा छ । वैदेशिक रोजगारी र महिला श्रमलाई जोडेर हेर्दा विश्वभर महिला रोजगारीको सम्भावना घरेलु कामदारका रूपमा नै प्रमुख रहेको छ । नेपालबाट पनि जति महिलाहरू वैदेशिक रोजगारी अन्तर्गत गएका छन्, त्यसको ठुलो सङ्ख्या घरेलु श्रममा नै संलग्न रहेको पाइन्छ, यद्यपि हाम्रो श्रम विभागमा यसको आँकडा जम्मा १ सय २१ जनाको मात्र रहेको छ ।

विश्व श्रम बजारमा घरेलु श्रम जसरी एउटा प्रमुख क्षेत्र बनेको छ त्यसै गरी विकसित मुलुकहरूमा घरेलु श्रमलाई उच्च महत्त्वका साथ लिएको पाइन्छ यद्यपि यो अझै पनि त्यति धेरै सम्मानित पेसाका रूपमा स्थापित हुन भने सकि रहेको छैन । जे होस्, घरेलु श्रमिकको उपस्थितिले महिलाहरूलाई घर बाहिरको पेसा र क्षेत्रमा सहभागी र क्रियाशील हुने कुरामा विश्वभर नै धेरै योगदान गरेको छ । हाम्रै देशको सन्दर्भमा हेर्ने हो भने पनि महिलालाई घर बाहिरको उत्पादन, सेवामूलक पेसा र अन्य क्षेत्रको काममा सहभागी गराउन घरेलु श्रमिकको महत्त्वपूर्ण भूमिका रहेको छ । यसका आधारमा पनि बुझ्न सकिन्छ कि समाजमा यी श्रमिकहरूको महत्त्वपूर्ण योगदान रहेको छ तर यहींनेर अर्को तितो वास्तविकता पनि छ । स्वयम् ती महिला वा पुरुषहरू (जो घरेलु श्रमिककै उपस्थितिका कारण समाजमा अन्य हिसाबले सक्रिय हुन सकेका छन्) ले समेत घरेलु श्रमिकको त्यो महत्त्वपूर्ण योगदानलाई स्वीकार गर्न सकेको पाइँदैन । अनि समाज र राज्यले पनि उनीहरूलाई श्रमिकको रूपमा स्वीकार गर्न नसकेको तथ्यलाई पनि यहाँनेर उल्लेख गर्नै पर्छ । घरेलु श्रमिकको समस्या हाम्रो समाजमा खुला गोप्य (ओपन सेक्रेट) सत्यको रूपमा रहेको छ ।

जीव विकास र रूपान्तरणको सिद्धान्त

ब्रिटिस जीवशास्त्री चार्ल्स डार्बिन (सन् १८०९–१८८२) ले सन् १८५९ मा **जातिवंशहरूको विकास** भन्ने पुस्तक लेखे । त्यसमा उनले भने– संसारका सबै जीवजन्तु र वनस्पतिहरू प्रारम्भिक कालमै प्रकृतिद्वारा फरक फरक वंशका रूपमा सिर्जना भएका होइनन् । सुरुका शाकाणु र जीवाणुबाट लामो समयमा विकसित र परिवर्तित हुँदै लाखौं किसिमका बोट, वनस्पति र जीवजन्तुका रूपमा फैलिएका हुन् । जलचरहरूबाट स्थलचरहरूको विकास भएको हो । एक खाले वानरबाट मानिसको विकास भएको हो ।

डार्बिनभन्दा दुई हजार चार सय वर्षअघि चिनका प्राचीन जीवशास्त्री त्सोन-त्से (लगभग इ.पू. ६०० तिर) ले डार्विनले जस्तै स्पष्ट शब्दमा भनेका थिए, "सबै प्राणीहरूको उत्पत्ति एउटै जातिबाट भएको हो । त्यस एउटै मूल जातिमा बिस्तार बिस्तार र लगातार परिवर्तन हुँदै गयो । त्यसैबाट प्राणीहरूका भिन्न भिन्न रूप तयार भए । यी प्राणीहरूमा एकाएक अनेक भेद देखा परेको नभई तिनका थरी थरी पुस्ता दरपुस्ता क्रमशः भएका परिवर्तनबाट तयार भएका हुन् ।"

प्राथमिक स्तरका जलचर प्राणीहरूबाट स्थलचर प्राणीमा रूपान्तरित हुँदै क्रमशः मानवसम्मको विकास भएको रूपकात्मक चित्रावली विष्णुका दश अवतारको परिकल्पनामा पनि स्पष्ट रूपमा देखिन्छ । संसारमा सबभन्दा पहिले जीवाणुको उत्पत्ति पानीमा भएको हो । विष्णुको कथित पहिलो अवतार मत्स्य (माछो) हो र त्यसपछि जल र स्थल दुबैतिर हिँड्न र बस्न सक्ने दोस्रो अवतार कूर्म (कछुवा) को विकास भएको हो । त्यसपछि थोरैजसो पानी (हिलो) मा र धेरैजसो जमिनमा हिँड्ने वराह (बनेल) अवतार अनि नृसिंह (आधा भाग मान्छे जस्तो र आधा भाग सिंह जस्तो) अर्थात् एक प्रकारको वन मान्छेको विकास भयो । पाँचौं वामन अवतार अविकसित आदि मानवको प्रतीक हो भने बन्चराले मान्छे काट्दै हिँड्ने परशुराम अवतार बर्बर युगीन मानवको समकक्षी हो । त्यसपछि राम, कृष्ण र बुद्ध मानवको क्रमिक चेतना विकासका प्रतीक हुन् ।

मान्छे तथा जनावरलाई कसरी निद्रा लाग्छ ?

दिनभरको परिश्रमले प्राणीहरूको शरीर र दिमाग समेत थाक्दछ, त्यसैले नयाँ स्फूर्ति तथा कामका लागि तयारी गर्नु पर्ने हुन्छ । त्यस्तो तयारी गर्दा मानिसलाई निद्रा लाग्दछ । त्यस्तै निद्राको वेला हामी प्रायः चेतनबाट अर्ध चेतन हुने वा केही थाहा नपाउने वा अलि अलि थाहा पाउने हुँदा यस्तो थाहा पाउने वा केही थाहा नपाउने वा चेतनाको काम मात्र मस्तिष्कले गर्ने गर्छ भन्ने कुरा जान्नु आवश्यक देखिन्छ । दिनभर काम गर्दा मस्तिष्कका कोषहरूमा लकटिक अम्ल (एक प्रकारको तेजाब) ले भरिँदै जान्छ र यसरी तेजाब भरिँदा मस्तिष्कले थकाइको महसुस गर्दछ वा दिमाग गह्रौं भएको अनुभव गर्दछ । यस्तो हुँदा हामीले थकाइ तथा निद्रा लागेको महसुस गर्दछौं । त्यही मस्तिष्कमा भरिने तेजाबलाई शरीरले सफा पार्न चाँजो मिलाउन थाल्छ । यस्तो चाँजो मिलाउँदा निद्रा लाग्न थाल्छ र मान्छे निदाएपछि मस्तिष्कको एक एक भागबाट पालैपालो रगत हट्दै जान्छ । त्यस रगत हटेको भागका जीवकोषहरूलाई ग्लुकोज जस्तो एक विशेष खाले पानी ग्लुकोजेनले धोएर त्यहाँ शरीरको लकटिक अम्ललाई हटाउने काम गर्दछ । यसै क्रमले मस्तिष्कका सबै भागबाट अम्ल हट्दै जान्छ वा सबै भाग एकपछि अर्को धोइँदै जान्छन् । अन्तिम अवस्थामा केही मिनेटका लागि मस्तिष्कका सबै भागबाट एकै पटक रगत हटाइन्छ र पुरै मस्तिष्क धोइन्छ । यही मस्तिष्क धुने क्रिया हुँदा हामीलाई निद्रा लाग्छ । मस्तिष्कको एक एक भाग धुने कार्य हुँदा हामी निदाएको भए पनि निदाएको वेला केही भएमा हामी थाहा पाउँछौं वा अलि अलि चेतन अवस्थामा हुन्छौं, तर जब मस्तिष्क पुरै एकै पटक धोइने अवस्थामा हुन्छ त्यस वेला हामी केही पनि थाहा पाउँदैनौं । प्रायः अचेत जस्तो हुन्छौं । यसलाई निद्रा भनिन्छ र निद्रा लागेका वेला हुने क्रियालाई 'ब्रेन वास' भनिन्छ ।

ढुङ्गे धारा

पश्चिम नेपालको वास्तु रचनामा यस्ता ढुङ्गे धाराहरू पनि पाइन्छन् जसमा विविध कलात्मक ढाँचाहरू अङ्कित गरिएको हुन्छ । यस्ता ढुङ्गे धाराहरू प्राचीन बाटो र बस्तीको नजिकै बनाइएका देखिन्छन् । यी ढुङ्गे धाराहरूमा अङ्कित गरिएको कलापक्षले काठमाडौं उपत्यकाभित्र बनाइएका ढुङ्गे धाराहरूसँग नजिकको सम्बन्ध राखेका छन् । खास गरेर यस्ता

ढुङ्गे धाराहरू बैतडी, बझाङ, दैलेख र अछाम जिल्लामा छरिएर रहेका छन् । यस्ता धेरै ढुङ्गे धाराहरूको टुटी मकराकृतिको हुन्छ भने यसको चारैतिर फुलबुट्टा अङ्कित गरिएको देखिन्छ । यस्ता टुटीहरू जोडीको सङ्ख्यामा राखिएको हुन्छ । टुटीलाई अड्याउन प्रस्तरको गारो तलदेखि माथिसम्म उठाइएको हुन्छ र यो गारो दायाँबायाँ पनि उठाइएको हुनाले वरिपरिको माटो तल खस्न पाउँदैन ।

यस्ता ढुङ्गे धाराहरूमध्ये पाटा देवल गाउँस्थित ढुङ्गे धारालाई त्यस वेलाको कलाको महत्त्वपूर्ण उदाहरणका रूपमा लिन सकिन्छ । यस धारामा पनि मकराकृति अङ्कित गरिएको छ । जमिनको सतहबाट ९० से.मि. माथि मकराकृतिको टुटी राखिएको छ । धाराको दायाँबायाँ दुबैतिर ६० से.मि. जतिको उचाइमा चौकी बनाइएको छ । चौकीलाई गाग्री राख्ने तथा मानिसहरू बस्न हुने ठाउँको रूपमा प्रयोग गरिन्थ्यो भन्ने अनुमान सजिलै गर्न सकिन्छ । धाराको चारैतिर कुँदिएका ढुङ्गाहरू छन् भने यसमा फुलबुट्टाहरू अङ्कित गरिएका छन् । यस्तै अर्को ढुङ्गे धारा बझाङकै छान्नामा पनि रहेको छ । यहाँ एक मिटरको उचाइमा मकराकृतिको टुटी रहेको छ । यहाँ पनि माथिकै जस्तो मकरको सुँड माथि फर्किएको रूपमा अङ्कित गरिएको पाइन्छ । यहाँ पनि प्रस्तरका सुडौल आकृति र फुलबुट्टाहरूले थप आकर्षण सिर्जना गरेका छन् । स्थानीय व्यक्तिहरूका अनुसार यहाँका ढुङ्गे धाराहरू जुम्ली राजाहरूले नै निर्माण गर्न लगाएका हुन् । जे होस्, यी ढुङ्गे धाराहरूले त्यस वेलाको सामाजिक, धार्मिक तथा कलाशिल्पको उत्कृष्टतालाई देखाएका छन् ।

लागु पदार्थ दुर्व्यसनको रोकथाममा परिवारको भूमिका

आधुनिकताले सभ्य समाजतर्फ इङ्गित गरे पनि आजको आधुनिकताभित्र अनेक विकृतिहरू लुकेर बसेका छन् जसले हाम्रो समाजलाई धमिराले झैं भित्रभित्रै खाएर खोक्रो बनाउँदै छन् । सामान्यत: विकृति भन्नाले स्वाभाविक वा प्राकृतिक रूपबाट भिन्न खालको रूप वा विकार वा बिगार भन्ने अर्थ हुन्छ । यस दृष्टिले सामाजिक विकृतिले समाजमा आएको विकार वा बिगार भन्ने बुझ्नु पर्ने हुन्छ । हाम्रो समाजमा आज अनेक थरी सामाजिक विकृतिहरूले जरा गाडि सकेका छन् । यस्ता विकृतिले सामाजिक मूल्य र मान्यताहरूलाई समाप्त पार्दै लगि रहेका छन् । कुनै पनि समाजमा व्यक्तिका क्रियाकलापहरू सामाजिक मूल्यबाट नै निर्देशित हुन्छन् । यस्ता सामाजिक मूल्यहरूलाई मानिसका जाति, धर्म, संस्कार तथा समग्र समाज व्यवस्थाले नै प्रभावित गरि रहेको हुन्छ । शताब्दीऔंदेखि निर्मित हुँदै आएका हाम्रा सामाजिक मूल्यहरूलाई धमिरा रूपी सामाजिक विकृतिले केही समयभित्रै नष्ट गरि दिन्छन् । त्यसैले यस्ता सामाजिक विकृतिहरूलाई समयमै निराकरण गरी मूल्य मान्यताको जगेर्ना गर्दै स्वस्थ समाज निर्माणको अभियान नथाल्ने हो भने एक दिन हाम्रो समाजको परम्परागत संरचना नै ध्वस्त भएर जान सक्छ र हामीले आफ्नो पहिचान गुमाउन सक्छौं । यसर्थ आज हामी सबैको पहिलो कर्तव्य समाजलाई विद्यमान अनेक प्रकारका विकृतिहरूबाट कसरी मुक्त पार्ने भन्नेतर्फ क्रियाशील हुनु नै हो ।

हाम्रो समाजमा विद्यमान अनेक विकृतिहरूमध्ये एउटा गम्भीर विकृति लागु पदार्थको दुर्व्यसन हो । लागु पदार्थ दुर्व्यसनले आज नेपाली समाजका युवा पिँढीलाई नराम्रोसँग गाँज्दै लगि रहेछ । दिन प्रतिदिन समाजमा मौलाउँदै गएको यस विकृतिबाट अनेक युवा युवतीहरूले आफ्नो अमूल्य जीवन बर्बाद पारि रहेछन् । मुलुकले सक्षम जनशक्ति गुमाइ रहेको छ भने अनेक परिवारलाई नष्ट गरि रहेछ । आज हाम्रै वरिपरि विभिन्न परिवारका सदस्यहरू लागु पदार्थको कुलतमा फसेर जीवन र मृत्युको दोसाँधमा पुगेको देख्न सकिन्छ । कोही मृत्युसँग लडि रहेको हुन्छ त कसैले जीवन नै गुमाइ सकेको हुन्छ । हिजोआज हामी मन्दिर, पार्क, बगैंचा, रेस्टुराँ आदि सार्वजनिक स्थलमा युवा युवतीहरू नसामा झुमि रहेको देख्न सक्दछौं । यस्तो किन भइ रहेछ ? किन कुनै पनि परिवारले आफ्ना सन्तानको क्रियाकलाप र बानी बेहोरामाथि निगरानी गरि रहेको छैन ? किन युवा युवतीहरू त्यस प्रकारको वातावरणप्रति अधिक अभ्यस्त हुँदै गइ रहेका छन् ? यसतर्फ हाम्रो ध्यान बिरलै पुग्न सकेको छ । के परिवारको पर्याप्त ध्यान आफ्ना सन्तानमाथि पुग्न नसकेर उनीहरू लागु पदार्थको कुलतमा फस्न पुगेका हुन् वा सामाजिक र पारिवारिक पृष्ठभूमिले नै उनीहरूलाई त्यसतर्फ लाग्न उत्प्रेरित गरेको हो ? बुझ्नु पर्ने कुरा हो ।

वास्तवमा आजको युवा वर्ग लागु पदार्थको कुलतमा फस्नुका पछाडि केही प्रमुख कारण रहेका छन् । पहिलो कारण त परिवारमा सन्तानप्रति उचित नियन्त्रण र निगरानीको अभाव हो भने दोस्रो कारण साथी सङ्गत, तेस्रो कारण खुला परिवेश,

चौथो कारण सञ्चार माध्यमको बढ्दो प्रभाव र नक्कल गर्ने प्रवृत्ति हो । यी सबैमा परिवारको भूमिका सर्वाधिक महत्त्वपूर्ण हुन्छ । परिवारले केटाकेटीहरूको क्रियाकलाप, उनीहरूको व्यवहारमा आएको परिवर्तनका कारणहरू, उनीहरूका साथीसँगी र तिनको पृष्ठभूमि आदिबारे समयमै जानकारी राख्ने गरेमा धेरै हदसम्म उनीहरूलाई कुलतबाट बचाउन सकिन्छ ।

लेक लाग्नु

उचाइ सँगसँगै वायु मण्डलमा अक्सिजनको चाप आंशिक रूपमा घट्दै जान्छ । सात हजार फिट माथिको उचाइमा पुगेपछि हावापानीमा परिवर्तन हुने भएकाले त्यसमा बस्न बानी पर्नु पर्ने हुन्छ । यस अवस्थामा पल्मोनरी भेन्टिलेसन र पर्फ्युजन बढ्छ, प्लाज्मा भोल्युम घट्छ । मिर्गौलाबाट बाइकार्बोनेट बढी निस्कन्छ तर यी सबैले हेमोग्लोबिन र हेमाटोकिटको स्तर कायमै राखि रहन्छन् । १४ हजार फिटमा हृदय गति र मुटुबाट निस्कने रगतको मात्रा बढ्छ र पल्मोनरी आर्टेरी प्रेसर बढ्छ । शारीरिक दृष्टिले योग्य र स्वस्थ मानिसहरू यहाँ राम्रैसँग हावापानी सहन सक्छन् । त्यसैले कम सतहमा बसेको व्यक्तिभन्दा माथिल्लो सतहमा बसेको व्यक्तिले बढी काम गर्न सक्दछ । यसलाई सहन नसकेमा श्वास दर बढ्छ, अलिकति टाउको दुख्ने, झर्किने, सजिलैसँग थाक्ने र बढी निदाउने हुन्छ ।

हावापानी खप्ने कुरा बिस्तारै १७ हजार पाँच सय फिटसम्म हुन्छ । त्यसभन्दा माथि अक्सिजन सेचुरेसन ७० प्रतिशतले घट्छ । मानिसको आन्तरिक शक्ति पनि बिस्तारै घट्छ । यदि यो उचाइमा लामो बसाइ भएमा खान मन नलाग्ने, वजन घट्ने, मानसिक शारीरिक सामर्थ्य घट्ने तथा सङ्क्रामक रोग सजिलै लाग्न सक्ने हुन्छ । १५ हजार फिटभन्दा माथि स्थायी रूपले बसोवास गर्ने मानिस छैनन् ।

जुन व्यक्ति छिटो छिटो पहाड चढ्छ उसलाई लेक लाग्छ । कसैलाई ८ हजार फिटमै लेक लाग्छ त कसैलाई १९ हजार फिटसम्म पनि केही हुँदैन वा पचाउन सक्छ । लेक लागेको सबभन्दा पहिलो लक्षण टाउको दुख्ने, वाकवाकी लाग्ने, उल्टी हुने गर्दछ र क्रमशः आलस्य, मांसपेशी दुख्ने, कमजोरी हुने, श्वास फेर्न गाह्रो हुने, अनुहार, ओठ आदि निलो हुने, चक्कर लाग्ने, छिटो छिटो नाडी चल्ने र निद्रा नपर्ने हुन्छ । अन्तःकोषीय सुजनले यस्तो हुन्छ । पछि गएर फोक्सो सुन्निने, मस्तिष्कमा सुजन समेत हुने गर्दछ । युवाहरू केही हुँदैन भनी बढी ढुक्क भएर जबरजस्ती माथि चढ्न खोज्छन् । यसो गरेमा फोक्सोमा सुजन हुन पुग्छ । मस्तिष्कमा सुजन भएमा झुम्म पार्ने, लट्ठिने, द्विविधा हुने तथा छटपटाउने र बेहोस हुने गर्दछ । यो आँखाको पेपिलो एडेमा हेरेपछि निश्चित हुन्छ । आँखाभित्रको रेटिनामा रक्तश्राव पनि हुन सक्छ । यो जटिलता बिस्तारै बिस्तारै चढ्दै जाने गर्नाले र एसेटाजोलामाइडको प्रयोगबाट रोकथाम हुन्छ । यसको उपचार गर्नु परेमा छिटै त्यहाँबाट झर्री अक्सिजन, फुसेमाइड दिनु पर्छ । मर्फिन १५ मि. ग्रा., पल्मोनरी इडेमालाई र डेक्सामेथाजोन, सेरेब्रल इडेमा दिनु पर्छ । भेनस थ्रम्बोसिस रोकथामलाई प्रशस्त झोल पदार्थ खाने र एक्सरसाइज गर्ने गर्नु पर्दछ ।

धेरै दिन वा वर्षसम्म अधिक उचाइमा बस्ने व्यक्तिहरूलाई क्रोनिक माउन्टेन सिकनेस हुन्छ । यसले शरीर निलो हुने, कार्डियक फेलियर, पल्मोनरी हाइपरटेन्सन र मानसिक तथा स्नायु सम्बन्धी विकृति हुन थाल्छ । यसको उपचार समुद्र सतहभन्दा कम उचाइमा राख्ने र अरू लक्षण अनुसार उपचार गर्ने गर्नु पर्छ ।

पुनर्जलीय उपचार

चुहिएको गाग्रामा पानी हाल्दै भर्ने प्रयास गर्नुलाई अस्वस्थ अवस्था सम्झनु पर्दछ । प्वाल परेको गाग्राबाट पानी चुहिएर गाग्राभित्रको पानी घट्दै गए झैं मानिसको शरीरबाट पानी खेर गई पानी घट्छ र ऊ बिरामी हुन्छ । यस्तो हुँदा पानीसँगै नुन र शरीरको तागत पनि खेर जान्छ । यसरी पानी, नुन र तागत खेर जाने प्रक्रियालाई जल वियोजन भनिन्छ । धेरै जल वियोजन भएमा मानिस मर्न सक्दछ । झाडा पखाला हुँदा मर्ने मुख्य कारण जल वियोजन नै हो ।

नचुहिएको गाग्रामा पानी भऱ्यो भने रित्तिन पाउँदैन र भरिइ रहन्छ । त्यस्तै औषधी पानी खुवाउँदै गऱ्यो भने झाडा पखालाबाट खेर गएको पानी र नुन आपूर्ति हुन्छ र बिरामी मृत्युबाट बच्दछ । यसरी तिन चार दिनसम्म औषधी पानी खुवाएपछि बिरामीको झाडा पखाला आफै निको हुन्छ । यसरी खेर गएको नुन र पानी आपूर्ति गर्ने प्रक्रियालाई पुनर्जलीय उपचार भनिन्छ ।

पुनर्जलीय उपचारले बिरामीको पखाला तत्कालै रोकिँदैन तर जल वियोजनलाई सुधार्छ र बिरामीलाई मर्नबाट बचाउँछ । औषधी पानीले पखाला थामिएन भनेर कति मानिसहरूले गुनासो गरेको सुनिन्छ तर सम्झनु पर्ने कुरा के छ भने झाडा पखाला लागेको बिरामीको मुख्य उपचार नै जल वियोजन हुन नदिई रोगीको प्राण बचाउनु हो । पुनर्जलीय प्रक्रियाबाट जल वियोजनको उपचार भएमा झाडा पखालाका धेरैजसो बिरामीहरू आफै ठिक हुन्छन् । त्यसैले झाडा पखाला लागेका बिरामीका लागि पुनर्जलीय उपचार नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ ।

बिरामीलाई कसरी र कति पुनर्जलीय उपचार गर्ने भन्ने कुरा बिरामीको अवस्था र वियोजनको स्थितिमा भर पर्ने हुँदा पहिले बिरामीको स्थितिको लेखाजोखा गर्नु पर्दछ र सोही अनुसार उपचार प्रणाली अपनाउनु पर्दछ । त्यसैले कस्तो बिरामीलाई गाउँघरमै उपचार गर्ने हो, कस्तालाई स्वास्थ्य चौकी वा अस्पतालमा उपचारका लागि पठाउने हो वा कस्तालाई सामान्य उपचार गर्ने उपाय सिकाए पुग्दछ भन्ने कुरा बिरामीको जल वियोजनको स्थितिमा भर पर्दछ ।

साहित्यको पहिचान र पारखका क्रममा समालोचनाको भूमिका

साहित्य के हो ? थाहै नपाई साहित्यसँग मानिसको साइनो बस्दो रहेछ । केही थाहा पाउन थालेदेखि नै साहित्य मानिसलाई मन पर्न पनि थाल्दो रहेछ । यसरी साहित्य प्रिय लागि रहे पनि साहित्यको पहिचान र पारख गर्नु चाहिँ त्यति सहज र सुगम नरही चुनौतीपूर्ण नै रहँदै आएको छ । साहित्य छ र हुन्छ अनि हामी त्यसलाई केही चिन्दछौं र त्यसको प्रयोग वा उपयोग समेत गरि रहेका हुन्छौं तापनि त्यो के हो वा कस्तो हुन्छ र त्यसका के कस्ता विविध प्रकार देखिन आएका छन् भनी सोधनी गर्न लाग्नासाथ अनेक कठिनाइसँग हाम्रो जम्काभेट हुन थाल्दछ । यस्ता जिज्ञासाले साहित्यका जुन तत्त्व मीमांसातर्फ हामीलाई डोऱ्याउँछन् त्यो नै साहित्यको शास्त्र हो । वनस्पतिहरू छन् र नै वनस्पति शास्त्रको अपेक्षा भई त्यसको उठान र विकास भए जस्तै साहित्य हामीसँग भएकाले नै हामीलाई साहित्यको शास्त्र पनि चाहिने हुन्छ । सक्षम साहित्य शास्त्र त्यही हो, जसले साहित्यको पर्याप्त पहिचान र सही पारखका क्रममा समालोचना कर्मी वा समालोचकलाई पनि सघाउँछ । त्यसैले साहित्य शास्त्र वा साहित्य सिद्धान्तको अर्को नाउँ समालोचना सिद्धान्त पनि हो । कुनै भाषाको कुनै स्रष्टाका खास कृति वा कृतित्वबारेको समालोचना प्रायोगिक वा व्यावहारिक समालोचना हो भने साहित्यको स्वरूप, हेतु, प्रकार, प्रयोजन आदि सम्बन्धी तत्त्व मीमांसा चाहिँ सैद्धान्तिक समालोचना हो, जसले सिद्धान्ततः साहित्यलाई चिनाउनुका साथै त्यसको समालोचनात्मक पारखका निम्ति सैद्धान्तिक मार्ग दर्शन मार्फत एकल वा बहुल उपयुक्त पद्धति समेत प्रदान गरी सघाउने गर्दछ ।

पृथ्वीको उत्पत्ति

आज मानव जाति जुन पृथ्वीमा विचरण गरि रहेको छ त्यसको सृष्टिको कथा बडो रोचक छ । पृथ्वीको यो कथा कुनै काल्पनिक कथा होइन बरु वैज्ञानिक अनुसन्धानको परिणामको इतिहास हो । वैज्ञानिकहरूका अनुसार आजभन्दा करोडौं अरबौं वर्ष पहिले सूर्य अत्यन्त ठुलो र अति तप्त तरल पदार्थ (ग्यास) को पुञ्ज थियो । संयोगवश कुनै समय कुनै नक्षत्र सूर्यको समीपमा आयो र त्यसको आकर्षणले सूर्यका साना साना चोइटा उछिट्टिएर बाहिर निस्के । यसरी बाहिर निस्किएका वा उछिट्टिएका चोइटा गुरुत्वाकर्षणको सिद्धान्त अनुसार सूर्यबाट धेरै टाढा जान सकेनन् र त्यसैको आसपास सूर्यलाई केन्द्रविन्दु बनाएर वरिपरि घुम्न थाले । यिनै टुक्रालाई वैज्ञानिकहरू अग्निकणका नामले सम्बोधन गर्दछन् । यिनको अर्को नाम हो ग्रह । विद्वान्हरूले प्रमुख ग्रहको सङ्ख्या नौ मानेका छन् जसमा पृथ्वी पनि एक हो । यी प्रमुख ग्रहका पनि अरू ग्रह हुन्छन्, जसलाई उपग्रह भनिन्छ । पृथ्वी सूर्यको उपग्रह मानिन्छ भने पृथ्वीको उपग्रह चन्द्रमा हो । यस्ता सबै ग्रहलाई मिलाएर सौर मण्डल भनिन्छ । यी सबै ग्रहमा जेठो ग्रह सूर्य भएको हुँदा यिनको समूहलाई यस्तो नामकरण गरिएको हो । यसरी सूर्यबाट उछिट्टिएर एउटा टुक्रा पर गएर पृथ्वीको निर्माण भएको हुँदा क्रमशः पृथ्वीमा ताप कम हुन थाल्यो । पृथ्वीको आकार गोलो भएको र यो पनि आफ्नो अक्षमा घुमि रहने हुँदा सूर्यको ताप र प्रकाश पृथ्वीमा चारैतिर परेको पञ्चै नहुने भयो । पृथ्वी घुमेर सूर्यतिर परेको भागमा सूर्यको ताप र प्रकाश परे पनि अर्कातिर फर्केको भागमा नपर्ने भयो । सूर्यतिर

फर्केको भागमा उज्यालो हुन्थ्यो भने यसको अर्को भागमा अँध्यारो हुन्थ्यो । यसै कारण पृथ्वीमा दिन र रातको सृष्टि भयो अर्थात् सूर्यको ताप र प्रकाश परेको भागमा दिन र नपरेको भागमा रातको कल्पना गरियो । यसै चक्रको आधारमा आज हामी समयको गणना गर्दछौं । यसरी सूर्यको ताप पृथ्वीमा एकनास पर्न नसकेको हुँदा क्रमशः पृथ्वीको अंश सेलाउँदै गयो । आज जुन पृथ्वीमा हामी छौं, त्यो अनेक युगको परिवर्तनको परिणाम हो । यसमा जीव पैदा हुन धेरै समय लाग्यो ।

कम्प्युटर शिक्षा

एक्काइसौं शताब्दी भनेको विद्युतीय (इलेक्ट्रोनिक) शताब्दी हो । आज हामी कम्प्युटरको युगमा छौं । हाम्रो दैनिक जीवनका धेरैजसो कामहरू हामी कम्प्युटरबाटै गर्न सक्छौं । आज कम्प्युटर सम्पूर्ण क्षेत्रमा प्रयोग गरिएका छन् जसले हाम्रो कामलाई निकै सजिलो, छिटो र भरपर्दो बनाइ दिएको छ । त्यसैले गर्दा आज कम्प्युटर शिक्षा अत्यावश्यक भइ सकेको छ; कम्प्युटर नजान्ने व्यक्तिले नयाँ विश्वका लागि आफूमा केही कुरा कमी भएको पाउँछ र उसमा हीन भावना विकास हुन सक्ने प्रबल सम्भावना छ ।

कम्प्युटर शब्द ल्याटिन भाषाको *'COMPUTARE'* बाट ल्याइएको हो । कम्प्युटरलाई छोटकरीमा निम्न अनुसार परिभाषित गर्न सकिन्छ–

कम्प्युटर एउटा इलेक्ट्रोनिक यन्त्र हो जसले आगत (इन्पुट) लिन्छ र प्राप्त तथ्यहरूलाई प्रशोधन गरी अर्थपूर्ण नतिजा निर्गत (आउटपुट) दिन्छ जुन हाम्रा लागि उपयोगी हुन्छ ।

कम्प्युटर एक इलेक्ट्रोनिक यन्त्र हो जसले अत्यन्तै उच्च वेगमा प्रयोग कर्ताले दिएको निर्देशन अनुसार कार्य सम्पादन गरी नतिजा प्रस्तुत गर्न र डाटा भण्डारण गर्न सक्छ ।

कम्प्युटरले काम गर्नका लागि हार्ड वेयर र सफ्ट वेयरको मिलन हुनु पर्छ । हार्ड वेयर भन्नाले कम्प्युटरका विभिन्न भागहरू जस्तै : कुञ्जिपट (किबोर्ड), केन्द्रीय प्रशोधन एकाइ (सी.पी.यू.), मनिटर, प्रिन्टर इत्यादिलाई बुझिन्छ जसलाई हामीले आँखाले देख्न र हातले छुन सक्छौं र सफ्ट वेयर भन्नाले कम्प्युटरले बुझ्ने भाषामा क्रमबद्ध गरी लेखिएका निर्देशनहरूका विभिन्न सेटहरू हुन् जसलाई हामीले हातले छुन सक्दैनौं । ती क्रमबद्ध निर्देशनहरूका सेटलाई प्रोग्राम भनिन्छ ।

कम्प्युटरले आगत (इन्पुट), प्रशोधन (प्रोसेसिङ) र निर्गत (आउट पुट) सिद्धान्त अनुसार काम गर्छ ।

जुनसुकै कम्प्युटरले पनि यही आधारभूत सिद्धान्त अनुसार काम गर्दा तथ्यहरू आगतको रूपमा प्राप्त गर्छ र प्राप्त तथ्यहरूलाई प्रशोधन गरी आवश्यक परिणाम निर्गतको रूपमा दिन्छ जसलाई हामी छाप्न तथा भण्डारण गरि राख्न सक्छौं ।

कम्प्युटर प्रयोग कर्ताले इन्पुट साधनहरू जस्तै : किबोर्ड, माउस, माइक्रोफोन, स्क्यानर इत्यादिको प्रयोग गरेर कम्प्युटरलाई निर्देशन तथा तथ्यहरू दिन्छ । त्यसपछि कम्प्युटरले ती प्राप्त भएका निर्देशन तथा डाटाहरूलाई सिपियुभित्र लगी प्रशोधन गरी अर्थपूर्ण नतिजामा परिणत गरि दिन्छ र त्यो नतिजा हामीले आउटपुट साधनहरू जस्तै : मनिटर, प्रिन्टर इत्यादिबाट प्राप्त गर्न सक्छौं ।

साङ्ख्य दर्शन

साङ्ख्य दर्शन प्रकृतिलाई सृष्टिको मूल वा प्रधान कारण मान्ने दर्शन हो । यस दर्शनमा पछि आएर ईश्वरवाद थपिएको भए तापनि यसले मूलतः ईश्वरलाई सृष्टिकर्ता मान्दैन । यो पुरुष र प्रकृति नामका दुई तत्त्वको परम सत्तालाई स्वीकार गर्ने द्वैतवादी दर्शन हो । यसले प्रकृतिलाई कर्तृ र पुरुषलाई चेतना मानेको छ ।

साङ्ख्य दर्शनलाई दक्षिण एसियाको सबभन्दा पुरानो दर्शन मानिन्छ । देवीप्रसाद चट्टोपाध्यायले त यो दर्शन उपनिषद्हरूभन्दा पनि जेठो हुनु पर्दछ भन्ने तर्क समेत गरेका छन् । महाभारत, चरक संहिता, मनुस्मृति, विभिन्न पुराणहरू र कतिपय उपनिषद्हरूमा समेत साङ्ख्यको चर्चा भएको पाइनुले यो दर्शन उपनिषद्हरूभन्दा जेठो नभए पनि समकालीन अवश्य हो भन्ने देखिन्छ ।

साङ्ख्यका प्रतिपादक महर्षि कपिल मानिन्छन् । उनको समय यकिन छैन तापनि उपनिषद्हरूमा समेत कपिलको चर्चा हुनु, बुद्धका पूर्वजहरूले महर्षि कपिलकै सल्लाह र सहयोगमा कपिलवस्तु नगर स्थापना गरेका थिए भन्ने बौद्ध ग्रन्थहरूमा उल्लेख हुनु, उनले स्थापना गराएको हुनाले उनकै नामबाट 'कपिलवस्तु' नाम रहेको हो भन्ने किंवदन्ती वा लोककथा प्रचलित हुनु, ज्ञान प्राप्तिका निम्ति राज्य त्यागेर हिँडेपछि बुद्धले साङ्ख्य र योग शास्त्रको अध्ययन गरेका थिए भन्ने कुरा बौद्ध महाकवि अश्वघोषद्वारा रचित 'बुद्ध चरित' मा नै उल्लेख हुनु जस्ता तथ्यहरूले कपिल र कपिलको साङ्ख्य दर्शन बुद्धभन्दा पहिलेका थिए भन्ने पुष्टि हुन्छ । अत: साङ्ख्य दर्शनका प्रणेता महर्षि कपिलको समय कम्तीमा पनि इसापूर्व सातौँ शताब्दी हुनु पर्दछ । तर कम्तीमा पनि चौधौँ शताब्दी इ. को रचना हुनु पर्छ भन्ने अनुमान गरिएको 'साङ्ख्य सूत्र' नामक ग्रन्थका रचनाकार पनि कपिल थिए भन्ने राय समेत पाइनुबाट भने कपिल नामका एकभन्दा धेरै ऋषिले साङ्ख्य दर्शनको विकासमा योगदान गरेको अनुमान गर्न सकिन्छ । साङ्ख्य दर्शनको पहिलो र मूल ग्रन्थ 'षष्ठितन्त्र' हो । त्यसकै आधारमा 'साङ्ख्यकारिका' लगायतका ग्रन्थहरूको रचना भएको थियो भन्ने विश्वास गरिन्छ । 'आत्रेय तन्त्र' लगायत अन्य ग्रन्थहरूको पनि उल्लेख भएको पाइन्छ । शङ्कराचार्यले साङ्ख्य दर्शनलाई 'कपिलको तन्त्र' र साङ्ख्य दार्शनिकहरूलाई 'तन्त्रान्तरीय' भनी उल्लेख गरेका छन् । यी कुराहरूले साङ्ख्य दर्शन सुरुमा एक तन्त्रको रूपमा रहेको हुन सक्ने सङ्केत गर्दछन् ।

नारीवाद

आज एका थरी नारीवादीहरूले महिलालाई शक्ति सम्पन्न गराउने नाममा नारीवादको अर्थ र परिभाषालाई अपाच्य बनाएको देखिन्छ । साथै 'नारीवाद' शब्दले सशङ्कित हुने र डराउने अवस्था सिर्जना भएको पनि पाइन्छ । तर यथार्थमा नारीवादको अर्थ त्यति डरलाग्दो छैन, त्यति आपत्तिजनक पनि होइन, जति हामीले सुनेका, बुझेका र जानेका छौँ । 'नारीवाद' आफैमा यस्तो सिद्धान्त होइन, जसको कुनै ठोस परिभाषा होस् तर यो यस्तो सिद्धान्त हो, जसलाई डोऱ्याउँदा राजनीतिक, वैचारिक, सैद्धान्तिक र व्यावहारिक पक्षले प्रभाव पार्छ; समाज, परिवेश वा देश काल परिस्थिति अनुकूल सिद्धान्तलाई उपयोग गर्न सकिन्छ तर पनि नारीवादी आन्दोलन पुरुषबाट अलग भएर जाने भन्ने मान्यता लिन हुँदैन । नारीवादी आन्दोलनमा पुरुषहरूको पनि सहयोगको आवश्यकता पर्छ । पुरुष र महिला दुबै पक्षको सहयोग र सद्भावबाट मात्र नारीवादी आन्दोलन सबल ढङ्गले अगाडि बढाउन सकिन्छ । जसरी विश्वको कुनै पनि आन्दोलन नारी सहभागिताविना सफल भएको छैन, त्यसै गरी महिला अधिकार र समानताको आन्दोलन पनि पुरुषको सहभागिताविना सफल हुन गाह्रो हुन्छ ।

कुनै पनि आन्दोलनलाई मार्ग दर्शन गर्न निश्चित विचार, सिद्धान्त र प्रतिबद्धताको आवश्यकता पर्छ । अहिले महिला अधिकार र समानताका लागि हिंसा र अशान्ति होइन, सम्झौताको आन्दोलनबाट समाधान खोज्नु पर्छ । महिलामाथि नकारात्मक रूपमा पारिएको सामाजिक प्रभावलाई परिवर्तन गराउनु पर्छ । प्रत्येक महिलाले आफूमाथि परेको अन्याय, अत्याचार र शोषणबाट आफ्नो हक, अधिकार र कर्तव्यप्रति सचेत हुने अभियानमा निरन्तर वैचारिक र व्यावहारिक रूपमा लागि रहनु नै 'नारीवाद' हो । यो अभियानमा महिला मात्र होइन, पुरुषहरू पनि सामेल भएर सहयोग गर्न आवश्यक छ । महिलाहरू आफै उत्पीडनको सिकार भएका हुन्छन् । उनीहरूले अत्याचार र शोषणको भुक्तमान सहेका हुन्छन् भने पुरुषहरूले महिलामाथि परेको त्यो शोषण अनुभूत गरेका हुन्छन् तर त्यो शोषण र भुक्तमानका कारक पुरुषहरू होइनन् । त्यसको कारक भनेको हाम्रो सामाजिक संरचना हो जसका आधारमा मूल्य र मान्यताहरू निर्धारित भएका छन् । समाजले महिला र पुरुषलाई लैङ्गिक विभेदका नाममा उनीहरूका जिम्मेवारी र दायित्व पनि फरक फरक बनाइ दिएको छ, जसले महिलाहरूमाथि सधैँ गलत प्रभाव पारि रहेको छ तर नारीवादी आन्दोलन भनेर आज पूर्वीय र पाश्चात्य जगत्मा प्रशस्त भनाइहरू सुन्ने गरिन्छ र नारीवादलाई भिन्न भिन्न रूपमा बुझ्दै र बुझाउँदै आएको पनि पाइन्छ ।

वन र दुर्लभ वनस्पति

हाम्रो वरिपरि रहेका सबै थरीका बोट बिरुवा, रुख लहरा, घाँसपात आदिलाई बुझाउने साझा नाउँ वनस्पति हो । संसारमा फुल फुल्ने र नफुल्ने गरी दुई प्रकारका वनस्पतिहरू छन् । नेपालमा पनि यी दुवै थरी वनस्पति पाइन्छन् । नेपाल भौगोलिक विविधता भएको देश हुनाले यहाँ फरक फरक किसिमको हावापानी छ र सोही अनुसार यहाँ विभिन्न किसिमका वनस्पति पाइन्छन् । नेपालका

तराई, भाबर, दुन र चुरे क्षेत्रमा उपोष्ण प्रदेशीय सदाबहार जङ्गल छ । समुद्री सतहदेखि एक हजार दुई सय मिटरसम्मको उचाइमा रहेको जङ्गल नै उपोष्ण प्रदेशीय सदाबहार जङ्गल हो । यो जङ्गल ज्यादै घना हुन्छ । एक हजार दुई सय मिटरभन्दा माथि करिब दुई हजार एक सय मिटरसम्मको उचाइमा उम्रने रुखबाट बनेको जङ्गललाई समशीतोष्ण पतझर जङ्गल भनिन्छ । यो पहाडी जङ्गल हो र यो त्यति घना वा बाक्लो हुँदैन । समुद्री सतहबाट तिन हजारदेखि चार हजार मिटर उँचो भूभागमा पाइने वनस्पतिलाई लेकाली वनस्पति भनिन्छ । हिमालको तल्लो भूभाग तथा केही होचो धरातलमा यस्ता वनस्पति रहन्छन् । समुद्री सतहबाट चार हजार मिटरभन्दा उँचो भूभागमा पाइने वनस्पतिलाई हिमाली वनस्पति वा टुन्ड्रा भनिन्छ । यस्ता वनस्पति रहने ठाउँको तापक्रम वर्षभर नै ०° भन्दा पनि न्यून रहन्छ । नेपालका उच्च पहाडी, लेकाली र हिमाली वन प्रदेशमा यार्सागुम्बा, पाँचऔँले, जटामसी जस्ता औषधीय गुणका वनस्पति पाइन्छन् । यी थरी थरीका वनस्पतिहरू भेटिने नेपालको वन प्रदेश अत्यन्त महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो ।

जोखिम र जोखिम व्यवस्थापन

तपाईंको जीवनमा समस्याहरू छन् । तपाईंले गर्ने व्यवसाय, रोजगारी र व्यक्तिको जीवनमा पनि निकै अप्ठ्यारोहरू आइ पर्छन् । विमान दुर्घटना हुन्छ । भूकम्प, बाढी र पहिरोले सम्पत्ति नष्ट गर्छन् । आगलागीका कारण धनजनको क्षति हुन्छ । मोटर र रेलहरू दुर्घटनामा पर्छन् । यी समस्याले हाम्रो जीवन सधैँ अप्ठ्यारामा छ । हामीले आर्जन गरेको सम्पत्ति पनि स्थायी र सुरक्षित छैन । हामी हरेक ठाउँमा जोखिमयुक्त जीवन बाँचेका छौँ । बिरामी हुँदा उपचार गर्ने पैसा छैन, छोराछोरी पढाउनु पऱ्यो– ऋण वा सापटी खोज्ने ठाउँ छैन । आफू केही भइयो, परिवार र छोराछोरीको जीवनाधार छैन । त्यसलाई कसरी हल गर्ने भन्ने उपाय पनि छैन । अब कसरी यसबाट पार पाउने ?

यी सबै हाम्रो जीवनका जोखिमका अवस्था हुन् । जोखिम भनेको जीवनमा आइ पर्ने समस्या हो र अझ सामान्य भाषामा तपाईंको जीवनमा आइ पर्ने बाधा वा अप्ठ्यारो हो । अझ जोखिमलाई हानिकै अर्थमा पनि बुझ्ने गरिन्छ तर बिमाको भाषामा यति मात्र भनेर जोखिमको अर्थ पूर्ण हुन सक्तैन । बिमामा जोखिम भनेको तपाईंको जीवनमा, व्यवसायमा, सवारी साधनमा केही हुन्छ भनेपछि त्यसका बारेमा शङ्का उत्पन्न हुने र त्यसबाट मुक्त हुने अवस्था पनि हो । यसलाई जोखिमबाट मुक्तिको अवस्था पनि भनिन्छ । अर्को शब्दमा यो आर्थिक सङ्कट निम्त्याउने अवस्था हो र त्यसलाई मानिसले बिमाको माध्यमबाट अन्त्य गर्दछ । अझ जोखिमलाई परिभाषित गर्दा तपाईंले आशा गरेभन्दा फरक नतिजा देखाउने अवस्थाका सन्दर्भबाट पनि हेर्न सकिन्छ । उदाहरणका लागि तपाईं आफ्नो व्यवसायबाट नाफा कमाउँछु भन्ने सोचि रहेको समयमा आगलागी भयो । यो तपाईंले आशा गरेभन्दा फरक अवस्था हो वा जोखिम हो । अझ आफ्नो बच्चाको पढाइ खर्च जुटाउँदै गर्दा तपाईं निकै ठुलो दुर्घटना वा रोगको सिकार हुनु भयो । यस्तो अवस्था दुर्भाग्यवश हुन्छ र यो एउटा अप्रिय घटना हो त्यसैले जोखिम हानि नोक्सानीको सम्भावनालाई अन्त्य गर्ने उपायको खोजी पनि हो र खतरापूर्ण अवस्थाको संयोजन पनि हो ।

बिमा व्यवसायले जीवनमा आइ पर्ने खतरा वा भवितव्य रोक्न सक्दैन । यसले भूकम्प, बाढी, पहिरो, रोगव्याधि आदिलाई छेक्न सक्दैन तर यस्ता विपत्तिबाट हुने आर्थिक क्षतिबाट एक हदसम्म राहत दिन्छ । वित्तीय रूपमा हुने हानि नोक्सानीको क्षतिपूर्ति प्रदान गरेर बिमाले जोखिमबाट बच्न सहयोग गर्छ । यही आधारमा जोखिमलाई बिमाको केन्द्र वा मूलाधारका रूपमा लिने गरिन्छ । त्यसैले बिमालाई खतराबाट मुक्तिको माध्यम पनि भनिन्छ ।

बिमाबाट तपाईंका सबै समस्या समाधान हुन्छन् भन्ने होइन न त बिमाले तपाईंका सबै आर्थिक समस्याको नै समाधान गर्छ । यसले जोखिम निर्मूल गर्ने होइन तर जोखिमपूर्ण धन वा जीवनमाथि आइ पर्ने आर्थिक सङ्कटलाई न्यूनीकरण गर्दछ । तपाईं, तपाईंको परिवार वा समाज र तिनको सम्पत्तिमा क्षतिको सम्भावना सदैव रहन्छ, जुन अवस्था जोखिमको अवस्था हो । यस्तो आर्थिक क्षतिबाट बचाउन बिमाले क्षतिपूर्ति दिन्छ र तपाईं र तपाईंको परिवार, समाज र तिनका सम्पत्तिमा आएको आर्थिक सङ्कटको समाधान गरी सङ्कटसँग जुधेर सुखद जीवन बाँच्न सक्ने क्षमता र हिम्मत प्रदान गर्दछ ।

जोखिम र बिमा अत्यन्त निकट विषय हुन् । जोखिमकै कारण बिमा जन्मियो र कुशल व्यवस्थापन गरी जोखिममा न्यूनीकरण ल्यायो । त्यसैले जोखिम र बिमा एक अर्काका पूरक छन् ।

बिमामा जोखिमको व्यवस्थापन गरिन्छ । जोखिमको व्यवस्थापन भन्नाले आफूले बिमा गरेर सकारेको जोखिमलाई अरू बिमा कम्पनीमा सार्ने कुरा हो । यसमा अरू बिमा कम्पनीबाट पनि जोखिमलाई हस्तान्तरण गर्दै आफ्नो जिम्मेवारी वा दायित्वलाई बिमकले आफूमा सीमित गरेको हुन्छ ।

बिमामा जोखिम सार्ने प्रक्रिया नै जोखिम व्यवस्थापन हो । यसमा बिमितले बिमा कम्पनीलाई बिमा शुल्क भुक्तानी गर्छ । यो यसको प्रथम अवस्था हो । त्यसपछि बिमा कम्पनीले पनि बिमितको जोखिममध्ये आफ्नो क्षमताले धान्न नसक्ने जोखिमलाई अरू बिमा कम्पनीमा सार्दछ । यस प्रक्रियालाई पुनर्बिमा भनिन्छ जसमा कम्पनीले जोखिमको मात्राको अनुपातमा बिमा शुल्क समेत सार्दछ । अरू पुनर्बिमा कम्पनीले पनि जोखिम सारेर यसै गरी यसको व्यवस्थापन गर्दछन् । जोखिमलाई क्षमता अनुसार हस्तान्तरण गरिने हुँदा बिमा कम्पनीहरू जोखिम व्यवस्थापन गर्ने कुरामा व्यावसायिक रूपमा सदैव सक्षम रहेका हुन्छन् ।

बिमाको मूल आधार जोखिम हो । त्यसैले बिमामा बिमाको शुल्क पनि जोखिमका आधारमा निर्धारण हुन्छ । जोखिम बढी भएको अवस्थामा बिमा शुल्क बढी हुन्छ भने जोखिम कम भएको अवस्थामा बिमा शुल्क पनि कम हुन्छ । जोखिम व्यवस्थापन कम्पनीको मात्र नभई बिमितको पनि हुन्छ । बिमितले बिमा गर्नुअघि आफ्नो सम्पत्ति वा दायित्व र परिवारका सदस्यको जीवनमा रहेको जोखिमको अध्ययन र विश्लेषण गरी आफूले धान्न नसक्ने जोखिमका लागि बिमा शुल्क तिरी बिमा गर्दछ । यो व्यवस्थापन बिमितको व्यवस्थापन हो ।

वनस्पति र खाद्य बालीको विकास

पृथ्वीको उत्पत्ति करिब ४ अर्ब ५० करोड वर्षअघि भएको अनुमान गरिन्छ भने पृथ्वीमा पहिलो जीवको उत्पत्ति ३ अर्ब ५० करोड वर्षअघि भएको मानिन्छ । पृथ्वीमा पहिलो जीवको उत्पत्ति भएको करिब १० करोड वर्षपछि हरित कण अर्थात् क्लोरोफिल भन्ने रङद्रव्य (पिग्मेन्ट) युक्त एक कोषीय जीवको विकास भयो । यसैलाई हामी आज वनस्पति भन्छौं । यिनै हरित कणले गर्दा वनस्पति हरियो रङका भएका हुन् । हरित कणको मद्दतबाट वनस्पतिले फोटोसिन्थेसिस भनिने जैविक प्रक्रियाद्वारा सौर ऊर्जालाई मानिस लगायत पृथ्वीका सम्पूर्ण प्राणी जगत्ले बाँच्न उपयोग गर्ने रासायनिक ऊर्जामा परिणत गर्छ । तसर्थ पृथ्वीका सम्पूर्ण प्राणीको अस्तित्व अन्ततः वनस्पति र तिनमा निहित फोटोसिन्थेसिस प्रक्रियामा भर पर्छ ।

समय क्रममा एक कोषीय हरित कणयुक्त जीवबाट फुल फुल्ने र फुल नफुल्ने जातका विविध प्रजातिका बहु कोषीय वनस्पतिको विकास भयो । सबै प्रकारका वनस्पतिमध्ये फुल फुल्ने जातको वनस्पति सबैभन्दा विकसित, ठुलो र प्रधान समूह हो । पृथ्वीमा फुल फुल्ने जातको वनस्पति लगभग १२ करोड वर्षअघि देखा परेको थियो । यस समूहका वनस्पतिले करिब ८ करोड वर्षदेखि पृथ्वीको भूभागको अधिकतम क्षेत्रफल ओगट्दै आएका छन् ।

वनस्पति जगत्मा फुल फुल्ने जातको वनस्पतिलाई सबैभन्दा विकसित वनस्पति मानिए जस्तै प्राणी जगत्मा आधुनिक मानव होमो सेपियन्सलाई सबैभन्दा विकसित प्राणी मानिन्छ । आधुनिक मानव लगभग ५ लाख वर्षअघि मात्र पृथ्वीमा अस्तित्वमा आएको थियो । प्राणीमध्ये सबैभन्दा जटिल र विकसित मस्तिष्क भएका कारण आधुनिक मानव प्राणी जगत्मा सर्वश्रेष्ठ प्राणी भएको हो ।

वनस्पति र मानव बिच गहन सम्बन्ध छ । मानिसको बाँच्ने आधार वनस्पति हो । माना, छाना र नाना जस्ता मानिसका आधारभूत आवश्यकताको प्रमुख स्रोत वनस्पति हो । उद्योगका लागि आवश्यक कच्चा पदार्थका मूल स्रोत वनस्पति हुन् । आजको विश्व अर्थतन्त्रको करिब ४० प्रतिशत अंश प्रत्यक्ष वा परोक्ष रूपमा वनस्पति लगायतका जैविक स्रोतको उपयोगमा आधारित छ । त्यति मात्र होइन, मानिसलाई सास फेर्न र बाँच्न नभई नहुने अमूल्य तत्त्व अक्सिजनको स्रोत हरिया वनस्पति नै हुन् । हरेक वनस्पति सेवन वा अन्य कुनै प्रयोजनका लागि उपयोगी नभए पनि यिनका सबै प्रजातिले मानिसका निम्ति अपरिहार्य अक्सिजन भने निरन्तर रूपमा उत्पादन गरि रहन्छन् । त्यसैले मानिसको अस्तित्वका लागि सबै वनस्पतिको महत्त्वपूर्ण योगदान रहेको हुन्छ । मानिसका लागि काम नलाग्ने वनस्पति संसारमा कुनै पनि छैन ।

लाखौं वर्षअगिदेखि मानिसले बाँच्न जङ्गलमा पाइने खान योग्य वनस्पति उपयोग गर्दै आएको भए पनि लगभग ११ हजार वर्षअघि मात्र खाद्य वस्तुका लागि उपयोगी वनस्पतिको घरेलुकरण अर्थात् कृषि प्रणाली सुरु भएको थियो । मध्यपूर्व, एसिया र अमेरिकी भूभागमा कृषि युगको प्रादुर्भाव लगभग एकै समयमा भएको थियो । मध्यपूर्वी क्षेत्रमा आजको लेबनान, सिरिया, इराक

र इरान पर्ने भूभागमा लगभग ११ हजार वर्षअघि कृषि प्रणाली पहिलो पल्ट सुरु भएको मानिन्छ । लगभग त्यही समय चिनको येलो रिभर क्षेत्रमा र अमेरिकाको पेरू र मेक्सिको क्षेत्रमा समानान्तर रूपमा कृषिको प्रारम्भ भएको थियो ।

मध्यपूर्वमा सबैभन्दा पहिले खेती गरिएका खाद्य बालीमध्ये अन्नमा गहुँ र जौ, दालमा मुसुरो, केराउ र बोडी थिए भने फलफुलमा जैतुन, खजुर, अनार र अङ्गुर थिए । एसियामा पहिलोपल्ट उमारिएका बालीमध्ये अन्नमा बाजरा, दालमा भटमास र फलफुलमा आँप, कागती र केरा पर्दछन् । पछि गएर एसियामा बाजराको ठाउँमा धान रोपिन थालियो । एसियामा कम्तीमा १० हजार वर्षअघि धान रोपाइँ सुरु भइ सकेको पुरातात्त्विक प्रमाण फेला परेको छ । यसै गरी अमेरिकी भूभागमा पहिलो पल्ट उमारिएको अन्न मकै थियो भने दाल र गेडागुडीमा सिमी र बदाम तथा फलफुलमा एभोकाडो र भुइँ कटहर प्रमुख थिए । दक्षिण अमेरिकाको उच्च भूभागमा पहिलो पल्ट लगाइएका खाद्य बालीमा आलु प्रमुख थियो । कृषि प्रणाली प्रारम्भ भएका पृथ्वीका सबै भूभागका मानिसमा त्यति वेलादेखि नै सन्तुलित आहारबारे राम्रो ज्ञान रहेको देखिन्छ । तिनीहरूले एकैसाथ कार्बोहाइड्रेटयुक्त अन्न, प्रोटिनयुक्त दाल वा गेडागुडी र भिटामिनयुक्त फलफुलको खेती सुरु गरेका थिए ।

मानव विकास क्रममा लगभग एकै समयमा पृथ्वीमा विभिन्न भूभागमा समानान्तर रूपमा कृषि प्रणालीको प्रारम्भ हुनु एक संयोग मात्र हुन नसक्ने वैज्ञानिकहरूको विश्वास छ । त्यति वेलाको प्राकृतिक वातावरणका कारण मानिस खेतीपाती गर्न बाध्य भएको थियो वा मानव मस्तिष्कको विकास हुँदै एक निश्चित स्तरमा पुगेपछि विभिन्न भूभागका मानिसमा एकै समयमा खेतीपाती गर्ने सोच, बुद्धि वा क्षमता स्वाभाविक रूपमा विकसित भएको हो भन्ने वैज्ञानिकहरूका लागि एक रहस्यको विषय छ । जे होस्, कृषि अभ्यासको उत्पत्ति स्थलबाट कृषि प्रणाली बिस्तारै छिमेकी भूभाग र त्यहाँबाट सर्वत्र फैलियो ।

समय क्रममा प्रत्येक सभ्यताका मानिसले आफ्नो आवश्यकता अनुसार खेतीपातीका लागि थप उपयोगी वनस्पति प्रयोगमा ल्याउन थाले । इसापूर्व तिन हजारको आरम्भतिर मध्यपूर्वमा र पछि अन्य स्थानमा मानिसले जङ्गलमा पाइने मनमोहक तथा रङ्गीचङ्गी फुलका वनस्पतिको घरेलुकरण सुरु गरे । पछि यी फुलहरू विभिन्न धार्मिक एवम् सांस्कृतिक कार्यमा प्रयोग हुन थाले ।

पन्ध्रौं शताब्दीमा युरोपेलीहरू समुद्री मार्गको प्रयोग गरी विश्वका विभिन्न भागमा पुगे । ती समुद्र यात्रीले पृथ्वीको एक भागको खाद्य बाली एवम् अन्य वनस्पतिका बीज अर्को भागमा लैजान मद्दत गरे । फल स्वरूप विश्वका विभिन्न भागमा विभिन्न देशका रैथाने खाद्य बाली तथा वनस्पतिको विस्तार भयो । आज कतिपय वनस्पति विश्वका सम्पूर्ण भागको राष्ट्रिय सीमाबाट मुक्त भएर सर्वव्यापी भएका छन् ।

कृषि प्रारम्भ भएपछि मानव सभ्यताको विकासमा अतुलनीय र दूरगामी प्रभाव पऱ्यो । कृषि उत्पादनबाट आवश्यक खाद्य आपूर्ति सुनिश्चित भएपछि मानिसले स्थायी वासस्थान निर्माण गर्न थाल्यो र गाउँ सहरको निर्माण भयो । यसै गरी मानिसले आफ्नो बचेको समय चिन्तन मनन तथा प्रकृतिका नियम बुझ्ने काममा प्रयोग गर्न थाल्यो । फल स्वरूप ज्ञान विज्ञानको क्षेत्रमा ठुलो प्रगति भयो र मानिसको जीवन शैलीमा निकै परिवर्तन भयो ।

मानिसले खाद्य बालीका रूपमा आजसम्म प्रयोग गर्दै आएका प्रमुख वनस्पति हाम्रा पूर्वजले हजारौं वर्षअघि विकास गरेका र उमारेका केही वनस्पतिमा बढी सीमित छन् । आज पनि मानिसले आफूलाई आवश्यक दैनिक पोषण शक्तिको ६० प्रतिशत तिन प्रकारका अन्न बाली अर्थात् गहुँ, चामल र मकैबाट प्राप्त गर्दै आएका छन् । यसै गरी गहुँ, चामल, मकै, आलु, सखरखन्ड र दक्षिण अमेरिकामा खाइने एक प्रकारको खाद्य वस्तु कसाभा गरी ६ प्रकारका खाद्य वस्तुबाट विश्वभरका मानिसको ८० प्रतिशत पोषण शक्तिको आपूर्ति हुने गरेको छ । विश्वभरका मानिसले प्रमुख खाद्य बालीका रूपमा प्रयोग गर्दै आएका वनस्पतिको सङ्ख्या लगभग २० थरीमा सीमित छ । ती हुन्– गहुँ, चामल, मकै, जुनेलो, बाजरा, जौ, कोदो, आलु, सखरखन्ड, भटमास, बोडी, सिमी, गोलभिँडा, केरा, स्याउ, सुन्तला, उखु, चुकन्दर, नरिबल आदि । त्यसै गरी आज विश्वभरि खानका निम्ति व्यापक खेती गरिने वनस्पति लगभग १ सय ५० प्रकारका मात्र छन् ।

•

पाठ्यक्रम

क्रम	पाठ	व्याकरण	बोध	अभिव्यक्ति	पाठ्य भार
१.	कविता : **नेपालै नरहे** माधव घिमिरे	अ) नेपाली वर्ण (कथ्य र लेख्य) को पहिचान आ) (क) स्वर (ख) व्यञ्जन उच्चार्य व्यञ्जन वर्णको वर्गीकरण (स्थान, प्रयत्न, घोषत्व र प्राणत्व)	सामाजिक विषय (भाषा, जाति र संस्कृति) सम्बन्धी अनुच्छेदको बोध	– कविताको भावार्थ लेखन – सामाजिक/सांस्कृतिक विषयमा अनुच्छेद लेखन	७
२.	कथा : **छिमेकी** गुरु प्रसाद मैनाली	अ) नेपाली अक्षरको पहिचान आ) नेपाली अक्षरका प्रकार (स्व, स्वव्य, व्यस्व, व्यस्वव्य, व्यव्यस्व, व्यव्यस्वव्य, व्यव्यव्यस्व) इ) शब्दलाई अक्षरमा विभाजन	वातावरण र स्वास्थ्य सम्बन्धी अनुच्छेदको बोध (प्रदूषण र मानव स्वास्थ्य विषयक) (अनुच्छेदको पठन विषय वस्तु तथा भाषा बोध)	– कथासार लेखन	७ ८
३.	निबन्ध : **आइमाई साथी** श्याम प्रसाद शर्मा	अ) तत्सम र आगन्तुक शब्दको वर्ण विन्यासका प्रमुख समस्या क्षेत्र र त्रुटिहरूको पहिचान तथा निराकरण आ) शब्दवर्ग : नाम, सर्वनाम, विशेषण र क्रियाको पहिचान इ) भाषिक त्रुटि निराकरणमा शब्दकोशको प्रयोग र अभ्यास	निबन्धको अनुच्छेदबाट बोध र बुँदा टिपोट	– लैङ्गिक समता सम्बन्धी अनुच्छेद लेखन	
४.	कथा : **मधु मालतीको कथा** रमेश विकल	अ) लेख्य चिह्न र तिनको प्रयोग : पूर्ण विराम, अर्ध विराम, अल्प विराम, कोष्ठ, विकल्प बोधक, प्रश्न विराम, उद्‌गार, उद्धरण, विस्मय सूचक, निर्देशक र योजक चिह्नको पहिचान र प्रयोग आ) शब्दवर्ग : नामयोगी, क्रियायोगी, संयोजक, विस्मयादि बोधक र निपातको पहिचान	भूगोल सम्बन्धी अनुच्छेदको बोध र बुँदा टिपोट	– पात्रको परिचय लेखन – अनुच्छेदमा चिह्न प्रयोग	८
५.	निबन्ध : **भलादमी** लक्ष्मी प्रसाद देवकोटा	नेपाली शब्दको पहिचान, प्रकार र कार्य अ) शब्दको पहिचान आ) शब्दको प्रकार (क) स्रोतको आधार(तत्सम, तद्‌भव, आगन्तुक, अनुकरणात्मक (ख) संरचनाको आधार(मूल र व्युत्पन्न (ग) रूपायनको आधार(विकारी र अविकारी	निबन्धको मूल विचार र आशयको बोध	– निबन्धको मूल भाव/विचारको प्रस्तुति – निबन्ध लेखन (सामाजिक, सांस्कृतिक विषयमा आधारित)	७
६.	कविता : **हर्क बहादुर** दिनेश अधिकारी	क) उपसर्गद्वारा शब्द निर्माण : अ) अ, अन, कु, वि, बे, बद, गैर, ना आ) अ, अन्, अधि, अनु, अभि, अति, अव, अप, उप, आ, उत्, दु, दुर्, दुस्, नि, निः, निर्, निस्, परा, परि, प्र, प्रति, वि, सम्, सु ख) द्वित्व प्रक्रियाद्वारा शब्द निर्माण (पूर्ण, आंशिक र आपरिवर्तित द्वित्व शब्द निर्माण)	शिक्षा सम्बन्धी अनुच्छेदको बोध	निर्धारित अनुच्छेदको सङ्क्षेपीकरण	१०

क्रम	पाठ	व्याकरण	बोध	अभिव्यक्ति	पाठ्य भार
७.	उपन्यास : **एक चिहान हृदय चन्द्रसिंह प्रधान**	क) प्रत्ययद्वारा शब्द निर्माण : अ) अक्कड, अत, अन्त, आइ, आइँ/याइँ, आउ, आली, आलु, आवट, आहा/याहा, इया, आ) यार, इलो, ई, उवा, ए, एली, ओ, ओट, औली/यौली, ती, पन/पना, ली, ले	निर्धारित अंशबाट बुँदा टिपोट र सङ्क्षेपीकरण	पात्र परिचय लेखन	१०
		इ) अक, अन, अनीय, इक, इत, ई, ईन/ईण, ईय, क, तर, तम, तव्य, ता, ति, त्व, मय, मान, वान, य ख) समास : अव्ययीभाव, तत्पुरुष, कर्मधारय, द्विगु (विग्रह र समास) (उपन्यासको अंशबाट प्रत्यय लागेका व्युत्पन्न शब्दको खोजी गरी थप शब्द निर्माण तथा निर्धारित अंश र अनुच्छेदबाट समस्त शब्दको खोजी)			
८.	निबन्ध : **म फुल लिएर आउने छु** सुधा त्रिपाठी	क) समास प्रक्रियाद्वारा शब्द निर्माण (द्वन्द्व र बहुव्रीहि समास) ख) सन्धि र सन्धि भएका शब्दको पहिचान ग) वाक्यको पहिचान र प्रयोग – उद्देश्य र उद्देश्य विस्तार – विधेय र विधेय विस्तार – क्रियाका काल (भूत अभूत) – पक्ष : सामान्य, अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त – क्रियाका भाव : सामान्य, आज्ञा, इच्छा, सम्भावना र सङ्केत	निर्धारित अंशको पठन र विषय बोध (निर्धारित अंशको अनुच्छेदबाट बुँदा टिपोट गरी सङ्क्षेपीकरण)	– सरल वाक्य (उद्देश्य, उद्देश्य विस्तार, विधेय, विधेय विस्तार भएका)मा कुनै विषय वस्तु, घटना आदिको वर्णन – विभिन्न काल र पक्षको प्रयोग गरी अनुच्छेद लेखन – विभिन्न भावका क्रियाको प्रयोग गरी अनुच्छेद लेखन ।	१०
९.	कविता : **मानुषी** पारिजात	पदक्रम क) सामान्य पदक्रम, ख) विशिष्ट पदक्रम (कविताका पङ्क्तिबाट सामान्य र विशिष्ट पदक्रमको अध्ययन)	वाणिज्य क्षेत्रसँग सम्बन्धित अनुच्छेदको बोध	– निर्धारित कविताको अध्ययनमा आधारित भई कुनै कृतिको पाठक प्रतिक्रिया लेखन	६
१०.	कथा : **रातभरि हुरी चल्यो** इन्द्र बहादुर राई	(क) कारक र विभक्ति अ) सरल र तिर्यक् कारक आ) कारक कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण (ख) कारकीय अर्थ, विभक्तिको प्रयोग र पहिचान (ग) ले, लाई, बाट, द्वारा, को, का, की; रो, रा, री तथा नो, ना, नी, मा को प्रयोग	कानुन तथा प्रशासनसँग सम्बन्धित अनुच्छेदको बोध	– सरल र तिर्यक् कारकको प्रयोग गरी कुनै विषय, घटना आदिको वर्णन – विभिन्न कारकको प्रयोग गरी अनुच्छेद रचना – व्यक्तिगत विवरण (बायोडाटा)	६

क्रम	पाठ	व्याकरण	बोध	अभिव्यक्ति	पाठ्य भार
११.	कविता : **मेरो देश** भूपी शेरचन	(क) तद्भव र तत्सम शब्दको वर्ण विन्यास (ख) निर्धारित अनुच्छेदबाट तत्सम र तद्भव शब्दहरूको पहिचान	समाज शास्त्र सम्बन्धी अनुच्छेदको बोध	– पदपूर्ति सम्बन्धी विज्ञापन लेखन – व्यावसायिक विज्ञापन लेखन	७
१२.	निबन्ध : **आलु** भैरव अर्याल	(क) पद सङ्गति (अ) लिङ्ग (पुलिङ्ग, स्त्री लिङ्ग) (आ) वचन (एक वचन बहु वचन (इ) पुरुष (प्रथम, द्वितीय, तृतीय) (ई) आदर (आदर, अनादर) (ख) शब्द भण्डार (प्राविधिक, पारिभाषिक शब्दको अध्ययन)	(क) निबन्धको निर्धारित अनुच्छेदको बोध र प्रश्नोत्तर विज्ञान प्रविधि सम्बन्धी अनुच्छेदको बोध	लिङ्ग, वचन, पुरुष, आदर मिलाई सूचना लेखन	८
१३.	कथा : **शत्रु** विश्वेश्वर प्रसाद कोइराला उपन्यास :	(क) सरल, संयुक्त र मिश्र वाक्यको पहिचान र प्रयोग (ख) निर्धारित कथाबाट सरल, मिश्र र संयुक्त वाक्यको पहिचान	सञ्चारसँग सम्बन्धित अनुच्छेदको बोध	– टिप्पणी लेखन/सम्पादकलाई चिठी लेखन	७
१४.	उपन्यास : **एक चिहान** हृदय चन्द्रसिंह प्रधान	वाक्यान्तरण (क) संरचनागत (सरल, मिश्र, संयुक्त) (ख) वाच्यगत (कर्तृ, कर्म, भाव) (ग) कथन (प्रत्यक्ष, अप्रत्यक्ष) (घ) ध्रुवीयता (करण अकरण) (ड.) वाक्य संश्लेषण	कृषि र वन सम्बन्धी अनुच्छेदको बोध	– निबन्ध (स्वास्थ्य, विज्ञान र प्रविधि, नागरिक अधिकार र दायित्व, आर्थिक विकास आदि)	६
१५.	कथा : **हारजित** भवानी भिक्षु	वाक्य संश्लेषण (सरल वाक्यहरूलाई मिश्र वा संयुक्त वाक्यमा संश्लेषण)	कानुन, न्याय तथा मानव अधिकारसँग सम्बन्धित अनुच्छेदको बोध	प्रतिवेदन लेखन (गोष्ठी, भ्रमण, घटना आदिको)	१०
१६.	निबन्ध : **खाद्य सङ्कट र जैविक विविधता** डा. तीर्थ बहादुर श्रेष्ठ	शब्द भण्डार (प्राविधिक तथा पारिभाषिक शब्द)	ग्रामीण विकाससँग सम्बन्धित अनुच्छेदको बोध	विज्ञान र प्रविधिसँग सम्बन्धित अनुच्छेद लेखन (जैविक विविधता, वातावरण, पुनर्नवीकरणीय ऊर्जा, विद्युतीकरण, आर्थिक विकास)	१०
१७.	एकाङ्की : **नालापानीमा** बालकृष्ण सम	– क्रियाका भाव – उक्ति परिवर्तन – वर्ण र अक्षर	भाषा र साहित्यसँग सम्बन्धित अनुच्छेदको बोध	व्यावहारिक लेखन (समवेदना, श्रद्धाञ्जलि, बधाई, शुभ कामना)	१०
१८.	कविता : **कान्छी, भट्टी र देश** कृष्ण सेन 'इच्छुक'	क्रियाका काल र पक्ष	इन्जिनियरिङ सम्बन्धी अनुच्छेदको बोध	– पत्र रचना (निवेदन, व्यावसायिक निमन्त्रणा) – विज्ञापन	६
१९.	नाटक : **बौलाहा काजीको सपना** विजय मल्ल	वाक्यका प्रकार र वाक्यान्तरण	समाज शास्त्र सम्बन्धी अनुच्छेदको बोध	टिप्पणी लेखन – कानुन र नागरिक अधिकार – सञ्चार माध्यम र जिम्मेवारी – जनता, जाति र भाषा	१०

विशिष्टीकरण तालिका (प्रश्न योजना)

क्रम	परीक्षणीय पाठ्यवस्तु	प्रश्नको प्रकृति	सोधिने प्रश्न सङ्ख्या	उत्तर दिनु पर्ने प्रश्न	अङ्क	विवरण/खोलुवा
१	नेपाली वर्ण र अक्षर संरचना	पहिचानमूलक	२ क) वर्ण, ख) अक्षर	१	५	क) उच्चार्य पाँच व्यञ्जन वर्ण दिई तिनको स्थान, प्रयत्न, घोषत्व र प्राणत्वमध्ये कुनै दुई आधारबाट प्रश्न सोध्ने । ख) बढीमा पाँच अक्षरसम्मका पाँच वटा शब्द दिई तिनको अक्षर संरचना र सङ्ख्या छुट्टचाउन लगाउने ।
२	वर्ण विन्यास र चिह्न परिचय	पहिचानमूलक	१	१	५	जम्मा १० वटा त्रुटि (वर्ण र मात्रागत आठ र चिह्नगत दुई) भएका पाँच वाक्यको एउटा अनुच्छेद दिई त्यसलाई शुद्ध गर्न लगाउने ।
३	शब्दवर्ग पहिचान	पहिचानमूलक	१	१	३	विभिन्न शब्दवर्गका छ शब्दमा रेखाङ्कन गरी शब्दवर्ग पहिचान गर्न लगाउने । यसमा कम्तीमा एउटा शब्द चाहिँ वर्ग विचलन भएको दिने ।
४	शब्दस्रोत	पहिचानमूलक	१	१	२	२५ शब्दसम्मको अनुच्छेद दिई त्यसबाट तत्सम, तद्भव र आगन्तुकमध्ये कुनै दुई आधारबाट बनेका दुई दुई शब्द खोज्न लगाउने ।
५	शब्द व्युत्पादन	पहिचानमूलक तथा प्रयोगमूलक	३	२	६	क) तत्सम तथा तद्भव दुवै स्रोतका तिन उपसर्ग र तिन प्रत्यय दिई शब्द बनाउन लगाउने । ख) उपसर्ग र प्रत्ययको योगले बनेका कम्तीमा आठ (चार वटा उपसर्ग व्युत्पन्न र चार वटा प्रत्यय व्युत्पन्न) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट तिन वटा उपसर्ग व्युत्पन्न र तिन वटा प्रत्यय व्युत्पन्न शब्द खोज्न लगाउने अथवा उक्त व्युत्पन्न शब्दमध्ये छ वटामा रेखाङ्कन गरी उपसर्ग र प्रत्यय छुट्टचाउन लगाउने । ग) कम्तीमा चार समस्त तथा चार द्वित्व शब्दहरू भएको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी विग्रह तथा द्वित्व विच्छेद गर्न लगाउने । घ) सन्धियुक्त उपसर्ग व्युत्पन्न (तिन), प्रत्यय व्युत्पन्न (तिन), समस्त व्युत्पन्न (तिन) र आंशिक तथा आपरिवर्तित द्वित्व व्युत्पन्न (दुवै मिलाएर तिन) शब्दहरू भएको अनुच्छेद दिई त्यसबाट सन्धियुक्त छ वटा शब्द पहिचान गरी सन्धि विच्छेद गर्न लगाउने ।
६	शब्द रूपायन	रूपावली (संक्षिप्त)	२	१	५	क) पुलिङ्गी वा स्त्रीलिङ्गी कर्ता रही परस्परमा अन्विति मिलेका पाँच वाक्यको अनुच्छेद दिई त्यसलाई लिङ्गगत आधारमा वाक्य ढाँचा परिवर्तन गर्न लगाउने । ख) एक वचन वा बहुवचन कर्ता भएको पाँच वाक्यको अनुच्छेद दिई वचनका आधारमा त्यसको वाक्य ढाँचा परिवर्तन गर्न लगाउने । ग) विभिन्न पुरुष र आदरार्थी कर्ता भएका पाँच वाक्यको अनुच्छेद दिई वाक्य ढाँचा सहित पुरुष तथा आदर परिवर्तन गर्न लगाउने । घ) कुनै एक काल, पक्ष र भावसँग सम्बन्धित क्रियापदयुक्त पाँच वाक्यको अनुच्छेद दिई वाक्य ढाँचा परिवर्तन गर्न लगाउने ।

क्रम	परीक्षणीय पाठ्यवस्तु	प्रश्नको प्रकृति	सोधिने प्रश्न सङ्ख्या	उत्तर दिनु पर्ने प्रश्न	अङ्क	विवरण/खोलुवा
७	वाक्य तत्त्व (कारक, विभक्ति तथा पद सङ्गति)	पहिचानमूलक र रचनात्मक	२	१	६	क) सबै कारक र विभक्तिको प्रयोग भएको अनुच्छेदका १२ शब्दमा रेखाङ्कन गरी कारक पहिचान गर्न लगाउने । ख) छुट्टाछुट्टै कारक र विभक्तिको प्रयोग गरी छ वाक्यमा कुनै विषयको वर्णन भएको अनुच्छेद लेख्न लगाउने । ग) सङ्गति (लिङ्ग, वचन, पुरुष, आदर) नमिलेका छ वटा वाक्यहरू भएको अनुच्छेद दिई सङ्गति मिलाउन लगाउने ।
८	वाक्यान्तरण	पहिचानमूलक र परिवर्तनात्मक (संरचनात्मक वाक्यान्तरण, वाच्य परिवर्तन, ध्रुवीयता परिवर्तन, कथन परिवर्तन, वाक्य संश्लेषण)	३	२	८	क) चार वटा जटिल (मिश्र तथा संयुक्त) वाक्य भएको अनुच्छेद दिई त्यसलाई आठ वटा सरल वाक्यमा वा आठ वटा सरल वाक्यको अनुच्छेद दिई चार वटा जटिल वाक्यमा वाक्यान्तरण गर्न लगाउने । ख) कुनै एक वाच्य (कर्तृ, कर्म वा भाव) का आठ वाक्यको अनुच्छेद दिई अर्को वाच्यमा परिवर्तन गर्न लगाउने । ग) करण (चार), अकरण (चार) गरी आठ वटा वाक्यहरू भएको अनुच्छेद दिई ध्रुवीयता (करणलाई अकरण वा अकरणलाई करण) मा परिवर्तन गर्न लगाउने । घ) प्रत्यक्ष वा अप्रत्यक्ष कथन भएका चार वटा वाक्य दिई कथन परिवर्तन गर्न लगाउने । ङ) चार वटा सरल वाक्यहरू भएको अनुच्छेद दिई एउटै वाक्यमा संश्लेषण गर्न लगाउने ।
९	पठन बोध	बोधात्मक प्रश्न र शब्दार्थ (दृष्टांश)	१	१	१०	पाठ्य पुस्तकभित्रकै बोध सामग्रीबाट २०० देखि २५० शब्दसम्मको गद्यांश झिकी तथ्यपरक, निष्कर्षात्मक, अनुमानात्मक र सन्दर्भ बोधक वस्तुगत चार वटा प्रश्न र शब्द/पदावलीगत अर्थ लेख्ने एक प्रश्न गरी पाँच प्रश्न सोध्ने ।
१०	बुँदा टिपोट वा संक्षेपीकरण वा व्यक्तिगत विवरण	बुँदा टिपोट र संक्षेपण (संक्षिप्त उत्तरात्मक)	१	१	५	दृष्टांश सामग्रीबाट १०० देखि १२५ शब्दसम्मको अनुच्छेद झिकी पाँच वटा बुँदा टिपोट गर्न लगाउने वा एक तृतीयांशमा संक्षेपीकरण गर्न लगाउने वा कुनै व्यक्तिको विवरण दिई निर्धारित ढाँचामा व्यक्तिगत विवरण लेख्न लगाउने ।
११	पत्र वा व्यावहारिक लेखन	अभिव्यक्ति	२	१	५	निवेदन, व्यावसायिक पत्र वा सम्पादकलाई चिठीमध्ये कुनै एक सोध्ने वा सूचना र विज्ञापनमध्ये कुनै एक सोध्ने ।
१२	प्रतिवेदन लेखन वा टिप्पणी लेखन	अभिव्यक्ति	२	१	५	निर्धारित ढाँचामा घटना, समारोह, स्थलगत भ्रमणमध्ये कुनै एक विषयमा १५० शब्दसम्मको एउटा प्रतिवेदन लेख्न लगाउने अथवा कुनै एक विषयमा १५० शब्दसम्मको टिप्पणी लेख्न लगाउने ।

क्रम	परीक्षणीय पाठ्यवस्तु	प्रश्नको प्रकृति	सोधिने प्रश्न सङ्ख्या	उत्तर दिनु पर्ने प्रश्न	अङ्क	विवरण/खोलुवा
१३	निबन्ध लेखन	अभिव्यक्ति (निबन्धात्मक)	१	१	१०	विभिन्न विषयका तिन शीर्षक दिई विषयानुकूल आत्मपर वा वस्तुपरक शैलीमा २५० शब्दसम्मको एउटा निबन्ध लेख्न लगाउने ।
१४	साहित्यिक रचनाको पठन (उपन्यास र नाटक)	पाठक प्रतिक्रियापरक (समीक्षात्मक)	१	१	१०	उपन्यास वा नाटक वा दुबैबाट कुनै अंश दिई विषय वस्तु, मूल भाव, कथानक, पात्र, परिवेशको पाठगत सन्दर्भ पहिल्याई कुनै आधारबाट दुई प्रश्न सोधी एक प्रश्नको उत्तर लेख्न लगाउने ।
१५	साहित्यिक रचनाको पठन (कविता, कथा र निबन्ध)	सन्दर्भपरक	३	२	१०	कविता, कथा र निबन्धको कुनै उद्धरण वा पाठ दिई त्यसका आधारमा सन्दर्भ, विषय वस्तु, तर्क आदिमा आधारित पाँच पाँच वटा प्रश्न सोधी उत्तर लेख्न लगाउने ।
१६	साहित्यिक रचनाको पठन	भाव, विचार, परिवेश, चरित्र र सन्देश लेखन (संक्षिप्त उत्तरात्मक)	१	१	५	कुनै पाठबाट भाव, विचार, परिवेश, चरित्र र सन्देशमध्ये कुनै प्रश्न सोधी प्रतिक्रिया लेख्न लगाउने ।

नमुना प्रश्नपत्र

१. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) तल दिइएका वर्णहरूको उच्चारण स्थान र प्रयत्न छुट्टचाउनु होस् :
ग, ऋ, व, ह, ल ।

(ख) तल दिइएका शब्दको अक्षर संरचना र सङ्ख्या समेत देखाउनु होस् :
स्याल, कमल, अन्याय, विशेषता, आज्ञाकारी ।

२. शुद्ध गरी पुनर्लेखन् गर्नु होस् : ५

जापान, भारत र नेपाल एशिया महादेशमा छन भन्नु होस् त ! भूटान र वङ्गलादेश कुन् महादेशमा पर्छन् सत्ते कुरा के हो भने यि पनी यही महादेशका मुलुक हुन् ।

३. तलको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गरी लेख्नु होस् : ३

गाउँमा एक जना बुढा रहेछन् । एक दिन उनलाई भेट्न अर्का बुढा मान्छे आएछन् तर भेट हुन सकेनछ । गाउँलेहरूले कठै ! बिचराले दुख मात्र पाए भनेछन् ।

४. तलको अनुच्छेदबाट दुई दुई वटा तत्सम र आगन्तुक शब्द खोजी लेख्नु होस् : २

एक किलो मासु उत्पादन गर्न दश किलो शाकाहारी भोजन खपत हुन्छ अर्थात् एक धनी मांसाहारी मान्छेले सागपात, दुध, दही, घिउ जस्ता खाने कुरामा मात्र निर्भर दश जना गरिब शाकाहारीको खाना हसुर्छ । के यो शोषण होइन ? ठन्डा दिमागले सोचौं त !

५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×३ =६

(क) तलको अनुच्छेदबाट तिन वटा उपसर्ग व्युत्पन्न शब्द र तिन वटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी लेख्नु होस् :
दिनभर काम गरेकाले हामी थकित भई चौतारीमा बसेर आराम गर्दै थियौं । जुनेली रात रमाइलो थियो । कसैको मनमा कुभावना तथा बदनियत थिएन । हामीले कसैलाई दुर्वाच्य बोलेका पनि थिएनौं तर अकस्मात् एउटा जँड्याहा हाम्रो छेउमा आयो र हामीलाई आक्रमण गर्ने दुष्प्रयास गऱ्यो । पहिले त हामी छक्क पऱ्यौं । किन आक्रमण गर्न लागेको होला भनी जिज्ञासु नजरले हेऱ्यौं । तर प्रतिकारमा नउत्रिए घाइते हुने डर थियो । हामीले होसियार भएर आफ्नो बचाउ गर्ने निधो गऱ्यौं ।

(ख) तलको अनुच्छेदबाट तिन समस्त शब्द र तिन द्वित्व शब्द खोजी समस्त शब्दलाई विग्रह गर्नु होस् र द्वित्व शब्दमा दोहोरिएको अंश छुट्टचाउनु होस् :
आफ्नो जन्मभूमिलाई चुपचाप विदेशीको कृपापात्र बनाउन खोज्नेहरूको देश कहिल्यै आत्मनिर्भर हुँदैन । आल्तुफाल्तु कुरामा अनमोल समय बिताउने मुलुकले अग्र गति लिँदैन । आपसी झैझगडाको जालो चटाचट काट्ने अविश्वासका खाडलहरू रातारात पुरेर जब धर्तीपुत्रहरू स्वावलम्बी बन्छन् तब जनताको भाग्योदयका ढोकाहरू घऱ्याकघुरुक खुला हुन्छन् । कृषिक्रान्ति गरेर लहलह बाली झुलाउन सके, पर्यटन क्षेत्रको विकास गरेर नेपालीका हातमा विदेशी मुद्रा छनछन बज्ने व्यवस्था मिलाउन सके, स्वदेशी डाँडाकाँडामा पाइने अनमोल जडीबुटीले जनस्वास्थ्य र रुग्ण अर्थतन्त्र सबल पार्न सके यहाँ न बेरोजगारी रहन्छ न त गरिबी नै । यसका निम्ति केवल दूरदर्शी नेतृत्व र क्रियाशील युवाजोसका खाँचो छ ।

(ग) तलको अनुच्छेदबाट छ वटा सन्धियुक्त व्युत्पन्न शब्द पहिचान गरी तिनको सन्धि विच्छेद गर्नु होस् :
घरेलु अत्यावश्यक सरसामान किन्न मानिसहरू बजार जान्छन् । बजारको भिडभाडमा कहिलेकाहीं वयोवृद्ध तथा केटाकेटीहरूलाई अप्ठेरो पनि हुन्छ । यस्तै हुलमुलमा चोरीको बिगबिगी हुन्छ भने रक्स्याहाहरूले पनि बाटाघाटामा दुख दिन्छन् । सडक पेटीका व्यापारीले सोझासाझा गाउँलेहरूलाई सक्कली माल भनी नक्कली माल बेचेर ठग्छन् ।

६. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

(क) तलको अनुच्छेदलाई पुलिङ्ग भए स्त्रीलिङ्ग र स्त्रीलिङ्ग भए पुलिङ्गमा परिवर्तन गरी वाक्य ढाँचा समेत मिलाई पुनर्लेखन गर्नु होस् :

एक दिन एउटा युवक टुँडिखेलमा हिँडि रहेको रहेछ । एउटी युवतीले उसलाई बोलाइछ । युवती त्यो युवक जता जाने हो त्यतै जाने रहिछ । उसलाई त्यस युवकले चाहिँ चिनेको रहेनछ । चिनजानपछि त्यस युवकले त्यस युवतीसँग भेट्दा सङ्कोच नमानी कुरा गर्न थालेछ ।

(ख) वाक्य ढाँचा सहित एक वचनलाई बहुवचनमा परिवर्तन गर्नु होस् :

म कक्षा १०+२ मा पढ्ने विद्यार्थी हुँ । कलेजमा मेरो एक जना मन मिल्दो साथी छ । साथी मलाई माया मात्र होइन, सहयोग पनि गर्छ । म दिनहुँ बाटामा उसलाई भेट्छु । ऊ पनि सधैँ मलाई भेट्ने प्रयास गर्छ ।

७. कुनै एक प्रश्नको उत्तर दिनु होस् : ६

(क) ले, लाई, बाट, द्वारा, मा र देखि विभक्ति लागेका भिन्न भिन्न कारकको प्रयोग भएका छ वटा वाक्यमा कुनै घटनाको वर्णन गर्नु होस् ।

(ख) तलको अनुच्छेदका वाक्यलाई सङ्गति मिलाई पुनर्लेखन गर्नु होस् :

मेरो बहिनी पोखराको मणिपाल कलेजमा डाक्टरी पढ्छ । मेरी भाइ चाहिँ सात कक्षामा पढ्छे । तपाईं पोखरा जान्छस् ? जाने भए हिँड् । म पनि बहिनी भेट्न पोखरा जाँदै छ । हामी दुबै सँगै जालास् ।

८. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×४=८

(क) तलका जटिल वाक्यहरूलाई आठ वटा सरल वाक्यमा छुट्टचाउनु होस् :

तपाईंलाई सूर्योदयको दृश्य हेर्ने मन छ भने नगर कोट जानु होस् । नगर कोटबाट सूर्योदय राम्ररी हेर्न पाइन्छ भने वरपरको दृश्य पनि देखिन्छ । जुन मान्छेले नगर कोटको भ्रमण गर्छ उसले सूर्योदयको दृश्य हत्तपत्त बिर्सँदैन । नगर कोटले पर्यटन व्यवसाय बढाएको छ र स्थानीय मानिसहरूका लागि आय आर्जनको बाटो पनि खुलाएको छ ।

(ख) आवश्यक कुरा थपघट गरेर तलका वाक्यहरूलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्नु होस् :

सप्ताहान्तमा साथीहरूसँग सहर गइन्छ । सहरमा सिनेमा हेरिन्छ । दुई चार दिन त्यहीँ बसेर रमाइलो गरिन्छ । आफूलाई चाहिने सामान किनिन्छ । अर्को हप्तातिर मात्र घर फिरिन्छ । सहरका रमझमबारे घरमा बेलीबिस्तार लगाएर सुनाइन्छ । सानो यात्रा वृत्तान्त लेखेर पत्रिकामा पनि छपाइन्छ । अर्को सप्ताहान्त कसरी मनाउने भन्ने विषयमा पुनः सोचिन्छ ।

(ग) तलका वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् :

चराले आफ्नो गुँड आफैँ बनाउँछ । मुसाले आफू बस्ने प्वाल आफैँ खन्छ । मूक प्राणीहरू आफ्नो आश्रय स्थल आफैँ बनाउँछन् । चेतनशील मानव हामीले आफ्नो देश आफैँ बनाउनु पर्छ ।

९. तलका अनुच्छेदहरू पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नु होस् : १०

वातावरण भन्नाले त्यस्तो प्राकृतिक प्रक्रिया (कृत्रिम प्रक्रिया पनि) हो जसले कुनै पनि ठाउँको उन्मुक्त दृश्यको निर्माण गरेको हुन्छ । जस्तै : पसलको वातावरण भन्नासाथ बेच्न राखिएका विभिन्न सामानहरूको दृश्यका साथै बेच्ने तथा किन्ने मानिसहरूको तस्बिर हाम्रो मस्तिष्कमा तयार हुन्छ । त्यसै गरी स्कुलको वातावरण भन्नाले पढ्ने, पढाउने शिक्षक तथा विद्यार्थी, कक्षा कोठाहरू, कुर्सी, टेबुल, कालो पाटी, किताब, कलम, खेल मैदान आदिको बोध हुन्छ । त्यस्तै गाउँको वातावरण भन्नाले साधारणतः थोरै मानिस, माटाले पोतेका थोरै घर, वरिपरि गाईभैँसी र भेडाबाखा बाँधेको, हाँस कुखुरा पालेको, दाउरा घाँस तथा परालको थुप्रो, अलि पर खोला, इनार वा कुवा आदिको झलक र सहरी वातावरण भन्नासाथ चिल्ला सडक, उज्यालो बिजुली बत्ती, सुकिला लुगा लगाएका मानिस, मोटर गाडी गुडेको, उद्योग कल कारखाना र त्यसबाट निस्केको धुवाँको मुस्लो, राम्रा तथा अग्ला घरहरू आदिको झलक जस्ता कुरा बुझिन्छन् ।

यसरी 'वातावरण' शब्दको प्रयोग धेरै अर्थमा भए पनि यो खास गरी यस अन्तर्गत खोलानाला, हावापानी, माटो, ढल, ताल, सागर, महासागर, मरुभूमि, वन जङ्गल, हिमाल आदि पर्दछन् ।

वातावरण खास गरी सजीव र निर्जीव दुई आधारभूत तत्त्वहरू मिली बनेको हुन्छ । निर्जीव तत्त्व भन्नाले घाम वा ऊर्जा, हावा, पानी, माटो तथा जीवलाई आवश्यक पर्ने तत्त्वहरू बुझिन्छन् । सजीव तत्त्व भन्नाले सूक्ष्म जीवाणुदेखि ठुलठुला जनावरका साथै बोट बिरुवा जस्ता पृथ्वीका सम्पूर्ण प्राणी तथा वनस्पतिहरूलाई बुझिन्छ । निर्जीव तत्त्वहरूको निश्चित समानुपातिक संरचनाका आधारमा निश्चित वातावरण तयार भएको हुन्छ । त्यही वातावरण अनुसार सजीवहरूको सृष्टि हुन्छ । त्यसै कारण सजीव र उसको वरपरको वातावरण वा निर्जीव तत्त्वहरू बिच अदृश्य वा

अप्रत्यक्ष किसिमको घनिष्ठ अन्तरसम्बन्ध भइ रहन्छ । यही अन्तरसम्बन्धलाई पारिस्थितिक प्रणाली भनिन्छ । यस किसिमको पारिस्थितिक प्रणालीको अध्ययन गर्ने शास्त्रलाई पारिस्थितिकी शास्त्र भनिन्छ ।

प्रश्नहरू

(क) वातावरण भनेको के हो ?

(ख) गाउँ र सहरको वातारणमा के फरक छ ?

(ग) वातावरणका सजीव र निर्जीव तत्त्वहरू के के हुन् ?

(घ) पारिस्थितिक प्रणालीले कस्तो अन्तरसम्बन्धको अध्ययन गर्दछ ?

(ङ) 'समानुपातिक' र 'पारिस्थितिक प्रणाली' को अर्थ लेख्नु होस् ।

१०. तलको अनुच्छेद पढी मुख्य मुख्य पाँच बुँदा टिपोट गर्नुहोस् : ५

कवि स्रष्टा हो, ऊ सृष्टि गर्छ । सय पङ्क्तिमा लेख्दा पनि जुन कुरा भन्न सकिँदैन कविले त्यसलाई एकै पङ्क्तिमा अरु राम्ररी भन्न सक्तछ । प्रभातका एकै किरणमा सारा रङ र रूपको कस्तो रमाइलो ढोका उघ्रन्छ । एकै धर्के प्रिया मुस्कानमा सम्पूर्ण प्रीति प्रकट हुन्छ । आमाको एउटै काखमा आशीर्वादका अनन्त फुलहरू फक्रिन्छन् । स्रष्टाको कलाको तेस्रो आँखाले अर्के रूप र अर्के अभिप्राय देख्दछ । एक जना अन्तरिक्ष यात्रीले भनेका थिए– यहाँबाट मैले सृष्टि सौन्दर्यको जो विचित्र रङ र आभा देखेको छु, त्यसको वर्णन म गर्न सक्तिनँ, यसका निम्ति त कवि नै चाहिन्छ । सृष्टिमा जे जति छ, त्यति नै यति विचित्र छ कि त्यसको भाषा पाइँदैन; परन्तु कविका विचित्र वाणीमा त्यसको महिमा मुखरित हुन्छ । वैशाखी रातमा कुहुकुहु गर्दै कोइली मानौं विस्मय र आश्चर्यमय भई पखेटा खोलेर उडे झैं उड्छे र वसन्तलाई बोलाउँछे । बिहानी पख सूर्यका किरणहरू जसरी छिरबिराएर आउन थाल्छन्, त्यसरी नै धोबिनी चरीका कलकण्ठबाट उसका चिरबिर वाणीहरू चिरबिरिन थाल्छन्– जहाँ अरू एक शब्द पनि बोल्न सक्तैनन्; कवि त्यहाँ सहस्र सुन्दर, सहस्र सरल शब्द बोल्न सक्तछ ।

११. कुनै एक प्रश्नको उत्तर लेख्नु होस् : ५

(क) आफ्नो घरमा एउटा टेलिफोन लाइन जडान गरि दिन अनुरोध गर्दै स्थानीय दूर सञ्चार कार्यालयलाई सम्बोधन गरी एउटा निवेदन लेख्नु होस् ।

(ख) झाडा पखालाबाट बच्नका लागि अपनाउनु पर्ने स्वास्थ्य सम्बन्धी विषयलाई समेटी स्थानीय स्वास्थ्य केन्द्रले तयार पार्ने एउटा सूचना लेख्नु होस् ।

१२. आफ्नो विद्यालयमा सम्पन्न वार्षिकोत्सव कार्यक्रमका सबै कुरा समेटी १५० शब्दसम्मको एउटा प्रतिवेदन तयार पार्नु होस् ।

अथवा

'बढ्दो महँगी' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नु होस् । ५

१३. तल दिइएका मध्ये कुनै एक शीर्षकमा निबन्ध लेख्नु होस् : १०

(क) मेरो पृथ्वी : मेरो देश

(ख) नेपालको आर्थिक विकासमा पर्यटन उद्योगको भूमिका

(ग) मेरो जीवनको लक्ष्य

१४. एक चिहान उपन्यासको तल दिइएको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् : २×५=१०

"त्यसो भए डरलाग्दो कुरा छ बाबु ! अब कहिल्यै नबोलाउनू ती डाक्टरलाई फेरि । मलाई राम्रै थाहा छ उनी हृदयमा लेश पनि दया भएका मानिस होइनन्; आजसम्म टोलको कोही बिरामीलाई मुफतमा हेरि दिएका पनि छैनन् ।" सशङ्कित भावमा अष्टनारानले भने ।

वृद्ध, अनुभवी आफ्ना बाबुको यो कुरा सुनेर शिव नारानको हृदयमा पनि शङ्काको बीजारोपण भयो तापनि आपत्मा काम दिएको हुनाले उनको गरिबीले त्यो शङ्कालाई जिउन दिएन । यसैले शिव नारानले आफ्ना पिताज्यू अष्ट नारानलाई सम्झाएर भने– "डाक्टर गोदत्त प्रसाद सायद अगि खराबै थिए होलान्, तर पछि बदलिने मानिसहरू पनि त धेरै छन् बा ! कति दयालु मानिस पनि त पछि अनौठोसँग निर्दयी भएर गएका छन् ।"

प्रश्नहरू

(क) माथिको प्रथम अनुच्छेदमा गोदत्त प्रसादको चरित्रबारे गरिएको आशङ्का कत्तिको उचित छ ? तर्क सहित लेख्नु होस् ।

(ख) माथिको दोस्रो अनुच्छेदमा व्यक्त गरिएको भनाइ अनुसार गोदत्त प्रसादमा परिवर्तन आएकै हो त ? उपन्यासका आधारमा स्पष्ट पार्नु होस् ।

१५. कुनै दुई प्रश्नको उत्तर दिनु होस् : २×५=१०

(क) तलको कवितांश पढी सोधिएका प्रश्नहरूको एक दुई वाक्यमा उत्तर दिनु होस् :

जहाँ
हरिया हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैँ ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैँ मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ

प्रश्नहरू

(अ) यस कवितांशमा कस्तो वातावरणको चित्रण छ ?
(आ) यस अंशमा 'हरियो फरिया' भनेर केलाई भनिएको छ र त्यस्तो फरिया कसले लगाएको छ ?
(इ) 'हिमालले सधैँ ढाड सेकेको हुन्छ' भन्नुको तात्पर्य के हो ?
(ई) मनले सपनामा पाइला टेक्नु भनेको के हो ?
(उ) यस अंशमा भनिएको मुख्य कुरा के हो ?

(ख) तलको कथांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् :

"यो सबै सङ्गत गुनको फल । ठुला बडाको सङ्गतको विष त महामारी फैले झैं पो फैलन्छ त । यसले हामी जस्ताको त प्राणै चुस्छ । त्यो घरको हावाबाट जति सक्यो परै राख भन्यो, मान्दिनौ तिमी ।"

"यो क्या, छोटाहरूको छिमेक रे, हाम्रो दिदीआमाले भन्या । यहाँका छोटाहरूको सङ्गतले म बिग्रिएँ रे क्या, त्यसैले हामी घर सरेको ।"

प्रश्नहरू

(अ) माथिका भनाइ ककसका हुन् ?
(आ) माथिका पहिलो र दोस्रो उद्धरणमा वक्ताको दृष्टिकोणमा के भिन्नता छ ?
(इ) 'ठुला बडाको सङ्गतको विष त महामारी फैलिए झैं पो फैलिन्छ त' भन्नुको तात्पर्य के हो ?
(ई) दिदीआमाको व्यवहारका कारण बाल्यप्रेममा बाधा पुगेको छ भन्ने कुराप्रति तपाईं सहमत हुनुहुन्छ ? हुनुहुन्छ भने किन ?
(उ) छोटा र बडाको समाज नहुनका लागि के हुनु पर्ला ?

(ग) तलको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर दिनु होस् :

"कस्तो विचित्रता, आलु खाए पनि मान्छे खाएको कुरा सकार्न सक्दैन । सायद यसैले होला 'आलु खाएर पेडाको धाक' लगाउने चलन चलेको । उसिनाको भात हसुरेर मसिनाको भुजा ज्युनार गरेँ भन्नेदेखि लिएर बम पड्काई शान्तिको अभियान चलाएको भन्नेसम्म दर्जा दर्जाका धक्कुबाजहरू संसारमा पाइन्छन् । बास्तबमा यी सबै आलु खाएर पेडाको धाक लगाउने हुन्, अर्थात् कर्मले गरेको नीचतालाई धाकले ढाक्नु आलुवादको धार्मिक पक्ष हो, जो बिसौँ शताब्दीका प्रत्येक व्यक्तिले पालन गर्नै पर्छ ।"

प्रश्नहरू

(अ) मान्छेले आलु खाएर पनि खाएँ भन्न नसक्नुको कारण के हो ?
(आ) आलु खाएर पेडाको धाक लगाउनेहरू कस्ता हुन्छन् ?
(इ) आलुवादको धार्मिक पक्ष के हो ?
(ई) भैरव अर्यालको बिसौँ शताब्दीका मान्छेलाई हेर्ने यस दृष्टिकोणप्रति तपाईंको के प्रतिक्रिया छ ?
(उ) माथिको अनुच्छेदमा कसलाई व्यङ्ग्य गरिएको हो ?

१६. शत्रु हुँदै नभएको मान्छे हुन्छ ? 'शत्रु कथा' का आधारमा आफ्नो प्रतिक्रिया लेख्नु होस् । ५

•

मूल्य : रु. २४५.००

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक, ललितपुर, फोन ५५२१०२३, फ्याक्स : ५५४४२३६